बुद्ध वचन

सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(चतुक्क र पञ्चकनिपात)

दोस्रो भाग

Dhamma.Digital

# Aṅguttaranikāya

अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital

बुद्ध वचन
सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(चतुक्क र पञ्चक निपात)

दोस्रो भाग

# Aṅguttaranikāya

Dhamma.Digital

अनुवादक:
भिक्षु बोधिसेन महास्थविर

प्रकाशिकाहरू
काशीमाया मानन्धर, चुन्ति मानन्धर,
पूर्णलक्ष्मी मानन्धर र केशावती मानन्धर।

Downloaded from http://dhamma.digital

प्रकाशिकाहरू
काशीमाया मानन्धर, चुन्ति मानन्धर,
पूर्णलक्ष्मी मानन्धर र केशावती मानन्धर ।

दोस्रो संस्करण : १००० प्रति ।

बु. सं : २५५९ । वि. सः २०७२ । ने. सं : ११३५ इ. सं : २०१५

**यो पुस्तक धम्मदानको निम्ति हो, बिक्रिको लागि होइन ।**

अनुवादका प्रकाशित कृतिहरू–

नेपाल भाषामा :-

१. त्रिरत्न वन्दनामाला । २. स्वपू जातक बाखँ । ३. तथागतया उपदेश । ४. पेतवत्थु । ५. थेर-गाथा । ६. त्रिरत्न वन्दनामाला (दो. सं.) । ७. त्रिरत्न-वन्दनामाला (ते. सं.) । ८. परित्राण ।

नेपाली भाषामा :-

९. कृष्णायन गोत्रको उत्पत्ति । १०. थेरी-गाथा प्रथम भाग । ११. थेरी-गाथा दोस्रो भाग । १२. बोधि कथा । १३. जातक कथा । १४. थेरी-गाथा (दो. सं) । १५. दुरेनिदान कथा । १६. अङ्गुत्तरनिकाय प्रथम भाग । १७. अङ्गुत्तरनिकाय दोस्रो भाग । १८. अङ्गुत्तरनिकाय तेस्रो भाग । १९. अङ्गुत्तरनिकाय चौथो भाग । २०. अङ्गुत्तरनिकाय पाँचौ भाग । २१. अङ्गुत्तरनिकाय प्रथम भाग (दो.सं) । २२. पेतवत्थु । २३. अङ्गुत्तरनिकाय दोस्रो भाग (दोस्रो संस्करण) तपाईंकै हातमा । २४.अङ्गुत्तरनिकाय तेस्रो भाग (दोस्रो संस्करण)। तपाईंकै हातमा । अङ्गुत्तरनिकाय चौथो भाग र पाँचौ भाग (दोस्रो संस्करण) प्रकाशकको प्रतिक्षामा ।

कम्प्युटर सेटिङ्ग, भिक्षु बोधिसेन महास्थविर ।

Downloaded from http://dhamma.digital

# सादर-अर्पण

दिवंगत स्नेहमयी आमा केशरी बज्राचार्य, ठूली आमा अनागारिका क्षान्तिपारमिता र कान्छी आमा अनागारिका प्रज्ञापारमिताको पुण्यस्मृतिमा सादर-अर्पण ।

Dhamma.Digital

- भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

मैले पढ्न नजाने पनि अङ्गुत्तरनिकायको दोस्रो भाग अरूले पढेर सुनाउँदा मनमा श्रद्धा जाग्यो अनि यो ज्ञान अरूले पनि थाहा पाए वा बोध भएमा जीवन सफल हुनेछ भन्ने मनमा आयो । पाठक वर्गले पनि यसमा रहेको ज्ञानलाई मनन गरी आफ्नो जीवन सफल पार्नु हुनेछ भनी विश्वास गर्दछु । यो धर्म दान दिएको पुण्यको प्रभावले दिवंगत प्रात: स्मरणीय मेरो श्रीमान् श्री तिर्थ मानन्धरको पनि सुगति तथा निर्वाणको कामना गर्दछु ।

उपासिका काशीमाया मानन्धर ।

मैले अङ्गुत्तरनिकायको दोस्रो भाग पढदा यसमा रहेको ज्ञान हाम्रो लागि आवश्यक छ भन्ने महसुस भयो । यसमा उल्लेख भएको ज्ञानलाई अपनाएर आफ्नो जीवन आनन्दमय पार्नु हुनेछ भन्ने आशा गर्दछु । यो धर्मदानको प्रभावले दिवंगत मेरो पूज्य बुबा श्री लक्ष्मण (कर्मी) मानन्धरको पनि सुगति तथा निर्वाणको कामना गर्दछु ।

उपासिका चुन्तिमाया मानन्धर ।

मैले बुद्धको उपदेश अरू अरू किताबशहरू पढ्ने गर्थें । ती किताबहरू पढदा जुन ज्ञान आफूसँग थिएन ती ज्ञान थाहा पाउँदा मन प्रसन्न हुन्थ्यो । यो अङ्गुत्तरनिकायको दोस्रो भाग पढदा पनि मन प्रसन्न हुन्थ्यो । त्यसैले ममा जुन प्रसन्नताको अनुभव भयो त्यस्तै गरी अरूको पनि मन प्रसन्न हुन सकोस् र ज्ञानको ज्योतिले मानिसको मनमा रहेको अन्धकार हटाउन सकोस् भन्ने कामना गर्दछु ।

उपासिका पूर्णलक्ष्मी मानन्धर ।

वहुजन हित, बहुजन सुख र निर्वाण मार्ग लाभ गर्न सक्ने भगवान बुद्धको ज्ञान सबैले पाउन सकोस् अनि यो अङ्गुत्तरनिकायको दोस्रो भाग पढेर प्रज्ञा वृद्धि होस् भन्ने प्रार्थना गर्दछु । यो धर्मदानको प्रभावले दिवंगत मेरो पूज्य बुबा श्री तिर्थ मानन्धरको पनि सुगति तथा निर्वाणको कामना गर्दछु ।

उपासिका केशावती मानन्धर ।

Downloaded from http://dhamma.digital



उपासिका काशीमाया मानन्धर



उपासिका चुन्तिमाया मानन्धर



उपासिका पूर्णलक्ष्मी मानन्धर



उपासिका केशावती मानन्धर

Downloaded from http://dhamma.digital

# भूमिका

वहाँ भगवान बुद्धद्वारा उपदिष्ट/प्रतिपादित अमूल्य ज्ञानको भण्डारलाई सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक भनी तीन पिटकमा विभाजित छन् । जसलाई तिपिटक भनिन्छ । तिपिटक अन्तर्गत सुत्तपिटकमा रहेको चौथो निकाय अङ्गुत्तरनिकाय हो । यसमा 'एककनिपात' देखि 'एकादस-'निपात' सम्म उपदेशका भण्डागार भरिपूर्ण छन् ।

विहार राजकीयेन पालि प्रकाशनद्वारा प्रकाशित भएको अङ्गुत्तरनिकाय पालिबाट बु.सं. २५४५ मा (वि.सं. २०५८) मा 'एककनिपात,' 'दुकनिपात' र तिकनिपात प्रथमभाग नेपालीमा अनुवाद गरेकोलाई दाता ज्ञानज्योति कंसाकार र श्रीमती लक्ष्मीप्रभा कंसाकारज्यूले प्रकाशन गरिदिनु भएको थियो । त्यस्तै गरी (धम्मगिरि-पालि-गन्थमालामा रहेको विपश्यना विशोधन विन्यास धम्मगिरि, इगतपुरी (नासिक) महाराष्ट, भारतबाट प्रकाशित भएको अङ्गुत्तरनिकाय पालिबाट बु.सं २५५२ (बि. सं २०६५) मा चतुक्क र पञ्चकनिपात दोस्रो भाग नेपलीमा अनुवाद गरेकोलाई दाता अनागारिका वीर्यपारमिताले प्रकाशन गरिदिनु भयो । अङ्गुत्तरनिकायको माँग बढ्दै गएको हुनाले दोस्रो संस्करणको आवश्यकतालाई महसुस गर्दै पुनः बु.सं. २५५७ (वि. सं २०७०) मा प्रथमभाग उपासिका ज्येष्ठमाया बनियाद्वारा प्रकाशित भइसक्यो । यो दोस्रो भागलाई दोस्रो संस्करणको रूपमा प्रकाशन गर्न चारजना उपासिकाहरू– काशीमाया मानन्धर, चुन्ति मानन्धर, पूर्णलक्ष्मी मानन्धर र केशावती मानन्धरको श्रद्धानुसार प्रकाशनमा ल्याउन सकें । वहाँहरूलाई मेरो आन्तरिक हृदय देखि धन्यवादका अनि धर्मदानको पुण्यको प्रभावले सम्पूर्ण दुःखवाट मुक्त भएको निर्वाणको हेतु बनोस् भनी शुभकामना व्यक्त गर्दछु ।

अङ्गुत्तरनिकायको चतुक्कनिपातमा चार-चार विषय लिएर संग्रहित उपदेशलाई चतुक्कनिपात भनिएको हो । यो २७ वर्ग र रागपेय्यालं (अधिको शब्द पुनः पुनः दोहरिने) छ । प्रत्येक वर्गमा १०-१० वटा सूत्रहरू छन् । २३, २४ र २५ वर्गमा ११-११ वटा सूत्रहरू छन् । (२८) ८. रागपेय्यालंमा– १ सतिपट्ठानसुत्तं २७४ । २. सम्मपधानसुत्तं २७५ । ३. इद्धिपादसुत्तं २७६ । ४-३० परिञ्ञादिसुत्तानि अनि ३१-५१० दोसअभिञ्ञादिसुत्तानि छन् ।

यसमा रहेका सूत्रहरू वज्जीस्थित भण्डगाम, सावत्थिस्थित अनाथपिण्डिकको



Downloaded from http://dhamma.digital

जेतवन विहार, साकेतस्थित कालकाराम, राजगहस्थित गिज्झकूटपर्वत, राजगहस्थित वेलुवन कलन्दक निवाप, मधुर, वेरञ्ज, भग्गस्थित सुंसमारगिरको भेसकलावन, कुसिनारस्थित शालवन, कोसम्बिस्थित घोसिताराम, वेसालीस्थित महावन कुटागारशाला, सावत्थिस्थित पूब्बाराम मिगार-माताको प्रासाद, भोगनगरस्थित आनन्द चेतिय, साकेतस्थित तिकण्डक वन अनि नेपालमा कोलियस्थित पज्जनिक, कपिलवत्थुस्थित निग्रोधाराम, कोलियस्थित सामुग आदि विभिन्न स्थानमा भिक्षु, भिक्षुणी, उपासक, उपासिका, ब्राह्मण, गृहस्थ र परिव्राजकादि (साधु, सन्त-महन्त) लाई दिएका उपदेशहरू संग्रहित छन् । यसमा महाप्रज्ञावानमा अग्रपद लाभी सारिपुत्त भन्ते, ऋद्धिवानमा अग्रपदलाभी महामोग्गल्लान भन्ते, स्मृतिमान-गतिमान-धृतिमान-बहुश्रुत र उपस्थापकमा अग्रपद लाभी आनन्द भन्ते, प्रतिसम्भिदा ज्ञानमा अग्रपद लाभी महाकोट्ठित भन्तेहरूका विचार-विमर्श र छलफलका सारगर्भित सुत्तहरू छन् । चतुक्क-निपातका केही उपदेशहरू यहाँ उल्लेख गर्दछु–

शील, समाधी प्रज्ञा र विमुक्तिको बोध नहुँदा, ज्ञान नहुँदा, दीर्घकाल-सम्म तिमीहरू र म भौतारिँदै बारम्बार जन्मिनु परेको थियो । मैले यी आर्यशील, समाधी, प्रज्ञा र विमुक्तिलाई बोध गरें, ज्ञान पाएकोले तृष्णा उच्छेद भयो, भवलाई क्षीण गरें अब पुनः जन्मिनु पर्दैन । तृष्णायुक्त भएका पुनः पुनः संसारमा आउँछन् । तिनीहरू च्युत, पतित तथा गिर्नु पर्ने हुन्छन् । कृतकृत्य हुने रम्दै खुशीकासाथ जीवन बिताउँछ ।

हिँड्डुल गरिरहँदा, उभिरहँदा, बसिरहँदा पनि जसले तर्कना-वितर्कना गर्दा पाप चिताउँछ, कुमार्गी हुन्छ अनि मोहमा मूर्छित हुने उत्तम सम्बोधिको स्पर्श गर्न अयोग्य हुन् । त्यस्तो तर्कना-वितर्कनालाई तहस-नहस गरी शान्त पार्नेले उत्तम सम्बोधिस्पर्श गर्न योग्य हुन् ।

अतीतका बुद्ध, अनागतका बुद्ध र वर्तमानका बुद्धले धेरै नै जनका शोक नाश गर्नुभयो । ती समस्त बुद्धहरूले सद्धर्मलाई गौरव गर्नुभयो, गर्नु भएको थियो अनि गरिरहने छन् । यही नै बुद्धका स्वभाव हुन् । हितको चाहना हुनेले वा महाआकांक्षा हुनेले बुद्धको उपदेशलाई स्मरण गरी सद्धर्मप्रति गौरव गर्नु-पर्छ ।

दान, प्रियवचन, अर्थचर्या र समानताको धर्मलाई जहींतहीं र जो कसैले पनि गर्नुपर्छ । यी चार संग्रहबाट संग्रहित हुँदा नै आफन्तबाट सम्मान पाउँछ र प्रशँसित हुन्छ ।

जुन आश्रवरहँदा मलाई देवता, गन्धर्व, यक्ष र मनुष्य भनिने हो ती

Downloaded from http://dhamma.digital

आश्रवहरू मबाट प्रहीण, मूलोच्छेद, काटिएको ताड वृक्षसमान भइसक्यो । जस्तो कि– उप्पल, पद्म वा पुण्डरिक फूल पानीमा उत्पति हुन्छ, पानीमा बढ्छ तर पानीमा अलिप्त भइकन पानीबाट माथि उठेर आउँछ । यस्तरी नै म लोकमा जन्में, लोकमा वृद्धि भएँ तर लोकलाई जितेर त्यसमा अलिप्त भई बस्दछु । त्यसैले ब्राह्मण ! तिमीले मलाई 'बुद्ध' भनी जान ।

हिँडेर जाँदैमा लोकको अन्तसम्म कहिल्यै पुग्दैन । लोकको अन्तसम्म नपुगी दुःखबाट पनि मुक्त हुनसक्दैन । लोकलाई जान्ने, लोकको अन्तसम्म पुग्ने श्रेष्ठ जीवन, शान्त र लोकको अन्तलाई जान्नेहरू यस लोक र परलोकप्रति आसक्त हुँदैनन् ।

अनित्यलाई अनित्य, दुःखलाई दुःख अनि अनात्मालाई अनात्मा भनी जान्ने अनि सम्यकदृष्टि हुने नै सबै दुःखबाट मुक्त हुन्छ ।

यस जन्ममा अनि अर्को जन्ममा पनि पति-पत्नीसँगै बस्न पाउने, हेर्न पाउने इच्छा भएमा श्रद्धा, शील, त्याग र प्रज्ञा दुवैमा समान हुनुपर्छ ।

सम्पत्तिको लाभ, यशको लाभ, दीर्घायु र स्वर्गमा जन्मिनु यी त्यत्तिको सजिलो होइन अनि दुर्लभ पनि छ । यी चार दुर्लभ विषयहरूको चाहना भएमा श्रद्धा, शील, त्याग र प्रज्ञावान हुनु आवश्यक छ । श्रद्धा, शील, त्याग र प्रज्ञाद्वारा नै सम्पत्ति लाभ, यश लाभ, दीर्घायु र स्वर्गमा जन्मिनेछन् ।

देवदत्तलाई लाभ र प्रशंसा प्राप्त हुनु भनेको आफ्नै हानी तथा बधको निम्ति हो । जस्तै कि– केराको बोटमा केरा फल्दा केराको बोट मर्छ । सखरखण्डको बोटमा सखरखण्ड फल्दा बोट मर्छ । बाँसको बोटमा फल फल्दा बाँसको बोट मर्छ । खच्चरीले गर्भ धारण गरे मृत्युको निम्ति हुन्छ ।

आमा-बुबाले आफ्ना सन्तानप्रति धेरै उपकारका काम गरेका हुन्छन्, आपद-विपदमा रक्षा गर्छ, पालन पोषण गर्छ अनि यसलोकलाई दर्शाउँछन् । त्यसैले सन्तान (छोरा-छोरी) को निम्ति आमा-बुबा ब्रह्मासमान हुन् । पूर्व आचार्यसमान हुन् । छोरा-छोरीको निम्ति आमा-बुवा दुवै आह्वान गर्न योग्य हुन् ।

वृषभ टेढो हुँदै गएमा त्यसको पछि-पछि लाग्ने समस्त बथानै टेढो भई जान्छ । यसरी नै राजा अधार्मिक भइदियो भने जनताहरू पनि उसको अनुकरण गर्ने हुन्छन् । राजा अधार्मिक हुँदा देशका सबै नै दुःखी हुनेछन् । वृषभ सीधा हुँदै गएमा त्यसको पछि-पछि लाग्ने समस्त बथान सीधा हुँदै



Downloaded from http://dhamma.digital

जानेछन् । यसरी नै मनुष्यमा जो श्रेष्ठ सम्मतका हुन्छन् यदि ऊ धर्मपूर्वक चल्दछ भने जनताहरूले पनि उसैको अनुकरण गर्नेछन् । त्यसैले राजा धार्मिक भएमा राष्ट्रका सबै नै सुखी हुनेछन् ।

क्रोध, म्रक्ष (अरूको गुणलाई ढाकछोप गर्ने), लाभ र सत्कारप्रति महत्व दिने अनि सद्धर्मलाई महत्व नदिनेलाई समाती नर्कमा राखेसमान हुन । क्रोध, म्रक्ष, लाभ र सत्कारप्रति महत्व नदिने अनि सद्धर्मप्रति महत्व दिनेलाई समाती स्वर्गमा राखेसमान हुन् ।

आनन्द भन्तेसँग चारप्रकारका आश्चर्य, अद्‌भूत गुणाङ्गहरू छन्– आनन्दको दर्शन हुँदा भिक्षुहरू प्रसन्न हुन्छन् अनि वहाँबाट धर्मोपदेश सुन्न पाउँदा अतृप्तै हुन्छन् । आनन्दको दर्शन हुँदा भिक्षुणीहरू प्रसन्न हुन्छन् अनि वहाँबाट धर्मोपदेश सुन्न पाउँदा अतृप्तै हुन्छन् । आनन्दको दर्शन हुँदा उपासकहरू प्रसन्न हुन्छन् अनि वहाँबाट धर्मोपदेश सुन्न पाउँदा अतृप्तै हुन्छन् । आनन्दको दर्शन हुँदा उपासिकाहरू प्रसन्न हुन्छन् अनि वहाँबाट धर्मोपदेश सुन्न पाउँदा अतृप्तै हुन्छन् । तर आनन्द भने चूप लागेर बस्नुहुन्छ । यस्तै नै राजा चक्रवर्तीसँग पनि चारप्रकारका आश्चर्य र अद्‌भूत गुणहरू छन्– क्षत्री, ब्राह्मण, गृहपति र श्रमण परिषदले चक्रवर्तीको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् अनि अतृप्त हुन्छन् । कुरा गर्दा प्रसन्न हुन्छन् अनि अतृप्त हुन्छन् ।

सकृदागामी व्यक्ति निम्नस्तरको कामलोक सम्बन्धी संयोजन, उत्पत्ति हुने संयोजन अनि उत्पत्ति हुने भवका संयोजनद्वारा बाँधिएका हुन्छन् ।

उर्ध्वश्रोतगामी अकनिष्ठ (देवलोक) मा उत्पत्ति हुने व्यक्ति निम्नस्तरको कामलोकसम्बन्धी संयोजन छुटेको हुन्छ । उत्पत्ति हुने संयोजन अनि उत्पत्ति हुने भवको संयोजनले बाँधिएको हुन्छ । बीचबाटै परिनिर्वाण हुने व्यक्ति निम्नस्तरको कामलोकसम्बन्धी संयोजनबाट छुटेको हुन्छ । उत्पत्ति संयोजन अनि उत्पत्ति भवका संयोजनद्वारा बाँधिएको हुन्छ ।

अर्हत हुने व्यक्ति यस लोक सम्बन्धी संयोजन, उत्पत्ति संयोजन अनि उत्पत्ति भव संयोजन छुटेको हुन्छ ।

चन्द्रको आभा, प्रभा, आलोक, प्रकाश र ज्योति, सूर्यको आभा, प्रभा, आलोक, प्रकाश र ज्योति तथा अग्निको आभा, प्रभा, आलोक, प्रकाश र ज्योति भन्दा पनि प्रज्ञाको आभा, प्रभा, आलोक, प्रकाश र ज्योति नै श्रेष्ठ हो ।



Downloaded from http://dhamma.digital

शील, समाधी, प्रज्ञा र विमुक्ति यी नै चार सार विषय हुन् ।

दुर्गृहित पदव्यञ्जनले अनुपयुक्त सूत्र पढ्नाले, दुर्वचन भई अनुशासन ग्रहण नगर्दा, बहुश्रुत-धर्मधर र विनयधरले अरूलाई राम्ररी नसिकाउँदा, धेरै कामकाजमा व्यस्तरहँदा, शिथिलपन, पतनोन्मुख, एकान्त सेवन नगर्ने, (मार्ग फल) प्राप्त नगरेकोलाई प्राप्त गर्न प्रयास नगर्ने, साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयास नगर्दा सद्धर्मको लोप तथा अन्तर्धान हुन्छ ।

सुगृहित पदव्यञ्जनले उपयुक्त सूत्र पढ्छ । सुवाची भई अनुशासनलाई ग्रहण गर्छ, बहुश्रुत, धर्मधर, विनयधरले अरूलाई राम्रोसँग सिकाई दिन्छ, धेरै कामकाजमा व्यस्त नभई, शिथिल नभई, पतनोन्मुख नभई एकान्त सेवी हुन्छ । (मार्गफल) प्राप्त नभएमा प्राप्त गर्न, साक्षात्कार नभएमा साक्षात्कार गर्न प्रयासरत हुन्छ भने सद्धर्म स्थिर हुन्छ, लोप तथा अन्तर्धान हुँदैन ।

१२९. नं सूत्र भिक्खुनी सूत्र हो । यस सूत्रमा आयुष्मान आनन्दबाट भिक्खुनीलाई दिनुभएको रोचक तथा सारमय उपदेश छ ।

१६७-१६८ नंका सुत्तहरू महामोग्गल्लान र सारिपुत्त सुत्तमा कुन-कुन मार्गमा लाग्दा आश्रवहरू चित्तबाट मुक्त हुन्छ भन्ने विषय लिएर गरिएको प्रश्नोत्तर हुन् ।

१७१. नं. को सुत्त भिक्षुहरूलाई दर्शाउनु भएको अति गम्भीर उपदेश र आयुष्मान सारिपुत्तको प्रश्न अनि भगवानले दिनुभएको उत्तर छ ।

१७२. न. को सुत्त अर्थप्रतिसम्भिदा, धर्मप्रतिसम्भिदा, निरुक्तिप्रतिसम्भिदा र प्रतिभान प्रतिसम्भिदासहित शब्दरूपी ज्ञानको प्राप्तिलाई लिएर तथागतसामु विश्लेषण गर्छु यदि शंका भएमा सोध भनी सारिपुत्तले भिक्षुहरूलाई भन्नु भएको सुत्त हो ।

१७३ नं. को सुत्त आयुष्मान महाकोट्ठिकको प्रश्न अनि आयुष्मान सारि-सारिपुत्तले दिनुभएको उत्तर छ ।

१७४. नं को सुत्त आयुष्मान आनन्दको प्रश्न अनि आयुष्मान महाकोट्ठि-कले दिनुभएको उत्तर छ ।

१७५. नं. को सुत्त आयुष्मान उपवाणको प्रश्न अनि आयुष्मान सारिपुत्त-ले दिनुभएको उत्तर छ ।



Downloaded from http://dhamma.digital

१७६. नं को सुत्त यदि श्रद्धावान भिक्षुले आशिका गरे सारिपुत्त र मोग्गल्लान जस्तै हुने आशिका गर्नु । भिक्षुणीले आशिका गरे खेमा र उप्पल्लवण्णा जस्तै हुने आशिका गर्नु । श्रद्धावान उपासकले आशिका गरे चित्त गृहपति र हस्तक आलवक जस्तै हुने आशिका गर्नु । श्रद्धावती उपासिकाले आशिका गरे खुज्जुत्तरा र बेलुकण्डकी जस्तै हुने आशिका गर्नु । यिनीहरू तराजु तथा प्रमाण हुन् भनी भगवानले उदाहरणको रूपमा दर्शाउनु भएको छ ।

सुत्त, गेय्य, व्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भूतधर्म र वेदल्लमा रहेको चार पद भए पनि धर्मलाई जान्ने, बुझ्ने र धर्मानुसार आचरण गर्नेलाई बहुश्रुत र धर्मधर भनिन्छ । 'दु:ख' 'दु:ख समुदय', 'दु:ख निरोध' र दु:ख निरोधक मार्गलाई प्रज्ञाद्वारा अर्थलाई गहिरिएर हेर्ने र सुन्ने गर्छ भने उसलाई श्रुतवान र निर्वेदक भनिन्छ । आफूलाई पीडा हुने, अरूलाई पीडा हुने अनि उभयपक्षकै पीडमा पर्ने विचार गर्दैन । आफ्नो हित, अरूको हित अनि उभय पक्षकै हितोपकार हुने विचार पुऱ्याउने महाप्रज्ञावान हुन् ।

शीलपरिशुद्धि, चित्तपरिशुद्धि, दृष्टिपरिशुद्ध र विमुक्ति परिशुद्धिको लागि प्रयत्न गर्दा प्राणीहरू विशुद्ध हुन्छन्, शोकसन्ताप हटेर जान्छ, दु:खकष्ट अन्त हुन्छ, ज्ञान प्राप्त हुन्छ अनि निर्वाण साक्षात्कार गर्न सक्छ भनी आयुष्मान आनन्दले कोलियहरूको सामुगिय शहर निवासी व्यग्घपज्जलाई भन्नुभयो ।

दुष्कर तपलाई सार सम्झेर त्यसमा अनुरक्त हुन्छ भने उसले संसार-रूपी बाढबाट पार गर्न सक्दैन । शील विशुद्ध हुन्छ, शारीरिक, वाचसिक, मानसिक र आजीविका परिशुद्ध हुन्छ भने उसले संसाररूपी बाढबाट पारतर्न सक्छ ।

मल्लिका महारानीले सम्यकसम्बुद्धसँग सोद्धा दिनुभएको उत्तर सार यसप्रकार छ– यदि यहाँ स्त्री अक्रोधी, रिसालु नहुने, रिस नगर्ने, कुपित नहुने, द्वेषी नहुने, कडा स्वभावको नहुने, अप्रसन्न नहुने हुन्छिन् अनि श्रमण-ब्राह्मणलाई अन्न-पान, वस्त्र, यान, माला, सुगन्ध, लेपन, शयनासन, आवास अनि प्रदीपका दाता हुन्छिन् अनि अरूको लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजामा इर्ष्यालु नहुने, डाह नगर्ने, इर्ष्याले नबाँधिएकी हुन्छे भने मृत्युपछि स्त्रीरूप लिई जहाँ-जहाँ जन्मिन्छ सुवर्णणीय, सुदर्शनीय, परम सुन्दरी, प्रसन्न मुहारकी हुन्छे अनि धनाढ्य, महाभोगी र धेरै नै साथी हुनेछन् ।

प्राणी हिंसा, चोरी, व्यभिचार, झूट र जाँड-रक्सीको सेवन गर्ने,



Downloaded from http://dhamma.digital

अश्रद्धालु, निर्लज्ज, अल्पश्रुत, अल्छे, मूढस्मृति, निर्बुद्धि, चुकलिखोर, कठोर बोलि बोल्ने, बकवादी, लोभी, द्वेषी, मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्यावाचा, मिथ्याकर्म, मिथ्याआजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति, मिथ्यासमाधि, मिथ्याज्ञान र मिथ्याविमुक्ति यी नराम्रा काम गर्ने असत्पुरुष हुन् । यसप्रकारको कार्यमा आफू पनि लाग्ने अनि अरूलाई पनि लगाउने असत्पुरुष भन्दा झनै निकृष्ट असत्पुरुष हुन् । यसको विपरित उक्त नराम्रो कार्यबाट हटेर राम्रो कार्य गर्ने सत्पुरुष हुन् । आफू उक्त नराम्रो कार्यबाट हटेर राम्रो कार्यमा लाग्ने अनि अरूलाई पनि लगाउनमा आफू लागिपर्ने सत्पुरुष भन्दा झनै उत्कृष्ट सत्पुरुष हुन् ।

भिक्षु, भिक्षुणी, उपासक र उपासिका दुःशील हुँदा, परिषद पनि दुःशील हुन्छ । भिक्षु, भिक्षुणी, उपासक र उपासिका शीलवान तथा कल्याणधर्मी हुँदा परिषद शोभायमान हुन्छ ।

शरीर, वचन र मनद्वारा पाप-कर्म गर्ने अनि मिथ्यादृष्टिलाई नरकमै राखेसमान हुन् । शरीर, वचन र मनद्वारा सुकर्म गर्ने अनि सम्यकदृष्टि हुँदा स्वर्गमै राखेसमान हुन् ।

चिन्तक कवि, श्रुत कवि, अर्थ कवि र प्रतिभावान कवि यी चारप्रकारका कवि हुन् ।

भिक्षुहो ! अकुशल विपाक दिने अकुशल कर्म छ । भिक्षुहो ! कुशल विपाक दिने कुशल विपाक छ । भिक्षुहो ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल विपाक छ । अनि भिक्षुहो ! नअकुशल-नकुशल कर्म छ अनि नअकुशल-नकुशल विपाक भन्नु नै जुन कर्म क्षय (जन्म र मृत्युको भवचक्रबाट मुक्त अर्हत) को निम्ति हुन्छ ।

सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यक-आजीविका, सम्यकव्यायाम,सम्यकस्मृति र सम्यकसमाधिसम्पन्न गरे यी नअकुशल-नकुशल कर्म हुन् अनि यी नअकुशल-नकुशल विपाक नै कर्म क्षयको निम्ति हुन्छ ।

स्मृतिसम्बोध्यङ्ग, धर्मविचयसम्बोध्यङ्ग, वीर्य सम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग र उपेक्षासम्बोध्यङ्गसम्पन्न गरे यी नअकुशल-नकुशल कर्म हुन् अनि यी नअकुशल-नकुशल विपाक नै कर्म क्षय निम्ति हुन्छ ।



Downloaded from http://dhamma.digital

हिंसा, चोरी, व्यभिचार, झूट, चुकली, कठोर वचन, बकम्फुस, लोभ, द्वेष र मिथ्यादृष्टिमा आफू पनि लाग्ने अरूलाई पनि त्यसमा लगाउँछ, समर्थन गर्छ अनि प्रशंसक हुनेलाई समाती नरकमा राखेसमान हुन् । उक्त अकुशल कर्ममा आफू पनि नलाग्ने, अरूलाई पनि त्यसमा नलगाउने, समर्थन नगर्ने अनि प्रशंसक नहुनेलाई समाती स्वर्गमा राखे समान हुन ।

चारस्मृतिपट्ठानको ध्यानाभ्यास, चारसम्यकव्यायामको ध्यानाभ्यास र चार ऋद्धिपादको ध्यानाभ्यासद्वारा राग, द्वेष, मोह, क्रोध, म्रक्ष (अरूको गुण ढाक-छोप गर्ने), प्रदास (कडा स्वभाव), इर्ष्या, कन्जुस, माया, शठ, कलह, मान, अभिमान, मद र प्रमाद आदिलाई अभिज्ञात गर्न, थाहा पाउन, परीक्षण गर्न, प्रहाण गर्न, क्षय गर्न, विराग हुन, निरोध गर्न अनि परित्याग गर्न सक्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# पञ्चकनिपात

चतुक्कनिपातमा चार-चार विषय लिएर सुत्तहरू संग्रह भए झैं पञ्चकनिपातमा पाँच-पाँच विषय लिएर सुत्तहरू संग्रहित छन् । यसमा छब्बीस वर्ग र तीन पेय्याल छन् ।

जबसम्म श्रद्धा, लज्जा, डर, वीर्य र प्रज्ञा हुन्छ तबसम्म अकुशलको आगमन हुँदैन तथा कुशलधर्म रहिरहन्छ । यी पाँच लुप्त हुनसाथ अकुशल (अधर्म-पाप) को आगमन हुन्छ ।

तामा, फलाम, सिसा, चाँदी र जस्ता यी पञ्चधातु सुनमा मिलाउँदा मिसिन्छ अनि त्यो सुन नम्बरी हुँदैन । त्यसैले शुद्ध सुनको निम्ति यी पञ्च मैल हुन् । यस्तै काम-वासना, व्यापाद, शारीरिक र मानसिक आलस्य (थीनमिद्ध), शारीरिक र मानसिक अशान्ति-अस्थिरपन (उद्धच्चकुक्कुच्च) र शंका यी चित्तका पञ्च मैल हुन् । यी पञ्च मैलबाट मलिन हुँदा चित्त अपरिशुद्ध हुन्छ । सुन शुद्ध तथा नम्बरी पार्नु छ भने पञ्चधातु मिलाउनु हुँदैन । मन परिशुद्ध पार्नु छ भने पञ्च मैलबाट अलगिनु पर्छ । चित्त मैलबाट अलगिँदा धर्म साक्षात्कार हुन्छ, बहुविध ऋद्धि लाभ हुन्छ, दिव्यश्रोत लाभ हुन्छ, परचित्त ज्ञान हुन्छ, एक देखि अनेकौं जन्मका कुरा जान्ने हुन्छ दिव्य चक्षु लाभ हुन्छ अनि आश्रव क्षय गरी अनाश्रवी पनि हुन्छ ।

तारागणको लोकमा तेजले अति प्रभास्वर भई आकाश धातुमा चम्किलो चन्द्रमा जाने गर्छ । त्यसरी नै कन्जुसीको लोकमा शीलसम्पन्न, श्रद्धावान पुरुष वा व्यक्ति त्यागद्वारा अति प्रभास्वर हुन्छ ।

जति पनि सत्वहरू छन् ती मध्येमा तथागत अर्हत सम्यकसम्बुद्ध अग्र हुन्, संस्कृति वा असंस्कृत जति पनि धर्म छन् ती मध्येमा वैराग्य श्रेष्ठ हुन्, जति पनि संघ वा गण छन् ती मध्येमा चार मार्ग र फल प्राप्ती श्रावक संघ श्रेष्ठ हुन्, पञ्चशील-अष्टशील-दशशील तथा अन्य शीलभन्दा आर्यद्वारा पालन गर्ने शील नै श्रेष्ठ हुन् । यी श्रेष्ठ वा अग्रप्रति प्रसन्न भई दान दिँदा आयु, वर्ण, यश, कीर्ति, सुख र बलका अग्र लाभी हुन्छ ।

जुन जरा, व्याधी, मरण र नाश हुने स्वभावका हुन् ती विषयलाई श्रमण-ब्राह्मण, देव, मार र ब्रह्माले पनि त्यसो नहोस् भन्ने चाहना गर्दैमा वा इच्छा गर्दैमा यसलोकमा पाउँदैन । यी पाँच कुरा कसैलाई आइलाग्दा वा



Downloaded from http://dhamma.digital

आइपर्दा यो स्वभाविक हो भनी धैर्य धारण गर्नसक्नु वा चिन्तित नहुँदा नै शोक-शल्यबाट मुक्त हुन्छ।

अर्थप्रतिसम्भिदा, धर्मप्रतिसम्भिदा, निरुक्तिप्रतिसम्भिदा, प्रतिभानप्रति-सम्भिदा र विमुक्त चित्तको प्रत्यवेक्षण गर्नेले समय नबित्दै अर्हत्व लाभ गर्छ।

भिक्षु देवदत्तको मनमा 'भिक्षुसंघलाई मेरो नेतृत्वमा लिन्छु' भन्ने विचार आउँदानै देवदत्तसँग भएको ऋद्धिबल विनष्ट भयो।

यदि कोही भिक्षु वेश्या, विधुवा, अधवैंशे, नपुंशक र भिक्षुणीकहाँ जान्छ भने अर्हत भए पनि उसलाई शंकाको दृष्टिले हेर्छ। यो भिक्षु पापि हो अथवा पापी पो हो कि !

शील, समाधी, प्रज्ञा, विमुक्ति र विमुक्ति ज्ञानदर्शन सम्पन्न भिक्षु आव्हान गर्न, पाहुना गर्न, सत्कार गर्न दक्षिणा दिन र बिन्ति गर्न योग्य हुन् अनि वहाँ लोकका निम्ति अत्युत्तम पुण्य क्षत्र हुन्।

अति टाढाबाट जाने, अति नजिकैबाट आउने, पात्रमा भरिभराउ हुँदा पनि लिने, दोष सुधार्न खोज्दा नमान्ने, कुरा गरिरहँदा बीच-बीचमा बोल्ने र लठेब्रोलाई शिष्य वा अनुयायी नबनाए हुन्छ।

नवप्रव्रजित शीलवान, इन्द्रियसंयमित, मितभाषी, आरण्यक अनि सम्यकदृष्टि हुनुपर्छ। यसबाट उल्लङ्घन गर्नमा भयदर्शी हुनुपर्छ। यो शिक्षालाई अभ्यास गरिरहनु पर्छ अनि प्रतिष्ठित हुनुपर्छ।

आफन्तको हानी, भोगको हानी, स्वास्थ्यको हानी शीलको हानी र सम्यकदृष्टिको हानी यी पाँच हानी हुन्। आफन्तको हानीबाट, भोगको हानीबाट र स्वास्थ्यको हानीबाट मृत्युपछि नर्कमा वा स्वर्गमा जन्मिँदैन। तर शील हानी हुँदा र सम्यकदृष्टिमा हानी हुँदा मरणपछि नर्कमा जन्मिँछ। शील सम्पत्तिले युक्त र सम्यकदृष्टिले युक्त हुँदा मरणपछि स्वर्गमा जन्मिँछ।

अपथ्यकारी, पथ्यको मात्रा ज्ञान नहुने, राम्रोसँग नपाकेको खाने, दुःशील र पापीको संगतमा पर्नेको आयु छोटो हुन्छ। पथ्यकारी, पथ्यको मात्राज्ञ, राम्रोसँग पाकेको खाने, शीलवान र कल्याण मित्रको संगतमा पर्नेको आयु लामो हुन्छ।

यदि भिक्षुले आश्रव क्षय गर्न चाहन्छ भने श्रद्धावान, अल्पआतंकित, समयप्रकृतियुक्त, न अति शीत, न अति उष्ण र मध्मम खालको भई ध्याना-



Downloaded from http://dhamma.digital

भ्यास गर्नुपर्छ । अशठ, अमायावी, शास्ता वा सब्रह्मचारीको सम्मुखमा यथार्थ कुरा भन्नुपर्छ । अकुशल धर्म विनाश गर्न, कुशल धर्म उत्पन्न गर्न प्रयत्न शील हुनुपर्छ । कुशल धर्मप्रति सामर्थ्यवान, दृढ पराक्रमी र काँध नझुकाउने हुनुपर्छ । प्रज्ञासम्पन्न भई आर्यद्वारा बिँध्न सक्ने भई सम्यकरूपले दुःख क्षय हुने मार्गमा लाग्नुपर्छ ।

पुरुषको चाहना गर्ने स्त्री, स्त्रीको चाहना गर्ने पुरुष, चोर र राजकीय कार्यमा लाग्ने राजा अनि आश्रव क्षय गर्नमा लाग्ने भिक्षु रातमा कम सुत्ने अनि धेरै जागराम भई बस्छ ।

तथागतले दिनुभएको उपदेश/धर्म-विनयलाई ध्यान दिई, मन लगाई, सारा चित्तसमाहित गरी कान लगाएर धर्म सुन्ने श्रोता हुन्छ ।

उत्पन्न कामभोगवितर्कना, व्यापादवितर्कना, विहिसावितर्कना, उत्पन्न-अनुत्पन्न अकुशल पापकर्म स्वीकार्दैन, छोड्छ, त्याग्छ, हटाउँछ, नष्ट, दुर्बल, अभाव तथा विनाशक हुन्छ ।

चक्षुले रूप देख्दा, श्रोतले शब्द सुन्दा, घ्राणले गन्ध सुँघ्दा, जिव्हाले रसास्वाद लिँदा, शरीरले स्पर्श गर्दा अनि मनले मन विषयका निमित्त तथा लक्षण ग्रहण गर्दैन । उक्त विषयमा संयमित भई लोभ र द्वेषरूपी अकुशल पापकर्ममा ठाउँ नदिई रक्षक हुन्छ ।

सर्दी, गर्मी, भोक, प्यास, डंसक, लामखुट्टे, हावा, घाम, घिस्रिँदै हिँड्ने प्राणीले छुँदा, खराब बोली वा दुष्ट वचन, शरीरमा अनुभूति हुने अप्रियकर, प्राण लिनेसमान दुःख-कष्टादि सहन सक्छ ।

सबै संस्कारलाई शान्त, सबै उपाधिलाई त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाणमा शीघ्रगामी हुन्छ । यी पाँच गुणाङ्गद्वारा सम्पन्न भिक्षु आव्हानणीय, पाहुना सत्कार गर्न योग्य, दक्षिणा दिन योग्य र लोकवासीका निम्ति अनुपम पुण्य क्षत्र हुन् ।

अर्हत, सम्यकसम्बुद्धको प्रादुर्भाव, धर्म-विनयको उपदेश दिने, धर्मविनयको उपदेशलाई बुझेर धर्मानुसार धर्ममा लाग्ने, कृतज्ञ र कृतवेदी यी पाँचप्रकारका व्यक्तिहरू लोकमा प्रादुर्भाव दुर्लभ छन् ।

धर्मोपदेशकले क्रमानुकुल, कारण उल्लेख गर्दै, करुणावान, परिष्कारको प्रलोभनमा नपरि अनि आफूलाईर अरूलाई आघात नहुने गरी धर्मदेशना गर्नुपर्छ ।

पाँच कुराको ख्याल गरी दोषारोपक भिक्षुले अरूलाई दोषारोपण गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

साँचो बोलेर भूटो बोलेर होइन। उचित समयमा अनुचित समयमा होइन। नरम वचनले कडा वचनले होइन। हितानुकम्पि भई, अहितानुकम्पि भई होइन। मैत्री चित्तले, द्वेष चित्तले होइन।

कुलपुत्रहरू श्रद्धापूर्वक घरगृहस्थ त्याग गरी प्रव्रजित हुन्छन्। शठ, मायावी, छल्ने, उद्धत, अहंकारी, चञ्चल, गफी, प्याच-प्याचति बोल्ने, इन्द्रिय असयमी, भोजनको मात्रा नजान्ने, जागा नरहने, श्रमणत्वमा लापरवाही हुने, शीक्षाप्रति गौरव नगर्ने, जोड्न र बटुल्नमा लाग्ने, शिथिल, पतनोन्मुखी, एकान्तमा अरुचि, प्रयत्नशील नहुने, उत्साह नहुने, स्मृतिवान नहुने, विचारवान नहुने, समाहित नहुने, एकाग्र नहुने र उपदेश बुझ्न नसक्नेलाई त्यत्तिकै राखी उक्त कुराहरूबाट आफूलाई हटाएर राख्नेलाई असद्धर्मबाट छुटाएर सद्धर्ममा प्रतिष्ठित गर्नुपर्छ।

पाँच प्रकारका व्यापार गर्नु उपासकको निम्ति अनुचित हुन्। ती पाँच के के हुन्? शस्त्रको व्यापार, सत्व-जीवको व्यापार, मासुको व्यापार, मद्यको व्यापार अनि विषको व्यापार।"

कामरागमा लिप्तरहने, द्वेषले घेरिएररहने, उद्धच्चकुक्कुच्चमा चारैतिरबाट व्याप्तरहने, थिनमिद्धमा चारैतिरबाट छाइरहने, शंकामा चारैतिरबाट छोपीरहनेले आफ्नो हित, अरूको हित अनि उभयपक्षकै हितलाई यथार्थसहित जान्न र देख्न सक्दैन अनि दीर्घकालसम्म अध्ययन गरिराखेको मन्त्रहरू बिर्सिनेछन्। अध्ययन नगरेकोलाई त भन्नु नै के! आफ्नो हित, अरूको हित र उभयपक्षकै हितलाई यथार्थसहित जान्ने र देख्नेले उक्त पाँचप्रकारका विषयबाट हट्न वा निर्मूल पार्नमा आफू लाग्नुपर्छ।

राग, द्वेष, मोह, क्रोध, वैर, म्रक्ष, प्रदास, इर्ष्या, कन्जुस, माया, जड, कलह, मान अतिमान, मद र प्रमाद यी समस्तलाई यथार्थसहित जान्न, बुझ्न, परीक्षण, प्रहाण, क्षय, व्यय, विराग, निरोध, त्याग र परित्याग गर्न श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबलद्वारा अभ्यास गरिरहनुपर्छ।

यसमा रहेका केही नबुझिने शब्दहरू बुझ्नको निम्ति संक्षिप्त अर्थ कोष्ठ भित्र अनि केही पाद टिप्पणी अर्थात कालो धर्कामुनि छ। ... यस्तो थोप्लाहरू आएमा माथि उल्लेखित पहिलेका शब्दहरू दोहरिएको भनी बुझौं। पहिलो संस्करणमा रहेका केही शब्दरू फेरबलद गरेर अनुवादमा फरक नहुने गरी मिलाएको छु। यसमा सुत्तको शीर्षक, ठाउँको नाउँ र व्यक्तिको नाउँ



Downloaded from http://dhamma.digital

पालि अनुसारै राखेको छु। यसमा भूल वा त्रुटि पाइएमा मौखिक वा पत्रद्वारा औंल्याई म अनुवादकसमक्ष सम्प्रेषण गरिदिएमा आभारी हुनेछु।

पटक पटक कम्प्युटरमा गडबड हुँदा गाह्रो नमानी आयुष्मान राहुल महास्थविर र कहिलेकाहीं उपासक कृष्णप्रसाद मानन्धरलाई बोलाउन करै लाग्थ्यो । कम्प्युटरसम्बन्धी समस्या समाधान गरी दिएको हुनाले वहाँहरू दुवैलाई सहर्षपूर्वक धन्यवाद । साथै कपी गरी पेस्ट गरिदिने र अन्य कार्यमा सहयोगी हुने श्रामणेर बोधिराजलाई पनि सहर्षपूर्वक धन्यवाद ।

समयमै मुद्रण कार्य सम्पन्न गरिदिनुका साथै बनेपामै आउनु भई गुरुकापि लाने र मुद्रण कार्य सकेपछि ल्याइपुऱ्याउने कार्य गरिदिनु भएकोमा शुभकामना प्रिन्टिङ्ग प्रेसप्रति सहर्षपूर्वक धन्यवाद ।

भिक्षु बोधिसेन महास्थविर

बोधिचर्या विहार, बनेपा- ६
पुण्यमती मार्ग, काभ्रे ।
फोन: ०११- ६६१- ७८९
मोबाइल: ९८४१४८८३३०
२०७२/१/१६

Downloaded from http://dhamma.digital

# अङ्गुत्तरनिकाय

## (चतुक्क र पञ्चकनिपात)

## सूची


**१. चतुक्कनिपात** १

**१. पठमपण्णसकं** १

**१. भण्डगामवग्गो** १

१. अनुबुद्धसुत्तं १

२. पपतितसुत्तं २

३. पठमखतसुत्तं २

४. दुतियखतसुत्तं ३

५. अनुसोतसुत्तं ५

६. अप्पसुतसुत्तं ६

७. सोभनसुत्तं ८

८. वेसारज्जसुत्तं ८

९. तण्हुप्पादसुत्तं १०.

१० योगसुत्तं १०

**२. चरवग्गो** १३

१. चरसुत्तं १३

२. सीलसुत्तं १४

३. पधानसुत्तं १६

४. संवरसुत्तं १७

५. पञ्ञत्तिसुत्तं १८

६. सोखुमसुत्त १८

७. पठमअगतिसुत्तं १९

८. दुतियअगतिसुत्तं २०

९. ततियअगतिसुत्तं २०

१०. योगसुत्तं २०

**३. उरुवेलवग्गो** २२

१. पठमउरुवेलसुत्त २२

२. दुतियउरुवेलसुत्तं २४

३. लोकसुत्तं २५

४. कालकारामसुत्तं २७

५. ब्रह्मचरियसुत्तं २८

६. कुहसुत्तं २९

७. सन्तुट्ठिसुतं २९

८. अरियवंससुत्तं ३०

९. धम्मपदसुत्तं ३२

१०. परिब्बाजकसुत्तं ३३

**४. चक्कवग्गो** ३६

१. चक्कसुत्तं ३६

२. सङ्गहसुत्तं ३६

३. सीहसुत्तं ३७

४. अग्गपसादसुत्तं ३८

५. वस्सकारसुत्तं ३९

६. दोणसुत्तं ४१

७. अपरहानियसुत्तं ४३

८. पतिलिनसुत्तं ४४

९. उज्जयसुत्तं ४६

१० उदायीसुत्तं ४७

**५. रोहितवग्गो** ४९

१. समाधिभावनासुत्तं ४९

२. पञ्हव्याकरणसुत्तं ५०


Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पठमकोधसुत्तं | ५१ | ८. | देवदत्तसुत्तं | ७८ |
| ४. | दुतियकोधसुत्तं | ५१ | ९. | पधानसुत्तं | ७९ |
| ५. | रोहितस्ससुत्त | ५२ | १० | अधम्मिकसुत्तं | ८० |
| ६. | दुतियरोहितसुत्तं | ५४ | ८. | **अपण्णकवग्गो** | **८२** |
| ७. | सविदूरसुत्तं | ५५ | १. | पधानसुत्तं | ८२ |
| ८. | विसाखसुत्तं | ५६ | २. | सम्मादिट्ठिसुत्तं | ८२ |
| ९. | विपल्लाससुत्तं | ५७ | ३. | सप्पुरिससुत्तं | ८२ |
| १० | उपक्किलेससुत्तं | ५८ | ४. | पठमअग्गसुत्तं | ८४ |
| **२.** | **दुतियपण्णसकं** | **५९** | ५. | दुतियअग्गसुत्तं | ८४ |
| **६.** | **पुञ्ञाभिसन्दवग्गो** | **५९** | ६. | कुसिनारसुत्तं | ८४ |
| १. | पठमपुञ्ञाभिसन्दसुत्तं | ५९ | ७. | अचिन्तेय्यसुत्तं | ८५ |
| २. | दुतियपुञ्ञाभिसन्दसुत्तं | ६० | ८. | दक्खिणसुत्तं | ८५ |
| ३. | पठमसंवाससुत्तं | ६१ | ९. | वाणिजसुत्तं | ८६ |
| ४. | दुतियसंवाससुत्तं | ६४ | १०. | कम्बोजसुत्तं | ८७ |
| ५. | पठमसमजीवीसुत्तं | ६५ | **९.** | **मचलवग्गो** | **८८** |
| ६. | दुतियसमजीवीसुत्तं | ६७ | १. | पाणातिपातसुत्तं | ८८ |
| ७. | सुप्पवासासुत्तं | ६७ | २. | मुसावादसुत्तं | ८८ |
| ८. | सुदत्तसुत्तं | ६८ | ३. | अवण्णारहसुत्तं | ८८ |
| ९. | भोजनसुत्तं | ६८ | ४. | कोधगरुसुत्तं | ८९ |
| १०. | गिहिसामीसुत्तं | ६९ | ५. | तमोतमसुत्तं | ८९ |
| **७.** | **पत्तकम्मवग्गो** | **७०** | ६. | ओणतोणसुत्तं | ९१ |
| १. | पत्तकम्मसुत्तं | ७० | ७. | पुत्तसुत्तं | ९१ |
| २. | आनण्यसुत्तं | ७३ | ८. | संयोजनसुत्तं | ९३ |
| ३. | ब्रह्मसुत्तं | ७५ | ९. | सम्मादिट्ठिसुत्तं | ९४ |
| ४. | निरयसुत्तं | ७५ | १०. | खन्धसुत्त | ९५ |
| ५. | रूपसुत्तं | ७६ | **१०.** | **असुरवग्गो** | **९६** |
| ६. | सरागसुत्तं | ७६ | १. | असुरसुत्तं | ९६ |
| ७. | अहिराजसुत्तं | ७७ | २. | पठमसमाधिसुत्तं | ९६ |


Downloaded from http://dhamma.digital

३. दुतियसमाधिसुत्तं ९७
४. ततियसमाधिसुत्तं ९८
५. छवालसुत्तं ९९
६. रागविनयसुत्तं १००
७. खिप्पनिस्सन्तिसुत्तं १०१
८. अत्तहितसुत्तं १०२
९. सिक्खापदसुत्तं १०३
१०. पोतलियसुत्तं १०४
**३. ततियपण्णासक** १०७
**११. वलाहकवग्गो** १०७
१. पठमवलाहकसुत्तं १०७
२. दुतियवलाहकसुत्तं १०८
३. कुम्भसुत्तं १०९
४. उदकरहदसुत्तं ११०
५. अम्बसुत्तं १११
६. दुतियअम्बसुत्तं ११३
७. मुसिकसुत्तं ११३
८. बलिबद्दसुत्तं ११४
९. रुक्खसुत्तं ११५
१०. आसीविससुत्तं ११६
**१२. केसिवग्गो** ११८
१. केसिसुत्तं ११८
२. जवसुत्तं ११९
३. पतोदसुत्तं १२०
४. नागसुत्तं १२२
५. ठानसुत्तं १२४
६. अप्पमादसुत्तं १२५
७. आरक्खसुत्तं १२५
८. संवेजनीयसुत्तं १२६
९. पठमभयसुत्तं १२६
१०. दुतियभयसुत्तं १२६
**१३. भयवग्गो** **१२७**
१. अत्तानुवदसुत्तं १२७
२. उमिभयसुत्तं १२९
३. पठमनानाकरणसुत्तं १३१
४. दुतियनानाकरणसुत्तं १३३
५. पठममेत्तसुत्तं १३३
६. दुतियमेत्तसुत्तं १३५
७. पठमतथागतअच्छरियसुत्तं १३५
८. दुतियतथागतअच्छरियसुत्तं १३७
९. आनन्दअच्छरियसुत्त १३८
१०. चक्कवतिअच्छरियसुत्तं १३९
**१४. पुग्गलवग्गो** **१४१**
१. संयोजनसुत्तं १४१
२. पटिभानसुत्तं १४२
३. उग्घटितञ्ञूसत्तं १४२
४. उट्ठानफलसुत्तं १४२
५. सावज्जसुत्तं १४३
६. पठमसीलसुत्तं १४३
७. दुतियसीलसुत्तं १४४
८. निकट्ठसुत्तं १४४
९. धम्मकथिकसुत्तं १४५
१०. वादीसुत्तं १४६
**१५. आभावग्गो** **१४७**
१. आभासुत्तं १४७
२. पभासुत्तं १४७


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ३. | आलोकसुत्तं | १४७ |
| ४. | ओभाससुत्त | १४७ |
| ५. | पज्जोतसुत्तं | १४७ |
| ६. | पठमकालसुत्तं | १४८ |
| ७. | दुतियकालसुत्त | १४८ |
| ८. | दुच्चरितसुत्तं | १४८ |
| ९. | सुचरितसुत्तं | १४८ |
| १०. | सारसुत्तं | १४८ |
| **४.** | **चतुत्थपण्णासकं** | **१४९** |
| **१६.** | **इन्द्रियवग्गो** | **१४९** |
| १. | इन्द्रियसुत्तं | १४९ |
| २. | सद्धाबलसुत्तं | १४९ |
| ३. | पञ्ञाबलसुत्तं | १४९ |
| ४. | सतिबलसुत्तं | १४९ |
| ५. | पटिसंखाबलसुत्तं | १४९ |
| ६. | कप्पसुत्तं | १४९ |
| ७. | रोगसुत्तं | १५० |
| ८. | परिहानिसुत्तं | १५१ |
| ९. | भिक्खुनीसुत्तं | १५१ |
| १०. | सुगतविनयसुत्तं | १५४ |
| **१७.** | **पटिपदावग्गो** | **१५६** |
| १. | संखित्तसुत्तं | १५६ |
| २. | वित्थारसुत्तं | १५६ |
| ३. | असुभसुत्तं | १५७ |
| ४. | पठमखमसुत्तं | १५९ |
| ५. | दुतियखमसुत्तं | १६० |
| ६. | उभयसुत्तं | १६१ |
| ७. | महामोग्गल्लानसुत्तं | १६१ |
| ८. | सारिपुत्तसुत्तं | १६२ |
| ९. | ससङ्खारसुत्तं | १६२ |
| १०. | युगनद्धसुत्तं | १६४ |
| **१८.** | **सञ्चेतनियवग्गो** | **१६६** |
| १. | चेतनासुत्तं | १६६ |
| २. | विभत्तिसुत्तं | १६८ |
| ३. | महाकोट्ठिकसुत्तं | १६९ |
| ४. | आनन्दसुत्तं | १७० |
| ५. | उपवाणमसुत्तं | १७१ |
| ६. | आयाचनसुत्तं | १७२ |
| ७. | राहुलसुत्तं | १७३ |
| ८. | जम्बालीसुत्तं | १७४ |
| ९. | निब्बाणसुत्तं | १७५ |
| १०. | महापदेससुत्तं | १७६ |
| **१९.** | **ब्राह्मणवग्गो** | **१८०** |
| १. | योधाजीवसुत्तं | १८० |
| २. | पटिभोगसुत्तं | १८१ |
| ३. | सुतसुत्तं | १८१ |
| ४. | अभयसुत्तं | १८३ |
| ५. | ब्राह्मणसच्चसुत्तं | १८५ |
| ६. | उम्मग्गसुत्तं | १८६ |
| ७. | वस्सकारसुत्तं | १८८ |
| ८. | उपकसुत्तं | १९० |
| ९. | सच्छिकरणसुत्तं | १९१ |
| १०. | उपोसथसुत्तं | १९२ |
| **२०.** | **महावग्गो** | **१९५** |
| १. | सोतानुगतसुत्तं | १९५ |
| २. | ठानसुत्तं | १९८ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ३. | भद्दियसुत्तं | २०१ |
| ४. | सामुगियसुत्तं | २०४ |
| ५. | वप्पसुत्तं | २०६ |
| ६. | साळ्हसुत्तं | २०९ |
| ७. | मल्लिकादेवीसुत्तं | २१२ |
| ८. | अत्तन्तपसुत्तं | २१४ |
| ९. | तण्हासुत्तं | २२० |
| १० | पेमसुत्तं | २२१ |
| **५.** | **पञ्चमपण्णासकं** | **२२५** |
| **२१.** | **सप्पुरिसवग्गो** | **२२५** |
| १. | सिक्खापदसुत्तं | २२५ |
| २. | अस्सद्धसुत्तं | २२६ |
| ३. | सत्तकम्मसुत्तं | २२७ |
| ४. | दसकम्मसुत्तं | २२८ |
| ५. | अट्ठङ्गिकसुत्तं | २२९ |
| ६. | दसमग्गसुत्तं | २३० |
| ७. | पठमपापधम्मसुत्तं | २३१ |
| ८. | दुतियपापधम्मसुत्तं | २३१ |
| ९. | ततियपापधम्मसुत्तं | २३२ |
| १० | चतुत्थपापधम्मसुत्तं | २३४ |
| **२२.** | **परिसावग्गो** | **२३५** |
| १. | परिसासुत्तं | २३५ |
| २. | दिट्ठिसुत्तं | २३५ |
| ३. | अकतञ्ञुसुत्तं | २३५ |
| ४. | पाणातिपातीसुत्तं | २३६ |
| ५. | पठममग्गसुत्तं | २३६ |
| ६. | दुतियमग्गसुत्तं | २३६ |
| ७. | पठमवोहारपथसुत्तं | २३६ |
| ८. | दुतियवोहारपथसुत्तं | २३७ |
| ९. | अहिरिकसुत्तं | २३७ |
| १०. | दुस्सीलसुत्तं | २३७ |
| **२३.** | **दुच्चरितवग्गो** | **२३८** |
| १. | दुच्चरितसुत्त | २३८ |
| २. | दिट्ठिसुत्तं | २३८ |
| ३. | अकतञ्ञुसुत्तं | २३८ |
| ४. | पाणातिपातीसुत्तं | २३९ |
| ५. | पठममग्गसुत्तं | २३९ |
| ६. | दुतियमग्गसुत्तं | २३९ |
| ७. | पठमवोहारपथसुत्तं | २४० |
| ८. | दुतियवोहारपथसुत्तं | २४० |
| ९. | अहिरिकसुत्तं | २४० |
| १० | दुप्पञ्ञसुत्तं | २४० |
| ११. | कविसुत्तं | २४० |
| **२४.** | **कम्मवग्गो** | **२४१** |
| १. | संखित्तसुत्तं | २४१ |
| २. | वित्थारतसुत्तं | २४१ |
| ३. | सोणकायनसुत्तं | २४२ |
| ४. | पठमसिक्खापदसुत्तं | २४४ |
| ५. | दुतियसिक्खापदसुत्तं | २४५ |
| ६. | अरियमग्गसुत्तं | २४६ |
| ७. | बोज्झङ्गसुत्तं | २४७ |
| ८. | सावज्जसुत्तं | २४७ |
| ९. | अब्याबज्झसुत्तं | २४८ |
| १०. | समणसुत्तं | २४८ |
| ११. | सप्पुरिसनिसंससुत्तं | २४९ |
| **२५.** | **आपत्तिभयवग्गो** | **२५०** |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| १. | सङ्घभेदकसुत्तं | २५० |
| २. | आपत्तिभयसुत्तं | २५१ |
| ३. | सिक्खानिसंससुत्तं | २५३ |
| ४. | सेय्यासुत्तं | २५४ |
| ५. | थूपारहसुत्तं | २५५ |
| ६. | पञ्ञावुद्धिसुत्तं | २५५ |
| ७. | बहुकारसुत्तं | २५५ |
| ८. | पठमवोहारसुत्तं | २५५ |
| ९. | दुतियवोहारसुत्तं | २५५ |
| १०. | ततियवोहारसुत्तं | २५६ |
| ११ | चतुत्थवोहारसुत्तं | २५६ |
| २६. | **अभिञ्ञावग्गो** | **२५७** |
| १. | अभिञ्ञासुत्तं | २५७ |
| २. | परियेसनासुत्तं | २५७ |
| ३. | सङ्गहवत्थुसुत्तं | २५८ |
| ४. | मालुक्यपुत्तसुत्तं | २५८ |
| ५. | कुलसुत्तं | २५९ |
| ६. | पठमआजानीयसुत्तं | २५९ |
| ७. | दुतियआजानीयसुत्तं | २६० |
| ८. | बलसुत्तं | २६१ |
| ९. | अरञ्ञसुत्तं | २६१ |
| १०. | कम्मसुत्तं | २६२ |
| २७. | **कम्मपथवग्गो** | **२६३** |
| १. | पाणातिपातिसुत्तं | २६३ |
| २. | अदिन्नदायीसुत्तं | २६३ |
| ३. | मिच्छाचारीसुत्तं | २६३ |
| ४. | मुसावादीसुत्तं | २६४ |
| ५. | पिसुणवाचासुत्तं | २६४ |
| ६. | फरुसावाचासुत्तं | २६४ |
| ७. | सम्फप्पलासुत्तं | २६४ |
| ८. | अभिज्झालुसुत्तं | २६५ |
| ९. | ब्यापन्नचित्तसुत्तं | २६५ |
| १० | मिच्छादिट्ठिसुत्तं | २६५ |
| २८. | **रागपेय्यालं** | **२६६** |
| १. | सतिपट्ठानसुत्तं | २६६ |
| २. | सम्मपधानसुत्तं | २६६ |
| ३. | इद्धिपादसुत्तं | २६६ |
| ४-३० | परिञ्ञादिसुत्तानि | २६७ |
| ३१-५१० | दोसभिञ्ञादिसुत्तानि | २६७ |
| **५.** | **पञ्चकनिपात** | **२६८** |
| **१.** | **पठमपण्णासकं** | **२६८** |
| **१.** | **सेखबलवग्गो** | **२६८** |
| १. | संखित्तसुत्तं | २६८ |
| २. | वित्थतसुत्तं | २६८ |
| ३. | दुक्खसुत्तं | २६९ |
| ४. | यथाभतसुत्तं | २७० |
| ५. | सिक्खासुत्तं | २७० |
| ६. | समापत्तिसुत्तं | २७० |
| ७. | कामसुत्तं | २७१ |
| ८. | चवनसुत्तं | २७२ |
| ९. | पठमअगारवसुत्तं | २७२ |
| १०. | दुतियअगारवसुत्तं | २७३ |
| **२.** | **बलवग्गो** | **२७५** |
| १. | अननुस्सुतसुतं | २७५ |
| २. | कूटसुत्तं | २७५ |
| ३. | संखित्तसुत्तं | २७५ |


Downloaded from http://dhamma.digital

४. वित्थतसुत्तं २७५
५. दट्ठब्बसुत्तं २७६
६. पुनकूटसुत्तं २७७
७. पठमहितसुत्तं २७८
८. दुतियहितसुत्तं २७८
९. ततियहितसुत्तं २७८
१०. चतुत्थहितसुत्तं २७९
**३. पञ्चङ्गिकवग्गो २८०**
१. पठमअगारवसुत्तं २८०
२. दुतियअगारवसुत्तं २८०
३. उपक्किलेससुत्तं २८१
४. दुस्सीलसुत्तं २८३
५. अनुग्गहितसुत्तं २८४
६. विमुत्तायतनसुत्तं २८४
७. समाधिसुत्तं २८७
८. पञ्चङ्गिकसुत्तं २८७
९. चङ्कमसुत्तं २९०
१०. नागित २९१
**४. सुमनावग्गो २९३**
१. सुमनासुत्तं २९३
२. चुन्दीसुत्तं २९५
३. उग्गहसुत्तं २९७
४. सीहसेनापतिसुत्तं २९९
५. दानानिसंससुत्तं ३०१
६. कालदानसुत्तं ३०१
७. भोजनसुत्तं ३०२
८. सद्धसुत्तं ३०२
९. पुत्तसुत्त ३०३
१०. महासालपुत्तसुत्तं ३०४
**५. मुण्डराजवग्गो ३०६**
१. आदियसुत्तं ३०६
२. सप्पुरिससुत्तं ३०७
३. इट्ठसुत्तं ३०८
४. मनापदायीसुत्तं ३१०
५. पुञ्ञाभिसन्दसुत्तं ३१२
६. सम्पदासुत्तं ३१३
७. धनसुत्तं ३१३
८. अलब्भनीयठानसुत्तं ३१४
९. कोसलसुत्तं ३१७
१०. नारदसुत्तं ३१७
**२. दुतियपण्णासकं ३२०**
**६. निवरणवग्गो ३२०**
१. आवरणसुत्तं ३२०
२. अकुसलरासिसुत्तं ३२१
३. पधानियङ्गसुत्तं ३२१
४. समयसुत्तं ३२२
५. मातापुत्तसुत्तं ३२३
६. उपज्झायसुत्तं ३२५
७. अभिण्हपच्चवेक्खितब्बठानसुत्तं ३२७
८. लिच्छवीकुमारसुत्तं ३३०
९. पठमवुद्धपब्बजितसुत्तं ३३३
१० दुतियवुद्धपब्बजितसुत्तं ३३३
**७. सञ्ञावग्गो ३३४**
१. पठमसञ्ञासुत्तं ३३४


Downloaded from http://dhamma.digital

२. दुतियसञ्ञासुत्तं ३३४
३. पठमवड्ढितसुत्तं ३३४
४. दुतियवड्ढितसुत्तं ३३४
५. साकच्छसुत्तं ३३५
६. साजीवसुत्तं ३३५
७. पठमइद्धिपादसुत्तं ३३५
८. दुतियइद्धिपादसुत्तं ३३६
९. निब्बिदासुत्तं ३३६
१० आसवक्खयसुत्तं ३३७
**८. योधाजीववग्गो ३३८**
१. पठमचेतोविमुत्तिफलसुत्तं ३३८
२. दुतियचेतोविमुत्तिफलसुत्तं ३३९
३. पठमधम्मविहारीसुत्तं ३४०
४. दुतियधम्मविहारीसुत्तं ३४१
५. पठमयोधाजीवसुत्तं ३४२
६. दुतिययोधाजीवसुत्तं ३४६
७. पठमअनागतभयसुत्तं ३५२
८. दुतियअनागतभयसुत्तं ३५४
९. ततियअनागतभयसुत्तं ३५६
१०. चतुत्थअनागतभयसुत्तं ३५८
**९. थेरवग्गो ३६१**
१. रजनीसुत्तं ३६१
२. वीतरागसुत्तं ३६१
३. कुहकसुत्तं ३६१
४. अस्सद्धसुत्तं ३६२
५. अक्खमसुत्तं ३६२
६. पटिसम्भिदापत्तसुत्तं ३६२
७. सीलवन्तसुत्तं ३६३
८. थेरसुत्तं ३६३
९. पठमसेखसुत्तं ३६४
१०. दुतियसेखसुत्तं ३६५
**१० ककुधवग्गो ३६७**
१. पठमसम्पदासुत्तं ३६७
२. दुतियसम्पदासुत्तं ३६७
३. ब्याकरणसुत्तं ३६७
४. फासुविहारसुत्तं ३६७
५. अकुप्पसुत्तं ३६७
६. सुतधरसुत्त ३६८
७. कथासुत्तं ३६८
८. अरञ्ञकसुत्तं ३६८
९. सीहसुत्तं ३६९
१०. ककुधथेरसुत्तं ३६९
**३. ततियपण्णासकं ३७३**
**११. फासुविहारवग्गो ३७३**
१. सारज्जसुत्तं ३७३
२. उस्सङ्कितसुत्तं ३७३
३. महाचोरसुत्तं ३७३
४. समणसुखुमालसुत्तं ३७५
५. फासुविहारसुत्तं ३७६
६. आनन्दसुत्तं ३७७
७. सीलसुत्तं ३७८
८. असेखसुत्तं ३७८
९. चतुद्दिससुत्तं ३७८
१०. अरञ्ञसुत्तं ३७९

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| **१२.** | **अन्धकविन्दवग्गो** | **३८०** |
| १. | कुलूपकसुत्तं | ३८० |
| २. | पच्छासमणसुत्तं | ३८० |
| ३. | सम्मासमाधिसुत्तं | ३८० |
| ४. | अन्धकविन्दसुत्तं | ३८१ |
| ५. | मच्छरिनीसुत्तं | ३८२ |
| ६. | वण्णनासुत्तं | ३८२ |
| ७. | इस्सुकिनीसुत्तं | ३८३ |
| ८. | मिच्छादिट्ठिसुत्तं | ३८३ |
| ९. | मिच्छावाचासुत्तं | ३८३ |
| १०. | मिच्छावायामसुत्तं | ३८४ |
| **१३.** | **गिलानवग्गो** | **३८५** |
| १. | गिलानसुत्तं | ३८५ |
| २. | सतिसुपट्ठितसुत्तं | ३८५ |
| ३. | पठमउपट्ठाकसुत्तं | ३८६ |
| ४. | दुतियउपट्ठाकसुत्तं | ३८६ |
| ५. | पठमअनायुस्सासुत्तं | ३८७ |
| ६. | दुतियअनायुस्सासुत्तं | ३८७ |
| ७. | वपकासुत्तं | ३८७ |
| ८. | समणसुखसुत्तं | ३८८ |
| ९. | परिकुप्पसुत्तं | ३८८ |
| १०. | व्यसनसुत्तं | ३८८ |
| **१४.** | **राजवग्गो** | **३८९** |
| १. | पठमचक्कानुवत्तनसुत्तं | ३८९ |
| २. | दुतियचक्कानवत्तनसुत्तं | ३८९ |
| ३. | धम्मराजासुत्तं | ३८९ |
| ४. | यस्संदिसंसुत्तं | ३९१ |
| ५. | पठकपत्थनासुत्तं | ३९२ |
| ६ | दुतियपत्थनासुत्तं | ३९३ |
| ७ | अप्पंसुपतिसुत्तं | ३९५ |
| ८ | भत्तादकसुत्तं | ३९५ |
| ९. | अक्खमसुत्तं | ३९५ |
| १०. | सोतसुत्तं | ३९९ |
| **१५.** | **तिकण्डिकवग्गो** | **४०२** |
| १. | अवजानातिसुत्तं | ४०२ |
| २. | आरभतिसुत्तं | ४०२ |
| ३. | सारन्दनसुत्तं | ४०४ |
| ४. | तिकण्डकीसुत्तं | ४०५ |
| ५. | निरयसुत्तं | ४०६ |
| ६. | मित्तसुत्तं | ४०६ |
| ७. | असप्पुरिसदानसुत्तं | ४०७ |
| ८. | सप्पुरिसदानसुत्तं | ४०७ |
| ९. | पठमसमयविमुत्तसुत्तं | ४०८ |
| १०. | दुतियसमयविमुत्तसुत्तं | ४०८ |
| **४.** | **चतुत्थपण्णासकं** | **४१०** |
| **१६.** | **सद्धम्मवग्गो** | **४१०** |
| १. | पठमसम्मत्तनियामसुत्तं | ४१० |
| २. | दुतियसम्मत्तनियामसुत्तं | ४१० |
| ३. | ततियसम्मत्तनियामसुत्तं | ४११ |
| ४. | पठमसद्धम्मसम्मोससुत्तं | ४११ |
| ५. | दुतियसद्धम्मसम्मोससुत्तं | ४१२ |
| ६. | ततियसद्धम्मसम्मोससुत्तं | ४१३ |
| ७. | दुक्कथासुत्तं | ४१५ |
| ८. | सारज्जसुत्तं | ४१७ |
| ९. | उदायीसुत्तं | ४१७ |
| १०. | दुप्पटिविनोदयसुत्तं | ४१८ |


Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| **१७.** | **आघातवग्गो** | **४१९** | ६. | नेसज्जिकसुत्तं | ४४७ |
| १. | पठमआघातपटिविनयसुत्तं | ४१९ | ७. | यथासन्तिकसुत्तं | ४४७ |
| २. | दुतियआघातपतिविनयसुत्तं | ४१९ | ८. | एकासनिकसुत्तं | ४४७ |
| ३. | साकच्छसुत्तं | ४२२ | ९. | खलुपच्छाभत्तिकसुत्तं | ४४७ |
| ४. | साजीवसुत्तं | ४२२ | १०. | पत्तपिण्डिकसुत्तं | ४४७ |
| ५. | पञ्हपुच्छासुत्तं | ४२३ | **२०.** | **ब्राह्मणवग्गो** | **४४९** |
| ६. | निरोधसुत्तं | ४२३ | १. | सोणसुत्तं | ४४९ |
| ७. | चोदनासुत्तं | ४२७ | २. | दोणब्राह्मणसुत्तं | ४५० |
| ८. | सीलसुत्तं | ४३० | ३. | सङ्गारवसुत्तं | ४५५ |
| ९. | खिप्पनिसन्तिसुत्तं | ४३१ | ४. | कारणपालीसुत्तं | ४६० |
| १०. | भद्दजिसुत्तं | ४३१ | ५. | पिङ्गियानिसुत्तं | ४६२ |
| **१८.** | **उपासकवग्गो** | **४३३** | ६. | महासुपिनसुत्तं | ४६३ |
| १. | सारज्जसुत्तं | ४३३ | ७. | वस्ससुत्तं | ४६५ |
| २. | विसारदसुत्तं | ४३३ | ८. | वाचासुत्तं | ४६६ |
| ३. | निरयसुत्तं | ४३३ | ९. | कुलसुत्तं | ४६६ |
| ४. | वेरसुत्तं | ४३४ | १०. | विस्सारणीयसुत्तं | ४६७ |
| ५. | चण्डालसुत्तं | ४३५ | **५.** | **पञ्चमपण्णासकं** | **४६९** |
| ६. | पीतिसुत्तं | ४३६ | **२१.** | **किमिलवग्गो** | **४६९** |
| ७. | वणिज्जासुत्तं | ४३७ | १. | किमिलसुत्तं | ४६९ |
| ८. | राजासुत्तं | ४३७ | २. | धम्मस्सवनसुत्तं | ४६९ |
| ९. | गिहिसुत्तं | ४३९ | ३. | अस्साजानीयसुत्तं | ४६९ |
| १०. | गवेसीसुत्तं | ४४२ | ४. | बलसुत्तं | ४७० |
| **१९** | **अरञ्ञवग्गो** | **४४६** | ५. | चेतोखिलसुत्तं | ४७० |
| १. | आरञ्ञिकसुत्तं | ४४६ | ६. | विनिबन्धसुत्तं | ४७० |
| २. | चीवरसुत्तं | ४४६ | ७. | यागुसुत्तं | ४७१ |
| ३. | रुक्खमूलिकसुत्तं | ४४६ | ८. | दन्तकट्ठसुत्तं | ४७१ |
| ४. | सोसानिकसुत्तं | ४४७ | ९. | गीतस्सरसुत्तं | ४७१ |
| ५. | अब्भोकासिकसुत्तं | ४४७ | १०. | मुट्ठस्सतिसुत्तं | ४७२ |


Downloaded from http://dhamma.digital

**२२. अक्कोसकोवग्गो ४७३**
१. अक्कोससुत्तं ४७३
२. भण्डकारकसुत्तं ४७३
३. सीलसुत्तं ४७३
४. बहुभाणीसुत्तं ४७४
५. पठमअक्खन्तिसुत्तं ४७५
६ दुतियअक्खन्तिसुत्तं ४७५
७. पठमअपासदिकसुत्तं ४७५
८. दुतियअपासदिकसुत्तं ४७६
९. अग्गिसुत्तं ४७६
१०. मधुरा ४७६
**२३. दीघचारिकवग्गो ४७७**
१. पठमदीघचारिकसुत्तं ४७७
२. दुतियदीघचारिकसुत्तं ४७७
३. अतिनिवाससुत्तं ४७७
४. मच्छरिसुत्तं ४७८
५. पठमकुलूपकसुत्तं ४७८
६. दुतियकुलूपकसुत्तं ४७८
७. भोगसुत्तं ४७९
८ उस्सूरभत्तसुत्तं ४७९
९. पठमकण्हसप्पसुत्तं ४८०
१०. दुतियकण्हसप्पसुत्तं ४८०
**२४. आवासिकवग्गो ४८१**
१. आवासिकसुत्तं ४८१
२. पियसुत्तं ४८१
३. सोभनसुत्तं ४८१
४. बहुपकारसुत्तं ४८२
५. अनुकम्पसुत्तं ४८२
६ पठमअवण्णारहसुत्तं ४८२
७. दुतियअवण्णारहसुत्तं ४८३
८ ततियअवण्णारहसुत्तं ४८३
९. पठममच्छरियसुत्तं ४८४
१०. दुतियमच्छरियसुत्तं ४८४
**२५. दुच्चरितवग्गो ४८५**
१. पठमदुच्चरितसुत्तं ४८५
२. पठमकायदुच्चरितसुत्तं ४८५
३. पठमवचीदुच्चरितसुत्तं ४८५
४. पठममनोदुच्चरितसुत्तं ४८५
५. दुतियदुच्चरितसुत्तं ४८५
६. दुतियकायदुच्चरितसुत्तं ४८६
७. दुतियवचीदुच्चरितसुत्तं ४८६
८ दुतियमनोदुच्चरितसुत्तं ४८६
९. सिवथिकसुत्तं ४८६
१०. पुग्गलप्पसादसुत्तं ४८७
**२६. उपसम्पदावग्गो ४८९**
१. उपसम्पदासुत्तं ४८९
२. निस्सयसुत्तं ४८९
३. सामणेरसुत्तं ४८९
४. पञ्चमच्छरियसुत्तं ४८९
५. मच्छरियप्पहानसुत्तं ४८९
६. पठमझानसुत्तं ४९०
७-१३ दुतियझानसुत्तादिसत्तकं ४९०
१४. अपरपठमझानसुत्तं ४९१
१५-२१ अपरदुतियझानसुत्तादिसत्तकं ४९१
**१. सम्मुतिपेय्यालं ४९२**
१. भत्तुद्देसकसुत्तं ४९२

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| २-१४ | सेनासनपञ्ञापकसुत्तादि... | ४९२ |
| २. | **सिक्खापदपेय्यालं** | **४९४** |
| १. | भिक्खुसुत्तं | ४९४ |
| २-७. | भिक्खुनीसुत्तादिछक्कं | ४९४ |
| १ .८. | आजीवकंसुत्तं | ४९४ |
| ९-१७ | निगण्ठसुत्तादिनवकं | ४९५ |
| ३. | ३. रागपेय्यालं | ४९५ |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# अङ्गुत्तरनिकाय

## ४.चतुक्कनिपात

## १.पठमपण्णासक

### १.भण्डगामवग्गो

#### १.अनुबुद्धसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान वज्जीस्थित भण्ड गाउँमा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई "भिक्षुहो !" भनी सम्बोधन गर्नुभयो ।

भिक्षुहरूले पनि "भद्दन्त !" भनी प्रतिवचन दिनुभयो । अनि भगवानले भन्नुभयो–

"भिक्षुहो ! चार विषय (धर्म) को बोध नहुँदा वा ज्ञान नहुँदा दीर्घकालसम्म तिमीहरूसहित म भौंतारिंदै बारम्बार जन्मिनु परेको थियो । ती चार के-के हुन् ? भिक्षुहो ! आर्य-शीलको बोध नहुँदा वा ज्ञान नहुँदा दीर्घकालसम्म तिमीहरूसहित म भौंतारिंद बारम्बार जन्मिनु परेको थियो । आर्य-समाधिको बोध नहुँदा वा ज्ञान नहुँदा दीर्घकालसम्म तिमीहरूसहित म भौंतारिंदै वारम्बार जन्मिनु परेको थियो । आर्य-प्रज्ञाको बोध नहुँदा वा ज्ञान नहुँदा दीर्घकालसम्म तिमीहरूसहित म भौंतारिंदै बारम्बार जन्मिनु परेको थियो । आर्य-विमुक्तिको वोध नहुँदा वा ज्ञान नहुँदा दीर्घकालसम्म तिमीहरू-सहित म भौंतारिंदै बारम्बार जन्मिनु परेको थियो । भिक्षुहो ! मैले आर्य-शीलको वोध गरें तथा ज्ञान पाएं । आर्य-समाधिको वोध गरें तथा ज्ञान पाएं । आर्य-प्रज्ञाको बोध गरें तथा ज्ञान पाएं । भवतृष्णा उच्छेद भयो । भवका कारणलाई क्षीण गरें । अब पुनः जन्मिन पर्दैन ।

Downloaded from http://dhamma.digital

## २. पतितसुत्तं

२. "भिक्षुहो ! चार विषयमा असम्पन्न हुँदा यस धर्म-विनयबाट पतन हुने भनिन्छ। ती चार के-के हुन् ? भिक्षुहो ! आर्य-शीलमा असम्पन्न हुँदा यस धर्मविनयबाट पतन हुने भनिन्छ। आर्य समाधिमा असम्पन्न हुँदा यस धर्मविनयबाट पतन हुने भनिन्छ। आर्य-प्रज्ञामा असम्पन्न हुँदा यस धर्मविनयबाट पतन हुने भनिन्छ। आर्यविमुक्तिमा असम्पन्न हुँदा यस धर्म-विनयबाट पतन हुने भनिन्छ। भिक्षुहो ! यी नै चार विषयमा असम्पन्न हुँदा यस धर्म-विनयबाट पतन हुने भनिन्छ।

"भिक्षुहो ! चार विषयमा सम्पन्न हुँदा यस धर्म-विनयबाट पतन नहुने भनिन्छ। ती चार के-के हुन् ? भिक्षुहो ! आर्य-शीलमा सम्पन्न हुँदा यस धर्म-विनयबाट पतन नहुने भनिन्छ। आर्यसमाधिमासम्पन्नहुँदा यस धर्म विनयबाट पतन नहुने भनिन्छ। आर्यप्रज्ञामा सम्पन्न हुँदा यस धर्मविनयबाट पतन नहुने भनिन्छ। आर्यविमुक्तिमा सम्पन्न हुँदा यस धर्मविनयबाट पतन नहुने भनिन्छ। भिक्षुहो ! यी नै चार विषयमा सम्पन्न हुँदा यस धर्मविनयबाट पतन नहुने भनिन्छ।

"चुता पतन्ति पतिता, गिद्धा च पुनरागता।
कतं किच्चं रतं रम्मं, सुखेनान्वागतं सुख"न्ति॥

"तृष्णायुक्त भएका च्यूत हुन्छ, पतित हुन्छ, गिरेको हुन्छ अनि फेरि यस संसारमा आउँछन्। कृतकृत्य भई आनन्दित हुँदै रम्दै सुखमा सुखी हुन्छ।"

## ३. पठमखतसुतं

३. "भिक्षुहो ! चार विषययुक्त मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सान पुऱ्याएको हुन्छ। विज्ञजनको दृष्टिमा साना-ठूला दोषी हुने काम गर्छ। धैरै नै अपुण्यार्जन गर्छ। ती चार के-के हुन् ? विचार नगरी अनि परिक्षण नगरी अवगुणीलाई गुणवान भन्छ। विचार नगरी अनि परिक्षण नगरी गुणवानलाई अवगुणी भन्छ। विचार नगरी अनि परिक्षण नगरी अप्रसन्न हुनुपर्नेमा प्रसन्न हुन्छ। विचार नगरी अनि परिक्षण नगरी प्रसन्न हुनुपर्नेमा अप्रसन्न हुन्छ। भिक्षुहो ! यी नै चार विषययुक्त मूर्ख, अपण्डित वा असत्पुरुषले आफैलाई हानि-नोक्सान पुऱ्याएको हुन्छ। विज्ञजनको दृष्टिमा साना-ठूला दोषी हुने काम गर्छ। धैरै नै अपुण्यार्जन गर्छ।

"भिक्षुहो ! चार विषययुक्त पण्डित ज्ञानी वा सत्पुरुषले



Downloaded from http://dhamma.digital

आफैलाई हानि-नोक्सान पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषी हुने काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ । ती चार के-के हुन् ? विचार पुऱ्याई अनि परिक्षण गरी गुणवानको गुण भन्छ । विचार गरी अनि परिक्षण गरी अवगुणीको अवगुण भन्छ । विचार गरी अनि परिक्षण गरी अप्रसन्न हुनुपर्नेमा अप्रसन्न हुन्छ । विचार गरी अनि परिक्षण गरी प्रसन्न हुनुपर्नेमा प्रसन्न हुन्छ । भिक्षुहो ! यी नै चार विषययुक्त पण्डित ज्ञानी वा सत्पुरुष आफैलाई आफ्नो हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषी हुने काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ ।"

"यो निन्दियं पसंसति, तं वा निन्दति पसंसियो ।
विचिनाति मुखेन सो कलिं, कलिना तेन सुखं न विन्दति ॥
"अप्पमत्तो अयं कलि, यो अक्खेसु धन पराजयो ।
सब्बस्सापि सहापि अत्तना, अयमेव महन्ततरो कलि ॥
"यो सुगतेसु मनं पदोसये, सतं सहस्सानं निरब्बुदानि ।
छत्तिंसती पञ्च च अब्बुदानि, यमरियगरही निरयं उपेति ।
वाचं मनञ्च पणिधाय पापक"न्ति ॥

"जसले निन्दनीयलाई प्रशंसा गर्छ वा प्रशंसनीयलाई निन्दा गर्छ । उसले आफ्नै मुखले पापको चयन गरेको हुन्छ । पापको चयन गर्ने त्यस व्यक्तिले सुखको भोग गर्न पाउँदैन । जसले जुवामा आफूसहित सर्वस्व धन हारेको हुन्छ त्यो त्यति ठूलो हानि होइन । जसले सुगतप्रति मन प्रदुषित गरेको हुन्छ यही नै उसको निम्ति ठूलो हानि हो । मन र वचनद्वारा पापयुक्त बोलि बोल्दा ऊ सतसहस्र निरब्बुद र छत्तिससय पञ्चसम्म अब्बुद नरकमा पर्छ ।"

## ४. दुतियखतसुत्तं

४. "भिक्षुहो ! यी चारका प्रति अनुचित व्यवहार गर्ने मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँछ । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्छ । धैरै नै अपुण्यार्जन गर्छ । ती चार के-के हुन् ? आमाप्रति अनुचित व्यवहार गर्ने मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँछ । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्छ । धैरै नै अपुण्यार्जन गर्छ । बुबाप्रति अनुचित व्यवहार गर्ने मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँछ । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्छ । धैरै नै अपुण्यार्जन गर्छ । तथागतप्रति अनुचित व्यवहार गर्ने मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सानीपुऱ्याउँछ । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्छ । धैरै नै अपुण्यार्जन गर्छ ।



Downloaded from http://dhamma.digital

तथागतको श्रावकप्रति अनुचित व्यवहार गर्ने मूर्ख, अज्ञानी वा असत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँछ । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्छ । धैरै नै अपुण्यार्जन गर्छ ।

"भिक्षुहो ! यी चारका प्रति सम्यकरूपले व्यवहार गर्ने पण्डित, ज्ञानी वा सत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमासाना-ठूला दोषका काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ । ती चार को-को हुन् ? आमाप्रति सम्यकरूपले व्यवहार गर्ने पण्डित, ज्ञानी वा सत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ । बुबाप्रति सम्यकरूपले व्यवहार गर्ने पण्डित, ज्ञानी वा सत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ । तथागतप्रति सम्यकरूपले व्यवहार गर्ने पण्डित, ज्ञानी वा सत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ । तथागत श्रावकप्रति सम्यकरूपले व्यवहार गर्ने पण्डित, ज्ञानी वा सत्पुरुषले आफैलाई हानि-नोक्सानी पुऱ्याउँदैन । विज्ञजनको दृष्टिमा साना-ठूला दोषका काम गर्दैन । धैरै नै पुण्यार्जन गर्छ ।"

"मातरि पितरि चापि, यो मिच्छा पटिपज्जति ।
तथागते वा सम्बुद्धे, अथ वा तस्स सावके ।
बहुञ्च सो पसवति, अपुञ्ञं तादिसो नरो ॥
"ताय नं अधम्मचरियाय, मातापितुसु पण्डिता ।
इधेव नं गरहन्ति, पेच्चपायञ्च गच्छति ॥
"मातरि पितरि चापि, यो सम्मा पटिज्जति ।
तथागते वा सम्बुद्धे, अथ वा तस्स सावके ।
बहुञ्च सो पसवति, पुञ्ञं एतादिसो नरो ॥
"ताय नं धम्मचरियाय, मातापितुसु पण्डिता ।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती"ति ॥

"जसले आमाप्रति, बुबाप्रति, सम्यकसम्बुद्धप्रति र तथागतका श्रावकप्रति मिथ्याव्यवहार (अनुचित व्यवहार) गर्छ । त्यस्ता नरले धैरै नै अपुण्यार्जन गर्छ । आमा-बुबाप्रति गरिने त्यस अधर्माचरणले यसलोकमा पण्डिजनद्वारा निन्दित हुन्छ । मृत्युपछि नरकगामी हुन्छ ।

"जसले आमाप्रति, बुबाप्रति, सम्यकसम्बुद्धप्रति र तथागतका श्रावक-प्रति सम्यकव्यवहार (उचित व्यवहार) गर्छ । त्यस्ता नरले धैरै नै पुण्यार्जन

Downloaded from http://dhamma.digital

गर्छ । आमा-बुबाप्रति गरिने धर्माचरणले यसलोकमा पण्डिजनद्वारा प्रशंसित हुन्छ । मरणपछि स्वर्गमा प्रमुदित हुन्छ ।"

## ५. अनुसोतसुत्तं

५. "भिक्षुहो ! लोकमा यी चारप्रकारका व्यक्तिहरू छन् । ती चार को को हुन् ? अनुश्रोतगामी व्यक्ति, प्रतिश्रोतगामी व्यक्ति, स्थित व्यक्ति अनि पार तरेर स्थलमा स्थित व्यक्ति । भिक्षुहो ! अनुश्रोतगामी व्यक्ति कस्तालाई भनिन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति विषय-भोगमा लाग्छ अनि पापकर्म पनि गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिलाई अनुश्रोतगामी व्यक्ति भनिन्छ ।

भिक्षुहो ! प्रतिश्रोतगामी व्यक्ति कस्तालाई भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति विषय-भोगमा लाग्दैन अनि पाप-कर्म पनि गर्दैन । दुःखलाई पनि सहेर, मानसिक दुःखलाई पनि सहेर अथवा अश्रुमुख भई रुनु परेता पनि परिपूर्ण परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिलाई प्रतिश्रोतगामी व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! स्थित व्यक्ति कस्तालाई भनिन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति अधोगतिका पाँच बन्धनहरू* क्षय गरी **'ओपपातिक'**♦ हुन्छ । त्यस लोकबाट फर्किनु नपर्ने भई त्यहीँ निर्वाण हुन्छ । भिक्षुहो ! यस्तालाई स्थित व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! उत्तिर्ण वा पार तरेर स्थलमा स्थित व्यक्ति कस्ता- लाई भनिन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति आश्रव क्षय गरी अनाश्रवी, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति अनि दृष्ट धर्मलाई स्वयम्‌ले अभिज्ञात र साक्षात्कार गरी लाभान्वित हुन्छ । भिक्षुहो ! यस्तालाई उत्तिर्ण अथवा पार तरेर स्थलमा स्थित व्यक्ति भनिन्छ ।"

"ये केचि कामेसु असञ्ञता जना,
अवितरागा इध कामभोगिनो ।
पुनप्पुनं जातिजरुपगामि ते,
तण्हाधिपन्ना अनुसोतगामिनो ॥
"तस्मा हि धीरो इधुपट्ठितस्सती,
कामे च पापे च असेवमानो ।

---

* सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र व्यापाद ।

♦ ब्रह्मलोकमा जन्मेर त्यहीलोकबाट परिनिर्वाण हुने तथा पुनः मनुष्यलोकमा नजन्मिने ।



Downloaded from http://dhamma.digital

सहा पि दुक्खेन जहेय्य कामे,
पटिसोतगामीति तमाहु पुग्गलं ॥
"यो वे किलेसानि पहाय पञ्च,
परिपुण्यासेखो अपरिहानो धम्मो ।
चेतोवसिप्पत्तो समाहितिन्द्रियो,
स वे ठितत्तोति नरो पवुच्चति ॥
"परोपरा यस्स समेच्च धम्मा,
विधूपिता अत्थगत न सन्ति ।
स वे मुनि वुसित ब्रह्मचरियो,
लोकन्तगू पारगतोति वुच्चती"ति ॥

"जो व्यक्ति काम-भोग विषयमा असंयमित हुन्छ । अवित- रागी हुन्छ । काम-भोगी हुन्छ । ऊ तृष्णाको अधिनमा परी बार- म्बार जन्म र बूढो हुने भएकाले 'अनुश्रोतगामी' भनिन्छ ।

"त्यसैले धैर्यवानले स्मृतिलाई उपस्थित राखी, काम-भोग अनि पापकर्ममा नलागि, दुःख सहेर, काम-भोग त्याग्नेलाई नै 'प्रतिश्रोतगामी' व्यक्ति भनिन्छ ।

"जसले पाँच क्लेशलाई विनष्ट गर्छ । परिपूर्ण शैक्ष हुन्छ । पतनतिर लाग्दैन । चित्त वशमा राख्ने अनि इन्द्रिय संयम गर्नेलाई नै 'स्थित' व्यक्ति भनिन्छ ।

"जो सम्पूर्ण अकुशल धर्म (पाप-कर्म) बाट मुक्त र शान्त हुन्छन् । उही मुनि, श्रेष्ठजीवी, लोकको अन्तसम्म पुगेको अनि पार भएका भनिन्छ ।"

## ६. अप्पस्सुतसुत्तं

६. भिक्षुहो ! लोकमा यी चार प्रकारका व्यक्तिहरू छन् । ती चार को को हुन् ? अल्पश्रुत-श्रुतअसम्पन्न, अल्पश्रुत श्रुतसम्पन्न, बहुश्रुत-बहुश्रुतअसम्पन्न अनि बहुश्रुत-श्रुतसम्पन्न ।

"भिक्षुहो ! कस्तालाई अल्पश्रुत-श्रुतअसम्पन्न व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म अनि वेदल्लमा अल्पश्रुत हुन्छ । ऊ अल्पश्रुत हुँदा अर्थलाई जानेको हुँदैन, धर्मलाई जानेको हुँदैन अनि धर्मपूर्वक आचरण गर्दैन । भिक्षुहो ! यस्तालाई अल्पश्रुत-श्रुतमा असम्पन्न व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई अल्पश्रुत-श्रुतसम्पन्न व्यक्ति भनिन्छ ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यहाँ कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म अनि वेदल्ललाई थोरै मात्र सुनेको हुन्छ । थोरै सुनेकोलाई अर्थसहित जानेको हुन्छ, धर्मलाई जानेको हुन्छ अनि धर्मानुसार आचरण गर्छ । भिक्षुहो ! यस्तालाई अल्पश्रुत- श्रुतसम्पन्न व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई बहुश्रुत-श्रुतअसम्पन्न व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुक, जातक, अब्भुतधम्म अनि वेदल्ल धेरै सुनेको हुन्छ । तर अर्थ जानेको हुँदैन, धर्म जानेको हुँदैन अनि धर्मानुसर धर्माचरण गर्दैन । यस्तालाई बहुश्रुत-श्रुतअसम्पन्न व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई बहुश्रुत-श्रुतसम्पन्न व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म अनि वेदल्ल धेरै सुनेको हुन्छ । अर्थ जानेको हुन्छ, धर्म जानेको हुन्छ अनि धर्मानुसार धर्माचरण गर्ने हुन्छ । भिक्षुहो ! यस्तालाई बहुश्रुत-श्रुतसम्पन्न व्यक्ति भनिन्छ । भिक्षुहो ! संसारमा यी नै चार प्रकारका व्यक्ति छन् ।"

"अप्पस्सुतो पि चे होति, सीलेसु असमाहिता ।
उभये नं गरहन्ति, सीलतो च सुतेन च ॥
"अप्पस्सुतो पि चे होति, सीलेसु सुसमाहितो ।
सीलतो नं पसंसन्ति, तस्स सम्पजते सुतं ॥
"बहुस्सुतोपि चे होति, सीलेसु असमाहितो ।
सीलतो नं गरहन्ति, नास्स सम्पज्जते सुतं ॥
"बहुस्सुतो पि चे होति, सीलेसु सुसमाहितो ।
उभयेन नं पसंसन्ति, सीलतो च सुतेन च ॥
"बहुस्सतं धम्मधरं, सप्पञ्ञं बुद्धसावकं ।
नेक्ख जम्बोनदस्सेव, को तं निन्दितुमरहति ।
देवा पि नं पसंसन्ति, ब्रह्मुना पि पसंसिता"ति ॥

"अल्पश्रुत अनि शील पालन नगर्ने हुंदा दुवैबाट निन्दित हुन्छ । शीलबाट पनि श्रुतबाट पनि ।

"अल्पश्रुत हुँदा पनि शीललाई राम्रोसँग पालन गर्दा उसको शीललाई प्रशंसा गर्छ । ऊसँग श्रुतज्ञानको कमी चाहिँ हुन्छ ।

Downloaded from http://dhamma.digital

"बहुश्रुत हुँदा पनि शील पालन नगर्दा शीलको कारणले निन्दित हुन्छ। तर उसँग श्रुतमय ज्ञानमा कमी हुँदैन।

"बहुश्रुत हुँदा, शीललाई पनि राम्रोसँग पालन गर्दा ऊ दुवैबाट प्रशंसनीय हुन्छ। शीलबाट पनि श्रुतबाट पनि।

"बहुश्रुत, धर्मधर, प्रज्ञावान, तथा बुद्ध-श्रावक हुने जम्बोनद स्वर्ण समानलाई कसले निन्दा गर्छ? देवताले पनि उसको प्रशंसा गर्छ भने ब्रह्माबाट पनि ऊ प्रशंसित हुन्छ।"

## ७. सोभनसुत्तं

"भिक्षुहो! पण्डित, विनीत, विशारद, बहुश्रुत, अनि धर्मानुसार धर्माचरण गर्ने चार व्यक्तिबाट संघको शोभा बढेको हुन्छ। ती चार को को हुन्? भिक्षुहो! पण्डित, विनीत, विशारद, बहुश्रुत, अनि धर्मानुसार धर्माचरण गर्ने भिक्षुबाट संघ शोभायमान हुन्छ। भिक्षुहो! पण्डित, विनीत, विशारद, बहुश्रुत, अनि धर्मानुसार धर्माचरण गर्ने भिक्षुणीबाट संघ शोभायमान हुन्छ। भिक्षुहो! पण्डित, विनीत, विशारद, बहुश्रुत, अनि धर्मानुसार धर्माचरण गर्ने उपासकबाट संघ शोभायमान हुन्छ। भिक्षुहो! पण्डित, विनीत, विशारद, बहुश्रुत, अनि धर्मानुसार धर्माचरण गर्ने उपासिकाबाट संघ शोभायमान हुन्छ।"

"यो होति वियत्तो च विसारदो च, बहुस्सुतो धम्मधरो च होति।
धम्मस्स होति अनुधम्मचारी, स तादिसो वुच्चति संघसोभनो॥
"भिक्खु च सील सम्पन्नो, भिक्खुनी च बहुस्सुता।
उपासको च यो सद्धो, या च सद्धा उपासिका।
एते खो संघ सोभेन्ति, एते हि संघसोभना"ति॥

"जो पण्डित विशारद, बहुश्रुत र धर्मधर हुन्छ। धर्मानुसार धर्माचरण गरे त्यो व्यक्ति संघको निम्ति शोभायमान हुन्छ।

"भिक्षु शीलसम्पन्न हुन्छ। भिक्षुणी बहुश्रुत हुन्छ। उपासक र उपासिकासँग श्रद्धा हुन्छ भने संघ शोभायमान हुन्छ। यही नै संघको शोभा हो।"

## ८. वेसारज्जसुत्तं

८. "भिक्षुहो! यी चार तथागतका वैसारद्यता हुन्। जुन वैशारद्यताले सम्पन्न हुँदा तथगतबाट वृषभ स्थान लिई परिषद्मा सिंहनाद गर्दछु अनि ब्रह्मचक्र प्रवर्तन गर्दछु। ती चार के के हुन्? (म) सम्यकसम्बुद्धले जुन धर्म जानेको छु भनी भन्दछु त्यस धर्मलाई सम्यकसम्बुद्धले जानेको छैन भनी कुनै लोकका श्रमण-ब्राह्मण, देव-मार वा ब्रह्माले पनि धर्मपूर्वक मलाई दोषारोपण

Downloaded from http://dhamma.digital

गर्न सकिने ती कारणहरू देख्दिन । त्यसैले मैले केही पनि नदेख्दा शान्ति, निर्भयी तथा वैसारद्यता लाभ गरी बस्दछु ।

"भिक्षुहो ! वहाँले आश्रव क्षय गरी सकें भनी भन्नु भएकोमा यी आश्रव क्षीण भई सकेको छैन भनी कुनै पनि लोकका श्रमण-ब्राह्मण, देव-मार वा ब्रह्माले धर्मपूर्वक मलाई दोषारोपण गर्न सकिने ती कारणहरू देख्दिन । त्यसैले मैले केही पनि नदेख्दा शान्ति, निर्भयी तथा वैसारद्यता लाभ गरी बस्दछु ।

"भिक्षुहो ! जुन धर्ममा लाग्दा बाधा हुन्छ भनी भन्नुभएको छ त्यसमा लाग्दा बाधा हुने छैन भनी कुनै पनि लोकका श्रमण-ब्राह्मण, देव-मार वा ब्रह्माले धर्मपूर्वक मलाई दोषरोपण गर्न सकिने ती कारणहरू देख्दिन । त्यसैले मैले केही पनि नदेख्दा शान्ति, निर्भयी तथा वैसारद्यता लाभ गरी बस्दछु ।

"भिक्षुहो ! जुन धर्मको पालन गर्दा सम्यकरूपले दुःख क्षय हुन्छ भनी कल्याणको निम्ति धर्मदेशना भएको छ । त्यस धर्मदेशनानुसार आचरण गर्दा सम्यकरूपले दुःखको क्षय हुँदैन भनी कुनै पनि लोकका श्रमण-ब्राह्मण, देव-मार वा ब्रह्माले धर्मपूर्वक मलाई दोषारोपण गर्न सकिने ती कारणहरू देख्दिन । त्यसैले मैले केही पनि नदेख्दा शान्ति, निर्भयी तथा वैसारद्यता लाभ गरी बस्दछु । भिक्षुहो ! यी चार तथागतका वैसारद्यता हुन् । जुन वैसासारद्यताले युक्त (म) तथागतबाट वृषभ स्थानलाई सबैले जान्नेगरी परिषदमा सिंहनाद गर्दछु अनि ब्रह्मचक्र प्रवर्तन गर्दछु ।"

"ये केचिमे वादपथा पुथुस्सिता ।
यं निस्सिता समणब्राह्मणा च ॥
तथागतं पत्वा न ते भवन्ति ।
विसारदं वादपथातिवत्तं ॥
"यो धम्मचक्कं अभिभुय्य केवली,
पवत्तयी सब्बभुतानुकम्पी ।
तं तादिसं देवमनुस्ससेट्ठं,
सत्ता नमस्सन्ति भवस्स पारगु"न्ति ॥

"जति पनि विभिन्न प्रकारका वादहरू छन् त्यसैमा श्रमण-ब्राह्मण-हरू अल्झिन्छन् । वादमुक्त, विशारद तथागतकहाँ तिनीहरू आउँदा शान्त भएर जान्छन् ।



Downloaded from http://dhamma.digital

"जो गुणसम्पन्न, मार विजयी र समस्त प्राणीप्रति अनुकम्पक, जसले धर्मचक्र प्रवर्तन गरे । भवपारंगत अनि देव-मनुष्यमा श्रेष्ठ हुनुभएकालाई नमस्कार गर्छन् ।"

## ९. तण्हुप्पादसुत्तं

९ ."भिक्षुहो ! तृष्णाको उत्पत्ति चार कारणले हुन्छ । जुन कि भिक्षुमा उत्पन्न हुने तृष्णा उत्पन्न हुन्छ । कुन चार ? भिक्षुहो ! चीवरको लागि भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । भिक्षुहो ! पिण्डपातको लागि भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । भिक्षुहो ! शयनासको लागि भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । भिक्षुहो ! यसो-उसो केही बन्नको लागि भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । भिक्षुहो ! यी नै चार तृष्णा उत्पन्न हुन्छन् जब कि भिक्षुमा तृष्णा उत्पन्न हुन्छ ।

"तण्हा दुतियो पुरिसो दीघमद्धानं संसरं ।
इत्थभावञ्ञथाभावं संसारं नातिवत्तति ॥
"एवमादीनवं ञत्वा, तण्हं दुक्खस्स सम्भवं ।
वीततण्हो अनादानो, सतो भिक्खु परिब्बजे"ति ॥

"तृष्णाका सहचारी पुरुषले दीर्घकालसम्म भौंतारिंदै यो जन्म र त्यो जन्म लिंदै संसारको सागरबाट पार हुन सक्दैन । दुःखको कारण तृष्णा नै हो भनी दुष्परिणाम जानी तृष्णारहित, आसक्तिरहित अनि स्मृतिवान भई 'भिक्षु' विचरण गर ।"

## १०. योगसुत्तं

१०. "भिक्षुहो ! यी चार योग छन् । कुन चार ? काम-योग, भव-योग, दृष्टि-योग र अविद्या-योग । भिक्षुहो ! काम-योग भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेले काम-भोगको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदैन । त्यस काम-भोगको उत्पत्ति र निरोध, आस्वाद र दुष्परि- णाम अनि मुक्तिको यथार्थता थाहा नहुँदा जुन कामभोगप्रतिको काम-राग, काम-नन्दी, काम-स्नेह, काम-मूर्छा, कामपिपासा, काम-परिदाह, काम-शक्ति र काम-तृष्णा हो त्यसमा भरपुर लाग्छ । भिक्षुहो ! यही नै काम-योग हो । यो भयो काम-योग ।

"भिक्षुहो ! भव-योग भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेले भवको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थ थाहा हुँदैन । त्यस भवको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि



Downloaded from http://dhamma.digital

मुक्तिको यथार्थ थाहा नहुँदा जुन भवप्रतिको भव-राग, भव-नन्दी, भव-स्नेह, भव-मूर्छा, भव-पिपासा, भव-परिदाह, भव-शक्ति र भव-तृष्णा हो त्यसमा भरपुर लाग्छ। भिक्षुहो ! यही नै भव-योग हो। यो भयो भव-योग।

"भिक्षुहो ! दृष्टि-योग भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेले दृष्टिको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थ थाहा हुँदैन। त्यस दृष्टिको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थ थाहा नहुँदा जुन दृष्टिप्रति दृष्टि-राग, दृष्टि-नन्दी, दृष्टि-स्नेह, दृष्टि-मूर्छा, दृष्टि-पिपासा, दृष्टि-परिदाह, दृष्टि-शक्ति र दृष्टि-तृष्णा हो त्यसमा भरपुर लाग्छ। भिक्षुहो ! यही नै दृष्टि-योग हो। यो भयो दृष्टि-योग।

"भिक्षुहो ! अविद्या-योग भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही मान्छेले छ स्पर्श आयतन (चक्षु, श्रोत, घ्राण, जिव्हा र मन)को उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदैन। त्यस छ स्पर्श आयतनको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा नहुँदा, छ आयतनको विषयमा जुन अविद्या वा अज्ञान हो त्यसमा भरपुर लाग्छ। भिक्षुहो ! यही नै अविद्या-योग हो। यो भयो अविद्या-योग। यो जुन काम-योग, भव-योग, दृष्टि-योग र अविद्या-योग हो। यो पाप-युक्त, अकुशल-युक्त, क्लेश-युक्त हुनाले नै पुनर्जन्मको कारण बन्छ। जुन कष्टकर र दुःखदायी हुन्छ। जुन भविष्यमा जन्म, जरा, व्याधी र मरणको कारण बन्छ। त्यसैले त्यसमा लाग्ने व्यक्ति दुःखबाट मुक्त हुँदैन।

"भिक्षुहो ! चार विसंयोग (संलग्न नरहने) छन्। कुन चार ? कामयोग-विसंयोग, भवयोग-विसंयोग, दृष्टियोग-विसंयोग अनि अविद्यायोग-विसंयोग। भिक्षुहो ! कामयोग-विसंयोग भनेको के हो ? यहाँ कोही मान्छे कामभोगको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुन्छ। त्यस काम भोगको उत्पत्ति र निरोध, आस्वाद दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदा जुन कामभोगप्रतिको काम-राग, काम-नन्दी, काम-स्नेह, काम-मूर्छा, काम-पिपासा, काम-परिदाह, काम-आशक्ति र काम-तृष्णा हो त्यसमा ऊ बिल्कुलै लाग्दैन। भिक्षुहो ! यही नै कामयोग-विसंयोग हो। यसैलाई कामयोग-विसंयोग भनिन्छ।

"भिक्षुहो ! भवयोग-विसंयोग भनेको के हो ? यहाँ कोही कोही मान्छे भवको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुन्छ। त्यस भवको उत्पत्ति र निरोध, आस्वाद, दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदा जुन भवप्रतिको भव-राग, भव-नन्दि भव-स्नेह, भव-मूर्छा,



Downloaded from http://dhamma.digital

भव-पिपासा, भव-परिदाह, भव-आशक्ति र भव-तृष्णा हो त्यसमा ऊ बिल्कुलै लाग्दैन । भिक्षुहो ! यही नै भवयोग-विसंयोग हो । यसैलाई कामयोग-विसंयोग अनि भनिन्छ ।

"भिक्षुहो ! दृष्टियोग-विसंयोग भनेको के हो ? यहाँ कोही मान्छे दृष्टिको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुन्छ । त्यस दृष्टिको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदा जुन दृष्टिप्रतिको दृष्टि-राग, दृष्टि-नन्दि, दृष्टि-स्नेह, दृष्टि-मूर्छा, दृष्टि-पिपासा, दृष्टि-परिदाह, दृष्टि-आशक्ति र दृष्टि- तृष्णा हो त्यसमा ऊ बिल्कुलै लाग्दैन । भिक्षुहो ! यही नै दृष्टियोग-विसंयोग हो । यसैलाई कामयोग-विसंयोग, भवयोग-विसंयोग अनि दृष्टियोग-विसंयोग भनिन्छ ।

"भिक्षुहो ! अविद्यायोग-विसंयोग भनेको के हो ? यहाँ कोही मान्छे छ स्पर्श आयतनको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुन्छ । त्यस छ स्पर्श आयतनको उत्पत्ति र निरोध, आस्वाद र दुष्परिणाम अनि मुक्तिको यथार्थता थाहा हुँदा छ स्पर्श आयतन-प्रतिको अविद्या वा अज्ञानमा ऊ बिल्कुलै लाग्दैन । भिक्षुहो ! अविद्यायोग-विसंयोग भनेको यही नै हो । यसैलाई कामयोग-विसंयोग, भवयोग-विसंयोग, दृष्टियोग-विसंयोग अनि अविद्यायोग-विसंयोग भनिन्छ । यो पापबाट, अकु-शलबाट, क्लेशबाट अनि बारम्बार हुने जन्म, जरा मरण र दुःख विपाकबाट असम्बद्ध छ । त्यसैले यसलाई योग-क्षय भनिन्छ । भिक्षुहो ! यी नै चार विसंयोग हुन् ।"

"कामयोगेन संयुत्ता, भवयोगेन चूभयं ।
दिट्ठियोगें संयुत्ता, अविज्जाय पुरक्खता ॥
"सत्ता गच्छन्ति संसारं, जातिमरणगामिनो ।
ये च कामे परिञ्ञाय, भवयोगञ्च सब्बसो ॥
"दिट्ठियोगं समूहच्चं, अविज्जं च विराजयं ।
सब्बयोग विसंयुत्ता, ते वे योगातिगा मुनी"ति ॥

"कामयोग, भवयोग, दुवैमा संलग्न हुने, दृष्टियोग र अविद्याले पुरस्कृत सत्वहरू जन्म र मरणको संसारमा पर्दछ । काम-योग, भव-योग, दृष्टि-योग अनि अविद्या-योग यी सबैलाई परिज्ञात गरी समूल नष्ट गर्ने, टाढारहने र समस्त योगबाट असंलग्न हुने नै योगी वा मुनि हो ।"



Downloaded from http://dhamma.digital

# २. चरवग्गो

## १.चरसुत्तं

११. "भिक्षुहो ! यदि हिँड्डुल गरिरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ अनि त्यसलाई स्वीकार्छ, त्याग्दैन, टाढिँदैन, हटाउँदैन र अन्त गर्दैन भने भिक्षुहो ! यसप्रकारका भिक्षुलाई हिँड्दुल गर्दा पनि शान्त पार्न निरन्तर प्रयत्न नगर्ने तथा कोसिस नगर्नेलाई अल्छे तथा वीर्यहीन भनिन्छ ।

"भिक्षुहो ! यदि स्थितरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ अनि त्यसलाई स्वीकार्छ, त्याग्दैन, टाढिँदैन, हटाउँदैन र अन्त गर्दैन भने भिक्षुहो !
यसप्रकारका भिक्षुलाई स्थितरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्न नगर्ने तथा कोसिस नगर्नेलाई अल्छे तथा वीर्यहीन भनिन्छ ।

"भिक्षुहो ! यदि बसिरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ अनि त्यसलाई स्वीकार्छ, त्याग्दैन, टाढिँदैन, हटाउँदैन र अन्त गर्दैन भने भिक्षुहो !
यसप्रकारका भिक्षुलाई बसिरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्न नगर्ने तथा कोसिस नगर्नेलाई अल्छे तथा वीर्यहीन भनिन्छ ।

"भिक्षुहो ! यदि लेटिरहँदा पनि जाग्रतरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ अनि त्यसलाई स्वीकार्छ, त्याग्दैन, टाढिँदैन, हटाउँदैन र अन्त गर्दैन भने भिक्षुहो ! यसप्रकारका भिक्षुलाई लेटिरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्न नगर्ने, कोसिस नगर्नेलाई अल्छे तथा वीर्यहीन भनिन्छ ।

"भिक्षुहो ! यदि हिँड्डुल गरिरहँदा पनि भिक्षुसँग काम-वितर्क
व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ । त्यसलाई स्वीकार्दैन
त्याग्छ, टाढिन्छ, हटाउँछ र अन्त गर्छ भने भिक्षुहो ! त्यस्ता भिक्षुलाई हिँडदुल गर्दा पनि शान्त पार्न निरन्तर प्रयत्नरत, मेहनती, उत्साही तथा वीर्यवान भनिन्छ ।

"भिक्षुहो ! यदि स्थितरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ । त्यसलाई स्वीकार्दैन त्याग्छ, टाढिन्छ,



Downloaded from http://dhamma.digital

हटाउँछ र अन्त गर्छ भने भिक्षुहो ! त्यस्ता भिक्षुलाई स्थितरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्नरत, मेहनती उत्साही तथा वीर्यवान भनिन्छ ।

"भिक्षुहो ! यदि बसिरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ । त्यसलाई स्वीकार्दैन त्याग्छ, टाढिन्छ, हटाउँछ र अन्त गर्छ भने भिक्षुहो ! त्यस्ता भिक्षुलाई बसिरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्नरत मेहनती, उत्साही तथा वीर्यवान भनिन्छ ।

"भिक्षुहो ! यदि लेटिरहँदा पनि जाग्रतरहँदा पनि भिक्षुसँग काम-वितर्क, व्यापाद-वितर्क र विहिंसा-वितर्क उत्पन्न हुन्छ । त्यसलाई स्वीकार्दैन, त्याग्छ, टाढिन्छ, हटाउँछ र अन्त गर्छ भने भिक्षुहो ! त्यस्ता भिक्षुलाई लेटिरहँदा पनि शान्त पार्न निरन्तर प्रयत्नरत, मेहनती, उत्साही तथा वीर्यवान भनिन्छ ।"

"चरं वा यदि वा तिट्ठं, निसिन्नो उद वा सयं ।
यो वितक्कं वितक्केति, पापकं गेहनिस्सितं ॥
"कुम्मग्गप्पटिपन्नो सो, मोहनेय्येसु मुच्छितो ।
अभब्बो तादिसो भिक्खु, फुट्ठं सम्बोधिमुत्तमं ॥
"यो च चरं वा तिट्ठं वा, निसिन्नो उद वा सयं ।
वितक्कं समयित्वान, वितक्कूपसमे रतो ।
भब्बो सा तादिसो भिक्खु, फुट्ठं सम्बोधिमुत्तम"न्ति ॥

"हिँड्डुल गरिरहँदा वा उभिरहँदा वा बसिरहँदा वा लेटिरहँदा जसले मनमा तर्कना-वितर्कना हुँदा पाप चिताउँछ भने ऊ कुमार्ग-गामी हो । मोहमा मूर्छित हुने भिक्षुले उत्तम सम्बोधि प्राप्त गर्न अयोग्य हुन्छ ।

"हिँड्डुल गरिरहँदा वा उभिरहँदा वा बसिरहँदा वा लेटिरहँदा जसले मनमा आएका तर्कना-वितर्कनालाई तहस-नहस गर्दै शान्त पार्छ भने त्यस्ता भिक्षुले उत्तम सम्बोधि प्राप्त गर्न योग्य हुन्छ ।"

## २. सीलसुत्तं

१२. "भिक्षुहो ! शीलसम्पन्न भई विचरण गर । प्रातिमोक्ष (विनय) सम्पन्न भइकन प्रातिमोक्षको संयमले संयमित भई विचरण गर । चालचलन इन्द्रियमा संयमित भइकन सानो दोषमा पनि भयदर्शी हुनु । शिक्षापद ग्रहण गरी अभ्यास गर । भिक्षुहो ! शीलसम्पन्न भई विचरण गर्छ भने, प्रातिमोक्ष-



Downloaded from http://dhamma.digital

सम्पन्न भई प्राति-मोक्षको संयमले संयमित भई विचरण गर्छ भने, चाल-चलन तथा इन्द्रियमा संयमित हुन्छ भने साना-तिना दोषमा भयदर्शी हुन्छ भने अनि शिक्षापद ग्रहण गरी अभ्यासमा लाग्छ भने यो भन्दा अर्को राम्रो के नै गर्नुपर्छ !

"भिक्षुहो ! यदि हिँड्डुल गरिरहँदा पनि भिक्षुसँग लोभ र द्वेष हटेको हुन्छ स्त्यानमिद्ध (शारीरिक र मानसिक आलस) हटेको हुन्छ, उद्धतपनकौकृत्य (शारीरिक र मानसिक अस्थिरपन) हटेको हुन्छ, शंकालु हुँदैन, अनुत्साही हुँदैन, वीर्य कम हुँदैन, उपस्थित-स्मृतिविहीन हुँदैन, शान्त तथा अनुत्तेजित शरीर अनि चित्तसमाहित समाहित भई एकाग्र हुन्छ । भिक्षुहो ! यसप्रकारले हिँड्डुल गरिरहँदा पनि निरन्तर प्रयत्न गर्ने, मेहनत गर्ने, वीर्यवान, प्रयत्नशील र शान्त भएकालाई नै भिक्षु भनिन्छ ।

"भिक्षुहो ! यदि स्थितरहँदा पनि भिक्षुसँग लोभ र द्वेष हटेको हुन्छ, स्त्यानमिद्ध हटेको हुन्छ, उद्धतपनकौकृत्य हटेको हुन्छ, शंकालु हुँदैन, अनुत्साही हुँदैन, वीर्य कम हुँदैन, उपस्थित-स्मृतिविहीन हुँदैन, शान्त तथा अनुत्तेजित शरीर अनि चित्त समाहित भई एकाग्र हुन्छ । भिक्षुहो ! यसप्रकारले स्थितरहँदा पनि निरन्तर प्रयत्न गर्ने, मेहनत गर्ने, वीर्यवान, प्रयत्नशील र शान्त भएकालाई नै भिक्षु भनिन्छ ।

"भिक्षुहो ! यदि लेटिरहँदा पनि भिक्षुसँग लोभ र द्वेष हटेको हुन्छ स्त्यानमिद्ध* (शारीरिक र मानसिक आलस) हटेको हुन्छ, उद्धतपनकौकृत्य* ( शारीरिक र मानसिक अस्थिरपन) हटेको हुन्छ, शंकालु हुँदैन, अनुत्साही हुँदैन, वीर्य कम हुँदैन, उपस्थित-स्मृतिविहीन हुँदैन, शान्त तथा अनुत्तेजित शरीर अनि चित्तसमाहित र एकाग्र हुन्छ । भिक्षुहो ! यसप्रकारले लेटिरहँदा पनि निरन्तर प्रयत्न गर्ने, मेहनत गर्ने, वीर्यवान, प्रयत्नशील र शान्त भएकालाई नै भिक्षु भनिन्छ ।"

**"यतं चरे यतं तिट्ठे, यतं अच्छे यतं सये ।**
**यतं सम्मिञ्जये भिक्खु, यतमेनं पसारये ॥**
**"उद्धं तिरियं अपाचीनं, यावता जगतोगति ।**
**समवेक्खिता च धम्मानं, खन्धानं उदयब्बयं ॥**
**"चेतो समथसामीचिं, सिक्खमानं सदा सतं ।**

---

*शारीरिक र मानसिक आलस । *शारीरिक र मानसिक अस्थिरपन ।



Downloaded from http://dhamma.digital

**सततं पहितत्तोति, आहु भिक्खुं तथविध"न्ति ॥**

"संयमित भई हिँड्डुल गर्ने, संयमित भई उभीरहने, संयमित भई बस्ने, संयमित भई शयन गर्ने, (शरीरका अङ्गप्रत्यङ्ग) खुम्च्याउँदा, पसार्दा पनि भिक्षुले संयम गर्छ । माथि, र तल जति पनि जगतको गति हो त्यहाँ स्कन्ध ( रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध) को उत्पत्ति र विनाश हुने स्वभाव धर्मलाई राम्रोसँग बुझेर चित्तलाई योग्यरूपले शान्त पारेर सदा स्मृतिको मार्गमा लाग्छ । त्यसप्रकारको भिक्षुलाई निरन्तर प्रयत्न गर्ने भिक्षु भनिन्छ ।"

## ३. पधानसुत्तं

१३. "भिक्षुहो ! यी चार सम्यकप्रधान (व्यायाम) हुन् । ती चार के के हुन् ? यहाँ भिक्षुले अनुत्पन्न पाप तथा अकुशल धर्मलाई अनुत्पन्नको निम्ति संकल्प गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ अनि चित्तलाई दृढ गरी प्रयत्नशील हुन्छ ।

"उत्पन्न पाप तथा अकुशल परित्यागको निम्ति संकल्प गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ अनि चित्तलाई दृढ गरी प्रयत्न-शील हुन्छ ।

"अनुत्पन्न पाप तथा कुशल धर्म उत्पन्नको निम्ति संकल्प गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ अनि चित्तलाई दृढ गरी प्रयत्न-शील हुन्छ ।

उत्पन्न कुशल धर्म स्थितको निम्ति, बिग्रन नदिनको निम्ति, वृद्धिको निम्ति, विपुलताको निम्ति, चिताएको परिपूर्णको निम्ति संकल्प गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ अनि चित्तलाई दृढ गरी प्रयत्नशील हुन्छ ।"

**"सम्मप्पधाना, मारधेय्याभिभूता ।**
**ते असिता जातिमरणभयस्स पारगू ॥**
**ते तुसिता जेत्वा मारं सवाहिनिं ते अनेजा,**
**सब्बं नमुचिबलं उपातिवत्ता ते सुखिता"ति ।**

"सम्यकप्रयत्नवानले मारको ध्यानलाई पराजित गर्छ । ऊ आसक्तरहित भई जन्म र मरणको भयबाट पार हुन्छ ।

"मारसहितको सेना तृष्णालाई जितेर सन्तुष्ट हुन्छ । समस्त नमुचि ( मार) बललाई पराजित गरिकन ऊ सुखी हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ४. संवरसुत्तं

१४. "भिक्षुहो ! चारप्रकारका सम्यकप्रयत्न छन् । ती चार के के हुन् ? संवरप्रयत्न, परित्यागप्रयत्न, भावनाप्रयत्न र अनुरक्षणप्रयत्न । भिक्षुहो ! संवरप्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षुद्वारा रूपलाई हेरी निमित्त र अनुव्यञ्जनलाई ग्रहण गर्दैन । जसबाट चक्षुन्द्रिय असंयमित भई विचरण गर्दा लोभ-द्वेष पापमय अकुशलधर्मले ग्रसित हुन्छ । त्यसैले त्यसमा संवरित हुन प्रयत्नशील हुन्छ, चक्षुन्द्रियलाई रक्षा गर्छ तथा चक्षुन्द्रियलाई वशमा पार्छ । यसरी नै श्रोतद्वारा शब्द सुनेर... घ्राणद्वारा गन्ध सुँघेर... जिब्हाद्वारा रसस्वाद लिएर... शरीरद्वारा स्पर्श गरेर... मनद्वारा विषयानुगत भई निमित्त र अनुव्यञ्जनलाई ग्रहण गर्दैन । जसबाट मन इन्द्रिय असंयमित भई विचरण गर्दा लोभ-द्वेष पापमय अकुशलधर्महरूले ग्रसित हुन्छ । त्यसैले त्यसमा संवरित हुन प्रयत्नशील हुन्छ, मनिन्द्रियलाई रक्षा गर्छ तथा मन इन्द्रियलाई वशमा पार्छ । भिक्षुहो ! संवरप्रयत्न भनेको यही नै हो ।

"भिक्षुहो ! परित्याग-प्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ कोही भिक्षुले उत्पन्न हुने काम-वितर्कलाई स्वीकार्दैन, त्याग्छ, टाढिन्छ, हटाउँछ र अन्त गर्छ । उत्पन्न हुने व्यापाद-वितर्क... । उत्पन्न हुने विहिंसा-वितर्क... । उत्पन्न र अनुत्पन्न पापमय अकुशल धर्म स्वीकार्दैन, त्याग्छ, टाढिन्छ, हटाउँछ र अन्त गर्छ । भिक्षुहो ! परित्याग-प्रयत्न भनेको यही नै हो ।

"भिक्षुहो ! भावना-प्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ कोही भिक्षुले स्मृतिसम्बोध्यङ्गको भावना गर्छ, विवेकनिश्रित, विराग निश्रित, निरोधनिश्रित र परित्याग परिणामी हुन्छ । धर्मविचयसम्बोध्यङ्गको भावना गर्छ..., वीर्यसम्बोध्यङ्गको भावना गर्छ..., प्रीतिसम्बोध्यङ्गको भावना गर्छ..., प्रश्रब्धिसम्बोध्यङ्गको भावना गर्छ..., समाधिसम्बोध्यङ्गको भावना गर्छ..., उपेक्षासम्बोध्यङ्गको भावना गर्छ, विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित र परित्याग परिणामी हुन्छ । भिक्षुहो ! भावना-प्रयत्न भनेको यही नै हो ।

"भिक्षुहो ! अनुरक्षण-प्रयत्न भनेको के हो ? यहाँ कोही भिक्षुले श्रेष्ठ समाधि-निमित्तलाई रक्षा गर्छ । उत्पन्न भएको अस्थि (हाड)संज्ञा, कीरा परेको संज्ञा, नील-संज्ञा, छिद्र-संज्ञा, फुलेको संज्ञा (प्राणी मरेपछि शरीरको विभिन्न आकृतिलाई ध्यानमा बसी अशुभ भावना गर्दाको संज्ञाहरू) भिक्षुहो ! भिक्षुहो ! अनुरक्षण-प्रयत्न भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रयत्न हुन् ।"

"संवरो च पहानञ्च, भावना अनुरक्खणा ।



Downloaded from http://dhamma.digital

एते पहाना चत्तारो, देसितादिच्चबन्धुना ॥
येहि भिक्खु इधातापी, खयं दुक्खस्स पापुणे"ति ॥

"संवर, परित्याग, भावना र अनुरक्षण यी चार प्रयत्नलाई आदित्यबन्धुले उपदेश दिएँ । यहाँ जो भिक्षु प्रयत्नशील हुन्छ ऊ दुःखबाट मुक्त हुन्छ ।"

## ५. पञ्ञत्तिसुत्तं

१५. "भिक्षुहो ! यी चार अग्र प्रज्ञप्ति हुन् । ती चार के के हुन् ? भिक्षुहो ! शरीरधारीहरूमा जो कि राहु असुरेन्द्र अग्र छन् । भिक्षुहो ! कामभोगीहरूमा जो कि राजा मान्धाता अग्र छन् । भिक्षुहो ! आधिपत्यमा पापीमार अग्र छन् अनि भिक्षुहो ! सदेवलोक, समारलोक, सब्रह्मलोक, सश्रमण-ब्राह्मणहरूमा प्रजाजनमा तथा सदेवमनुष्यमा तथागत अर्हत सम्यकसम्बुद्ध अग्र छन् ।"

"राहुग्गं अत्तभाविनं, मन्धाता काम भोगिनं ।
मारो आधिपतेय्यानं, इद्धिया यससा जलं ॥
"उद्धं तिरियं अपाचीनं, यावता जगता गति ।
सदेवकस्स लोकस्स, बुद्धो अग्गो पवुच्चती"ति ॥

"जति पनि शरीरधारीहरू छन् ती मध्ये राहु अग्र छन् । जति पनि कामभोगीहरू छन् ती मध्ये मान्धाता अग्र छन् । ऋद्धि-वानहरूमा, ऐश्वर्यवानहरूमा, जाज्वल्यमानहरूमा अनि आधिपत्य-मा मार अग्र छन् ।

"माथि, बीच, अनि तलको जति पनि जगतका गति छन् ती मध्ये बुद्ध नै सदेवलोकमा अग्र भनिन्छ ।"

## ६. सोखुमसुत्तं

१६. भिक्षुहो ! यी चार प्रकारका सूक्ष्मता हुन् । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ कोही भिक्षु उत्तम रूपको सूक्ष्मताले सम्पन्न हुन्छ । उसले आफ्नो रूपको सूक्ष्मता भन्दा श्रेष्ठतर, प्रणीततर कुनै रूपको सूक्ष्मता देख्दैन । उसले आफ्नो रूपको सूक्ष्मता भन्दा श्रेष्ठत्तर अथवा प्रणीततर अन्य कुनै रूपसूक्ष्मताको कामना गर्दैन ।

उत्तम वेदनाको सूक्ष्मताले सम्पन्न हुन्छ । उसले आफ्नो वेदना सूक्ष्मता भन्दा श्रेष्ठतर, प्रणीततर भन्दा कुनै वेदनाको सूक्ष्मता देख्दैन । उसले

Downloaded from http://dhamma.digital

आफ्नो वेदनाको सूक्ष्मता भन्दा श्रेष्ठ-त्तर अथवा प्रणीततर अन्य कुनै वेदना-सूक्ष्मताको कामना गर्दैन ।

उत्तम संज्ञाको सूक्ष्मताले सम्पन्न हुन्छ । उसले आफ्नो संज्ञा सूक्ष्मता भन्दा श्रेष्ठतर, प्रणीततर भन्दा कुनै संज्ञाको सूक्ष्मता देख्दैन । उसले आफ्नो संज्ञाको सूक्ष्मता भन्दा श्रेष्ठत्तर अथवा प्रणीततर अन्य कुनै संज्ञा-सूक्ष्मताको कामना गर्दैन ।

उत्तम संस्कारको सूक्ष्मताले सम्पन्न हुन्छ । उसले आफ्नो संस्कारको सूक्ष्मता भन्दा श्रेष्ठतर, प्रणीततर भन्दा कुनै संस्कारको सूक्ष्मता देख्दैन । उसले आफ्नो संस्कारको सूक्ष्मता भन्दा श्रेष्ठत्तर अथवा प्रणीततर अन्य कुनै संस्कार-सूक्ष्मताको कामना गर्दैन ।

**"रूपसोखुम्मतं ञत्वा, वेदानन्ञ्च सम्भवं ।**
**सञ्ञायतो समुदेति, अत्थं गच्छति यत्थ च ।**
**सङ्खारे परतो ञत्वा, दुक्खतो नो च अत्ततो ॥**
**"स वे सम्मद्दसो भिक्खु, सन्तो सन्तिपदे रतो ।**
**धारेति अन्तिमं देहं, जेत्वा मारं सवाहिनी"न्ति ॥**

"रूप सूक्ष्मतालाई बुझेर, वेदनाको उत्पत्ति अनि संज्ञाको जुन उत्पत्ति र निरोध हुन्छ । संस्कार आफ्नो होइन, दुःख पनि आफ्नो होइन भनी बुझी, शान्त र सम्यकदर्शी भिक्षु शान्ति पदमा रत हुन्छ भने मारसहित सेनालाई जितेर अन्तिम देहधारी हुन्छ ।"

## ७. पठमअगतिसुत्तं

१७. "भिक्षुहो ! यी चार अगतिगामी हुन् । ती चार के के हुन् ? छन्दा ( इच्छा) गति, द्वेष-गति, मोह-गति अनि भय-गतिमा लाग्छ । भिक्षुहो ! यी नै चार अगतिगामी हुन् ।"

**"छन्दा, दोसा, भया, मोहा, यो धम्मं अतिवत्तति ।**
**निहीयति तस्स यसो, कालपक्खेव चन्दिमा" ति ॥**

"जो छन्द, द्वेष, भय र मोहमा परेर धर्मलाई उल्लंघन गर्छ । उसको यश कृष्णपक्षको चन्द्रमा जस्तै घट्दै जान्छ ।"



Downloaded from http://dhamma.digital

## ८. दुतियअगतिसुत्तं

१८. "भिक्षुहो ! यी चार अगतिगामी होइनन् । ती चार के के हुन् ? छन्दा गति, द्वेष-गति, मोह-गति अनि भया-गतिमा लाग्दैन । भिक्षुहो ! यी चार अगतिगामी होइनन् ।"

**"छन्दा, दोसा, भया, मोहा, यो धम्मं नातिवत्तति ।**
**आपूरति तस्स यसो, सुक्कपक्खव चन्दिमा"ति ॥**

"जो छन्द, द्वेष, भय र मोहमा परेर धर्मलाई उल्लंघन गर्दैन । उसको यश शुक्लपक्षको चन्द्रमा जस्तै बढ्दै जान्छ ।"

## ९. ततियअगतिसुत्तं

१९. "भिक्षुहो ! यी चार अगतिगामी हुन् । ती चार के के हुन् ? छन्दागति, द्वेपागति मोहातिमा लाग्छ अनि भयागतिमा लाग्छ । भिक्षुहो ! यी नै चार अगतिगामी हुन् ।"

**"छन्दा, दोसा, भया, मोहा, यो धम्मं अतिवत्तति ।**
**निहीयति तस्स यसो, कालपक्खेव चन्दिमा ॥**
**"छन्दा, दोसा, भया, मोहा, यो धम्मं नातिवत्तति ।**
**आपूरति तस्स यसो, सुक्कपक्खव चन्दिमा"ति ॥**

"जो छन्द, द्वेष, भय र मोहमा परेर धर्मलाई उल्लंघन गर्छ । उसको यश कृष्णपक्षको चन्द्रमा जस्तै घट्दै जान्छ ।
"जो छन्द, द्वेष, भय र मोहमा परेर धर्मलाई उल्लंघन गर्दैनन् । उसको यश शुक्लपक्षको चन्द्रमा जस्तै बढ्दै जान्छ ।"

## १०. भत्तुद्देसक

२०. "भिक्षुहो ! यी चार कुरायुक्त भोजन व्यवस्थापकलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? छन्दागति, द्वेषागति, भयागति र मोहागति । भिक्षुहो ! यी चार धर्मयुक्त भोजन व्यवस्थापकलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! यी चार कुरायुक्त भोजन व्यवस्थापकलाई समातेर ल्याई स्वर्गमा राखे समान हुन्छ । ती चार के के हुन् ? छन्दागतिमा नलाग्ने, द्वेषागतिमा नलाग्ने, भयागतिमा नलाग्ने अनि मोहागतिमा नलाग्ने । भिक्षुहो !

Downloaded from http://dhamma.digital

यी चार धर्मयुक्त भोजन व्यवस्थापकले थाहा पाउनु पर्छ कि समातेर स्वर्गमा राखे समान हुन्छ भनी ।"

"ये केचि कामेसु असञ्ञता जना,
अधम्मिका होन्ति अधम्मगारवा ।
छन्दा दोसा मोहा च भया गामिनो,
परिसाकसटो च पनेस वुच्चति ॥
"एवञ्हि वुत्तं समणेन जानता,
तस्मा हि ते सप्पुरिसा पसंसिया ।
धम्मेठिता यो न करोन्ति पापकं,
न छन्दा नदोसा न मोहा न भयाच गामिनो ।
"परिसाय मण्डो च पनेस वुच्चति,
एवञ्हि वुत्तं समणेन जानता"ति ॥

"जो व्यक्ति काम-विषयप्रति असंयमित हुन्छ । धर्म गौरव नगर्ने अधार्मिक हुन्छ । छन्द, द्वेष, भय र मोहगामी हुन्छ भने ऊ परिषद्को कलंक भनिन्छ ।

"जो धर्ममा स्थित भई पापकर्म गर्दैन । छन्द, द्वेष, मोह र भयमा परी अगतिगामी हुँदैन । ऊ परिषदको आभुषण भनिन्छ । त्यसैले ऊ सत्पुरुषबाट प्रशंसित हुन्छ भनी श्रमण (बुद्ध) ले जानेर नै यस्तो भनें ।"

Downloaded from http://dhamma.digital

# ३. उरुवेलवग्गो

## १. पठमउरुवेलसुत्तं

२१. यस्तो मैले सुनें– एक समय भगवान सावत्थिस्थित जेतवन अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– भिक्षुहो ! "भद्दन्त !"भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! एक समय म अभिसम्बुद्ध भएको केही दिनपछि उरुवेलस्थित नैरञ्जना नदी तीरको अजपाल न्यग्रोध वृक्षमुनि बसि-रहेको थिएँ । भिक्षुहो ! त्यसबेला एकान्तमा चिन्तन गर्दा यस्तो विचार आयो– कसैप्रति आदर-गौरव नगरी बस्नु दु:ख हो । किन म श्रमण वा ब्राह्मणको आदर-गौरव गरी उसको आश्रयमा नबसौं !

"भिक्षुहो ! त्यस समय मलाई यस्तो लाग्यो– अपरिपूर्ण शीलस्कन्ध परिपूर्ण गर्नको निम्ति अन्य श्रमण वा ब्राह्मणलाई आदर-गौरव गरी आश्रयमा बस्नु पर्ने हो । तर मैले सदेव, समार, सब्रह्म लोकमा सश्रमण, सब्राह्मण, सदेव-मनुष्यका प्रजाजनमा यस्ता श्रमण वा ब्राह्मण जो कि आफू बाहेक अरू कोही अधिक शीलसम्पन्न देख्दिन जसप्रति आदर तथा गौरव गरी बस्नुपर्छ ।

"अपरिपूर्ण समाधिस्कन्धको परिपूर्ण निम्ति अन्य श्रमण वा ब्राह्मणलाई आदर-गौरव गरी आश्रयमा बस्नु पर्ने हो । तर मैले सदेव, समार, सब्रह्म लोकमा सश्रमण, सब्राह्मण, सदेव-मनुष्यका प्रजाजनमा यस्ता श्रमण वा ब्राह्मण जो कि आफू बाहेक अरू कोही अधिक समाधिसम्पन्न देख्दिन जसप्रति आदर तथा गौरव गरी बस्नु पर्छ ।

"अपरिपूर्ण प्रज्ञास्कन्धको परिपूर्ति निम्ति अन्य श्रमण वा ब्राह्मणलाई आदर र गौरव गरी आश्रयमा बस्नु पर्ने हो । तर मैले सदेव, समार, सब्रह्म लोकमा सश्रमण, सब्राह्मण, सदेव-मनुष्यका प्रजाजनमा यस्ता श्रमण वा ब्राह्मण जो कि आफू बाहेक अरू कोही अधिक प्रज्ञासम्पन्न देख्दिन जसप्रति आदर- गौरव गरी बस्नु पर्छ ।

"अपरिपूर्ण विमुक्तिस्कन्धको परिपूर्ण निम्ति अन्य श्रमण वा ब्राह्मणलाई आदर र गौरव गरी आश्रयमा बस्नु पर्ने हो । तर मैले सदेव, समार, सब्रह्म लोकमा सश्रमण, सब्राह्मण, सदेव-मनु-ष्यका प्रजाजनमा



Downloaded from http://dhamma.digital

यस्ता श्रपण वा ब्राह्मण जो कि आफू बाहेक अरू कोही अधिक विमुक्तिसम्पन्न देख्दिन जसप्रति आदर-गौरव गरी बस्नुपर्छ ।

"भिक्षुहो ! त्यस बेला मलाई यस्तो लाग्यो– जुन धर्मको ज्ञान मैले प्राप्त गरेँ त्यही धर्मलाई आदर-गौरव गरी आश्रयमा किन नबसौं !"

"अनि भिक्षुहो ! सहम्पति ब्रह्माले आफ्नो चित्तले मेरो चित्तको कुरा जानेर जस्तो कि कोही बलावान पुरुषले खुम्चिएको बाहुलाई फैलाउँछ । फैलिएको बाहुलाई खुम्च्याउँछ । यस्तैप्रकारले ब्रह्मलोकबाट अन्तर्धान भई मेरो सामुन्ने प्रकट भयो । अनि भिक्षुहो ! सहम्पति ब्रह्माले आफ्नो खास्तो एक काँधमा राखी दाहिने घुँडा पृथ्वीमा टेकी जहाँ म थिएँ त्यहाँ हात जोडेर भन्यो– यस्तै नै हो भगवान ! यस्तै नै हो सुगत ! भन्ते ! पहिलेका अर्हत सम्यकसम्बुद्ध भगवानले पनि धर्मलाई नै आदर-गौरव गरी यसैको आश्रयमा बस्नु भएको थियो । भन्ते भविष्यमा हुने अर्हत सम्यकसम्बुद्धले पनि धर्मलाई नै आदर-गौरव गरी बस्नु हुनेछ । भन्ते ! भगवान अर्हत, सम्यकसम्बुद्धले पनि अब धर्मलाई नै आदर-गौरव गरी बस्नुहोस् ! सहम्पति ब्रह्माले त्यसरी भन्नभयो । त्यसो भन्नु भएपछि फेरि यसो भन्नुभयो–

"ये च अतीता सम्बुद्धा, ये च बुद्धा अनागता ।
यो चेतरहि सम्बुद्धो, बहूनं सोकनासनो ॥
"सब्बे सद्धम्मगरुनो, विहंसु विहरन्ति च ।
अथोपि विहरिस्सन्ति, एसा बुद्धान धम्मता ॥
"तस्मा हि अत्तकामेना, महत्तमभिकङ्खता ।
सद्धम्मो गरुकातब्बो, सरं बुद्धान सासन"न्ति ॥

"जो अतीतका सम्बुद्ध, जो अनागतका सम्बुद्ध अनि जो वर्तमानका सम्बुद्ध हुन् वहाँहरू सबै नै धेरैका शोक नाश गरे । सबैले सद्धर्मलाई गौरव गरे, गरिरहे अनि गर्नेछन् । यही नै बुद्धका स्वभाव हुन् । त्यसैले आफ्नो हित चाहनेले वा महान आकंक्षा हुनेले बुद्धको शासन (उपदेश) स्मरण गरी सद्धर्मप्रति गौरव गर्नुपर्छ ।"

"भिक्षुहो ! सहम्पति ब्रह्माले त्यसरी भन्यो । त्यसो भनेपछि मलाई अभिवादन गरी त्यहीँ अन्तर्धान भयो । भिक्षुहो ! अनि त मैले ब्रह्माको विचारलाई जानेर आफ्नो अनुकुलको जुन धर्म साक्षात्कार गरेको थिएँ त्यही धर्मप्रति आदर र गौरव गरी त्यसैको आश्रयमा बसेँ । भिक्षुहो ! जब कि संघ पनि महत्वले युक्त छ । त्यसैले संघप्रति पनि मेरो गौरव छ ।"



Downloaded from http://dhamma.digital

## २. दुतियउरुवेलसुत्तं

२२. "भिक्षुहो ! एक समय म अभिसम्बुद्ध भएको केही दिनपछि उरुवेलस्थित नैरञ्जना नदी तीरको अजपाल न्यग्रोध वृक्षमुनि बसिरहेको थिएँ। त्यससमय जीर्ण वृद्ध वा बूढो, यौवन बितिसकेको, वर्ष पुगेका धेरै ब्राह्मणहरू जहाँ म थिएँ त्यहाँ आए। आएका ती ब्राह्मणहरूले मसँग कुशलक्षमका कुरा गरे। कुशलक्षमका कुराकानीपछि एक ठाउँमा बसे। भिक्षुहो ! एक ठाउँमा बसेपछि ती ब्राह्मणहरूले मलाई यसरी भन्यो– 'भो गोतम ! हामीले सुनेका छौं कि श्रमण गोतमले जीर्ण, वृद्ध वा बूढो यौवन बितेका तथा वर्ष पुगेका ब्राह्मणहरूलाई न त अभिवादन गर्छ, न त प्रत्युपस्थान गर्छ अनि न त आसन लगाई निमन्त्रण गर्छ। भो गोतम ! तिमी त्यस्तै नै खालको रहेछौ। श्रमण गोतमले ब्राह्मणहरूलाई न त अभिवादन गर्दो रहेछ, न त प्रत्युपस्थान गर्दो रहेछ अनि न त आसन लगाई निमन्त्रण गर्दो रहेछ। भो गोतम ! तिमीले यसो गर्नु उचित होइन।

"भिक्षुहो ! अनि त्यस बेला मलाई यस्तो लाग्यो– यी आयुष्मानले थेर हुने धर्म जानेको छैन। भिक्षुहो ! अस्सी, नब्बे, सय वर्षको बूढो हुन्छ। तर ऊ अकालवादी, अभूतवादी (अयथार्थवादी), अनर्थवादी, अधर्मवादी, अविनयवादी, कानाकौडी काम नलाग्ने कुरा गर्ने, समयोचित नभएको, तर्कसंगत नभएको, उद्देश्य नभएको अनि अनर्थकारी हुन्छ भने उसलाई 'बाल थेर' को नै संख्यामा गनिन्छ।

"भिक्षुहो ! भर्खरको केटो, युवा, कालो केशका र भद्र यौवनसम्पन्न, प्रथम वैंशको हुँदा पनि ऊ कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी, मूल्यवान कुरा गर्ने, समयोचित, तर्कसंगत, उद्देश्य भएको अनि अर्थकारी हुन्छ भने उसलाई 'पण्डित थेर' भनिन्छ।

"भिक्षुहो ! यी चार थेर बनाउने धर्म हुन्। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ। प्रातिमोक्ष संवरले संवरित हुन्छ। आचार-गोचरसम्पन्न र अणुमात्रको दोषमा पनि भयदर्शी हुन्छ अनि शिक्षापद सिकेर ग्रहण गर्छ। बहुश्रुत, श्रुतधर र सुनेकोलाई याद गरी राख्छ। जुन ती धर्महरू आदि-कल्याण, मध्य-कल्याण, अन्त-कल्याण, सार्थक, सव्यञ्जन र केवल परिपूर्ण-परिशुद्ध ब्रह्मचर्यलाई भन्ने गर्छ। त्यसप्रकारका धर्ममा बहुश्रुत हुने, धारण गर्ने, वाणीद्वारा परिचित, मनद्वारा अनुपेक्षित अनि सम्यकदृष्टिद्वारा राम्रोसँग ज्ञात हुन्छ। यसै जन्ममा चैतसिक सुखको अनुभव हुने चार ध्यानलाई सरलताकासाथ, सुविधाःकासाथ अनि सजिलै प्राप्त गर्न सक्छ।



Downloaded from http://dhamma.digital

आश्रव क्षय गरेर अनाश्रवी भई चित्त-विमुक्ति र प्रज्ञा-विमुक्तिलाई यसै शरीरद्वारा स्वयम्ले अवज्ञात तथा साक्षात्कार गरी बस्छ । भिक्षुहो ! यी चार नै थेर बनाउने धर्म हुन् ।"

"यो उद्धतेन चित्तेन, सम्फञ्च बहु भासति ।
असमाहितसङ्कप्पो, असद्धम्मरतो मगो ।
आरा सो थावरेय्यह्मा, पापादिट्ठि अनादरो ॥

"यो च सीलेन सम्पन्नो, सुतवा पटिभानवा ।
सञ्ञतो धीरो धम्मेसु, पञ्ञायत्थं विपस्सति ॥
"पारंगू सब्ब धम्मानं, अखिलो पटिभानवा ।
पहिनजातिमरणो, ब्रह्मचरियस्स केवली ॥
"तमहं वदामि थेरोति, यस्स नो सन्ति आसवा ।
आसवानं खया भिक्खु, सो थेरोति पवुच्चती"ति ॥

"जो उद्धत चित्तले व्यर्थ कुराहरू धेरै बोल्ने गर्छ । असमाहित संकल्पित (चञ्चल संकल्पित) असत्धर्ममा रत, मूर्ख र पापदृष्टिको व्यक्ति आदररहित भई थेरबाट धेरै टाढा हुन्छ ।

"जो शीलद्वारा सम्पन्न, बहुश्रुत, ज्ञानसम्पन्न, संयमित र धर्ममा धीर तथा प्रज्ञाद्वारा अर्थलाई राम्रोसँग हेर्छ ।

"समस्त धर्ममा पारंगत हुन्छ । रागादि क्लेशरहित हुन्छ । ज्ञानसम्पन्न हुन्छ अनि जन्म-मरणको बन्धनबाट मुक्त हुन पूर्णरूपले ब्रह्मचारी हुन्छ ।

"जोसँग आश्रव छैन, आश्रव क्षय गरेका त्यस भिक्षुलाई मैले थेर भन्दछु । ऊ नै थेर भनी कहलाउँछ ।"

### ३. लोकसुत्तं

२३. "भिक्षुहो ! तथागतद्वारा लोकलाई जानीसकेको छ । तथागत लोकबाट असंलग्न भइसक्यो । भिक्षुहो ! तथागतद्वारा लोकसमुदय जानी सकेको छ । तथागतद्वारा लोकसमुदय विहिन भइसक्यो । भिक्षुहो ! तथागतद्वारा लोकनिरोध हुने जानी सकेको छ । लोकनिरोधलाई तथागतद्वारा साक्षात्कार गरी सकेको छ । भिक्षुहो ! तथागतद्वारा लोकनिरोध गामिनी प्रतिपदालाई जानी सकेको छ । लोकनिरोध गामिनी प्रतिपदालाई तथागतद्वारा भावित गरिसकेको छ ।

"भिक्षुहो ! जुन लोकका सदेव, समार, सब्रह्मा-सश्रमण-ब्राह्मण-



Downloaded from http://dhamma.digital

सहित प्रजाजन, सदेव-मनुष्यबाट हुने दृष्ट, श्रुत, स्पर्शित, ज्ञात, प्राप्त र खोजलाई मनबाट विचार गरिसकेको छु । ती सबैलाई तथागतद्वारा जानीसकेको छु । त्यसैले 'तथागत' भनेको हो ।

"भिक्षुहो ! जुन रातमा तथागतले अनुत्तर समङकसम्बोधि लाभ गरेर बुद्धत्व प्राप्त गरें । जुन रातमा अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुनेछ त्यस अवधि वा त्यस समय भित्र भाषण गरेको, बोलेको र निर्देशन दिइने सबै त्यस्तै हुन्छ अन्यथा हुँदैन त्यसैले 'तथागत' भनेको हो ।

"भिक्षुहो ! तथागतको जुन मत हो त्यही मत अनुसार नै गर्ने हुन्छ । जुन गर्छ त्यही मतको (जे भन्छ त्यही गर्छ, जे गर्छ त्यही भन्छ) हुन्छ । यो यथावादी तथाकारी, यथाकारी तथावादी भएकोले नै 'तथागत' भनेको हो ।

"भिक्षुहो ! सदेव, समार, सब्रह्मा, सश्रमण-ब्राह्मणसहित प्रजाजन, सदेव-मनुष्यलाई तथागतले अधिनमा राख्दछ । अरूको अधिनमा पर्दैन । निश्चित र दक्ष वशवर्ती (वशमा राख्ने) हुन् । त्यसैले तथागत भनेको हो ।"

"सब्बं लोकं अभिञ्ञाय, सब्ब लोके यथातथं ।
सब्बं लोकं विसंयुत्तो, सब्ब लोके अनुपयो ॥
"स वे सब्बाभिभू धीरो, सब्ब गन्थप्पमोचनो ।
फुट्ठ'स्स परमा सन्ति, निब्बानं अकुतोभयं ॥
"एस खीणासवो बुद्धो, अनीघो छिन्नसंसयो ।
सब्बकम्मक्खयं पत्तो, विमुत्तो उपधिसङ्खये ॥
"एस सो भगवा बुद्धो, एस सीहो अनुत्तरो ।
सदेवकस्स लोकस्स, ब्रह्मचक्कं पवत्तयी ॥
"इति देवा मनुस्सा च, ये बुद्धं सरणं गता ।
सङ्गम्म तं नमसन्ति, महन्तं वीतसारदं ॥
"दन्तो दमयतं सेट्ठो, सन्तो समयतं इसि ।
मुत्ते मोचयतं अग्गो, तिण्णो तारयतं वरो ॥
"इति हेते नमस्सन्ति, महन्तं वीतसारदं ।
सदेवकस्मिं लोकस्मिं, नत्थि ते पटिपुग्गलो"ति ॥

"सबै लोकलाई जानी, सबै लोककालाई यथार्थपूर्वक जानेर नै सबै लोकबाट मुक्त भएँ । सबै लोकप्रति अलिप्त भइकन उहाँ पण्डितले सबैलाई वशीभूत गरे । सबै ग्रन्थिबाट मुक्त, निर्भयी र परमशान्ति निर्वाण लाभ गरे ।

उहाँ क्षीणाश्रव बुद्ध हुनुहुन्छ । कम्पनरहित हुनुहुन्छ । समस्त कर्म क्षय



Downloaded from http://dhamma.digital

गर्नुभयो । विमुक्त हुनुभयो अनि उपाधि क्षय गर्नुभयो ।

"उहाँ यस्तो भगवान बुद्ध हो । उहाँ सिंह हो । उहाँ सर्वश्रेष्ठ हो । सदेव लोकमा उहाँले ब्रह्मचक्रको प्रवर्तन गरे ।

"उहाँ यसप्रकारका हुनु भएकोले नै जो देव-मनुष्य बुद्धको शरणमा जान्छम् तिनीहरू भेलाभई वीतसारद (महान-बुद्धिमान) लाई नमस्कार गर्दछम् ।

"उहाँ स्वयम् दान्त हो । दमन गरिनेहरूमा श्रेष्ठ र शान्त छ । शान्तगरिनेहरूमा ऋषि हो । मुक्त र मुक्त गरिनेहरूमा अग्र हो । उत्तीर्ण र पार उतार्नेहरूमा उत्तम हो ।

"यसकारण उहाँ महान बुद्धिमानलाई नमस्कार गर्दछ । समस्त लोकका देवहरू मध्येमा उहाँसमान अरू कोही पनि छैन ।"

## ४. कालकारामसुत्तं

२४. एक समय भगवान साकेतस्थित कालकाराममा बस्नुहुन्थ्यो । त्यससमय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! "भद्दन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले भन्नुभयो–

"भिक्षुहो ! सदेव, समार, सब्रह्मलोकमा, सश्रमण-ब्राह्मण र सदेव-मनुष्य प्रजाजनका दृष्ट, श्रुत, अनुभूत, भूत, ज्ञात, प्राप्त र खोजलाई मनद्वारा विचार गरेको छु । त्यसलाई मैले जानेको छु । भिक्षुहो ! सदेव, समार, सब्रह्मलोक, सश्रमण-ब्राह्मण, सदेव-मनुष्यजनले देखेको, सुनेको, अनुभूति, जानेको, प्राप्त गरेको, खोजेको र यताउता मन डुलाएकोलाई तथागतले जानेको छ, तथागतले अवगत गरेको छ तर तथागतले स्वीकारेको छैन ।"

"भिक्षुहो ! सदेव, समार, सब्रह्मलोक, सश्रमण-ब्राह्मण, सदेव-मनुष्य जनले देखेको, सुनेको, अनुभूति, जानेको, प्राप्त गरेको, खोजेको र यताउता मन डुलाएकोलाई मैले जानेको छैन भन्नु त्यो मबाट झूटो बोलेको हुन्छ ।

"भिक्षुहो !... त्यसबारे मैले जानेको छु वा जानेको छैन भन्नु त त्यो पनि त्यस्तै नै भयो ।

"भिक्षुहो !... त्यसबारे मैले जानेको छु वा जानेको छैन भन्नु त त्यो पनि गल्ती हुन्छ ।

"भिक्षुहो ! तथागतले देखेकोलाई देखेको मात्र हुन्छ । देखेकोलाई कल्पना गर्दिन । नदेखेकोलाई कल्पना गर्दिन । देखिसकेकोलाई कल्पना गर्दिन ।



Downloaded from http://dhamma.digital

देख्नेलाई पनि कल्पना गर्दिन । (राम्रो-नराम्रोमा राग-द्वेषोत्पत्ति हुने काम वा विचार गर्दिन ) । सुनेकोलाई सुनेको मात्र हुन्छ । नसुनेकोलाई कल्पना गर्दिन । सुनिसकेकोलाई कल्पना गर्दिन । सुन्नेलाई पनि कल्पना गर्दिन । अनुभव गर्नु पर्नेलाई अनुभव गर्दा अनुभव गरेकोलाई कल्पना गर्दिन । अनुभव नगरिएकोलाई कल्पना गर्दिन । भिक्षुहो ! यसरी तथागतद्वारा दृष्ट, श्रुत, अनुभूत, विज्ञात विषयमा स्थिरभावको हुन्छ । त्यस विषयमा स्थिरभाव हुनु भन्दा अर्को श्रेष्ठोत्तम वा अति उत्तम अर्को छैन भनी म भन्दछु ।"

**"यं किञ्चिं दिट्ठंव सुतं मुतं वा, अज्झोसितं सच्चमुतं परेसं ।**
**न तेसु तादी सयसंवुतेसु, सच्चं मुसा वापि परं दहेय्य ॥**
**"एतञ्च सल्लं पटिकच्च दिस्वा, अज्झोसिता यत्थ पजा विसत्ता ।**
**जानामि पस्सामि तथेव एतं, अज्झोसितं नत्थि तथगतान"न्ति ॥**

"जति पनि देखेको, सुनेको, (पञ्चेन्द्रियबाट) अनुभव गरेको विषयमा अरूहरू आसक्त भई त्यसमा लागिरहन्छ । उनीहरू स्वयम्
संवरित हुनुपर्नेमा स्थिर हुँदैनन् । अनित्यलाई नित्य ठानेर, असत्यलाई
पनि सत्य ठानेर अरूहरूले विश्वास गर्छन् ।

"प्रजाजन आसक्त भई विषयमा भुल्ने गरेकालाई जस्तो हो त्यस्तै जान्दछु र देख्दछु । यही शल्यलाई पहिले नै यथार्थसहित देखेकोले तथागतसँग आसक्ति छैन ।" (विषयवासनामा प्रजाजन लागिपरेको हुन्छ वा आसक्तिमा परेको हुन्छ तर तथागतसँग विषयवासना हुँदैन । )

## ५. ब्रह्मचरियसुत्तं

२५. "भिक्षुहो ! यो ब्रह्मचर्य जनताका अगाडि ढोंग रचाउनको लागि होइन । जनताका अगाडि कुरा चलाउनका लागि होइन । प्रशंसा पाउनका लागि होइन । यश प्राप्तिका लागि होइन । परिचय दिनको लागि होइन । भिक्षुहो ! यो ब्रह्मचर्य त संयमको लागि, त्यागको लागि, विरागको लागि अनि निरोधको लागि हो ।"

**"संवरत्थं पहानत्थं, ब्रह्मचरियं अनीतिहं ।**
**अदेसयी सो भगवा, निब्बानगोधगामिनं ।**
**एस मग्गो महन्तेहि, अनुयातो महेसिमी ॥**
**"ये च तं पटिपज्जन्ति, यथा बुद्धेन देसितं ।**
**दुक्खस्सन्तं करिस्सन्ति, सत्थुसासनकारिनो"ति ॥**



Downloaded from http://dhamma.digital

"उहाँ भगवानले संवर, त्याग अनि ब्रह्मचर्य पालनको निमित्त जुन उपदेश दिएको छु, निर्वाणमा जो डुबुल्कि लगाउन चाहन्छ उसके लागि हो। यो त्यही मार्ग हो, जुन मार्गबाट महान ऋषिद्वारा अनुकरण गरे।

"जसले बुद्धको उपदेश अनुसार त्यस मार्गबाट हिँड्दछ, बुद्धको अनुशासनमा रहने व्यक्तिले दुःख अन्त गर्न सक्छ।"

## ६. कुहसुत्तं

२६. "भिक्षुहो ! तिमीहरू मध्येमा जो ढोंगी, कुरौते, झूटो, अहंकारी र चञ्चल हुन्छन् ती भिक्षुहरू मेरा होइनन्। भिक्षुहो ! ती भिक्षुहरू यस धर्मबाट टाढा भएका हुन्छन्। तिनीहरूबाट यस धर्म-विनयलाई वृद्धि, अभिवृद्धि र विपुलता गर्ने हुँदैनन्। भिक्षुहो ! तिमीहरू मध्येमा जो ढोंगी हुँदैन, कुरौते हुँदैन, धैर्यवान हुन्छ, डाह गर्ने हुँदैन अनि सुसमाहित हुन्छ। भिक्षुहो ! तिनीहरू नै मेरा भिक्षुहरू हुन्। भिक्षुहो ! ती भिक्षुहरू यस धर्मबाट टाढा नभएका हुन्छन्। तिनीहरूबाट नै यी धर्म-विनयलाई वृद्धि, अभिवृद्धि र विपुलता गर्ने हुन्छन्।"

"कुहा थद्धा लपा सिङ्गी, उन्नला असमाहिता।
न ते धम्मे विरुहन्ति, सम्मासम्बुद्धदेसिते॥
"निक्कुहा निल्लपा धीरा, अत्थद्धा सुसमाहिता।
ते वे धम्मे विरुहन्ति, सम्मासम्बुद्ध देसिते"ति॥

"जो ढोंगी, कठोर स्वभाव, कुरौटे, र क्लेश प्रकट भएको देखिन्छ। अहंकारी र चञ्चल स्वभावका हुन्छन्। तिनीहरू सम्यकसम्बुद्धबाट उपदेशित धर्ममा उन्नति नगर्ने हुन्छन्।

"ढोंगी, कुरौटे, कठोर स्वभाव नहुने, धैर्यवान अनि सुसमाहित, सम्यकसम्बुद्धद्वारा उपदेशित धर्ममा उन्नति गर्ने हुन्छन्।"

## ७. सुन्तुट्ठिसुत्तं

२७. "भिक्षुहो ! यी चार अल्प (परिणामा कम) सुलभ र दोषरहित छन्। ती चार के के हुन् ? भिक्षुहो ! पांशुकुल चीवर (फोहर वा धूलोमा फ्याँकेको कपडा) परिमाणमा अल्प, सुलभ र दोषरहित हुन्छ।

"भिक्षुहो ! भोजन मध्येमा भिक्षाटन गरेर प्राप्त भोजन परिमाणमा अल्प, सुलभ र दोषरहित हुन्छ। भिक्षुहो ! शयनासनमा



Downloaded from http://dhamma.digital

वृक्ष मूलको शयनासन परिमाणमा अल्प, सुलभ र दोषरहित हुन्छ। भिक्षुहो ! औषधीमा गौ-मूत्र परिमाणमा अल्प, सुलभ र दोषरहित हुन्छ। भिक्षुहो ! जो भिक्षुहरू सुलभ र अल्पमा सन्तुष्ट हुन्छ यसैलाई नै मैले श्रमण-भावको अङ्ग भन्छु।"

**"अनवज्जेन तुट्ठस्स, अप्पेन सुलभेन च।**
**नसेनासनरब्भ, चीवरं पानभोजनं।**
**विघातो होति चित्तस्स, दिसा नप्पटिहञ्ञति॥**
**"ये चस्स धम्मा अक्खाता, सामञ्ञस्सानुलोमिका।**
**अधिग्गहित तुट्ठस्स, अप्पमत्तस्स सिक्खता"ति॥**

"शयनासन, चीवर, पान-भोजनादि परिमाणम अल्प, दोषरहित र सुलभ हुनेमा सन्तुष्ट हुन्छ। चित्तमा आघात नपार्ने हुन्छ। कहीं कतै दिशामा गएता पनि आघात हुनु पर्दैन।

"श्रमणका लागि जुन उपयुक्त धर्म भनेको छु। त्यसमा अप्रमादि भइकन सुन्तुष्ट भई धारण गर्छ।"

## ८. अरियवंससुत्तं

२८. "भिक्षुहो ! यी चार अग्र आर्यवंश हुन्। चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, असंकीर्ण (नमिसिएको) हो अनि पूर्व-असंकीर्ण हो। न संकीर्ण (मिसाएको) हो अनि न संकीर्ण हुनेछ। विज्ञजनबाट, श्रमण-ब्राह्मणबाट अनिन्दित हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुहरू जस्तोसुकै चीवरमा सन्तुष्ट हुन्छ। जस्तोसुकै चीवरमा सन्तुष्टिको प्रशंसक हुन्छ। अनुचित किसिमले चीवर खोज्दैन। चीवरको लागि अनुचित प्रयास गर्दैन। चीवर प्राप्त नहुँदा उत्तेजित हुँदैन। चीवर प्राप्त हुँदा अनासक्त, अमुर्छित र निर्लोभी हुन्छ। त्यसबाट हुने दुष्परिणाम हेर्दै त्यसबाट मुक्त हुन प्रज्ञाद्वारा परिभोग गर्छ। ऊ जे जस्तोमा पनि सन्तुष्ट हुनाले न आफूलाई उच्च गरी देखाउँछ। न अरूलाई नीच भनी देखाउँछ। दक्ष हुन्छ, अनालस्य हुन्छ, जानिफकार अनि स्मृतिवान हुन्छ। भिक्षुहो ! यसप्रकारका भिक्षु पुरानो अग्र आर्यवंशमा स्थित भएको भनिन्छ।

"अनि फेरि अर्को भिक्षुहो ! 'भिक्षु' जस्तोसुकै पिण्डपात (भोजन) मा सन्तुष्ट हुन्छ। जस्तोसुकै पिण्डपातमा सन्तुष्टिको प्रशंसक हुन्छ। अनुचित किसिमले पिण्डपात खोज्दैन। पिण्डपात प्राप्त नहुँदा उत्तेजित हुँदैन। पिण्डपात प्राप्त हुँदा अनासक्त, अमुर्छित र निर्लोभी हुन्छ। त्यसबाट हुने



Downloaded from http://dhamma.digital

दुष्परिणाम हेर्दै त्यसबाट मुक्त हुन प्रज्ञाद्वारा परिभोग गर्छ । ऊ जे जस्तोमा पनि सन्तुष्ट हुनाले न आफूलाई उच्च गरी देखाउँछ । न अरूलाई नीच भनी देखाउँछ । दक्ष हुन्छ, अनालस्य हुन्छ, जानिफकार अनि स्मृतिवान हुन्छ । भिक्षुहो ! यसप्रकारका भिक्षु पुरानो अग्र आर्यवंशमा स्थित भएको भनिन्छ ।

"अनि फेरि अर्को भिक्षुहो ! 'भिक्षु' जस्तोसुकै शयनासन- मा सन्तुष्ट हुन्छ । जस्तोसुकै शयनासनमा सन्तुष्टिको प्रशंसक हुन्छ । अनुचित किसिमले शयनासन खोज्दैन । शयनासन प्राप्त नहुँदा उत्तेजित हुँदैन । शयनासन प्राप्त हुँदा अनासक्त, अमुर्छित र निर्लोभी हुन्छ । त्यसबाट हुने दुष्परिणाम हेर्दै त्यसबाट मुक्त हुन प्रज्ञाद्वारा परिभोग गर्ने हुन्छ । ऊ जे जस्तोमा पनि सन्तुष्ट हुनाले न आफूलाई उच्च गरी देखाउँछ । न अरूलाई नीच भनी देखाउँछ । दक्ष हुन्छ, अनालस्य हुन्छ, जानिफकार अनि स्मृतिवान हुन्छ । भिक्षुहो ! यसप्रकारका भिक्षु पुरानो अग्र आर्यवंशमा स्थित भएको भनिन्छ ।

"अनि फेरि अर्को भिक्षुहो ! 'भिक्षु' भावनाको अभ्यास गर्छ, भावनामा रत हुन्छ । प्रहाणलाई अभ्यास गर्छ, प्रहाणमा रत हुन्छ । त्यस भावनाको अभ्यास गर्दा , भावनामा रत हुँदा, प्रहाणको लागि अभ्यास गर्दा अनि प्रहाणमा रत हुँदा उसले न आफूलाई उच्च देखाउँछ । न अरूलाई नीच भनी देखाउँछ । दक्ष हुन्छ, अनालस्य हुन्छ, जानिफकार अनि स्मृतिवान हुन्छ । भिक्षुहो ! यसप्रकारका भिक्षु पुरानो अग्र आर्यवंशमा स्थित भएको भनिन्छ ।

"भिक्षुहो ! यी चार अग्र आर्यवंश हुन् । चिरकालदेखि चलिआएको हो । वंशगत हो । पुरानो हो । विशुद्ध हो । पहिलेदेखि नै विशुद्ध हो । यो अपरिशुद्ध होइन अनि न त अपरिशुद्ध नै हुनसक्छ । विज्ञजनबाट, श्रमण-ब्राह्मणबाट अनिन्दित हुन् । भिक्षुहो ! यी चार आर्यवंशद्वारा युक्त हुने भिक्षु यदि पूर्व दिशामा बसेता पनि अरतिलाई[१] (मन नरमाउने) सहन सक्छ तर अरतिले उसलाई सहन सक्दैन । पश्चिम दिशामा बसेता पनि अरतिलाई सहन सक्छ तर अरतिले उसलाई सहन सक्दैन । उत्तर दिशामा बसेता पनि अरतिलाई सहन सक्छ तर अरतिले उसलाई सहन सक्दैन । दक्षिण दिशामा बसेता पनि

[१] (चीवर, पिण्डपात, औषधी र शयनासनमा आसक्त भई राम्रा-राम्रा चीवर, पिण्डपात, औषधी र शयनासन नपाउँदा नरमाउने, छट्पटिने, सहन नसक्नेलाई 'अरति' भन्दछन् । चीवर, पिण्डपात, औषधी र शयनासनमा आसक्तविहिन भई जे-जस्तो आफूलाई प्राप्त हुन्छ त्यसमा सन्तोष भई सहन सक्ने मनमा कुनै प्रकारको तृष्णा वा द्वेष उत्पन्न नगरि आनन्दकासाथमा रमाइरहनेलाई 'रति' भनिन्छ । मन रमाउने 'रति' हो । मन नरमाउने 'अरति' हो ।



Downloaded from http://dhamma.digital

अरतिलाई सहन सक्छ तर अरतिले उसलाई सहन सक्दैन। त्यो के कारणले ? भिक्षुहो ! अरतिमा रति, सहनशील र पण्डित हुनाले नै हो।"

"नारतिं सहति धीरं, नारति धीरं सहति।
धीरो व अरतिं सहति, धीरो हि अरतिस्स हो॥
सब्बकम्मविहायीनं, पनुण्णं को निवारये।
नेक्खं जम्बोनदस्सेव, कोतं निन्दितुमरहति।
देवापि नं पसंसन्ति, ब्रह्मुनापि पसंसितो"ति॥

"अरतिले धीरलाई सहन सक्दैन, धीरकहाँ अरति पुग्न सक्दैन। धीरले अरतिलाई सहन सक्छ। धीरले नै अरतिमा सहन गर्छ। समस्त कर्मबाट नै बिदा लिएका र त्याग गरी दिएकालाई कसले रोक्न सक्छ ? जम्बुनद स्वर्णसमानलाई कसले निन्दा गर्न सक्छ ? देवताबाट पनि प्रशंसित हुन्छ अनि ब्रह्माबाट पनि प्रशंसित हुन्छ।"

## ९. धम्मपदसुत्तं

२९. "भिक्षुहो ! यी चार धर्मपद अग्र हुन्। चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, असंकीर्ण हो अनि पूर्व-असंकीर्ण हो। न संकीर्ण हो अनि न संकीर्ण हुनेछ। विज्ञजनबाट र श्रमण-ब्राह्मणबाट अनिन्दित हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! 'निर्लोभ' एक धर्मपद हो जुन अग्र छ। चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, असंकीर्ण हो अनि पूर्व-असंकीर्ण हो। न संकीर्ण हो अनि न संकीर्ण हुनेछ। विज्ञजनबाट र श्रमण-ब्राह्मणबाट अनिन्दित हुन्।

"भिक्षुहो ! 'अव्यापाद' (अक्रोध)... हुन्छ।"
"भिक्षुहो ! 'सम्यकस्मृति' ... हुन्छ।"
"भिक्षुहो ! 'सम्यकसमाधि' ... हुन्छ।"

"भिक्षुहो ! यी नै चार धर्मपद अग्र हुन्। चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, असंकीर्ण हो अनि पूर्व-असंकीर्ण हो। न संकीर्ण हो अनि न संकीर्ण हुनेछ। विज्ञजनबाट, श्रमण-ब्राह्मणबाट अनिन्दित हुन्।"

"अनभिज्झालु विहरेय्य, अव्यापन्नेन चेतसा।
सतो एकग्ग चित्तस्स, अज्झत्तं सुसमाहिता"ति॥

"निर्लोभी भई विचरण गर, द्वेषी चित्तको नहुनु, स्मृतिवान र एकाग्र चित्तद्वारा आफूलाई सुसमाहित गर।"



Downloaded from http://dhamma.digital

## १०. परिब्बाजकसुत्तं

३०. एक समय भगवान राजगहस्थित गिज्भकूट पर्वतमाबस्नुहुन्थ्यो। त्यस समय धेरै नै प्रसिद्ध-प्रसिद्ध परिव्राजक (साधु-सन्त, गृहत्यागी) हरू सिप्पिनिका नदीको तीरमारहेको परिव्राजकाराममा बस्दथे । जस्तै कि अन्नभार, वरधर, सुकुलदायी अनि अरू पनि प्रसिद्ध-प्रसिद्ध परिव्राजकहरू । अनि भगवान सन्ध्याकालमा ध्यानबाट उठ्नु भई जहाँ सिप्पिनिका नदीको तीरमा रहेको परिव्राजकाराम हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई बिच्छ्याइ राखेको आसनमा बस्नुभयो । भगवान बस्नु भएपछि ती परिव्राजकहरूलाई भगवानले यसो भन्नुभयो– "परिव्राजकहो ! यी चार धर्मपद अग्र छन् वा अग्र हुन् । चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, विशुद्ध हो अनि पहिलेदेखिको नै विशुद्ध हो । न त अशुद्ध हो अनि न त अशुद्ध हुनेछ । विज्ञजनबाट, श्रमण-ब्राह्मणबाट अनिन्दित हुन् । ती चार के के हुन् ? परिव्राजकहो !'निर्लोभ' एक धर्मपद हो जुन अग्र छ । चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, विशुद्ध हो अनि पहिलेदेखिको नै विशुद्ध हो । न त अशुद्ध हो अनि न त अशुद्ध हुनेछ । विज्ञजनबाट, श्रमण-ब्राह्मणबाट अनिन्दित हुन् ।

"परिव्राजकहो ! 'अव्यापाद' (अक्रोध)... हुन्छ ।
"परिव्राजकहो ! 'सम्यकस्मृति' ... हुन्छ ।
"परिव्राजकहो ! 'सम्यकसमाधि' ... हुन्छ ।

"परिव्राजकहो ! यी नै चार धर्मपद अग्र हुन् । चिरकालदेखि चलिआएको, जुन वंशगत, पुरानो, विशुद्ध हो अनि पहिलेदेखि नै विशुद्ध हो । न त अशुद्ध हो अनि न त अशुद्ध हुनेछ । विज्ञजनबाट,
श्रमण-ब्राह्मणबाट अनिन्दित हुन् ।"

"परिव्राजकहो ! जसले यसो भन्छ– मैले यो 'निर्लोभ' धर्मपदको खण्डन गर्छु । जो लोभी कामवासनाप्रति तिब्ररागी हुन्छ त्यस्ता श्रमण-ब्राह्मणलाई यसरी नै घोषणा गर्छु । त्यसरी भन्नेलाई मैले भन्छु– उसलाई आऊ, भन र व्यवहार गरी देखाऊ अनि उसको आनुभाव हेर्छु । परिव्राजकहो ! 'निर्लोभ' धर्मपदको खण्डन गरी लोभ वा कामवासनप्रति तिब्र रागी श्रमण–ब्राह्मणलाई प्रसिद्ध गराउनु असम्भव छ ।

"परिव्राजकहो ! जसले यसो भन्छ– मैले यो 'अक्रोध' धर्मपदको खण्डन गर्छु । जो क्रोधी वा द्वेषयुक्त हुन्छ त्यस्ता श्रमण-ब्राह्मणलाई यही नै घोषणा



Downloaded from http://dhamma.digital

गर्छु । त्यसो भन्नेलाई मैले भन्छु– आऊ, भन र व्यवहार गरी देखाऊ अनि उसको आनुभाव हेर्छु । परिव्राजकहो ! 'अक्रोध' धर्मपदको खण्डन गरी क्रोधी चित्त वा द्वेष-युक्त संकल्पका श्रमण–ब्राह्मणलाई प्रसिद्ध गराउनु असम्भव छ ।

"परिव्राजकहो ! जसले यसो भन्छ– मैले यो 'सम्यकस्मृति' धर्मपदको खण्डन गर्छु । जो मूढस्मृति तथा होश नभएका त्यस्ता श्रमण-ब्राह्मणलाई यही नै घोषणा गर्छु । त्यसो भन्नेलाई मैले भन्छु– आऊ, भन र व्यवहार गरी देखाऊ अनि उसको आनुभाव हेर्छु । परिव्राजकहो ! 'सम्यकस्मृति' धर्मपदको खण्डन गरी मूढस्मृति तथा होश नभएका श्रमण–ब्राह्मणलाई प्रसिद्ध गराउनु असम्भव छ ।

"परिव्राजकहो ! जसले यसो भन्छ– मैले यो 'सम्यकसमाधि' धर्मपदको खण्डन गर्छु । जो एकाग्र चित्त हुँदैन तथा भ्रान्त चित्तका श्रमण-ब्राह्मणलाई यही नै घोषणा गर्छु । त्यसो भन्नेलाई मैले भन्छु– आऊ, भन र व्यवहारमा देखाऊ अनि उसको आनुभावहेर्छु । परिव्राजकहो ! 'सम्यकसमाधि' धर्मपदको खण्डन गरी एकाग्र चित्त नभएका तथा भ्रान्त चित्तका श्रमण–ब्राह्मणलाई प्रसिद्ध गराउनु असम्भव छ ।

"परिव्राजकहो ! जसले यी चार धर्मपदको निन्दा गर्छ । खण्डन गर्न योग्य मान्छ भने ऊ यसै शरीरमा चार कारणले अधार्मिक भई निन्दा गर्ने हुन् । कुन चार ? अलोभ धर्मलाई निन्दा गर्छ वा खण्डन गर्न योग्य मान्छ भने जो श्रमण-ब्राह्मण लोभी हुन्छ, तीव्ररागी हुन्छ ती श्रमण-ब्राह्मण नै उसको पूजनीय र प्रशंसनीय हुन्छ । यदि अक्रोध धर्मपदको निन्दा गर्छ वा खण्डन गर्न योग्य मान्छ भने जो श्रमण-ब्राह्मण क्रोधी र द्वेषयुक्तको हुन्छ ती श्रमण-ब्राह्मण नै उसको पूजनीय र प्रशंसनीय हुन्छ । यदि सम्यकस्मृति धर्मपदको निन्दा गर्छ वा खण्डन गर्न योग्य मान्छ भने जो श्रमण-ब्राह्मण मूढस्मृति वा होश नभएका ती श्रमण-ब्राह्मण नै उसको पूजनीय र प्रशंसनीय हुन्छ । यदि सम्यकसमाधि धर्मपदको निन्दा गर्छ वा खण्डन गर्न योग्य मान्छ भने जो श्रमण-ब्राह्मण एकाग्ररहित चित्त तथा भ्रान्त चित्तको हुन्छ ती श्रमण-ब्राह्मण नै उसको पूजनीय र प्रशंसनीय हुन्छ ।

"परिव्राजकहो ! यी चार धर्मपदलाई निन्दा गर्छ वा खण्डन गर्न उपयुक्त मान्छ भने उसले यहीँ यसै शरीरले चार अधार्मिक कारणद्वारा निन्दनीय मतलाई मानेको हुन्छ । जो ती उक्कल जनपदका वस्स र भञ्ज भन्ने अहेतुकवादीका, अक्रियावादीका र नास्तिकवादीका हुन् यिनीहरूले पनि यी चार धर्मपदको निन्दा वा खण्डन गर्दैनन् । त्यो के कारणले ? निन्दित,



Downloaded from http://dhamma.digital

आक्रोशित र तिरस्कृत हुनु पर्ला भनेर।"

**"अव्यापन्नो सदा सतो, अज्झत्तं सुसमाहितो।**
**अभिज्झा विनये सिक्खं, अप्पमत्तोति वुच्चती"ति॥**

"अक्रोधी, सदास्मृतिवान, आफूलाई सुसमाहित गर्ने, निर्लोभी र विनय-शिक्षाकामीलाई नै अप्रमादि भनिन्छ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## ४. चक्कवग्गो

### १. चक्कसुत्तं

३१. "भिक्षुहो ! यी चार चक्र छन् । जसमा संयुक्त हुँदा देव र मनुष्यका चार चक्र (जीवन चक्र) चलेको हुन्छ । जसमा संयुक्त हुँदा देव-मनुष्यले चिरकाल नबित्दै महानता अनि प्रशस्त भोग्य पदार्थ प्राप्त गर्छन् । कुन चार ? प्रतिरूप देशमा बस्छ,, सत्पुरुषको आश्रयमा रहन्छ, सम्यकसंकल्प सम्पन्न हुन्छ अनि पूर्व जन्ममा पुण्यकर्म गरिएको हुन्छ । भिक्षुहो ! यी चार चक्रमा जो देव-मनुष्यहरू सम्पन्न हुन्छन् । यसमा संयुक्त हुँदा देव र मनुष्यहरूले चिरकाल नबित्दै महानता अनि प्रशस्त भोग्य पदार्थ प्राप्त गर्छन् ।"

"पतिरूपे वसे देसे, अरियामित्तकरो सिया ।
सम्मापणिधिसम्पन्नो, पुब्बे पुञ्ञकतो नरो ।
धञ्ञं धनं यसो कित्ति, सुखञ्चेतंधिवत्त"ति ॥

"प्रतिरूप देशमा बस्छ, आर्य-मित्र बनाई बस्छ, सम्यक-संकल्पले सम्पन्न हुन्छ अनि पूर्व (पहिलेको जन्ममा) पुण्य गरिएका नर धन-धान्य, यश, कीर्ति र सुख यी वृद्धि हुन्छ ।"

### २. सङ्गहसुत्तं

३२. "भिक्षुहो ! यी चार संग्रहणीय विषय हुन् । ती चार के के हुन् ? दान, प्रियवचन, अर्थचर्या र समानता । भिक्षुहो ! यी चार संग्रहणीय विषय हुन् ।

"दानञ्च पेय्यवज्जञ्च, अत्थचरियाय च या इध ।
समानत्तता च धम्मेसु, तत्थ तत्थ यथारहं ।
एते खो सङ्गहा लोके, रथस्साणीव यायतो ॥
"एते च सङ्गहा नास्सु, न माता पुत्तकारणा ।
लभेथ मानं पूजंवा, पिता वा पुत्तकारणा ॥
"यस्मा च सङ्गहा एते, समवेक्खन्ति पण्डिता ।
तस्मा महत्तं पप्पोन्ति, पासंसा च भवन्ति"ति ॥

"जसले दान, प्रियवचन, अर्थचर्या र समानता धर्म जहींतहीं गर्छ । लोकमा यी चार संग्रहको रथ चल्दा कीला समान हुन्छ ।



Downloaded from http://dhamma.digital

"यी संग्रह विषय नहुँदा पिताप्रति पुत्रबाट पूजावा सम्मान पाउने थिएन । किन कि पण्डितले यी संग्रहलाई ध्यान दिएको हुन्छ । यसैकारणले धेरै प्रशंसित हुन्छ वा प्रशंसा पाउँछ ।"

### ३. सीहसुत्तं

३३. "भिक्षुहो ! सन्ध्याकालमा मृगराज सिंह गुफाबाट निस्किन्छ । गुफाबाट निस्केर शरीर तन्काउँछ । शरीर तन्काएपछि चारैतिर हेर्छ । चारैतिर हेरेर तीन पटक सिंहनाद गरी शिकारको निम्ति जान्छ । भिक्षुहो ! जो ती पशु-पंक्षी प्राणीहरू हुन् तिनीहरू सिंह गर्जनको आवाजले प्रायः सबैजसो भयभीत तथा संत्रसित हुन्छ । दुलोमा बस्ने दुलो भित्र पस्छ । पानीमा बस्ने पानी भित्र पस्छ । वनमा बस्ने वन भित्र पस्छ । आकाशमा उड्ने पंक्षी आकाशमा उडेर जान्छ । भिक्षुहो ! गाउँ, शहर, राजधानीमा राजाका हात्तीलाई ठूलो बलियो डोरीले बाँधे पनि त्यसले बन्धन चुँडाई त्रसित हुँदै दिसा-पिसाप गर्दै जहींतहीं भाग्छ । पशु-पंक्षीकालागि मृगराज सिंह ऋद्धिमाने, शक्तिशाली र प्रतापवानहुन् ।

यसरी नै भिक्षुहो ! जब लोकमा तथागत अर्हत सम्यकसम्बुद्ध, विद्या-चरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुत्तर पुरुषदम्य सारथि, देव-मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । यो सत्काय हो । यो सत्काय समुदय हो, यो सत्काय निरोध हो । यो सत्काय निरोधगामिनी मार्ग हो भनी धर्मदेशना हुँदा भिक्षुहो ! जो ती दीर्घायु, वर्णवान धेरै सुखी, उच्च विमानमा चिरकालसम्म रहने देवताहरू प्रायः सबैजसो संवेगी तथा संत्रसित हुन्छन् । उनीहरू यस्तो सोच पर्छन्– "अहो ! हामीले अनित्यलाई नित्य मान्यौं, अध्रुवलाई ध्रुव मान्यौ अनि अशाश्वतलाई शाश्वत भनी मान्यौं । हामी त अनित्य, अध्रुव अशाश्वत वा सत्काय अन्तर्गतका रहेछौं । भिक्षुहो ! तथागत सदेवलोकमा यस्तो महाऋद्धिवान, महाप्रतापी र महाशक्तिसम्पन्न हुन् ।"

"यदा बुद्धो अभिञ्ञाय, धम्मचक्कं पवत्तयी ।
सदेवकस्स लोकस्स, सत्था अप्पटिपुग्गलो ॥
सक्कायञ्च निरोधञ्च, सक्कायस्स च सम्भवं ।
अरियञ्चट्ठङ्गिकं मग्गं, दुक्खुपसमगामिनं ॥
"येपि दिघायुका देवा, वण्णवन्तो यसस्सिनो ।
भीता सन्तासमापादुं, सीहस्सेवित'रेमिगा ॥
"अवीतिवत्ता सक्कायं, अनिच्चा किर भो मयं ।
सुत्वा अरहतो वाक्यं, विप्पमुत्तस्स तादिनो"ति ॥



Downloaded from http://dhamma.digital

"सदेव लोकका शास्ता तथा सर्वोत्तम व्यक्तिले जब बुद्धत्व ज्ञान लाभ गरी धर्मचक्र प्रवर्तन गरे ।

"'सत्काय' (विद्यमान शरीर), 'सत्काय समुदय', 'सत्काय निरोध' अनि दु:ख शान्त गर्ने आर्य-अष्टाङ्गिक[२] मार्ग हुन् ।

"जति पनि दीर्घायु, वर्णवान, र यशस्वी देवताहरू हुन् तिनीहरू भयभीत र संत्रसित हुन्छन् । सिंहको गर्जनले अन्य पशुहरू संत्रसित भए झैं ।

"स्थिर, विप्रमुक्त अर्हतको वाक्य सुनी विचार गर्छन् कि– हामी त 'सत्काय'बाट मुक्त छैनौं । अहो ! हामी त अनित्य रहेछौं ।"

## ४. अग्गप्पसादसुत्तं

३४. "भिक्षुहो ! यी चार अग्र प्रसन्नता हुन् । कुन चार ? भिक्षुहो ! जति पनि विना पाउका, दुई खुट्टे, चार खुट्टे, धेरै खुट्टा हुने, रूपी, अरूपी, संज्ञी, असंज्ञी अथवा नेवसंज्ञी-नासंज्ञी प्राणीहरू छन् यिनीहरूमध्येमा तथागत नै अग्र मानिन्छ । भिक्षुहो ! जो बुद्धप्रति प्रसन्न हुन्छ तिनीहरू अग्रप्रति प्रसन्न भएका हुन् । अग्रप्रति प्रसन्न हुँदा अग्र फल नै पाउँछ ।

"भिक्षुहो ! जति पनि संस्कृत धर्महरू छन् ती मध्ये आर्य अष्टाङ्गिक मार्ग नै अग्र हुन् । भिक्षुहो ! जो धर्मप्रति प्रसन्न हुन्छ तिनीहरू अग्रप्रति प्रसन्न भएका हुन् । अग्रप्रति प्रसन्न हुँदा अग्र फल नै पाउँछ ।

"भिक्षुहो ! जति पनि धर्म संस्कृति वा असंस्कृति छन् ती मध्ये विराग धर्म नै अग्र हुन् । जुन कि मदलाई मर्दन गर्ने, पिपासालाई शान्त पार्ने, आशक्ति नाश गर्ने, संसार चक्रलाई उच्छेद गर्ने, तृष्णा क्षय गर्ने, विराग, निरोध र निर्वाण हो । भिक्षुहो ! जो विराग धर्ममा प्रसन्न हुन्छ तिनीहरू अग्रप्रति प्रसन्न भएका हुन् । अग्रप्रति प्रसन्न हुँदा अग्र फल नै पाउँछ ।

"भिक्षुहो ! जति पनि संघ वा गण छन् ती मध्ये तथागतका श्रावक संघ अग्र हुन् । जुन कि चारयुगल पुरुष अर्थात आठप्रकारका पुद्गलहरू हुन् । यही भगवानको श्रावक संघ आह्वान गर्न योग्य, पाहुना सत्कार गर्न योग्य, दक्षिणा-दान दिन योग्य, बिन्ति गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम

---

[२] (१( सम्यक दृष्टि, (२) सम्यक संकल्प, (३) सम्यक वाचा, (४) सम्यक कर्म, (५) सम्यक आजीव, (६) सम्यक स्मृति, (७) सम्यक व्यायाम र (८) सम्यक समाधि ।

Downloaded from http://dhamma.digital

पुण्य क्षेत्र हुन् । भिक्षुहो ! जो संघप्रति प्रसन्न हुन्छ तिनीहरू अग्रप्रति प्रसन्न भएका हुन् । अग्रप्रति प्रसन्न हुँदा अग्र फल नै पाउँछ । भिक्षुहो ! यी चार नै अग्र प्रसन्नता हुन् ।"

"अग्गतो वे पसन्नानं, अग्गं धम्मं विजानतं ।
अग्गे बुद्धे पसन्नानं, दक्खिणेय्ये अनुत्तरे ॥
"अग्गे धम्मे पसन्नानं, विरागुपसमे सुखे ।
अग्गे संघे पसन्नानं, पुञ्ञक्खेत्ते अनुत्तरे ॥
"अग्गस्मिं दानं ददन्त, अग्गं पुञ्ञं पवड्ढति ।
अग्गं आयु च वण्णो च, यसो कित्ति सुखं बलं ॥
"अग्गस्स दाता मेधावी, अग्गधम्मसमाहितो ।
देवभूतो मनुस्सो वा अग्गप्पत्तो पमोदती"ति ॥

"अग्रप्रति प्रसन्न हुँदा, अग्र धर्म जान्ने हुँदा, दक्षिणा दिन अतिउत्तम अग्र बुद्धप्रति प्रसन्न हुँदा, विरागको उपशान्त पार्ने सुख, अग्र धर्मप्रति प्रसन्न हुँदा, अनुत्तर पुण्य क्षेत्र भएका अग्र संघप्रति प्रसन्न हुँदा, अग्रप्रति दान दिंदा, अग्र पुण्य प्रवर्धन हुन्छ । उसको आयु, वर्ण, यश, कीर्ति, सुख तथा बलमा अग्र हुन्छ । अग्रमा दान दिने मेधावी, अग्र धर्ममा समाहित व्यक्ति देवलोक वा मनुष्य लोकमा जन्मिंदा अग्र लाभी भई आनन्दित हुन्छ ।"

## ५. वस्सकारसुत्तं

३५. एक समय भगवान राजगहस्थित वेणुवनको कन्दकनिवापमा बस्नुहुन्थ्यो । त्यससमय वस्सकार ब्राह्मण मगध-महाआमात्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई भगवानसँग कुशलक्षम कुरा गरे । कुशल-क्षम र सारभूत कुरा गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि मगधका महामात्य वस्सकार ब्राह्मणले भगवानलाई यसो भने–

"भो गोतम ! मैले चार धर्मद्वारा युक्त हुने महाप्रज्ञावान तथा महापुरुष भनी भन्छु । ती चार के के हुन् ? भो गोतम ! यहाँ बहुश्रुत हुन्छ, जुन जुन सुनेको विषय हुन्छ त्यस-त्यसको अर्थ जानेको हुन्छ– जुन भनेको हो यसको अर्थ यो हो । स्मृतिवान हुन्छ, चिरकृत, चिर भाषित पनि सम्झेर अनुस्मरण गर्ने हुन्छ । जुन गृहस्थका गृहकार्य हो त्यस विषयमा दक्ष हुन्छ अनि आलस्यरहित हुन्छ । भो गोतम ! मैले यी चार धर्मद्वारा सम्पन्न महाप्रज्ञावान वा महापुरुष हो भनी भन्दछु । भो गोतम ! यदि मेरो कथनलाई अनुमोदन गर्न योग्य भएमा अनुमोदन गर्नुस् अनि प्रतिकार गर्न योग्य भएमा



Downloaded from http://dhamma.digital

प्रतिकार गर्नुस् ।"

"ब्राह्मण ! मैले न त तिम्रो कथनलाई अनुमोदन गर्छु अनि न त प्रतिकार नै गर्छु । ब्राह्मण ! मैले चार धर्मद्वारा युक्त भएकालाई महाप्रज्ञावान वा महापुरुष भनी भन्दछु । ती चार के के हुन् ? ब्राह्मण ! यहाँ जो बहुजन हितमा, बहुजन सुखमा लागेको हुन्छ, जसबाट बहुजनलाई कल्याण हुने धर्म, कुशल हुने धर्म तथा आर्य ज्ञानमा स्थित गराउँदछ । उसले जुन वितर्कको आकांक्षा गर्नु पर्ने हो त्यस वितर्कको वितर्कना गर्छ । जुन वितर्कको आकांक्षा गर्नु नपर्ने हो त्यस वितर्कको वितर्कना गर्दैन । जुन संकल्पको आकांक्षा गर्नु पर्ने हो त्यस संकल्पको वितर्कना गर्छ । जुन संकल्पको आकांक्षा गर्नु नपर्ने हो त्यस संकल्पको वितर्कना गर्दैन । यसरी उसले वितर्क पथमा चित्तलाई वशमा पार्छ । चतुर्थ चैतसिक ध्यानद्वारा दृष्टधर्म सुखपूर्वक बस्न कष्ट गर्नु नपर्ने गरी प्राप्त गर्छ, अनायासै प्राप्त गर्छ अनि सजिलैसँग प्राप्त गर्छ । आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार र प्राप्त गरी बस्छ । त्यसैले तिम्रो त्यो कथनलाई अनुमोदन पनि गर्दिन अनि प्रतिकार पनि गर्दिन । ब्राह्मण ! यही चार धर्म युक्तलाई मैले महाप्रज्ञावान वा महापुरुष भनी भन्दछु ।"

"आश्चर्य, भो गोतम ! अद्भूत, भो गोतम ! तपाईं गोतमले अति राम्रो सुभाषित बोल्नुभयो । भो गोतम ! तपाईंसँग यी चार प्रकारका धर्मद्वारा युक्त हुनुभएको थाहा छ । तपाईं गोतम नै बहुजन हितार्थ, बहुजन सुखार्थ लाग्नु भएको छ, बहुजनलाई प्रज्ञामा प्रतिष्ठित गर्नु भएको छ । जुन कि कल्याण धर्म वा कुशल धर्ममा प्रतिष्ठापित गर्नु भएको छ । तपाईंले नै जुन वितर्क आकांक्षाको उत्पन्न गर्नुपर्ने हो त्यो वितर्कको वितर्कना गर्नुहुन्छ । जुन वितर्कको आकांक्षा गर्नु नपर्ने हो त्यो वितर्कको वितर्कना गर्नुहुन्न । जुन संकल्पको आकांक्षा गर्नुपर्ने हो त्यो संकल्पको संकल्प गर्नुहुन्छ । जुन संकल्पको आकांक्षा गर्नु नपर्ने हो त्यो संकल्पको संकल्प गर्नुहुन्न । भगवान नै वितर्क पथमा चित्तलाई वशमा पार्नुहुन्छ । भगवान नै चतुर्थ चैतसिक ध्यानद्वारा दृष्टधर्म सुखपूर्वक बस्न कष्ट गर्नु नपर्ने गरी प्राप्त गर्नु भएकोछ, अनायासै प्राप्त गर्नु भएकोछ अनि सजिलैसँग प्राप्त गर्नु भएको छ । आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यहीं यसै जीवनमा देखिने गरी धर्मलाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्नु भएको छ ।"

"निश्चय पनि ब्राह्मण ! तिमीले एकदमै ठीक कुरा गऱ्यौ । तै पनि तिमीलाई बुझाउनका लागि भन्दछु– ब्राह्मण ! म नै बहुजन हितार्थ, बहुजन सुखार्थमा लाग्ने हुँ·।, बहुजनलाई मैले आर्यज्ञानमा प्रतिष्ठित गरेको छु । जुन



Downloaded from http://dhamma.digital

कि कल्याण धर्म वा कुशल धर्ममा प्रतिष्ठापित गरेको छु। जुन कि कल्याण धर्ममा वा कुशल धर्ममा पर्दछ। ब्राह्मण ! मैले नै जुन वितर्कलाई वितर्कना गर्न आकांक्षा गर्दछु त्यस वितर्कको वितर्कना गर्दछु; जुन वितर्कको आकांक्षा गर्नु पर्दैन, त्यस वितर्कको वितर्कना गर्दिन; जुन संकल्पको आकांक्षा गर्नुपर्ने हो त्यस संकल्पको संकल्प गर्दछु। जुन संकल्पको आकांक्षा गर्नु पर्दैन त्यो संकल्पको संकल्प गर्दिन। ब्राह्मण ! मैले नै वितर्क पथमा चित्तलाई वशमा पारेको छु। ब्राह्मण ! मैले नै चतुर्थ चैतसिक ध्यानलाई यहीं यसै जीवनमा देखिने गरी सुखपूर्वक बस्दछु। कष्ट गर्नु नपर्ने गरी प्राप्त गरेको छु, अनायासै प्राप्त गरेको छु अनि सजिलैसँग प्राप्त गरेको छु। आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यहीं यसै जीवनमा देखिने गरी धर्मलाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्दछु।"

"यो वेदि सब्बसत्तानं, मच्चुपासप्पमोचनं।
हितं देवमनुस्सानं, ञायं धम्मं पकासयि।
यं वे दिस्वा च सुत्वा च, पसीदन्ति बहूजना॥
"मग्गामग्गस्स कुसलो, कतकिच्चो अनासवो।
बुद्धो अन्तिमसरीरो, महापञ्ञोपुरिसोति वुच्चती"ति॥

"जसले सबै सत्वहरूलाई मृत्युको पासोबाट मुक्त गर्न अनि देव-मनुष्यहरूको हित गर्न जानिसकेकाले, जानेको धर्मलाई प्रकाशित गरें। जुन देख्दा र सुन्दा धेरै जनहरू प्रसन्न भए।

"मार्ग-अमार्गमा कुशल (दक्ष), कृतकृत्य, अनाश्रवी, अन्तिम शरीरधारी बुद्धलाई महाप्रज्ञावान तथा महापुरुष भन्दछन्।"

## ६. दोणसुत्तं

३६. एक समय भगवान उक्कट्ठ र सेतव्यको बीच बाटोबाट गइरहनु भएको थियो। दोण ब्राह्मण पनि उक्कट्ठ र सेतव्यको बीच बाटोबाट गइरहेका थिए। दोण ब्राह्मणले भगवानको पाउमा सहश्र आरा भएको चक्र, नेमि, नाभीसहितको सबै आकार-प्रकारले परिपूर्ण देखे। देखेपछि यस्तो लाग्यो– अहो ! यो त आ- श्चर्य हो, अहो !! यो त अद्‌भूत हो। यो त मनुष्यको पाउ होइन।"

अनि भगवान बाटोबाट हट्नु भई एक वृक्ष मुनि पलेंटीकसेर शरीर सीधा गरी स्मृतिलाई सामुन्ने राखी बस्नुभयो। त्यस बेला दोण ब्राह्मणले भगवानको चरण चिन्ह पछ्याउँदै पछि पछि लागे। उसले एक वृक्ष मुनि



Downloaded from http://dhamma.digital

भगवान प्रसन्नभाव, प्रसन्न मुद्रामा, शान्तिप्रिय, शान्त मनका, उत्तम-दमन-शमनभावापन्न, दान्त, संरक्षित, संयमित इन्द्रिय र हात्ती जस्तै बसिरहनु भएको देखे। देखेर जहाँ भगवान हुनहुन्थ्यो त्यहाँ गए अनि भगवानलाई यसरी भन्यो–

हो "तपाईं देवत हुनुहुन्छ कि ?"
"ब्राह्मण ! म देवता होइन।"
"तपाई गन्धर्व हुनुहुन्छ कि ?"
"ब्राह्मण ! म गन्धर्व होइन।"
"तपाईं यक्ष हुनुहुन्छ कि ?"
"ब्राह्मण ! म यक्ष होइन।"
"तपाईं मनुष्य हुनुहुन्छ कि ?"
"ब्राह्मण ! म मनुष्य इँन।"

"तपाईं देवता हुनुहुन्छ कि ? भनी सोद्धा तपाईंले भन्नु हुन्छ– "ब्राह्मण ! म देवता होइन। "तपाई गन्धर्व हुनुहुन्छ कि ?" भनी सोद्धा "ब्राह्मण ! म गन्धर्व होइन।" "तपाईं यक्ष हुनुहुन्छ कि ?" भनी सोद्धा "ब्राह्मण ! म यक्ष होइन।" "तपाईं मनुष्य हुनुहुन्छ कि ?" भनी सोद्धा "ब्राह्मण ! म मनुष्य होइन भन्नुहुन्छ।" त्यसो भए तपाईं को ?

"ब्राह्मण ! जुन आश्रव हुँदा मलाई देवता भन्नु पर्ने हो त्यो मेरो आश्रव नष्ट भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष जस्तै भइसक्यो, फेरि नपलाउने भइसक्यो तथा फेरि उत्पन्न हुने सम्भावना छैन। "ब्राह्मण ! जुन आश्रव हुँदा मलाई गन्धर्व भन्नु पर्ने हो त्यो मेरो आश्रव नष्ट भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष जस्तै भइसक्यो, फेरि नपलाउने भइसक्यो तथा फेरि उत्पन्न हुने सम्भावना छैन। "ब्राह्मण ! जुन आश्रव हुँदा मलाई यक्ष भन्नु पर्ने हो त्यो मेरो आश्रव नष्ट भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष जस्तै भइसक्यो, फेरि नपलाउने भइसक्यो तथा फेरि उत्पन्न हुने सम्भावना छैन। "ब्राह्मण ! जुन आश्रव हुँदा मलाई मनुष्य भन्नु पर्ने हो त्यो मेरो आश्रव नष्ट भइसक्यो, मूलोच्छेद भइसक्यो, काटिएको ताड वृक्ष जस्तै भइसक्यो, फेरि नपलाउने भइसक्यो तथा फेरि उत्पन्न हुने सम्भावना छैन। ब्राह्मण ! जस्तो कि उप्पल, पद्म, वा पुण्डरिक त्यो पानीमा उम्रेर, पानीमा बढेर आउँछ तर त्यो पानीमा अलिप्त भएर त्यो भन्दा माथिरहन्छ। यस्तै प्रकारले ब्राह्मण ! म लोकमा जन्मेको हुँ, लोकमा बढेको हुँ तर लोकलाई जितेर त्यसमा अलिप्त भई बस्दछु। "ब्राह्मण ! मलाई 'बुद्ध' भनी धारण गर।



Downloaded from http://dhamma.digital

"ये न देवूपपत्यस्स, गन्धब्बो वा विहङ्गमो ।
यक्खत्तं येन गच्छेय्यं, मनुस्सत्तञ्च अब्बजे ।
ते मय्हं आसवा खीणा, विद्धस्ता विनलीकता ॥
"पुण्डरिकं यथा वग्गु, तोयेन नुपलिप्पति ।
नुपलिप्पामि लोकेन, तस्मा बुद्धोस्मि ब्राह्मणा"ति ॥

"जुन कारणले गर्दा देव, मनुष्य, गन्धर्व शरीरको देव, यक्ष र मनुष्यत्वको संज्ञा हुने हो । ती आश्रवहरू मैले क्षीण, विध्वंश र बन्धन चुँडालि सकेँ ।

"जस्तै हि सुन्दर पुण्डरिक (पद्म) फूल पानीमा लिप्त हुँदैन । त्यस्तै म पनि लोकमा अलिप्त छु । त्यसैले ब्राह्मण ! म बुद्ध हुँ ।"

## ७. अपरहानियसुत्तं

३७. "भिक्षुहो ! चार धर्ममा युक्त भिक्षु पतन हुनु असम्भव छ । निर्वाणको नज़िकै पुगेको हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलसम्पन्न हुन्छ । इन्द्रियमा गुप्तद्वार (संरक्षितं) हुन्छ । भोजनमा मात्रा ज्ञान हुन्छ अनि जागरण-शील हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी शीलसम्पन्न हुन्छ ? भिक्षुहो यहाँ भिक्षु शीलवान भई, प्रातिमोक्ष (विनय)को नियम अनुसार सुसंयमी र आचार-गोचरसम्पन्न हुन्छ । अणुमात्रको दोषमा पनि भय-दर्शी अनि शिक्षापदलाई सम्यकरूपले पालन गर्छ ।

"भिक्षुहो ! भिक्षु कसरी इन्द्रिय संयमित हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षुले रूप हेर्दा निमित्त ग्रहण गर्दैन अनि अनुव्यञ्जन पनि ग्रहण गर्दैन । जुन कारणले गर्दा चक्षु इन्द्रिय असंयमित हुँदा लोभ, द्वेष, अकुशल धर्महरू उत्पन्न हुन्छ । त्यो चक्षु इन्द्रिलाई संरक्षित गर्न प्रयत्न गर्छ । चक्षु इन्द्रियलाई रक्षा गर्छ तथा चक्षु इन्द्रियलाई संयमित गर्छ । श्रोतले शब्द सुनेर... घ्राणले गन्ध सुँघेर... जिव्हाले रसास्वाद लिएर... शरीरले स्पर्श गरेर... अनि मनले धर्म (विषयानुगत) निमित्त ग्रहण गर्दैन अनुव्यञ्जन पनि ग्रहण गर्दैन । जुन कारणले गर्दा मन इन्द्रिय असंयमित हुँदा लोभ, द्वेष, अकुशल धर्महरू उत्पन्न हुन्छ । त्यो मन इन्द्रियलाई संरक्षित गर्न प्रयत्न गर्छ, मन इन्द्रियलाई रक्षा गर्छ तथा मन इन्द्रियलाई संयम गर्छ । भिक्षुहो ! भिक्षुले यसरी इन्द्रियहरू संरक्षित गर्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भिक्षु कसरी भोजनमा मात्राज्ञ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले राम्रोसँग विचार पुऱ्याएर भोजन गर्छ– (यो मैले भोजन गरेको) न त हाँस-खेलको निम्ति, न त मदको निम्ति, न त मण्डनको निम्ति, न त सजधजको निम्ति, जबसम्म यो शरीर रहन्छ तबसम्म स्थित राख्न, जीवनयापन गर्न, भोकबाट पीडित नहुन, ब्रह्मचर्य (श्रेष्ठ जीवन) प्रति अनुग्रहको निम्ति हो । पुरानो वेदना शान्त पार्न, नव वेदना उत्पन्न हुन नदिन, मेरो जीवनयात्रा निर्दोषपूर्वक, सुखपूर्वक सफल पार्ने आहार ग्रहण गर्छु । भिक्षुहो ! यसरी भिक्षु भोजनमा मात्राज्ञ हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी जागरणशील हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु दिउँसो चंक्रमण (हिँडडुल) गर्दा वा बस्दा चित्तको आवरण (मैल) हटाएर चित्त शुद्ध गरी राख्छ । रातको प्रथम प्रहरमा पाउ माथि पाउ राखी दाइने पट्टि कोल्टे भई सिंहशैय्या गरी, स्मृतिमान भई उठ्नु पर्छ भन्ने मनमा लिएर पल्टिन्छ । रातको पछिल्लो प्रहरमा चक्रमन गर्दा वा बस्दा चित्तको आवरण हटाएर चित्त शुद्ध गरी राख्छ । भिक्षुहो ! भिक्षु यसरी जागरणशील हुन्छ ।

"सीले पतिट्ठितो भिक्खु, इन्द्रियेसु च संवुतो ।
भोजनम्हि च मत्तञ्ञू, जागरियं अनुयुञ्जति ॥
"एवं विहारी आतापी, अहोरत्तमतन्दितो ।
भावयं कुसलं धम्मं, योगक्खेमस्स पत्तिया ॥
"अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा ।
अभब्बो परिहानाय, निब्बानस्सेव सन्तिके"ति ॥

"भिक्षु शीलमा प्रतिष्ठित भई, इन्द्रियहरूमा संयमित भई, भोजनमा मात्राज्ञ र जाग्रत भई बस्छ ।

"ऊ यसरी अहोरात-दिन आलस्यरहित, वीर्यवान र योगक्षम प्राप्तीको निम्ति कुशल धर्मको भावना गर्छ ।

"प्रमादमा भयदर्शी, अप्रमादमा रतरहने भिक्षु निर्वाणको नजिकै पुग्छ भने पतन हुनु असम्भव छ ।"

## ८. पतिलीनसुत्तं

३८. "भिक्षुहो ! भिक्षुले समस्त मिथ्याधारणा त्यागेको हुन्छ । ऊ सबै (काम-विषयभोग सम्बन्धी) खोजमा लाग्दैन । प्रशब्धकाय संस्कार (कायसंस्कार शान्त) भई त्यसमा प्रलीन (समाधिमा लीन वा प्राप्त) हुन्छ । भिक्षुहो ! मिथ्याधारणा कसरी त्यागेको हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले श्रमण-ब्राह्मण



Downloaded from http://dhamma.digital

जुन अनेक प्रकारका मिथ्याधारणाहरू छन् जस्तै लोक शाश्वत वा अशाश्वत, अन्त लोक वा अनन्त लोक, त्यही जीव हो वा त्यही शरीर हो, अन्य जीव हो वा अन्य शरीर हो, तथागत मरणपछि रहने छ वा रहँदैन, तथागत मरणपछि न रहन्छ न रहनेछ, न त यसरी रहन्छ, न त यसरी रहँदैन उसको यी सबै धारणा (विश्वास) नष्ट वा विनष्ट हुन्छ । त्याग गरेको हुन्छ, बाहिर निस्केको हुन्छ, मुक्त भएको हुन्छ, प्रहीण हुन्छ अनि परित्याग गर्छ । भिक्षुहो ! यसरी समस्त मिथ्याधारणालाई भिक्षुले त्यागेको हुन्छ ।

"भिक्षुहो ! कसरी भिक्षुले समस्त (काम) ऐषणा (काम-विषयभोग सम्बन्धी खोज) त्यागेको हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले काम ऐषणा त्यागेको हुन्छ । भव[३] ऐषणा त्यागेको हुन्छ । ब्रह्मचर्य ऐषणा शान्त हुन्छ । भिक्षुहो ! यसरी भिक्षुले समस्त ऐषणा त्यागेको हुन्छ ।

"भिक्षुहो ! कसरी भिक्षुले प्रशब्धकायसंस्कार (शरीरको संस्कार) शान्त गरेको हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले सुख पनि त्यागेर दुःख पनि त्यागेर सौमनस्य र दौर्मनस्य (मानसिक सुख र दुःख) पहिले नै विनष्ट गरिसकेकोले सुख-दुःखरहित भई उपेक्षा स्मृतियुक्त भई परिशुद्ध चतुर्थध्यान प्राप्त गर्ने हुन्छ । भिक्षुहो ! यसरी भिक्षुले कायसंस्कार शान्त पारेको हुन्छ ।

"भिक्षुहो ! कसरी भिक्षु प्रतिलीन (समाधिमा लीन) हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुमा रहेको अहंकार त्याग्छ, मूलोच्छेद गर्छ, काटिएको ताड वृक्ष जस्तै हुन्छ, पलाएर नआउने वा पुनः उत्पत्ति नहुने हुन्छ । भिक्षुहो ! यसरी भिक्षु प्रतिलीन हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षुले समस्त मिथ्याधारणा त्यागेको हुन्छ । समस्त ऐषणा त्यागेको हुन्छ अनि प्रश्रब्ध कायसंस्कारमा प्रतिलीन भएको भनी भन्दछु ।"

"कामेसना भवेसना, ब्रह्मचारीयेसना सह ।
इति सच्चपरामासो, दिट्ठिट्ठाना समुस्सया ॥
"सब्बरागविरत्तस्स, तण्हक्खयविमुत्तिनो ।
एसना पटिनिस्सट्ठा, दिट्ठिट्ठाना समूहता ॥
"स वेसन्तो सतो भिक्खु, पस्सद्धो अपराजितो ।
मानाभिसमया बुद्धो, पतिलीनोति वुच्चती"ति ॥

---

[३] काम-भव (लोक), रूप-भव, अरूप-भवको खोज ।



Downloaded from http://dhamma.digital

"काम-ऐषणा, भव-ऐषणा साथै ब्रह्मचर्य-ऐषणा। जुन सत्यपरामर्श (मिथ्या) दृष्टिलाई हटाउँछ।

"जसको समस्त रागबाट विरागिएको हुन्छ अनि तृष्णा क्षय गरी विमुक्त हुन्छ। जसको खोजी शान्त भइसकेको हुन्छ, मिथ्यादृष्टिको ठाउँलाई समूल विनष्ट गरेको हुन्छ।

"ऊ नै शान्त, स्मृतिवान भिक्षु हो, प्रश्रब्ध र अपराजित हो। मान-अभिमानमा शान्त बुद्धलाई प्रतिलीन भएको भनिन्छ।"

## ९. उज्जयसुत्तं

३९. एकदिन उज्जय ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवानसँग कुशलक्षमका कुरा गरे। कुशलक्षम र सारभूत कुरा गरिसकेपछि एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि उज्जय ब्राह्मणले भगवानसँग सोधे– "भो गोतम! के तपाईंले पनि यज्ञको प्रशंसा गर्नुहुन्छ?"

"ब्राह्मण! मैले न यज्ञको प्रशंसा गर्छु अनि न सबै यज्ञको निन्दा नै गर्छु। ब्राह्मण! जुन यज्ञमा गौ हत्या, भेँडा-बाखाको हत्या, कुखुरा वा सुंगुरको हत्या हुन्छ वा विभिन्न प्राणी हत्या भए मैले यस्तो उत्तेजित यज्ञको प्रशंसा गर्दिन। त्यस्तो उत्तेजित यज्ञमा न अर्हत आउँछ अनि न अर्हत मार्गमा लाग्ने नै आउँछ।"

"ब्राह्मण! जुन यज्ञमा गौ हत्या, भेँडा-बाखाको हत्या, कुखुरा वा सुंगुरको हत्या हुँदैन वा विभिन्न प्राणीको हत्या हुँदैन भने मैले यस प्रकारको उत्तेजनारहित यज्ञको प्रशंसा गर्दछु। यस प्रकारको उत्तेजित नहुने यज्ञमा अर्हत वा अर्हत मार्गमा लाग्ने आउँछ।"

"अस्समेधं पुरिसमेधं सम्मापासं वाजपेय्यं निरग्गलं।
महायञ्ञा महारम्भा, न ते होन्ति महप्फला॥
"अजेलका च गावो च, विविधा यत्थ हञ्ञरे।
न तं सम्मग्गतायञ्ञं, उपयेन्ति महेसिनो॥
"ये च यञ्ञा निरारम्भा, यजन्ति अनुकूलं सदा।
अजेलका च गावो च, विविधा नेत्थ हञ्ञरे।
तञ्च सम्मग्गता यञ्ञ, उपयन्ति महेसिनो॥
"एतं यजेथ मेधावी, एसो होति न पापियो।
यञ्ञो च विपुलो होति, पसीदन्ति च देवता"ति॥



Downloaded from http://dhamma.digital

"अश्वमेध, पुरुषमेध, सम्मापाश, वाजपेय्य र निरर्गल यी उत्तेजित हुने महायज्ञ महाफलदायी हुँदैन।

"जहाँ भेँडा-बाखा, गौआदि विविध प्राणीहरूको हत्या हुन्छ। त्यहाँ सम्यकमार्गी महर्षिजन आउँदैन।

"जुन यज्ञमा उत्तेजनारहित सदैव अनुकूल हुने यज्ञ गरिन्छ। भेँडा-बाखा गौआदि विविध जातिका प्राणी हत्या गर्दैन भने त्यस प्रकारका यज्ञमा सम्यकमार्गी महर्षिजन आउँछ।

"मेधावीले यसप्रकारको यज्ञ गर। यसप्रकारको यज्ञ महा फलदायी हुन्छ। यसरी यज्ञ गर्दा भलो नै हुन्छ, कुभलो हुँदैन। यज्ञ पनि विपुल हुन्छ अनि देवता पनि प्रसन्न हुन्छ।"

## १०. उदायीसुत्तं

४०. एक दिन उदायी भन्ने ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवानसँग ... एक ठाउँमा बसेपछि उदायी ब्राह्मणले भगवानसँग सोधे– "भो गोतम! के तपाईंले पनि यज्ञको प्रशंसा गर्नुहुन्छ?"

"ब्राह्मण! मैले न यज्ञको प्रशंसा गर्छु अनि न सबै यज्ञको निन्दा नै गर्छु। ब्राह्मण! जुन यज्ञमा गौ हत्या, भेँडा-बाखाको हत्या, कुखुरा वा सुंगुरको हत्या हुन्छ वा विभिन्न जातजाति प्राणीको हत्या भए मैले यस प्रकारको उत्तेजित हुने यज्ञको प्रशंसा गर्दिन। त्यो के कारण? यस्तो उत्तेजित हुने यज्ञमा न अर्हत आउँछ अनि न अर्हत मार्गमा लाग्ने नै आउँछ।"

"ब्राह्मण! जुन यज्ञमा गौ हत्या, भेँडा-बाखाको हत्या, कुखुरा वा सुंगुरको हत्या हुँदैन वा विभिन्न जातजाति प्राणीको हत्या न- भए यस्ता उत्तेजनारहित, नित्य दान र अनुकूल यज्ञ भए त्यस्तो यज्ञको मैले प्रशंसा गर्दछु। त्यो के कारण? ब्राह्मण! यस्तो यज्ञमा अर्हत वा अर्हत मार्गमा लाग्ने आउँछ।"

**"अभिसङ्खतं निरारम्भं, यञ्ञं कालेन कप्पियं।**
**तादिसं उपसंयन्ति, सञ्ञता ब्रह्मचारयो॥**
**"विवटच्छदा ये लोके, वीतिवत्ता कुलं गतिं।**
**यञ्ञामेतं पसंसन्ति, बुद्धा यञ्ञस्स कोविदा॥**
**यञ्ञेवा यदि वा सद्धे, हव्यं कत्वायथारहं।**
**पसन्नचित्तो यजति, सुखेत्तेन ब्रह्मचारिसु॥**
**"सुहुतं सुयिट्ठं सुप्पत्तं, दक्खिणेय्यसु यं कतं।**



Downloaded from http://dhamma.digital

यञ्ञो च विपुलो होति, पसीदन्ति च देवता ॥
एवं यजित्वा मेधावी, सद्धो मुत्तेन चेतसा ।
अब्याबज्झं सुखं लोकं, पण्डितो उपपज्जती"ती ।

"यज्ञमा पशुको हत्या नगरियोस् । (हत्या बिनाको यज्ञ) त्यस्तो यज्ञ समय-समयमा गर्नु धेरै राम्रो हो । संयमित ब्रह्मचारी त्यस्तो यज्ञमा जाने गर्छ ।

"लोकमा जो खुल्ला द्वार हुन्छ । कूल गति सीमाको (जन्म र मरण चक्रको) त्यस पार हुन्छ । यज्ञका कोविद बुद्धले यस्तै यज्ञको प्रशंसा गर्छ ।

"यज्ञ अथवा श्रद्धापूर्वक गरिने कर्ममा यथायोग्य हवन् गरिरहनेले सुक्षत्र ब्रह्मचारीहरूप्रति प्रसन्न चित्तले यज्ञ गर्छ ।

"दान दिने योग्यलाई जे दान दिन्छ त्यो सुआहुति, सुयज्ञ र सुप्राप्त हो । त्यस्तो यज्ञ विपुल हुन्छ अनि देवता पनि प्रसन्न हुन्छ ।

"मेधावीले त्यसरी श्रद्धा, मुक्त चित्तद्वारा यज्ञ गर्दा द्वेषरहित सुखको लोकमा पण्डित उत्पन्न हुन्छ ।"

Downloaded from http://dhamma.digital

# ५.रोहितस्सवग्गो

## १.समाधिभावनासुत्तं

४१. "भिक्षुहो ! यी चार समाधि-भावना हुन् । कुन चार ? भिक्षुहो ! समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा यहीँ यसै जीवनमा दृष्टधर्म (देखिने गरी) सुखको अनभूति हुन्छ । भिक्षुहो ! समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा ज्ञान-दर्शनका लाभी हुन्छ । भिक्षुहो ! समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा स्मृति-सम्प्रजन्य (यथार्थज्ञान स्मरण)का लाभी हुन्छ । भिक्षुहो ! समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा आश्रव क्षयको निम्ति हुन्छ ।

"भिक्षुहो ! कस्तो समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा दृष्टधर्म सुखको अनुभूति हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगबाट अलग्गिएर ... चतुर्थ ध्यान लाभी हुन्छ । भिक्षुहो ! यही नै त्यो समाधि-भावना हो जुन भावित गर्दा तथा बहुपटक गर्दा दृष्टधर्म सुखको अनुभूति हुन्छ ।

"भिक्षुहो ! कस्तो समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा ज्ञानदर्शनका लाभी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले आलोक संज्ञालाई मनमा धारण गर्छ । दिवासंज्ञालाई अधिष्ठान गर्छ । उसको जस्तो दिन त्यस्तै रात अनि जस्तो रात त्यस्तै दिन हुन्छ । ऊ खुलस्त मनकासाथ बाधारहित चित्तको भई प्रभायुक्त चित्तद्वारा भावना गर्छ । भिक्षुहो ! यही समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा ज्ञानदर्शनका लाभी हुन्छ ।

"भिक्षुहो ! कस्तो समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा स्मृतिसम्प्रजन्यको लाभी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुको जानकारीमा वेदना ( अनुभव) को उत्पन्न हुन्छ । वेदना स्थितरहेको हुन्छ । वेनाको अन्तर्धान हुन्छ । जानकारिमा संज्ञा तथा वितर्क उत्पन्न हुन्छ । ... स्थितरहेको हुन्छ । अन्तर्धान हुन्छ । भिक्षुहो ! यही समाधि-भावनको भावित गर्दा अनि धेरैपटक गर्दा स्मृतिसम्प्रजन्यको प्राप्ति हुन्छ ।

"भिक्षुहो ! कस्तो समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा आश्रव क्षय हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पञ्च उपादानस्कन्धको उत्पत्ति र विनाशलाई हेर्दै विहारमा बस्छ । यो रूप हो, यो रूपको समुदय हो अनि यो रूपको विनाश हो । यो वेदना हो, यो वेदनाको समुदय हो अनि यो वेदनाको



Downloaded from http://dhamma.digital

विनाश हो । यो संज्ञा हो, यो संज्ञाको समुदय हो अनि यो संज्ञाको विनाश हो । यो संस्कार हो, यो संस्कारको समुदय हो अनि यो संस्कारको विनाश हो । यो विज्ञान हो, यो विज्ञानको समुदय हो अनि यो विज्ञानको विनाश हो । भिक्षुहो ! यही चार समाधि-भावनाको भावित गर्दा तथा धेरैपटक गर्दा आश्रव क्षय हुन्छ । भिक्षुहो ! यी चार समाधि-भावना हुन् । भिक्षुहो ! मैले यस सम्बन्धमा" परायणपूर्ण प्रश्न" मा भनेको छु–

**"सङ्खाय लोकस्मिं परोपरानि, यस्सिञ्जितं नत्थि कुहिञ्चिलोके ।**
**सन्तो विधुमो अनीघो निरासो, अतारि सो जातिजरन्ति ब्रूमी"ति ॥**

"संस्कार लोकलाई वार-पार गरी जानेपछि जसको संसारमा कुनै पनि विषयप्रति चञ्चलपन रहँदैन । शान्त, धूवाँरहित, दुःखरहितर आशारहित हुने जन्म-जराबाट ऊ पार भए भनी भन्छु ।"

## २. पञ्हव्याकरणसुत्तं

४२. "भिक्षुहो ! यी चार प्रकारले प्रश्न टुंग्याउन सक्छ । ती चार के के हुन् ? यस्तो प्रश्न छ जसमा एकांशले (हो, होइन) भनी उत्तर दिनु पर्ने हुन्छ । भिक्षुहो ! यस्तो प्रश्न छ जसमा विभाजित गरी उत्तर दिनु पर्ने हुन्छ । भिक्षुहो ! यस्ता प्रश्नहरू पनि छन् जुन प्रति प्रश्न गरेर उत्तर दिनु पर्ने हुन्छ अनि भिक्षुहो ! यस्तो प्रश्न पनि छ, जसको उत्तर दिनु हुँदैन । प्रश्न टुंग्याउने यी नै चार ढंग हुन् ।"

**"एकंसवचनं एकं, विभज्जवचनापरं ।**
**ततियं पटिपुच्छेय्य, चतुत्थं पन ठापये ॥**
**"यो च तेसं तत्थ तत्थ, जानाति अनुधम्मतं ।**
**चतुपञ्हस्स कुसलो, आहु भिक्खुं तथाविधं ॥**
**"दुरासदो दुप्पसहो, गम्भीरो दुप्पधंसियो ।**
**अथो अत्थे अनत्थे च, उभयस्स होति कोविदो ॥**
**"अनत्थं परिवज्जेति, अत्थं गण्हाति पण्डितो ।**
**अत्थाभिसमया धीरो, पण्डितातिं पवुच्चती"ति ॥**

"एक एकांशले उत्तर दिने अर्को विभाजित गरी उत्तर दिनेछ, तेश्रो प्रतिप्रश्न गर्ने र चौथो भने स्थगित गर्ने ।

"जसले जुन प्रकारले प्रश्न गरेको हो त्यसरी नै जानेको हुन्छ, त्यस प्रकारले (त्यसरी जान्ने) भिक्षुलाई चार प्रश्नका उत्तर दिनमा कुशल भनिन्छ ।



Downloaded from http://dhamma.digital

"दुर्विजय, सजिलै हराउन नसक्ने, गम्भीर, पराजित गर्न कठिन अर्थ र अनर्थको विषयमा कोविद (पण्डित) हुन्छ।

"पण्डितले अनर्थ हुने परित्याग गर्छ, अर्थलाई ग्रहण गर्छ अनि अर्थविज्ञ हुनेलाई धीर तथा पण्डित भनिन्छ।"

### ३. पठमकोधगरुसुत्तं

४३. "भिक्षुहो ! लोकमा चारप्रकारका व्यक्ति छन्। कस्ता कस्ता चार ? क्रोधलाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने, म्रक्ष (अरूको गुणलाई ढाकछोप गर्ने)लाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने, लाभलाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने अनि सत्कारलाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन्।

"भिक्षुहो ! लोकमा चारप्रकारका व्यक्ति विद्यमान छन्। कस्ता कस्ता चार ? सद्धर्मलाई महत्व दिने तर क्रोधलाई महत्व नदिने, सद्धर्मलाई महत्व दिने तर म्रक्षलाई महत्व नदिने, सद्धर्मलाई महत्व दिने तर लाभलाई महत्व नदिने अनि सद्धर्मलाई महत्व दिने तर सत्कारलाई महत्व नदिने। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन्।"

**"कोधमक्खगरु भिक्खू, लाभसक्कारगारवा।**
**न ते धम्मे विरूहन्ति, सम्मासम्बुद्धदेसिते॥**
**"ये च सद्धम्म गरुनो, विहंसु विहरन्ति च।**
**ते वे धम्मे विरूहन्ति, सम्मासम्बुद्धदेसिते"ति॥**

"क्रोध, म्रक्ष, लाभ-सत्कार र गौरवलाई महत्व दिने भिक्षुहरूले सम्यक-सम्बुद्धद्वारा दिएको धर्मोपदेशबाट अभिवृद्धि गर्न सक्दैन।

"जसले सद्धर्मलाई महत्व दिएर विचरण गर्छ, विचरण गरिरहन्छ, उसले नै सम्यकसम्बुद्धद्वारा दिएको उपदेशबाटअभिवृद्धि गर्नसक्छ।"

### ४. दुतियकोधसुत्तं

४४. "भिक्षुहो ! लोकमा चार प्रकारका असद्धर्म छन्। ती चार के के हुन् ? क्रोधको महत्व हुने तर सद्धर्मको महत्व नहुने, म्रक्षको महत्व हुने तर सद्धर्मको महत्व नहुने, लाभको महत्व हुने तर सद्धर्मको महत्व नहुने अनि सत्कारको महत्व हुने तर सद्धर्मको महत्व नहुने। भिक्षुहो ! यी नै चार असद्धर्म हुन्।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! लोकमा चार प्रकारका सद्धर्म छन् । ती चार के के हुन् ? सद्धर्मको महत्व हुने तर क्रोधको महत्व नहुने, सद्धर्मको महत्व हुने तर म्रक्षको महत्व नहुने, सद्धर्मको महत्व हुने तर लाभको महत्व नहुने अनि सद्धर्मको महत्व हुने तर सत्कारको महत्व नहुने । भिक्षुहो ! यी नै चार सद्धर्म हुन् ।"

"कोधमक्खगरु भिक्खु, लाभसक्कारगावो ।
सुखेत्ते पूतिवीजं व, सद्धम्मे नविरूहति ॥
"ये च सद्धम्मगरुनो, विहंसु विहरन्ति च ।
ते वे धम्मे विरुहन्ति, स्नेहान्वयमिवोसधा"ति ॥

"क्रोध, म्रक्ष, लाभ-सत्कार र गौरवलाई महत्व दिने 'भिक्षु'सद्धर्ममा वृद्धि हुन पाउँदैन । सुक्षत्रमा (राम्रो जमिनमा) कुहेको बीऊ रोपे भैं हुन्छ ।

"जसले सद्धर्मलाई महत्व दिन्छ र दिइरहन्छ भने सद्धर्ममा उसको वृद्धि हुँदै आउँछ रसिलो भूमिमा रहेको बोट वा बिरुवा भैं हुन्छ ।"

## ५. रोहितस्ससुत्तं

४५. एक समय भगवान सावत्थिस्थित जेतवन अनाथपिण्डि-कको आराममा बस्नुहुन्थ्यो । त्यस बेला सुन्दर वर्णका रोहित देवपुत्र-ले सारा जेतवनलाई प्रकाशित पार्दै चाँदनी रातमा जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ भगवानलाई अभिवादन गरी एकठाउँमा बसे । एक ठाउँमा बसेपछि रोहित देवपुत्रले भगवानलाई यसो भने–

"भन्ते ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनु पर्छ, न त मर्नु पर्छ, न त च्युत हुनु पर्छ अनि न त उत्पन्न हुनु पर्छ । के त भन्ते ! हिँडेर त्यस लोकको अन्तसम्म पुग्न सक्छ, जान्न सक्छ अनि देख्न सक्छ ?"

"आवुसो ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनु पर्छ, न त मर्नु पर्छ, न त च्युत हुनु पर्छ अनि न त उत्पन्न हुनु पर्छ । जहाँ कि हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्न सक्छ, जान्न सक्छ अनि देख्न सक्छ भनी मैले भन्दिन ।

"आश्चर्य हो, भन्ते ! अद्‌भूत हो, भन्ते ! तपाईंको यो वचन सुभाषित हो, भन्ते ! भगवानले भन्नुभयो– आवुसो ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनु पर्छ, न त मर्नु पर्छ, न त च्युत हुनु- पर्छ अनि न त उत्पन्न हुनुपर्छ । हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्नसक्छ, जानसक्छ अनि देख्नसक्छ भनी



Downloaded from http://dhamma.digital

मैले भन्दिन ।"

"भन्ते ! पहिलेको जन्ममा म गाउँका ऋद्धिमान गगनचारी रोहित नाउँका ऋषि थिएँ । त्यस समय भन्ते ! मेरो यस्तो तेज चाल थियो जस्तो कि कोही शक्तिवान, अभ्यस्त, सिधा हात भएको, होशियार धनुष-धारीले हलुकासाथ सजिलैसँग तीरले ताड् वृक्षको छायाँलाई सीधै नाघेर पठाउँछ । त्यस समय मेरो पाइलाको चाल यस्तो तेज थियो कि पूर्व दिशाको समुद्र देखि पश्चिम दिशासम्मको (एक पाइलासमान) थियो । भन्ते ! त्यस बेला मेरो त्यस्तो पाइलाको चाल हुँदा मेरो मनमा यस्तो विचार आयो– म हिँडेर लोकको अन्तसम्म पुगेर (सफलता) प्राप्त गर्नेछु । भन्ते ! यही विचारानुसार खान-पान, मल-मूत्र र सुत्ने-उठ्ने नगरि सय वर्षसम्म जीवित रहँदाको समयावधि भित्र हिँडिरहँदा पनि लोकको अन्तसम्म पुग्न नसकि बीचैमा म मरें ।"

"आश्चर्य हो, भन्ते ! अद्भूत हो, भन्ते ! तपाईंको यो वचन सुभाषित हो । भगवानले जुन भन्नुभयो– आवुसो ! जहाँ कि, गमनद्वारा जन्मिन् नपर्ने, जिउनु नपर्ने, मर्न नपर्ने, च्युत हुनु नपर्ने अनि उत्पन्न हुनु नपर्ने ठाउँमा हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्न सक्छ, जान्न सक्छ, अनि देख्न सक्छ भनी म भन्दिन ।"

"आवुसो ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनु पर्छ, न त मर्नु पर्छ, न त च्युत हुनु पर्छ अनि न त उत्पन्न हुनु पर्छ । जहाँ कि हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्न सक्छ, जान्न सक्छ अनि देख्न सक्छ भनी मैले भन्दिन । आवुसो ! मैले यो पनि भन्दिन कि, विना लोकाको अन्तसम्म नपुगी दुःखको अन्त हुनेछ । आवुसो ! यही व्यामभर (छ फूट)को लामो संज्ञायुक्त शरीरमा नै मैले लोक, लोकसमुदय, लोक निरोध अनि लोक निरोधगामिनी प्रतिपदा (मार्ग)को प्रज्ञप्त गर्दछु ।"

**"गमनेन न पत्तब्बो, लोकस्सन्तो कुदाचनं ।**
**न च अप्पत्वा लोकन्तं, दुक्खा अत्थि पमोचनं ॥**
**"तस्मा हवे लोकविदू, सुमेधो, लोकन्तगु वुसितब्रह्मचरियो ।**
**लोकस्स अन्तं समिताविं ञत्वा, नासीसती लोकस्मिं परञ्चा"ति ॥**

"हिँडेर लोकको अन्तसम्म कहिल्यै पुग्न सक्दैन । लोकको अन्त नपुगी दुःखबाट मुक्त हुँदैन ।

"यसकारण बुद्धिवान भई लोकलाई जान्नुपर्छ । लोकको अन्तसम्म पुगेका, श्रेष्ठजीवन व्यतीत गरेका, शान्त भएका अनि लोकको अन्तलाई जान्नेले



Downloaded from http://dhamma.digital

यस लोक र परलोकको आसक्ति हुँदैन ।"

## ६. दुतियरोहितसुत्तं

४६. "अनि भगवानले त्यसरात बिताउनुभई भिक्षुहरूलाई आ-मन्त्रण गर्नुभयो– "भिक्षुहो ! आजको जुनेली रातमा सुन्दर वर्णका रोहित देवपुत्रले सारा जेतवन उज्यालो पार्दै जहाँ म थिएँ त्यहाँ आए । आएर मलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि भिक्षुहो ! रोहित देवपुत्रले मलाई यसरी भन्यो–

'भन्ते ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनुपर्छ, न त मर्नु- पर्छ, न त च्युत हुनुपर्छ अनि न त उत्पन्न हुनुपर्छ । के त भन्ते ! हिँडेर त्यस लोकको अन्तसम्म पुग्न सक्छ, जान्न सक्छ अनि देख्न सक्छ ?" उसले यसरी भनेपछि मैले रोहित देवपुत्रलाई भनें – आवुसो ! जहाँ न त जन्मिनुपर्छ, न त जिउनुपर्छ, न त मर्नुपर्छ, न त च्युत हुनुपर्छ अनि न त उत्पन्न हुनुपर्छ । हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्नसक्छ, जान्नसक्छ अनि देख्नसक्छ भनी म भन्दिन । भिक्षुहो ! मैले यसरी भनेपछि रोहित देवपुत्रले भन्यो–

"आश्चर्य हो, भन्ते ! अद्‌भूत हो, भन्ते ! तपाईंको यो वचन सुभाषित हो । भगवानले जुन भन्नुभयो– आवुसो ! जहाँ कि, गमनद्वारा जन्मिनु नपर्ने, जिउनु नपर्ने, मर्न नपर्ने, च्युत हुन नपर्ने अनि उत्पन्न हुनु नपर्ने ठाउँमा हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्नसक्छ, जान्नसक्छ, अनि देख्नसक्छ भनी म भन्दिन ।"

"भन्ते ! पहिलेको जन्ममा म गाउँका ऋद्धिमान गगनचारी रोहित नाउँका ऋषि थिएँ । त्यस समय भन्ते ! मेरो यस्तो तेज चाल थियो । जस्तो कि कोही शक्तिवान, अभ्यस्त, सिधा हात भएको, होशियार धनुष-धारीले हलुकासाथ-सजिलैसँग तीरले ताड् वृक्षको छायाँलाई सीधै नाघेर पठाउँछ । त्यस रामय मेरो यस्तो तेज चाल थियो कि पूर्व दिशाको समुद्र देखि पश्चिम दिशासम्मको (एक पाइलासमान) थियो । भन्ते ! मेरों त्यस्तो पाइलाको चाल हुँदा मेरो मनमा यस्तो विचार आयो– म हिँडेर लोकको अन्तसम्म पुगी (स-फलता) प्राप्त गर्नेछु । भन्ते ! यही विचारानुसार खान-पान मल-मूत्र र सुत्ने-उठ्ने नगरि सय वर्षसम्म जीवितरहँदाको समयावधि भित्र हिँडि रहँदा पनि लोकको अन्तसम्म पुग्न नसकि बीचैमा म मरैं ।"

"आश्चर्य हो, भन्ते ! अद्‌भूत हो, भन्ते ! तपाईंको यो वचन सुभाषित



Downloaded from http://dhamma.digital

हो। भगवानले जुन भन्नुभयो– आवुसो ! जहाँ कि, गमनद्वारा जन्मिनु नपर्ने, जिउनु नपर्ने, मर्न नपर्ने, च्युत हुन नपर्ने अनि उत्पन्न हुनु नपर्ने ठाउँमा हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्नसक्छ, जान्नसक्छ, अनि देख्नसक्छ भनी म भन्दिन। भिक्षुहो ! उसले यसरी भनेपछि मैले रोहित देवपुत्रलाई यसो भनें– "आवुसो ! जहाँ न त जन्मिनु पर्छ, न त जिउनुपर्छ, न त मर्नुपर्छ, न त च्युत हुनुपर्छ अनि न त उत्पन्न हुनुपर्छ। जहाँ कि हिँडेर गई त्यस लोकको अन्तसम्म पुग्नसक्छ, जान्नसक्छ अनि देख्नसक्छ भनी मैले भन्दिन। आवुसो ! मैले यो पनि भन्दिन कि, विना लोकको अन्तसम्म नपुगी दुःखको अन्त हुनेछ। आवुसो ! यही व्यामभरको लामो संज्ञायुक्त शरीरमा नै मैले लोक, लोक समुदय, लोक निरोध अनि लोक निरोधगामिनी प्रतिपदाको प्रज्ञप्त गर्दछु,।"

**"गमनेन न पत्तब्बो, लोकस्सन्तो कुदाचनं।**
**न च अप्पत्वा लोकन्तं, दुक्खा अत्थि पमोचनं॥**
**"तस्मा हवे लोकविदू, सुमेधो, लोकन्तगु वुसितब्रह्मचरियो।**
**लोकस्स अन्तं समिताविं ञत्वा, नासीसती लोकस्मिं परञ्चा"ति॥** (अर्थ माथिकै)

## ७. सविदूरसुत्तं

४७. "भिक्षुहो ! यी चार एक अर्कोदेखि अत्यन्तै टाढा छन्। कुन कुन चार ? पहिलो आकाश र पृथ्वी एक अर्कोसँग टाढा छ। दोस्रो समुद्रको एक किनारादेखि अर्को किनारा अत्यन्तै टाढा छ। तेस्रो सूर्योदय हुने ठाउँदेखि अस्ताउने ठाउँ अत्यन्तै टाढा छ अनि भिक्षुहो चौठो सत्पुरुषको धर्म अनि असत्पुरुषको धर्म एक अर्कोदेखि अत्यन्तै टाढा छ। भिक्षुहो !! यी नै चार एक अर्कोदेखि अत्यन्तै टाढा छन्।"

**"नभञ्च दूरे पठवी च दूरे, पारं समुद्दस्स तदाहु दूरे।**
**यतो च वेरोचनो अब्भुदेति, पभङ्करो यत्थ च अत्थमेति॥**
**ततो हवे दूरतरं वदन्ति, सतञ्च धम्मं असतञ्च धम्म।**
**अव्यायिको होति सतं समागमो, यावापि तिट्ठेय्य तथेव होति।**
**खिप्पञ्हि वेति असतं समागमो, तस्मा सतंधम्मो असाब्भिआरा"ति॥**

"आकाश पनि टाढा छ, पृथ्वी पनि टाढा छ, समुद्रको वारी- बाट पारी पनि त्यत्तिकै टाढा छ, जहाँबाट सूर्योदय हुन्छ अनि जहाँ सूर्यास्त हुन्छ त्यो पनि अत्यन्तै टाढा छ त्यो भन्दा पनि अत्यन्तै टाढा सत्पुरुषको धर्म र असत्पुरुषको धर्म हो। सत्यको स-



Downloaded from http://dhamma.digital

मागम स्थिर हुन्छ अनि जति पनि बनिरहेको छ त्यो त्यस्तै नै हुन्छ । असत्पुरुषको सम्बन्ध छिटै बिग्रिन्छ । त्यसैले सत्पुरुषको धर्म र असत्पुरुषको धर्मबाट अत्यन्त टाढा हुन्छ ।"

## ८. विसाखसुत्तं

४८. एक समय भगवान सावत्थिस्थित जेतवनमा अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो । त्यस समय पञ्चाल पुत्र आयुष्मान विसाख उपस्थानशालामा भिक्षुहरूलाई धार्मिक कथाद्वारा विनम्र, स्पष्ट, निर्दोष, अर्थको बोध गराउँदै, गम्भीर, उच्चभावको वाणीबाट शिक्षित गर्दै, प्रेरित गर्दै, उत्साहित पार्दै अनि प्रसन्न गराइरह्यो । त्यस समय भगवान ध्यानभावनाबाट उठ्नु भई जहाँ उपस्थानशाला थियो त्यहाँ पुग्नुभयो । त्यहाँ बिच्छ्याई राखेको आसनमा बस्नुभयो । बस्नुभएपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो–

"भिक्षुहो ! उपस्थानशालामा को भिक्षुले धार्मिक कथाद्वारा वि-नम्र, स्पष्ट, निर्दोष, अर्थको बोध गराउँदै, गम्भीर, उच्चभावको वाणीबाट शिक्षित गर्दै, प्रेरित गर्दै, उत्साहित पार्दै अनि प्रसन्न गराइरहेको छ ? भन्ते ! आयुष्मान विसाखले उपस्थानशालामा भिक्षुहरूलाई धार्मिक कथाद्वारा विनम्र, स्पष्ट, निर्दोष, अर्थ-बोध गराउँदै, गम्भीर, उच्चभावको वाणीबाट शिक्षित गर्दै, प्रेरित गर्दै, उत्साहित पार्दै अनि प्रसन्न गराइरहेको छ ।"

"अनि भगवानले पञ्चाली पुत्र आयुष्मान विसाखलाई यसो भन्नुभयो– "विसाख ! अत्यन्तै राम्रो, विसाख ! अत्यन्तै राम्रो हो, तिमीले भिक्षुहरूलाई धार्मिक कथाद्वारा विनम्र, स्पष्ट, निर्दोष, अर्थ-बोध गराउँदै, गम्भीर, उच्चभावको वाणीबाट शिक्षित गर्दै,प्रेरित गर्दै, उत्साहित पार्दै अनि प्रसन्न गराइरह्यौ ।"

**"नाभासमानं जानन्ति, मिस्सं बालेहि पण्डितं ।**
**भासमानञ्च जानन्ति, देसेन्तं अमत पदं ॥**
**"भासये जोतये धम्मं, पग्गण्हे इसिनं धजं ।**
**सुभासितधजा इसयो, धम्मो हि इसिनं धजो"ति ॥**

"नबोजुन्जेल मूर्खसँग मिलेर बस्दा पण्डितको पहिचान हुँदैन । बोल्दा पनि अमृतपदको धर्म देशना गर्दा उसको पहिचान हुन्छ ।

"धर्मदेशना गर, त्यसलाई प्रकाशित पार, ऋषिको ध्वजा धारण गर । सुभाषित नै ऋषिको ध्वजा हो अनि धर्म नै ऋषिको ध्वजा हो ।"



Downloaded from http://dhamma.digital

## ९. विपल्लाससुत्तं

४९. "भिक्षुहो ! यी चार संज्ञा विपर्यास (मिथ्याज्ञान), चित्त-विपर्यास र दृष्टि-विपर्यास हुन् । कुन कुन चार ? भिक्षुहो ! अनित्यलाई नित्य ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास हो । भिक्षुहो ! दुःखलाई सुख ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास हो । भिक्षुहो ! अनात्मालाई आत्मा ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास हो । भिक्षुहो ! अशुभ (घृणित, दुर्गन्धित शुभनभएको) शुभ ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास हो ।

"भिक्षुहो ! यी चार संज्ञा-विपर्यास होइन, चित्त-विपर्यास होइन र दृष्टि-विपर्यास होइन । कुन कुन चार ? भिक्षुहो ! अनित्यलाई अनित्य ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास होइन । भिक्षुहो ! दुःखलाई दुःख ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास होइन । भिक्षुहो ! अनात्मालाई अनात्मा ठान्नु संज्ञा-विपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास होइन । भिक्षु-हो ! अशुभ (घृणित, दुर्गन्धित शुभनभएको) अशुभठान्नु संज्ञाविपर्यास, चित्त-विपर्यास र दृष्टि-विपर्यास होइन ।"

"अनिच्चे निच्चसञ्ञिनो, दुक्खे च सुख सञ्ञिनो ।
अनत्तनि च अत्ता ति, असुभे सुभसञ्ञिनो ।
मिच्छादिट्ठिहता सत्ता, खित्तचित्ता विसञ्ञिनो ॥
"ते योगयुत्ता मारस्स, अयोगक्खेमिनो जना ।
सत्ता गच्छन्ति संसारं, जातिमरणगामिनो ॥
"यदा च बुद्धा लोकस्मिं, उप्पज्जन्ति पभङ्करा ।
ते इमं धम्मं पकासेति, दुक्खूपसमगामिनं ॥
"तेसं सुत्वान सप्पञ्ञा, सचित्तं पच्चलद्धा ते ।
अनिच्चं अनिच्चतो दक्खुं, दुक्खमदक्खु दुक्खतो ॥
"अनत्तनि अनत्ता ति, असुभं असुभतद्दसुं ।
सम्मादिट्ठिसमादाना, सब्बं दुक्खं उपच्चगु"न्ति ॥

"अनित्यलाई नित्य ठान्ने, दुःखलाई सुख ठान्ने, अनात्मालाई आत्मा ठान्ने, अशुभलाई शुभ ठान्ने मिथ्यादृष्टिका सत्वहरू, विक्षिप्त चित्त तथा संज्ञा विहीन हुन्छ ।

"ऊ मारद्वारा वशीभूत हुँदा निर्वाणबाट विमुख हुन्छ । जन्म मरणको हातमा परेर सत्वहरू संसारमा भौंतारिरहने छन् ।–



Downloaded from http://dhamma.digital

"जब प्रभङ्कर बुद्ध लोकमा उत्पन्न हुन्छ। उसले दुःख शान्त हुने यस मार्गको धर्म प्रकाशित गर्छ।

"अनित्यलाई अनित्य भनेर देख्ने, दुःखलाई दुःख भनेर देख्नसक्ने प्रज्ञावानले धर्मलाई सुनेर आफ्नो चित्तलाई काबुमा राख्छ।

"अनात्मालाई अनात्मा, अशुभलाई अशुभदर्शी हुने सम्यकदृष्टिकले सबै दुःख हटाउँछ।"

## १०.उपक्किलेससुत्तं

५०. "भिक्षुहो ! यी चार कारणले गर्दा सूर्य निस्तेज हुन्छ । मलिनताले गर्दा चन्द्र र सूर्य दीप्तिमय, प्रभासमय तथा चम्किलो हुँदैन । ती चार के के हुन् ? "भिक्षुहो ! बादलले चन्द्र र सूर्यलाई निस्तेज गरिदिन्छ। जुन मलिनताले गर्दा चन्द्र र सूर्य दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।

"भिक्षुहो ! तुवाँलोले चन्द्र र सूर्यलाई निस्तेज गरिदिन्छ । जुन मलिनताले गर्दा चन्द्र र सूर्य दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।

"भिक्षुहो ! हुस्सुले चन्द्र र सूर्यलाई निस्तेज गरिदिन्छ। जुन मलिनताले गर्दा चन्द्र र सूर्य दीप्तिमय, प्रभासमय वा चम्किँदैन।

"भिक्षुहो ! राहुले चन्द्र र सूर्यलाई निस्तेज गरिदिन्छ । जुन मलिनताले गर्दा चन्द्र र सूर्य दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।

"भिक्षुहो ! यसरी नै श्रमण-ब्राह्मणका चार मैल छन् । जुन मलिनताले गर्दा कोही कोही श्रमण-ब्राह्मण दीप्तिमय, प्रभासमय तथा चम्किँदैन । ती चार के के हुन् ? भिक्षुहो ! कोही कोही श्रमण-ब्राह्मणले जाँड-रक्सि पिउन्छ जाँड-रक्सि पिउन छाड्दैन । भिक्षुहो ! श्रमण-ब्राह्मणका निम्ति यो पहिलो मल हो । जुन मलिनताले गर्दाश्रमण-ब्राह्मण दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।

"भिक्षुहो ! कोही कोही श्रमण-ब्राह्मणले मैथुन धर्मको सेवन गर्छ, मैथुन धर्मबाट विरत हुँदैन । भिक्षुहो ! श्रमण-ब्राह्मणका निम्ति यो दास्रो मल हो । जुन मलिनताले गर्दा श्रमण-ब्राह्मण दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।

"भिक्षुहो ! कोही कोही श्रमण-ब्राह्मणले सुन-चाँदी वा मुद्रा ग्रहण गर्छ, तथा सुन-चाँदी वा मुद्रा ग्रहण गर्नबाट विरत हुँदैन । भिक्षुहो ! श्रमण-ब्राह्मणका निम्ति यो तेस्रो मल हो । जुन मलिनताले गर्दा श्रमण-ब्राह्मण दीप्तिमय, प्रभासमय वा चम्किँदैन ।



Downloaded from http://dhamma.digital

# २. दुतियपण्णसकं

## (६) पुञ्ञाभिसन्दवग्गो

### १. पठमपुञ्ञाभिसन्दसुत्तं

५१. सावत्थिको निदान । भिक्षुहो ! यी चार प्रकारले पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय,' हित-सुख निम्ति हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! जसको (जो दाताले दान दिएको) चीवर भिक्षुले परिभोग गरेपछि अप्रमाण चित्त समाधि प्राप्त गरी बस्दछ भने दातालाई अप्रमाण पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय र हित-सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! जसको भोजन भिक्षुले परिभोग गरेपछि अप्रमाण चित्त समाधि प्राप्त गरी बस्दछ भने दातालाई अप्रमाण पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय र हित-सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! जसको शयनान भिक्षुले परिभोग गरेपछि अप्रमाण चित्त समाधि प्राप्त गरी बस्दछ भने दातालाई अप्रमाण पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय र हित-सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! जसको औषधी भिक्षुले परिभोग गर्दा अप्रमाण चित्त समाधि प्राप्त गरी बस्दछ भने दातालाई अप्रमाण पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय, हित र सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! यी चार वस्तुले युक्त हुँदा आर्यश्रावकले यत्तिको पुण्य लाभ गऱ्यो, कुशल लाभ गऱ्यो, सुख पायो, राम्रो अग्रफल पायो, सुखकारक भयो, स्वर्गमा जन्मे, इष्ट-सुन्दर-मनप्रिय-हित-सुख भयो भनी कुशल लाभ हुँदाको नाप-जोख गर्न सजिलो छैन । असंख्य, अप्रमेय महापुण्यस्कन्धको संख्या मा पर्छ ।

"भिक्षुहो ! जस्तो कि महासमुद्रको पानी नाप्न सजिलो छैन । यो पानी यति छ, यति सहश्र वा सतसहश्र पानी छ । असंख्य अप्रमेय महास्कन्ध-



Downloaded from http://dhamma.digital

को संख्यामा गनिन्छ । यसरी नै भिक्षुहो ! यी चार वस्तुले युक्त हुँदा आर्यश्रावकलाई पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँछ, इष्ट, सुन्दर, मनप्रिय, हित-सुखको निम्ति हुन्छ । असंख्य, अप्रमेय महापुण्यस्कन्धको संख्यामा पर्छ ।

**"महोदधिं अपरमितं महासरं, बहुभेरवं रतनवरानमालयं ।**
**नज्जो यथा नरगणसङ्घ सेविता, पुथु सवन्ती उपयन्ति सागरं ॥**
**"एवं नरं अन्नदपानवत्थदं, सेय्यानिसज्जत्थरणस्स दायकं ।**
**पुञ्ञस्स धारा उपयन्ति पण्डितं, नज्जो यथा वारिवहाव सागर"न्ति ॥**

"नरगण-संघद्वारा सेवित सबै नदीका असीम जलराशी, बहु भय-भैरवयुक्त रत्न खानी भएको सागरमा पुग्छ । तदनुरूप जो नरले अन्न-पान-वस्त्र तथा शयनाशन दान दिन्छ । ती पण्डितकहाँ पुण्य-धारा प्रवाहित हुन्छ जस्तै नदीहरू बगेर समुद्रमा पुग्छ ।"

## २. दुतियपुञ्ञाभिसन्दसुत्तं

५२. भिक्षुहो ! भिक्षुहो ! यी चार प्रकारले पुण्य लाभ हुन्छ, कुशल लाभ हुन्छ, सुख दिलाउँछ, राम्रो फल दिन्छ, सुखकारक हुन्छ, स्वर्गमा जन्माउँन्छ, इष्ट, सुन्दर, मनप्रिय र हित-सुखको निम्ति हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ आर्यश्रावक बुद्धप्रति अटल श्रद्धावान तथा श्रद्धासम्पन्न हुन्छ– उहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुत्तर पुरुषदम्य सारथि, देव-मनुष्यका शास्ता, बुद्ध, भगवान हुनुहुन्छ । भिक्षुहो ! पुण्य लाभको निम्ति, सुखको निम्ति, राम्रो फलको निम्ति, सुखको निम्ति, स्वर्गमा जन्मिनको निम्ति, इष्ट, सुन्दर, मनप्रियको निम्ति र हित-सुखको निम्ति यो पहिलो हो ।

"पुनश्च भिक्षुहो ! यहाँ आर्यश्रावक धर्मप्रति अटल श्रद्धावान तथा श्रद्धासम्पन्न हुन्छ– 'भगवानको धर्म सुआख्यात, सांदृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाण पुऱ्याउने अनि विज्ञजनद्वारा छुट्याइ-छुट्याइ निरिक्षण गर्न सकिने धर्म हो । भिक्षुहो ! पुण्य लाभ गर्नको निम्ति, सुखको निम्ति, राम्रो फलको निम्ति, सुखको निम्ति, स्वर्गमा जन्मिनको निम्ति, इष्ट, सुन्दर, मनप्रियको निम्ति र हित-सुखको निम्ति यो दोस्रो हो ।

"पुनश्च भिक्षुहो ! यहाँ आर्यश्रावक संघप्रति अटल श्रद्धावान तथा श्रद्धासम्पन्न हुन्छ– 'भगवानको श्रावक संघ सुमार्गमा लाग्ने, ऋजुमार्गमा लाग्ने, न्यायमार्गमा लाग्ने, सामिचीन (आदर-सत्कार गर्न योग्य) मार्गमा लाग्ने,



Downloaded from http://dhamma.digital

उहाँहरू चार जोडा पुद्गल अर्थात आठ आर्य पुद्गल हुन्, यही भगवानको श्रावकसंघ आदर गर्न योग्य, आतिथ्य गर्न योग्य, दक्षिणा दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकजनका लागि अनुपम पुण्य क्षेत्र हुन् । भिक्षुहो ! पुण्य लाभ गर्नको निम्ति, सुखको निम्ति, राम्रो फलको निम्ति, सुखकारकको निम्ति, स्वर्गमा जन्मिनको निम्ति, इष्ट, सुन्दर, मनप्रियको निम्ति र हित-सुखको निम्ति यो तेस्रो हो ।

"पुनश्च भिक्षुहो ! आर्यश्रावक मनोरम आर्यशीलसम्पन्न हुन्छ । अखण्डित, छिद्ररहित, वेदाग, अकलंकित, परिशुद्ध, विज्ञजनबाट प्रशंसित, निर्मल र समाधिको लागि सहायक हुन्छ । भिक्षुहो ! पुण्य लाभ गर्नको निम्ति, सुखको निम्ति, राम्रो फलको निम्ति, सुखको निम्ति, स्वर्गमा जन्मिनको निम्ति, इष्ट, सुन्दर, मनप्रियको निम्ति र हित-सुखको निम्ति यो चौठो हो ।"

"यस्स सद्धा तथागते, अचला सुप्पतिट्ठिता ।
सीलञ्च यस्स कल्याणं, अरियकन्तं पसंसितं ॥
"सङ्घे पसादो यस्सत्थि, उजुभूतञ्च दस्सनं ।
अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं ॥
तस्मा सद्धञ्च सीलञ्च, पसादं धम्मदस्सनं ।
अनुयुञ्जेथ मेधावी, सरं बुद्धानं सासन"न्ति ॥

"जसको श्रद्धा तथागतप्रति अटल र सुप्रतिष्ठित हुन्छ । जसको कल्याणकारक आर्यशील प्रशंसनीय हुन्छ ।

"जसको संघप्रति दृष्टि ऋजुभूत हुन्छ । उसलाई अदरिद्र भनिन्छ । उसको जीवन निष्प्रयोजन वा निष्फल हुँदैन ।

"यसकारण मेधावीले बुद्ध शासन (उपदेश) स्मरण गरिकन श्रद्धावान, शीलवान अनि प्रसन्न हुँदै धर्मदर्शी होऊ ।"

### ३. पठमसंवाससुत्तं

५३. एक समय भगवान मधुरा (मथुरा) र वेरञ्जकको बीच बाटो हुँदै गइरहनु भएको थियो । अनि भगवानले बाटो छोडेर एक वृक्षमुनि बस्नुभयो । भगवान वृक्षमुनि बसिरहनु भएको गृहपति अनि गृहपत्निहरूले देखे । देखेर तिनीहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती गृहपतिहरू अनि गृहपत्नीहरूलाई भगवानले यसो भन्नुभयो–

"गृहपतिहो ! यी चार प्रकारका सहवास हुन् । ती चार के के हुन् ?



Downloaded from http://dhamma.digital

'मृतक' मृतसँग सहवास, 'मृतक' देवीसँगको सहवास, 'देवता' मृतसँग सहवास अनि देवता' देवीसँग सहवास।

"गृहपतिहो ! 'मृतक' मृतसँगको सहवास कस्तो हुन्छ ? गृहपतिहो ! यहाँ एकजना स्वामी यस्तो हुन्छ– प्राणी हिंसा गर्ने, चोरी गर्ने काममिथ्याचार (परपुरुष वा परस्त्रीसँग व्यभिचार) गर्ने, झूटो बोल्ने, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्ने, दु:शील, अधर्मी, कन्जुस अनि मन मैलो गरी घरमा बस्छ। श्रमण-ब्राह्मणहरूलाई गाली गर्छ र नचाहिँदो भन्छ। उसकी पत्नीले पनि प्राणी हिंसा गर्छ, चोरी गर्छ, काममिथ्याचार गर्छ, झूटो बोल्छ, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्छ, दु:शील, अधर्मी, कन्जुस अनि मन मैलो गरी घरमा बस्छे। श्रमण-ब्राह्मणहरूलाई गाली गर्ने र नचाहिँदो भन्छ। 'मृतक' मृतसँगको सहवास यस्तै हुन्छ।

"गृहपतिहो ! 'मृतक' देवीसँगको सहवास कस्तो हुन्छ ? गृहपतिहो ! यहाँ स्वामी यस्तो हुन्छ– प्राणी हिंसा गर्ने, चोरी गर्ने, काममिथ्याचार गर्ने, झूटो बोल्ने, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्ने, दु:शील, अधर्मी, कन्जुस अनि मन मैलो गरी घरमा बस्छ। श्रमण-ब्राह्मणहरूलाई गाली गर्ने र नचाहिँदो भन्छ। उसकी पत्नीले भने प्राणी हिंसा गर्दैन, चोरी गर्दैन, काममिथ्याचार गर्दैन झूटो बोल्दैन, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्दैन, सुशील, कल्याणधर्मी, कन्जुसपन हटाएर मन स्वच्छ गरी घरमा बस्छे। श्रमण-ब्राह्मणहरूलाई गाली गर्दैन र नचाहिँदो भन्दैन। 'मृतक' देवीसँगको सहवास यस्तै हुन्छ।

"गृहपतिहो ! 'देवता' मृतसँगको सहवास कस्तो हुन्छ ? गृहपतिहो ! यहाँ स्वामीले प्राणी हिंसा गर्दैन, चोरी गर्दैन, काममिथ्या-चार गर्दैन, झूटो बोल्दैन, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्दैन, सुशील, कल्याणधर्मी, कन्जुसपन हाटाएर मन मैलो नगरी घरमा बस्छ। श्रमण-ब्राह्मणहरूलाई गाली गर्दैन र नचाहिँदो भन्दैन। उसकी पत्नीले भने प्राणी हिंसा गर्छ, चोरी गर्छ, काममिथ्याचार गर्छ, झूटो बोल्छ, जाँड-रक्सी तथा नशालुपदार्थ सेवन गर्छ, दु:शील, अधर्मी, कन्जुसपन नहटाई, मन स्वच्छ नगरी घरमा बस्छे। श्रमण-ब्राह्मणहरूलाई गाली गर्ने र नचाहिँदो भन्छ देवता' मृतसँगको सहवास यस्तै हुन्छ।

"गृहपतिहो ! 'देवता' देवीसँगको सहवास कस्तो हुन्छ ? गृहपतिहो ! यहाँ स्वामीले प्राणी हिंसा गर्दैन, चोरी गदैर्न, काममिथ्या-चार गर्दैन, झूटो



Downloaded from http://dhamma.digital

बोल्दैन, जाँड-रक्सी तथा नशालु पदार्थ सेवन गर्दैन, सुशील, कल्याणधर्मी, कन्जुसपन हटाएर मन मैलो नगरी घरमा बस्छ । श्रमण-ब्राह्मणहरूलाई गाली गर्दैन र नचाहिँदो भन्दैन । उसकी पत्नीले पनि प्राणी हिंसा गर्दैन, चोरी गर्दैन, काम-मिथ्याचार गर्दैन, झूटो बोल्दैन, जाँड-रक्सी तथा नशालुपदार्थ सेवन गर्दैन, सुशील, कल्याणधर्मी, कन्जुसपन हटाएर मन स्वच्छ गरी घरमा बस्छे । श्रमण-ब्राह्मणहरूलाई गाली गर्दैन र नचाहिँदो भन्दैन । 'देवता' देवीसँग-को सहवास यस्तै हुन्छ । गृहपतिहो ! चार प्रकारका सहवास यी नै हुन् ।"

**"उभो च होन्ति दुस्सीला, कदरिया परिभासका ।**
**ते होन्ति जानिपतयो, छवा संसासमागता ॥**
**"सामिको होति दुस्सीलो, कदरियो परिभासको ।**
**भरियासीलवती होति, वदञ्ञूवीतमच्छरा ।**
**सापि देवी संवसति, छवेन पतिना सह ॥**
**"सामिको सीलवा होति, वदञ्ञूवीतमच्मछरो ।**
**भरिया होति दुस्सीला, कदरिया परिभासका ।**
**सापि छवा संवसति, देवेन पतिना सह ॥**
**"उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।**
**ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥**
**"अत्थासं पचुरा होन्ति, फासुकं उपजायति ।**
**अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥**
**"इध धम्मं चरित्वान, समसीलब्बता उभो ।**
**नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो ॥"**

"दुवै दुश्शील, कन्जुस र गालीगल्लौज गर्ने ती पति-पत्नी 'मृतक' मृतकसँगको सहवास हो ।

"स्वामी दुश्शील, कन्जुस र गालीगल्लौज गर्ने हुन्छ । उसकी पत्नी भने शीलवती, उदार, कन्जुसीपन नभएकी हुन्छे । ती 'देवी' मृतक पतिसँगको सहवास हो ।

"स्वामी शीलवान, उदार, कन्जुसपन हुँदैन । पत्नी भने दुश्शील, कन्जुस र गालीगल्लौज गर्ने हुन्छे । यो 'देवता' मृतक पत्नीसँगको सहवास हो ।

"दुवै श्रद्धावान, उदार, संयमित, धर्मपूर्वक जीवनयापन गर्ने ती पति-पत्नी परस्पर प्रिय बोली बोल्छन् ।

"तिनीहरूले प्रचुर अर्थ-लाभ तथा सजिलैसँग (धन) उपार्जन गर्नेछन् । सक्नेछन् । दुवे समानरूपले शीलवान हुँदा शत्रुहरू दुःखित हुन्छन् ।



Downloaded from http://dhamma.digital

"यहाँ दुवै धर्माचरण गर्ने अनि समानरूपले शीलव्रती हुनेहरू देवलोकमा जन्मेर खुशी हुन्छन् । कामना गर्नेको कामना पूर्ण हुँदा आनन्दित हुन्छन् ।"

### ४. दुतियसंवाससुत्तं

"भिक्षुहो ! यी चार प्रकारका सहवास हुन् । ती चार के के हुन् ? 'मृतक' मृतसँगको सहवास, 'मृतक' देवीसँगको सहवास, 'देवता' मृतसँगको सहवास अनि देवता' देवीसँगको सहवास ।

"भिक्षुहो ! 'मृतक' मृतसँगको सहवास कस्तो हुन्छ ? गृहपतिहो ! यहाँ एकजना स्वामी यस्तो हुन्छ– प्राणी हिंसा गर्ने, चोरी गर्ने, काममिथ्याचार झूटो बोल्ने, चुक्ली गर्ने, कठोर बोली बोल्ने, बकम्फुस, लोभी, द्वेषी, मिथ्यादृष्टि, दुःशील, अधर्मी, कन्जुसपनको मैल नहटाई श्रमण-ब्राह्मणहरू-लाई गाली-गल्लौज गर्ने खालको भई घरमा बस्छ । उसकी पत्नीले पनि प्राणी हिंसा गर्ने, चोरी गर्ने, काममिथ्याचार गर्ने, झूटो बोल्ने, चुक्ली गर्ने, कठोर बोली बोल्ने, बकम्फुस, लोभी, द्वेषी, मिथ्यादृष्टि दुःशील, अधर्मी, कन्जुस अनि मन मैलो गरी घरमा बस्छे । श्रमण-ब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खाल-को भई घरमा बस्छे । मृतकसँग मृतको सहवास यस्तै हुन्छ ।

"भिक्षुहो ! 'मृतक' देवीसँगको सहवास कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ स्वामी यस्तो हुन्छ– प्राणी हिंसा गर्ने, चोरी गर्ने, काममिथ्याचार गर्ने, झूटो बोल्ने, चुक्ली गर्ने, कठोर बोली बोल्ने, बकम्फुस, लोभी, द्वेषी, मिथ्या-दृष्टि, दुःशील, अधर्मी, कन्जुसीपनको मैल नहटाई अनि श्रमण-ब्राह्मणहरूलाई गाली -गल्लौज गर्ने खालको भई घरमा बस्छ ।उसकी पत्नीले भने प्राणी हिंसा गर्दैन, चोरी गर्दैन, काममिथ्याचार गर्दैन, झूटो बोल्दैन, चुक्ली गर्दैन, कठोर बोली बोल्दैन, बकम्फुस हुँदैन, निर्लोभी, निर्द्वेषी, सम्यकदृष्टि शीलवती, कल्याणधर्मी, कन्जुसी मैल हटाई, श्रमण-ब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खालको नभई घरमा बस्छे । 'मृतक' देवीसँगको सहवास यस्तै हुन्छ ।

"भिक्षुहो ! 'देवता' मृतसँगको सहवास कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ स्वामी यस्तो हुन्छ– प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, काममिथ्याचार नगर्ने, झूटो नबोल्ने, चुक्ली नगर्ने, कठोर बोली नबोल्ने, बकम्फु हुँदैन, निर्लोभी, निर्द्वेषी, सम्यकदृष्टि, शीलवान, कल्याणधर्मी, कन्जुसी मैल हाटाई श्रमण-ब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खालको नभई घरमा बस्छ । उसकी पत्नीले भने प्राणी हिंसा गर्छ, चोरी गर्छ, काममिथ्याचार गर्छ, झूटो बोल्छ,, चुक्ली गर्छ, कठोर बोली बोल्छ, बकम्फुस, लोभी, द्वेषी, मिथ्यादृष्टि, दुःशील,



Downloaded from http://dhamma.digital

अधर्मी, कन्जुसी मैल नहटाई श्रमण-ब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खालको भई घरमा बस्छे । 'देवता' मृतसँगको सहवास यस्तै हुन्छ ।

"भिक्षुहो ! 'देवता' देवीसँगको सहवास कस्तो हुन्छ? भिक्षुहो ! यहाँ स्वामी यस्तो हुन्छ– प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, काममिथ्याचार नगर्ने, झूटो नबोल्ने, चुक्ली नगर्ने, कठोर बोली नबोल्ने, बकम्फुस नहुने, निर्लोभी, निर्द्वेषी, सम्यकदृष्टि, शीलवती, कल्याणधर्मी, कन्जुसी मैल हटाई अनि श्रमणब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खालको नभई घरमा बस्छ । उसकी पत्नीले पनि प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, काममिथ्याचार नगर्ने, झूटो नबोल्ने, चुक्ली नगर्ने, कठोर बोली नबोल्ने, बकम्फुस नहुने, निर्लोभी, निर्द्वेषी, सम्यकदृष्टि, शीलवती, कल्याणधर्मी, कन्जुसी मैल हटाई, श्रमण-ब्राह्मणहरूलाई गाली-गल्लौज गर्ने खालको नभई घरमा बस्छे । 'देवता' देवीसँगको सहवास यस्तै हुन्छ । भिक्षुहो ! चार प्रकारका सहवास यी नै हुन् ।"

"उभो च होन्ति दुस्सीला, कदरिया परिभासका ।  
ते होन्ति जानिपतयो, छवा संसासमागता ॥  
"सामिको होति दुस्सीलो, कदरियो परिभासको ।  
भरियासीलवती होति, वदञ्ञूवीतमच्छरा ।  
सापि देवी संवसति, छवेन पतिना सह ॥  
"सामिको सीलवा होति, वदञ्ञूवीतमच्छरो ।  
भरिया होति दुस्सीला, कदरिया परिभासका ।  
सापि छवा संसवति, देवेन पतिना सह ॥  
"उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।  
ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥  
"अत्थासं पचुरा होन्ति, फासुकं उपजायति ।  
अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥  
"इध धम्मं चरित्वान, समसीलब्बता उभो ।  
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो"ति ॥  
(अर्थ माथिकै पढ्नु होला)

## ५.पठमसमजीवीसुत्तं

५५. यस्तो मैले सुनें– एक समय भगवान भग्गस्थित सुंसुमारगिरिको भेसकला मृगदावनमा बस्नुहुन्थ्यो । त्यस बेला भगवान पूर्वाण्हको समय चीवर लगाउनु भई, पात्र र चीवर लिनुभई जहाँ नकुल पिता गृहस्थको घर हो त्यहाँ जानुभयो । त्यहाँ जानुभई बिच्छ्याई राखेको आसनमा बस्नुभयो । अनि



Downloaded from http://dhamma.digital

नकुलपिता गृहपति र नकुलमाता गृहपत्नी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका नकुलपिता गृहपतिले भगवानलाई यसो भन्यो–

"भन्ते ! जब म सानो थिएँ तब यी नकुलमाता गृहपत्नीलाई सानै अवस्थामा ल्याएको थिएँ । नकुलमाता गृहपत्नीले मनले समेत म विरुद्ध आचरण गरेको थाहा छैन भने शरीरद्वारा त झन के नै भन्नु !" "भन्ते ! हामी यस लोकमा बाँचुञ्जेल परस्पर एकले अर्कालाई हेरीरहने अनि अर्को जन्ममा पनि साथमा नै रहन चाहन्छौं । नकुलमाता गृहपत्नीले पनि भगवानलाई यसरी भनिन्– "भन्ते ! नकुलपिता जब सानु अवस्थसाको थियो त्यस बेला मलाई ल्याउँदा म पनि सानै अवस्थाको थिएँ । नकुलपिता गृहपतिले मनले समेत म विरुद्ध आचरण गरेको मलाई थाहा छैन भने शरीरद्वारा त झन के नै भन्नु !" "भन्ते ! हामी यस लोकमा बाँचुञ्जेल परस्पर एकले अर्कालाई हेरीरहने अनि अर्को जन्ममा पनि साथमा नै रहन चाहन्छौं ।"

गृहपतिहो ! यदि दुवै पति-पत्नीले बाँचुञ्जेल परस्पर हेरिरहने अनि अर्को जन्ममा पनि परस्परसँगै रहने इच्छा भएमा दुवैलको श्रद्धा एकैसमानको हुनुपर्छ । त्याग एकैसमानको हुनुपर्छ । शील एकैसमानको हुनुपर्छ । प्रज्ञा एकैसमानको हुनुपर्छ । यस्तो हुँदा नै तिनीहरू बाँचुञ्जेल पनि परस्पर सँगै रहिरहन पाउँछ । अनिअर्को जन्ममा पनि सँगैरहन पाउने छन् ।"

"उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।
ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥
"अत्थासं पचुरा होन्ति, फासुकं उपजायति ।
अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥
"इध धम्मं चरित्वान, समसीलब्बता उभो ।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो"ति ॥

"दुवै श्रद्धावान, उदार, संयमित, धर्मपूर्वक जीवनयापन गर्ने ती पति-पत्नी परस्पर प्रिय बोली बोल्छ ।

"तिनीहरूलाई प्रचुर अर्थ-लाभ तथा सजिलैसँग (धन) उपा-र्जन गर्न सक्ने हुन्छन् । दुवै समानरूपले शीलवान हुँदा शत्रुहरू दु:खित हुन्छन् ।

"यहाँ दुवै धर्माचरण गर्ने अनि समानरूपले शीलव्रती हुनेहरू देवलोकमा जन्मेर खुशी हुन्छन् । कामना गर्नेको कामना पूर्ण हुँदा आनन्दित हुन्छन् ।"



Downloaded from http://dhamma.digital

## ६. दुतियसमजीविसुत्तं

५६. "भिक्षुहो ! दुवै पति-पत्नी बाँचुञ्जेल एक अर्कालाई हेरिरहने अनि मृत्युपछि पनि सँगैरहने आकांक्षा भएमा एकैरूपको श्रद्धा, शील, त्याग अनि प्रज्ञा हुनुपर्छ । यसरी दुवैमा ती गुणाङ्गहरू हुँदा बाँचुञ्जेल अनि मृत्युपछि पनि एकले अर्कोलाई हेर्न पाउँछन् ।"

"उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।
ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥
"अत्थासं पचुरा होन्ति, फासुकं उपजायति ।
अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥
"इध धम्मं चरित्वान, समसीलब्बता उभो ।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो"ति ॥

(५. नं कै अर्थ पढ्नु होला)

## ७. सुप्पवाससुत्तं

एक समय भगवान कोलियस्थित पज्जनिक भन्ने जनपदमा बस्नुहुन्थ्यो । अनि त्यस बेला भगवान पूर्वापण्ह समय चीवर लगाउनु भई पात्र र चीवर लिनुभई जहाँ कोलियपुत्री सुप्पवासाको निवास्थान हो त्यहाँ जानुभयो । त्यहाँ जानुभई बिच्छ्याई राखेको आसनमा बस्नुभयो । अनि त्यस बेला कोलियपुत्री सुप्पवासाले भगवानलाई प्रणीत खाद्य-भोज्यद्वारा आफ्नै हातले सन्तर्पित गर्दै पस्कि दिइन् । भगवानले भोजनपछि पात्रबाट हात हटाउनु भयो । यसपछि सुप्पवासा एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकी कोलियपुत्री सुप्पवासालाई भगवानले यसरी भन्नुभयो–

"सुप्पवासा ! जो आर्य श्राविकाले भोजन दान दिन्छन् उसले प्रतिग्राहकलाई चार प्रकारका दान दिएको हुन्छ । ती चार के के हुन् ? आयु, वर्ण, सुख र बल । आयु दान दिँदा दिव्य अथवा मनुष्यको आयु लाभी हुन्छ । वर्ण दान दिँदा दिव्य अथवा मनुष्यको वर्ण लाभी हुन्छ । सुख दान दिँदा दिव्य अथवा मनुष्यको सुख लाभी हुन्छ । बल दान दिँदा दिव्य अथवा मनुष्यको बल लाभी हुन्छ । सुप्पवासा ! आर्य-श्राविकाले भोजन दान दिँदा प्रतिग्राहकालाई यी चार प्रकारको दान दिएको हुन्छ ।"

"सुसङ्खतं भोजनं या ददाति, सुचिं पणीतं रससा उपेतं ।
सा दक्खिणा उज्जुगतेसु दिन्ना, चरणुपपन्नेसु महग्गतेसु ।



Downloaded from http://dhamma.digital

पुञ्ञेनपुञ्ञं संसन्दमाना, महप्फला लोकविदून वण्णिता ॥
"एतादिसं यञ्ञमनुस्सरन्ता, ये वेदजाता विचरन्ति लोके ।
विनेय्य मच्छेरमलं समूलं, अनिन्दिता सग्गमुपेन्तिठान"न्ति ॥

"जसले शुद्धरूपले उत्तम रसास्वादयुक्त भोजन दान दिन्छ । त्यो दान ऋजुमार्गमा लागेका तथा सुआचरण-सम्पन्नमा लागेका महान व्यक्तिलाई दिंदा पुण्य-पुण्यसँग मिलाएर लोक-विज्ञ (बुद्ध)ले महानफल पाइने छ भनी वर्णन गर्दछु ।

"जसले यो कुरालाई अनुकरण गरी प्रसन्न भई लोकमा विचरण गर्छ त्यसले कन्जुस स्वभावको (मैल समूल नष्ट गरी अनिन्दित भई स्वर्ग लोकमा जन्मिने छ ।

## ८. सुदत्तसुत्तं

५८. त्यस बेला गृहपति अनाथपिण्डिक जहाँ भगवान हुनहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नुभयो–

गृहपति ! आर्य-श्रावकले भोजन दान दिँदा प्रतिग्राहकलाई चार प्रकारका दान दिएको हुन्छ । ती चार के के हुन् ? आयु, वर्ण, सुख र बल । आयु दान दिँदा दिव्य अथवा मनुष्यआयु लाभी हुन्छ । वर्ण दान दिँदा दिव्य अथवा मनुष्यवर्ण लाभी हुन्छ । सुख दान दिँदा दिव्य अथवा मनुष्यसुख लाभी हुन्छ । बल दान दिँदा दिव्य अथवा मनुष्यबल लाभी हुन्छ । गृहपति ! आर्य-श्रावकले भोजन दान दिँदा प्रतिग्राहकालाई यी चार प्रकारका दान दिएको हुन्छ ।"

"यो सञ्ञतानं परदत्तभोजिनं, कालेन सक्कच ददाति भोजनं ।
चत्तारी ठानानि अनुप्पवेच्छति, आयुञ्च वण्णञ्च सुखं वलञ्च ॥
सो आयुदायी वण्णदायी, सुख बलं ददो नरो ।
दीघायु यसवा होति, यत्थ यत्थूपपज्जती"ति ॥

"जो अरूले दिएको भोजन खाएर संयमित हुन्छ । संयमितलाई समय-समयमा श्रद्धापूर्वक भोजन दान दिंदा उसले चार प्रकारका दान दिएको हुन्छ– आयु, वर्ण, सुख र बल ।

"उसले आयु, वर्ण, सुख र बल दान दिंदा ऊ जहाँ जहाँ जन्मिन्छ दीर्घायु र यशवान हुन्छ ।"

## ९. भोजनसुत्तं

५९. "भिक्षुहो ! दायकले भोजन दान दिँदा प्रतिग्राहकलाई चार थरी

Downloaded from http://dhamma.digital

दान दिएको हुन्छ। ती चार के के हुन् ? आयु, वर्ण, सुख र बल। आयु दान दिँदा दिव्य अथवा मनुष्य-आयु लाभी हुन्छ। वर्ण दान दिँदा दिव्य अथवा मनुष्य-वर्ण लाभी हुन्छ। सुख दान दिँदा दिव्य अथवा मनुष्य-सुख लाभी हुन्छ। बल दान दिँदा दिव्य अथवा मनुष्य-बल लाभी हुन्छ। भिक्षुहो ! आर्य-श्रावकले भोजन दान दिँदा प्रतिग्राहकलाई यी चार थरी दान दिएको हुन्छ।"

**"यो सञ्ञतानं परदत्तभोजिनं, कालेन सक्कच ददाति भोजनं।**
**चत्तारी ठानानि अनुप्पवेच्छति, आयुञ्च वण्णञ्च सुखं वलं॥**
**सो आयुदायी वण्णदायी, सुख वलं ददो नरो।**
**दीघायु यसवा होति, यत्थ यत्थूपपज्जती"ति॥**

(८. नं कै अर्थ पढ्नु होला)

## १०. गिहिसामीसुत्तं

६०. अनि गृहपति अनाथपिण्डिक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेका गृहपति अनाथपिण्डिकलाई यसो भन्नुभयो–

"गृहपति ! चार प्रकारका धर्मयुक्त आर्य श्रावक गृही सत्मार्गमा लागेको हुन्छ। (जसको प्रतिफल स्वरूप) यशको लाभी र स्वर्गमा जन्मिन्छ। ती चार के के हुन् ? गृहपति ! यहाँ आर्य श्रावकले भिक्षुसंघलाई चीवरद्वारा सेवा गर्छ। भिक्षुसंघलाई भोजनद्वारा सेवा गर्छ। भिक्षुसंघलाई शयनासनद्वारा सेवा गर्छ अनि रोगीलाई औषधी- द्वारा सेवा गर्छ। गृहपति ! यी चार धर्मद्वारा युक्त आर्यश्रावक गृही-सत्मार्गमा लागेका हुन्। (यसको प्रतिफल स्वरूप) यश लाभी हुन्छ अनि स्वर्गमा जन्मिन्छ।"

**"गिहिसामीचिपटिपदं, पटिपज्जन्ति पण्डिता।**
**सम्मग्गते सीलवन्ते, चीवरेन उपट्ठिता।**
**पिण्डपातसयनेन, गिलानपच्चयेन च॥**
**"तेसं दिवा च रत्तो च, सदा पुञ्ञं पवड्ढति।**
**सग्गञ्च कमतिट्ठानं, कम्मं कत्वान भद्दक"न्ति॥**

"पण्डित गृहस्थ सत्मार्ग पथिकले सत्मार्गी शीलवान (भिक्षुलाई) चीवर, भोजन, शयनासन र औषधीद्वारा सेवा गर्‍यो भने उसलाई रात र दिन सदा पुण्य वृद्धि हुन्छ। राम्रो कर्मले गर्दा स्वर्गमा जन्मिन्छ।"



Downloaded from http://dhamma.digital

# (७) २. पत्तकम्मवग्गो

## १.पत्तकम्मसुत्तं

अनि गृहपति अनाथपिण्डिक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका गृहपति अनाथपिण्डिकलाई भगवानले यसो भन्नुभयो–

"गृहपति ! चार प्रकारका धर्म, इष्ट, प्रिय र मनोरम संसारमा दुर्लभ छन् । ती चार के के हुन् ? धर्मपूर्वक मैले भोग्यवस्तुका लाभी होऊँ भन्ने इच्छा हुन्छ । यो पहिलो इष्ट, प्रिय र मनोरम विषय पाउनु संसारमा दुर्लभ छ ।

धर्मपूर्वक भोग्यवस्तु प्राप्तपछि धर्मपूर्वक आफन्त तथा उपाध्यायसहित म यशवान हुन पाऊँ भन्ने इच्छा हुन्छ । यो दोस्रो इष्ट, प्रिय र मनोरम विषय पाउनु संसारमा दुर्लभ छ ।

धर्मपूर्वक भोग्यवस्तु र यश लाभपछि धर्मपूर्वक आफन्त तथा उपाध्याय सहित चिरञ्जीवी वा दीर्घायु भए हुन्थ्यो भन्ने इच्छा हुन्छ । यो तेस्रो इष्ट, प्रिय र मनोरम विषय पाउनु संसारमा दुर्लभ छ ।

धर्मपूर्वक भोग्य वस्तु र यश लाभपछि धर्मपूर्वक आफन्त तथा उपाध्यायसहित चिरञ्जीवी वा दीर्घायु भई शरीर छुटेर मृत्युपछि सुगति लोकमा उत्पन्न भए हुन्थ्यो भन्ने इच्छा हुन्छ । यो चौथो इष्ट, प्रिय र मनोरम विषय पाउनु संसारमा दुर्लभ छ ।

"गृहपति ! लोकमा यी चार दुर्लभ विषयहरू इष्ट, प्रिय र मनोरम-लाई चार प्रकारका धर्मद्वारा लाभ गर्नसक्छ । कुन कुन चार ? श्रद्धासम्पत्ति, शीलसम्पत्ति, त्यागसम्पत्ति र प्रज्ञासम्पत्ति ।

"गृहपति ! श्रद्धासम्पत्ति भनेको के हो ? गृहपति ! यहाँ आर्यश्रावकसँग श्रद्धा हुन्छ, तथागतको बोधिप्रति श्रद्धालु हुन्छ– वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुत्तर पुरषदम्य सारथि, देव-मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । गृहपति ! श्रद्धासम्पत्ति भनेको यही नै हो ।



Downloaded from http://dhamma.digital

"गृहपति ! शीलसम्पत्ति भनेको के हो ? गृहपति ! यहाँ आर्यश्रावक प्राणी हिंसाबाट विरत हुन्छ, ... जाँड-रक्सी आदि नशालु पदार्थ सेवन गर्नबाट विरत हुन्छ। गृहपति ! शीलसम्पत्ति भनेको यही नै हो।

"गृहपति ! त्यागसम्पत्ति भनेको के हो ? गृहपति ! यहाँ आर्यश्रावकले कन्जुसी मनको मैल हटाएर खुल्ला हात, त्यागी, दाता, दान दिनमा रतरहने, दान-शील स्वभावका तथा दानी भई घरमा बस्ने हुन्छ। गृहपति ! त्यागसम्पत्ति भनेको यही नै हो।

"गृहपति ! प्रज्ञासम्पत्ति भनेको के हो ? गृहपति ! लोभ अर्थात लोभ ग्रसित चित्तको भई विचरण गर्दा जुन अकरणीय कार्य हो त्यो गर्छ। जुन करणीय कार्य हो त्यो गर्दैन। गर्नु नहुने गर्दा अनि गर्नु पर्ने नगर्दा यश र सुखको नाश हुन्छ। गृहपति ! व्यापाद युक्त चित्तको भई विचरण गर्दा जुन अकरणीय कार्य हो त्यो गर्छ। जुन करणीय कार्य हो त्यो गर्दैन। गर्नु नहुने गर्दा अनि गर्नु पर्ने नगर्दा यश र सुखको नाश हुन्छ। गृहपति ! शारीरिक-मानसिक आलस्य चित्तले युक्त भई विचरण गर्दा जुन अकरणीय कार्य हो त्यो गर्छ। जुन करणीय कार्य हो त्यो गर्दैन। गर्नु नहुने गर्दा अनि गर्नु पर्ने नगर्दा यश र सुखको नाश हुन्छ। गृहपति ! उद्धतपन-कौकृत्य (शारीरिक र मानसिक अशान्ति-अस्थिरपन) चित्तको भई विचरण गर्दा जुन अकरणीय कार्य हो त्यो गर्छ। जुन करणीय कार्य हो त्यो गर्दैन। गर्नु नहुने गर्दा अनि गर्नु पर्ने नगर्दा यश र सुखको नाश हुन्छ। गृहपति ! शंकालु चित्तको भई विचरण गर्दा जुन अकरणीय कार्य हो त्यो गर्छ। जुन करणीय कार्य हो त्यो गर्दैन। गर्नु नहुने गर्दा अनि गर्नु पर्ने नगर्दा यश र सुखको नाश हुन्छ।

"गृहपति ! त्यसैले आर्य श्रावकले लोभ वा विषयानुगत लोभ भनेको चित्तको मैल हो भनी जानेर विषयानुगत लोभरूपी चित्तको उपक्लेशलाई हटाउँछ। द्वेष चित्तको मैल हो भनी जानेर चित्तको उपक्लेश द्वेषलाई हटाउँछ। शारीरिक-मानसिक आलस्य चित्तको मैल हो भनी जानेर चित्तको उपक्लेश शारीरिक र मानसिक आलस्यलाई हटाउँछ। उद्धतपन-कौकृत्य चित्तको मैल हो भनी जानेर चित्तको मैल उद्धतपन-कौकृत्यलाई हटाउँछ। शंका चित्तको मैल हो भनी जानेर चित्तको उपक्लेश शंकालाई हटाउँछ।

"गृहपति ! जब आर्य श्रावकले विषयानुगत लोभ चित्तको मैल हो भनेर जानेर चित्तको उपक्लेश लोभ वा विषयानुगत लोभलाई परित्याग गर्छ। द्वेष चित्तको मैल हो भनेर जानेर चित्तको उपक्लेश द्वेषलाई परित्याग गर्छ।



Downloaded from http://dhamma.digital

शारीरिक र मानसिक आलस्य चित्तको मैल हो भनेर जानेर चित्तको उपक्लेश शारीरिक र मानसिक आलस्यलाई परित्याग गर्छ। उद्धतपन-कौकृत्य चित्तको मैल हो भनेर जानेर चित्तको उपक्लेश उद्धतपन-कौकृत्य परित्याग गर्छ। शंका चित्तको मैल हो भनेर जानेर चित्तको उपक्लेश शंकालाई परित्याग गर्छ। गृहपति ! यसैलाई भन्छ– आर्य श्रावक महाप्रज्ञावान, धेरै प्रज्ञा भएको, सुक्ष्म-दर्शी अनि प्रज्ञा सम्पन्न भएको। गृहपति ! प्रज्ञासम्पत्ति भनेको यही नै हो। गृहपति ! ती चार धर्महरू इष्ट, सुन्दर र मनोरम लोकमा दुर्लभ भए पनि यही चारद्वारा लाभ गर्नसक्छ।

"गृहपति ! त्यो आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिलाई चार प्रकारको काममा लगाउनु पर्छ। ती चार के के हुन् ? गृहपति ! यहाँ आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिले आफूलाई खुशी पार्छ, प्रसन्न पार्छ अनि सम्यकरूपले सुखकासाथ जीवनयापन गर्छ। आमा-बुबालाई सुखपूर्वक राख्छ, प्रसन्न पार्छ अनि सम्यकरूपले सुखकासाथ जीवनयापन गराउँछ। स्त्री-पुत्र-दास-कर्मचारीहरूलाई सुखपूर्वक राख्छ, प्रसन्न पार्छ अनि सम्यकरूपले सुखकासाथ जीवनयापन गराउँछ। मित्र-आफन्तलाई सुखपूर्वक राख्छ, प्रसन्न पार्छ अनि सम्यकरूपले सुखकासाथ जीवनयापन गराउँछ। आर्जित सम्पत्ति परिभोग गर्ने यो पहिलो कर्तव्य हो।

अनि फेरि अर्को "गृहपति ! आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिलाई आगो, पानी, राजा, चोर, शत्रु, उत्तराधिकारीबाट तथा अन्य कारणवश आइपर्ने आपटबाट सुरक्षित गर्छ। आर्जित गरेको सम्पत्ति परिभोग गर्ने यो दोस्रो कर्तव्य हो

अनि फेरि अर्को "गृहपति ! आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिबाट पंचबलि (पूजा) कर्म गर्छ। ज्ञाति-बलि, अतिथि-बलि, पूर्वप्रेत (मृतकको नाउँमा) बलि, राज-बलि र देव-बलि। आर्जित सम्पत्ति परिभोग गर्ने यो तेस्रो कर्तव्य हो।

अनि फेरि अर्को "गृहपति ! आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिबाट जो ती श्रमण-ब्राह्मण मद-प्रमादताबाट विरतरहेका, क्षमाशील, स्थिर, आफूले



Downloaded from http://dhamma.digital

आफूलाई दमन गर्ने, आफूले आफूलाई शान्त पार्ने अनि आफूले आफूलाई परिनिवृत्त (क्लेश मुक्त) पार्ने श्रमण-ब्राह्मणलाई उर्ध्वगामी दान-दक्षिणा दिएर स्वर्गको सुख वा स्वर्गमा उत्पन्न हुने कार्यद्वारा प्रतिष्ठापित हुन्छ । आर्जित सम्पत्ति परिभोग गर्ने यो चौथो कर्तव्य हो ।

"गृहपति ! यसरी आर्य श्रावकले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्ति चार प्रकारको काममा लगाउँछ । गृहपति ! यदि कसैले यी चार काम बाहेक अन्य कार्यमा सम्पत्ति नाश गर्छ भने गृहपति ! त्यो सम्पत्ति अयोग्यरूपले नाश भयो वा आर्जित सम्पत्ति अनुचितरूपले परिभोग गर्‍यो भन्ने हुन्छ । गृहपति ! यदि कसैले उक्त चार कारणलेसम्पत्ति नाश भएमा गृहपति ! त्यो सम्पत्ति योग्य स्थानमा नै नाश भयो वा आर्जित सम्पत्ति उचितरूपले परिभोग गर्‍यो भन्ने हुन्छ ।"

"भुत्ता भोगा भता भच्चा, वितिण्णा आपदासु मे ।
उद्धगा दक्खिणा दिन्ना, अथो पञ्चबली कता ।
उपट्ठिता सीलवन्तो, सञ्ञता ब्रह्मचारयो ॥
"यदत्थं भोगं इच्छेय्य, पण्डितो घरमावसं ।
सो मे अत्थो अनुप्पत्तो, कतं अननुतापियं ॥
"एतं अनुस्सरं मच्चो, अरियधम्मे ठितो नरो ।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती"ति ॥

"भोग्य पदार्थलाई भोग गरें, नोकर-चाकरहरूलाई पालन-पोषण गरें, आपत आइलाग्दा मैले आफ्नो रक्षा गरें । उर्ध्वगामी अग्र दान-दक्षिणा दिएँ, पञ्च बली कर्म गरें अनि संयमित ब्रह्मचारी तथा शीलवानको पनि सेवा गरें ।

"घरमा बस्ने पण्डितले अर्थको निमित्त जुन आकांक्षा गर्ने हो त्यस अनुरूप जुन कार्यको लागि चाहिने हो त्यो मैले प्राप्त गरें, अनुताप गर्न नपर्ने कार्य गरें ।

"यसरी अनुस्मरण गर्ने मानिस तथा आर्य धर्ममा स्थित नर यहाँ पनि प्रशंसित मृत्युपछि स्वर्गमा पनि आनन्दित हुन्छ ।"

## २. अनण्यसुत्तं

अनि गृहपति अनाथपिण्डिक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका गृहपति



Downloaded from http://dhamma.digital

अनाथपिण्डिकलाई भगवानले यसो भन्नुभयो–

"गृहपति ! यी चार प्रकारका सुख गृहस्थहरूलाई बेला-बेलामा वा समय-समयमा प्राप्त हुन्छ । ती चार के के हुन् ? 'छ' भन्ने सुख, 'भोग' सुख, 'ऋनमुक्त' सुख अनि 'निर्दोष' सुख ।

"गृहपति ! 'छ' भन्ने सुख भनेको के हो ? गृहपति ! यहाँ कुलपुत्रले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्ति मसँग 'छ' भनी ऊ सुखी तथा आनन्दित हुन्छ । गृहपति ! 'छ' भनेको सुख यही नै हो ।

"गृहपति ! 'भोग' सुख भनेको के हो ? गृहपति ! यहाँ कुलपुत्रले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिको परिभोग गर्छ अनि पुण्यकर्म पनि गर्दछ । उसले उत्साहपूर्वक मेहनत गरी, बाहुबल लगाई, पसिना बगाई, धर्मपूर्वक वा धर्मद्वारा आर्जित सम्पत्तिको परिभोग र पुण्यकर्म गरें भनी ऊ सुखी तथा आनन्दित हुन्छ । गृहपति ! 'भोग' सुख भनेको यही नै हो ।

"गृहपति ! 'ऋणमुक्त' सुख भनेको के हो ? यहाँ कुलपुत्रले चाहे थोरै होस् वा धेरै कसैलाई केही पनि दिनु पर्दैन । उसको सोचाइमा थोरै वा धेरै कसैलाई दिनुपर्छ भन्ने नहुँदा सुखी तथा आनन्दित हुन्छ । गृहपति ! 'ऋणमुक्त' सुख भनेका यही नै हो ।

"गृहपति ! 'निर्दोष' सुख भनेको के हो ? यहाँ कुलपुत्र शारीरिक कर्ममा निर्दोषी हुन्छ, वाचसिक कर्ममा निर्दोषी हुन्छ अनि मानसिक कर्ममा निर्दोषी हुन्छ । शारीरिक कर्ममा निर्दोषी हुँदा, वाचसिक कर्ममा निर्दोषी हुँदा अनि मानसिक कर्ममा निर्दोषी हुँदा ऊ सुखी तथा आनन्दित हुन्छ । गृहपति ! 'निर्दोष' सुख भनेका यही नै हो । गृहपति ! यी चार प्रकारका सुख कामभोगी गृहपति- हरूलाई बेला-बखत वा समय-समयमा प्राप्त हुन्छ ।"

**"आनण्यसुखं ञत्वान, अथो अत्थिसुखं परं ।**
**भुञ्जं भोगसुखं मच्चो, ततो पञ्ञा विपस्सति ॥**
**"विपस्समानो जानाति, उभो भोगे सुमेधसो ।**
**अनवज्जसुखस्सेतं, कलं नाग्घति सोलसि"न्ति ॥**

"मानिसले 'ऋणमुक्त' सुख, 'छ' भन्ने सुखअनि 'भोग्य' सुखलाई प्रज्ञाद्वारा राम्ररी हेर्छ ।



Downloaded from http://dhamma.digital

"यो निर्दोष सुखको तुलनामा उक्त सुख भोगहरू सोह्र भाग-को एक भाग पनि छैन भनी सुदर्शी पण्डितले बुझेको हुन्छ।"

### ३. ब्रह्मसुत्तं

६३. "भिक्षुहो ! जुन घरमा आमा-बुबाको पूजा हुन्छ । त्यो कुल ब्रह्ममय हो । भिक्षुहो ! जुन घरमा आमा-बुबाको पूजा गर्छ । त्यो कुल पूर्वाचार्यमय हो । जुन घरमा आमा-बुबाको पूजा गर्छ । त्यो कुल पूर्वदेवमय हो । जुन घरमा आमा-बुबाको पूजा गर्छ । त्यो कुल आतिथ्यमय हो ।

"भिक्षुहो ! ब्रह्मा भनेको नै आमा-बुबा हुन् । पूर्वाचार्य भन्नु नै आमा-बुबा हुन् । पूर्वदेव भन्नु नै आमा-बुबा हुन् अनि आतिथ्य भन्नु नै आमा-बुबा हुन् । त्यो के कारण ? आमा-बुबा आफ्ना सन्तानकालागि बहुपयोगी, रेखदेख गर्ने, पोषक र यसलोक देखाउने हुन् ।"

"ब्रह्माति मातापितरो, पुब्बाचरियाति वुच्चरे ।
आहुनेय्या च पुत्तानं, पजाय अनुकम्पका ॥
"तस्मा हि ने नमसेय्य, सक्करेय्य च पण्डितो ।
अन्नेन अथ पानेन, वत्थेन सयनेन च ।
उच्छादनेन न्हापनेन, पादानं धोवनेन च ॥
"ताय नं पारिचरियाय, मातापितूसु पण्डिता ।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती"ति ॥

"आमा-बुबा नै ब्रह्मा हुन्, पूर्वाचार्य पनि आमा-बुबा नै हुन् भनिन्छ । सन्तानप्रति अनुकम्पा राख्ने हुनाले पुत्रद्वारा आतिथ्य गर्नुपर्छ ।

"त्यसैले तिनीहरूलाई नमस्कार गर्नुपर्छ, सत्कार गर्नुपर्छ, अन्नद्वारा, पानद्वारा, वस्त्रद्वारा, शयनासनद्वारा, ओढाउने, नुहाउने र पाउ धोइदिने आदि पण्डितले गरी दिनुपर्छ ।

"यसरी पण्डितले आमा-बुबालाई सेवासुश्रुषा गर्दा यहाँ पनि प्रशंसित हुन्छ अनि मृत्युपछि स्वर्गमा पनि आनन्दित हुन्छ ।"

### ४. निरयसुत्तं

६४. "भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? प्राणीहिंसा गर्ने, चोरी कार्य गर्ने, व्यभिचार गर्ने अनि झूटो बोल्ने । भिक्षुहो ! यी चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् ।



Downloaded from http://dhamma.digital

**"पाणातिपातो अदिन्नादानं, मुसावादो च वुच्चति ।**
**परदारंगमनञ्चापि, नप्पसंसन्ति पण्डिता"ति ॥**

"प्राणीहिंसा गर्ने, चोरी गर्ने, झूटो बोल्ने अनि परदार सेवन गर्नेलाई पण्डितद्वारा प्रशंसित हुँदैन ।"

## ५. रूपसुत्तं

६५. "भिक्षुहो ! लोकमा चार प्रकारले मान्ने व्यक्ति छन् । ती चार के के हुन् ? रूपलाई प्रमाण मानेर रूपमा प्रसन्न हुन्छ । घोषलाई प्रमाण मानेर घोषमा प्रसन्न हुन्छ । (चीवर आदिको) रूक्षतामा प्रमाण मानेर रूक्षतामा प्रसन्न हुन्छ । धर्मलाई प्रमाण मानेर धर्ममा प्रसन्न हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा छन् ।

**"ये च रूपे पमाणिंसु, ये च घोसेन अन्वगू ।**
**छन्दरागवसूपेता, नाभिजानन्ति ते जना ॥**
**"अज्झत्तञ्च न जानाति, बहिद्धा च न पस्सति ।**
**समन्तावरणो वालो, स वे घोसेन वुय्हति ॥**
**"अज्झत्तञ्च न जानाति, बहिद्धा च विपस्सति ।**
**बहिद्धा फलदस्सावी, सोपि घोसेन वुय्हति ॥**
**"अजझञ्च पजानाति, बहिद्धा च विपस्सति ।**
**विनिवरणदस्सावी, न सो घोसेन वुय्हती"ति ॥**

"जो रूपको पछि लाग्छ, जो शब्दको बहकाउमा पर्छ, यस्ता छन्द तथा रागको वशमा परेका व्यक्तिले (यथार्थ) जाँदैन ।

"आफूलाई पनि न चिन्ने हुन्छ, बाह्यलाई पनि नजान्ने, चारैतिरबाट घेरिएका मूर्ख शब्दको बहकाउमा पर्छ ।

"आफूलाई पनि न चिन्ने, बाह्यलाई राम्रोसँग नजान्ने, बाह्य फलदर्शी जो हुन्छ उसलाई पनि शब्दले बगाएर लान्छ ।

"आफूलाई चिन्ने, बाह्यलाई पनि राम्रोसँग जान्ने अनि मुक्ति मार्गदर्शीलाई शब्द (घोष) द्वारा बगाएर लान सक्दैन । "

## ६. सरागसुत्तं

६६. भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार के के हुन् ? रागी, द्वेषी, मोही र अभिमानी । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा छन् ।



Downloaded from http://dhamma.digital

"सारत्ता रजनीयेसु, पियरूपभिनन्दिनो ।
मोहेन आवुता सत्ता, बद्धा वड्ढेन्ति बन्धनं ॥
"रागजं दोसजञ्चापि, मोहजं चापविद्दसु ।
करोन्ताकुसलं कम्मं, सविघातं दुखुद्रयं ॥
"अविज्जानिवुता पोसा, अन्धभूता अचक्खुका ।
यथाधम्मा तथा सन्ता, न तस्सेवन्ति मञ्ञरे"ति ॥

"जो रंजनीय विषयमा आसक्त हुन्छ । प्रिय रूपमा अभिनन्दित हुन्छ । मोहद्वारा ढाकिएका सत्व बन्धनमा झन् झन् बाँधिन्छ ।

"रागी, द्वेषी, मोहित अनि अकुशल कर्मले आघात हुँदा दुःखोत्पत्ति गर्छ ।

"अविद्याद्वारा ग्रसित व्यक्ति चक्षु नभएका अन्धो हुन्छ । जुन स्वभाविक धर्म हो, त्यसलाई त्यसरी नै सत्वजनले नबुझ्ने हुन्छ ।"

## ७. अहिराजसुत्तं

६७. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको आराम जेतवनमा बस्नुहुन्थ्यो । त्यस समय सावत्थिमा एकजना भिक्षु सर्पको डसाइले मृत्युभयो । धेरै जसो भिक्षुहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती भिक्षुहरूले भगवानलाई यसरी भने– "भन्ते ! यहाँ सावत्थिमा एकजना भिक्षुलाई सर्पले डसाइले मृत्युभयो ।

"भिक्षुहो ! त्यो भिक्षुले चार सर्पराज कुलप्रति मैत्री चित्तद्वारा भावना गरेन । भिक्षुहो ! यदि त्यो भिक्षुले चार सर्पराज कुलप्रति मैत्री चित्तद्वारा भावना गरेको भए सर्पले डसेर मर्नु पर्ने थिएन । ती चार को को हुन् ? विरूपाक्ष सर्पराजकुल, एरापथ सर्पराजकुल, छब्यापुत्त सर्पराजकुल अनि कण्हागोतम सर्पराजकुल । भिक्षुहो ! त्यो भिक्षुले यी चार सर्पराजकुलप्रति मैत्री भावना गरेन । भिक्षुहो ! यदि त्यो भिक्षुले यी चार सर्पराजकुलप्रति मैत्री चित्तद्वारा भावना गरेको भए भिक्षुहो ! त्यो भिक्षु सर्पको टोकाइले मर्ने थिएन ।"

"भिक्षुहो ! मैले अनुमति दिन्छु कि यी चार सर्पराजकुलप्रति मैत्री चित्तद्वारा भावना (पाठ) गर्न । आफ्नो संरक्षणको निम्ति, आफ्नो हिफाजतको निम्ति अनि आफ्नो सुरक्षाको निम्ति हुने पाठ गर्न मैले अनुमति दिन्छु ।"

"विरुपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे ।
छब्यापुत्तहि मे मेत्तं, मेत्तं कण्हागोतमकेहि च ॥



Downloaded from http://dhamma.digital

"अपादकेहि मे मेत्तं, मेत्तं द्विपादकहि मे ।
चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुपदेहि मे ॥
"मा मं अपादको हिंसि, मा मं हिंसि द्विपादको ।
मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहुप्पदो ॥
"सब्बे सत्ता सब्बे पाणा, सब्बे भूता च केवला ।
सब्बे भद्रानी पस्सन्तु, मा कञ्चि पापमागमा ॥
"अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो ।
अप्पमाणो सङ्घो, पमाणवन्तानि सिरिंसपानि ॥
"अहिविच्छिका सतपदी उण्णनाभी सरबु मूसिका ।
कता मे रक्खा कता मे परित्ता, पटिक्कमन्तु भूतानि ।
सोहं नमो भगवतो, नमो सत्तन्नं सम्मासम्बुद्धान"न्ति ॥

"विरुपक्खप्रति मेरो मैत्री छ । एरापथप्रति मेरो मैत्री छ । छव्यापुत्तप्रति मेरो मैत्री छ । कण्हागोतमप्रति मेरो मैत्री छ । पाउ नभएकाप्रति मेरो मैत्री छ । दुई पाउ भएका प्रति मेरो मैत्री छ । चार पाउ भएका प्रति मेरो मैत्री छ । बहु पाउ भएका प्रति मेरो मैत्री छ। पाउ नभएकाले पनि मलाई हिंसा नगरोस् । दुई पाउ भएकाले पनि मलाई हिंसा नगरोस् । चार पाउ भएकाले पनि मलाई हिंसा नगरोस् । बहु पाउ भएकाले पनि मलाई हिंसा नगरोस् । अप्रमाण हो बुद्ध । अप्रमाण हो धर्म । अप्रमाण हो संघ । यी जुन घस्रेर जाने सर्प, बिच्छी, सतपद (खजुरो), माकुरा र मुसा सबै नै सीमित प्राणी हुन् । मैले आफ्नो निम्ति रक्षा गरें, मैले आफ्नो निम्ति परित्राण गरें । प्राणीहरू सबै फर्केर जाऊ । भगवानलाई नमस्कार अनि सप्त सम्यकसम्बुद्धलाई नमस्कार ।"

## ८. देवदत्तसुत्तं

६८. "एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । देवदत्तले भगवानलाई छाडेर गएको धेरै दिन बितेको थिएन । अनि भगवानले देवदत्तको कारण लिएर भिक्षुहरूलाई सम्बो-सम्बोधन गर्नुभयो– "भिक्षुहो ! देवदत्तले जुन लाभ, सत्कार र प्रशंसापाइरहेको छ त्यो उसको निम्ति वध तथा हानिको निम्ति हो ।

"भिक्षुहो ! जस्तै कि– केराको बोटमा आफ्नै वधको निम्ति केरा फलेको हुन्छ वा आफ्नै हानिको निम्ति फलेको हुन्छ । तदनुरूप भिक्षुहो ! देवदत्तले जुन लाभ, सत्कार र प्रशंसा पाइरहेको छ त्यो उसको निम्ति वध तथा हानिको निम्ति हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जस्तै कि– बाँसमा आफ्नै बधको निम्ति फल लागेको हुन्छ वा आफ्नै हानिको निम्ति फलेको हुन्छ । तदनुरूप भिक्षुहो ! देवदत्तले जुन लाभ, सत्का र र प्रशंसा पाइरहेको छ । त्यो उसको निम्ति वध तथा हानिको निम्ति हो ।

"भिक्षुहो ! सखरखण्डको बोटमा आफ्नै मरणको निम्ति फल फलेको हुन्छ वा आफ्नै हानिको निम्ति फलेको हुन्छ । तदनुरूप भिक्षुहो ! देवदत्तले जुन लाभ, सत्का र प्रशंसा पाइरहेको छ । त्यो उसको निम्ति वध तथा हानिको निम्ति हो ।

"भिक्षुहो ! खच्चरीले आफ्नै बधको निम्ति गर्भ धारण गर्छे वा आफ्नै हानिको गर्भ धारण गर्छे । तदनुरूप भिक्षुहो ! देवदत्तले जुन लाभ, सत्का र प्रशंसा पाइरहेको छ । त्यो उसको निम्ति वध तथा हानिको निम्ति हो ।

**"फलं वे कदलिं हन्ति, फलं वेलुं फलं नलं ।**
**सक्कारो कापुरिसं हन्ति, गब्भो अस्सतरिं यथा"ति ॥**

"केरा फल्नाले, बाँसमा फल लाग्नाले, सखरखण्ड फल्नाले बोट मर्दछ । त्यसरी नै सत्कारद्वारा पनि दुष्ट पुरुषको मरण हुन्छ जस्तो कि खच्चरीले गर्भ धारण गर्दा ।"

## ९. पधानसुत्तं

६९. "भिक्षुहो ! चार प्रकारका प्रयत्न छन् । ती चार के के हुन् ? संवर-प्रयत्न, प्रहाण-प्रयत्न, भावना-प्रयत्न अनि अनुरक्षण-प्रयत्न । भिक्षुहो ! संवर प्रयत्न भनेको के हो ? यहाँ भिक्षुले अनुत्पन्न पाप तथा अकुशल धर्म उत्पन्न हुन नदिन इच्छा गर्छ, मेहनत गर्छ, वीर्य उत्पन्न गर्छ । चित्त दृढ गरी राख्छ अनि प्रयत्नशील हुन्छ । भिक्षुहो ! संवर प्रयत्न भनेको यही नै हो ।

"भिक्षुहो ! प्रहाण-प्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न पाप अकुशल धर्महरू प्रहाणको इच्छा गर्छ, मेहनत गर्छ, वीर्य उत्पन्न गर्छ । चित्त दृढ गरी राख्छ अनि प्रयत्नशील हुन्छ । भिक्षुहो ! प्रहाण-प्रयत्न भनेको यही नै हो ।

"भिक्षुहो ! भावना-प्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले अनुत्पन्न कुशल धर्महरू उत्पन्न गर्ने इच्छा गर्छ, मेहनत गर्छ, वीर्य उत्पन्न गर्छ । चित्त दृढ गरी राख्छ अनि प्रयत्नशील हुन्छ । भिक्षुहो ! भावना प्रयत्न भनेको यही नै हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनुरक्षण प्रयत्न भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न कुशल धर्महरू स्थिरको निम्ति, लोप हुन नदिनको निम्ति, वृद्धि गर्नको निम्ति, विपुलताको निम्ति, विकासको निम्ति अनि परिपूर्णको निम्ति इच्छा गर्छ, मेहनत गर्छ, वीर्य उत्पन्न गर्छ, चित्तदृढ गरी राख्छ अनि प्रयत्नशील हुन्छ । भिक्षुहो ! अनुरक्षण प्रयत्न भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रकारका प्रयत्न हुन् ।"

**"संवरो च पहानञ्च, भावना अनुरक्खणा ।**
**एते पधाना चत्तारो, देसितादिच्चबन्धुना ।**
**यो हि भिक्खु इधातापी, खयं दुक्खस्स पापुणे" ति ॥**

"आदित्य बन्धु (तथागत) ले संवर, प्रहाण, भावना र अनुरक्षण यी चार प्रकारका प्रयत्नलाई लिएर उपदेश दिएँ । यहाँ जो भिक्षु परिश्रमी हुन्छ, उसले दुःख क्षय गर्छ (दुःखबाट मुक्त हुनेछ) ।"

## १०. अधम्मिकसुत्तं

७०. "भिक्षुहो ! जुन समयमा राजाहरू अधार्मिक हुनेछन् । राज कर्मचारीहरू पनि अधार्मिक हुनेछन् । राज कर्मचारीरू अधार्मिक हुँदा ब्राह्मण गृहपतिहरू पनि त्यस समयमा अधार्मिक हुनेछन् । ब्राह्मण गृहपतिहरू अधार्मिक हुँदा निगम-जनपदका वासिन्दाहरू पनि अधार्मिक हुनेछन् । निगम-जनपदका वासिन्दाहरू अधार्मिक हुँदा चन्द्र-सूर्यको गति पनि विषम भई परिवर्तन हुन्छ । चन्द्र-सूर्य विषम भई परिवर्तन हुँदा नक्षत्र-ताराहरू पनि परिवर्तन हुन्छ । नक्षत्र-ताराहरूको गति विषम भई परिवर्तन हुँदा रात-दिन पनि परिवर्तन हुन्छ । रात-दिनको गतिक्रम विषम हुँदा महिना र अर्धमहिनाको गतिक्रम विषम भई परिवर्तन हुन्छ । महिना पक्ष विषम हुँदा ऋतु र वर्ष पनि विषम भई परिवर्तन हुन्छ । ऋतु र वर्ष विषम भई परिवर्तन हुँदा विषम हावा चल्न थाल्छ अनि गतिक्रममा विषम भई बेठीक ढङ्गले हावा बहन्छ । विषमरूपको हावा बहनाले वा हावाको गतिक्रम बेठीक हुँदा देवताहरू क्रोधित हुनेछन् । देवताहरू क्रोधित हुँदा राम्रोसँग पानी बर्षाउँदैन । देवताहरूले राम्रोसँग पानी नबर्षाउँदा उब्जाउमा विषमता आउँछ । भिक्षुहो ! उब्जाउमा विषमताको खाद्य-पदार्थ मानिसहरूले खाँदा बहुरोगी, दुर्वर्ण र अल्पायु हुन्छ ।

"भिक्षुहो ! जुन समयमा राजाहरू धार्मिक हुनेछन् । राज कर्मचारीहरू पनि धार्मिक हुनेछन् । राज कर्मचारीरू धार्मिक हुँदा ब्राह्मण गृहपतिहरू पनि त्यस समयमा धार्मिक हुनेछन् । ब्राह्मण गृहपतिहरू



Downloaded from http://dhamma.digital

अधार्मिक हुँदा निगम-जनपदका वासिन्दाहरू पनि धार्मिक हुनेछन् । निगम-जनपदका वासिन्दाहरू धार्मिक हुँदा चन्द्र-सूर्यको गति पनि समरूप हुन्छ । चन्द्र-सूर्यको समरूप हुँदा नक्षत्र-ताराहरू पनि समरूप हुन्छ । नक्षत्र-ताराहरूको गति समरूप हुँदा रात-दिन पनि समरूप हुन्छ । रात-दिनको गतिक्रम समरूप हुँदा महिना र अर्ध महिनाको गतिक्रम समरूप हुन्छ । महिना पक्ष समरूप हुँदा ऋतु र वर्ष पनि समरूप हुन्छ । ऋतु र वर्ष समरूप हुँदा समरूपले हावा चल्न थाल्छ अनि गतिक्रममा समरूप भई ठीक ढङ्गले हावा बहन्छ । समरूपको हावा बहनाले वा हावाको गतिक्रम ठीक हुँदा देवताहरू क्रोधित हुनेछैन । देवताहरू क्रोधित नहुँदा राम्रोसँग पानी बर्षाउँछ । देवताहरूले राम्रोसँग पानी बर्षाउँदा उब्जाउमा समरूप आउँछ । भिक्षुहो ! उब्जाउमा समरूप हुँदाको मानिसहरूले खाद्यपदार्थ खाँदा रोग कम, बलवान र दीर्घायु हुनेछन् ।"

"गुन्नं चे तरमानानं, जिम्हं गच्छति पुङ्गवो ।
सब्बा ता जिम्हं गच्छन्ति, नेत्ते जिम्हंगते सति ॥
"एवमेवं मनुस्सेसु, यो होति सेट्ठसम्मतो ।
सो चे अधम्मं चरति, पगेव इतरा पजा ।
सब्बं रट्ठं दुक्खं सेति, राजा चे होति अधम्मिको ॥
"गुन्नं चे तरमानानं, उजुं गच्छति पुङ्गवो ।
सब्बा ता उजं गच्छन्ति, नेत्ते उजुं गते सति ॥
"एवमेवं मनुस्सेसु, यो होति सेट्ठसम्मतो ।
सो सचे धम्मं चरति, पगेव इतरा पजा ।
सब्बं रट्ठं सुखं सेति, राजा चे होति धम्मिको"ति ॥

"यदि गौका बथान (नदी) तैरिंदै जानेबेला वृषभ टेढो हुँदै जान्छ भने समस्त बथान नै टेढो हुँदै जान्छ । नेता टेढो हुँदै जाँदा नै पछ्याउनेहरू टेढो हुँदै जान्छ ।

"तदनुरूप मनुष्यहरूमा पनि जो श्रेष्ठसम्मत हुन्छ यदि ऊ धर्मपूर्वक चल्दछ भने प्रजाजन पनि उसकै अनुकरण गर्छ । यदि राजा अधार्मिक भइदिएमा राष्ट्रका सबै नै दुःखी हुनेछन् ।

"यदि गौका बथान (नदी) तैरिंदै जानेबेला वृषभ सीधा हुँदै जान्छ भने समस्त बथान नै सीधा हुँदै जान्छ । नेता सीधा भई जाँदा नै पछ्याउने सीधा हुँदै जान्छ ।

"तदनुरूप मनुष्यहरूमा पनि जो श्रेष्ठसम्मत हुन्छ यदि ऊ धर्मपूर्वक चल्दछ भने प्रजाजन पनि उसकै अनुकरण गर्छ । यदि राजा धार्मिक भइदिएमा राष्ट्रका सबै नै सुखी हुनेछन् ।"



Downloaded from http://dhamma.digital

## (८) अपण्णकवग्गो

### १.पधानसुत्तं

७१. "भिक्षुहो ! चार धर्मले युक्त भिक्षु निर्दोष मार्गमा लागेको हुन्छ अनि जुन उसले मेहनत गर्छ, त्यो आश्रव क्षयको निम्ति हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान, बहुश्रुत, खुब मेहेनती अनि प्रज्ञावान हुन्छ। भिक्षुहो ! यी नै चार धर्मले युक्त भिक्षु निर्दोष मार्गमा लागेको हुन्छ अनि जुन उसले मेहनत गर्ने हो, त्यो आश्रव क्षयको निम्ति हुन्छ।"

### २. सम्मादिट्ठिसुत्तं

७२. "भिक्षुहो ! चार धर्मले युक्त भिक्षु निर्दोष मार्गमा लागेको हुन्छ अनि जुन उसले मेहनत गर्छ, त्यो आश्रव क्षयको निम्ति हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! नैष्कम्य-वितर्क (कामभोग तथा विषयभोगबाट निष्क्रमण वितर्क) अव्यापाद वितर्क (द्वेषरहित वितर्क), अविहिंसा वितर्क। (हिंसाबाट विरत हुने वितर्क) अनि सम्यकदृष्टि । भिक्षुहो ! यी नै चार धर्मले युक्त भिक्षु निर्दोष मार्गमा लागेको हुन्छ अनि जुन उसले मेहनत गर्ने हो, त्यो आश्रव क्षयको निम्ति हुन्छ।"

### ३. सप्पुरिससुत्तं

७३. "भिक्षुहो ! चार धर्मले युक्त भिक्षुलाई असत्पुरुष भनी जान्नुपर्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ जो असत्पुरुष हुन्छ, उसले अरूको अवगुण नसोधेता पनि सुनाउँछ । सोधेमा त झन भन्नु नै के ! प्रश्न गर्दा वा सोद्धा त झन केही पनि बाँकी नराखी वा केही पनि नछुटाई पूर्णरूपले विस्तारकासाथ अरूको बखान गर्ने हुन्छ । भिक्षुहो ! असत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ।

"भिक्षुहो ! अनि फेरि जो असत्पुरुष हुन्छ, उसले अरूको सद्‌गुणलाई सोद्धा पनि सुनाउँदैन। प्रश्न गर्दा वा सोद्धा कुरा छोडेर, कमी गरेर, पूरा नगरिकन .अर्थात विस्तारकासाथ अरूको सद्‌गुणभन्दैन। भिक्षुहो ! असत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ।

"भिक्षुहो ! अनि फेरि जो असत्पुरुष हुन्छ, उसले आफ्नो अवगुण अरूले सोद्धा पनि भन्दैन । प्रश्न गर्दा वा सोद्धा कुरा छोडेर, कमी गरेर, पूरा नगरिकन अर्थात विस्तारकासाथ भन्दैन । भिक्षुहो ! असत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि जो असत्पुरुष हुन्छ, उसले आफ्नो गुण अरूलाई सुनाउँछ। जब कि उसँग कसैले पनि सोधेको हुँदैन। प्रश्न गर्दा वा सोद्धा त कुरा नछाडि, कम नगरी, पूर्णरूपले अर्थात अतिविस्तारकासाथ आफ्नो गुण सुनाउँछ। भिक्षुहो ! असत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ। भिक्षुहो ! यी चार धर्मले युक्त असत्पुरुष भनी जान्नुपर्छ।

"भिक्षुहो ! चार धर्मले युक्त सत्पुरुष भनी जान्नु पर्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ जो सत्पुरुष हुन्छ, उसँग अरूको अवगुण सोधे पनि केही भन्दैन। नसोधेमा त झनै भन्दैन। प्रश्न गर्दा वा सोद्धा कुरा छोडेर, कम गरेर, पूर्णरूपले भन्दैन, अर्थात विस्तारकासाथ अरूको अवगुण भन्दैन। भिक्षुहो ! सत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ।

"भिक्षुहो ! अनि फेरि जो सत्पुरुष हुन्छ, उसले अरूको सद्गुणलाई नसोधेता पनि सुनाउँछ। सोधेमा त झन भन्नु नै के ! प्रश्न गर्दा वा सोद्धा त झन केही पनि बाँकी नराखी, पूर्णरूपले अर्थात सविस्तारकासाथ अरूको सद्गुणलाई बखान गर्छ भिक्षुहो ! सत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ।

"भिक्षुहो ! अनि फेरि जो सत्पुरुष हुन्छ, उसले आफ्नो अवगुण सुनाउँछ। सोद्धा त झन के नै भन्नु ! सोद्धा वा प्रश्न गर्दा झन केही पनि बाँकी नराखी केही पनि नछुटाई पूर्णरूपले अर्थात सविस्तारकासाथ आफ्नो अवगुण सुनाउँछ। भिक्षुहो ! सत्पुरुषयस्तै नै हुन्छन् भनी जान्नुपर्छ।

"भिक्षुहो ! अनि फेरि जो सत्पुरुष हुन्छ, उसले आफ्नो सद्गुणसोद्धा पनि भन्दैन। नसोद्धा त झन भन्नु नै के ! प्रश्न गर्दा वा सोद्धा बाँकी राख्दै, छुटाउँदै, अपूर्ण तथा सविस्तरकासाथ आफ्नो सद्गुण भन्दैन।भिक्षुहो ! सत्पुरुष सत्पुरुष यस्तै नै हुन्छन् भनी जान्नुपर्छ। "भिक्षुहो ! यी नै चार धर्मले युक्तलाई सत्पुरुष भनी जान्नु पर्छ।

"भिक्षुहो ! जस्तै कि जुन रातको समयमा वा दिनमा दुलही ल्याएको हुन्छ त्यस समयमा सासू-ससुराप्रति, स्वामीप्रति अनि यतिसम्म कि दास-कामदारप्रति पनि अति नै सेवा गर्ने खालको हुन्छे। लजालु र डर मान्न खालको हुन्छे। उही नै पछि सँगै बस्ने भएपछि, परिचित भएपछि, विश्वासी भएपछि, सासू-ससुरालाई पनि यसरी भन्ने हुन्छ– खोइ छोड् उता जाऊ, तिमीले के नै जानेका छौ र ? यस्तै किसिमले भिक्षुहो ! यहाँ कोही कोही भिक्षु जुन रातकोसमय वा दिनमा गृहस्थाश्रम त्याग गरी प्रव्रजित हुन्छ, त्यस समय भिक्षुप्रति, भिक्षुणीप्रति, उपासकप्रति, उपासिकाप्रति अनि यतिसम्म



Downloaded from http://dhamma.digital

कि भावी श्रामणेर विहारवासीप्रति पनि अति नै लजालु, डरमान्ने र सेवा गर्ने खालको हुन्छ । तर पछि ऊ सँगै बसेपछि, परिचित भएपछि, विश्वासी भएपछि, आचार्य, उपाध्यायलाई पनि यसरी भन्ने हुन्छ– खोई छोड् उता जाऊ, तिमीले के नै जानेको छ र ? त्यसैले भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ कि हामी नवागत दुलही जस्तै भई बस्नेछु । भिक्षुहो ! तिमीहरूले यही नै शिक्षा लिनुपर्छ ।"

## ४. पठमअग्गसुत्तं

७४. "भिक्षुहो ! यी चार अग्र छन् । ती चार के के हुन् ? शील अग्र छ, समाधि अग्र छ, प्रज्ञा अग्र छ अनि विमुक्त अग्र छ । भिक्षुहो ! यी नै चार अग्र छन् ।"

## ५. दुतियअग्गसुत्तं

७५ "भिक्षुहो ! यी चार अग्र छन् । ती चार के के हुन् ? रूप अग्र छ, वेदना अग्र छ, संज्ञा अग्र छ अनि भव अग्र छ । भिक्षुहो ! यी नै चार अग्र छन् ।"

## ६. कुसिनारसुत्तं

७६. एक समय भगवान कुसिनार (कुसिनगर) नजिकैको शाल वनमा दुई शालवृक्षको बीचमा परिनिर्वाण हुने समयमा लेटिरहनु भयो । त्यस बेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! "भद्दन्त !" भनी ती भिक्षुहरूले भगवानलाईप्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! यदि कोही एकजना भिक्षुको मनमा बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदाप्रति कुनै शंका वा सन्देह छ भने मसँग सोध । भिक्षुहो ! पछि गएर पछुटो गर्न नपरोस् "हामी शास्ताको सामुन्ने थियौं तै पनि हामीले वहाँसँग केही पनि सोध्न सकेनौं ।" यसरी भन्नु हुँदा पनि भिक्षुहरू चुप लागेर बसे । दोस्रो पटक पनि भिक्षुहरूलाई आमन्त्रण गरी भन्नुभयो– भिक्षुहो ! यदि कोही एकजना भिक्षुको मनमा बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदाप्रति कुनै शंका वा सन्देह छ भने मसँग सोध । भिक्षुहो ! पछि गएर पछुटो गर्न नपरोस् "हामी शास्ताको सामुन्ने थियौं तै पनि हामीले वहाँसँग केही पनि सोध्न सकेनौं ।" यसरी भन्नु हुँदा दोस्रो पटक पनि भिक्षुहरू चुप लागेर बसे । तेस्रो पटक पनि भिक्षुहरूलाई आमन्त्रण गरी भन्नुभयो– भिक्षुहो ! यदि कोही एकजना भिक्षुको मनमा बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदाप्रति कुनै शंका वा सन्देह छ भने मसँग सोध । भिक्षुहो ! पछि गएर पछुटो गर्न नपरोस् "हामी शास्ताको सामुन्ने थियौं तर पनि हामीले वहाँसँग केही



Downloaded from http://dhamma.digital

पनि सोध्न सकेनौं ।" यसरी भन्नु हुँदा तेस्रो पटक पनि भिक्षुहरू चुप लागेर बसे । यसपछि पुनः भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो ! हुनसक्छ तिमीहरू शास्ताप्रति गौरवको कारणले सोध्न सकेनौं । भिक्षुहो ! आफ्नो साथीद्वारा पनि सोध्न लगाउन सक्छौ । यसरी भन्नुहुँदा पनि भिक्षुहरू चुप लागेर बसे । अनि आयुष्मान आनन्दले भगवानलाई यसो भने– "आश्चर्य भन्ते ! म यति प्रसन्न छु कि यस भिक्षु संघमा कोही एकजना भिक्षु पनि बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदामा कुनै शंका वा सन्देह छैन ।"

आनन्द ! तिमी प्रसन्न छौ भन्छौ । आनन्द ! तथागतलाई यो थाहा भएकै कुरा हो– यस भिक्षुसंघमा एकजना भिक्षुको मनमा पनि बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदाको विषयमा कुनै शंका वा सन्देह गर्ने खालको छैन । भिक्षुहो ! यस पाँचसय भिक्षुमध्येमा जो सबभन्दा पछि भएको छ ऊ पनि श्रोतापन्न (सात जन्म भन्दा बढी जन्म लिनु नपर्ने) पतन नहुने तथा सम्बोधि परायण हो ।"

## ७. अचिन्तेय्यसुत्तं

७७. भिक्षुहो ! यी चार विषय अचिन्तनीय हुन् । जुन चिन्तन गर्नु हुँदैन । जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! बुद्धरूका बुद्ध विषय अचिन्तनीय हुन् । चिन्तन गर्नु हुँदैन, जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ । भिक्षुहो ! ध्यानीको ध्यान विषय अचिन्तनीय हुन् । चिन्तन गर्नु हुँदैन, जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ । भिक्षुहो ! कर्म विपाक विषय अचिन्तनीय हुन् । चिन्तन गर्नु हुँदैन, जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ । भिक्षुहो ! लोक चिन्तन (लोकत्पत्ति) विषय अचिन्तनीय हुन् । चिन्तन गर्नु हुँदैन, जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ । भिक्षुहो ! यी नै" चार विषय अचिन्त- नीय हुन्, चिन्तन गर्नु हुँदैन, जुन चिन्तन गर्दा बौलाहा तथा आघातको भागी हुन्छ ।"

## ८. दक्खिणसुत्तं

७८. "भिक्षुहो ! यी चार दक्षिणा विशुद्धि हुन् । कुन कुन चार ? भिक्षुहो ! दायकबाट दक्षिणा विशुद्ध हुन्छ तर प्रतिग्राहकबाट हुँदैन । भिक्षुहो ! दक्षिणा प्रतिग्राहक विशुद्ध हुन्छ तर दायकबाट हुँदैन । भिक्षुहो ! दायकबाट पनि प्रति-ग्राहकबाट पनि दक्षिणा विशुद्ध हुँदैन । भिक्षुहो ! दायकबाट पनि प्रतिग्राहकबाट पनि दक्षिणा विशुद्ध हुन्छ ।

"भिक्षुहो ! दायकबाट कसरी दक्षिणा विशुद्ध हुन्छ तर प्रतिग्राहकबाट



Downloaded from http://dhamma.digital

हुँदैन ? भिक्षुहो ! यहाँ दायक शीलवान र कल्याणधर्मी हुन्छ तर प्रतिग्राहक दुःशील र अधर्मी हुन्छ । भिक्षुहो ! यसरी दायकबाट दक्षिणा विशुद्ध हुन्छ तर प्रतिग्राहकबाट हुँदैन ।

"भिक्षुहो ! प्रतिग्राहकबाट दक्षिणा कसरी विशुद्ध हुन्छ तर दायकबाट हुँदैन ? भिक्षुहो ! यहाँ प्रतिग्राहक शीलवान र कल्याणधर्मी हुन्छ तर दायक दुःशील र अधर्मी हुन्छ । भिक्षुहो ! यसरी प्रतिग्राहकबाट दक्षिणा विशुद्ध हुन्छ तर दायकबाट हुँदैन ।

"भिक्षुहो ! दायक र प्रतिग्राहकबाट पनि कसरी दक्षिणा विशुद्ध हुँदैन ? भिक्षुहो ! यहाँ दायक पनि दुश्शील र अधर्मी हुन्छ अनि प्रतिग्राहक पनि दुश्शील र अधर्मी हुन्छ । भिक्षुहो ! यसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दक्षिणा विशुद्ध हुँदैन ।

"भिक्षुहो ! दायक र प्रतिग्राहकबाट पनि कसरी दक्षिणा विशुद्ध हुन्छ ? भिक्षुहो ! यहाँ दायक पनि शीलवान र कल्याणधर्मी हुन्छ अनि प्रतिग्राहक पनि शीलवान र कल्याणधर्मी हुन्छ । भिक्षुहो ! यसरी नै दायकबाट् पर्नि प्रतिग्राहक बाट पनि दक्षिणा विशुद्ध हुन्छ ।"

## ९. वाणिजसुत्तं

७९. त्यस बेला आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ जानुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसो भन्नुभयो– "किन होला भन्ते ! के कारणले होला भन्ते ! यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा नोक्सानमा पर्छन् ? "किन होला भन्ते ! के कारणले होला भन्ते ! यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा उसको इच्छानुरूप हुँदैन ? यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा इच्छानुरूप हुन्छ ? किन होला भन्ते ! के कारणले होला भन्ते ! यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा अरूको इच्छानुरूप हुन्छ ?"

"सारिपुत्त ! यहाँ कोही श्रमण वा ब्राह्मणकहाँ गई प्रार्थना गर्छ– 'भन्ते ! तपाईंलाई जे आवश्यकता छ भन्नुस् ।' उसले जुन चाहन्छ त्यो दिँदैन । ऊ त्यहाँबाट च्युत भई यहाँ जन्मेर जे जे व्यापार गर्छ त्यस त्यस व्यापारमै नोक्सान हुन्छ ।

"सारिपुत्त ! यहाँ कोही कोही श्रमण वा ब्राह्मणकहाँ गई प्रार्थना

Downloaded from http://dhamma.digital

गर्छ– 'भन्ते ! तपाईंलाई जे आवश्यकता छ भन्नुहोस् ।' उसले चाहेअनुसार वा इच्छानुसार दिँदैन । ऊ त्यहाँबाट च्युत भई यहाँ जन्मेर जे जे व्यापार गर्छ त्यस त्यसबाट उसको ईच्छानुसार हुँदैन ।

"सारिपुत्त ! यहाँ कोही कोही श्रमण वा ब्राह्मणकहाँ गई प्रार्थना गर्छ– 'भन्ते ! तपाईंलाई जे आवश्यकता छ भन्नुहोस् ।' उसले चाहेअनुसार वा इच्छानुसार दिन्छ । ऊ त्यहाँबाट च्युत भई यहाँ जन्मिन्छ । उसले जे जे व्यापार गर्छ त्यस त्यसबाट उसको इच्छनुरूप हुन्छ ।

"सारिपुत्त ! यहाँ कोही कोही श्रमण वा ब्राह्मणकहाँ गई प्रार्थना गर्छ– 'भन्ते ! तपाईंलाई जे आवश्यकता छ भन्नुहोस् ।' उसले जे चाहेको हो वा अरूको इच्छानुसार दिन्छ । ऊ त्यहाँबाट च्युत भई यहाँ जन्मेर जे जे व्यापार गर्छ त्यस त्यसबाट अरूको इच्छानुसार हुन्छ ।

"सारिपुत्त ! यही कारण वा यही कुराले गर्दा यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा नोक्सानमा पर्छ । सारिपुत्त ! यही कारण वा यही कुराले गर्दा यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा इच्छानुसार हुँदैन । सारिपुत्त ! यही कारण वा यही कुराले गर्दा यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा जुन इच्छा गरेको हो त्यही नै हुन्छ । सारिपुत्त ! यही कारण वा यही कुराले गर्दा यहाँ कसैकसैले एकै किसिमको व्यापार गर्दा अरूको इच्छा-नुसार हुन्छ ।"

## १०. कम्बोजसुत्तं

८०. एक समय भगवान कोसम्बिस्थित घोषितराममा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभई भगवान-लाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले यसो भन्नुभयो– "किन होला भन्ते ! के कारणले होला भन्ते ! जहाँ सभा हुन्छ त्यहाँ स्त्रीहरू बस्दैनन् ? न त कामकाजमा लाग्छ, न त कम्बोजमा (विदेशमा) जान्छ । किन यस्तो भएको होला भन्ते ? के कारणले त्यस्तो भएको होला भन्ते ?"

"आनन्द ! स्त्रीहरू क्रोधी स्वभावका हुन्छिन् । आनन्द ! स्त्रीहरू इर्ष्यालु स्वभावका हुन्छिन् । आनन्द ! स्त्रीहरू कन्जुस स्वभावका हुन्छिन् । आनन्द ! स्त्रीहरू मूर्ख स्वभावका हुन्छिन् । आनन्द ! यही कुराले, यही कारणले स्त्रीहरू सभामा बस्दैनन्, कामकाजमा लाग्दैनन् अनि पर्देशमा जाम्दैनन् ।"



Downloaded from http://dhamma.digital

## (९) ४. मचलवग्गो

### १.पाणातिपातसुत्तं

८१. "भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? प्राणी हिंसा गर्छ, चोरी गर्छ, व्यभिचार गर्छ अनि झूटो बोल्छ । भिक्षुहो ! यीं नै चार कुरामा युक्तलाई समातेर नरकमा राखे समानका हुन् ।

"भिक्षुहो ! चार कुरालमा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ अनि झूटो बोल्नबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा युक्तलाई समा-तेर स्वर्गमा राखे समानका हुन् ।"

### २. मुसावादसुत्तं

८२. "भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? झूटो बोल्छ, चुकली गर्छ, कठोर बोल्छ अनि बकम्फुस हुन्छ । भिक्षुहो ! यी नै चार कुराले युक्तलाई समातेर नरकमा राखे समानका हुन् ।

"भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? झूटो बोल्नबाट विरत हुन्छ, चुकली गर्नबाट विरत हुन्छ, कठोर वाक्य बोल्नबाट विरत हुन्छ अनि बकम्फुस कुराबाट विरत हुन्छ । "भिक्षुहो ! यी नै चार कुरामा युक्तलाई समातेर ल्याई स्वर्गमा राखे समानका हुन्छ ।"

### ३. अवण्णरहसुत्तं

८३. "भिक्षुहो ! चार कुराले युक्तलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? विचारै नगरिकन, परिक्षणै नगरिकन निन्दनीयलाई प्रशंसा गर्छ । विचारै नगरिकन, परिक्षणै नगरिकन प्रशंसनीयलाई निन्दा गर्छ । विचारै नगरिकन, परिक्षणै नगरिकन अप्रसन्न हुनु पर्ने ठाउँमा प्रसन्न हुन्छ अनि विचारै नगरिकन, परिक्षणै नगरिकन प्रसन्न हुनु पर्ने ठाउँमा अप्रसन्न हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन्छ ।

Downloaded from http://dhamma.digital

ती चार के के हुन् ? विचार पुऱ्याई, परीक्षण गरी निन्दनीय-लाई निन्दा गर्छ । विचार पुऱ्याई, परीक्षण गरी प्रशंसनीयलाई प्रशंसा गर्छ । विचार पुऱ्याई, परीक्षण गरी अप्रसन्न हुनु पर्ने ठाउँमा अप्रसन्न हुन्छ अनि विचार पुऱ्याई, परीक्षण गरी प्रसन्न हुनु पर्ने ठाउँमा प्रसन्न हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा युक्तलाई समातेर स्वर्गमा राखे समानका हुन् ।"

## ४.कोधगरुसुत्तं

८३. "भिक्षुहो ! चार कुरामा युक्तलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? क्रोधलाई महत्व दिने तर सद्धर्मलाई महत्व दिँदैन । म्रक्ष (अरूको गुणलाई छोप्ने काम) लाई महत्व दिने तर सद्धर्मलाई महत्व दिँदैन । लाभलाई महत्व दिने तर सद्धर्मलाई महत्व दिँदैन । सत्कारलाई महत्व दिने तर सद्धर्मलाई महत्व दिँदैन । भिक्षुहो ! यी नै चार कुरामा युक्त लाई समातेर नरकमा राखे समानका हुन् ।

"भिक्षुहो ! चार कुराले युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? सद्धर्मलाई गौरव गर्ने, क्रोधलाई गौरव गर्दैन । सद्धर्मलाई गौरव गर्ने म्रक्षलाई गौरव गर्दैन । सद्धर्मलाई गौरव गर्ने तर लाभलाई गौरव गर्दैन । अनि सद्धर्मलाई गौरव गर्ने तर सत्कारलाई गौरव गर्दैन । भिक्षुहो ! यी नै चार कुरामा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## ५.तमोतमसुत्तं

८५. "भिक्षुहो ! लोकमा चारप्रकारका व्यक्ति विद्यमान छन् । भिक्षुहो ! ती चार को को हुन् ? अन्धकारबाट अन्धकारमा जाने । अन्धकारबाट उज्यालोमा जाने । उज्यालोबाट अन्धकारमा जाने अनि उज्यालोबाट उज्यालोमा जाने ।

"भिक्षुहो ! कस्ता व्यक्तिलाई अन्धकारबाट अन्धकारमा जाने भन्छ ? यहाँ कोही कोही व्यक्ति नीच कुलमा जन्मिंछ– चण्डाल कुल, वेणु कुल (बाँसकी काम गर्ने), शिकारीको कुल, रथकार कुल, चमारकुल, पोडेको कुल, दरिद्र कुल, अन्नपानादि भोजन गर्न अति कठिन कुल अनि अति दुःख-कष्ट गरी अन्न र वस्त्र लाभ हुन्छ । ऊ दुर्वर्ण हेर्दा नराम्रो, वामन, अनेकौं रोगबाट पीडित, कानो, लुलो, लंगडो, पक्षघाट, अन्न, पान, वस्त्र, यान, माला, गन्ध-विलेपन, सुत्ने, बस्ने, ठाउँको अभाव, बत्तीको अभाव कुलमा जन्मिन्छन् । उसले शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा खराब बोली बोल्छ अनि मनद्वारा नराम्रो विचार गर्छ । उसले शरीर, वचन र मनद्वारा दुष्कर्म गर्नाले शरीर भेद



Downloaded from http://dhamma.digital

भई मरणपछि अपाय, दुर्गति, दुःख भोग गर्नु पर्ने स्थानमा अथवा नरकमा जन्मिन्छ। भिक्षुहो ! यस्ता व्यक्ति नै अन्धकारबाट अन्धकारमा जाने भन्छ।

"भिक्षुहो ! कस्ता व्यक्तिलाई अन्धकारबाट उज्यालोमा जाने भन्छ ? यहाँ कोही कोही व्यक्ति नीच कुलमा जन्मिन्छ– चण्डाल कुल, वेणु कुल ( बाँसको काम गर्ने), शिकारीको कुल, रथकार कुल, चमारकुल, पोडेको कुल, दरिद्र कुल, अन्नपानादि भोजन गर्न अति कठिन कुल अनि अति दुःख-कष्ट गरी अन्न र वस्त्र लाभ हुन्छ। ऊ दुर्वर्ण हेर्दा नराम्रो, वामन, अनेकौं रोगबाट पीडित, कानो, लुलो, लंगडो, पक्षघाट, अन्न, पान, वस्त्र, यान, माला, गन्ध-विलेपन, सुत्ने, बस्ने, ठाउँको अभाव, बत्तीको अभाव कुलमा जन्मिन्छन् । उसले शरीरद्वारा सुकर्म गर्छ, वचनद्वारा राम्रो बोली बोल्छ अनि मनद्वारा राम्रो विचार गर्छ । उसले शरीरद्वारा सुआचरण गर्दा, वचनद्वारा सुभाषित बोल्दा अनि मनद्वारा सुविचारक हुँद शरीर भेदभई मरणपछि सुगति, स्वर्गलोकमा जन्मिन्छ। भिक्षुहो ! यस्ता व्यक्तिलाई नै अन्धकारबाट उज्यालोमा जाने भन्छ।

"भिक्षुहो ! कस्ता व्यक्तिलाई उज्यालोबाट अन्धकारमा जाने भन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रशस्त सुख-सम्पत्तिले सम्पन्न भएको क्षत्री कुल, ब्राह्मण कुल, गृहपति कुल, धनाढ्य, अत्यन्त धनवान, महाभोगवान, सुन-चाँदी धेरै भएका, धन-सम्पत्ति धेरै भएका अनि धन-धान्य धेरै भएका उच्चकुलमा जन्मिन्छन् । ऊ रूपवान, दर्शनीय, आकर्षक, परम सुन्दर वर्णसम्पन्न, अन्न-पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, सुत्ने ठाउँ अनि प्रदीपका लाभी हुन्छ । उसले शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा खराब बोली बोल्छ अनि मनद्वारा नराम्रो विचार गर्छ । उसले शरीर, वचन र मनद्वारा दुष्कर्म गर्नाले शरीर भेद भई मरणपछि अपाय, दुर्गति, दुःख भोग गर्नु पर्ने स्थानमा अथवा नरकमा जन्मिन्छ । भिक्षुहो ! यस्ता व्यक्तिलाई नै उज्यालेबाट अन्धकारमा जाने भन्छ।

"भिक्षुहो ! कस्ता व्यक्तिलाई उज्यालोबाट उज्यालोमा जाने भन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रशस्त सुख-सम्पत्तिले सम्पन्न भएको क्षत्री कुल, ब्राह्मण कुल, गृहपति कुल, धनाढ्य, अत्यन्त धनवान, महाभोगवान, सुन-चाँदी धेरै भएका, धन-सम्पत्ति धेरै भएका अनि धन-धान्य धेरै भएका उच्चकुलमा जन्मिन्छन् । ऊ रूपवान, दर्शनीय, आकर्षक, परम सुन्दर वर्णले सम्पन्न, अन्न-पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, सुत्ने ठाउँ अनि प्रदीपका लाभी हुन्छ । उसले शरीरद्वारा सुकर्म गर्छ, वचनद्वारा राम्रो बोली बोल्छ अनि मनद्वारा राम्रो विचार गर्छ । उसले शरीरद्वारा सुआचरण गर्दा, वचनद्वारा सुभाषित बोल्दा अनि मनद्वारा सुविचार गर्नाले शरीर भेद



Downloaded from http://dhamma.digital

भई मरणपछि सुगति, स्वर्गलोकमा जन्मिन्छ । भिक्षुहो ! यस्ता व्यक्तिलाई नै उज्यालोबाट उज्यालोमा जाने भन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## ६.ओणतोणसुत्तं

८६. "भिक्षुहो ! लोकमा चारप्रकारका व्यक्ति विद्यमान छन् । भिक्षुहो ! ती चार को को हुन् ? तलबाट तलतिर जाने, तलबाट माथितिर जाने, माथिबाट तलतिर जाने अनि माथिबाट माथितिरै जाने । भिक्षुहो ! यी नै चारप्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ७. पुत्तसुत्तं

८७. "भिक्षुहो ! यस लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? अचल श्रमण, पुण्डरिक श्रमण, पद्‌म श्रमण अनि श्रमणहरूमा सुकुमार श्रमण ।

"भिक्षुहो ! कस्ता व्यक्ति अचल श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शैक्ष मार्गानुगामी र अतिउत्तम योगक्षमका (अर्हत हुन प्रयत्नशील, दत्त-चित्तको) इच्छुक हुन्छ । जस्तै कि भिक्षुहो ! मुकुटधारी क्षत्री राजाको ज्येष्ठ पुत्र अनभिषिक्त अभिषेक गर्न योग्य भइसकेको हुन्छ । तदनुरूप भिक्षुहो ! शैक्ष मार्गानुगामी र अतिउत्तम योगक्षम- का इच्छुक हुन्छ । यस्ता व्यक्ति नै अचल श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पुण्डरिक श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव क्षय गरी, अनाश्रवी, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति, दृष्टान्त धर्ममा स्व-यम्‌ले अभिज्ञात, साक्षात्कार र प्राप्त गर्छ । अष्टविमोक्ष*लाई कायद्वारा स्पर्शित हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै पुण्डरिक श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पद्‌म श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव

*१. रूप विषयमा रूपसंज्ञी २. अध्यात्म विषय अरूपसंज्ञी ३. शुभ भन्ने विचारबाट अधिमुक्त ४. समस्त रूपसंज्ञालार्य समतिक्रम गरी प्रतिघसंज्ञा हटाएर नानासंज्ञालाई मनन नगरी आकाश अनन्त भनी आकाशानन्त्यायतन प्राप्ती ५. समस्ता आकाशानन्त्यायतन् समतिक्रम गरी विज्ञान अनन्त भनी विज्ञानन्त्यायतन प्राप्ती ६. समस्त विज्ञानन्त्यायतन समतिक्रम गरी 'केही पनि छैन' भनी आकिन्चन्यायतन प्राम्ती ७. सम्पूर्ण आकिन्चन्यायतन समतिक्रम गरी नेवसंज्ञानासंज्ञायतन प्राप्ती ८. समस्ता नेवसंज्ञानासंज्ञायतन समतिक्रम गरी संज्ञा वेदयित निरोध प्राप्ती ।



Downloaded from http://dhamma.digital

क्षय गरी अनाश्रवी भई, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति, दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार र प्राप्त गर्छ । अष्टविमोक्षलाई कायद्वारा स्पर्शित हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै पद्म श्रमण हुन् । ।

"भिक्षुहो ! कस्ता व्यक्ति श्रमणहरूमा सुकुमार श्रमण हुन् ? भिक्षुहो ! यहाँ दाताबाट प्रार्थना गरिँदा मात्र प्रायः जसो भिक्षुले धेरै नै चीवर परिभोग गर्छ । विना प्रार्थना परिभोग त प्रायः कमै हुन्छ । प्रार्थना गरिँदा मात्र प्रायः जसो भिक्षुले भोजन परिभोग गर्छ । विना प्रार्थना परिभोग त प्रायः कमै हुन्छ । प्रार्थना गरिँदा मात्र प्रायः जसो भिक्षुले रागोपचारको निम्ति औषधी-परिष्कार-हरू परिभोग गर्छ । विना प्रार्थना परिभोग त प्रायःकमै हुन्छ । जो आफ्ना स-हचारीहरूसँग बस्दा उसको अनुकूल हुने धेरै जसो शारीरिक व्यवहार गर्छ, अनुकूल नहुने गरी त कमै हुन्छ । अनुकूल हुने गरी धेरै जसो वाचसिक व्यवहार गर्छ, अनुकूल नहुने गरी त कमै हुन्छ । अनुकूल हुने गरी धेरै जसो मानसिक व्यवहार गर्छ, अनुकूल नहुने गरी त कमै हुन्छ । अनुकूल हुने नै ( मन पर्ने) प्रायः जसो उपहार ल्याई दिन्छ । अनुकूल नहुने गरी त कमै हुन्छ । जुन कि पित्तबाट उत्पन्न हुने रोग, कफ- बाट हुने रोग, वायुबाट हुने रोग, सन्निपात (वात,पित्त र कफ त्रिदोष)बाट हुने रोग, ऋतु परिवर्तनबाट हुने रोग, विषमदोषादिबाट हुने रोग, कुनै उपक्रमबाट कष्ट हुने रोग, कर्म विपाकबाट हुने रोग प्रायः जसो उसलाई हुँदैन तथा अल्प रोगी हुन्छ । चतुर्थ चैतसिक ध्यानद्वारा दृष्टान्त धर्ममा सुखपूर्वक बस्न परिश्रम विना नै, विना कठिनाइबाट अनि सजिलैसँग लाभ गर्न सक्छन् । आश्रव क्षय गरी, अनाश्रवी भई, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति, दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार र प्राप्त गर्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै श्रमणहरूमा सुकुमार श्रमण हुन् ।

"भिक्षुहो ! श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी कसैको बारेमा यदि सम्यकरूपले भन्नु नै छ भने त भिक्षुहो ! मेरै बारेमा सम्यकरूपले भन्न मिल्छ कि श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी ।

"भिक्षुहो ! दाताहरूले प्रार्थना गर्दा नै मैले धेरै जसो चीवर परिभोग गर्दछु । विना प्रार्थना त कम नै हुन्छ । प्रार्थना गर्दा नै प्रायः जसो मैले भोजनको परिभोग गर्दछु । विना प्रार्थना त कम नै हुन्छ । प्रार्थना गर्दा नै प्रायः जसो मैले शयनासनको परिभोग गर्दछु । विना प्रार्थना त कमै हुन्छ । प्रार्थना गर्दा नै प्रायः जसो मैले रोगोपचारको निम्ति औषधी तथा परिष्कारको परिभोग गर्दछु । विना प्रार्थना त कमै हुन्छ । जो भिक्षुहरूसँग म बस्छु ती भिक्षुहरूले धेरै जसो मलाई प्रिय हुने शारीरिक व्यवहार गर्छन्, वाचसिक



Downloaded from http://dhamma.digital

व्यवहार गर्छन् अनि मानसिक व्यवहार गर्छन् । अप्रियरूपले व्यवहार गर्ने त कमै छन् । धेरै जसो मलाई मन पर्ने उपहार ल्याउँछ, मन नपर्ने त कमै हुन्छ । जुन कि पित्तबाट हुने रोग, कफबाट हुने रोग, वायुबाट हुने रोग, सन्निपात (वात, पित्त र कफ त्रिदोष)बाट हुने रोग, ऋतु परिवर्तनबाट हुने रोग, विषमदोषादिबाट हुने रोग, कुनै उपक्रमबाट कष्ट हुने रोग, कर्म विपाकबाट हुने रोग प्रायः जसो मलाई रोग लाग्दैन । म अल्प रोगी हुँ । चतुर्थ चैतसिक ध्यानद्वारा दृष्टान्त धर्ममा सुखपूर्वक बस्न परिश्रम विना नै, विना कठिनाइबाट अंनि सजिलै लाभ गर्न सक्छु । आश्रव क्षय गरी, अनाश्रवी भई, चित्त विमुक्ति, प्रज्ञाविमुक्ति, दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार, अनि प्राप्त गरी बस्दछु ।

"भिक्षुहो ! श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी कसैको बारेमा यदि सम्यकरूपले भन्नु नै छ भने त भिक्षुहो ! मेरै बारेमा सम्यकरूपले भन्न मिल्छ कि श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ८. संयोजनसुत्तं

८८. "भिक्षुहो ! यस लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? अचल श्रमण, पुण्डरिक श्रमण, पद्म श्रमण अनि श्रमणहरूमा सुकुमार श्रमण ।

"भिक्षुहो ! कस्ता व्यक्ति अचल श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले तीन संयोजन•हरू क्षय गरी श्रोतापन्न हुन्छ, पतनोन्मुख नहुने अनि सम्बोधि परायण हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिन नै अचल श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पुण्डरिक श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले तीन संयोजनहरू क्षय गरी, राग, द्वेष र मोहलाई दुर्बल गरी सकृदागामी हुन्छ । यस लोकमा एक पल्ट आई दुःखलाई अन्त गर्ने हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिन नै पुण्डरिक श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पद्म श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले पतनोन्मुख हुने पाँच संयोजन♦हरू क्षय गर्छ । ऊ त्यहाँबाट यसलोकमा

---

•१. सत्कायदृष्टि, २. शंका, ३. शीलव्रत परामर्श । ♦१. सत्कायदृष्टि, २. शंका, ३. शीलव्रत-परामर्श, ४.कामतृष्णा । ५. द्वेष ।



Downloaded from http://dhamma.digital

नआउने भई त्यहीँ परिनिर्वाण हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिन नै पद्म श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति श्रमणहरूमा सुकुमार श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव क्षय गरि अनाश्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि प्राप्त गरी बस्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै श्रमणहरू मध्येमा सुकुमार श्रमण हुन् । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ९. सम्मादिट्ठिसुत्तं

८९. "भिक्षुहो ! यस लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? अचल श्रमण, पुण्डरिक श्रमण, पद्म श्रमण अनि श्रमणहरूमा सुकुमार श्रमण ।

"भिक्षुहो ! कस्ता व्यक्ति अचल श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै अचल श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पुण्डरिक श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, स-म्यक आजीविका, सम्यकव्यायाम, सम्यकस्मृति, म्यकसमाधी, सम्यकज्ञान र सम्यक विमुक्ति हुन्छ । तर उसले शरीरद्वारा आठप्रकारका विमोक्षलाई स्पर्श गरेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै पुण्डरिक श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पद्म श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु सम्यकदृष्टि... सम्यकविमुक्ति हुन्छ अनि शरीरद्वार आठ प्रकारका विमोक्षलाई स्पर्श गरी बस्ने हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै पद्म श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति श्रमणहरू मध्येमा सुकुमार श्रमण हुन् ? भिक्षुहो ! यहाँ दाताबाट प्रार्थना गर्दा नै प्राय: जसो भिक्षुले धेरै नै चीवर परिभोग गर्छ । विना प्रार्थना परिभोग गर्ने प्राय: कमै हुन्छ,... भिक्षुहो ! श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी कसैको बारेमा यदि सम्यकरूपले भन्नु नै छ भने भिक्षुहो ! मेरै बारेमा सम्यकरूपले भन्न मिल्छ कि श्रमणहरू



Downloaded from http://dhamma.digital

मध्येमा सुकुमार श्रमण हो भनी । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## १०. खन्धसुत्तं

८९. "भिक्षुहो ! यस लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? अचल श्रमण, पुण्डरिक श्रमण, पद्म श्रमण अनि श्रमणहरूमा सुकुमार श्रमण ।

"भिक्षुहो ! कस्ता व्यक्ति अचल श्रमण हुन् ? भिक्षुहो ! यहाँ शैक्ष हुन्छ । अप्राप्त अनुपम योगक्षम प्राप्त गर्न कामना गर्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै अचल श्रमण हुन् ।

—"भिक्षुहो ! कस्ता व्यक्ति पुण्डरिक श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु पञ्च उपादानस्कन्धको उदय र व्ययलाई हेर्ने हुन्छ– यो रूप हो; यो रूपको उत्पत्ति हो अनि यो रूपको विनाश हो । यो वेदना हो..., यो संज्ञा हो..., यो संस्कार हो..., यो विज्ञान हो, यो विज्ञानको उत्पत्ति हो अनि यो विज्ञानको विनाश हो । तर उसले शरीरद्वारा आठ प्रकारका विमोक्षलाई स्पर्श गरेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै पुण्डरिक श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति पद्म श्रमण हुन् ? भिक्षुहो ! यहाँ भिक्षु पञ्च उपादानस्कन्धको उदय र व्ययलाई हेर्ने हुन्छ– यो रूप हो, यो रूपको उत्पत्ति हो अनि यो रूपको विनाश हो । यो वेदना हो..., यो संज्ञा हो..., यो संस्कार हो..., यो विज्ञान हो, यो विज्ञानको उत्पत्ति हो अनि यो विज्ञानको विनाश हो । तर उसले शरीरद्वारा आठ प्रकारका विमोक्षलाई स्पर्श गर्दै बस्ने हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै पद्म श्रमण हुन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति श्रमणहरू मध्येमा सुकुमार श्रमण हुन् ? भिक्षुहो ! यहाँ दाताबाट प्रार्थना गर्दा नै प्रायः जसो भिक्षुले धेरै नै चीवर परिभोग गर्ने हुन्छ । विना प्रार्थना परिभोग गर्ने प्राय कम नै हुन्छ,... भिक्षुहो ! श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी कसैको बारेमा यदि सम्यकरूपले भन्नु नै छ भने भिक्षुहो ! मेरो नै बारेमा सम्यकरूपले भन्न मिल्छ कि श्रमणहरू मध्येमा सुकुमार श्रमण हो भनी । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"



Downloaded from http://dhamma.digital

## (१०) ५. असुरवग्गो

### १. असुरसुत्तं

९१. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? असुर परिवारसँग असुर, देव परिवारसँग असुर, असुर परिवारसँग देव अनि देव परिवारसँग देव ।

"भिक्षुहो ! कस्ता व्यक्ति असुर परिवारसँग असुर हुन्छन् ? भिक्षुहो ! यहाँ व्यक्ति पनि दुःशील अधर्मी हुन्छ अनि परिवार पनि दुःशील र अधर्मी हुन्छ । भिक्षुहो ! यस्ता नै असुर परिवारसँग असुर हुन्छन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति देव परिवारसँग असुर हुन्छन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति दुःशील र अधर्मी हुन्छ अनि परिवार भने शीलवान र कल्याणधर्मी हुन्छ । भिक्षुहो ! यस्ता नै देव परिवारसँग असुर हुन्छन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति असुर परिवारसँग देव हुन्छन् ? भिक्षुहो ! यहाँ परिवार दुःशील र अधर्मी हुन्छ व्यक्ति भने शीलवान र कल्याणधर्मी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै असुर परिवारसँग देव हुन्छन् ।

"भिक्षुहो ! कस्ता व्यक्ति देव परिवारसँग देव हुन्छन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति शीलवान र कल्याणधर्मी हुन्छन् अनि परिवार पनि शीलवान र कल्याणधर्मी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै देव परिवारसँग देव हुन्छन् । "भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

### २. पठमसमाधिसुत्तं

९२. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूबाटै चित्त-शमथ भावनाको लाभी हुन्छ तर प्रज्ञामय विदर्शना भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रज्ञामय विदर्शना भावनाको लाभी हुन्छ तर चित्त-शमथ भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूबाटै चित्त-शमथ भावनाको लाभी हुँदैन अनि प्रज्ञामय विदर्शना भावनाको लाभी पनि हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूबाटै चित्त-शमथ भावनाको लाभी हुन्छ अनि प्रज्ञामय विदर्शना भावनाको लाभी पनि हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"



Downloaded from http://dhamma.digital

## ३. दुतियसमाधिसुत्तं

९३. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूभित्र चित्त-शमथ भावनाको लाभी हुन्छ तर प्रज्ञामय विदर्शना भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रज्ञामय विदर्शना भावनाको लाभी हुन्छ तर चित्त-शमथ भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूभित्र चित्त-शमथ भावनाको लाभी हुँदैन अनि प्रज्ञामय विदर्शना भावनाको लाभी पनि हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूभित्र चित्त-शमथ भावनाको लाभी हुन्छ अनि प्रज्ञामय विदर्शना भावनाको लाभी पनि हुन्छ ।

"भिक्षुहो ! आफूभित्र नै यदि कसैलाई चित्त-शमथ भावनाको लाभ हुन्छ तर प्रज्ञामय विदर्शना भावना लाभ नभएमा भिक्षुहो ! त्यस व्यक्तिलाई चाहिन्छ कि उसले आफूले नै चित्त-शमथ भावनामा प्रतिष्ठित गराई प्रज्ञामय विदर्शना भावना लाभी हुन प्रयास गर्नुपर्छ । उसले कुनै समयमा चित्त-शमथ भावनाको लाभी हुन्छ भने प्रज्ञामय विदर्शना भावनाको पनि लाभी हुन्छ ।

"भिक्षुहो ! यदि कोही प्रज्ञामय भावना लाभी हुन्छ तर आफूभित्र चित्त-शमथ भावनाको लाभी हुँदैन । भिक्षुहो ! त्यस व्यक्तिलाई चाहिन्छ कि प्रज्ञामय विदर्शना भावनामा प्रतिष्ठित भई आफूभित्र चित्त-शमथ भावनाको लागि प्रयास गर्नुपर्छ । उसले कुनै समयमा प्रज्ञामय विदर्शना भावनाको लाभी हुन्छ भने आफूभित्र चित्त-शमथ भावनाको पनि लाभी हुन्छ ।

"भिक्षुहो ! यदि कसैलाई चित्त-शमथ भावनाको लाभ आफूभित्र नभएमा अनि प्रज्ञामय विदर्शना भावनाको पनि लाभ नभएमा भिक्षुहो ! त्यस व्यक्तिलाई चाहिन्छ कि त्यही कुशल धर्म प्राप्त गर्न अत्यधिक मेहनत, उत्साह, प्रयास गर्ने, पछि नहट्ने, स्मृति र सम्प्रजन्यले (सजग तथा होशियार) युक्त हुने इच्छा गर्नुपर्छ । भिक्षुहो ! जस्तै कि लुगामा आगो लाग्दा वा शिरमा आगो लाग्दा त्यही लुगाले शिरबाट आगो निभाउनलाई अत्यधिक मेहनत, उत्साह, प्रयास, पछि नहट्ने, स्मृति र सम्प्रजन्यले युक्त भई काम गर्ने इच्छा हुन्छ । भिक्षुहो ! यसरी नै त्यस व्यक्तिले त्यही कुशल धर्म प्राप्त गर्न अत्यधिक मेहनत, उत्साह, प्रयास, पछि नहट्ने, स्मृति र सम्प्रजन्यले युक्त हुने इच्छा गर्नुपर्छ । त्यसो गर्दा उसले कुनै एक दिन चित्त-शमथ भावना आफूले लाभ गर्नेछन् अनि प्रज्ञामाय विदर्शना भावना पनि लाभ गर्नेछन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि कसैले चित्त-शमथ भावना लाभ भए अनि प्रज्ञामय विदर्शना भावना लाभ भएमा भिक्षुहो ! त्यस व्यक्तिले त्यही कुशल धर्ममा प्रतिष्ठित भइकन अगाडि वढी आश्रव क्षय गर्न प्रयास गर्नुपर्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ४. ततियसमाधिसुत्तं

९४. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूभित्र चित्त-शमथ भावनाको लाभी हुन्छ तर प्रज्ञामय विदर्शना भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रज्ञामय विदर्शना भावनाको लाभी हुन्छ तर चित्त-शमथ भावनाको लाभी हुँदैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति न त चित्त-शमथ भावनालाई आफूले लाभ गरेको हुन्छ न त प्रज्ञामय विदर्शना भावनालाई लाभ गरेको हुन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्तिले चित्त-शमथ भावनालाई आफूले लाभ गरेको हुन्छ भने प्रज्ञामय विदर्शना भावनालाई पनि लाभ गरेको हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले चित्त-शमथ भावनालाई आफूले लाभ गरेको हुन्छ तर प्रज्ञामय विदर्शना भावना भने लाभ गरेको हुँदैन । भिक्षुहो ! त्यो व्यक्तिले जो प्रज्ञामय विदर्शना भावना लाभी हो त्यहाँ गएर यसरी सोध्नुपर्छ– आवुसो ! संस्कारप्रतिको दृष्टि कस्तो हुनुपर्छ ? संस्कारप्रति विचार कस्तो हुनुपर्छ अनि संस्कारप्रति कस्तो चिन्तन हुनुपर्छ ? उसले आफ्नो दृष्टि अनुसार वा आफूले जाने अनुसार उसलाई भन्छ– आवुसो ! संस्कारप्रति दृष्टि यस्तो हुनुपर्छ, संस्कारप्रति विचार यस्तो हुनुपर्छ अनि संस्कारप्रति चिन्तन यस्तो हुनुपर्छ । उसले कुनै एक दिन चित्त-शमथ भावना लाभ गर्न सक्छ अनि प्रज्ञामय विदर्शना भावनाको पनि लाभी हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले प्रज्ञामय विदर्शन भावनालाई लाभ गरेको हुन्छ तर चित्त-शमथ भावना लाभ गरेको हुँदैन । भिक्षुहो ! त्यो व्यक्तिले जो चित्त-शमथ भावना लाभी हो उसकहाँ गएर यसरी सोध्नुपर्छ– 'आवुसो ! चित्तलाई कसरी सम्हा-ल्नु पर्छ ? चित्त कसरी शान्त पार्ने ? चित्त कसरी एकाग्र गर्ने ? चित्त कसरी स्थिर गर्ने ?' उसले आफ्नो दृष्टि वा आफूले जाने अनुसार उसलाई भन्छ– 'आवुसो ! चित्तलाई यसरी सम्हाल्नु पर्छ । चित्तलाई यसरी शान्त पार्नुपर्छ । चित्तलाई यसरी एकाग्र गर्नुपर्छ । चित्तलाई यसरी स्थिर गर्नुपर्छ ।' उसले कुनै एकदिन प्रज्ञामय विदर्शन भावना लाभी भई आफूभित्र चित्त-शमथ भावनाको पनि लाभी हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले न त आफूभित्र चित्त-शमथ भावना लाभ गरेको हुन्छ, न त प्रज्ञामय विदर्शना भावना लाभ गरेको हुन्छ । त्यो व्यक्तिले जो आफूभित्र चित्त-शमथ भावना लाभी र प्रज्ञामय विदर्शन भावना लाभी हो उसकहाँ गएर यसरी सोध्नुपर्छ– 'आवुसो ! चित्तलाई कसरी सम्हाल्नु पर्छ ? चित्त कसरी शान्त पार्नु पर्छ ? चित्त कसरी एकाग्र हुन्छ ? चित्त कसरी स्थिर हुन्छ ? संस्कारप्रतिको दृष्टि कस्तो हुनुपर्छ ? संस्कारप्रतिको विचार कस्तो हुनुपर्छ ? संस्कारप्रतिको चिन्तन कस्तो हुनुपर्छ ?' उसले आफ्नो दृष्टि वा आफूले जाने अनुसार भन्छ– 'आवुसो ! चित्तलाई यसरी सम्हाल्नु पर्छ । चित्तलाई यसरी शान्त पार्नुपर्छ । चित्तलाई यसरी एकाग्र गर्नुपर्छ । चित्तलाई यसरी स्थिर गर्नुपर्छ । संस्कारप्रति यस्तो दृष्टि हुनुपर्छ । संस्कारप्रति यस्तो विचार हुनुपर्छ । संस्कारप्रति यस्तो चिन्तन हुनुपर्छ ।' उसले कुनै एक दिन आफूभित्रै चित्त-शमथ भावनाका लाभी हुन्छ । प्रज्ञामय विदर्शन भावनाका पनि लाभी हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले आफूभित्र चित्त-शमथ भावना लाभ गरेको हुन्छ अनि प्रज्ञामय विदर्शना भावना पनि लाभ गरेको हुन्छ । भिक्षुहो ! त्यो व्यक्तिले त्यही कुशल धर्ममा प्रतिष्ठित हुँदै, अगाडि बढ्दै आश्रव क्षयगर्न प्रयास गर्नुपर्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

### ५. छवालसुत्तं

९५. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? आफ्नो भलो हुनेमा पनि लाग्दैन अनि अरूको भलो हुनेमा पनि लाग्दैन, अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन । आफ्नो भलो हुनेमा लाग्छ अनि अरूको भलो हुनेमा लाग्दैन । आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको भलो हुनेमा पनि लाग्छ ।

"भिक्षुहो ! जस्तै कि– मसानको काठमा दुवै शीर्ष भागमा आगो बलिरहेको हुन्छ अनि बीच भागमा गुहु लागेको छ भने त्यो काठ न त गाउँमा नै काम लाग्छ । न त जङ्गलमा नै काम लाग्छ । भिक्षुहो ! त्यसरी नै मैले त्यो व्यक्तिलाई भन्दछु– जो व्यक्ति आफ्नो भलो हुनेमा पनि लाग्दैन अनि अरूको भलो हुनेमा पनि लाग्दैन ।

"भिक्षुहो ! यहाँ जो व्यक्ति अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन । यो (व्यक्ति) दुईमा सर्वोत्तम र श्रेष्ठोत्तम हो । भिक्षुहो ! यहाँ जो व्यक्ति आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन



Downloaded from http://dhamma.digital

भने यो (व्यक्ति) तीनौंमा सर्वोत्तम र श्रेष्ठोत्तम हो । भिक्षुहो ! यहाँ कोही व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको भलो हुनेमा पनि लाग्छ भने यो (व्यक्ति) यी चारै प्रकारकमा अग्र हो, श्रेष्ठ हो, प्रमुख हो, उत्तम हो अनि प्रवर हो ।

"भिक्षुहो ! गौबाट दूध प्राप्त हुन्छ, दूधबाट दही हुन्छ, दहीबाट मक्खन हुन्छ, मक्खनबाट घ्यू हुन्छ अनि घ्यूबाट पुनः शुद्ध घ्यू बन्छ । यी मध्येमा शुद्ध घ्यू नै सर्वश्रेष्ठ हो । भिक्षुहो ! यसरी नै जो व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ भने यो (व्यक्ति) चारैमा अग्र हो, श्रेष्ठ हो, प्रमुख हो, उत्तम हो अनि प्रवर हो । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

### ६. रागविनयसुत्तं

९६. "भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन । अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन । आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको पनि भलो हुनेमा लाग्दैन । आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूमा रहेको राग शान्त पार्छ तर अरूमा रहेको राग शान्त पार्न प्रेरणा दिदैन । आफूमा रहेको द्वेष शान्त पार्छ तर अरूमा रहेको द्वेष शान्त पार्न प्रेरणा दिँदैन । आफूमा रहेको मोह शान्त पार्छ तर अरूमा रहेको मोह शान्त पार्न प्रेरणा दिँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूमा रहेको राग शान्त पार्दैन तर अरूमा रहेको राग शान्त पार्न प्रेरणा दिन्छ । आफूमा रहेको द्वेष शान्त पार्दैन तर अरूमा रहेको द्वेष शान्त पार्न प्रेरणा दिन्छ । आफूमा रहेको मोहलाई शान्त पार्दैन तर अरूमा रहेको मोह शान्त पार्न प्रेरणा दिन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको



Downloaded from http://dhamma.digital

पनि भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूमा रहेको राग शान्त पार्दैन अनि अरूमा रहेको राग शान्त पार्न प्रेरणा दिँदैन । आफूमा रहेको द्वेष शान्त पार्दैन अनि अरूमा रहेको द्वेष शान्त पार्न प्रेरणा दिँदैन ! आफूमा रहेको मोह शान्त गर्दैन अनि अरूमा रहेको मोह शान्त पार्न प्रेरणा दिँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको पनि भलो हुनेमा लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूमा रहेको राग शान्त पार्छ अनि अरूमा रहेको राग शान्त पार्न प्रेरणा दिन्छ । आफूमा रहेको द्वेष शान्त पार्छ अनि अरूमा रहेको द्वेष शान्त पार्न प्रेरणा दिन्छ । आफूमा रहेको मोह शान्त गर्छ अनि अरूमा रहेको मोह शान्त पार्न प्रेरणा दिन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

### ७. खिप्पनिसन्तिसुत्तं

९७."भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन । अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन । आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको पनि भलो हुनेमा लाग्दैन । आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति यथाशीघ्र कुशल-धर्मका कार्य गर्छ, सुनेको धर्मधारण गर्छ । धारण गरिएको धर्ममा अर्थको विचार गर्छ । अर्थ र धर्म बुझेर धर्मानुसार धर्ममा लाग्छ । उसले अरूलाई कल्याण हुने कुरा गर्दैन आकर्षक हुने गरी कुरा गर्दैन, नम्र-स्वच्छ-निर्दोष-स्पष्ट हुने गरी बोल्न सक्दैन, अर्थ बोध हुने गरी भन्न सक्दैन, उसले सहचारीहरूलाई मार्ग दर्शाउन सक्दैन, प्रेरणा दिन सक्दैन, उत्साहित गराउन सक्दैन अनि प्रसन्न गराउन सक्दैन । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो भलो हुनेमा लाग्छ तर अरूको भलो हुनेमा लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति यथाशीघ्र कुशल-धर्मका कार्य गर्दैन, सुनेको धर्मधारण गर्दैन, धारण गरिएको धर्ममा अर्थको विचार



Downloaded from http://dhamma.digital

गर्दैन अनि अर्थ र धर्म बुझेर धर्मानुसार धर्ममा लाग्दैन। उसले अरूलाई कल्याण हुने कुरा गर्छ, आकर्षक हुनेगरी कुरा गर्छ, नम्र-स्वच्छ,-निर्दोष-स्पष्ट हुनेगरी बोल्छ,अर्थ बोध हुनेगरी भन्नसक्छ, उसले सहचारीहरूलाई मार्ग दर्शाउन सक्छ, प्रेरणा दिन सक्छ, उत्साहित गराउन सक्छ अनि प्रसन्न गराउन सक्छ। भिक्षुहो ! यस्ता व्यक्ति नै अरूको भलो हुनेमा लाग्छ तर आफ्नो भलो हुनेमा लाग्दैन।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको पनि भलो हुनेमा लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति यथाशीघ्र कुशल-धर्मका कार्य गर्दैन, सुनेको धर्म-धारण गर्दैन, धारण गरिएको धर्ममा अर्थको विचार गर्दैन अनि अर्थ र धर्म बुझेर धर्मानुसार धर्ममा लाग्दैन। उसले अरूलाई कल्याण हुने कुरा गर्न सक्दैन, आकर्षक हुने गरी कुरा गर्न सक्दैन, नम्र-स्वच्छ-निर्दोष-स्पष्ट हुने गरी बोल्न सक्दैन, अर्थ बोध हुने गरी भन्न सक्दैन, उसले सहचारीहरूलाई मार्ग दर्शाउन सक्दैन, प्रेरणा दिन सक्दैन, उत्साहित गराउन सक्दैन अनि प्रसन्न गराउन सक्दैन। "भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि भलो हुनेमा लाग्दैन अनि अरूको पनि भलो हुनेमा लाग्दैन

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति यथाशीघ्र कुशल-धर्मका कार्य गर्छ, सुनेको धर्म-धारण गर्छ, धारण गरिएको धर्ममा अर्थको विचार गर्छ अनि अर्थ र धर्म बुझेर धर्मानु-सार धर्ममा लाग्छ। उसले अरूलाई कल्याण हुने कुरा गर्नसक्छ। आकर्षक हुनेगरी कुरा गर्नसक्छ। नम्र-स्वच्छ- निर्दोष-स्पष्ट हुने गरी बोल्नसक्छ, अर्थ बोध हुनेगरी भन्नसक्छ, सह-चारीहरूलाई मार्ग दर्शाउन सक्छ, प्रेरणा दिनसक्छ, उत्साहित गराउन सक्छ अनि प्रसन्न गराउन सक्छ। भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि भलो हुनेमा लाग्छ अनि अरूको पनि भलो हुनेमा लाग्छ। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ८. अत्तहितसुत्तं

९८."भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन्। ती चार को को हुन् ? आफ्नो हित हुनेतिर लाग्छ तर परहित हुनेतिर लाग्दैन। परहित हुनेतिर लाग्छ तर आफ्नो हित हुनेतिर लाग्दैन। आफ्नो पनि हित हुनेतिर लाग्दैन अनि परहित हुनेतिर पनि लाग्दैन। आफ्नो पनि हित हुनेतिर लाग्छ अनि परहित हुनेतिर पनि लाग्छ। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोक-



Downloaded from http://dhamma.digital

मा विद्यमान छन् ।"

## ९. सिक्खापदसुत्तं

९९."भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति विद्यमान छन् । ती चार को को हुन् ? आफ्नो हित हुनेतिर लाग्छ तर परहित हुनेतिर लाग्दैन । परहित हुनेतिर लाग्छ तर आफ्नो हित हुनेतिर लाग्दैन । आफ्नो पनि हित हुनेतिर लाग्दैन अनि परहित हुनेतिर पनि लाग्दैन । आफ्नो पनि हित हुनेतिर लाग्छ अनि परहित हुनेतिर पनि लाग्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो हित हुनेतिर लाग्छ तर परहित हुनेतिर लाग्दैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूले भने प्राणी हिंसा गर्दैन तर अरूलाई भने प्राणी हिंसा नगर्न प्रेरणा दिँदैन । आफूले भने चोरी कार्य गर्दैन तर अरूलाई भने चोरी कार्य नगर्न प्रेरणा दिँदैन । आपूले भने व्यभिचार गर्दैन तर अरूलाई भने व्यभिचार नगर्न प्रेरणा दिँदैन । आफूले भने झूटो बोल्दैन तर अरूलाई भने झूटो नबोल्न प्रेरणा दिँदैन । आफूले भने जाँड-रक्सीआदि नशालु पदार्थ सेवन गर्दैन तर अरूलाई भने जाँड-रक्सीआदि सेवन नगर्न प्रेरणा दिँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो हित हुनेतिर लाग्छ तर परहित हुनेतिर लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति परहित हुनेतिर लाग्छ तर आफ्नो हित हुनेतिर लाग्दैन । यहाँ कोही व्यक्ति आफू भने प्राणी हिंसा गर्नबाट विरत हुँदैन तर अरूलाईं भने प्राणी हिंसाबाट विरत हुन प्रेरणा दिन्छ । आफू भने चोरी कार्यबाट विरत हुँदैन तर अरूलाई चोरी कार्य गर्नबाट विरत हुन प्रेरणा दिन्छ । आफू भने व्यभिचार गर्नबाट विरत हुँदैन तर अरूलाई व्यभिचार गर्नबाट विरत हुन प्रेरणा दिन्छ । आफू भने झूटो बोल्नबाट विरत हुँदैन तर अरूलाई भने झूटो बोल्नबाट विरत हुन प्रेरणा दिन्छ । आफू भने जाँड-रक्सीआदि नशालु पदार्थ सेवन गर्नबाट विरत हुँदैन तर अरूलाई भने जाँड-रक्सीआदि सेवन गर्नबाट विरत हुन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै परहित हुनेतिर लाग्छ तर आफ्नो हित हुनेतिर भने लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि हित हुनेतिर लाग्दैन अनि परहित हुनेतिर पनि लाग्दैन । यहाँ कोही व्यक्ति आफू पनि प्राणी हिंसा गर्नबाट विरत हुँदैन अनि अरूलाई पनि प्राणी हिंसाबाट विरत हुन प्रेरणा दिँदैन । आफू पनि चोरी कार्यबाट विरत हुँदैन अनि अरूलाई पनि चोरी कार्य गर्नबाट विरत हुन प्रेरणा दिँदैन । आफू पनि व्यभिचार गर्नबाट विरत हुँदैन अनि अरूलाई पनि व्यभिचार गर्नबाट विरत हुन प्रेरणा दिँदैन । आफू



Downloaded from http://dhamma.digital

पनि झूटो बोल्नबाट विरत हुँदैन अनि अरूलाई पनि झूटो बोल्नबाट विरत हुँन प्रेरणा दिँदैन । आफू पनि जाँड-रक्सीआदि नशालु पदार्थ सेवन गर्नबाट विरत हुँदैन अनि अरूलाई पनि जाँड-रक्सीआदि सेवन गर्नबाट विरत हुन प्रेरणा दिँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि हित हुनेतिर लाग्दैन अनि परहित हुनेतिर पनि लाग्दैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्नो पनि हित हुनेतिर लाग्छ अनि परहित हुनेतिर पनि लाग्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति आफूले पनि प्राणी हिंसा गर्दैन अनि अरूलाई पनि प्राणी हिंसा नगर्न प्रेरणा दिन्छ । आफूले पनि चोरी कार्य गर्दैन अनि अरूलाई पनि चोरी कार्य नगर्न प्रेरणा दिन्छ । आफूले पनि व्यभिचार गर्दैन अनि अरूलाई पनि व्यभिचार नगर्न प्रेरणा दिन्छ । आफूले भने झूटो बोल्दैन अनि अरूलाई पनि झूटो नबोल्न प्रेरणा दिन्छ । आफूले पनि जाँड-रक्सीआदि नशालु पदार्थ सेवन गर्दैन अनि अरूलाई भने जाँड-रक्सीआदि सेवन नगर्न प्रेरणा दिन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै आफ्नो पनि हित हुनेतिर लाग्छ अनि परहित हुनेतिर पनि लाग्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## १०. पोतलियसुत्तं

१००. त्यस समयमा पोतलिय परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसँग प्रसन्नताकासाथ कुशल वार्ता गरे । प्रसन्नताकासाथ कुशल वार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेका पोतलिय परिव्राजकलाई भगवानले भन्नुभयो– .

"पोतलिय ! लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ अनि प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ । पोतलिय ! यहाँ कोही व्यक्तिले प्रशंसनीय लाईसमयमै यथार्थसहित सत्यता-पूर्वक प्रशंसा गर्छ अनि निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ । पोतलिय ! यहाँ कोही व्यक्तिले प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्दैन अनि यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थ-सहित सत्यतापूर्वक निन्दा गर्दैन । पोतलिय ! यहाँ कोही व्यक्तिले प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ अनि यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ । पोतलिय ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्य- छन् । पोतलिय ! यी चार प्रकारका व्यक्ति मध्येमा तिमीलाई कस्तो व यक्ति ठीक, राम्रो र अति



Downloaded from http://dhamma.digital

उत्तम लाग्छ ?"

"भो गोतम ! ! लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन् ? यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ अनि प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ । भो गोतम ! यहाँ कोही व्यक्तिले प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ अनि नि- न्दनीयलाई समयमै यथार्थसहित सत्यता-पूर्वक निन्दा गर्छ । भो गोतम ! यहाँ कोही व्यक्तिले प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्दैन अनि यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्दैन । भो गोतम ! यहाँ कोही व्यक्तिले प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ अनि यहाँ कोही व्यक्तिले निन्दनीयलाई समयमै यथार्थसहित सत्यता-पूर्वक निन्दा गर्छ । भो गोतम ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । भो गोतम ! यी चार प्रकारका व्यक्ति मध्येमा जो व्यक्तिले निन्द-नीयलाई समयमै यथार्थसहित निन्दा गर्दैन अनि प्रशंसनीयलाई समयमै यथार्थसहित प्रशंसा गर्दैन । यी चार प्रकारका व्यक्ति मध्येमा यो व्यक्ति नै मलाई ठीक, राम्रो र अति उत्तम लाग्छ । त्यो के कारणले ? भो गोतम ! यो अति राम्रो हो । जुन कि यो उपेक्षा गर्नु ।"

"पोतलिय ! लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को हुन्... । यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । पोतलिय ! यी चार प्रकारका व्यक्ति मध्येमा जुन कि यो निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ अनि प्रशंसनीयलाई सभयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ । ती चार प्रकारका व्यक्ति मध्येमा यो व्यक्ति नै ठीक, राम्रो र अति उत्तम हो । त्यो के कारणले ? यो अति राम्रो हो, जुन कि त्यस त्यस विषयमा यथार्थसहित समयलाई जानेर भन्ने गर्नु ।"

"भो गोतम ! लोकमा चार प्रकारका व्यक्ति छन् । ती चार को को ... भो गोतम ! यी चार प्रकारका व्यक्ति मध्येमा जुन कि यो निन्दनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक निन्दा गर्छ अनि प्रशंसनीयलाई समयमै यथार्थसहित सत्यतापूर्वक प्रशंसा गर्छ । ती चार प्रकारका व्यक्ति मध्येमा यो व्यक्ति नै ठीक, राम्रो र अति उत्तम लाग्छ । त्यो के कारणले ? यो अति राम्रो हो, जुन कि त्यस त्यस विषयमा यथार्थसहित समयलाई जानेर भन्ने गर्नु ।

"भो गोतम ! अति सुन्दर । भो गोतम ! अति सुन्दर । भो गोतम ! घोप्टेकोलाई उत्तानो पारिदिएझैं, छोपिएकोलाई उघारिदिए- झैं, बाटो



Downloaded from http://dhamma.digital

भूलेकालाई बाटो देखाइदिएझैं, अन्धकारमा तेल प्रदीप बालिदिएझैं, आँखा हुनेले रूप देखेझैं गरी तपाईं गोतमले अनेक प्रकारले मलाई धर्म दर्शाउनु भयो । अब म भगवान गोतमको शरणमा पर्दछु, धर्म र भिक्षुसंघको पनि । आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणागत उपासक हो भनी मलाई स्वीकार्नुस् ।"

Downloaded from http://dhamma.digital

# ३. ततियपण्णासकं

## ११. वलाहकवग्गो

### १. पठमवलाहकसुत्तं

१०१. यस्तो मैले सुनें । एक समय भगवान सावत्थिस्थित जेतवनमा अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो !" "भद्दन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो– "भिक्षुहो ! बादल चार प्रकारका हुन्छन् । कस्तो चार प्रकारका ? गर्जिन्छ तर बर्सिंदैन । गर्जिंदैन तर बर्सिन्छ । गर्जिंदैन पनि बर्सिंदैन पनि अनि गर्जिन्छ पनि बर्सिन्छ पनि । यसरी नै भिक्षुहो ! लोकमा चार प्रकारका व्यक्ति छन् । कस्तो चार प्रकारका ? गर्जिन्छ तर बर्सिंदैन, गर्जिंदैन तर बर्सिन्छ, गर्जिंदैन पनि बर्सिंदैन पनि अनि गर्जिन्छ पनि बर्सिन्छ पनि ।

"भिक्षुहो ! कस्ता व्यक्ति गर्जिन्छ तर बर्सिंदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति कुरा गर्छ तर काम गर्दैन । भिक्षुहो ! यस्ता व्यक्ति नै गर्जिन्छ तर बर्सिंदैन । भिक्षुहो ! जस्तै– त्यो बादल गर्जिन्छ तर बर्सिंदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति बर्सिन्छ तर गर्जिंदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति काम गर्छ तर कुरा गर्दैन । यस्ता व्यक्ति नै बर्सिन्छ तर गर्जिंदैन । भिक्षुहो ! जस्तै– त्यो बादल बर्सिन्छ तर गर्जिदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति बर्सिंदैन पनि गर्जिंदैन पनि ? यहाँ कोही कोही व्यक्ति कुरा पनि गर्दैन अनि काम पनि गर्दैन । यस्ता व्यक्ति नै गर्जिंदैन पनि बर्सिंदैन । भिक्षुहो ! जस्तै कि त्यो बादल बर्सिंदैन पनि गर्जिंदैन पनि । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गर्जिन्छ पनि बर्सिन्छ पनि ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति कुरा पनि गर्छ अनि काम पनि गर्छ । यस्ता व्यक्ति नै गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! जस्तै कि त्यो बादल गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी नै चार प्रकारका बादल जस्तै व्यक्ति लोकमा विद्यमान छन् ।"



Downloaded from http://dhamma.digital

## २. दुतियवलाहकसुत्तं

१०२. भिक्षुहो ! बादल चार प्रकारका हुन्छन् । कस्तो चार प्रकारका ? गर्जिन्छ तर बर्सिंदैन । बर्सिन्छ तर गर्जिंदैन । गर्जिंदैन पनि बर्सिंदैन पनि अनि गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! बादल जस्तै यस लोकमा व्यक्तिहरू विद्यमान छन् । कस्तो चार प्रकारका ? गर्जिन्छ तर बर्सिंदैन । गर्जिंदैन तर बर्सिन्छ । गर्जिंदैन पनि बर्सिंदैन पनि अनि गर्जिन्छ पनि बर्सिन्छ पनि ।

"भिक्षुहो ! कस्ता व्यक्ति गर्जिन्छ तर बर्सिंदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इति-वुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ)मा पूर्ण गरेको हुन्छ । उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख समुदय' हो भन यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै गर्जिन्छ तर बर्सिंदैन भनिन्छ । भिक्षुहो ! जस्तै– त्यो बादल गर्जिन्छ तर बर्सिंदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति बर्सिन्छ तर गर्जिंदैन? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) मा पूर्ण हुँदैन । उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:ख समुदय' हो भनि यथार्थसहित जानेको हुन्छ । यो 'दु:ख निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:ख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै बर्सिन्छ तर गर्जिंदैन । भिक्षुहो ! जस्तै– त्यो बादल बर्सिन्छ तर गर्जिंदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गर्जिंदैन पनि बर्सिंदैन पनि ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इति- वुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) मा पूर्ण हुँदैन । उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:खसमुदय' हो भनि यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै गर्जिंदैन अनि बर्सिंदैन पनि । भिक्षुहो ! जस्तै– त्यो बादल गर्जिंदैन पनि बर्सिंदैन पनि । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैल भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! यहाँ



Downloaded from http://dhamma.digital

कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इति- वुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) मा पूर्ण हुन्छ । उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःख समुदय' हो भनि यथार्थसहित जानेको हुन्छ । यो 'दुःख निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! जस्तै– त्यो बादल गर्जिन्छ पनि बर्सिन्छ पनि । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी नै चार प्रकारका बादलसमान व्यक्ति यस लोकमा विद्यमान छन् ।"

## ३. कुम्भसुत्तं

१०३. "भिक्षुहो ! यी चार प्रकारका घडा छन् । कुन चार प्रकारका ? रित्तो र छोपेको । पुरा भरेको र नछोपेको । रित्तो र नछोपेको । पूरा भरेको र छोपेको । भिक्षुहो ! यी घडासमान नै व्यक्तिहरू लोकमा विद्यमान छन् । कुन चार प्रकारका ? रित्तो र छोपेको । पुरा भरेको र नछोपेको । रित्तो र नछोपेको । पूरा भरेको र छोपेको ।

"भिक्षुहो ! कस्ता व्यक्ति रित्तो र छोपेको हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र पैलाउँदा, संघाति-पात्र-चीवर धारण गदा हेर्नेले मन पराउँछ तर उसले यो 'दुःख हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःखनिरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्धसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै रित्तो र छोपेका हुन् । भिक्षुहो ! जस्तै कि– घडा रित्तो र छोपेको हुन्छ । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति भरेको र नछोपेको खुल्ला मुख हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा हेर्नेले मन पराउँदैन । तर उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःख निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दुःखनिरोध' हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिल नै भरेको र नछोपेको खुल्ला मुखका हुन् । भिक्षुहो ! जस्तै– त्यो घडा भरेको र नछोपेको खुल्ला मुख हुन्छ । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कस्ता व्यक्ति रित्तो र नछोपेको खुल्ला मुखका हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा हेर्नेले मन पराउँदैन। उसले यो 'दुःख' हो भनी यथार्थ-सहित जानेको हुँदैन, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःख निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दुःख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन। भिक्षुहो ! यस्ता व्यक्ति नै रित्तो र नछोपेको खुल्ला मुखका व्यक्ति हुन्। जस्तै– त्यो घडा रित्तो र नछोपेको खुल्ला मुख हुन्छ। भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु।

"भिक्षुहो ! कस्ता व्यक्ति भरेको र छोपेको भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा हेर्नेले मन पराउँछ। उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःख-निरोधक' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ। भिक्षुहो ! यस्ता व्यक्ति नै भरेको र छोपेका हुन्। जस्तै- घडा भरेको र छोपेको हुन्छ। भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु। भिक्षुहो ! यी चार प्रकारका घडा समान व्यक्ति लोकमा विद्यमान छन्।"

## ४. उदकरहदसुत्तं

१०४. "भिक्षुहो ! चार प्रकारका पोखरी छन्। कस्तो चार प्रकारका ? गहिरो जस्तो लाग्ने तर गहिरो नभएको। गहिरो तर गहिरो जस्तो नलाग्ने। गहिरो नभएको अनि गहिरो छैन भनी थाहा पाउन सक्ने। गहिरो भएको अनि गहिरो छ भनी थाहा पाउन सक्ने। भिक्षुहो ! यी चार प्रकारका पोखरी छन्। भिक्षुहो ! यी पोखरी जस्तै नै लोकमा चार प्रकारका व्यक्ति छन्। ती चार को को हुन् ? गहिरो जस्तो लाग्ने तर गहिरो नभएको। गहिरो भएको तर गहिरो जस्तो नलाग्ने। गहिरो नभएको अनि गहिरो छैन भनी जान्न सक्ने। गहिरो भएको अनि गहिरो छ भनी जान्न सक्ने।

"भिक्षुहो ! कस्ता व्यक्ति गहिरो जस्तो लाग्ने तर गहिरो नभएका हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा (हेर्नेले) मन पराउँछ। तर उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःख समुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःख निरोधक' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दुःख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन। भिक्षुहो ! यस्ता व्यक्ति नै गहिरो जस्तो लाग्ने तर गहिरो नभएका हुन्। भिक्षुहो !



Downloaded from http://dhamma.digital

जस्तै– त्यो पोखरी गहिरो जस्तो लाग्ने तर गहिरो नभएको । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गहिरो तर गहिरो जस्तो नभएका हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा शरीर खुम्च्याउँदा र फैलाउँदा संघाति-पात्र-चीवर धारण गर्दा (हेर्नेले) मन पराउँदैन । उसले यो 'दुःख' हो भमी यथार्थसहित जानेको हुन्छ । यो 'दुःखसमु-दय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःख- निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै गहिरो तर गहिरो जस्तो नभएका हुन् । भिक्षुहो ! जस्तै– त्यो पोखरी गहिरो छ तर गहिरो जस्तो नभएको । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गहिरो नभएको अनि गहिरो पनि नभएका ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा हेर्नेले मन पराउँदैन । उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दुःख- निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! जस्तै– त्यो पोखरी गहिरो नभएको अनि गहिरो नै नभएको । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति गहिरो भएको अनि गहिरो नै भएका हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा शरीर खुम्च्याउँदा र फैलाउँदा, संघाति-पात्र-चीवर धारण गर्दा देख्नेले मन पराउँछ । उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दुःखनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! जस्तै– त्यो पोखरी गहिरो भएको अनि गहिरो नै भएको हो । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी चार प्रकारका पानी पोखरी समानका व्यक्ति लोकमा विद्यमान छन् ।"

### ५ .अम्बसुत्तं

१०५. "भिक्षुहो ! चार प्रकारका आँप छन् । कस्तो चार प्रकारको ? काँचो तर पाकेको जस्तो लाग्छ । पाकेको तर काँचो जस्तो लाग्छ । काँचो

Downloaded from http://dhamma.digital

जस्तो लाग्ने तर त्यो काँचो नै हो, अनि पाकेको जस्तो लाग्ने तर त्यो पाकेको नै हो । भिक्षुहो ! यी चार प्रकारका आँप छन् । भिक्षुहो ! यी आँप समान चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? काँचो तर पाकेको जस्तो । पाकेको तर काँचो जस्तो । काँचो जस्तो लाग्छ तर त्यो काँचो नै हो । अनि पाकेको जस्तो लाग्छ तर त्यो पाकेको नै हो ।

"भिक्षुहो ! कस्ता व्यक्ति काँचो तर पाकेको जस्तो लाग्छ ? भिक्षुहो ! कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा अनि संघाति-पात्र-चीवर धारण गर्दा देख्नेले मन पराउँछ । उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दु:खनिरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै काँचो तर पाकेको जस्तो लाग्छ । भिक्षुहो ! जस्तै– त्यो आँप काँचो तर पाकेको जस्तो लाग्छ । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति पाकेको तर काँचो जस्तो लाग्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा अनि संघाति-पात्र-चीवर धारण गर्दा देख्नेले मन पराउँदैन । तर उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दु:खनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै पाकेको तर काँचो जस्तो लाग्छ । भिक्षुहो ! जस्तै– त्यो आँप पाकेको हो तर काँचो जस्तो लाग्छ । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति काँच जस्तो लाग्छ तर त्यो काँचो नै हुन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा अनि संघाति-पात्र-चीवर धारण गर्दा देख्नेले मन परा- उँदैन । अनि उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दु:खनिरोध'हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै काँचो जस्तो तर काँचो नै हो । भिक्षुहो ! जस्तै– त्यो आँप काँचो जस्तो लाग्छ तर त्यो काँचो नै हो । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति पाकेको जस्तो लाग्छ तर त्यो पाकेको नै हुन्छ ? भिक्षुहो ! कोही व्यक्ति हिँड्डुल गर्दा, शरीर खुम्च्याउँदा र फैलाउँदा



Downloaded from http://dhamma.digital

अनि संघाति-पात्र-चीवर धारण गर्दा देख्नेले मन पराउँछ । उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दु:खसमुदय'हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दु:खनिरोध' हो भनी यथार्थ-सहित जानेको हुन्छ अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! जस्तै– त्यो आँप पाकेको जस्तो लाग्छ तर त्यो पाकेको नै हुन्छ । भिक्षुहो ! भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी नै चार प्रकारका आँप जस्तै व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## ६. दुतियअम्बसुत्तं
## (यो सुत्त पालि पुस्तकमा छैन ।)

## ७. मूसिकसुत्तं

१०७. "भिक्षुहो ! चार प्रकारका मुसा छन् । कस्ता चार प्रकारका ? प्वाल पार्छ तर बस्दैन । प्वाल पार्दैन तर बस्छ । प्वाल पनि पार्दैन अनि बस्दैन पनि । प्वाल पनि पार्छ अनि बस्छ पनि । भिक्षुहो ! यस्तै मुसा समान व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? प्वाल पार्छ तर बस्दैन । प्वाल पार्दैन तर बस्छ । प्वाल पनि पार्दैन अनि बस्दैन पनि । प्वाल पनि पार्छ अनि बस्छ पनि ।

"भिक्षुहो ! कस्ता व्यक्तिले प्वाल पार्छ तर बस्दैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) सबै पाठ गर्छ । तर उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन । यो 'दु:ख समुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दु:ख- निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै प्वाल पार्छ तर बस्दैन । भिक्षुहो ! जस्तै– मुसाले प्वाल पार्छ तर बस्दैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्तिले प्वाल पार्दैन तर बस्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) सबै पाठ गर्दैन । तर उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दु:ख निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दु:ख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो !



Downloaded from http://dhamma.digital

यस्ता व्यक्ति नै प्वाल पार्दैन तर बस्छ। जस्तै–मुसाले प्वाल पार्दैन तर बस्छ। भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु।

"भिक्षुहो ! कस्ता व्यक्ति प्वाल पनि पार्दैन अनि बस्दैन पनि ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) सबै पाठ गर्दैन। उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुँदैन। यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुँदैन, यो 'दु:ख निरोध' हो भनी यथार्थसहित जानेको हुँदैन अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुँदैन। भिक्षुहो ! यस्ता व्यक्ति नै प्वाल पनि पार्दैन अनि बस्दैन पनि। भिक्षुहो ! जस्तै– मुसाले प्वाल पनि पार्दैन अनि बस्दैन पनि। भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु।

"भिक्षुहो ! कस्ता व्यक्ति प्वाल पनि पार्छ अनि बस्छ पनि ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल यी धर्म (ग्रन्थ) सबै पाठ गर्छ। उसले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ। यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ, यो 'दु:खनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ अनि यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ। भिक्षुहो ! यस्ता व्यक्ति नै प्वाल पनि पार्छ अनि बस्छ पनि भिक्षुहो ! जस्तै– मुसाले प्वाल पनि पार्छ अनि बस्छ पनि। भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु। भिक्षुहो ! यी नै चार प्रकारका मुसा जस्ता व्यक्तिहरू लोकमा विद्यमान छन्।"

## ८. बलिवद्दसुत्तं

१०८. "भिक्षुहो ! चार प्रकारका वृषभ छन्। कस्ता चार प्रकारका ? आफ्ना गौप्रति चण्ड हुन्छ तर अन्य गौप्रति चण्ड हुँदैन। अन्य गौप्रति चण्ड हुन्छ तर आफ्ना गौप्रति चण्ड हुँदैन। आफ्ना गौप्रति चण्ड हुन्छ अनि अन्य गौप्रति पनि चण्ड हुन्छ। आफ्ना गौप्रति पनि चण्ड हुँदैन अनि अन्य गौप्रति पनि चण्ड हुँदैन। भिक्षुहो ! यी चार प्रकारका वृषभ छन्। भिक्षुहो ! यी चार प्रकारका वृषभ झैं लोकमा व्यक्तिहरू विद्यमान छन्। कस्ता चार प्रकारका ? आफ्ना गौप्रति चण्ड हुन्छ तर अन्य गौप्रति चण्ड हुँदैन। अन्य गौप्रति चण्ड हुन्छ तर आफ्ना गौप्रति चण्ड हुँदैन। आफ्ना गौप्रति पनि चण्ड हुन्छ अनि अन्य गौप्रति पनि चण्ड हुन्छ। आफ्ना गौप्रति पनि चण्ड हुँदैन अनि अन्य गौप्रति पनि चण्ड हुँदैन।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्ना गौप्रति चण्ड हुन्छ तर अन्य गौप्रति चण्ड हुँदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति आफ्ना परिषदलाई भयभीत पार्छ तर अरूका परिषदलाई भयभीत पार्दैन । भिक्षुहो ! यसरी नै व्यक्तिले आफ्ना गौप्रति भयभीत पार्ने हुन्छ तर अन्य गौप्रति भयभीत पार्दैन । भिक्षुहो ! जस्तै– वृषभले आफ्ना गौप्रति चण्ड हुने तर अन्य गौप्रति चण्ड हुँदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति अन्य गौप्रति चण्ड हुन्छ तर आफ्ना गौप्रति चण्ड हुँदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति आफ्ना परिषदलाई भयभीत पार्दैन तर अरूका परिषदलाई भयभीत पार्छ । भिक्षुहो ! यसरी नै व्यक्तिले आफ्ना गौप्रति भयभीत नपार्ने हुन्छ तर अन्य गौप्रति भयभीत पार्छ । भिक्षुहो ! जस्तै– वृषभले अरूका गौप्रति भयभीत पार्छ तर आफ्ना गौप्रति भयभीत पार्दैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्ना गौप्रति चण्ड हुन्छ अनि अन्य गौप्रति पनि चण्ड हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्तिले आफ्ना परिषदलाई पनि अरूको परिषदलाई पनि भयभीत पार्छ । भिक्षुहो ! यसरी नै व्यक्तिले आफ्ना परिषद अनि अरूका परिषदलाई पनि भयभीत पार्छ । भिक्षुहो ! जस्तै– वृषभले आफ्ना गौप्रति पनि अरूको गौप्रति पनि भयभीत पार्छ भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति आफ्ना गौप्रति चण्ड हुँदैन अनि अन्य गौप्रति पनि चण्ड हुँदैन । भिक्षुहो ! यहाँ कोही कोही व्यक्तिले आफ्ना परिषदलाई पनि भयभीत पार्दैन अनि अरूका परिषदलाई पनि भयभीत पार्दैन । भिक्षुहो ! यसरी नै व्यक्तिले आफ्ना परिषदलाई अनि अरूका परिषदलाई पनि भयभीत पार्दैन । जस्तै– वृषभले आफ्ना गौप्रति पनि अरू गौप्रति पनि चण्ड हुँदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी चार प्रकारका वृषभ जस्ता व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## ९. रुक्खसुत्तं

१०९. "भिक्षुहो ! चार प्रकारका वृक्ष लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? निस्सार वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष । सारवान वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष । निस्सार वृक्षहरूबाट घेरिएका सारवान वृक्ष अनि सारवान वृक्षहरूबाट घेरिएका सारवान वृक्ष । भिक्षुहो ! यी नै चार प्रकारका वृक्षहरू छन् । भिक्षुहो ! यी चार प्रकारका वृक्ष समानका व्यक्तिहरू



Downloaded from http://dhamma.digital

लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? निस्सार वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष । सारवान वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष । निस्सार वृक्षहरूबाट घेरिएका सारवान वृक्ष अनि सारवान वृक्षहरूबाट घेरिएका सारवान वृक्ष ।

"भिक्षुहो ! कस्ता व्यक्ति निस्सार वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति अधर्मी तथा दुराचारी हुन्छन् भने परिषद पनि अधर्मी तथा दुराचारी हुन्छन् । भिक्षुहो ! यस्तो व्यक्ति नै निस्सार वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन् । भिक्षुहो ! जस्तै– निस्सार वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन्छन् । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति सारवान वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति अधर्मी तथा दुराचारी हुन्छन् तर परिषद भने शीलवान तथा कल्याणधर्मी हुन्छन् । भिक्षुहो ! यस्तो व्यक्ति नै सारवान वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन् । भिक्षुहो ! जस्तै– सारवान वृक्षहरूबाट घेरिएका निस्सार वृक्ष समान हुन्छन् । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति निस्सार वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति शीलवान तथा कल्याणधर्मी हुन्छन् तर परिषद भने दुराचारी तथा अधर्मी हुन्छन् । भिक्षुहो ! यस्तो व्यक्ति नै निस्सार वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन् । भिक्षुहो ! जस्तै– व्यक्ति निस्सार वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन्छन् । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्ता व्यक्ति सारवान वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन्छन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति शीलवान तथा कल्याणधर्मी हुन्छन् भने परिषद पनि शीलवान तथा कल्याणधर्मी हुन्छन् । भिक्षुहो ! यस्तो व्यक्ति नै सारवान वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन् । भिक्षुहो ! जस्तै– सारवान वृक्षहरूबाट घेरिएका सारवान वृक्ष समान हुन्छन् । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु । भिक्षुहो ! यी चार प्रकारका वृक्ष जस्तै नै व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

## १०. आसीविससुत्तं

११०. "भिक्षुहो ! चार प्रकारका साँप छन् । कस्ता चार प्रकारका ?



Downloaded from http://dhamma.digital

विषालु अनि घोर विषालु नभएको । घोर विषालु तर विषालु नभएको । विषालु पनि भएको अनि घोर विषालु पनि भएको । विषालु नभएको अनि घोर विषालु पनि नभएको । भिक्षुहो ! यी चार प्रकारका साँप छन् । भिक्षुहो ! यस्तै साँप समान व्यक्तिहरू लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? घोर विषालु अनि घोर विषालु नभएको । घोर विषालु तर विषालु नभएको । विषालु पनि भएको अनि घोर विषालु पनि भएको । विषालु नभएको अनि घोर विषालु पनि नभएको ।

"भिक्षुहो ! कस्तो व्यक्ति विषालु अनि घोर विषालु हुँदैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रायः जसो क्रोधित हुन्छ तर उसँग क्रोध धेरै समयसम्म रहँदैन । भिक्षुहो ! यस्ता व्यक्ति विषालु हुन्छ तर घोर विषालु हुँदैन । जस्तै– त्यो साँप विषालु हुन्छ तर घोर विषालु हुँदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्तो व्यक्ति घोर विषालु तर विषालु हुँदैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रायः जसो क्रोधित हुँदैन तर क्रोधित हुँदा ऊ दीर्घकालसम्म नै क्रोधित हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै घोर विषालु हुन्छ तर विषालु मात्र हुँदैन । भिक्षुहो ! जस्तै–साँप घोर विषधारी हुन्छ तर विषालु हुँदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्तो व्यक्ति विषालु पनि हुन्छ अनि घोर विषालु पनि हुन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रायः जसो क्रोधि हुन्छ अनि क्रोधि हुँदा दीर्घकालसम्म नै क्रोधि हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै विषालु पनि हुन्छ अनि घोर विषालु पनि हुन्छ । । भिक्षुहो ! जस्तै–साँप विषालु पनि हुन्छ अनि घोर विषालु पनि हुन्छ । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै हुन् भनी मैले भन्छु ।

"भिक्षुहो ! कस्तो व्यक्ति विषालु पनि हुँदैन अनि घोर विषालु पनि हुँदैन ? भिक्षुहो ! यहाँ कोही व्यक्ति प्रायः जसो क्रोधि हुँदैन अनि उसँग क्रोध धेरै समयसम्म रहँदैन । भिक्षुहो ! यस्ता व्यक्ति नै विषालु पनि हुँदैन अनि घोर विषालु पनि हुँदैन । भिक्षुहो ! जस्तै–साँप विषालु पनि हुँदैन अनि घोर विषालु पनि हुँदैन । भिक्षुहो ! ती व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु । भिक्षुहो ! यी चार प्रकारका साँप जस्तै नै व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

Downloaded from http://dhamma.digital

## (१२) २. केसिवग्गो

### १. केसिसुत्तं

१११. त्यस समय अश्वहरूलाई दमन गर्ने केसि सारथि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका अश्व दमन गर्ने केसि सारथिलाई भगवानले यसो भन्नुभयो–

"हे केसि ! के तिमी अश्वहरूलाई दमन गर्ने सारथि हौ ? हे केसि ! तिमीले अश्वहरूलाई कसरी दमन गर्छौ ? भन्ते ! मैले अश्वहरूलाई कोमल भई शिक्षित पार्छु, कठोर भई शिक्षित पार्छु । कठोर र कोमल भई शिक्षित पार्छु । "हें केसि ! यदि कोही घोडालाई कोमलपनले पनि शिक्षित पार्न सक्दैन । कठोरपनले पनि शिक्षित पार्न सक्दैन । कोमलपनले पनि कठोरपनले पनि शिक्षित पार्न नसकेमा तिमीले त्यो घोडालाई के गर्छौ ?" "भन्ते ! यदि कोही घोडालाई कोमलपनले शिक्षित पार्न नसकेमा, कठोरपनले शिक्षित पार्न नसकेमा कठोरपन वा पनि कोमलपनले पनि शिक्षित पार्न नसकेम त भन्ते ! मैले त्यो घोडालाई हिर्काउँछु । यसो किन ? यस्तो गर्नु मेरो आचार्य परम्पराको बदनाम नहोस् भनी ।

"भगवान भन्ते ! तपाईं त पुरुषहरूलाई दमन गर्ने सारथि हुनुहुन्छ । तपाईंले पुरुषहरूलाई कसरी दमन तथा शिक्षित पार्नु हुन्छ ?" "केसी ! कोमल भई शिक्षित पार्छु, कठोर भई शिक्षित पार्छु । कठोरपन र कोमलपनले पनि शिक्षित पार्छु । केसि ! जुन यो कोमलताका साथ शिक्षित पार्छु भनी भन्नुको अर्थ हो– यो शरीरद्वारा गरिने सुआचरण हो । यो शरीरद्वारा गरिने सुआचरणको परिणाम हो । यो वचनद्वारा गरिने सुआचरण हो । यो वचनद्वारा गरिन सुआचरणको परिणाम हो । यो मनद्वारा गरिने सुआचरण हो । यो मनद्वारा गरिने सुआचरणको सुपरिणाम हो । यी देवहरू हुन् । यी मनुष्यहरू हुन् । केसि ! जुन यो कठोरपनले शिक्षित पार्छु भनी भन्नुको अर्थ हो– यो शरीरद्वारा गरिने दुराचरण हो । शरीरद्वारा गरिने दुराचरणको परिणाम हो । यो वचनद्वारा गरिने दुराचरण हो । यो वचनद्वारा गरिन दुराचरणको परिणाम हो । यो मनद्वारा गरिने दुराचरण हो । यो मनद्वारा गरिने दुराचरणको सुपरिणाम हो । यो नरक हो । यो तिर्यक (पशु-पंक्षीआदि) हो अनि यो प्रेत योनि हो ।

"केसी ! जुन यो कोमलपनले र कठोरपनले शिक्षित पार्छु भनी भन्नुको



Downloaded from http://dhamma.digital

अर्थ हो– यो शरीरद्वारा गरिने सुआचरण हो। यो शरीरद्वारा गरिने सुआचण-को परिणाम हो। यो शरीरद्वारा गरिने दुराचरण हो। यो शरीरद्वारा गरिने दुराचरणको परिणाम हो। यो वचनद्वारा गरिने सुआचरण हो। यो वचनद्वारा गरिने सुआचरणको परिणाम हो। यो वचनद्वारा गरिने दुराचरण हो। यो वचनद्वारा गरिने दुराचरणको परिणाम हो। यो मानसिक सुआचरण हो। यो मानसिक सुआचरणको परिणाम हो। यो मानसिक दुराचरण हो। यो मानसिक दुराचरणको परिणाम हो। यी देवहरू हुन्। यी मनुष्यहरू हुन्। यो नरक हो। यो तिर्यक हो अनि यो प्रेत योनि हो।

"भन्ते! यदि कोमलपनले पनि शिक्षित हुँदैन। कठोरपनले पनि शिक्षित हुँदैन भने भगवानले ती पुरुषहरूलाई के गर्नु हुन्छ?" "केसि! यदि कोमलपनले शिक्षित हुँदैन। कठोरपनले पनि शिक्षित नभएमा उसलाई हनन् गर्छु।" भन्ते! भगवानद्वारा प्राणी हिंसा गर्नृ त उपयुक्त होइन। तै पनि भगवानले भन्नुभयो– "केसी! उसलाई हनन् गर्छु।" "केसी! तथागतले प्राणी हिंसा गर्नु उपयुक्त नहुनु साँचो हो। तर जो कोमलपनले पनि शिक्षित हुँदैन। कठोरपनले पनि शिक्षित हुँदैन। कोमलपन र कठोरपनले शिक्षित नहुँदा तथागतले उसलाई भन्नु ठीक छैन तथा उपदेश दिनु ठीक छैन भनी ठान्छ अनि विज्ञ सब्रह्मचारीले पनि उसलाई भन्नु ठीक छैन तथा उपदेश दिन ठीक छैन भन्ने ठान्छ। केसि! आर्य विनयमा यो वध समान नै हो। जुन कि तथागतले उसलाई भन्नु ठीक छैन तथा उपदेश दिनु ठीक छैन भनी ठान्छ अनि विज्ञ सब्रह्मचारी पनि उसलाई भन्नु ठीक छैन। उपदेश दिनु ठीक छैन भन्ने ठान्छ।

"भन्ते! यो त उसको सुहनन् नै भयो। जुन कि तथागतबाट उसलाई भन्नु ठीक होइन। उपदेश दिनु ठीक होइन भनी ठान्नु हुन्छ। विज्ञ सब्रह्मचारीले पनि उसलाई भन्नु ठीक होइन। उपदेश दिनु ठीक होइन भनी ठान्छ। अति सुन्दर भन्ते! अति सुन्दर भन्ते! घोप्टेकोलाई उत्तानो पारिदिएझैं, छोपेकोलाई उघारिदिएझैं, बाटो भूलेकालाई बाटो देखाइदिएझैं, अन्धकारमा तेल प्रदीप बालिदिएझैं, आँखा हुनेले रूप देखेझैं गरी तपाईं गोतमले अनेक प्रकारले मलाई धर्म दर्शाउनु भयो। अब म भगवान गोतमको शरणमा पर्दछु, धर्म र भिक्षुसंघको पनि। मलाई आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणागत उपासक भनी स्वीकार्नुस्।"

### २. जवसुत्तं

११२. "भिक्षुहो! चार अङ्गसम्पन्न राम्रो र असल घोडामा राजाले



Downloaded from http://dhamma.digital

आरोहण गर्छ । राजभोग्य र राजाको अङ्गमै गनिन्छ । ती चार के के हुन् ? ऋजुवान, वेगवान, क्षान्तिवान र विनम्र । भिक्षुहो ! यी नै चार अङ्गसम्पन्न राम्रो र असल घोडामा राजाले आरोहण गर्छ । राजभोग्य र राजाको अङ्गमै गनिन्छ ।

"भिक्षुहो ! यसरी नै चार धर्मसम्पन्न भिक्षु आव्हान गर्न योग्य... लोकजनको निम्ति अति उत्तम क्षेत्र हुन् । ती चार के के हन् ? ऋजुवान, वेगवान, क्षान्तिवान र विनम्र । भिक्षुहो ! यी नै चार अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य... लोकजनको निम्ति अति उत्तम क्षेत्र हुन् ।"

### ३. पतोदसुत्तं

११३. "भिक्षुहो ! चार प्रकारका राम्रो र असल जातको घोडा लोकमा विद्यमान छन् । ती चार प्रकारका के के हुन् ? भिक्षुहो ! यहाँ एक प्रकारका राम्रो र असल जातको घोरा कोर्राको छाया देखेर नै सह्मल्ने र संविग्न हुन्छ । आज मलाई सारथिले किन हिर्काउन लागेको होला ! यसबाट बच्न किन मैले केही नगरुँ ! भिक्षुहो ! यस प्रकारको राम्रो र असल घोडा पनि हुन्छ । यो पहिलो राम्रो र असल जातको घोडा लोकमा विद्यमान छ ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको राम्रो र असल जातको घोरा कोर्राको छाया देखेर सह्मल्ने र संविग्न हुँदैन । वेग गतिमा दौडिंदैन तर बालको जुडोमा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । आज मलाई सारथिले किन हिर्काएको होला ! यसबाट बच्न किन मैले केही नगरुँ ! भिक्षुहो ! यस प्रकारको राम्रो र असल घोडा पनि हुन्छ । यो दोस्रो राम्रो र असल जातको घोडा लोकमा विद्यमान छ ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको राम्रो र असल जातको घोरा न त कोर्राको छाया देखेर सह्मल्ने र संविग्न हुन्छ । न त बालको जुडोमा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ तर छालामा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । आज मलाई सारथिले किन हिर्काएको होला ! यसबाट बच्न किन मैले केही नगरुँ ! भिक्षुहो ! यस प्रकारको राम्रो र असल घोडा पनि हुन्छ । यो तेस्रो राम्रो र असल जातको घोडा लोकमा विद्यमान छ ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको राम्रो र असल जातको घोरा न त कोर्राको छाया देखेर सह्मल्ने र संविग्न हुन्छ । न त बालको जुडोमा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । न त छालामा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ हड्डिमा नै लाग्ने गरी हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ ।



Downloaded from http://dhamma.digital

आज मलाई सारथिले किन हिर्काएको होला ! यसबाट बच्न किन मैले केही नगरें ! भिक्षुहो ! यस प्रकारको राम्रो र असल घोडा पनि हुन्छ । यो चौठो राम्रो र असल जातको घोडा लोकमा विद्यमान छ । भिक्षुहो ! यी नै चार प्रकारका राम्रो र असल जातको घोडा लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! यस्तै नै राम्रा र असल जातका पुरुषहरू लोकमा विद्यमान छन् । चार प्रकारका के के हुन् ? भिक्षुहो ! यहाँ कोही एक राम्रो र असल जातको पुरुषले सुनेको हुन्छ– 'फलानो गाउँ वा शहरमा स्त्री वा पुरुष दुःखित वा मृत्यु भयो । यो सुन्दा ऊ सह्मल्ने र संविग्न हुन्छ । संविग्न भई ठीकसँग लाग्छ । प्रयत्नपूर्वक (लाग्दा) उसले शरीरबाट परम सत्यको साक्षात्कार गर्छ । प्रज्ञाद्वारा अति गहिरिएर हेर्छ । भिक्षुहो ! जस्तै– त्यो राम्रो र असल जातको घोडा कोर्राको छाया देखेर नै सह्मल्ने र संविग्न हुन्छ । भिक्षुहो ! त्यस्तै नै राम्रो र असल जातको पुरुष भनी भन्छु । भिक्षुहो ! तदनुरूप यहाँ एक प्रकारको राम्रो र असल जातको पुरुष हुन्छ । भिक्षुहो ! यो पहिलो राम्रो र असल जातको पुरुष लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही एक प्रकारको राम्रो र असल जातको पुरुषले सुनेको हुँदैन– फलानो गाउँ वा शहरमा स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको तर उसले आफैले नै स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको देख्छ । त्यो देख्दा आफू सह्मल्ने र संविग्न हुन्छ । संविग्न भई ठीकसँग लाग्छ । प्रयत्नपूर्वक (लाग्दा) उसले शरीरबाट परम सत्यको साक्षात्कार गर्छ । प्रज्ञाद्वारा अति गहिरिएर हेर्छ । भिक्षुहो ! जस्तै– त्यो राम्रो र असल जातको घोडाको जुडोमा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । भिक्षुहो ! त्यस्तै नै राम्रो र असल जातको पुरुष भनी भन्छु । भिक्षुहो ! तदनुरूप यहाँ एक प्रकारको राम्रो र असल जातको पुरुष हुन्छ । भिक्षुहो ! यो दोस्रो राम्रो र असल जातको पुरुष लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही एक प्रकारको राम्रो र असल जातको पुरुषले सुनेको हुँदैन– फलानो गाउँ वा शहरमा स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको, न त आफैले देखेको हुन्छ स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको तर उसको आफन्त वा रगतको नाता पर्ने दुःखित वा मरेको हुन्छ । ऊ त्यस (घटना) बाट आफू सह्मल्ने र संविग्न हुन्छ । संविग्न भई ठीकसँग लाग्छ । प्रयत्नपूर्वक (लाग्दा) उसले शरीरबाट परम सत्यको साक्षात्कार गर्छ । प्रज्ञाद्वारा अति गहिरिएर हेर्छ । जस्तै– त्यो राम्रो र असल जातका घोडाको छालामा हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । भिक्षुहो ! त्यस्तै नै राम्रो र असल जातको पुरुष भनी भन्छु । भिक्षुहो ! तदनुरूप यहाँ एक प्रकारको राम्रो



Downloaded from http://dhamma.digital

र असल जातको पुरुष हुन्छ । भिक्षुहो ! यो तेस्रो राम्रो र असल जातको पुरुष लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही एक प्रकारको राम्रो र असल जातको पुरुषले सुनेको हुँदैन– फलानो गाउँ वा शहरमा स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको, न त आफैले देखेको हुन्छ स्त्री वा पुरुष दुःखित वा मृत्यु भएको न त उसको आफन्त वा रगतको नाता पर्ने दुःखित वा मरेको हुन्छ तर आफू स्वयम्ले नै तीव्र, खर्रो, कटु, अरुचिकर, अप्रिय प्राणै जाला जस्तो शारीरिक दुःख भोगेको हुन्छ । ऊ त्यस (घटना) बाट आफू सह्मल्ने र संविग्न हुन्छ । संविग्न भई ठीकसँग लाग्छ । प्रयत्नपूर्वक (लाग्दा) उसले शरीरबाट परम सत्यको साक्षात्कार गर्छ । प्रज्ञाद्वारा अति गहिरिएर हेर्छ । जस्तै– त्यो राम्रो र असल जातका घोडालाई हड्डिमै हिर्काउँदा सह्मल्ने र संविग्न हुन्छ । भिक्षुहो ! त्यस्तै नै राम्रो र असल जातको पुरुष भनी भन्छु । भिक्षुहो ! तदनुरूप यहाँ एक प्रकारको राम्रो र असल जातको पुरुष हुन्छ । भिक्षुहो ! यो चौथो राम्रो र असल जातको पुरुष लोकमा विद्यमान छन् । भिक्षुहो ! यी नै चार प्रकारका राम्रा र असल जातका पुरुष लोकमा विद्यमान छन् ।

## ४. नागसुत्तं

११४. "भिक्षुहो ! चार अङ्गसम्पन्न हात्तीमा राजाले आरोहण गर्छ । राजभोग्य र राजाको अङ्गमानै गनिन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ राजाको हात्ती श्रोता, मार्न सक्ने, सहन सक्ने र गमनशील हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती कसरी श्रोता हुन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई माहुतेले जे गर्न भन्छ त्यही काम गर्छ– यदि त्यो पहिला गरेको होस् या नगरेको होस् । उसले त्यो कुरा ध्यान दिएर, मनलगाएर, सम्पूर्ण विचार सम्पूर्ण विचार समेटेर, चित्तमा स्थान दिँदै कान लगाएर सुन्छ । भिक्षुहो ! यसरी राजाको हात्ती श्रोता हुन्छ ।

"भिक्षुहो ! राजाको हात्तीले कसरी मार्न सक्छ ? यहाँ राजाको हात्तीले संग्रामका हात्तीलाई पनि मार्न सक्छ, हात्तीमा आरोहण गरेकालाई पनि मार्न सक्छ । घोडालाई पनि मार्न सक्छ अनि घोडसवारलाई पनि मार्न सक्छ । रथलाई पनि नष्ट गर्न सक्छ अनि सारथिलाई पनि मार्न सक्छ । पैदल सेनालाई पनि मार्न सक्छ । भिक्षुहो ! यसरी राजाको हात्तीले मार्न सक्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! राजाको हात्तीले कसरी सहन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीले संग्रामका योद्धाले शक्ति प्रहार गर्दा, तरवार प्रहार गर्दा, तीर प्रहार गर्दा, बन्चरो प्रहार गर्दा, नगरा, ढोल, शंख, ढोलकादिको आवाजलाई सहन्छ। भिक्षुहो ! यसरी राजाको हात्तीले सहन सहन्छ।

"भिक्षुहो ! राजाको हात्ती कसरी गमनशील हुन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई माहुतेले चाहे पहिले गएको ठाउँमा वा नगएको ठाउँमा जतातते पठाउँदा पनि त्यहाँ चाँडै नै जान्छ। भिक्षुहो ! यसरी राजाको हात्ती गमनशील हुन्छ। भिक्षुहो ! यी नै चार अङ्गसम्पन्न हात्तीमा राजाले आरोहण गर्छ। राजभोग्य हुन्छ र राजाको अङ्गमानै गनिन्छ।

"भिक्षुहो ! तदनुरूप चार धर्मसम्पन्न भिक्षु पनि आव्हान गर्न योग्य... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्। ती चार के के हुन् ? यहाँ भिक्षु श्रोता, मार्ने, सहने र गमनशील हुन्छ।

"भिक्षुहो ! भिक्षु कसरी श्रोता हुन्छ ? भिक्षुहो ! यहा भिक्षुले तथागतद्वारा प्रवर्तित धर्म-विनयको उपदेश दिँदा ध्यान दिएर, मन लगाएर, सम्पूर्ण विचारलाई समेटेर चित्त वशमा राखी, चित्तमा स्थान दिई अनि कान लगाएर सुन्छ। भिक्षुहो ! यसरी भिक्षु श्रोता हुन्छ।

"भिक्षुहो ! भिक्षुले कसरी मार्ने हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न काम वितर्कलाई स्वीकार्दैन। त्याग्छ, हटाउँछ, हनन् गर्छ, टाढा राख्छ अनि नष्ट गर्छ। उत्पन्न व्यापाद वितर्कलाई, उत्पन्न हिंसा वितर्क, सानो भन्दा सानो पाप अकुशलधर्म स्वीकार्दैन, त्याग्छ, हटाउँछ, हनन् गर्छ, टाढा राख्छ अनि नष्ट गर्छ। भिक्षुहो ! यसरी भिक्षुले मार्ने हुन्छ।

"भिक्षुहो ! भिक्षुले कसरी सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले जाडो, गर्मी, भोक, प्यास, डंसक, मच्छर, हावा, धूप, घिस्रेर हिँड्ने प्राणीहरूको स्पर्श ( टोकाई), कटु वचन, दुर्वचन, उत्पन्न शारीरिक वेदना, दु:ख, तीव्र, खर्रो, कटु, अप्रिय, मनले नस्वीकार्ने र प्राण हरण समानलाई पनि सहन्छ। भिक्षुहो ! यसरी भिक्षुले सहन्छ।

"भिक्षुहो ! भिक्षु कसरी गमनशील हुन्छ ? यहाँ भिक्षु जुन दिशामा पहिला नगएको दीर्घ मार्गमा जुन कि यो समस्त संस्कार शमन, समस्त उपाधिको त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाणमा शीघ्र नै गमनकारी हुन्छ। भिक्षुहो ! यसरी भिक्षु गमनशील हुन्छ। भिक्षुहो ! यी नै चार



Downloaded from http://dhamma.digital

धर्मद्वारा सम्पन्न भिक्षु आव्हान गर्न योग्य... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन् ।"

## ५. ठानसुत्तं

११५. "भिक्षुहो ! अवस्था चार प्रकारका छन् । ती चार के के हुन् ? यस्तो अवस्था छ कि केही पनि गर्न मन नलाग्ने तर त्यो गर्दा अनर्थ हुन्छ । यस्तो अवस्था छ कि केही पनि गर्न मन नलाग्ने तर त्यो गर्दा भलो हुन्छ । यस्तो अवस्था छ कि केही त गर्न मन लाग्छ तर गर्दा अनर्थ हुन्छ । यस्तो अवस्था छ कि केही त गर्न मन लाग्छ अनि त्यो गर्दा भलो हुन्छ ।

"भिक्षुहो ! यस्तो अवस्था छ कि केही पनि गर्न मन नलाग्ने तर त्यो गर्दा अनर्थ हुन्छ । भिक्षुहो ! यी दुवै अवस्थामा गर्नु हुँदैन भनी जान्नुपर्छ । जुन अवस्थामा गर्न मन लाग्दैन, यसकारणले पनि गर्नु हुँदैन भनी जान्नुपर्छ । जुन अवस्थामा गर्दा अनर्थ हुने हो यसकारणले पनि गर्नु हुँदैन भनी जान्नुपार्छ । भिक्षुहो ! यी दुवै अवस्थामा गर्नु हुँदैन भनी जान्नुपर्छ ।

"भिक्षुहो ! यस्तो अवस्था छ कि केही पनि गर्न मन नलाग्ने तर त्यो गर्दा भलो हुन्छ । भिक्षुहो ! त्यो अवस्थामा गर्दा वा नगर्दा नै मूर्ख र पण्डितको सामर्थ्य, वीर्य र पराक्रमको पहिचान हुन्छ । भिक्षुहो ! जो मूर्ख हुन्छ उसले विचार गर्दैन– यद्यपि यस अवस्थामा गर्न मन छैन तै पनि यस अवस्थामा गर्न सके भलो हुन्छ । भलो हुने अवस्थामा उसले गर्दैन । त्यो अवस्थामा नगर्दा उसको निम्ति अनर्थ हुन्छ । तर पण्डितले विचार गर्छ– यद्यपि यो अवस्थामा गर्न मन नलागे पनि गर्न सकेमा भलो हुन्छ । उसले त्यो अवस्थामा गर्छ । त्यस अवस्थामा गर्दा उसको भलो हुन्छ ।

"भिक्षुहो ! यस्तो अवस्था छ कि केही गर्न मन लाग्छ तर त्यो गर्दा अनर्थ हुन्छ । भिक्षुहो ! त्यस्तो अवस्थामा कार्य गर्दा वा नगर्दा नै मूर्ख र पण्डितको सामर्थ्य, वीर्य र पराक्रमको पहिचान हुन्छ । भिक्षुहो ! जो मूर्ख हुन्छ उसले विचार गर्दैन– यद्यपि यस अवस्थामा गर्न मन लागेता पनि त्यो कार्य गर्दा अनर्थ हुन्छ । अनर्थ हुने अवस्थामा उसले गर्छ । उसले त्यो अवस्थामा गर्दा उसको अनर्थ हुन्छ । पण्डितले विचार गर्छ– यो अवस्थामा केही गर्न मन लाग्छ तर यो अवस्थामा गर्दा अनर्थ हुन्छ । उसले त्यस अवस्थामा गर्दैन । त्यस अवस्थामा नगर्दा उसको भलो हुन्छ ।

"भिक्षुहो ! यस्तो अवस्था छ कि केही गर्न मन लाग्ने अनि त्यो गर्दा भलो हुन्छ । भिक्षुहो ! यी दुवै अवस्थामा गर्नुपर्छ भनी जान्नुपर्छ । जुन



Downloaded from http://dhamma.digital

अवस्थामा गर्न मन लाग्छ, यसकारणले पनि गर्नुपर्छ भनी जान्नुपर्छ । जुन अवस्थामा गर्दा भलो हुने हो यसकारणले पनि गर्नुपर्छ भनी जान्नुपार्छ । भिक्षुहो ! यी दुवै अवस्थामा गर्नुपर्छ भनी जान्नुपर्छ । भिक्षुहो ! यी नै चार प्रकारका अवस्था हुन् ।"

## ६. अप्पमादसुत्तं

११६. "भिक्षुहो ! चार विषयमा अप्रमादी हुनुपर्छ । ती चार के के हुन् ? भिक्षुहो ! काय-दुश्चरित्र त्याग्नु, काय-सुचरित्रको अभ्यास गर्नु अनि त्यस विषयमा प्रमादी (बेहोशी) नहुनु । भिक्षुहो ! वचन-दुश्चरित्र त्याग्नु, वचन-सुचरित्रको अभ्यास गर्नु अनि त्यस विषय- मा प्रमादी नहुनु । भिक्षुहो ! मन-दुश्चरित्र त्याग्नु, मन-सुचरित्रको अभ्यास गर्नु अनि त्यस विषयमा प्रमादी नहुनु । मिथ्यादृष्टि त्याग्नु, सम्यकदृष्टिको अभ्यास गर्नु अनि त्यस विषयमा प्रमादी नहुनु ।

"भिक्षुहो ! जब भिक्षुले काय-दुश्चरित्र नष्ट पार्छ, काय सुचरित्रको अभ्यास गर्छ । वचन-दुश्चरित्र नष्ट पार्छ, वचनसुचरित्रको अभ्यास गर्छ । मनदुश्च-रित्र नष्ट पार्छ, मन-सुचरित्रको अभ्यास गर्छ । मिथ्यादृष्टि नष्ट पार्छ, सम्यक-दृष्टिको अभ्यास गर्छ भने ऊ मृत्यु पश्चात के हुने होला भनी डर मान्नु पर्दैन ।"

## ७. आरक्खसुत्तं

११७. "भिक्षुहो ! चार विषयमा आफ्नो हितको निम्ति अप्रमादी र स्मृतिवान भई चित्तलाई आरक्षण गर्नुपर्छ । ती चार के के हुन् ? मेरो चित्त रागमा रंगिन नपावस भनी आफ्नो हितको निम्ति अप्रमादी र स्मृतिवान भई चित्तलाई आरक्षण गर्नुपर्छ । द्वेषमा दूषित हुन नपवास भनी आफ्नो हितको निम्ति अप्रमादी र स्मृतिवान भई चित्तलाई आरक्षण गर्नुपर्छ । मोहमा मूढ हुन नपावस भनी आफ्नो हितको निम्ति अप्रमादी र स्मृतिवान भई चित्तलाई आरक्षण गर्नुपर्छ । मदमा प्रमत्त हुन नपावस भनी आफ्नो हितको निम्ति अप्रमादी र स्मृतिवान भई चित्तलाई आरक्षण गर्नुपर्छ ।

"भिक्षुहो ! जो भिक्षुले रागमा रँगिने विषयमा चित्त नलगाई वीतरागी हुन्छ । द्वेषमा दूषित हुने विषयमा चित्त नलगाई वीतद्वेषी हुन्छ । मोहमा मोहित हुने विषयमा चित्त नलगाई वीतमोही हुन्छ । मदमा प्रमत्त हुने विषयमा चित्त नलगाई अप्रमत्त हुन्छ भने ऊ भयभीत हुनु पर्दैन, काम्नु पर्दैन, छटपटिनु पर्दैन, त्रसित हुनु पर्दैन अनि न त कोही श्रमणले केही भन्नु नै पर्छ ।"



Downloaded from http://dhamma.digital

## ८. संवेजनीयसुत्तं

११८. "भिक्षुहो ! यी चार स्थान श्रद्धावान कुलपुत्रका निम्ति दर्शनीय र संवेगनीय हुन् । ती चार के के हुन् ? 'यहाँ तथागत जन्मिनु[1] भएको हो' भनी भिक्षुहो ! श्रद्धावान कुलपुत्रको निम्ति दर्शनीय र संवेगनीय स्थल हुन् । 'यहाँ तथागतले अतिउत्तम सम्यक-सम्बोधि प्राप्त गरी सम्यकसम्बुद्ध हुनुभयो[2] भनी भिक्षुहो ! श्रद्धावान कुलपुत्रको निम्ति दर्शनीय र संवेगनीय स्थल हुन् । 'यहाँ तथागतले अतिउत्तम धर्मचक्र प्रवर्तन[3] गर्नुभयो भनी भिक्षुहो ! श्रद्धावान कुलपुत्रको निम्ति दर्शनीय र संवेगनीय स्थल हुन् । 'यहाँ तथागतले अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण[4] हुनुभयो भनी भिक्षुहो ! श्रद्धावान कुलपुत्रको निम्ति दर्शनीय र संवेगनीय स्थल हुन् । भिक्षुहो ! यी नै चार स्थान श्रद्धावान कुलपुत्रको निम्ति दर्शनीय र संवेगनीय स्थल हुन् ।"

## ९. पठमभयसुत्तं

११९. "भिक्षुहो ! यी चार प्रकारका भय हुन् । ती चार के के हुन् ? जन्म भय, जरा भय, व्याधि भय र मरण भय । भिक्षुहो ! यी नै चार प्रकारका भय हुन् ।"

## १०. दुतियभयसुत्तं

१२०. "भिक्षुहो ! यी चार प्रकारका भय हुन् । ती चार के के हुन् ? अग्नि भय, जल भय, राज भय अनि चोर भय । भिक्षुहो ! यी नै चार प्रकारका भय हुन् ।"

[1]लुम्बिनी, [2]बुद्धगया, [3]सारनाथ, [4]कुसिनगर ।



Downloaded from http://dhamma.digital

## (१३) ३. भयवग्गो

### १.अत्तानुवादसुत्तं

१२१. "भिक्षुहो ! यी चार प्रकारका भय हुन् । ती चार के के हुन् ? आत्म निन्दा-भय, पर निन्दा-भय, दण्ड-भय अनि दुर्गति-भय ।

"भिक्षुहो ! आत्म निन्दा-भय भनेको के हो ? भिक्षुहो ! यहाँ कसैकसैले यसरी प्रत्यवेक्षण गर्छ– मैले नै शरीरद्वारा दुराचरण गरें भने हुनसक्छ शीलको दृष्टिले स्वयम् आफूबाट नै निन्दनीय हुनुपर्छ । ऊ आफूबाट नै निन्दित हुनुपर्ने भयले गर्दा शरीरद्वारा हुने दुराचरण छाडेर शरीरद्वारा सुआचरण गर्छ । वचनद्वारा हुने दुराचरण छाडेर वचनद्वारा सुआचरण गर्छ अनि मनद्वारा हुने दुराचरण छाडेर मनद्वारा सुआचरण गर्छ तथा आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! आफूबाट हुने निन्दा भय भनेको यही नै हो ।

"भिक्षुहो ! अरूद्वारा निन्दा-भय भनेको के हो ? भिक्षुहो ! यहाँ कसैकसैले यसरी प्रत्यवेक्षण गर्छ– मैले शरीरद्वारा दुराचरण गरें भने, वचनद्वारा दुराचरण गरें भने अनि मनद्वारा दुराचरण गरें भने हुनसक्छ कि अरूद्वारा म शीलको दृष्टिबाट निन्दनीय हुनेछु । ऊ अरूबाट हुने निन्दा भयले गर्दा शरीरद्वारा हुने दुराचरण छाडेर शरीरद्वारा सुआचरण गर्छ । वचनद्वारा हुने दुराचरण छाडेर वचनद्वारा सुआचरण गर्छ अनि मनद्वारा हुने दुराचरण छाडेर मनद्वारा सुआचरण गर्छ तथा आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! अरूबाट हुने निन्दा भय भनेको यही नै हो ।

"भिक्षुहो ! दण्ड-भय भनको के हो ? भिक्षुहो ! यहाँ चोरी गर्ने अपराधीलाई राजाबाट समात्न लगाई कोर्राले पिटेको, लट्ठीले पिटेको, मुङ्ग्रोले पिटेको, हात छिनालेको, खुट्टा छिनालेको, हात-खुट्टा छिनालेको, कान छिनालेको, नाक छिनालेको, कान-नाक छिनालेको, शीरमा एक प्रकारको सासना दिएको, शीरको केशलाई उखाल्दै शंख जस्तै गरी सासना दिएको, मुख च्यातिदिएको ( राहुमुख), शरीरमा आगो बालिदिएको, हात-खुट्टामा आगो लगाई दिएको, गलाको जम्मै छालालाई फारि दिएको (एरकवत्ति), गलाबाट कम्मरसम्मको छालाफारि दिएको (चीरकवासिक), दुवै कुइना तथा घुँडामा कीला ठोकी दिएको(एणेय्यक), शरीरमा कार्षापण जस्तै गर्दै मासुलाई काट्दै गरेको ( कहापणक), काइँयोद्वारा शरीरमा कोरि दिएको (खारापतच्छिकं) कोल्टो पारेर पल्टाई कानमा कीला ठोकी दिएको (पलिघपरिवत्तिकं), शरीरको मासुलाई हानी नपुऱ्याई भित्रको हड्डिलाई माराक्मुरुक् पारिदिएको (पलालपीठकं), शरीरमा



Downloaded from http://dhamma.digital

तातो तेल खन्याइदिएको, कुकुरद्वारा टोक्न लगाएको, जीउँदै शुलीमा उत्तानो पारिराखेको, तरवारले शीर छेदन गरेको अनि नाना प्रकारले दण्ड दिएकोलाई देखेको हुन्छ ।

"उसले विचार गर्छ– 'जुन पाप कर्म गर्दा अपराधीलाई वा चोरलाई राजाले समात्न लगाई विभिन्न प्रकारले दण्ड दिन्छ– कोर्राले पनि हिर्काउँछ... तरवारले पनि शीर छेदन गर्छ । मैले पनि त्यस्तै पाप कर्म गरेमा मलाई पनि विभिन्न प्रकारले दण्ड दिन्छ– कोर्राले पनि पिट्छ, लट्ठीले पिट्छ, मुङ्ग्रोले पिट्छ, हात छिनाल्छ, खुट्टा छिनाल्छ, हात-खुट्टा छिनाल्छ, कान छिनाल्छ, नाक छिनाल्छ, कान छिनाल्छ, नाक-कान छिनाल्छ, शीरमा एक प्रकारको सासना दिन्छ, शीरको केशलाई उखाल्दै शंख जस्तै गरी सासना दिन्छ, मुख च्यातिदिन्छ, शरीरमा आगो बालिदिन्छ, हात-खुट्टामा आगो लगाई दिन्छ, गलाको जम्मै छालालाई फारि दिन्छ, गलाबाट कम्मरसम्मको छालालाई फारि दिन्छ, दुवै कुइना तथा घुँडामा कीला ठोकी दिन्छ, शरीरमा कार्षापण जस्तै गरी मासु काट्छ, काइँयोद्वारा शरीरमा कोरि दिन्छ,, कोल्टो पारेर पल्टाई कानमा कीला ठोकी दिन्छ,, शरीरको मासुलाई हानी नपुऱ्याई भित्रको हड्डिलाई माराक्मुरुक् पारिदिन्छ, शरीरमा तातो तेल खन्याइदिन्छ, कुकुरद्वारा टोक्न लगाउँछ, जीउँदै शुलीमा उत्तानो पारिराख्छ अनि तरवारले शीर छेदन गरिदिन्छ । ऊ दण्डबाट भयभीत भई अरूको सम्पत्ति चोर्दैन । उसले शरीरद्वारा हुने दुराचरण छाडेर शरीरद्वारा सुआचरण गर्छ । वचनद्वारा हुने दुराचरण छाडेर वचनद्वारा सुआचरण गर्छ अनि मनद्वारा हुने दुराचरण छाडेर मनद्वारा सुआचरण गर्छ तथा आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! दण्ड-भय भनेको यही नै हो ।

"भिक्षुहो ! दुर्गति-भय भनेको के हो ? भिक्षुहो ! यहाँ कसैले विचार गर्छ– 'शरीरद्वारा दुराचरण गर्ने पापीले परलोकमा दुष्परिणाम भोग्नुपर्छ । वचनद्वारा दुराचरण गर्ने पापीले परलोकमा दुष्परिणाम भोग्नुपर्छ । मनद्वारा दुराचरण गर्ने पापीले परलोकमा दुष्परिणाम भोग्नुपर्छ । मैले पनि शरीरद्वारा दुराचरण गरेमा, वचनद्वारा दुराचरण गरेमा अनि मनद्वारा दुराचरण गरेमा शरीर भेद भई मृत्युपछि अपाय, दुर्गति वा नर्कमा किन पतन नहोला ! ऊ दुर्गति-भयले त्रसित भई शरीरद्वारा हुने दुराचरण छाडेर शरीरद्वारा सुआचरण गर्छ । वचनद्वारा हुने दुराचरण छाडेर वचनद्वारा सुआचरण गर्छ अनि मनद्वारा हुने दुराचरण छाडेर मनद्वारा सुआचरण गर्छ तथा आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! दुर्गति-भय भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रकारका भय हुन् ।"



Downloaded from http://dhamma.digital

## २. उमिभयसुत्तं

१२२. "भिक्षुहो ! पानीमा रहनेले चार प्रकारको भय लिनु- पर्छ । ती चार के के हुन् ? लहरको भय, गोहीको भय, भँवरको भय अनि प्रचण्ड मत्स्य-भय । पानीमा रहनेले यी नै चार प्रकारका भय लिनुपर्छ । भिक्षुहो ! यहाँ कसै कसैले यस धर्म विनयमा घरवार छाडेर अनागारिक भई प्रव्रजित हुने कुल पुत्रले यस्तै चार प्रकारका भय सामना गर्नुपर्छ । ती चार के के हुन् ? लहरको भय, गोहीको भय, भँवरको भय अनि विशाल माछाको भय ।

"भिक्षुहो ! लहर-भय भनेको के हो ? यहाँ कोही कुलपुत्रले श्रद्धासहित घरवार छाडेर अनागारिक भई प्रव्रजित हुन्छन्– 'म जन्म, जरा र मरणको शोकबाट, परिदाहबाट, दु:ख-पीडा तथा उपायासबाट मुक्त हुन सकेको छैन, दु:खबाट छुटकारा पाउन सकेको छैन अर्थात दु:खमा नै डुबिरहेको छु । यी सम्पूर्ण दु:खका पुञ्जलाई अन्त गर्न जान्ने भएमा कति राम्रो हुन्थ्यो होला ! ऊ प्रव्रजित भएपछि उसलाई प्रव्रजित सब्रह्मचारीले उपदेश दिन्छ तथा अनुशासन गर्छ– तिमी यसरी आउने-जाने गर्नुपर्छ, तिमीले यसरी हात-खुट्टा चलाउनु पर्छ, तिमीले यसरी हेर्ने गर्नुपर्छ, तिमीले यसरी हेर्नुपर्छ, तिमीले यसरी समेट्नु पर्छ, तिमीले यसरी फैलाउनु पर्छ अनि तिमीले संघाटी-पात्र चीवरलाई यसरी धारण गर्नुपर्छ । उसलाई यस्तोलाग्छ– म पहिला घरमा छँदा मैले नै अरूलाई उपदेश दिन्थेँ तथा अनुशासन गर्थें । तर अहिले मानौं 'म यसको नै छोरा जस्तो भएँ वा नाति जस्तो भएँ ।' ऊ रिसाएर वा असन्तोष भई शिक्षा परित्याग गरी हीनमार्गी हुन्छ । भिक्षुहो ! यही लहर-भयबाट त्रसित भई शिक्षा परित्याग गर्छ तथा हीनमार्गी हुन्छ । भिक्षुहो ! क्रोध र असन्तुष्ट नै लहर-भयको पर्यायवाची हो । भिक्षुहो ! लहर-भय भनेको यही नैहो ।

"भिक्षुहो ! गोही-भय भनेको के हो ? यहाँ कोही कुलपुत्रले श्रद्धासहित घरवार छाडेर अनागारिक भई प्रव्रजित हुन्छन्– 'म जन्म, जरा र मरणको शोकबाट, परिदाहबाट, दु:ख-पीडा तथा उपायासबाट मुक्तहुन सकिन, दु:खबाट छुटकारा पाउन सकिन अर्थात दु:खमा नै डुबिरहेको छु । यी सम्पूर्ण दु:खका पुञ्जलाई अन्त गर्न जान्ने भएमा कति राम्रो हुन्थ्यो होला ! ऊ प्रव्रजित भए-पछि उसलाई प्रव्रजित भएका सब्रह्मचारीले उपदेश दिन्छ तथा अनुशासन गर्छ– तिमीले यो खानुपर्छ, तिमीले यो खानु हुँदैन, तिमीले यो भोजन गर्नुपर्छ, तिमीले यो भोजन गर्नु हुँदैन, तिमीले यो चाख्नुपर्छ, तिमीले यो चाख्नु हुँदैन, तिमीले यो पिउनुपर्छ, तिमीले यो पिउनु हुँदैन, तिमीले विहित हुने नै खानुपर्छ, तिमीले विहित नहुने खानु हुँदैन, विहित भएकोलाई नै तिमीले चाख्नुपर्छ, अ-



Downloaded from http://dhamma.digital

विहितलाई चाख्नु हुँदैन, विहितलाई नै तिमीले पिउनुपर्छ, असमयमा तिमीले पिउनु हुँदैन, समयमै तिमीले खानुपर्छ, असमयमा तिमीले खानु हुँदैन, समयमै तिमीले भोजन गर्नुपर्छ, असमयमा तिमीले भोजन गर्नु हुँदैन, समयमै तिमीले चाख्नुपर्छ, असमयमा तिमीले चाख्नु हुँदैन। उसलाई यस्तो लाग्छ– 'म पहिला घरमा छँदा जुन चाहन्थें त्यो खान्थें, जुन म चाहन्नथें त्यो खाँदिन, जे इच्छा हुन्थ्यो त्यो भोजन गर्थें, जुन म चाहन्नथें त्यो भोजन गर्दिनथें, जे इच्छा हुन्थ्यो त्यो चाख्ने गर्थें, जुन म चाहन्नथें त्यो चाख्ने गर्दिन, जे इच्छा हुन्थ्यो त्यो पिउँथें, जुन म चाहन्नथें त्यो पिउने गर्दिन, विहित पनि पिउँथें, अविहित पनि पिउँथें, समयमै खान्थें, असमयमा पनि खान्थें, समयमै पनि भोजन गर्थें, असमयमा पनि भोजन गर्थें, समयमै पनि चाख्ने गर्थें, असमयमा पनि चाख्ने गर्थें, समयमा पनि पिउँथें, असमयमा पनि पिउँथें, जब कि श्रद्धावान गृहस्थहरूले दिनमा वा असमयमा प्रणीत खादनीय वा भोजनीय पदार्थ दिन्छ। त्यस खानपानमा पनि यसले हाम्रालाई मुखमा पट्टी बाँधेर दिएको जस्तै भयो।' ऊ क्रोधित र असन्तुष्ट भई शिक्षा परित्याग गरी हीनमार्गी हुन्छ। भिक्षुहो ! यही गोही-भयबाट त्रसित भई शिक्षा परित्याग गर्छ तथा हीनमार्गी हुन्छ। भिक्षुहो ! पेटुवापन नै गोही-भयको पर्यायवाची हो। भिक्षुहो ! गोही-भय भनेको यही नै हो।

"भिक्षुहो ! भँवर-भय भनेको के हो ? यहाँ कोही कुलपुत्रले श्रद्धासहित घरबार छाडेर अनागारिक भई प्रव्रजित हुन्छन्– 'म जन्म, जरा र मरणको शोकबाट, परिदाहबाट, दुःख-पीडा तथा उपायासबाट मुक्त हुन सकिन, दुःखबाट छुटकारा पाउन सकिन अर्थात दुःखमा नै डुबिरहेको छु। यी सम्पूर्ण दुःखका [illegible] अन्तगर्न जान्ने भएमा कति राम्रो हुन्थ्यो होला ! ऊ प्रव्रजित भए [illegible] समय चीवर वस्त्र परिधान गरी, पात्र-चीवर लिई गाउँ वा [illegible] भिक्षाटनको निम्ति प्रवेश गर्छ– असंयमित शरीर, असंयमित वचन, असंयमित चित्त, स्मृति विहीन र असंयमित इन्द्रिय भई। उसले त्यहाँ देख्छ– गृहपति वा गृहपति पुत्र पञ्चकाम गुणमा समर्पित, परिभोग गरिरहेको र संलग्न भइरहेको। उसलाई यस्तो लाग्न थाल्छ– 'म पहिला घरमा छँदा पञ्चकाम गुणमा समर्पित भई भोग गर्थें अनि संलग्न रहन्थें। मेरो जुन घरमा भोग्य वस्तुहरू छन्। भव-भोग पनि गर्न सक्छु। पुण्य पनि गर्न सक्छु। किन मैले शिक्षा परित्याग गरिकन हीनमार्गी भई भोग्य पदार्थलाई परिभोग गर्दै पुण्य गरी नबसौं ! शिक्षा परित्याग गरी हीनमार्गी हुन्छ।। भिक्षुहो ! यही भँवर-भयबाट त्रसित भई शिक्षा परित्याग गर्छ तथा हीनमार्गी हुन्छ। भिक्षुहो ! पञ्चकाम गुण नै भँवर-भयको पर्यायवाची हो। भिक्षुहो ! भँवर-भय भनेको यही नै हो।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! विशाल मत्स्य-भय भनेको के हो ? यहाँ कोही कुलपुत्रले श्रद्धासहित घरवार छाडेर अनागारिक भई प्रव्रजित हुन्छ–'म जन्म, जरा र मरणको शोकबाट, परिदाहबाट, दु:ख-पीडा तथा उपायासबाट मुक्त हुन सकिन, दु:ख-बाट छुटकारा पाउन सकिन अर्थात दु:खमा नै डुबिरहेको छु। यी सम्पूर्ण दु:ख-का पुञ्जलाई अन्त गर्न जान्ने भएमा कति राम्रो हुन्थ्यो होला ! ऊ प्रव्रजित भएपछि पूर्वाण्ह समयमा चीवर वस्त्र परिधान गरी, पात्र-चीवर लिई गाउँ वा शहरमा भिक्षाटनको निम्ति प्रवेश गर्छ– असंयमित शरीर, असंयमित वचन, असंयमित चित्त, स्मृति विहीन र असंयमित इन्द्रिय भई । उसले त्यहाँ जो कोही स्त्री देख्छ– निर्वस्त्र जस्तै तथा ठीकसँग वस्त्र नलगाएकी देख्दा त्यो भिक्षुको मनमा रागको घर बन्छ । उसले मनमा रागको घर बनाएर शिक्षा परित्याग गरी हीनमार्गी हुन्छ । भिक्षुहो ! यही प्रचण्ड मत्स्य-भयबाट त्रसित भई शिक्षा परित्याग गर्छ तथा हीनमार्गी हुन्छ । भिक्षुहो ! स्त्री नै विशाल मत्स्य-भयको पर्यायवाची हो । भिक्षुहो ! विशाल मत्स्य-भय भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रकारको भयले गर्दा यहाँ कोही कोही कुलपुत्रले श्रद्धापूर्वक घरवार छाडेर प्रव्रजित हुँदा यो धर्म-विनयमा सामना गर्नुपर्छ ।"

### ३. पठमनानाकरणसुत्तं

१२३. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति कामभोगरहित, अकुशलरहित, वितर्क र विचारयुक्त एकान्तवास= ध्यानबाट (विवेकज) उत्पन्न प्रीति र सुखमय प्रथमध्यान प्राप्तगरी बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, ऊ त्यसैमा रमाउँछ अनि त्यसैमा नै तृप्त हुन्छ । त्यसैमा स्थिर हुन्छ, त्यसैमा निमग्न हुन्छ, त्यसैमा बहुविहारी हुन्छ अनि त्यसैमा अपरिहीन भई मृत्यु हुँदा ब्रह्मकायिक देवका कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! ब्रह्मकायिक देवताको आयु-प्रमाण कल्पसम्मको हुन्छ । त्यहाँ पृथक्जन (सामान्य जन) भई जतिसम्मको आयु हो त्यतिसम्म रहेर त्यस देवका आयु-प्रमाण समस्त बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ । तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुञ्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ । जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही व्यक्तिले वितर्क-विचार शान्त पारी भित्री हृदयमा प्रसन्नता र एकाग्र गरी वितर्क-विचाररहित ध्यानबाट



Downloaded from http://dhamma.digital

(समाधिज ) उत्पन्न प्रीति र सुखमय द्वितीय- ध्यान प्राप्तगरी बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, ऊ त्यसैमा रमाउँछ अनि त्यसैमा नै तृप्त हुन्छ । त्यसैमा स्थिर हुन्छ, त्यसैमा निमग्न हुन्छ, त्यसैमा बहुविहारी हुन्छ अनि त्यसैमा अपरिहीन भई मृत्यु भएमा ब्रह्मकायिक देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! आभस्सर देवको आयु दुई कल्पको हुन्छ । त्यहाँ पृथक्जन भई जतिसम्मको आयु हो त्यतिसम्म रहेर त्यस देवका आयुप्रमाण समस्त बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ । तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुन्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ । जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ कोही व्यक्ति प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, ऊ त्यसैमा रमाउँछ अनि त्यसैमा नै तृप्त हुन्छ । त्यसैमा स्थिर हुन्छ, त्यसैमा निमग्न हुन्छ, त्यसैमा बहुविहारी हुन्छ अनि त्यसैमा अपरिहीन भई मृत्यु भएमा शुभकिण्ह देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! शुभकिण्ह देवको आयु चार कल्पको हुन्छ । त्यहाँ पृथक्जन भई जतिसम्मको आयु हो त्यतिसम्म रहेर त्यस देवका आयुप्रमाण समस्त बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ । तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुन्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ । जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही व्यक्ति सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, ऊ त्यसैमा रमाउँछ अनि त्यसैमा नै तृप्त हुन्छ । त्यसैमा स्थिर हुन्छ, त्यसैमा निमग्न हुन्छ, त्यसैमा बहुविहारी हुन्छ अनि त्यसैमा अपरिहीन भई मृत्यु भएमा वेहप्फल देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! वेहप्फल देवको आयु पाँच कल्पको हुन्छ ।



Downloaded from http://dhamma.digital

त्यहाँ पृथक्जन भई जतिसम्मको आयु हो त्यतिसम्मरहेर त्यस देवका आयुप्रमाण समस्त बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ। तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुन्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ। भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ। जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ४. दुतियनानाकरणसुत्तं

१२४. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्। ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति कामभोगरहित, अकुशलरहित, वितर्क र विचारयुक्त विवेक (ध्यान) बाट उत्पन्न प्रीति-सुखको प्रथमध्यान प्राप्तगरी बस्छ। उसले रूप विषयमा, वेदना विषयमा, संज्ञा विषयमा, संस्कार विषयमा अनि विज्ञान विषयमा अनित्य स्वभाव, दुःख स्वभाव, रोग स्वभाव, फोडा स्वभाव, शल्य स्वभाव, पीडा स्वभाव, बिरामी स्वभाव, पर स्वभाव, ऱ्हास स्वभाव, शुन्य स्वभाव र अनात्मा स्वभावलाई राम्रोसँग थाहा पाउन्छ। ऊ शरीर भेद पश्चात मरण भई सुद्धावास देव कुलमा उत्पन्न हुन्छ। भिक्षुहो ! पृथकजनको भन्दा पनि यो विशेष (असाधारण) उत्पत्ति हो।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही व्यक्तिले वितर्क-विचार शान्त ... द्वितीय- ध्यान ... तृतीयध्यान ... चतुर्थ ध्यान प्राप्तगरी बस्छ। उसले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान विषयमा अनित्य स्वभाव, दुःख स्वभाव, रोग स्वभाव, फोडा स्वभाव, शल्य स्वभाव, पीडा स्वभाव, बिरामी स्वभाव, पर स्वभाव, ऱ्हासस्वभाव, शुन्य स्वभाव र अनात्मा स्वभावलाई राम्रोसँग थाहा पाउने हुन्छ। ऊ शरीर भेद पश्चात मरण भई सुद्धावास देव कुलमा उत्पन्न हुन्छ। भिक्षुहो ! पृथकजनको भन्दा पनि यो विशेष उत्पत्ति हो। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ५. पठममेत्तासुत्तं

१२५. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्। ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले मैत्री युक्त चित्तद्वारा एक दिशामा चारैतिर फैलाउँदै बस्छ। त्यसरी नै दोस्रो दिशामा, तेस्रो दिशामा र चौथो दिशामा पनि। उसले माथि, तल, तीर्यक, सर्वत्र, समस्तप्रति, सगग्ग



Downloaded from http://dhamma.digital

लोकप्रति, विपुलतासहित, महानतासहित, अप्रमाणतासहित, वैररहित, द्वेषरहित मैत्रीयुक्त चित्तद्वारा चारैतिर फैलाउँदै बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, त्यसैमा रमाउँछ र त्यसैमा तृप्त हुन्छ । त्यसैमा स्थिर, निमग्न र त्यसैमा बहुविहारी भई बस्छ । त्यसैमा अपरिहीन भई मृत्यु भएमा ब्रह्मकायिक देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! ब्रह्मकायिक देवताको आयु-प्रमाण कल्पसम्मको हुन्छ । त्यहाँ पृथक्जन (अश्रुतवान अनार्य वा सामान्य जन) भई जतिसम्मको आयु हो त्यतिसम्म रहेर त्यस देवका आयु-प्रमाण पूरै बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ । तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुञ्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ । जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले करुणा युक्त चित्तद्वारा... मुदिता युक्त चित्तद्वारा... अनि उपेक्षायुक्त चित्तद्वारा एक दिशामा चारैतिर फैलाउँदै बस्छ । त्यसरी नै दोस्रो दिशामा, तेस्रो दिशामा र चौथा दिशामा पनि । उसले माथि, तल, तीर्यक, सर्वत्र, समस्तप्रति, समस्त लोकप्रति, विपुलतासहित, महानतासहित, अप्रमाणतासहित, वैररहित, द्वेष्रहित उपेक्षायुक्त चित्तद्वारा चारैतिर फैलाउँदै बस्छ । उसले त्यसैमा स्वाद लिन्छ, त्यसैमा रमाउँछ र त्यसैमा तृप्त हुन्छ । त्यसैमा स्थिर, निमग्न र त्यसैमा बहुविहारी भई बस्छ । त्यसैमा अपरिहीन भई मृत्यु भएमा आभस्सर देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! आभस्सर देवको आयु-प्रमाण दुई कल्पसम्मको हुन्छ । ... सुभकिण्ह देव कुलमा उत्पन्न हुन्छ । त्यहाँ ... । भिक्षुहो ! सुभकिण्ह देवको आयु-प्रमाण चार कल्पसम्मको हुन्छ । त्यहाँ... । ... वेहप्फल देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! वेहप्फल देवको आयु-प्रमाण पाँच सय कल्पसम्मको हुन्छ । त्यहाँ पृथक्जन भई जतिसम्मको आयु हो त्यतिसम्म रहेर त्यस देवका आयु-प्रमाण पूरै बिताएपछि नरकमा पनि जन्मिन सक्छ, तिर्यक योनिमा पनि जन्मिन सक्छ अनि प्रेत योनिमा पनि जन्मिन सक्छ । तर जो भगवानको श्रावक हुन्छ, त्यहाँ आयु रहुञ्जेल बिताएर वा त्यस देवका आयुप्रमाण बिताएपछि त्यही लोकबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! अश्रुत पृथकजन र श्रुतवान आर्य श्रावकमा यही विशेषता, यही अन्तर र पृथकता छ । जुन कि गति सम्बन्धमा वा उत्पत्तिको सम्बन्धमा हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"



Downloaded from http://dhamma.digital

## ६. दुतियमेत्तासुत्तं

१२६. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । ती चार को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले मैत्री युक्त चित्तद्वारा एक दिशामा चारैतिर फैलाउँदै बस्छ । त्यसरी नै दोस्रो दिशामा, तेस्रो दिशामा र चौथा दिशामा पनि । उसले माथि, तल, तीर्यक, सर्वत्र, समस्तप्रति, समस्त लोप्रति, विपुलतासहित, महानतासहित, अप्रमाणतासहित, वैररहित, द्वेषरहित मैत्रीयुक्त चित्तद्वारा चारैतिर फैलाउँदै बस्छ । उसले रूप विषयमा, वेदना विषयमा, संज्ञा विषयमा, संस्कार विषयमा अनि विज्ञान विषयमा अनित्य स्वभाव, दुःख स्वभाव, रोग स्वभाव, फोडा स्वभाव, शल्य स्वभाव, पीडा स्वभाव, बिरामी स्वभाव, पर स्वभाव, ह्रास स्वभाव, शुन्य स्वभाव र अनात्मा स्वभावलाई राम्रोसँग थाहा भएको हुन्छ । ऊ शरीर भेद पश्चात मरण भई सुद्धावास देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! पृथकजनको भन्दा पनि यो विशेष ( साधारण नभएको) उत्पत्ति हो ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही व्यक्तिले करुणा... मुदिता र उपेक्षा चित्तद्वारा एक दिशामा चारैतिर फैलाउँदै बस्छ । त्यसरी नै दोस्रो दिशामा, तेस्रो दिशामा र चौथा दिशामा पनि । उसले माथि, तल, तीर्यक, सर्वत्र, समस्तप्रति, समस्त लोप्रति, विपुलतासहित, महानतासहित, अप्रमाणतासहित, वैररहित, द्वेषरहित उपैक्षायुक्त चित्तद्वारा चारैतिर फैलाउँदै बस्छ । उसले रूप विषयमा, वेदना विषयमा, संज्ञा विषयमा, संस्कार विषयमा अनि विज्ञान विषयमा अनित्य स्वभाव, दुःख स्वभाव, रोग स्वभाव, फोडा स्वभाव, शल्य स्वभाव, पीडा स्वभाव, बिरामी स्वभाव, परस्वभाव, ह्रास स्वभाव, शुन्य स्वभाव र अनात्मा स्वभावलाई राम्रोसँग थाहा भएको हुन्छ । ऊ शरीर भेद पश्चात भरण भई सुद्धावास देव कुलमा उत्पन्न हुन्छ । भिक्षुहो ! पृथकजनको भन्दा पनि यो विशेष उत्पत्ति हो । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ७. पठमतथागतअच्छरियसुत्तं

१२७. "भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा चार प्रकारका आश्चर्य तथा अद्‌भूत धर्महरू (घट्नाको) प्रादुर्भाव हुन्छ । ती चार के के हुन् ? बोधिसत्वले जब तुसित देवको शरीर त्याग गरी स्मृतिकासाथ होशपूर्वक आमाको गर्भमा प्रवेश गर्छ तब समस्त देवलोक, समस्त मारलोक, समस्त ब्रह्मलोक, समस्त श्रमण-ब्राह्मण-देव-मनुष्यजनमा देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकारको प्रादुर्भाव



Downloaded from http://dhamma.digital

हुन्छ। जति पनि नित्य खुल्लारहने, नढाकिएको, अन्धकारयुक्त, घोर अन्धकार-रमय लोकान्तरहरू छन् । जहाँ कि यस्तो अत्यन्त महाऋद्धिमान, अत्यन्त महानुभाव चन्द्र र सूर्यको प्रकाश पुग्दैन। त्यस स्थानहरूमा पनि देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकाशको प्रादुर्भाव हुन्छ । जो प्राणीहरू त्यहाँ उत्पन्न भएका हुन्छन् तिनीहरूले पनि त्यस प्रकाशद्वारा– 'अहो ! यहाँ त अरू सत्वहरू पनि उत्पन्न भएका रहेछन्' भनी एकले अर्कोलाई देख्न सक्छन् । भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो पहिलो आश्चर्य तथा अद्भूत धर्मको प्रादुर्भाव हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को बोधिसत्वले जब स्मृतिपूर्वक, होशपूर्वक आमाको गर्भबाट बाहिर आउँछ तब समस्त देवलोक, समस्त मारलोक, समस्त ब्रह्मलोक, समस्त श्रमण-ब्राह्मण-देव-मनुष्यजनमा देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकाश प्रादुर्भाव हुन्छ । जति पनि नित्य खुल्लारहने, नढाकिएको, अन्धकारयुक्त, घोर अन्धकारमय लोकान्तरहरू छन् । जहाँ कि यस्तो अत्यन्त महाऋद्धिमान, अत्यन्त महानुभाव चन्द्र र सूर्यको प्रकाश पुग्दैन । त्यस स्थानमा पनि देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम, विशाल प्रकाशको प्रादुर्भाव हुन्छ । जो प्राणीहरू त्यहाँ उत्पन्न भएका हुन्छन् तिनीहरूले पनि त्यस प्रकाशद्वारा– 'अहो ! यहाँ त अरू सत्वहरू पनि उत्पन्न भएका रहेछन्' भनी एकले अर्कोलाई देख्नसक्छन् । भिक्षुहो ! तथागत अर्हत सम्यकससम्बुद्धको प्रादुर्भाव हुँदा यो दोस्रो आश्चर्य तथा अद्भूत धर्मको प्रादुर्भाव हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को तथागतले जब अनुत्तर सम्यकसम्बोधि प्राप्त गर्छ तब समस्त देवलोक, समस्त मारलोक, समस्त ब्रह्मलोक, समस्त श्रमण-ब्राह्मण-देव-मनुष्यजनमा देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकाशको प्रादुर्भाव हुन्छ । जति पनि नित्य खुल्लारहने, नढाकिएको, अन्धकारयुक्त, घोर अन्धकारमय लोकान्तरहरू छन् । जहाँ कि यस्तो अत्यन्त महा- ऋद्धिमान, अत्यन्त महानुभाव चन्द्र र सूर्यको प्रकाश पुग्दैन । त्यस स्थानमा पनि देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम, विशाल प्रकाश प्रादुर्भाव हुन्छ । जो प्राणीहरू त्यहाँ उत्पन्न भएका हुन्छन् तिनीहरूले पनि त्यस प्रकाशद्वारा– 'अहो ! यहाँ त अरू सत्वहरू पनि उत्पन्न भएका रहेछन्' भनी एकले अर्कोलाई देख्न सक्छन् । भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो तेस्रो आश्चर्य तथा अद्भूत धर्मको प्रादुर्भाव हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि अर्को तथागतले जब अनुत्तर धर्मचक्रको प्रवर्तन गर्छ तब समस्त देवलोक, समस्त मारलोक, समस्त ब्रह्मलोक, समस्त श्रमण-ब्राह्मण-देव-मनुष्यजनमा देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकाशको प्रादुर्भाव हुन्छ । जति पनि नित्य खुल्लारहने, नढाकिएको, अन्धकारयुक्त, घोर अन्धकारमय लोकान्तरहरू छन् । जहाँ कि यस्तो अत्यन्त महाऋद्धि-मान, अत्यन्त महानुभाव चन्द्र र सूर्यको प्रकाश पुग्दैन । त्यस स्थान पनि देवताहरूका देवानुभाव भन्दा पनि विशिष्ट, असीम र विशाल प्रकाश प्रादुर्भाव हुन्छ । जो प्राणीहरू त्यहाँ उत्पन्न भएका हुन्छन् तिनीहरूले पनि त्यस प्रकाशद्वारा– 'अहो ! यहाँ त अरू सत्वहरू पनि उत्पन्न भएका रहेछन्' भनी एकले अर्कोलाई देख्न सक्छन् । भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो चौठो आश्चर्य तथा अद्‌भूत धर्मको प्रादुर्भाव हुन्छ । भिक्षुहो ! तथागत अर्हत, सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यी चार प्रकारका आश्चर्य तथा अद्‌भूत धर्मको प्रादुर्भाव हुन्छ ।"

## ८. दुतियतथागतअच्छरियसुत्तं

१२८. "भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा चार प्रकारका आश्चर्य तथा अद्‌भूत धर्महरू प्रादुर्भाव हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यी प्रजाजनहरू आसक्तिमा रमण गर्ने, आसक्तिमा रतरहने अनि आसक्तिमा उत्तेजित हुन्छन् । यस्ता प्रजाजनले तथागतबाट आसक्तिरहितको धर्मदेशना हुँदा सुन्छ, ध्यान दिन्छ, अनि ज्ञान पाउनको निम्ति चित्त लगाउँछ । भिक्षुहो ! अर्हत, सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो पहिलो आश्चर्य तथा अद्‌भूत धर्मको प्रादुर्भाव हुन्छ ।

"भिक्षुहो ! यी प्रजाजनहरू अभिमानमा रमण गर्ने, अभिमानमा रतरहने अनि अभिमानमा उत्तेजित हुन्छन् । यस्ता प्रजाजनले तथागतबाट अभिमानरहितको धर्मदेशना हुँदा सुन्छ, ध्यान दिन्छ, अनि ज्ञान पाउनको निम्ति चित्त लगाउँछ । भिक्षुहो ! अर्हत, सम्यक-सम्बुद्धको प्रादुर्भाव हुँदा यो दोस्रो आश्चर्य तथा अद्‌भूत धर्मको प्रादुर्भाव हुन्छ ।

"भिक्षुहो ! यी प्रजाजनहरू अशान्तिमा रमण गर्ने, असान्तिमा रतरहने अनि अशान्तिमा उत्तेजित हुन्छन् । यस्ता प्रजाजनले तथागतबाट अशान्तिरहितको धर्मदेशना हुँदा सुन्छ, ध्यान दिन्छ, अनि ज्ञान पाउनको निम्ति चित्त लगाउँछ । भिक्षुहो ! अर्हत, सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो तेश्रो आश्चर्य तथा अद्‌भूत धर्मको प्रादुर्भाव हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी प्रजाजनहरू अविद्यामा ग्रसित, अण्डभूत (अण्डा-मा बन्द) भएका तथा चारैतिरबाट अविद्याले घेरिएिका हुन्छन् । तिनीहरूले तथागतबाट अविद्या हटाउने धर्मदेशना हुँदा सुन्छ, ध्यान दिन्छ, अनि ज्ञान पाउनको निम्ति चित्त लगाउँछ । भिक्षुहो ! अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव हुँदा यो चौथो आश्चर्य तथा अद्भूत धर्मको प्रादुर्भाव हुन्छ । भिक्षुहो ! तथागत अर्हत, सम्य-कसम्बुद्धको प्रादुर्भाव हुँदा यी नै चार प्रकारका आश्चर्य तथा अद्भूत धर्मको प्रादुर्भाव हुन्छ ।"

### ९. आनन्दअच्छरियसुत्तं

१२९. "भिक्षुहो ! आनन्दसँग चार प्रकारका आश्चर्य र अद्भूत धर्महरू (गुणाङ्ग) छन् । ती चार के के हुन् ? भिक्षुहो ! यदि भिक्षु परिषदले आनन्दलाई दर्शन गर्न आउँछन् भने उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला भिक्षु परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि भिक्षुणी परिषदले आनन्दलाई दर्शन गर्न आउँ- छन् भने उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला भिक्षुणी परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि उपासक परिषदले आनन्दलाई दर्शन गर्न आउँ-छन् भने उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला उपासक परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि उपासिका परिषदले आनन्दलाई दर्शन गर्न आउँछन् भने उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला उपासिका परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ । भिक्षुहो ! यी नै चार प्रकारका आश्चर्य र अद्भूत धर्महरू आनन्दमा छ ।"



Downloaded from http://dhamma.digital

## १०. चक्कवतिअच्छरियसुत्तं

१३०. "भिक्षुहो ! चक्रवर्ती राजासँग चार प्रकारका आश्चर्य र अद्भूत धर्महरू छन् । ती चार के के हुन् ? भिक्षुहो ! यदि क्षेत्री परिषदले चक्रवर्ती राजालाई दर्शन गर्न आउँछन् भने उनीहरूले चक्रवर्ती राजाको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला चक्रवर्ती राजाले बोल्दछ भने त्यो बोलाई मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला क्षेत्री परिषद भने अतृप्त हुन्छन् तर चक्रवर्ती राजा चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि ब्राह्मण परिषदले चक्रवर्ती राजाको दर्शन गर्न आउँछन् भने उनीहरूले चक्रवर्ती राजाका दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला चक्रवर्ती राजाले बोल्दछ भने त्यो बोलाई मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला ब्राह्मण परिषद भने अतृप्त हुन्छन् तर चक्रवर्ती राजा चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि गृहपति परिषदले चक्रवर्ती राजाको दर्शन गर्न आउँछन् भने उनीहरूले चक्रवर्ती राजाको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला चक्रवर्ती राजाले बोल्दछ भने त्यो बोलाई मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला गृहपति परिषद भने अतृप्त हुन्छन् तर चक्रवर्ती राजा चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि श्रमण परिषदले चक्रवर्ती राजाको दर्शन गर्न आउँछन् भने उनीहरूले चक्रवर्ती राजाका दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला चक्रवर्ती राजाले बोल्दछ भने त्यो बोलाई मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला श्रमण परिषद भने अतृप्त हुन्छन् तर चक्रवर्ती राजा चूप लागेर बस्छ । भिक्षुहो ! यी नै चार प्रकारका आश्चर्य र अद्भूत धर्महरू चक्रवर्ती राजामा छ ।

"भिक्षुहो ! यसरी नै "भिक्षुहो ! आनन्दसँग चार प्रकारका आश्चर्य र अद्भूत धर्महरू (गुणाङ्ग) छन् । ती चार के के हुन् ? भिक्षुहो ! यदि भिक्षु परिषदले आनन्दलाई दर्शन गर्न आउँछन् भने उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला भिक्षु परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ ।

"भिक्षुहो ! यदि भिक्षुणी परिषद... उपासक परिषद... भिक्षुहो ! भिक्षुहो ! यदि उपासिका परिषदले आनन्दलाई दर्शन गर्न आउँछन् भने



Downloaded from http://dhamma.digital

उनीहरूले आनन्दको दर्शन गर्न पाउँदा प्रसन्न हुन्छन् । यदि त्यो बेला आनन्दले धर्मका कुरा भन्छ भने त्यो उपदेश मात्रले पनि उनीहरू प्रसन्न हुन्छन् । भिक्षुहो ! त्यो बेला उपासिका परिषद भने अतृप्त हुन्छन् तर आनन्द चूप लागेर बस्छ । भिक्षुहो ! यी नै चार प्रकारका आश्चर्य र अद्‌भूत धर्महरू आनन्दमा छ ।"

Downloaded from http://dhamma.digital

## (१४) ४. पुग्गलवग्गो

### १. संयोजनसुत्तं

१३१. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ कोही व्यक्ति न त यस लोकसम्बन्धित संयोजन[१] छुटेको हुन्छ, न त उत्पत्ति हुने संयोजन छुटेको हुन्छ अनि न त उत्पत्ति हुने भव[२]को संयोजन छुटेको हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति निम्नस्तरको कामलोकसम्बन्धित संयोजन छुटेको हुन्छ, उत्पत्ति हुने संयोजन छुटेको हुँदैन अनि उत्पत्ति हुने भवको संयोजन पनि छुटेको हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुटेको हुन्छ, उत्पत्ति हुने संयोजन छुटेको हुन्छ अनि उत्पत्ति हुने भवको संयो-संयोजन छुटेको हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुटेको हुन्छ, उत्पत्ति हुने संयोजनबाट छुटेको हुन्छ अनि उत्पत्ति हुने भवको संयोजनबाट पनि छुटेको हुन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति न त निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुट्छ, न त उत्पत्ति हुने संयोजन छुट्छ अनि न त उत्पत्ति हुने भवको संयोजन छुट्छ ? सकृदागामीको । भिक्षुहो ! यी व्यक्ति नै न त निम्नस्तरको कामलोकसम्बन्धित संयोजन छुट्छ, न त उत्पत्ति हुने संयोजन छुट्छ अनि न त उत्पत्ति हुने भवको संयोजन छुट्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिबाट निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुट्छ, उत्पत्ति हुने संयोजनबाट छुटेको हुँदैन अनि उत्पत्ति हुने भवको संयोजनबाट पनि छुटेको हुँदैन ? उर्ध्वश्रोत हुने अकनिट्ठगामीको । भिक्षुहो ! यी व्यक्तिबाट नै निम्नस्तरको कामलोकसम्बन्धित संयोजन छुटेको हुन्छ तर उत्पत्ति हुने संयोजन अनि उत्पत्ति हुने भवको संयोजन छुटेको हुँदैन ।

---

[१] १) कामराग, २) प्रतिघ, ३) मान, ४) दृष्टि, ५) शंका, ६) शीलव्रतपरामस, ७) भवराग, ८) इर्ष्या, ९) कन्जुस, १०) अविद्या ।

[२] काम-भव, रूप-भव र अरूप-भव ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कस्ता व्यक्तिबाट निम्नस्तरको कामलोक सम्बम्बन्धित संयोजन छुट्छ, उत्पत्ति हुने संयोजनबाट छुट्छ, तर उत्पत्ति हुने भवको संयोजनबाट छुटेको हुँदैन ? (अनागामी) बीचमा नै परिनिर्वाण हुन्छ। भिक्षुहो ! यी व्यक्तिबाट नै निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुट्छ, उत्पत्ति हुने संयोजन छुट्छ तर उत्पत्ति हुने भवको संयोजन छुटेको हुँदैन।

"भिक्षुहो ! कस्ता व्यक्ति निम्नस्तरको कामलोक सम्बन्धित संयोजन छुट्छ, उत्पत्ति हुने संयोजन छुट्छ अनि उत्पत्ति हुने भवको संयोजन छुट्छ ? अर्हत हुनेको। भिक्षुहो ! यी व्यक्तिबाट नै निम्नस्तरको कामलोकसम्बन्धित संयोजन छुट्छ, उत्पत्ति हुने संयोजन छुट्छ, अनि उत्पत्ति हुने भवको संयोजन बाट छुट्छ। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## २. पटिभानसुत्तं

१३२. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्। कस्ता चार प्रकारका ? ठीक उत्तर दिने तर चाँडै उत्तर नदिने, चाँडै उत्तर दिने तर ठीक उत्तर नदिने, ठीक उत्तर दिने अनि चाँडै उत्तर दिने अर्को ठीक उत्तर नदिने अनि चाँडै उत्तर नदिने। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ३. उग्घटितञ्ञूसुत्तं

१३३. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्। कस्ता चार प्रकारका ? उपदेश दिएकोलाई बुझ्ने, विस्तृत व्याख्या गर्दा धर्म बुझ्ने। विस्तारै क्रमशः धर्म बुझ्ने अनि जन्मभर धर्मोपदेश सुन्दा पनि धर्म नबुझ्ने। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ४. उट्ठानफलसुत्तं

१३४. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्। कस्ता चार प्रकारका ? परिश्रमको भरमा निर्भर हुने तर कर्म फलमा निर्भर नहुने। कर्म फलमा निर्भर हुने तर परिश्रमको भरमा निर्भर नहुने। परिश्रमको भरमा पनि कर्म फलको भरमा पनि निर्भर हुने। परिश्रमको भरमा पनि कर्म फलको भरमा पनि निर्भर नहुने। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"



Downloaded from http://dhamma.digital

## ५. सावज्जसुत्तं

१३५. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? सदोषी, बहुदोषी, अल्पदोषी र निर्दोषी ।

"भिक्षुहो ! कस्तो व्यक्ति सदोषी हुन् ? यहाँ कोही व्यक्ति शारीरिक कर्ममा दोषयुक्त हुन्छ । वाचसिक कर्ममा दोषयुक्त हुन्छ अनि मानसिक कर्ममा पनि दोषयुक्त हुन्छ । भिक्षुहो ! यस्तो व्यक्ति नै सदोषी हुन् ।

"भिक्षुहो ! कस्तो व्यक्ति बहुदोषी हुन् ? यहाँ कोही व्यक्ति धेरै नै शारीरिक कर्ममा दोषयुक्त हुन्छ भने निर्दोष कमै हुन्छ । धेरै नै वाचसिक कर्ममा दोषयुक्त हुन्छ भने निर्दोष कमै हुन्छ अनि धेरै नै मानसिक कर्ममा पनि दोषयुक्त हुन्छ भने निर्दोष कमै हुन्छ । भिक्षुहो ! यस्तो व्यक्ति नै बहुदोषी हुन् ।

"भिक्षुहो ! कस्तो व्यक्ति अल्पदोषी हुन् ? यहाँ कोही व्यक्ति धेरै नै शारीरिक कर्ममा दोषयुक्त हुँदेन भने दोषकर्म कमै हुन्छ । धेरै नै वाचसिक कर्ममा दोषयुक्त हुँदैन भने दोषकर्म कमै हुन्छ अनि धेरै नै मानसिक कर्ममा पनि दोषयुक्त हुँदैन भने दोष कमै हुन्छ । भिक्षुहो ! यस्तो व्यक्ति नै अल्पदोषी हुन् ।

"भिक्षुहो ! कस्तो व्यक्ति निर्दोषी हुन् ? यहाँ कोही व्यक्ति भई शारीरिक कर्ममा निर्दोषी हुन्छ । भई वाचसिक कर्ममा निर्दोषी हुन्छ अनि भई मानसिक कर्ममा पनि निर्दोषी हुन्छ । भिक्षुहो ! यस्तो व्यक्ति नै निर्दोषी हुन् । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ६. पठमसीलसुत्तं

१३६. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले शील परिपूर्णरूपले पालन गर्दैन, परिपूर्णरूपले समाधि गर्दैन अनि प्रज्ञामा पनि परिपूर्ण हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले शील परिपूर्णरूपले पालन गर्छ, परिपूर्णरूपले समाधिमा बस्दैन अनि प्रज्ञामा पनि परिपूर्ण हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले परिपूर्णरूपले शील पालन गर्छ, परिपूर्णरूपले समाधिमा बस्छ अनि प्रज्ञा पनि परिपूर्ण हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले परिपूर्णरूपले शील पालन गर्छ, परिपूर्ण-



Downloaded from http://dhamma.digital

रूपले समाधिमा बस्छ अनि प्रज्ञामा पनि परिपूर्ण हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ७. दुतियसीलसुत्तं

१३७. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले शीलप्रति महत्व नदिँदा शिलमा आधिपत्य हुँदैन । समाधिप्रति महत्व नदिँदा समाधिमा आधिपत्य हुँदैन । प्रज्ञाप्रति गौरव नगर्दा प्रज्ञामा आधिपत्य हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले शीलप्रति महत्व दिँदा शिलमा आधिपत्य हुन्छ । समाधिप्रति महत्व नदिँदा समाधिमा आधिपत्य हुँ-दैन ।प्रज्ञाप्रति गौरव नगर्दा प्रज्ञामा आधिपत्य हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले शीलपप्रति महत्व दिँदा शिलमा आधिपत्य हुन्छ । समाधिप्रति महत्व दिँदा समाधिमा आधिपत्य हुन्छ । प्रज्ञाप्रति गौरव नगर्दा प्रज्ञामा आधिपत्य हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्तिले शीलप्रति महत्व दिँदा शिलमा आधिपत्य हुन्छ । समाधिप्रति महत्व दिँदा समाधिमा आधिपत्य हुन्छ । प्रज्ञाप्रति गौरव गर्दा प्रज्ञामा आधिपत्य हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ८. निकट्ठसुत्तं

१३८. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? शरीर जङ्गलमा (निकृष्ठ शरीर), चित्त भने बाहिरी विषयमा लाग्ने (अनिकृष्ठ चित्त) । शरीर जङ्गलमा होइन (अनिकृष्ठ शरीर), चित्त बाहिरी विषयमा पनि नलाग्ने (निकृष्ठ चित्त) । शरीर जङ्गलमा होइन (अनिकृष्ठशरीर), चित्त बाहिरी विषयमा लाग्ने (अनिकृष्ठ चित्त) । शरीर पनि जङ्गलमा (निकृष्ठ शरीर) अनि चित्त पनि बाहिरी विषयमा नलाग्ने (निकृष्ठ चित्त) ।

"भिक्षुहो ! कस्ता व्यक्तिको शरीर जङ्गलमा, चित्त बाहिरी विषयमा भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति जङ्गल वा वनमा शयनासनको सेवन गर्छ तर उसले त्यहाँ कामभोगसम्बन्धी वितर्कना गर्छ, द्वेष सम्बन्धी वितर्कना गर्छ अनि विहिंसासम्बन्धी वितर्कना गर्छ । भिक्षुहो !यस्ता व्यक्तिकै शरीर जङ्गलमा, चित्त बाहिरी विषयमा छ भनिन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कस्ता व्यक्तिको शरीर जङ्गलमा होइन, चित्त बाहिरी विषयमा छैन भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति जङ्गल वा वनमा शयनासनको सेवन गर्दैन अनि नैष्कम्य (विषयभोगबाट टाढारहने) सम्बन्धमा वितर्कना गर्छ, अद्वेष (द्वेष विहिन) सम्बन्धमा वितर्कना गर्छ अनि अविहिंसा ( हिंसाविहिन) सम्बन्धमा वितर्कना गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिकै शरीर जङ्गलमा होइन, चित्त पनि बाहिरी विषयमा छैन भनिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिको शरीर जङ्गलमा होइन, चित्त पनि बाहिरी विषयमा छैन भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति जङ्गलमा शयनासनको सेवन गर्दैन अनि कामभोगसम्बन्धी वितर्कना गर्छ, द्वेष सम्बन्धी वितर्कना गर्छ अनि विहिंसासम्बन्धी वितर्कना गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिकै शरीर जङ्गलमा होइन, चित्त बाहिरी विषयमा छ भनिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिको शरीर पनि जङ्गलमा अनि चित्त पनि बाहिरी विषयरहित भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति जङ्गल वा वनमा शयनासनको सेवन गर्छ भने नैष्कम्यसम्बन्धमा वितर्कना गर्छ, अद्वेषसम्बन्धमा वितर्कना गर्छ अनि अविहिंसासम्बन्धमा वितर्कना गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिकै शरीर पनि जङ्गलमा अनि चित्त पनि बाहिरी विषयरहित भनिन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ९. धम्मकथिकसुत्तं

१३९. "भिक्षुहो ! चार प्रकारका धर्मकथिक छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ एक प्रकारका धर्मकथिकले अर्थ हीन उपदेश दिने कम गर्छ अनि परिषद भने सार्थक-निरर्थकको भेद बुझ्नसक्ने क्षमता हुँदैन । भिक्षुहो ! यस्तो धर्मकथिक र त्यस्तो परिषदलाई धर्मकथिकको संख्यामा नै गनिन्छ ।

"भिक्षुहो ! यहाँ एक प्रकारका धर्मकथिकले अर्थयुक्त उपदेश कम दिने गर्छ अनि परिषद भने सार्थक-निरर्थकको भेद बुझ्नसक्ने क्षमताका हुन्छन् । भिक्षुहो ! यस्तो धर्मकथिक र त यस्तो परिषदलाई धर्मकथिकको संख्यामा नै गनिन्छ ।

"भिक्षुहो ! यहाँ एक प्रकारका धर्मकथिकले अर्थ हीन उपदेश धेरै नै दिन्छ अनि परिषद भने सार्थक-निरर्थकको भेद बुझ्नसक्ने क्षमताका हुँदैनन् । भिक्षुहो ! यस्तो धर्मकथिक र त्यस्तो परिषदलाईधर्मकथिकको संख्यामा नै गनिन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ एक प्रकारका धर्मकथिकले धेरै नै अर्थयुक्त उपदेश दिन्छ अनि परिषद भने सार्थक-निरर्थकको भेद बुझ्नसक्ने क्षमताका हुन्छन् । भिक्षुहो ! यस्तो धर्मकथिक र त्यस्तो परिषदलाई धर्मकथिकको संख्यामा नै गनिन्छ । भिक्षुहो ! यी नै चार प्रकारका धर्मकथिक छन् ।"

## १० .वादीसुत्तं

१४०. भिक्षुहो ! चार प्रकारका वादी छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! अर्थमा समाधान गर्नसक्ने तर शब्दमा गर्न नसक्ने वादी छन् । भिक्षुहो ! शब्दमा समाधान गर्नसक्ने तर अर्थमा गर्नसक्ने वादी छन् । भिक्षुहो ! अर्थमा पनि शब्दमा पनि समाधान गर्नसक्ने वादी छन् अनि अर्थमा पनि शब्दमा पनि समाधान गर्न नसक्ने वादी छन् । भिक्षुहो ! जो चार प्रतिसम्भिदायुक्त हो, उसले अर्थ र व्यञ्जनमा समाधान गर्न सम्भव वा अवस्था छैन ।"



Downloaded from http://dhamma.digital

## (१५) ५. आभावग्गो

### १. आभासुत्तं

१४१. "भिक्षुहो ! चार प्रकारका आभा (ज्योति) छन् । कस्ता चार प्रकारका ? चन्द्रको आभा, सूर्यको आभा, अग्निको आभा अनि प्रज्ञाको आभा । भिक्षुहो ! यी चार प्रकारका आभा हुन् । भिक्षुहो ! यी चार प्रकारका आभा मध्ये जुन कि यो प्रज्ञाको आभा नै श्रेष्ठ छ ।"

### २. पभासुत्तं

१४२. "भिक्षुहो ! चार प्रकारका प्रभा छन् । कस्ता चार प्रकारका ? चन्द्रको प्रभा, सूर्यको प्रभा, अग्निको प्रभा अनि प्रज्ञाको प्रभा । भिक्षुहो ! यी चार प्रकारका प्रभा हुन् । भिक्षुहो ! यी चार प्रकारका प्रभा मध्ये जुन कि यो प्रज्ञाको प्रभा नै श्रेष्ठ छ ।"

### ३. आलोकसुत्तं

१४३. "भिक्षुहो ! चार प्रकारका आलोक छन् । कस्ता चार प्रकारका ? चन्द्रको आलोक, सूर्यको आलोक, अग्निको आलोक अनि प्रज्ञाको आलोक । भिक्षुहो ! यी चार प्रकारका आलोक हुन् । भिक्षुहो ! यी चार प्रकारका आलोक मध्ये जुन कि यो प्रज्ञाको आलोक नै श्रेष्ठ छ ।"

### ४.ओभाससुत्तं

१४४. "भिक्षुहो ! चार प्रकारका प्रकाश छन् । कस्ता चार प्रकारका ? चन्द्रको प्रकाश, सूर्यको प्रकाश, अग्निको प्रकाश अनि प्रज्ञाको प्रकाश । भिक्षुहो ! यी चार प्रकारका प्रकाश हुन् । भिक्षुहो ! यी चार प्रकारका प्रकाश मध्ये जुन कि यो प्रज्ञाको प्रकाश नै श्रेष्ठ छ "

### ५. पज्जोतसुत्तं

१४५. "भिक्षुहो ! चार प्रकारका ज्योति छन् । कस्ता चार प्रकारका ? चन्द्रको ज्योति , सूर्यको ज्योति , अग्निको ज्योति अनि प्रज्ञाको ज्योति । भिक्षुहो ! यी चार प्रकारका ज्योति हुन् । भिक्षुहो ! यी चार प्रकारका ज्योति मध्ये जुन कि यो प्रज्ञाको ज्योति नै श्रेष्ठ छ ।"

Downloaded from http://dhamma.digital

## ६. पठमकालसुत्तं

१४६. "भिक्षुहो ! चार प्रकारका समय छन् । चार प्रकारका समय के के हुन् ? समयमै धर्म श्रवण गर्ने, समयमै धर्मचर्चा गर्ने, समयमै समथभावना र समयमै विदर्शन-भावनामा बस्ने । भिक्षुहो ! यी नै चार प्रकारका समय हुन् ।"

## ७. दुतियकालसुत्तं

१४७."भिक्षुहो ! चारलाई समयमै सम्यकरूपले अभ्यास गरेमा वा पुन: पुन: अभ्यास गर्दा क्रमश: आश्रव क्षय हुन्छ । के के चार ? समयमै धर्म श्रवण गर्ने, समयमै धर्म चर्चा गर्ने, समयमै समथ-भावनामा र समयमै विदर्शन-भावनामा बस्ने । भिक्षुहो ! यी चार समयमै सम्यकरूपले अभ्यास गर्दा वा पुन: पुन: अभ्यास गर्दा क्रमश: आश्रव क्षय हुन्छ ।

"भिक्षुहो ! जस्तै कि पहाड माथि जोरसँग पानी पर्दा त्यो पानी तलतिर बग्दै पहाडको कन्दरा, दरार आदि भरिपूर्ण गरीदिन्छ । पर्वत, कन्दरा र दरार भरिएपछि ससाना ताल भरिपूर्ण गरिदिन्छ । ससाना ताल भरिपूर्ण गरेपछि ठूलठूलो तलाउ भरिपूर्ण गरी दिन्छ । ठूलठूलो तलाउ भरिपूर्ण गरेपछि ससाना नदी भरिपूर्ण गरी दिन्छ । ससाना नदी भरिपूर्ण गरेपछि ठूल्ठुला नदी भरिपूर्ण गरीदिन्छ । ठूल्ठुला नदी भरिएपछि समुद्र भरिपूर्ण गरीदिन्छ । भिक्षुहो ! यी चारलाई समयमै सम्यकरूपले अभ्यास गर्दा वा पुन: पुन: अभ्यास गर्दा क्रमश: आश्रव क्षय हुन्छ ।"

## ८. दुच्चरितसुत्तं

१४८. "भिक्षुहो ! वचनद्वारा हुने दुराचार चार प्रकारका छन् । ती चार के के हुन् ? झूटो वचन, चुक्ली वचन, कडा वचन र बकम्फुस वचन । भिक्षुहो ! वचनद्वारा हुने यी नै चार दुराचार हुन् ।"

## ९. सुचरितसुत्तं

१४९. "भिक्षुहो ! वचनद्वारा हुने सुआचरण चार प्रकारका छन् । ती चार के के हुन् ? झूटो नबोल्ने, चुक्ली नलगाउने, कडा वचन नलगाउने र व्यर्थ बोलि नबोल्ने । भिक्षुहो ! वचनद्वारा हुने यी नै चार सुआचरण हुन् ।"

## १०. सारसुत्तं

१५०. "भिक्षुहो ! चार सार पदार्थ छन् । ती चार के के हुन् ? शील-सार, समाधिसार, प्रज्ञासार र विमुक्ति-सार । भिक्षुहो ! यी चार नै सार हुन् ।"



Downloaded from http://dhamma.digital

# ४. चतुत्थपण्णासकं

## (१६) १. इन्द्रियवग्गो

### १. इन्द्रियसुत्तं

१५१. "भिक्षुहो ! चार प्रकारका इन्द्रिय छन् । ती चार के के हुन् ? श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय र समाधि-इन्द्रिय । भिक्षुहो ! यी नै चार इन्द्रिय हुन् ।"

### २. सद्धाबलसुत्तं

१५२. "भिक्षुहो ! चार प्रकारका बल छन् । ती चार के के हुन् ? श्रद्धा-बल, वीर्य-बल, स्मृति-बल र समाधि- बल । भिक्षुहो ! यी नै चार बल हुन् ।"

### ३. पञ्ञाबल

१५३. "भिक्षुहो ! चार प्रकारका बल छन् । ती चार के के हुन् ? प्रज्ञा-बल, वीर्य-बल, निर्दोष-बल र संग्रह-बल । भिक्षुहो ! यी नै चार बल हुन् ।"

### ४. सतिबल

१५४. "भिक्षुहो ! चार प्रकारका बल छन् । ती चार के के हुन् ? स्मृति-बल, समाधि-बल, निर्दोष-बल र संग्रह-बल । भिक्षुहो ! यी नै चार बल हुन् ।"

### ५. पटिसङ्खानबलसुत्तं

१५५. "भिक्षुहो ! चार प्रकारका बल छन् । ती चार के के हुन् ?विचार-बल, भावना-बल, निर्दोष-बल अनि संग्रह-बल । भिक्षुहो ! यी नै चार बल हुन् ।"

### ६. कप्पसुत्तं

१५६. "भिक्षुहो ! चार प्रकारका कल्प असंख्य हुन्छन् । ती चार के के हुन् ? भिक्षुहो ! जब कल्प विकसित हुन्छ त्यसको संख्या भन्न सक्दैन कि गति वर्ष सम्ममा विकसित हुन्छ-- सय वर्ष सम्ममा विकसित हुन्छ, हजार वर्ष सम्ममा विकसित हुन्छ वा एकलाख वर्षसम्ममा विकसित हुन्छ ।

"भिक्षुहो ! जब कल्प विकसित भई स्थित हुन्छ तब त्यसको संख्या



Downloaded from http://dhamma.digital

भन्न सक्दैन कि यति वर्ष सम्ममा विकसित हुन्छ–सय वर्ष सम्ममा विकसित हुन्छ, हजार वर्ष सम्ममा विकसित हुन्छ वा एकलाख वर्षसम्म ।

"भिक्षुहो ! जब कल्प विनास हुन्छ तब त्यसको संख्या भन्न सक्दैन कि यति वर्ष सम्ममा विनाश हुन्छ– सय वर्षमा विनाश हुन्छ, हजार वर्षमा विनाश हुन्छ वा एकलाख वर्षमा ।

"भिक्षुहो ! जब कल्प विनास भई स्थित हुन्छ तब त्यसको संख्या भन्न सक्दैन कि यति वर्ष सम्ममा विनाश भई स्थित हुन्छ–सय वर्षमा विनाश भई स्थित हुन्छ, हजार वर्षमा विनाश भई स्थित हुन्छ वा एकलाख वर्षमा विनाश भई स्थित हुन्छ । भिक्षुहो ! कल्पको यो चार असंख्य हुन् ।"

### ७. रोगसुत्तं

१५७. "भिक्षुहो ! रोग दुई प्रकारका छन् । शारीरिक रोग र मानसिक रोग । भिक्षुहो ! यस्ता व्यक्तिहरू देख्न वा सुन्न पाउँछन् कि म एक वर्षसम्म शारीरिक रोगबाट मुक्त तथा निरोगी थिएँ । दुई वर्षसम्म निरोगी थिएँ । तीन वर्षसम्म निरोगी थिएँ । चार वर्षसम्म निरोगी थिएँ । पाँच वर्षसम्म निरोगी थिएँ । दश वर्षसम्म निरोगी थिएँ । बीस वर्षसम्म निरोगी थिएँ । तीस वर्षसम्म निरोगी थिएँ । चालीस वर्षसम्म निरोगी थिएँ । पचास वर्षसम्म निरोगी थिएँ । सय वर्षसम्म निरोगी थिएँ वा त्यो भन्दा पनि बढी निरोगि रहें । तर भिक्षुहो ! क्षीणश्रवको अतिरिक्त अरूले म मानसिक रोगबाट क्षणभरको लागि निरोगी रहें भनी भन्ने व्यक्ति दुर्लभ छ ।

"भिक्षुहो ! चार प्रकारका रोग छन् । कस्तो चार ? भिक्षुहो ! यहाँ कोही भिक्षु यस्तो-उस्तो जस्तोसुकै चीवर, पिण्डपात (भोजन), शयनासन अनि रोगीको औषधी आदि आवश्यकता बारेमा असन्तोषी, दुःखि अनि महत्वाकाँक्षी हुन्छ । ऊ महत्वाकांक्षी हुनाले दुःखी वा असन्तुष्ट हुनाले जस्तोसुकै चीवर, पिण्डपात, शयनासन अनि रोगीको औषधी आदि आवश्यकता बारेमा आफ्नो इच्छा पूर्तिका लागि पापपूर्ण भई लाभ-सत्कार र प्रशंसा प्राप्त गर्न प्रयास गर्छ । लाभ-सत्कार र प्रशंसा प्राप्त गर्न उत्साहित हुन्छ, कोसिस गर्छ वा प्रयत्न गर्छ । ऊ त्यही विचार लिएर घरमा जान्छ, बस्छ, धर्मोपदेश दिन्छ । त्यस्तो विचारको हुँदा मल-मूत्र पनि रोकेको हुन्छ ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– 'जस्तोसुकै चीवर, पिण्डपात, शयनासन र औषधी आदि आवश्यकता हुँदा असन्तोषी, दुःखी र महत्वाकांक्षी हुँदिन । लाभ-सत्कार र प्रशंसा पाउनको निम्ति तथा इच्छा



Downloaded from http://dhamma.digital

पूर्ति गर्न पापेच्छुक भई प्रयास गर्दिन । इच्छा-पूर्तिको लागि लाभ-सत्कार र प्रशंसा पाउनको निम्ति उत्साही हुँदिन, कोसिस गर्दिन र प्रयत्न गर्दिन । मैले जाडो-गर्मी, भोक-प्यास, डंसन, मच्छर, हावा-धूप, घर्षण, प्राणीको स्पर्श, कडा शब्द र दुर्वचन सहन्छु । उत्पन्न हुने प्राण नै हर्नेसमान शारीरिक वेदना, दुःख, तीव्रपन, खर्रो, कटुता, अनुकूल नभएको अनि अप्रियलाई पनि सहन्छु । भिक्षुहो ! तिमीहरूले यसरी नै शिक्षा लिनुपर्छ ।"

## ८. परिहानीसुत्तं

१५८. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "आवुसो भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान सा-रिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो– आवुसोहो ! जो कोही भिक्षु वा भिक्षुणीसँग यी चार धर्म (विषय) देखेमा यो निश्चित गर्नुपर्छ कि कुशल धर्ममा मेरो परिहानि हुनेभयो । भगवानले यसबाट परिहानि नै हुन्छ भनी भन्नु भएको छ । कुन चार ? अधिक राग, अधिक द्वेष, अधिक मोह र गम्भीर विषयमा प्रज्ञारूपी चक्षुले उचित-अनुचित नछुट्याउने । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीसँग यी चार धर्म देखिएमा उसले यो निश्चित नै गर्नुपपर्छ कि कुशल धर्मबाट मेरो परिहानि हुनेछ । भगवानले यसबाट परिहानि नै हुन्छ भनी भन्नु भएको छ ।

"भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीसँग यी चार धर्म देखेमा यो निश्चित गर्नुपर्छ कि कुशल धर्ममा मेरो परिहानि हुनेछैन । भगवानले यसबाट परिहानि नहुने भनी भन्नु भएको छ । कुन चार ? राग कमहुँदै जानु, द्वेष कमहुँदै जानु, मोहकम हुँदै जानु अनि गम्भीर विषयमा प्रज्ञारूपी चक्षुले उचित-अनुचित छुट्याउन सक्नु । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीसँग यी चार धर्म देखेमा उसले यो निश्चित नै गर्नुपर्छ कि कुशल धर्मबाट मेरो परिहानि हुनेछैन । भगवानले यसबाट परिहानि हुँदैन भनी भन्नु भएको छ ।"

## ९. भिक्खुनीसुत्तं

१५९. यस्तो मैले सुनें– एक समय आनन्द कोसम्बीस्थित घोषितारामा बस्नुहुन्थ्यो । त्यस बेला कोही एक भिक्षुणीले एक जना पुरुषलाई बोलायो– ए पुरुष ! जहाँ आनन्द हुनुहुन्छ त्यहाँ जाऊ । त्यहाँ गएर आर्य आनन्दको पाउमा शीरले वन्दना गरी यसो भन–'भन्ते ! फलानी नाउँकी भिक्षुणी बिरामी, दुःखित तथा अस्वस्थ छिन् । उसले आर्यको पाउमा शिरले वन्दना गर्छिन् ।' अनि यसरी भन– 'राम्रो हुन्थ्यो होला भन्ते ! भिक्षुणीहरूको



Downloaded from http://dhamma.digital

जहाँ निवास्थान हो जहाँ कि ती भिक्षुणी छन् त्यहाँ अनुकम्पा राखी पाल्नुहोस् ।' 'हवस् आर्या !' भनी त्यो व्यक्तिले ती भिक्षुणीलाई भनी जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गइकन आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि त्यो व्यक्तिले आयुष्मान आनन्द-लाई यसो भने–'भन्ते ! फलानो नाउँकी भिक्षुणी बिरामी, दुःखित तथा अस्वस्थ छिन् ।' उसले आर्यको पाउमा शिरले वन्दना गर्छिन् र मलाई यसरी भनेर पठायो 'राम्रो हुन्थ्यो होला भन्ते ! भिक्षुणीहरूको जहाँ निवास्थान हो जहाँ कि ती भिक्षुणी छन् त्यहाँ अनुकम्पा राखी पाल्नुहुन ।' आयुष्मान आनन्दले मौन भई स्वीकारे ।

अनि आयुष्मानले चीवर पहिरी, पात्र चीवर ग्रहण गरी जहाँ भिक्षुणीहरूको निवास्थान हो त्यहाँ जानुभयो । ती भिक्षुणीले आयुष्मान आनन्द आउनु भएको टाढैबाट देखिन् । देखेर सशिर पारूपन (शिरदेखि सम्पूर्ण शरीर ढाक्ने गरी वस्त्र लगाई) खाटमा बसिन् । अनि आयुष्मान आनन्द जहाँ ती भिक्षुणी थिइन् त्यहाँ पुग्नभयो । पुग्नु भएपछि बिच्छ्याएको आसनमा बस्नु-भयो । बस्नु भएपछि आयुष्मान आनन्दले तीं भिक्षुणीलाई यसो भन्नुभयो– बहिनी ! आहारद्वारा यो शरीर उत्पन्न भएको हो । आहारकै आश्रयमा छ । आहारलाई परित्याग गर्नुपर्छ । बहिनी ! तृष्णाद्वारा यो शरीर उत्पन्न भएको हो । तृष्णाकै आश्रयमा छ । तृष्णा परित्याग गर्नुपर्छ । बहिनी ! मानद्वारा नै यो शरी उत्पन्न भएको हो । बहिनी ! मानकै (अभिमान) आश्रयमा छ । मानलाई परित्याग गर्नुपर्छ । मैथुनद्वारा यो शरीर उत्पन्न भएको हो । मैथुनकर्मले सेतु (पुल) लाई भत्काउँछ भनी भगवानले भन्नु भएको छ ।

"बहिनी ! आहारद्वारा यो शरीर उत्पन्न भएको हो । आहारकै आश्रयमा छ । आहारलाई परित्याग गर्नुपर्छ । बहिनी ! राम्रोसँग ठीक विचार गरी आहार ग्रहण गर्नुपर्छ– 'विनोदको निम्ति होइन, अभिमानको निम्ति होइन, सुगठित पार्न होइन, विभूषित पार्न होइन, जबसम्म यो शरीर रहिरहन्छ तबसम्म शरीर रक्षा गर्न, जीवन यापन गर्न, पीडाबाट मुक्त हुन र ब्रह्मचर्यप्रति अनुग्रहको निम्ति हो । मैले पुरानो वेदना हटाउन, नयाँ वेदना उत्पन्न हुन नदिन, मेरो (जीवन) यात्रा निर्दोषपूर्वक सुखकासाथ व्यतीत गर्नलाई हो । उसले कुनै एकदिन आहारमा अश्रित आहारलाई परित्याग गर्छ । बहिनी ! आहारद्वारा यो शरीर उत्पन्न भएको हो । आहारकै आश्रयमा छ । आहारलाई परित्याग गर्नुपर्छ भनी मैले जुन भने यही कारण लिईभनेको हुँ ।

"बहिनी ! तृष्णाद्वारा यो शरीर उत्पन्न भएको हो । तृष्णाकै आश्रयमा छ । तृष्णा परित्याग गर्नुपर्छ भनी किन मैले यसरी भनें ? बहिनी ! यहाँ



Downloaded from http://dhamma.digital

भिक्षुले सुनेको हुन्छ– 'फलानो गाउँको भिक्षुले आश्रव क्षय गरी, अनाश्रवी भई चित्त-विमुक्ति* र प्रज्ञा-विमुक्ति♠लाई यसै जीवनमा स्वयम्ले राम्रोसँग जानेर, साक्षात्कार गरेर अनि लाभ गरेर बसेको छ । उसलाई यस्तो हुन्छ– त्यो फलानो नाउँका आयुष्मानले आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले राम्रोसँग जानेर, साक्षात्कार गरेर अनि लाभ गरेर बसेको छ भने मैले मात्र त्यसो किन नगरुँ ! उसले कुनै एकदिन तृष्णामा आश्रित तृष्णा परित्याग गर्छ । बहिनी ! तृष्णाद्वारा यो शरीर उत्पन्न भएको हो । तृष्णाकै आश्रयमा छ । तृष्णा परित्याग गर्नुपर्छ भनी जुन मैले भनें त्यो यही कारण लिई भनेको हुँ ।

"बहिनी ! अभिमानद्वारा यो शरीर उत्पन्न भएको हो । अभिमानकै आश्रयमा छ । अभिमान परित्याग गर्नुपर्छ भनी किन मैले यसरी भनें ? बहिनी ! यहाँ भिक्षुले सुनेको हुन्छ– 'फलानो गाउँको भिक्षुले आश्रव क्षय गरी, अनाश्रवी भई चित्त विमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले राम्रोसँग जानी, साक्षात्कार गरी अनि लाभ गरी बसेको छ । उसलाई यस्तो हुन्छ– त्यो फलानो नाउँका आयुष्मानले आश्रव क्षय गरी, अनाश्रवी भई चित्त विमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले राम्रोसँग जानी, साक्षात्कार गरी अनि लाभ गरी बसेको छ भने मैले मात्र त्यसो किन नगरुँ ! उसले कुनै एकदिन अभिमानमा आश्रित अभिमान परित्याग गर्छ । बहिनी ! अभिमानद्वारा यो शरीर उत्पन्न भएको हो । अभिमानकै आश्रयमा छ । अभिमान परित्याग गर्नुपर्छ भनी जुन मैले भनें त्यो यही कारण लिई भनेको हुँ ।

"बहिनी ! मैथुनद्वारा यो शरीर उत्पन्न भएको हो । मैथुनले नै सेतु भत्काउँछ भनी भगवानले भन्नु भएको छ ।"

त्यस बेला भिक्षुणी खाटबाट उठेर उत्तराङ्गलाई (दोब्बर भएको वस्त्र वा च्यादर) एक काँधमा राखेर आयुष्मान आनन्दको पाउमा शीरले ढोग गर्दै आयुष्मान आनन्दलाई यसरी भनिन्– "भन्ते ! मैले अपराध गरें, अपराधि भएँ । मूर्ख र अनभिज्ञले जसरी अकुशल (पाप) कर्म गर्छ त्यसरी नै मैले गरें । त्यसैले भन्ते आर्य आनन्द ! मेरो अपराधलाई अपराध हो भनी स्वीकार्नुस् । भविष्यमा संयमित हुनेछु । "बहिनी ! तिमीले अपराध गरें, अपराधि भएँ अनि मूर्खले जसरी अकुशल कर्म गर्छ त्यसरी नै मैले गरें भनी तिमीले जुन भन्यौ बहिनी ! जुन यो अपराधलाई अपराध भनी देखेर यथाधर्मानुसार स्वीकारे तिम्रो

---

* सम्पूर्ण क्लेशबाट चित्त विमुक्त ।

♠ अविद्याबाट विमुक्त । (बु. प.३२८)



Downloaded from http://dhamma.digital

त्यो अपरध मैले स्वीकारें। बहिनी ! आर्य विनयमा जसले अपराधलाई अपराध भनी देखेर यथाधर्मानुसार स्वीकार्छ अनि भविष्यमा संयमित भए यो उन्नति हुने लक्षण हो।"

## १०. सुगतविनयसुत्तं

१६०. "भिक्षुहो ! लोकमा 'सुगत' रहेमा वा सुगत-विनय रहेमा बहुजन हित हुने, बहुजन सुख हुने, लोकका निम्ति अनुकम्पा गर्न तथा देव-मनुष्यका कल्याणको निम्ति, हित र सुखको निम्ति हुन्छ। भिक्षुहो ! सुगत भनेको के हो ? भिक्षुहो ! यहाँ तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता, बुद्ध, भगवान लोकमा उत्पन्न हुन्छ। भिक्षुहो ! सुगत भनेको यही हो।

"भिक्षुहो ! सुगत विनय भनेको के हो ? उसले आदि कल्याण, मध्य कल्याण, अन्त कल्याण, साथर्क, व्यञ्जनयुक्त अत्यन्तै परिपूर्ण, परिशुद्ध ब्रह्म-चर्यको प्रकाश गर्छ। भिक्षुहो ! सुगत विनय भनेको यही हो। भिक्षुहो ! सुगत वा सुगत-विनय लोकमा हुँदा बहुजन हित हुने, बहुजन सुख हुने, लोकका निम्ति अनुकम्पा तथा देव-मनुष्यका कल्याणको निम्ति, हित र सुखको निम्ति हुन्छ।

"भिक्षुहो ! चार कारणले गर्दा सद्धर्मको लोप वा अन्तर्धान हुन्छ। ती चार के के हुन् ? यहाँ भिक्षुलै दुगृहित, पद-व्यञ्जनले अनुपयुक्त सूत्र पढ्ने गर्छ। भिक्षुहो ! पदव्यञ्जनले अनुपयुक्त हुँदा अर्थ पनि राम्रो हुँदैन। भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान हुनु यो पहिलो कारण हो।

"भिक्षुहो ! अनि फेरि अर्को– भिक्षुहरू दुर्वचका हुन्छन्। दुर्वच स्वभाव, स्वभाव, असक्षम, र अनुशासनलाई ठीकसँग ग्रहण गर्दैन। भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान हुनु यो दोस्रो कारण हो।

"भिक्षुहो ! अनि फेरि अर्को– जो भिक्षुहरू बहुश्रुत हुन्छन्, अध्ययन गरी धर्मधर र विनयधर हुन्छन्। तर उनीहरूले अरूलाई राम्रोसँग सिकाउँ-दैन। तिनीहरू मरेपछि सूत्रको मूलोच्छेद वा अशरण हुन्छ। भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान हुनु यो तेस्रो कारण हो।

"भिक्षुहो ! अनि फेरि अर्को– थेर (स्थविर) भिक्षुहरू काम-काजमा धेरै व्यस्तरहने, शिथिल, पतनमा पूर्वगामि, एकान्त सेवनबाट टाढा, प्राप्त नभएको प्राप्त गर्न, आफूमा नभएको आफ्नो बनाउन, साक्षात्कार नगरेको-लाई साक्षात्कार गर्न प्रयत्न गर्दैनन्। उनीहरूका पछि आउनेले पनि त्यस्तै



Downloaded from http://dhamma.digital

गर्छ । तिनीहरू पनि काम-काजमा धेरै व्यस्तरहने, शिथिल, पतनमा पूर्वगामि, एकान्त सेवनबाट टाढा, प्राप्त नभएको प्राप्त गर्न, आफूमा नभएको आफ्नो बनाउन, साक्षा-त्कार नगरेकोलाई साक्षात्कार गर्न प्रयत्न नगर्ने हुन्छन् । भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान हुनु यो चौठो कारण हो । भिक्षुहो ! यी नै चार कारणले सद्धर्मको लोप वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! चार कारणले गर्दा सद्धर्मको लोप वा अन्तर्धान हुँदैन । ती चार के के हुन् ? यहाँ भिक्षुलै सुगृहित, पद-व्यञ्जनले उपयुक्त सूत्र पढ्ने गर्छ । भिक्षुहो ! पदव्यञ्जनले उपयुक्त हुँदा अर्थ पनि राम्रो हुन्छ । भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान नहुने यो पहिलो कारण हो ।

"भिक्षुहो ! अनि फेरि अर्को– भिक्षुहरू सुवाची हुन्छन् । सुवाची स्वभाव युक्त, सक्षम र अनुशासनलाई ठीकसँग ग्रहण गर्ने हुन्छन् । भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान नहुने यो दोस्रो कारण हो ।

"भिक्षुहो ! अनि फेरि अर्को– जो भिक्षुहरू बहुश्रुत हुन्छन्, अध्ययन गरी धर्मधर हुन्छन् र विनयधर हुन्छन् । उनीहरूले अरूलाई राम्रोसँग सिकाउँछ । उनीहरूको मृत्यु हुँदा सूत्रको मूलोच्छेद हुँदैन वा अशरण हुँदैन । भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान नहुने यो तेस्रो कारण हो ।

"भिक्षुहो ! अनि फेरि अर्को– थेर भिक्षुहरू काम-काजमा धेरै व्यस्तरहँदैन, शिथिल हुँदैन, पतनतिर पूर्वगामि हुँदैन, एकान्तवासबाट टाढा हुँदैन, प्राप्त नभएको प्राप्तगर्न, आफूमा नभएको आफ्नो बनाउन, साक्षात्कार नभएको साक्षात्कार गर्न प्रयत्नशील हुन्छन् । कामकाजमा धेरै व्यस्तरहँदैन, शिथिल हुँदैन, पतनमा पूर्वगामि हुँदैन, एकान्त सेवनबाट टाढा हुँदैन, प्राप्त नभएमा प्राप्त गर्न, आफूमा नभएमा आफ्नो बनाउन, साक्षात्कार नभएमा सात्क्षात्कार गर्न प्रयत्नशील हुन्छ । भिक्षुहो ! सद्धर्मको लोप वा अन्तर्धान नहुने यो चौठो कारण हो । भिक्षुहो ! यी नै चार कारणले सद्धर्मको लोप वा अन्तर्धान हुँदैन ।"



Downloaded from http://dhamma.digital

## (१७) २. पटिपदावग्गो

### १. संखित्तसुत्तं

१६१. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दु:खपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान (आश्रव क्षय वा सिद्ध हुने), दु:खपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान, सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान अनि सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान ।

### २. वित्थारसुत्तं

१६२. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दु:खपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान, दु:खपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान, सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान अनि सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान ।

"भिक्षुहो ! दु:खपूपर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान के हो ? भिक्षुहो ! यहाँ कोही व्यक्ति स्वभावैले तीव्र रागी हुन्छ । क्षण क्षणमा उत्पन्न हुने रागको कारणले ऊ दु:खित हुन्छ । ऊ स्वभावैले तीव्र द्वेषी हुन्छ । क्षण क्षणमा उत्पन्न हुने द्वेषको कारणले ऊ दु:खित हुन्छ । स्वभावैले उसँग तीव्र मोह हुन्छ । क्षण क्षणमा उत्पन्न हुने मोहको कारणले ऊ दु:खित हुन्छ । श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृति-इन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय यी पञ्च इन्द्रियमा दुर्बल हुन्छ । यी इन्द्रियहरू दुर्बल हुँदा आश्रव क्षय गर्न ढिलो हुन्छ । भिक्षुहो ! दु:खपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान यही नै हो ।

"भिक्षुहो ! दु:खपूपर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान के हो ? भिक्षुहो ! यहाँ कोही व्यक्ति स्वभावैले तीव्र रागी हुन्छ । क्षण क्षणमा उत्पन्न हुने रागको कारणले ऊ दु:खित हुन्छ । ऊ स्वभावैले तीव्र द्वेषी हुन्छ । क्षण क्षणमा उत्पन्न हुने द्वेषको कारणले ऊ दु:खित हुन्छ । स्वभावैले उसँग तीव्र मोह हुन्छ । क्षण क्षणमा उत्पन्न हुने मोहको कारणले ऊ दु:खित हुन्छ । श्रद्धाइन्द्रिय, वीर्य-इन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइंन्द्रिय यी पञ्च इन्द्रियमा अत्यधिक बल हुन्छ । यी इन्द्रिय अत्यधिक बल हुँदा शीघ्र नै आश्रव क्षय हुन्छ । भिक्षुहो ! दु:खपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान यही नै हो ।

"भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान के हो ? भिक्षुहो !



Downloaded from http://dhamma.digital

यहाँ कोही व्यक्ति स्वभावैले तीव्र रागी हुँदैन । क्षण क्षणमा उत्पन्न हुने रागको कारणले ऊ दुःखित हुँदैन । ऊ स्वभावैले तीव्र द्वेषी हुँदैन । क्षण क्षणमा उत्पन्न हुने द्वेषको कारणले ऊ दुःखित हुँदैन । स्वभावैले उसँग तीव्र मोह हुँदैन । क्षण क्षणमा उत्पन्न हुने मोहको कारणले ऊ दुःखित हुँदैन । श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा दुर्बल हुन्छ । यी पञ्च इन्द्रिय दुर्बल हुँदा आश्रव क्षयगर्न ढिलो हुन्छ । भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान यही नै हो ।

"भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान भनेको के हो ? भिक्षुहो ! यहाँ कोही व्यक्ति स्वभावैले तीव्र रागी हुँदैन । क्षण क्षणमा उत्पन्न हुने रागको कारणले ऊ दुःखित हुँदैन । ऊ स्वभावैले तीव्र द्वेषी हुँदैन । क्षण क्षणमा उत्पन्न हुने द्वेषको कारणले ऊ दुःखित हुँदैन । स्वभावले नै उसँग तीव्र मोह हुँदैन । क्षण क्षणमा उत्पन्न हुने मोहको कारणले ऊ दुःखित हुँदैन । श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा अत्यधिक बल हुन्छ । यी इन्द्रिय मा अत्यधिक बल हुँदा शीघ्र नै आश्रव क्षय हुन्छ । भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान यही नै हो । भिक्षुहो ! यी नै चार प्रतिदा हुन् ।"

## ३. असुभसुत्तं

१६३. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दुःखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान, दुःखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान, सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान अनि सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउसक्ने ज्ञान ।

"भिक्षुहो ! दुःखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले शरीरप्रति अशुभ-भावना (शरीरमा घृणित पदार्थले युक्त छ भनी गरिने भावना) गर्छ । आहारप्रति प्रतिकूल संज्ञा, समस्त लोकप्रति अनासक्ती भाव, समस्त संस्कारप्रति अनित्यदर्शी अनि मरण संज्ञालाई मनमा सुप्रतिष्ठित गरिराख्छ । उसले श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल यी पञ्च शैक्षबलका आधार लिन्छ तर श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा दुर्बल हुन्छ । यी पञ्च इन्द्रिय दुर्बल हुँदा अश्रव क्षय गर्न ढिलो हुन्छ । भिक्षुहो ! दुःखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान यही नै हो ।

"भिक्षुहो ! दुःखपूपर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान भनेको के हो ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यहाँ भिक्षुले शरीरप्रति अशुभ-भावना गर्छ । आ-हारप्रति प्रतिकूल संज्ञा, समस्त लोकप्रति अनासक्ती भाव, समस्त संस्कारप्रति अनित्यदर्शी अनि मरण संज्ञालाई मनमा सुप्रतिष्ठित गरिराख्छ । उसले श्रद्धाबल, ... प्रज्ञाबल यी पञ्च शैक्षबलका आधार लिन्छ । ऊ श्रद्धा-इन्द्रिय, ... प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा अत्यधिक बल हुन्छ । यी इन्द्रियमा अत्यधिक बल हुँदा शीघ्र नै आश्रव क्षय हुन्छ । भिक्षुहो ! दुःखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान भनेको यही नै हो ।

"भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर ढिलो पाउने ज्ञान के हो ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगबाट रहित, अकुशलबाट रहित, वितर्क र विचारयुक्त एकान्तवास= ध्यानबाट (विवेकज) उत्पन्न प्रीति र सुखमय प्रथमध्यान प्राप्तगरी बस्छ । वितर्क-विचार शान्त पारी भित्री हृदयमा प्रसन्नता र एकाग्र गरी वितर्क-विचाररहित ध्यानबाट (समाधिज) उत्पन्न प्रीति र सुखमय द्वितीयध्यान प्राप्तगरी बस्छ । प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । उसले श्रद्धाबल, ... प्रज्ञाबल यी पञ्च शैक्ष बलका आधार लिएको हुन्छ तर श्रद्धाइन्द्रिय, प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा दुर्बल हुन्छ । यी पञ्च इन्द्रिय दुर्बल हुँदा आश्रव क्षय गर्न ढिलो हुन्छ । भिक्षुहो ! सुखपूर्ण मार्ग मा लागेर ढिलो गरी पाउसक्ने ज्ञान भनेको यही नै हो ।

"भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउनसक्ने ज्ञान के हो ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगबाट रहित, अकुशलबाट रहित, वितर्क र विचारयुक्त एकान्तवास= ध्यानबाट (विवेकज) उत्पन्न प्रीति र सुखमय प्रथमध्यान प्राप्तगरी बस्छ । वितर्क-विचार शान्त पारी भित्री हृदयमा प्रसन्नता र एकाग्र गरी वितर्क-विचाररहित ध्यानबाट (समाधिज) उत्पन्न प्रीति र सुखमय द्वितीयध्यान प्राप्तगरी बस्छ । प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी

Downloaded from http://dhamma.digital

बस्छ। उसले श्रद्धाबल, ... प्रज्ञाबल यी पञ्च शैक्ष बलका आधार लिन्छ अनि श्रद्धा-इन्द्रिय, ... प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रियमा अत्यधिक बल हुन्छ । यी पञ्च इन्द्रिय अत्यधिक बल हुँदा शीघ्र आश्रव क्षय हुन्छ। भिक्षुहो ! सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने ज्ञान भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रतिदा हुन् ।"

## ४. पठमखमसुत्तं

१६४. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? असहिष्णु प्रतिपदा, सहिष्णु प्रतिपदा, दमन प्रतिपदा अनि शमन प्रतिपदा ।

"भिक्षुहो ! असहिष्णु प्रतिपदा भनेको के हो ? यहाँ कोही कोही कोही भिक्षुले आक्रोश गर्नेसँग प्रत्याक्रोश गर्छ। रिस गर्नेसँग रिस गर्छ अनि झगडा गर्नेसँग झगडा गर्छ। भिक्षुहो ! असहिष्णु प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुहो ! सहिष्णु प्रतिपदा भनेको के हो ? यहाँ कोही कोही भिक्षुले आक्रोश गर्नेसँग प्रत्याक्रोश गर्दैन । रिस गर्नेसँग रिस गर्दैन अनि झगडा गर्नेसँम झगडा गर्दैन । भिक्षुहो ! सहिष्णु प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुहो ! दमन प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही भिक्षुले चक्षुइन्द्रिय असंयमित भई विचरण गर्दा द्वेषरूप अकुशल पापमय धर्म (विचार) ले ठाउँ लिन नसक्ने गरी चक्षुले रूप देख्दा निमित्त र व्यञ्जन ग्रहण गर्दैन । त्यसबाट संयमित हुन प्रयत्न शील हुन्छ। चक्षुइन्द्रियलाई रक्षा गर्छ । चक्षुइन्द्रियमा संयमित हुन्छ । श्रोतले शब्द सुनेर... घ्राणले गन्ध सुँघेर... जिव्हाले रसास्वाद लिएर... शरीरले स्पर्श गरेर... मनले विचारको ठाउँ (धर्म) दिएर त्यसमा निमित्त र व्यञ्जन ग्रहण गर्दैन तथा मनइन्द्रियमा संयमित हुन्छ। भिक्षुहो ! दमन प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुही ! शमन प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही भिक्षुले काम वितर्कलाई स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न द्वेषलाई स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न विहिंसा वितर्क स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न वा अनुत्पन्न पापमय अकुशल धर्म स्वीकार्दैन, हटाउँछ, विनष्ट गर्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । भिक्षुहो ! शमन प्रतिपदा भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रतिदा हुन् ।"



Downloaded from http://dhamma.digital

## ५. दुतियखमसुत्तं

१६५. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? असहिष्णु प्रतिपदा, सहिष्णु प्रतिपदा, दमन प्रतिपदा अनि शमन प्रतिपदा ।

"भिक्षुहो ! असहिष्णु प्रतिपदा भनेको के हो ? यहाँ कोही कोही व्यक्तिले जाडो, गर्मी, भोक, प्यास, डंसन, मच्छर, हावा, घाम, पानी, घिस्रेर हिँड्ने जीवद्वार स्पर्श, खराब वचन, नीच वचन, शरीरका खर्रो, कटु, वेदना, दुःख, प्रतिकूल, अप्रिय, प्राणै जाने जस्तोलाई सहँदैन । भिक्षुहो ! असहिष्णु प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुहो ! सहिष्णु प्रतिपदा भनेको के हो ? यहाँ कोही व्यक्तिले जाडो, गर्मी, भोक, प्यास, डंसन, मच्छर, हावा, घाम, पानी, घिस्रेर हिँड्ने जीवद्वार स्पर्श, खराब वचन, नीच वचन, शरीरका खर्रो, कटु, वेदना र दुःख, प्रतिकूल, अप्रिय, प्राणै जाने जस्तोलाई सहन्छ । भिक्षुहो ! सहिष्णु प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुहो ! दमन प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ कोही भिक्षुले चक्षुइन्द्रिय असंयमित भई विचरण गर्दा द्वेषरूपी अकुशल पापमय धर्मले ठाउँ लिन नसक्ने गरी चक्षुले रूप देख्दा निमित्त र व्यञ्जन ग्रहण गर्दैन । त्यसबाट संयमित हुन प्रयत्नशील हुन्छ । चक्षुइन्द्रियलाई रक्षा गर्छ । चक्षु-इन्द्रियमा संयमित हुन्छ । श्रोतले शब्द सुनेर... घ्राणले गन्ध सुँघेर... जिव्हाले रसास्वाद लिएर... शरीरले स्पर्श गरेर... मनले विचारको ठाउँ (धर्म) दिएर त्यसमा निमित्त र व्यञ्जन ग्रहण गर्दैन तथा मन-इन्द्रियमा संयमित हुन्छ । जुन कारणले मनइन्द्रिय असंयमित हुँदा लोभ र द्वेषरूपी पाप अकुशल धर्मले आश्रय पाउने छ त्यस्तो आश्रय लिन नसक्ने गरी राख्छ । त्यसमा संयमित हुन्छ । मन-इन्द्रियलाई रक्षा गर्छ । मन-इन्द्रियलाई वशमा राख्छ । भिक्षुहो ! दमन प्रतिपदा भनेको यही नै हो ।

"भिक्षुहो ! शमन प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ कोही कोही भिक्षुले कामवितर्कलाई स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न द्वेषलाई स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न विहिंसावितर्क स्वीकार्दैन, हटाउँछ, विनष्ट पार्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन । उत्पन्न वा अनुत्पन्न पापमय अकुशलधर्म स्वीकार्दैन, हटाउँछ, विनष्ट गर्छ, शान्त पार्छ, विनाश गर्छ अनि पुनः उत्पन्न हुन दिँदैन ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! शमन प्रतिपदा भनेको यही नै हो । भिक्षुहो ! यी नै चार प्रतिदा हुन् ।"

### ६. उभयसुत्तं

१६६. "भिक्षुहो ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दु:खपूर्ण मार्गमा लागेर ढिलो पाउने सिद्धि, दु:खपूर्ण मार्गमा लागेर शीघ्र पाउने सिद्धि,, सुखपूर्ण मार्गमा लागेर ढिलो गरी पाउने सिद्धि, अनि सुखपूर्ण मार्गमा लागेर शीघ्र पाउने सिद्धि ।

"भिक्षुहो ! यी प्रतिपदामा जुन यो दु:खपूर्ण प्रतिपदामा लागेर ढिलो सिद्धि पाउँछ । भिक्षुहो ! यो प्रतिपदा दुवै दृष्टिबाट हीन हो । जुन यो दु:खपूर्ण प्रतिपदा हो त्यो पनि हीन अनि ढिलो सिद्ध हुनाले पनि हीन हो । भिक्षुहो ! यो प्रतिपदा दुवै दृष्टिबाट हीन भनिन्छ ।

"भिक्षुहो ! यी प्रतिपदामा जुन यो दु:खपूर्ण प्रतिपदामा लागेर शीघ्र सिद्धि पाउँछ । भिक्षुहो ! यो प्रतिपदामा दु:खपूर्णलाई हीन भनिन्छ ।

"भिक्षुहो ! यी प्रतिपदामा जुन यो सुखपूर्ण प्रतिपदामा लागेर ढिलो सिद्धि पाउँछ । भिक्षुहो ! यो प्रतिपदामा ढिलो सिद्ध हुनाले हीन भनिन्छ ।

"भिक्षुहो ! यी प्रतिपदामा जुन यो सुखपूर्ण प्रतिपदामा लागेर शीघ्र सिद्धि पाउँछ । भिक्षुहो ! यो प्रतिपदा दुवै दृष्टिबाट प्रणीत हो । जुन सुखपूर्णको प्रतिपदा हो त्यो पनि प्रणीत हो अनि सुखपूर्ण सिद्ध हुनाले पनि प्रणीत हो । भिक्षुहो ! यो प्रतिपदा दुवै दृष्टिबाट प्रणीत भनिन्छ । भिक्षुहो ! यी नै चार प्रतिदा हुन् ।"

### ७. महामोग्गल्लानसुत्तं

१६७. एक दिन आयुष्मान सारिपुत्त जहाँ आयुष्मान महामोग्गल्लान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई महामोग्गल्लानसँग कुशल वार्ता गर्नुभयो । कुशल वार्तापछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तले आयुष्मान महामो-ग्गल्लानलाई यसो भन्नुभयो–

"आवुसो मोग्गल्लान ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दु:ख प्रतिपदा, सिद्ध हुनमा ढिलो; दु:ख प्रतिपदा, शीघ्र सिद्ध हुनु ! सुख प्रतिपदा, सिद्ध हुनमा ढिलो अनि सुख प्रतिपदा, शीघ्र सिद्ध हुनु । आवुसो ! यी चार प्रतिपदा हुन् । यी चार प्रतिपदामा कुन प्रतिपदामा लाग्दा तपाईंको



Downloaded from http://dhamma.digital

आश्रव•हरू चित्तबाट मुक्त भयो ?

"आवुसो सारिपुत्त ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दुःख प्रतिपदा, सिद्ध हुनमा ढिलो; दुःख प्रतिपदा, शीघ्र सिद्ध हुनु, सुख प्रतिपदा, सिद्ध हुनमा ढिलो अनि सुख प्रतिपदा, शीघ्र सिद्ध हुनु । आवुसो ! यी चार प्रतिपदा हुन् । आवुसो ! यी चार प्रतिपदामा जुन दुःख प्रतिपदा अनि शीघ्र सिद्ध हुनु हो । यही प्रतिपदामा लाग्दा मेरो आश्रवहरू चित्तबाट मुक्त भयो ।"

## ८. सारिपुत्तसुत्तं

१६८. एक दिन आयुष्मान महामोग्गल्लान जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई सारिपुत्तसँग कुशल वार्ता गर्नुभयो । कुशल वार्तापछि एक ठाउँमा बस्नु भयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान महामोग्गल्लानले आयुष्मान सारिपुत्तलाई यसो भन्नुभयो–

"आवुसो सारिपुत्त ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दुःख प्रतिपदा, सिद्ध हुनमा ढिलो; दुःख प्रतिपदा, शीघ्र सिद्ध हुनु, सुख प्रतिपदा, सिद्ध हुनमा ढिलो अनि सुख प्रतिपदा, शीघ्र सिद्ध हुनु । आवुसो ! यी चार प्रतिपदा हुन् । यी चार प्रतिपदामा कुन प्रतिपदामा लाग्दा तपाईंको आश्रवहरू चित्तबाट मुक्त भयो ?

"आवुसो मोग्गल्लान ! यी चार प्रतिपदा हुन् । ती चार के के हुन् ? दुःख प्रतिपदा, सिद्ध हुनमा ढिलो; दुःख प्रतिपदा, शीघ्र सिद्ध हुनु, सुख प्रतिपदा, सिद्ध हुनमा ढिलो अनि सुख प्रतिपदा, शीघ्र सिद्ध हुनु । आवुसो ! यी चार प्रतिपदा हुन् । आवुसो ! यी चार प्रतिपदामा जुन सुख प्रतिपदा अनि शीघ्र सिद्ध हुनु हो । यही प्रतिपदामा लाग्दा मेरो आश्रवहरू चित्तबाट मुक्त भयो ।"

## ९. ससङ्खारसुत्तं

१६९. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ कोही व्यक्ति दृष्टान्त धर्ममा (यसै जीवनमा प्रत्यक्ष देख्न सक्ने) ससंस्कार परिनिर्वाण हुन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्ति शरीर भेदपछि ससंस्कार परिनिर्वाण हुन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्ति

---

• कामाश्रव= पञ्चकामादि विषयमा रागद्वारा प्रवाहित हुने। भवाश्रव= रूप र अरूप-भवमा रागद्वारा प्रवाहित हुने । दिट्ठाश्रव= मिथ्यादृष्टिमा प्रवाहित हुने । अविद्याश्रव= दुःखादिका कारणहरू न जान्नाले संसार प्रवाहित हुने । इच्छाको वशमा परी संसारको चक्रबाट मुक्त हुन नसक्ने वा बाढीमा परेर प्रवाहित हुँदै जाने । (बु. प. ३८७)



Downloaded from http://dhamma.digital

दृष्टान्त धर्ममा असंस्कार परिनिर्वाण हुन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्ति शरीर भेदपछि असंस्कार परिनिर्वाण हुन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति दृष्टान्त धर्ममा ससंस्कार परिनिर्वाण हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले शरीरप्रति अशुभदर्शी हुन्छ, आहारमा प्रतिकूल संज्ञा, समस्त लोकप्रति अनासक्ति र अनित्यदर्शी हुन्छ । मरण संज्ञालाई (मर्नुपर्छ भनी स्मरण गर्ने) भित्री हृदयमा राम्रोसँग स्थित गरिराख्छ । उसले श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल यी पञ्च शैक्षबलका आधार लिएको हुन्छ । उसले श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रिय यी पञ्च इन्द्रिय अत्यधिक उत्पन्न गर्छ । उसँग यी पञ्च इन्द्रिय अत्यधिक हुँदा दृष्टान्त धर्ममा ससंस्कार परिनिर्वाण हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै दृष्टान्त धर्ममा ससंस्कार परिनिर्वाण हुन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति शरीर भेदपछि ससंस्कार परिनिर्वाण हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु शरीरप्रति अशुभदर्शी हुन्छ, आहारमा प्रतिकूल संज्ञा, समस्त लोकप्रति अनासक्ति र अनित्यदर्शी हुन्छ । मरण संज्ञालाई भित्री हृदयमा राम्रोसँग स्थित गरिराख्छ । उसले श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल यी पञ्च शैक्षबलको आधार लिएको हुन्छ । श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञाइन्द्रिय यी पञ्च इन्द्रिय मृदुत्व हुन्छ । यी पञ्च इन्द्रिय मृदुता हुँदा शरीर भेदपछि ससंस्कार परिनिर्वाण हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै दृष्टान्त धर्ममा शरीर भेदपछि ससंस्कार परिनिर्वाण हुन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्ति दृष्टान्त धर्ममा असंस्कार परिनिर्वाण हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगरहित, ... प्रथमध्यान ... द्वितीयध्यान ... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीरद्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात ( सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । उसले श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल यी पञ्च शैक्ष बलका आधार लिएको हुन्छ अनि श्रद्धाइन्द्रिय, वीर्यइन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय यी पञ्च इन्द्रियमा अत्यधिक बल हुन्छ । यी पञ्च इन्द्रिय अत्यधिक बल हुँदा दृष्टान्त धर्ममा असंस्कारिक परिनिर्वाण हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति नै दृष्टान्त धर्ममा असंस्कारिक परिनिर्वाण हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कस्ता व्यक्ति शरीर भेदपछि असंस्कार परिनिर्वाण हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगरहित, ... प्रथमध्यान ... द्वितीयध्यान ... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दु:ख पनि हटाएर मानसिक हर्ष तथा विस्मात ( सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दु:खरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । उसले श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल यी पञ्च शैक्ष बलका आधार लिएको हुन्छ अनि श्रद्धा-इन्द्रिय, वीर्य-इन्द्रिय, स्मृति-इन्द्रिय, समाधि-इन्द्रिय र प्रज्ञा-इन्द्रियहरू कम मात्रामा उत्पन्न हुन्छ । यी पञ्च इन्द्रियहरू कम मात्रामा उत्पन्न हुँदा भेदपछि असंस्कारिक परिनिर्वाण (पुन: जन्म र मरणबाट विमुक्त) हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## १०. युगनद्धसुत्तं

१७०. यस्तो मैले सुनें– एक समय आयुष्मान आनन्द कोसम्बिस्थित घोसितारामामा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान आनन्दले भिक्षुहरूलाई आ-मन्त्रण गर्नुभयो– "आवुसो भिक्षुहो !" ती भिक्षुहरूले "आवुसो !" भनी आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले यसो भन्नुभयो– "आवुसोहो ! जो कोही भिक्षु वा भिक्षुणी मकहाँ आएर अर्हत्व प्राप्ती विषय लिएर कुरा गर्छन्, ती सबैले नै चार मार्ग अथवा यी चार मार्ग मध्येमा कुनै एक मार्गबाट नै अर्हत्व लाभ गरेको हुन्छ । ती चार मार्ग के के हुन् ? कोही एक भिक्षुले पहिले शमथ भावना गरेर अनि पछि विदर्शना भावना गर्छ । जब उसले पहिला शमथ अनि पछि विदर्शना भावनाको अभ्यास गर्दा उसलाई मार्ग प्राप्त हुन्छ । ऊ त्यो मार्गबाट जान्छ । त्यसलाई अत्यधिक अभ्यास गर्छ । जब त्यो मार्गबाट जाँदा अनि अत्यधिक अभ्यास गर्दा उसको 'संयोजन'[१] (बन्धन) र 'अनुशय'[२] (अनुराग वा आसक्ति) विनष्ट हुन्छ ।

---

[१] कामराग, २. प्रतिघ, ३. मान, ४. दृष्टि, ५. शंका, ६. शीलब्रतपरामश, ७. भवराग, ८. ईर्ष्या, ९. कन्जुस १०, अविद्या ।

[२] १. कामराग, २. प्रतिघ, ३ मान, ४. दृष्टि, ५. शंका, ६. भवराग, ७. अविद्या ।



Downloaded from http://dhamma.digital

"आवुसोहो ! अनि फेरि भिक्षुले पहिला विपस्सना भावना गरी अनि पछि शमथ भावना गर्छ। जब उसले पहिला विपस्सना भावना गर्दा अनि पछि समथ भावनाको अभ्यास गर्दा उसलाई मार्ग प्रकट हुन्छ र ऊ त्यो मार्गबाट जान्छ। त्यसलाई अत्यधिक अभ्यास गर्छ। जब त्यो मार्गबाट जान्छ तब अत्यधिक अभ्यास गर्छ। जब त्यो मार्गबाट जान्छ अनि अत्यधिक अभ्यास गर्छ भने 'संयोजन' र 'अनुशय' विनष्ट हुन्छ।

"आवुसोहो ! अनि फेरि अर्को भिक्षुले शमथ र विपस्सना एकैसाथ अभ्यास गर्छ। जब उसले समथ भावना र विपस्सना भावना एकसाथ अभ्यास गर्छ तब उसलाई मार्ग प्रकट हुन्छ। ऊ त्यो मार्गबाट जान्छ। त्यसलाई अत्यधिक अभ्यास गर्छ। जब उसले मार्गलाई अत्यधिक अभ्यास गर्छ तब उसको 'संयोजन' र 'अनुशय' विनष्ट हुन्छ।

"आवुसोहो ! अनि फेरि अर्को भिक्षुले शमथ र विपस्सना ध्यान गर्दा उद्धच्च-मानादि (विपस्सनाका दश क्लेश) हुन्छ। आवुसोहो ! त्यो समय आउँछ जुन त्यो चित्त आफै नै स्थिर हुन्छ, शान्त हुन्छ, एकाग्र हुन्छ र समाधिस्थ हुन्छ। उसलाई मार्ग प्रकट हुन्छ र ऊ त्यो मार्गबाट जान्छ। त्यसलाई अत्यधिक अभ्यास गर्छ। जब ऊ त्यो मार्गबाट जान्छ अनि अत्यधिक अभ्यास गर्छ तब उसको संयोजन र अनुशय विनष्ट हुन्छ।

"आवुसोहो ! जो कोही भिक्षु वा भिक्षुणी मकहाँ आएर अर्हत्व प्राप्ती विषय लिएर कुरा गर्छन्, ती सबैले नै चार मार्ग अथवा यी चार मार्ग मध्येमा कुनै एक मार्गबाट नै अर्हत्व लाभ गरेका हुन्छन्।"

Downloaded from http://dhamma.digital

## (१८) ३. सञ्चेतनियवग्गो

### १. चेतनासुत्त

१७१. भिक्षुहो ! शरीर हुँदा, शारीरिक चेतनाले गर्दा आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! वाणी हुँदा वाणीको चेतनाले गर्दा आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! मन हुँदा मनको चेतनाले गर्दा आफैले सुखदुःख भोग्नुपर्छ अनि अर्को अविद्याद्वारा पनि ।

"भिक्षुहो ! आफैले नै यदि शरीरद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि अरूबाट नै शरीरद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुख-दुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि जानेर शरीरद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि नजानेर शरीरद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुख-दुःख भोग्नुपर्छ ।

"भिक्षुहो ! आफैले नै यदि वचनद्वारा संस्कारको सस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि अरूद्वारा नै वचनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सु-खदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि जानेर वचनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि नजानेर वचनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ ।

"भिक्षुहो ! आफैले नै यदि मनद्वारा संस्कारको संस्करण गर्छ भने परिणाम-स्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि अरूबाट नै मनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि जानेर मनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ । भिक्षुहो ! यदि नजानेर मनद्वारा संस्कारको संस्करण गर्छ भने परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्छ ।

"भिक्षुहो ! यी विषयवस्तु (धर्म) अविद्याको नै वशमा हुन्छ । अविद्याको नै निर्मूल, विराग र निरोध हुँदा त्यसको परिणामस्वरूप जुन कि आफैले सुख-दुःख भोग्नुपर्ने त्यो काय (शरीर)रहँदैन । त्यो वाणीरहँदैन परिणामस्वरूप जुन



Downloaded from http://dhamma.digital

कि आफैले सुखदुःख भोग्नुपर्ने हो । त्यो मन रहँदैन परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्ने हो । त्यो क्षेत्र रहँदैन... त्यो वस्तु रहँदैन... त्यो आयतन रहँदैन ...परिणामस्वरूप जुन कि आफैले सुखदुःख भोग्नुपर्ने त्यो अधिकरण (झैभगडा) रहँदैन ।

"भिक्षुहो ! चार प्रकारका आत्मभावको लाभ छन् । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ आत्मभावको लाभमा आफू लाभी हुन्छ, जसमा आत्मभावको हुँदा (मन) संचेतनाले काम गरिरहेको हुन्छ । अरूको संचेतनाले भने होइन । भिक्षुहो ! आत्मभावको लाभी हुन्छ । आत्मभावले लाभ गर्नमा अरूको संचेतनाले काम भइरहेको हुन्छ । आफ्नो संचेतनाले भने होइन । भिक्षुहो ! आत्मभावको लाभी हुन्छ । जसमा आत्मभावको लाभ गर्नमा आफूबाट पनि अरूबाट पनि संचेतनाले काम गरिरहेको हुन्छ । भिक्षुहो ! आत्मभावको लाभी हुन्छ । आत्म भावको लाभ हुनमा आफूबाट पनि अनि अरूबाट पनि संचेतनाले काम भइरहेको हुँदैन । भिक्षुहो ! यी नै चार प्रकार-का आत्मभावको लाभ छन् ।

भगवानले यसरी आज्ञा भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भगवानबाट संक्षिप्तमा दिनुभएको उपदेशलाई मैले विस्तारकासाथ यसरी बुझेँ– भन्ते ! जसले यो आत्मभाव लाभ गर्छ, आत्मभावको लाभमा आफ्नो संचेतनाद्वारा काम गरिरहेको हुन्छ । अरूको संचेतनाले भने होइन । आफ्नो संचेतनाको कारणले त्यस सत्वको शरीर च्यूत हुन्छ । भन्ते ! जो आत्मभावको लाभ हुन्छ, आत्मभावको लाभमा अरूको संचेतनाले काम भइरहेको हुन्छ । आफ्नो संचेतनाले भने होइन । परसंचेतनाको कारणले त्यस सत्वको त्यो शरीर च्यूत हुन्छ । भन्ते ! जो आत्मभावको लाभ हुन्छ, जसमा आत्मभावको लाभ गर्नमा आफूबाट पनि अरूबाट पनि संचेतनाले काम गरिरहेको हुन्छ । आफूबाट पनि अरूबाट पनि संचेतनाले कारणले त्यस सत्वको त्यो शरीर च्यूत हुन्छ । भन्ते ! जो आत्मभावको लाभ हुन्छ, आत्म भावको लाभ हुनमा आफूबाट पनि अनि अरूबाट पनि संचेतनाले काम भइरहेको हुँदैन भने कुनरूपमा ती देवहरूलाई हेर्ने ?" "सारिपुत्त ! नेवसंज्ञनसंज्ञाको रूपमा ती देवहरूलाई हेर्ने ।"

"भन्ते ! के कारणले र किन यहाँ कोही कोही सत्व यस शरीरबाट च्यूत भएपछि आउँछ अथवा यस लोकमा आउँछ ? भन्ते ! के कारणले र किन यहाँ कोही कोही सत्व यस शरीरबाट च्यूत भएपछि अनागामी हुन्छ अथवा यस लोकमा आउँदैन ?" "सारिपुत्त ! यहाँ कोही कोही व्यक्ति



Downloaded from http://dhamma.digital

ओरम्भागीय संयोजन[1] (निम्नतिर प्रवाहित गर्ने संयोजन) विनष्ट हुँदैन । ऊ दृष्टान्त धर्म (यसै जीवनमा देख्न पाउने) नेवसंज्ञानसंज्ञायतनको लाभ गरी बस्छ । उसले त्यसमा स्वाद लिन्छ, आनन्द लिन्छ र त्यसैमा सन्तुष्ट हुन्छ । त्यसैमा स्थिर, त्यसैमा लागिरहने, त्यही नै धेरै अभ्यास गरिरहने हुँदा ऊ मृत्यु पश्चात नेवसंज्ञनसंज्ञायतनको देवहरूकहाँ उत्पन्न हुन्छ । ऊ त्यहाँबाट च्यूत हुँदा यहाँ आउने हुन्छ अर्थात यस लोकमा आउँछ ।

"सारिपुत्त ! यहाँ कोही कोही व्यक्तिले ओरम्भागीय संयोनजन विनष्ट गरेको हुन्छ । उसले दृष्टान्त धर्ममा नेवसंज्ञानसंज्ञायतन लाभ गरी बस्छ । उसले त्यसमा स्वाद लिन्छ, आनन्द लिन्छ र त्यसैमा सन्तुष्ट हुन्छ । त्यसैमा स्थिर, त्यसैमा लागिरहने, त्यही नै धेरै अभ्यास गरिरहने हुँदा ऊ मृत्यु पश्चात नेवसंज्ञनसंज्ञायतनको देवहरूकहाँ उत्पन्न हुन्छ । ऊ त्यहाँबाट च्यूत हुँदा यहाँ आउँदैन अर्थात यस लोकमा आउँदैन ।

"सारिपुत्त ! यही कारणले वा यही विषयले गर्दा यहाँ कोही कोही व्यक्ति यस शरीरबाट च्यूत भएपछि आउने हुन्छ अर्थात यस लोकमा आउँछ । सारिपुत्त ! यही कारणले वा यही विषयले गर्दा यहाँ कोही कोही व्यक्ति यस शरीरबाट च्यूत भएपछि आउँदैन अर्थात यस लोकमा आउँदैन ।"

## २. विभत्तिसुत्तं

१७१. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तलेयसो भन्नुभयो– आवुसोहो ! म उपसम्पन्न (पूर्ण भिक्षुत्व वा भिक्षुसंघमा प्रवेश) भएको अर्धमाससमै अर्थ प्रतिसम्भिदा (गम्भिरा-तिगम्भिर विषयलाई एक एक गरी अवबोध गर्न सक्ने ज्ञान) को साथसाथै शब्दरूपी ज्ञानलाई पनि साक्षात्कार गरेको थिएँ । त्यसलाई मैले अनेक पर्यायद्वारा (प्रका-रले) भन्छु, देशना गर्छु, प्रज्ञापित गर्छु, प्रतिष्ठापित गर्छु, खुलस्त गर्छु, विश्लेषन गर्छु अनि प्रष्ट पार्छु । यदि यहाँ कसैलाई शंका वा संदेह भएमा मसँग प्रश्न गरे हुन्छ । मैले शास्ताको सम्मुखमा विश्लेषण गरी भन्नेछु जो कि वहाँ धर्मको विषयमा दक्ष हुनुहुन्छ ।"

"आवुसोहो ! म उपसम्पन्न भएको अर्धमाससमै धर्म प्रतिम्भिदा पनि

---

[1] १. सत्कायदृष्टि (आत्मा शाश्वत हो भन्ने दृष्टि), २. शंका, ३.शीलव्रतपरापस (शरीरलाई कष्ट दिई गर्ने व्रत) ४.काम-विषयभोगको इच्छा र ५.द्वेष ।



Downloaded from http://dhamma.digital

साक्षात्कार गरेको थिएँ । त्यसलाई मैले अनेक पर्यायद्वारा भन्छु, देशना गर्छु, प्रज्ञापित गर्छु, प्रतिष्ठापित गर्छु, खुलस्त गर्छु,विश्लेषन गर्छु अनि प्रष्ट पार्छु । यदि यहाँ कसैलाई शंका वा संदेह भएमा मसँग प्रश्न गरे हुन्छ । मैले शास्ताको सम्मुखमा विश्लेषण गरी भन्नेछु जो कि वहाँ धर्मको विषयमा दक्ष हुनुहुन्छ ।"

"आवुसोहो ! म उपसम्पन्न भएको अर्धमासमै निरुक्ति प्रतिसम्भिदा साक्षात्कार गरेको थिएँ । त्यसलाई मैले अनेक पर्यायद्वारा भन्छु, देशना गर्छु, प्रज्ञापित गर्छु, प्रतिष्ठापित गर्छु, खुलस्त गर्छु, विश्लेषन गर्छु अनि प्रष्ट पार्छु । यदि यहाँ कसैलाई शंका वा संदेह भएमा मसँग प्रश्न गरे हुन्छ । मैले शास्ताको सम्मुखमा विश्लेषण गरी भन्नेछु जो कि वहाँ धर्मको विषयमा दक्ष हुनुहुन्छ ।"

"आवुसोहो ! म उपसम्पन्न भएको अर्धमासमै प्रतिभान प्रसम्भिदा साक्षात्कार गरेको थिएँ । त्यसलाई मैले अनेक पर्यायद्वारा भन्छु, देशना गर्छु, प्रज्ञापित गर्छु, प्रतिष्ठापित गर्छु, खुलस्त गर्छु, विश्लेषन गर्छु अनि प्रष्ट पार्छु । यदि यहाँ कसैलाई शंका वा संदेह भएमा मसँग प्रश्न गरे हुन्छ । मैले शास्ताको सम्मुखमा विश्लेषण गरी भन्नेछु जो कि वहाँ धर्मको विषयमा दक्ष हुनुहुन्छ ।"

### ३. महाकोट्ठिकसुत्तं

१७३. एक समय आयुष्मान महाकोट्ठिक जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । जानुभई आयुष्मान सारिपुत्तसँग कुशलवार्ता गरे । कुशल वार्तापछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बसेपछि आयुष्मान महाकोट्ठिकले आयुष्मान सारिपुत्तसँग यसरी सोध्नुभयो–

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकी रहन्छ ?" "यसो नभन आवुसो !"

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकीरहन्छ पनि रहँदैन पनि ?" "यसो नभन आवुसो !"

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू न त बाँकीरहन्छ न त बाँकी रहँदैन ?" "यसो नभन आवुसो !"

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकी रहन्छ ?" भनी सोद्धातपाई भन्नुहुन्छ– "आवुसो ! यसो नभन ।"



Downloaded from http://dhamma.digital

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोध पछि अरू केही बाँकी रहन्छ पनि रहँदैन पनि ? भनी सोद्धा तपाईले भन्नुहुन्छ– 'आवुसो ! यसो नभन ।'

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू न त बाँकी रहन्छ न त बाँकी रहँदैन पनि ? भनी सोद्धा तपाईले भन्नुहुन्छ– 'आवुसो ! यसो नभन ।' (यी चारै प्रश्नमा साश्वत, उच्छेद, केही साश्वत र अमरा विक्षेपको धारणा भएकोले त्यसो नभन भनी भनेको बुझिन्छ ।) "आवुसो ! त्यसो भए यो भनाइको अर्थ कसरी बुझ्ने ?"

"आवुसो ! 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोध हुँदा अरू केही बाँकीरहन्छ भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा अरू केही बाँकी रहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । छ स्पर्श आयतनको अशेष विराग र निरोध हुँदा अरू केही बाँकीरहन्छ वा रहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा न त बाँकीरहन्छ वा न त बाँकीरहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! जहाँसम्म छ स्पर्श आयतनको सीमा हुन्छ तहाँसम्म प्रपञ्चको सीमा हुन्छ । जहाँसम्म प्रपञ्चको सीमा हुन्छ तहाँसम्म छ स्पर्श आयतनको सीमा हुन्छ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा प्रपञ्चको निरोध हुन्छ । प्रपञ्चको निरोध हुँदा प्रपञ्च शान्त हुन्छ ।"

## ४. आनन्दसुत्तं

१७४. एक समय आयुष्मान आनन्द जहाँ आयुष्मान महाकोट्ठिक हुनुहुन्थ्यो त्यहाँ जानुभयो । जानुभई आयुष्मान महाकोट्ठिकसँग कुशलवार्ता गरे । कुशल वार्तापछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले आयुष्मान महाकोट्ठिकसँग यसरी सोध्नुभयो–

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकी रहन्छ ?" "यसो नभन आवुसो !"

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकी रहन्छ पनि रहँदैन पनि ?" "यसो नभन आवुसो !"

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू न त बाँकी रहन्छ न त बाँकी रहँदैन ?" "यसो नभन आवुसो !"



Downloaded from http://dhamma.digital

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकी रहन्छ ? भनी सोद्धा तपाई भन्नुहुन्छ– 'आवुसो ! यसो नभन ।'

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू केही बाँकीरहन्छ पनि, रहँदैन पनि ? भनी सोद्धा तपाई भन्नुहुन्छ– 'आवुसो ! यसो नभन ।'

"आवुसो ! के 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोधपछि अरू न त बाँकी रहन्छ न त बाँकी रहँदैन पनि ? भनी सोद्धा तपाई भन्नुहुन्छ– 'आवुसो ! यसो नभन ।' "आवुसो ! त्यसो भए यो भनाइको अर्थ कसरी बुझ्ने ?"

"आवुसो ! 'छ स्पर्श आयतन'को अशेष, विराग र निरोध हुँदा अरू केही बाँकी रहन्छ भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा अरू केही बाँकीरहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा अरू केही बाँकीरहन्छ वा रहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा न त बाँकीरहन्छ वा न त बाँकीरहँदैन भन्न नमिल्नाले त्यसो भनेको हुँ । "आवुसो ! जहाँसम्म छ स्पर्श आयतनको सीमा हुन्छ तहाँसम्म प्रपञ्चको सीमा हुन्छ । जहाँसम्म प्रपञ्चको सीमा हुन्छ तहाँसम्म छ स्पर्श आयतनको सीमा हुन्छ । "आवुसो ! छ स्पर्श आयतनको अशेष, विराग र निरोध हुँदा प्रपञ्चको निरोध हुन्छ । प्रपञ्चको निरोध हुँदा प्रपञ्च शान्त हुन्छ ।"

## ५. उपवाणसुत्तं

१७५. एक समय आयुष्मान उपवाण जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । जानुभई आयुष्मान सारिपुत्तसँग कुशलवार्ता गरे । कुशल वार्तापछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बसेपछि आयुष्मान उपवाणले आयुष्मान सारिपुत्तसँग यसरी सोधे–

"आवुसो सारिपुत्त ! के विद्याद्वारा दुःखको समूल नष्ट हुन्छ ?" "हुँदैन आवुसो !"

"आवुसो सारिपुत्त ! के आचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?" "हुँदैन आवुसो !"

"आवुसो सारिपुत्त ! के विद्याचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?"



Downloaded from http://dhamma.digital

"हुँदैन आवुसो !"

"आवुसो सारिपुत्त ! के विना विद्याचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?"
"हुँदैन आवुसो !"

"आवुसो सारिपुत्त ! के विद्याद्वारा दुःखको समूल नष्ट हुन्छ ?" भनी सोद्धा हुँदैन आवुसो ! भन्नुहुन्छ।

"आवुसो सारिपुत्त ! के आचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?" भनी सोद्धा हुँदैन आवुसो ! भन्नुहुन्छ।

"आवुसो सारिपुत्त ! के विद्याचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?" भनी सोद्धा हुँदैन आवुसो ! भन्नुहुन्छ।

"आवुसो सारिपुत्त ! के विना विद्याचरणद्वारा दुःखको समूल नष्ट हुन्छ ?" भनी सोद्धा हुँदैन आवुसो ! भन्नुहुन्छ। त्यसो भए आवुसो ! दुःखको समूल नष्ट कसरी हुन्छ त ?"

"आवुसो ! यदि विद्याद्वारा दुःखको समूल नष्ट भएमा त उपादानस्कन्ध रहँदा पनि दुःखको समूल नष्ट हुने थियो। आवुसो ! यदि आचरणद्वारा दुःख-को समूल नष्ट भएमा त उपादानस्कन्धरहँदा पनि दुःखको समूल नष्ट हुने थियो । आवुसो ! यदि विद्याचरणद्वारा दुःखको समूल नष्ट भएमा त उपादानस्कन्धरहँदा पनि दुःखको समूल नष्ट हुने थियो। आवुसो ! यदि विना विद्याचरणद्वारा दुःखको समूल नष्ट भएमा त उपादानस्कन्धरहँदा पनि दुःखको समूल नष्ट हुने थियो। आवुसो ! पृथकजन विद्याचरणबाट अलगिगएको हुन्छ। आच- रणरहित हुँदा यथार्थतालाई जानेको र देखेको हुँदैन । आचरणसम्पन्न हुँदा यथार्थतालाई जानेको र देखेको हुन्छ। यथार्थतालाई जान्यो वा देख्यो भने दुःखको समूल नष्ट हुन्छ।"

### ६. आयाचनसुत्तं

१७६. "भिक्षुहो ! श्रद्धावान भिक्षुले यदि आशिका गर्ने हो भने यस्तो आशिका गर्नुपर्छ कि त्यस्तो हुन सकूँ– जस्तो कि सारिपुत्त र मोग्गल्लान। भिक्षुहो ! मेरा श्रावक भिक्षुहरूका निम्ति यही तराजु वा प्रमाण हुन् । जो कि सारिपुत्त र मोग्गल्लान भिक्षुहरू।

"भिक्षुहो ! श्रद्धावती भिक्षुणीले यदि आशिका गर्ने हो भने यस्तो आशिका गर्नुपर्छ कि त्यस्तो हुन सकूँ– जस्तो कि खेमा र उप्पलवण्णा।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूको निम्ति यही तराजु वा प्रमाण हुन् । जो कि खेमा र उप्पलवण्णा भिक्षुणीहरू ।

"भिक्षुहो ! श्रद्धावान उपासकले यदि आशिका गर्ने हो भने यस्तो आशिका गर्नुपर्छ कि त्यस्तो हुन सकूँ– जस्तो कि चित्त गृहपति र हस्तक आलवक । भिक्षुहो ! मेरा श्रावक उपासकहरूको निम्ति यही तराजु वा प्रमाण हुन् । जो कि चित्त गृहपति र हस्तक आलवक ।

"भिक्षुहो ! श्रद्धावती उपासिकाले यदि आशिका गर्ने हो भने यस्तो आशिका गर्नुपर्छ कि त्यस्तो हुन सकूँ– जस्तो कि खुज्जुत्तरा र वेलुकण्डकि । भिक्षुहो ! मेरा श्राविका उपासिकाहरूको निम्ति यही तराजु वा प्रमाण हुन् । जो कि उपासिका खुज्जुत्तरा र वेलुकण्डकि ।"

## ७. राहुलसुत्तं

१७७. एक समय आयुष्मान राहुल जहाँ भगवान हुनुहुन्थ्यो त्यहो जानुभयो । जानुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान राहुललाई भगवानले यसो भन्नुभयो– राहुल ! जुन यो आफू भित्रको पृथ्वी-धातु अनि जुन यो बाहिर पृथ्वी-धातु हो त्यो पृथ्वी-धातु नै हो । त्यो न त मेरो हो, न त त्यो म हुँ, न त मेरो आत्मा नै हो भनी सम्यकप्रज्ञाद्वारा यथार्थसहित हेर्नुपर्छ । यसरी यथार्थसहित सम्यक-प्रज्ञाले हेर्दा पृथ्वी-धातुप्रति विरक्तिन्छ वा पृथ्वी-धातुबाट चित्त हट्छ ।

"राहुल ! जुन यो आफू भित्रको जल-धातु अनि जुन यो बाहिर जल-धातु हो त्यो जल-धातु नै हो । त्यो न त मेरो हो, न त त्यो म हुँ, न त मेरो आत्मा नै हो भनी सम्यकप्रज्ञाद्वारा यथार्थसहित हेर्नुपर्छ । यसरी यथार्थसहित सम्यकप्रज्ञाले हेर्दा जल-धातुप्रति विर-क्तिन्छ वा जल-धातुबाट चित्त हट्छ ।

"राहुल ! जुन यो आफू भित्रको अग्नि-धातु अनि जुन यो बाहिर अग्नि-धातु हो त्यो अग्नि-धातु नै हो । त्यो न त मेरो हो, न त त्यो म हुँ, न त मेरो आत्मा नै हो भनी सम्यकप्रज्ञाद्वारा यथार्थ-सहित हेर्नुपर्छ । यसरी यथार्थसहित सम्यकप्रज्ञाले हेर्दा अग्नि-धातुप्रति विरक्तिन्छ वा अग्नि-धातुबाट चित्त हट्छ ।

"राहुल ! जुन यो आफू भित्रको वायु-धातु अनि जुन यो बाहिर वायु-धातु हो त्यो वायु-धातु नै हो । त्यो न त मेरो हो, न त त्यो म हुँ, न त मेरो



Downloaded from http://dhamma.digital

आत्मा नै हो भनी सम्यक प्रज्ञाद्वारा यथार्थ-सहित हेर्नुपर्छ । यसरी यथार्थसहित सम्यक-प्रज्ञाले हेर्दा वायु-धातु प्रति विरक्तिन्छ वा वायु-धातुबाट चित्त हट्छ ।

"राहुल ! जब भिक्षुले यी चार धातुप्रति न त म हुँ, न त मेरो आत्मा नै हो, भनी यथार्थदर्शी हुन्छ । तब राहुल ! भिक्षुले तृष्णालाई विच्छेद गर्छ, संयोजनबाट छुट्छ, सम्यकरूपले अभिमान शान्त पारी दुःख अन्त गर्छ ।"

## ८. जम्बालीसुत्तं

१७८. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? भिक्षुहो ! यहाँ भिक्षुले कुनै एक चित्तविमुक्ति लाई प्राप्त गरी बस्छ । उसले सत्कायनिरोध (निर्वाण) लाई मनमा राख्छ । उसले सत्कायनिरोध मनमा राख्दा उसको चित्त त्यसमा रमाउँदैन, अप्रसन्न हुन्छ, अस्थिर हुन्छ अनि अनुरक्त हुँदैन । भिक्षुहो ! त्यो भिक्षुबाट सत्काय-निरोधको आश गर्न सक्दैन । भिक्षुहो ! जस्तै कि– कोही मान्छेको हातमा गम लागेको छ भने त्यो गम लागेको हातले रुखको हाँगा समात्दा त्यो च्याप्प टाँसिन्छ, ग्रहण गर्छ र समाउँछ । भिक्षुहो ! यसरी नै भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ । उसले सत्कायनिरोध मनमा राख्छ । उसले सत्कायनिरोध गर्ने मनमा राख्दा उसको चित्त त्यसमा रमाउँदैन, अप्रसन्न हुन्छ, अस्थिर हुन्छ अनि अनुरक्त हुँदैन । भिक्षुहो ! त्यो भिक्षुबाट सत्कायनिरोध हुन्छ भनी आश गर्न सक्दैन ।

"भिक्षुहो ! यहाँ भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ । उसले सत्कायनिरोध गर्न मनमा राख्छ । उसले सत्काय निरोध गर्ने मनमा राख्दा उसको चित्त त्यसमा रमाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । भिक्षुहो ! त्यो भिक्षुबाट सत्कायनिरोध हुन्छ भनी आश गर्न सक्छ । भिक्षुहो ! जस्तै कि– कोही मान्छेले शुद्ध हातद्वारा रुखको हाँगा समात्दा उसको हात च्याप्प टाँस्दैन, ग्रहण गर्दैन र समाउँदैन । भिक्षुहो ! यसरी नै भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ । उसले सत्कायनिरोध गर्ने मनमा राख्छ । उसले सत्काय निरोध गर्ने मनमा राख्दा उसको चित्त त्यसमा रमाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । भिक्षुहो ! त्यो भिक्षुबाट सत्कायनिरोध हुन्छ भनी आश गर्न सक्छ ।

"भिक्षुहो ! यहाँ भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ । उसले अविद्या उच्छेद गर्न (अर्हत्व) मनमा राख्छ । उसले अविद्या उच्छेद



Downloaded from http://dhamma.digital

गर्न मनमा राख्दा उसको चित्त त्यसमा रमाउँदैन, अप्रसन्न हुन्छ, अस्थिर हुन्छ अनि अननुरक्त हुँदैन। भिक्षुहो ! त्यो भिक्षुबाट अविद्या उच्छेद गर्नेछ भन्ने आश गर्न सक्दैन। भिक्षुहो ! जस्तै कि– धेरै वर्ष पुरानो फोहर भइसकेको पोखरी हुन्छ। त्यसमा कोही मान्छेले पानी आउने जुन बाटो हो त्यो बन्द गरिदिन्छ अनि पानी जाने बाटो खोलि दिन्छ। राम्रोसँग धेरै पानी परेको हुँदैन। यसो हुँदा भिक्षुहो ! त्यो फोहर पोखरीको बाँध फुट्नेछ भनी विचार गर्न सकिन्न। यसरी नै भिक्षुहो ! भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ। उसले अविद्यालाई उच्छेद गर्न मनमा राख्छ उसले अविद्या उच्छेद गर्न मनमा राख्दा उसको चित्त त्यसमा रमाउँदैन, अप्रसन्न हुन्छ, अस्थिर हुन्छ अनि अनुरक्त हुँदैन। भिक्षुहो ! त्यो भिक्षुबाट अविद्या उच्छेद गर्नेछ भन्ने आश गर्न सक्दैन।

"भिक्षुहो ! यहाँ भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ। उसले अविद्या उच्छेद गर्न मनमा राख्छ। उसले अविद्या उच्छेद गर्न मनमा राख्दा उसको चित्त त्यसमा रमाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ। भिक्षुहो ! त्यो भिक्षुबाट अविद्या उच्छेद गर्नेछ भन्ने आश गर्न सक्छ। भिक्षुहो ! जस्तै कि– धेरै वर्ष पुरानो फोहर भइसकेको पोखरी हुन्छ। त्यसमा कोही मान्छेले पानी आउने जुन बाटो हो त्यो खोलि दिन्छ अनि पानी जाने बाटो बन्द गरिदिन्छ। राम्रोसँग धेरै पानी परेको हुन्छ। यसो हुँदा भिक्षुहो ! त्यो फोहर पोखरीको बाँध फुट्नेछ भनी आश गर्न सक्छ। यसरी नै भिक्षुहो ! भिक्षुले कुनै एक चित्त विमुक्तिलाई प्राप्त गरी बस्छ। उसले अविद्यालाई उच्छेद गर्न मनमा राख्छ उसले अविद्या उच्छेद गर्न मनमा राख्दा उसको चित्त त्यसमा रमाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ। भिक्षुहो ! त्यो भिक्षुबाट अविद्या उच्छेद गर्नेछ भन्ने आश गर्न सक्छ। भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन्।"

## ९. निब्बानसुत्त

१७९. एक समय आयुष्मान आनन्द जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ जानुभई आयुष्मान सारिपुत्तसँग कुशलवार्ता गरी, सम्मोदनीय कुशल वार्तापछि एकठाउँमा बस्नुभयो। एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले आयुष्मान सारिपुत्तसँग सोध्नुभयो– "आवुसो सारिपुत्त ! कित्त, के कारणले होला यहाँ कोही कोही व्यक्तिले यो शरीररहँदा नै परिनिर्वाण प्राप्त गर्न नसकेको ?"

"आवुसो आनन्द ! यहाँ सत्वहरूले (अविद्यालाई) हटाउनु पर्छ (हान-



Downloaded from http://dhamma.digital

भागिय सञ्ञा) भनी प्रज्ञाले यथार्थसहित जानेको हुँदैन । यसलाई (विद्या) स्थिर गर्नुपर्छ (ठितिभागिय सञ्ञा) भनी प्रज्ञाले यथार्थसहित जानेको हुँदैन । यो विशेष प्रकारको (विसेसभागिय सञ्ञा) हो भनी प्रज्ञाले यथार्थसहित जानेको हुँदैन । यो (विषय-भोग) बिभ्ने (निब्बे- धभागिय सञ्ञा) हो भनी प्रज्ञाले यथार्थसहित जानेको हुँदैन । आवुसो आनन्द ! यही कारणले गर्दा यहाँ कोही कोही व्यक्तिले यो शरीर- रहँदा नै परिनिर्वाण प्राप्त गर्न नसकेको ।"

"आवुसो सारिपुत्त ! किन, के कारणले यहाँ कोही व्यक्तिले यो शरीररहँदा नै परिनिर्वाण प्राप्त गर्न सकेको ?"

"आवुसो आनन्द ! यहाँ सत्वहरूले यसलाई (अविद्या) हटाउनु पर्छ भनी यथार्थसहित जानेको हुन्छ । यो (प्रज्ञालाई) स्थिर गर्नुपर्छ भनी यथार्थसहित जानेको हुन्छ । यो (प्रज्ञा) विशेष प्रकारको हो भनी यथार्थसहित जानेको हुन्छ । यो (विषयभोग) बिभ्ने विषय हो भनी यथार्थसहित जानेको हुन्छ । आवुसो आनन्द ! यही कारणले गर्दा यहाँ कोही कोही व्यक्तिले यो शरीर रहँदा नै परिनिर्वाण प्राप्त गर्न सकेको ।"

## १० .महापदेससुत्तं

१८०. एक समय भगवान भोगनगरस्थित आनन्द-चैत्यमा बस्नुहुन्थ्यो । वहाँ भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भद्दन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो– भिक्षुहो ! चार प्रकारका महोपदेश बिनेछु, त्यसलाई सुन र राम्रोसँग मनमा धारण गर भन्नेछु । "हवस् भन्ते !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले भन्नुभयो–

"भिक्षुहो ! चार प्रकारका महोपदेश भनेको के हो ? यदि कोही मित्रले यसो भन्छ– आयुष्मानहो ! मैले स्वयम् भगवानको मुखबाट यस्तो सुनें अनि भगवानको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो । भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभि-नन्दन नगर्नु अनि खण्डन पनि नगर्नु । अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तहरूमा राम्रोसँग मिलाएर हेर्नुपर्छ, वि-नयमा मिलाएर हेर्नृपर्छ । यहि सुत्तहरूमा मिलाउँदा वा विनयमा मिलाउँदा ती न त सुत्तमा मेल खान्छ अनि न त विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धको वचन होइन । यो भिक्षुले ठीकसँग ग्रहण गरेको होइन । भिक्षुहो !यस्तो कथनलाई छाड्नु पर्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! मैले स्वयम् भगवानको मुखबाट यस्तो सुनें अनि भगवानको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो । भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु । विना अभिनन्दन र खण्डन गरि त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ, विनयमा मिलाएर हेर्नुपर्छ । यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा सुत्त र विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धको वचन हो । यो भिक्षुले ठीकसँग ग्रहण गरेको हो । भिक्षुहो ! यो पहिलो महोपदेश धारण गर ।

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा स्थविरसहित भिक्षुसंघ हुनुहुन्छ । मैले स्वयम् ती संघको मुखबाट यस्तो सुनें वा संघको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो । भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु । अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा पनि मिलाएर हेर्नुपर्छ । यदि सुत्तमा मिलाउँदा विनयमा मिलाउँदा ती न त सुत्तमा मेल खान्छ अनि न त विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान अर्हत, सम्यकसम्बुद्धको वचन होइन । ती संघबाट यो दुग्रिहितै हो । भिक्षुहो ! यस्तो कथनलाई छाड्नु पर्छ ।

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा स्थविरसहित नाउँ चलेका भिक्षुसंघ हुनुहुन्छ । मैले स्वयम् ती संघको मुखबाट यस्तो सुनें वा संघको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो । भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु । विना अभिनन्दन र खण्डन गरि त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा राम्रोसँग मिलाएर हेर्नुपर्छ । यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा ती सुत्तमा मेल खान्छ अनि विनयमा पनि मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि यो वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धको वचन हो । ती संघबाट यो सुग्रिहितै हो । भिक्षुहो ! यो दोस्रो महोपदेश धारण गर ।

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा धेरै नै स्थविर भिक्षुहरू हुनुहुन्छ । तिनीहरू बहुश्रुत हुन्, आगमलाई जान्ने हुन्, धर्मधर हुन्, विनयधर हुन् अनि मातृकाधर हुन् । मैले



Downloaded from http://dhamma.digital

ती स्थविरका मुखबाट यस्तो सुनें वा स्थविरका मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो। भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु। अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा पनि मिलाएर हेर्नुपर्छ। यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा ती न त सुत्तमा मेल खान्छ अनि न त विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धको वचन होइन। यो स्थविरबाट दुग्रिहितै हो। भिक्षुहो ! यस्तो कथनलाई छाड्नु पर्छ।

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा धेरै नै स्थविर भिक्षुहरू हुनुहुन्छ। तिनीहरू बहुश्रुत हुन्, आगमलाई जान्ने हुन्, धर्मधर हुन्, विनयधर हुन् अनि मातृकाधर हुन्। मैले ती स्थविर भिक्षुहरूको मुखबाट यस्तो सुनें वा स्थविर भिक्षुहरूको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो। भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु। अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा पनि मिलाएर हेर्नुपर्छ। यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा ती सुत्तमा मेल खान्छ अनि विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान अर्हत, सम्यकसम्बुद्धको वचन हो। यो (कथन) ती स्थविरहरूबाट सुग्रिहितै हो। भिक्षुहो ! यो तेश्रो महोपदेश धारण गर।

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा एकजना स्थविर भिक्षु हुनुहुन्छ। वहाँ बहुश्रुत हुन्, आगमलाई जान्ने हुन्, धर्मधर हुन्, विनयधर हुन् अनि मातृकाधर हुन्। मैले वहाँ स्थविर भिक्षुको मुखबाट यस्तो सुनें वा स्थविर भिक्षुको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो। भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु। विना अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा पनि मिलाएर हेर्नुपर्छ। यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा ती सुत्तमा मेल खाँदैन अनि विनयमा मेल खाँदैन भने यो निश्चितरूपले मान्नुपर्छ कि वहाँ भगवान अर्हत, सम्यकसम्बुद्धको वचन होइन। यो स्थविरबाट दुग्रिहितै हो। भिक्षुहो ! यस्तो कथनलाई छाड्नु पर्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि कोही भिक्षुले यसो भन्छ– आयुष्मानहो ! फलानो आवासमा एकजना स्थविर भिक्षु हुनुहुन्छ । वहाँ बहुश्रुत हुन्, आगमलाई जान्ने हुन्, धर्मधर हुन्, विनयधर हुन् अनि मातृकाधर हुन् । मैले वहाँ स्थविर भिक्षुको मुखबाट यस्तो सुनें वा स्थविर भिक्षुको मुखबाट ग्रहण गरेको छु– धर्म भनेको यो हो, विनय भनेको यो हो अनि यो नै शास्ताको शासन हो । भिक्षुहो ! त्यो भिक्षुको कथनलाई अभिनन्दन नगर्नु अनि खण्डन पनि नगर्नु । अभिनन्दन र खण्डन नगरिकन त्यो शब्दलाई राम्रोसँग ग्रहण गरी सुत्तमा राम्रोसँग मिलाएर हेर्नुपर्छ अनि विनयमा पनि मिलाएर हेर्नुपर्छ । यदि सुत्तमा मिलाउँदा वा विनयमा मिलाउँदा ती सुत्तमा मेल खान्छ अनि विनयमा मेल खान्छ भने यो निश्चित गरी मान्नुपर्छ कि वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध-को वचन हो । यो (कथन) ती स्थविरबाट सुग्रिहितै हो । भिक्षुहो ! यो चौथो महोपदेश धारण गर । भिक्षुहो ! यी नै चार प्रकारका महोपदेश हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१९) ४. ब्राह्मणवग्गो

### १. योधाजीवसुत्तं

१८१. "भिक्षुहो ! चार अङ्गसम्पन्न योद्धाजीवि राजाको निम्ति योग्य हुन्छ, राजाको निम्ति भोग्य अनि राजको निम्ति अङ्गसमान हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ योद्धाजीवि स्थान कुशल हुन्छ, टाढासम्म मार हान्न सक्छ, चाँडै मार हान्न सक्छ र महतकायलाई पनि मारद्वारा लड़ाउन सक्छ। भिक्षुहो ! चार अङ्गसम्पन्न योद्धाजीवि राजाको निम्ति योग्य हुन्छ, राजाको निम्ति भोग्य हुन्छ अनि राजाको निम्ति अङ्गसमान हुन्छ। भिक्षुहो ! यसरी नै चार अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य, आतिथ्य गर्न योग्य, दान-दक्षिणा दिन योग्य, दुई हात जोडी बिन्ति गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ योद्धाजीवि स्थानकुशल हुन्छ, टाढासम्म मार हान्न सक्छ, चाँडै मार हान्न सक्छ र महतकायलाई पनि मारद्वारा लडाउनसक्छ।

"भिक्षुहो ! यहाँ भिक्षु स्थान कुशल कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ ... शिक्षाहरूलाई राम्रोसँग सिकेर पालन गर्छ।

"भिक्षुहो ! यहाँ भिक्षुले कसरी टाढासम्म मार हान्न सक्छ ? भिक्षुहो ! यहाँ भिक्षुले जतिपनि रूप छन् अतीत, अनागत, वर्तमानका भित्री वा बाहिरी, वृहत वा सूक्ष्म, हीन वा उत्तम, जुन कि टाढा वा समीपका समस्त रूप त्यो मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्मा होइन भनी यथार्थसहित सम्यक प्रज्ञाद्वारा हेर्ने हेर्छ। जतिपनि वेदना छन् अतीत, अनागत, वर्तमानका भित्री वा बाहिरी, वृहत वा सूक्ष्म, हीन वा उत्तम, जुन कि टाढा वा समीपका समस्त वेदना त्यो मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्मा होइन भनी यथार्थसहित सम्यक प्रज्ञाद्वारा हेर्छ। जतिपनि संज्ञा छन् अतीत, अनागत, वर्तमानका भित्री वा बाहिरी, वृहत वा सूक्ष्म, हीन वा उत्तम, जुन टाढा वा समीपका समस्त संज्ञा त्यो मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्मा होइन भनी यथार्थसहित सम्यक प्रज्ञाद्वारा हेर्छ। जतिपनि संस्कार छन् अतीत, अनागत, वर्तमानका भित्री वा बाहिरी, वृहत वा सूक्ष्म, हीन वा उत्तम, जुन टाढा वा समीपका समस्त संस्कार त्यो मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्मा होइन भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा हेर्छ। जतिपनि विज्ञान छन् अतीत, अनागत, वर्तमानका भित्री वा बाहिरी, वृहत वा सूक्ष्म, हीन वा उत्तम, जुन टाढा वा समीपका समस्त विज्ञान त्यो मेरो होइन, त्यो म होइन, त्यो मेरो आत्मा होइन भनी यथार्थसहित सम्यक- प्रज्ञाद्वारा हेर्छ। भिक्षुहो ! भिक्षुले



Downloaded from http://dhamma.digital

यसरी टाढासम्म मार हान्न सक्छ ।

"भिक्षुहो ! यहाँ भिक्षुले कसरी चाँडै मार हान्न सक्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दु:ख हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दु:ख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दु:ख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! भिक्षुले यसरी चाँडै मार हान्न सक्छ ।

"भिक्षुहो ! यहाँ भिक्षुले कसरी मारद्वारा लडाउन सक्छ ? भिक्षुहो ! यहाँ भिक्षुले महत अविद्यास्कन्धलाई लडाउन सक्छ । भिक्षुहो ! यहाँ भिक्षुले यसरी नै महत अविद्यास्कन्धलाई लडाउन सक्छ । भिक्षुहो ! यी नै चार अङ्गद्वारा सम्पन्न भिक्षु आव्हान गर्न योग्य, आतिथ्य गर्न योग्य, दान-दक्षिणा दिन योग्य, दुई हात जोडी बिन्ति गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्छ ।"

## २. पटिभोगसुत्तं

१८२. "भिक्षुहो ! चार प्रकारका धर्म (स्वभाविक) मा श्रमण, ब्राह्मण, देव, मार ब्रह्मा अनि कुनै पनि लोकवासीले जिम्मा लिन सक्दैन । ती चार के के हुन् ? जरा धर्म (स्वभाविक)- लाई जरा नहोस् भनी श्रमण, ब्राह्मण, देव, मार ब्रह्मा अनि कुनै पनि लोकवासीले जिम्मा लिन सक्दैन । व्याधि धर्मलाई व्याधि नहोस् भनी श्रमण, ब्राह्मण, देव, मार ब्रह्मा अनि कुनै पनि लोकवासीले जिम्मा लिन सक्दैन । मरण धर्मलाई मरण नहोस् भनी श्रमण-ब्राह्मण, देव-मार, ब्रह्मा अनि कुनै पनि लोकवासीले जिम्मा लिन सक्दैन । 'जुन यो पूर्वमा (पूर्व जन्ममा) आफूद्वारा गरिएको क्लेशरूपी पापकर्महरू पुनर्भव (पुनर्जन्म) मा भविष्यमा हुने जन्म, जरा, व्याधि, मरण हुने भयानक दु:ख विपाकहरूको भोग गर्नु पर्नेलाई भोग्न नपरोस्' भनी श्रमण, ब्राह्मण, देव, मार ब्रह्मा अनि कुनै पनि लोकवासीले जिम्मा लिन सक्दैन ।"

## ३. सुतसुत्तं

१८३. एक समय भगवान राजगहस्थित वेलुवन कलन्दक निवापमा बस्नुहुन्थ्यो । त्यस समय मगधका महामात्य वस्सकार ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान-सँग भेट भएपछि प्रशन्न भए । प्रसन्न भई कुशल वार्ता पश्चात एक ठाउँमा बसे । एक ठाउँमा बसेका मगध महामात्य वस्सकार ब्राह्मणले भगवानलाई यसो भन्यो–

"भो गोतम ! मेरो यो मत वा मेरो यो दृष्टि हो– जो कसैले पनि



Downloaded from http://dhamma.digital

आफूले देखेकोलाई मैले यस्तो देखें भनी भन्दछ भने यसमा केही दोष छैन। जो कसैले पनि आफूले सुनेकोलाई मैले यस्तो सुनें भनी भन्दछ भने यसमा केही दोष छैन। जो कसैले पनि आफूले विषय भोग (पञ्चेन्द्रियद्वारा गरिएको अनुभव) लाई मैले यस्तो अनुभव गरें भनी भन्दछ भने यसमा केही दोष छैन। जो कसैले पनि आफूले जानेकोलाई मैले यस्तो जानेको छु भनी भन्दछ भने यसमा केही दोष छैन।

"ब्राह्मण ! देखेका सबै भन्नु नै पर्छ भनी म भन्दिन। देखेका सबै भन्नु नै पर्दैन भनी म भन्दिन। ब्राह्मण ! सुनेको सबै भन्नु नै पर्छ भनी म भन्दिन। सुनेको सबै भन्नु नै पर्दैन भनी म भन्दिन। अनुभव गरेको सबै भन्नु नै पर्छ भनी म भन्दिन। अनुभव गरेको सबै भन्नु नै पर्दैन भनी म भन्दिन। जानेको सबै भन्नु नै पर्छ भनी म भन्दिन। जानेको सबै भन्नु नै पर्दैन भनी म भन्दिन।

"ब्राह्मण ! जुन देखेको हो त्यो भनिंदा अकुशल धर्महरू अभिवृद्धि हुन्छ र कुशलधर्महरू परिहानि हुन्छ भने त्यस्तो देखेको भन्नु हुँदैन भनि भन्दछु। ब्राह्मण ! जुन देखेको हो त्यो नभनिंदा कुशल धर्महरू परिहानि हुन्छ र अकुशलधर्महरू अभिवृद्धि हुन्छ भने त्यस्तो देखेकोलाई भन्नु पर्छ भनि म भन्दछु।

"ब्राह्मण ! जुन सुनेको हो त्यो भनिंदा अकुशल धर्महरू अभिवृद्धि हुन्छ र कुशलधर्महरूको परिहानि हुन्छ भने त्यस्तो सुनेको भन्नु हुँदैन भनि भन्दछु। ब्राह्मण ! जुन सुनेको हो त्यो नभनिंदा कुशल धर्महरू परिहानि हुन्छ र अकुशलधर्महरू अभिवृद्धि हुन्छ भने यस्तो सुनेकोलाई भन्नु पर्छ भनि भन्दछु।

"ब्राह्मण ! जुन अनुभव गरेको हो त्यो भनिंदा अकुशल धर्महरू अभिवृद्धि हुन्छ र कुशलधर्महरू परिहानि हुन्छ भने त्यस्तो अनुभव गरेकोलाई भन्नु हुँदैन भनि भन्दछु। ब्राह्मण ! जुन अनुभव गरेको हो त्यो नभनिंदा कुशल धर्महरू परिहानि हुन्छ र अकुशल- धर्महरू अभिवृद्धि हुन्छ भने त्यस्तो अनुभव गरेकोलाई भन्नुपर्छ भनि भन्दछु।

"ब्राह्मण ! जुन जानेको हो त्यो भनिंदा अकुशल धर्महरू अभिवृद्धि हुन्छ र कुशलधर्महरू परिहानि हुन्छ भने त्यस्तो जानेकोलाई भन्नु हुँदैन भनि भन्दछु। ब्राह्मण ! जुन जानेको हो त्यो नभनिंदा कुशल धर्महरू परिहानि हुन्छ र अकुशलधर्महरू अभिवृद्धि हुन्छ भने जानेकोलाई भन्नुपर्छ भनि भन्दछु।



Downloaded from http://dhamma.digital

अनि मगधका महामात्य वस्सकार ब्राह्मणले भगवानले भन्नु भएकोलाई अभिवादन र अनुमोदन गरी उठेर गए।

## ४. अभयसुत्तं

१८४. अनि एक दिन जानुस्सोणी ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेर भगवानसँग भेट हुँदा प्रसन्न भए। प्रसन्न भई कुशलवार्ता गरे। कुशलवार्ता पश्चात एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि जानुस्सोणी ब्राह्मणले यसो भने– "भो गोतम ! म यस्तो मतको र यस्तो दृष्टिको हुँ– यस्तो कोही मरणधर्मी छैन जो मरण हुनुपर्नेमा भयभीत तथा सन्त्रस्त नभएका।" "ब्राह्मण ! यस्ता पनि छन् जो मरणधर्मी हुँदा पनि मरणबाट भयभीत हुन्छ र सन्त्रस्त हुन्छ अनि ब्राह्मण यस्ता पनि छन् जो मरणधर्मी हुँदा पनि भयभीत तथा सन्त्रस्त नहुने।

"ब्राह्मण ! मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त को हुन्छ ? ब्राह्मण ! यहाँ कोही कोही काम-भोगप्रति आसक्तरहित हुँदैन, अनिच्छुक हुँदैन, प्रेमरहित हुँदैन, प्यासरहित हुँदैन, परिदाहरहित हुँदैन अनि तृष्णारहित हुँदैन। उसलाई डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्थ अवस्थामा उसको मनमा कुरा खेल्छ–'मेरो प्रिय काम-भोगले मलाई छाड्ने भयो, मेरो प्रिय काम-भोगलाई मैले छाड्ने भएँ भनी चिन्तित हुन्छ, दुःखित हुन्छ, पीडित हुन्छ, रुन्छ, पिट्छ अनि मूर्छित हुन्छ। ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुन्छ।

"ब्राह्मण ! यहाँ कोही कोही शरीरप्रति आसक्तरहित हुँदैन, अनिच्छुक हुँदैन, प्रेमरहित हुँदैन, प्यासरहित हुँदैन, परिदाहरहित हुँदैन अनि तृष्णारहित हुँदैन। उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्थ अवस्थामा उसको मनमा कुरा खेल्छ– 'मेरो प्रिय शरीरले मलाई छाड्ने भयो, मेरो प्रिय शरीरलाई मैले छाड्ने भएँ भनी चिन्तित हुन्छ, दुःखित हुन्छ, पीडित हुन्छ, रुन्छ, पिट्छ अनि मूर्छित हुन्छ। ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुन्छ।

"ब्राह्मण ! अनि फेरि यहाँ कोही कोहीले कल्याण हुने कर्म गरेको हुँदैन, भयबाट मुक्त हुने कर्म गरेको हुँदैन, पापकर्मी, रौद्रकर्मी तथा अपराधी हुन्छ। उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्थ अवस्थामा उसको मनमा कुरा खेल्छ– 'मेरो कल्याण हुने कर्म मैले गरेको छैन, पापकर्मी, रौद्रकर्मी तथा अपराधी भएँ। भो जसले कल्याण हुने कर्म गरेको हुँदैन, कुशल



Downloaded from http://dhamma.digital

कर्म गरेको हुँदनै, पापकर्मी, रौद्रकर्मी र अपराधी हुँदा मृत्युपछि जुन दुर्गति हो त्यो दुर्गतिमा पुग्नेछु भनी चिन्तित हुन्छ, दुःखित हुन्छ, पीडित हुन्छ, रुन्छ, पिट्छ अनि मूर्छित हुन्छ । ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुन्छ ।

"ब्राह्मण ! अनि फेरि यहाँ कोही कोहीले सद्धर्मप्रति आशंका गर्ने, शंका गर्ने वा संदेह गर्छ । उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्थ अवस्थामा उसको मनमा कुरा खेल्छ 'म सद्धर्मप्रति आशंकित भएँ, म शंकालु भएँ वा संदेह गर्ने भएँ । यसकारणले ऊ चिन्तित हुन्छ, दुःखित हुन्छ, पीडित हुन्छ, रुन्छ, पिट्छ अनि मूर्छित हुन्छ । ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुन्छ ।

"ब्राह्मण ! मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त को हुँदैन ? ब्राह्मण ! यहाँ कोही कोही काम-भोगप्रति आसक्तरहित हुन्छ, इच्छारहित हुन्छ, प्रेमरहित हुन्छ, प्यासरहित हुन्छ, जलनरहित हुन्छ अनि तृष्णारहित हुन्छ । उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्त हुँदा उसको मनमा कुरा खेल्दैन– 'मेरो प्रिय काम-भोगले मलाई छाड्ने भयो, मेरो प्रिय काम-भोगलाई मैले छाड्ने भएँ भनी चिन्तित हुँदैन, दुःखित हुँदैन, पीडित हुँदैन, रुने-पिट्ने हुँदैन अनि मूर्छित हुँदैन । ब्राह्मण ! यस्ता व्यक्ति नै मरण- धर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुँदैन ।

"ब्राह्मण ! अनि फेरि यहाँ कोही कोही शरीरप्रति आसक्तरहित हुन्छ, अनिच्छुक हुँदैन, प्रेमरहित हुन्छ, प्यासरहित हुन्छ, जलनरहित हुन्छ अनि तृष्णारहित हुन्छ । उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्त हुँदा उसको मनमा कुरा खेल्दैन– 'मेरो प्रिय शरीरले मलाई छाड्ने भयो, मेरो प्रिय शरीरलाई मैले छाड्ने भएँ भनी चिन्तित हुँदैन, दुःखित हुँदैन, पीडित हुँदैन, रुने-पिट्ने हुँदैन अनि मूर्छित हुँदैन । ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुँदैन ।

"ब्राह्मण ! अनि फेरि यहाँ कोही कोहीले पाप कर्म गर्दैन, रौद्रकर्म गर्दैन, अपराधी हुँदैन, कल्याणधर्मी हुन्छ, कुशलकर्मी हुन्छ तथा भयभीत वा सन्त्रस्त हुनु पर्ने कर्म गर्दैन । उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्त हुँदा उसको मनमा यस्तो विचार आउँछ– मैले पाप कर्म गरेको छैन, रौद्रकर्म गरे- को छैन, अपराध गरेको छैन, कल्याणधर्मी हुँ, कुशलकर्मी हुँ अनि भयभीत वा सन्त्रस्त हुनुपर्ने कर्म गरेको छैन । भो ! जबसम्म पापकर्म गर्दैन, रौद्रकर्म गर्दैन, अपराध गर्दैन, कल्याणकर्मी हुँदा, कुशलकर्मी हुँदा, भयबाट मुक्त हुने



Downloaded from http://dhamma.digital

काम गरेको हुँदा जुन दुर्गति हो, मृत्युपछि त्यो दुर्गतिमा पर्ने छैन भनी चिन्तित हुँदैन, दु:खित हुँदैन, पीडित हुँदैन, रुने-पिट्ने हुँदैन अनि मूर्छित हुँदैन । ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुँदैन ।

"ब्राह्मण ! अनि फेरि यहाँ कोही कोहीले सद्धर्मप्रति आशंका गर्दैन, शंका गर्दैन वा संदेह गर्दैन । उसलाई कुनै डरलाग्दो रोग लाग्छ, भयङ्कर रोगग्रस्त हुँदा उसको मनमा यस्तो विचार आउँछ– 'मैले सद्धर्मप्राति आशंका, शंका वा संदेह गरेको छैन । यसकारणले ऊ चिन्तित हुँदैन, दु:खित हुँदैन, पीडित हुँदैन, रुने-पिट्ने हुँदैन अनि मूर्छित हुँदैन । ब्राह्मण ! यस्ता व्यक्ति नै मरणधर्मी भएर पनि मरणबाट भयभीत तथा सन्त्रस्त हुँदैन ।"

"अति सुन्दर भो गोतम ! अति सुन्दर छ... भो गोतम ! आजदेखि प्राण रहुञ्जेल तपाईं गोतमको शरणमा आएका उपासक हो भनी धारण गर्नुस् ।"

## ५. ब्राह्मणसच्चसुत्तं

१८५. एक समय भगवान राजगहस्थित गिज्झकुट (गृद्धकुट) पर्वतमा बस्नुहुन्थ्यो । त्यस समय प्रसिद्ध, प्रसिद्ध धेरै नै परिव्रा- जकहरू सिप्पिनिकाको तटमारहेको परिव्राजकाराममा बसेका थिए । जस्तै कि अन्नभार, वरधर, सकु-लदायी र अन्य प्रसिद्ध परिव्राजकहरू पनि थिए । भगवान साँझको समयमा ध्यानबाट उठ्नु भई जहाँ सिप्पनिकाको तटमारहेको परिव्राजकाराम हो त्यहाँ जानुभयो ।

त्यस समय त्यहाँ एकत्रित अन्य मतावलम्बि परिव्राजकहरूले यस्तो कुरा गरिरहेका थिए– यी-यी ब्राह्मणहरू सत्य हुन्, यी-यी ब्राह्मणहरू सत्य हुन् । भगवान जहाँ ती परिव्राजकरू थिए त्यहाँ पुग्नुभयो । पुग्नु भई बिच्छ्याइएको आसनमा बस्नु भयो । बस्नु भएपछि भगवानले ती परिव्राजकहरूलाई यसो भन्नुभयो–

"परिव्राजकहो ! यस समय तिमीहरू एकत्रित भई कुन विषयमाा कुरा गरिरहेका थियौ ? यस समय तिमीहरूको बीचमा के कुरा भइरहेको थियो ?"

"भो गोतम ! अहिले हामीहरू एकत्रित भई यस प्रकारका कुरा गरि-रहेका थियौं– यी-यी ब्राह्मणहरू सत्य हुन्, यी-यी ब्राह्मणहरू सत्य हुन् । "



Downloaded from http://dhamma.digital

"परिव्राजकहो ! यी चार प्रकारका ब्राह्मणले सत्यलाई स्वयम्ले अभिज्ञात, साक्षात्कार गरिकन प्रवर्तित गर्दछ । ती चार के के हुन् ? परिव्राजकहो ! यहाँ ब्राह्मणले यसरी भन्ने गर्छन्– समस्तप्राणी अवध्य हुन् । यस्तो भन्ने ब्राह्मणले सत्य भनेको हो र झूटो बोलेको होइन । यस्तो भन्नेको मनमा न आफूलाई 'श्रमण' हुनाको मान हुन्छ । न 'ब्राह्मण' हुनाको मान गर्छ । न 'श्रेष्ठ' हुनाको मान हुन्छ । न कसैको 'समानता' हुनाको मान गर्छ । न कोही भन्दा 'हीन' नै भएको मान गर्छ । तर केवल जुन यथार्थ हो त्यसलाई जानेर उसले प्राणीहरूप्रति दया र अनुकम्पा गर्छ ।

"परिव्राजकहो ! अनि फेरि ब्राह्मणले यसरी भन्छ– 'समस्त काम-भोगहरू अनित्य, दुःख र परिवर्तनशील हो ।' यस्तो भन्ने ब्राह्मणले सत्य बोलेको हो । झूटो बोलेको होइन । यस्तो बोल्नेको मनमा न आफूमा 'श्रमण' हुनाको मान हुन्छ । न 'ब्राह्मण' हुनाको मान गर्छ । न 'श्रेष्ठ' हुनाको मान हुन्छ । न कसैको 'समानता' हुनाको मान गर्छ । न कोही भन्दा 'हीन' नै भएको मान गर्छ । तर केवल जुन यथार्थ हो त्यसलाई जानेर काम-भोगबाट नै निर्वेद, वैराग्य र रागरहित निरोधमा लाग्छ ।

"परिव्राजकहो ! अनि फेरि ब्राह्मणले यसरी भन्छ– न त म कहीँ कसैको कसैमा छु अनि न त मेरो कोही कहीँ केही छ । यस्तो भन्ने ब्राह्मणले सत्य बोलेको हो । झूटो बोलेको होइन । यस्तो बाल्नेको मनमा न आफूमा 'श्रमण' हुनाको मान हुन्छ । न 'ब्राह्मण' हुनाको मान गर्छ । न 'श्रेष्ठ' हुनाको मान हुन्छ । न कसैको 'समानता' हुनाको मान गर्छ । न कोही भन्दा 'हीन' नै भएको मान गर्छ । तर केवल जुन यथार्थ हो त्यसलाई जानेर अकिञ्चनको नै मार्गमा लाग्छ । परिव्राजकहो ! यी चार ब्राह्मणसत्यलाई म स्वयम्ले अभिज्ञात र साक्षात्कार गरी प्रवर्तन गर्दछु ।"

Dhamma Digital

### ६. उम्मग्गसु

१८६. एक समय कोही एक जना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि वहाँ भिक्षुले भगवानसँग यसो सोधे– "भन्ते ! यो लोकलाई कसले लिएर गइरहेको छ ? कसले घसिटिरहेको छ ? के उत्पन्न हुँदा वशीभूत हुन्छ ?"

"साधु*, साधु, भिक्षु ! तिमीले राम्रो खालको बाटोलाई नै, अनि क-

* धन्य, स्यावास, ठीक, राम्रो, बधाई ।



Downloaded from http://dhamma.digital

अनि कल्याण हुने कुरालाई नै सोध्यौ । तिमीले सोधेको यही नै हो– "भन्ते ! यो लोकलाई कसले लिएर गइरहेको छ ? कसले घसिटिरहेको छ ? के उत्पन्न हुँदा वशीभूत हुन्छ ?" "ज्यू हो, भन्ते !" चित्तद्वारा लोकलाई लिएर गइरहेको छ । चित्तद्वारा धसिटिरहेको छ अनि चित्त उत्पन्न हुँदा वशीभूत हुन्छ ।

"साधु भन्ते !" भनी वहाँ भिक्षुले भगवानले भन्नु भएकोलाई अभिनन्दन र अनुमोदन गरी भगवानसँग अर्को प्रश्न गरे– "भन्ते ! बहुश्रुत धर्मधर, बहुश्रुत धर्मधर भन्ने गर्छ । कसरी बहुश्रुत धर्मधर हुन्छ ?

"साधु, साधु, भिक्षु ! तिमीले राम्रो खालको बाटोलाई नै, राम्रो खालको कुरालाई नै अनि कल्याण हुने कुरालाई नै सोध्यौ । तिमीले सोधेको यही नै हो– "भन्ते बहुश्रुत धर्मधर, बहुश्रुत धर्मधर भन्ने गर्छ । कसरी बहुश्रुत धर्मधर हुन्छ ?" "ज्यू हो, भन्ते !" हे भिक्षु ! मैले धेरै नै धर्मदेशना गरेको छु– सुत्तं, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल । यदि चार पदका कुनै पनि गाथाको अर्थ बुझेर, धर्म बुझेर धर्मपूर्वक आचरण गरे त्यो बहुश्रुत धर्मधर हुन्छ ।"

"साधु भन्ते !" भनी वहाँ भिक्षुले भगवानले भन्नु भएकोलाई अभिनन्दन र अनुमोदन गरी भगवानसँग अर्को प्रश्न गरे– "भन्ते ! श्रुतवान निर्वेदक प्रज्ञा, श्रुतवान निर्वेदक प्रज्ञा भन्ने गर्छ । कसरी श्रुतवान निर्वेदक प्रज्ञा हुन्छ ?

साधु, साधु, भिक्षु ! तिमीले राम्रो खालको बाटोलाई नै, राम्रो खालको कुरालाई नै अनि कल्याण हुने कुरालाई नै सोध्यौ । तिमीले सोधेको यही नै हो– "भन्ते ! श्रुतवान निर्वेदक प्रज्ञा, श्रुतवान निर्वेदक प्रज्ञा भन्ने गर्छ । कसरी श्रुतवान निर्वेदक प्रज्ञा हुन्छ ?"

"ज्यू हो भन्ते !" हे भिक्षु ! यहाँ भिक्षुले यो 'दुःख' हो भनी सुनेकोलाई प्रज्ञाद्वारा त्यो शब्दको अर्थलाई गहिरिएर हेर्छ । यो दुःखसमुदय' हो भनी सुनेकोलाई प्रज्ञाद्वारा त्यो शब्दको अर्थलाई गहिरिएर हेर्छ । यो 'दुःखनिरोध' हो भनी सुनेकोलाई प्रज्ञाद्वारा त्यो शब्दको अर्थलाई गहिरिएर हेर्छ । यो 'दुःखनिरोध' हुने मार्ग हो भनी सुनेकोलाई प्रज्ञाद्वारा त्यो शब्दको अर्थलाई गहिरिएर हेर्छ । भिक्षुहो ! यसरी नै श्रुतवान निर्वेदक प्रज्ञा हुन्छ ।

"साधु भन्ते !" भनी वहाँ भिक्षुले भगवानले भन्नु भएकोलाई अभिनन्दन र अनुमोदन गरी भगवानसँग अर्को प्रश्न गरे– "भन्ते ! पण्डित महाप्रज्ञावान, पण्डित महाप्रज्ञावान भन्ने गर्छ । "भन्ते ! कसरी पण्डित महाप्रज्ञावान हुन्छ ?"



Downloaded from http://dhamma.digital

"साधु, साधु, भिक्षु ! तिमी भिक्षुले गरेको जिज्ञासा राम्रो छ, बुझ्न प्रयास गरेको राम्रो छ अनि कल्याण हुने नै प्रश्न गऱ्यौ । तिमीले सोधेको यही नै हो– "भन्ते ! पण्डित महाप्रज्ञावान, पण्डित महाप्रज्ञावान भन्ने गर्छ । "भन्ते ! कसरी पण्डित महाप्रज्ञावान हुन्छ ?" "ज्यू हो, भन्ते !" हे भिक्षु ! यहाँ भिक्षु पण्डित महाप्रज्ञावानले न त आफूलाई पीडा हुने विचार गर्छ, न त अरूलाई पीडा हुने विचार गर्छ अनि न त दुवैपक्षलाई पीडा हुने विचार गर्छ । आफ्नो हित, परहित, उभयहित र समस्त लोक हित हुने नै विचार गर्छ । भिक्षु यसरी ने पण्डित महाप्रज्ञावान हुन्छ ।"

## ७. वस्सकारसुत्तं

१८७. एक समय भगवान राजगहस्थित वेणुवम कलन्दक निवापमा बस्नुहुन्थ्यो । अनि त्यस समय मगधका महामात्य वस्सकार ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानसँग भेटभएपछि प्रसन्न भए । प्रसन्न भई कुशलवार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि मगध महामात्य वस्सकार ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'असत्पुरुष' हो भनी चिन्न सक्छ ?" "ब्राह्मण ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'असत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छैन । "भो गोतम ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'सत्पुरुष' हो भनी चिन्न सक्छ ?" "ब्राह्मण ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'सत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छैन । "भो गोतम ! जो सत्पुरुष हो, सत्पुरुषले 'यो सत्पुरुष' हो भनी चिन्न सक्छ ?" "ब्राह्मण ! जो सत्पुरुष हो, त्यो सत्पुरुषले 'यो सत्पुरुष हो' भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छ ।" "भो गोतम ! जो सत्पुरुष हो, त्यो असत्पुरुष- लाई'यो 'असत्पुरुष' हो भनी चिन्न सक्छ ?" "ब्राह्मण ! जो सत्पुरुष हो, त्यो असत्पुरुषलाई 'यो असत्पुरुष हो' भनी चिन्न सक्ने सम्भा-वना तथा अवकाश छ ।"

"भो गोतम ! यो आश्चर्य हो, भो गोतम ! यो अद्‌भूत हो । जुन तपाईं गोतमद्वारा– "ब्राह्मण ! जो असत्पुरुष हो, त्यो अस- त्पुरुषले यो 'असत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना छैन तथा अवकाश छैन । "ब्राह्मण ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'सत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना र अवकाश छैन । "ब्राह्मण ! जो सत्पुरुष हो, त्यो सत्पुरुषले 'यो सत्पुरुष हो' भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छ ।" "ब्राह्मण ! जो सत्पुरुषहो, त्यो सत्पुरुषले 'यो असत्पुरुष हो' भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छ ।" भनी भन्नु भएको सुभाषित हो ।



Downloaded from http://dhamma.digital

भो गोतम ! एक समय तोदेय्य ब्राह्मणका परिषद परनिन्दामा लागिरहेका थिए । यो राजा एलेय्य हो, श्रमण रामपुत्तप्रति अति नै प्रसन्न छन् । श्रमण रामपुत्तप्रति आदर-सत्कार गर्छन् जस्तो कि अभिवादन, प्रत्युपस्थान अञ्जली-कर्म र भावभक्तिपूर्वक प्रार्थना । एलेय्य राजाका यी सेवकहरू पनि मूर्ख हुन्- यमक, मोगल्ल, उग्ग, नविन्दकी गन्धब्ब र अग्गिवस्स जो श्रमण रामपुत्तप्रति अधिक प्रसन्न छन् । श्रमण रामपुत्तप्रति परम आदर-सत्कार यसरी गर्छन्- जस्तो कि अभिवादन, प्रत्युपस्थान र अञ्जलीकर्म, भावभक्तिपूर्वक प्रार्थना । त्यस बेला आफ्नो परिषदलाई तोदेय्य ब्राह्मणले यसरी कुरा उठायो- "एलेय्य राजाले गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा भन्दा त्यो विषयलाई अर्थसहित जान्न परेमा अर्थसहित जान्नसक्ने पण्डित हो भनी के तपाईंहरू मान्नु हुन्छ ?" "यस्तै हो, एलेय्य राजाले गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा भन्दा त्यस विषयमा अर्थसहित जान्न परे अर्थसहित जान्नसक्ने पण्डित हो ।"

"जसमा कि भो ! एलेय्य राजा पण्डित हो भने श्रमण रामपुत्त वहाँ भन्दा त झन पण्डित हो । एलेय्य राजाले गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा गर्दा त्यो विषयमा अर्थसहित जान्नपरे अर्थसहित जान्नसक्ने पण्डित हो, त्यसैले एलेय्य राजा श्रमण रामपुत्तप्रति अति नै प्रसन्न भएको हो, श्रमण रामपुत्तप्रति श्रद्धासहित आदर-सत्कार गर्ने गर्छन्- अभिवादन, प्रत्युपस्थान, अञ्जलीकर्म र भावभक्ति पूर्ण प्रार्थना ।"

"त्यसो भए के तिमीहरू मान्दछौ ? एलेय्य राजाका सेवकहरू यमक, मोग्गल्ल, उग्ग, नविन्दकी, गन्धब्ब, र अग्गिवेस्सकहरूले गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा गर्दा त्यो विषयमा अर्थसहित जान्नपरे अर्थसहित जान्नसक्ने पण्डित हुन् । "यस्तै हो ! एलेय्य राजाका सेवकहरू यमक, मोग्गल्ल, उग्ग, नविन्दकी, गन्धब्ब र अग्गिवेस्सकहरूले गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा गर्दा त्यो विषयमा अर्थसहित जान्नपरे अर्थसहित जान्नसक्ने पण्डित हुन् ।"

"भो ! जस्तो कि एलेय्य राजाका सेवकहरू पण्डित हो भने श्रमण रामपुत्त तिनीहरू भन्दा पनि पण्डित हुन् । गर्नुपर्ने कार्य गर्दा, भन्नुपर्ने कुरा गर्दा त्यो विषयमा अर्थसहित जान्नपरे अर्थसहित जान्नसक्ने हो । त्यसैले एलेय्य राजाका सेवकहरू श्रमण रामपुत्तप्रति अति प्रसन्न छन् । श्रमण रामपुत्तप्रति परम आदर-सत्कार यसरी गर्छन्- जस्तो कि अभिवादन, प्रत्युपस्थान अञ्जलीकर्म र भावभक्तिपूर्वक प्रार्थना ।



Downloaded from http://dhamma.digital

"भो गोतम ! आश्चर्य हो । भो गोतम अद्‌भूत हो ! जुन कि यो तपाईंद्वारा ब्राह्मण ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो असत्पुरुष हो' भनी चिन्नसक्ने सम्भावना छैन र अवकाश छैन । ब्राह्मण ! जो असत्पुरुष हो, त्यो असत्पुरुषले यो 'सत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छैन । ब्राह्मण ! जो सत्पुरुष हो, त्यो सत्पुरुषले यो 'सत्पुरुष' हो भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छ । ब्राह्मण ! जो सत्पुरुष हो, त्यो सत्पुरुषले यो 'असत्पुरुष हो भनी चिन्न सक्ने सम्भावना तथा अवकाश छ । "भो गोतम ! अब मलाई आज्ञा दिनुहोस् म जान्छु । मैले गर्नुपर्ने धेरै कार्य अनि धेरै कृत्य छन् । "ब्राह्मण ! तिमीले यो समयमा जे उचित ठान्दछौ ।" अनि मगध महामात्य वस्सकार ब्राह्मणले भगवानले भन्नु भएकोलाई अभिनन्दन र अनुमोदन गरी उठेर गए ।

## ८. उपकसुत्तं

१८८. एक समय भगवान राजगहस्थित गिज्झकुट (गृद्धकुट) पर्वतमा बस्नुहुन्थ्यो । त्यस समय मण्डिकापुत्त उपक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि मण्डिकापुत्तले भगवानलाई यसो भने–

"भन्ते ! मेरो यस्तो मत र यस्तो दृष्टि छ जसले अरूलाई दोषी ठहऱ्याउँछ अनि अरूलाई दोषी ठहऱ्याउँदा ऊ स्वयम् सर्वथा निर्दोषी ठहरिँदैन । निर्दोषी भए पनि निन्दनीय तथा दोषका भागी हुन्छ ।

"उपक ! यदि तिम्रो यो मत र दृष्टि छ भने जसले अरू-लाई दोषी ठहऱ्याउँछ अनि अरूलाई दोषी ठहऱ्याउँदा ऊ स्वयम् सर्वथा निर्दोषी ठहरिँदैन । निर्दोषी भएत पनि निन्दनीय तथा दोषका भागी हुन्छ । उपक यदि तिमी भन्छौ– जसले अरूलाई दोषी ठहऱ्याउँछ अनि अरूलाई दोषी ठहऱ्याउँदा ऊ स्वयम् सर्वथा निर्दोषी ठहरिँदैन । निर्दोषी भए पनि निन्दनीय तथा दोषका भागी हुन्छ । त्यसो भए उपक ! तिमी स्वयम्ले अरूलाई दोषी ठहऱ्याउँछौ,अरूलाई दोषी ठहऱ्याउँदा तिमी स्वयम् सर्वथा निर्दोषी ठहरिएन । निर्दोषी भए पनि तिमी निन्दनीय र दोषका भागी भयौ ।"

"भन्ते ! जस्तो कि कोही डुब्न लागेकाले शिर निकाल्दा नै उसलाई ठूलो बन्धनमा बाँधि दिन्छ । भन्ते ! ठीक यसरी नै मैले शिर निकाल्दा नै तपाईंले ठूलो वादको बन्धनले बाँधी दिनुभयो ।"



Downloaded from http://dhamma.digital

"उपक ! मैले यो अकुशल हो भनी प्रज्ञप्त (देशना) गरेको छु । त्यसमा असीम पद तथा असीम व्यञ्जन छन् । तथागतको यो असीम धर्मदेशना हो । जुन कि यो अकुशल हो भनी भनेको छु । त्यो अकुशल त्याग्नु पर्छ भनी मैले धर्मदेशना गरेको छु । त्यसमा असीम पद तथा असीम व्यञ्जन छन् । तथागतको यो असीम धर्मदेशना हो जुन कि यो पाप कर्म त्याग्नु पर्छ भनी भन्ने गरेको छु ।

"उपक ! मैले यो कुशल हो भनी देशना गरेको छु । त्यसमा असीम पद तथा असीम व्यञ्जन छन् अनि तथागतको यो असीम धर्मदेशना हो । जुन कि यो धर्म हो भनी भनेको छु । त्यो धर्म अभ्यास गर्नुपर्छ भनी मैले धर्मदेशना गरेको छु । त्यसमा असीम पद तथा असीम व्यञ्जन छन् अनि तथागतको यो असीम धर्मदेशना हो जुन कि यो कुशल धर्मको अभ्यास गर्नुपर्छ भनी भन्ने गरेको छु ।

अनि मण्डिकापुत्त उपकले भगवानले भन्नु भएकोलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ वेदेहिपुत्त मगधका राजा अजातसत्तु थिए त्यहाँ गए । गएर भगवानसँग जे जति कुरा भएको थियो त्यो समस्त वेदेहिपुत्त मगधका राजा अजातसत्तुलाई सुनाए । सुनाएपछि वेदेहिपुत्त मगधका राजा अजातसत्तु कुपित र असन्तुष्ट भई मण्डिकापुत्त उपकलाई यसो भन्यो– "यो लोणियहरूको गाउँमा बस्ने केटोले गुण ध्वंस गर्ने खालको रहेछ ।" कटुवाचक र बोलक्कड रहेछ । वहाँ जस्तो भगवान अर्हत, सम्यकसम्बुद्धको अपमान गरे । उपक ! तँ यहाँबाट गइहाल । विनाशक ! तँ मेरो सामुन्ने नबस् ।"

## ९. सच्छिकरणीयसुत्तं

१८९. "भिक्षुहो ! चार प्रकारका धर्मलाई साक्षात्कार गर्नुपर्छ । ती चार के के हुन् ? भिक्षुहो ! शरीरद्वारा साक्षात्कार गर्नु पर्ने धर्म छ । भिक्षुहो ! स्मृतिद्वारा साक्षात्कार गर्नु पर्ने धर्म छ । भिक्षुहो ! चक्षुद्वारा साक्षात्कार गर्नु पर्ने धर्म छ । भिक्षुहो ! प्रज्ञाद्वारा साक्षात्कार गर्नु पर्ने धर्म छ ।

"भिक्षुहो ! कुन धर्म शरीरद्वारा साक्षात्कार गर्नु पर्छ ? भिक्षुहो ! अष्ट विमोक्ष[१]लाई शरीरद्वारा साक्षात्कार गर्नुपर्छ ।

---

[१] १। रूपमा रूपसंज्ञी भई हेर्छ, २। अध्यात्ममा अरूप संज्ञी भई बाहिरी रूपहरूलाई हेर्ने हुन्छ, ३। शुभबाट अधिमुक्त हुन्छ, २। समस्त रूपसंज्ञालाई समतिक्रम गरी नानात्वसंज्ञालाई मनमा नलिई



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कुन धर्म स्मृतिद्वारा साक्षात्कार गर्नु पर्छ ? भिक्षुहो ! पूर्वनिवास (पूर्वजन्मका कुरा) लाई स्मृतिद्वारा साक्षात्कार गर्नुपर्छ ।

"भिक्षुहो ! कुन धर्म चक्षुद्वारा साक्षात्कार गर्नु पर्छ ? भिक्षुहो ! सत्वहरूको उत्पत्ति र मृत्युलाई चक्षुद्वारा साक्षात्कार गर्नुपर्छ ।

"भिक्षुहो ! कुन धर्म प्रज्ञाद्वारा साक्षात्कार गर्नु पर्छ ? भिक्षुहो ! आश्रव क्षय गर्न प्रज्ञाद्वारा साक्षात्कार गर्नुपर्छ । भिक्षुहो ! यी नै चार प्रकारका धर्मलाई साक्षात्कार गर्नुपर्छ ।

## १०. उपोसथसुत्तं

१९०. एक समय भगवान सावत्थिस्थित मिगारमाताको प्रासाद पूब्बाराममा बस्नुहुन्थ्यो । त्यो दिन उपोसथको दिनहुनाले भिक्षुसंघद्वारा घेरिएर भगवान बस्नु भएको थियो । त्यस बेला भिक्षुसंघ आर्यमौन भई बसिरहेको देख्नुभई भिक्षुहरूलाई सम्बोधन गर्नुभयो–

"भिक्षुहो ! यो परिषद निःशब्द छ । भिक्षुहो ! यो परिषद शान्त छ, यो परिषद शुद्ध छ अनि सारमा प्रतिष्ठित छ । यसरूपको यो भिक्षुसंघ वा यसरूपको यो परिषद हो । भिक्षुहो ! यो परिषद त्यस्तो परिषद हो जहाँ कि यस प्रकारका परिषद दर्शन गर्न दुर्लभ छ । भिक्षुहो ! यसरूपको यो भिक्षुसंघ वा यसरूपको परिषद हो । यो परिषद आव्हान गर्न योग्य, स्वागत गर्न योग्य, दानदक्षिणा दिन योग्य, बिन्ति गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हो । यसरूपको यो भिक्षुसंघ तथा यसरूपको यो परिषद हो । यस परिषदमा थोरै मात्र (दान) दिँदा पनि धेरै हुन्छ अनि धेरै दिँदा झन अभिवृद्धि हुन्छ । यसरूपको यो भिक्षुसंघ तथा यसरूपको यो परिषद हो । यो परिषदलाई दर्शनार्थ बाटो खर्च लिएर योजनौंसम्म हिँडेर गए पनि हुन्छ । यसरूपको यो भिक्षुसंघ वा यसरूपको परिषद हो ।

---

'अनन्त आकाश' भनी 'आकाशनन्त्यायतन' प्राप्त गर्छ, ५( समस्त 'आकाशनन्त्यायतन' समतिक्रम गरी 'अनन्त विज्ञान' भनी 'विज्ञानन्त्यायतन' प्राप्त गरी बस्छ, ६( समस्त 'विज्ञानन्त्यायतन' समतिक्रम गरी 'केही छैन' भनी 'आकिन्चनन्त्यायतन' प्राप्त गर्छ, ७( समस्त 'आकिञ्चनन्त्यायतन'समतिक्रम गरी 'नेवसंज्ञानासंज्ञायतन' प्राप्त गरी बस्छ अनि ८( समस्त' 'नेवसंज्ञानासंज्ञायतन' समतिक्रम गरी 'संज्ञावेदयित निरोध' प्राप्त गरी बस्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यो भिक्षुसंघमा देव-प्राप्त भिक्षु छन् । भिक्षुहो ! यो भिक्षुसंघमा ब्रह्म-प्राप्त भिक्षु छन् । भिक्षुहो ! यो भिक्षुसंघमा स्थिर-प्राप्त भिक्षु छन् । भिक्षुहो ! यो भिक्षुसंघमा आर्य-प्राप्तभिक्षु छ ।

"भिक्षुहो ! भिक्षु कसरी देव-प्राप्त हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगरहित, ... प्रथमध्यान ... द्वितीयध्यान ... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दु:ख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दु:खरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! देव-प्राप्त भिक्षु यस्तै हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी ब्रह्म-प्राप्त हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले मैत्रीयुक्त चित्तद्वारा (चेतनाले) एक दिशामा फैलाउँछ । दोस्रो दिशामा फैलाउँछ, तेस्रो दिशामा फैलाउँछ, चौथो दिशामा फैलाउँछ ।यसरी नै तल, माथि, तेर्सो, सबैतिर, समस्त लोकमा मैत्रीयुक्त चित्तद्वारा विपुलरूपले, महानरूपले, असीमरूपले, अवैरी र निर्द्वेषीभई फैलाउँछ । ... करुणा... मुदित... उपेक्षायुक्त चित्तद्वारा एक दिशामा फैलाउँछ । दोस्रो दिशामा फैलाउँछ, तेस्रो दिशामा फैलाउँछ । चौथो दिशामा फैलाउँछ । यसरी नै तल, माथि, तेर्सो, सबैतिर, समस्त लोकमा उपेक्षायुक्त चित्तद्वारा विपुलरूपले, महानरूपले, असीमरूपले, अवैरी र निर्द्वेषीभई फैलाउँछ । भिक्षुहो ! ब्रह्म-प्राप्त भिक्षु यस्तै हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी स्थिर-प्राप्त हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले समस्त रूपसंज्ञाबाट पार भई, प्रतिघसंज्ञालाई अस्त गरी,नानात्व संज्ञा मनबाट निकाली 'आकाश अनन्त' छ ! भनी आकाशानन्त्यायतन प्राप्त गरी बस्छ । समस्त आकाशानन्त्यायतन पार गरी 'विज्ञान अनन्त छ' भनी विज्ञानन्त्यायतन प्राप्त गरी बस्छ । समस्त विज्ञानन्त्यायतन पार गरी 'केही पनि छैन' भनी आकिन्चनन्त्यायन प्राप्त गरी बस्छ । आकिन्चनन्त्यायन पार गरी 'न संज्ञा न असंज्ञा' प्राप्त गरी बस्छ । भिक्षुहो ! स्थिर-प्राप्त भिक्षु यस्तै हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी आर्य-प्राप्त हुन्छ ? यहाँ भिक्षुले यो 'दु:ख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ ।



Downloaded from http://dhamma.digital

यो 'दुःखनिरोध हुने मार्ग' हो' भनी यथार्थसहित जानेको हुन्छ । भिक्षुहो ! आर्य-प्राप्त भिक्षु यस्तै हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (२०) ५. महावग्गो

### १. सोतानुगतसुत्तं

१९१. "भिक्षुहो ! ध्यान दिएर धर्म सुन्दा, वचन परिचित हुँदा, मनले सुपरिवेक्षण गर्दा र दृष्टिमा सुदृष्टि हुँदा चार प्रकारका प्रतिफलको आशा गर्न सकिन्छ। ती चार के के हुन् ? यहाँ कोही भिक्षुले सुत्तं,• गेय्य,♣ वेय्याकरण,♦ गाथा,♠ उदान,♥ इतिवुवुत्तक,▽ जातक,• अब्भुतधम्म⊗ र वेदल्ल∅ धर्म परिपूर्ण गर्छ। उसले ती धर्महरू ध्यान दिएर सुन्छ, वचन परिचित हुन्छ मनमा सुविचारक अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ।उसले त्यहाँ सुखमय धर्मपद सुन्न पाउँछ। भिक्षुहो ! ढिलो भएपनि उसमा पहिले सुनेको धर्मका ज्ञान स्मरण हुन्छ। अनि त त्यो सत्व चाँडै नै विशेषगामी (निर्वाणगामी) हुन्छ। मनले सुपरिवेक्षण गर्दा अनि दृष्टिमा सुदृष्टि हुँदा यो पहिलो प्रतिफलको आश गर्न सकिन्छ।

"भिक्षुहो ! अनि फेरि यहाँ कोही भिक्षुले सुत्तं, गेय्यं, वेय्याकरणं, गाथा, उदान, इतिवुत्तक, जातकं, अब्भुतधम्मं र वेदल्लं धर्म परिपूर्ण गर्छ। उसले ती धर्महरू ध्यान दिएर सुन्छ, वचन परिचित हुन्छ मनले सुपरिवेक्षण गर्छ अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँरहँदा सुखमय धर्मपद प्रकट हुँदैन अनि कुनै एक दिन चित्त वशीभूत ऋद्धिवान भिक्षुले त्यहाँ देवपरिषदमा धर्मदेशना गर्छ। त्यस बेला उसको मनमा यस्तो हुन्छ– 'यो अर्थात त्यो 'धर्मविनय' जब कि मैले (पूर्व जन्ममा) ब्रह्मचर्य (शिक्षा) को आचरण गरेको थिएँ। भिक्षुहो !

---

• सूत्र बुद्धोपदेश सग्रहित। ♣ गद्य र पद्यमा भएको बुद्ध वचन। ♦ अभिधर्म, गाथा नभएका तथा व्याख्यात्मक। ♠ धम्मपद, थेरगाथा, थेरीगाथा र अन्य गाथाहरू। ♥ सहर्षपूर्वक व्यक्त गाथा। ▽ भगवानले यस्तो भन्नुभएको छ अर्थात 'इतिबुत्तकं' सूत्रहरू। •५५० जातक कथाहरू। ⊗ जुन जुन सूत्रमा अद्भूत तथा आश्चर्यका कुराहरू पाइन्छन्। ∅ प्रश्नोत्तरद्वारा दिएका उपदेशहरू।



Downloaded from http://dhamma.digital

स्मरण गर्नमा ढिलो भए पनि त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! जस्तै कि कोही व्यक्ति भेरी आवाजमा निपुण हुन्छ। ऊ बाटोमा हिँडिरहँदा भेरीको आवाज सुन्दा 'यो भेरीको आवाज हो कि होइन' भन्ने उसको मनमा शंका वा दोमन हुँदैन। यो भेरीको आवाजै हो भन्ने निश्चित हुन्छ। भिक्षुहो ! भिक्षुले यसरी नै सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका धर्म परिपूर्ण गर्छ, उसले ती धर्महरू ध्यानदिएर सुन्छ, वचन परिचित हुन्छ मनमा सुविचारक अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँ-रहँदा सुखमय धर्मपद प्रकट हुँदैन अनि कुनै एक दिन चित्त वशीभूत ऋद्धिवान भिक्षुले त्यहाँ देवपरिषदमा धर्मदेशना गर्छ। त्यो बेला उसको मनमा यस्तो हुन्छ–'यो अर्थात त्यो 'धर्म-विनय'लाई जब कि मैले पूर्व ब्रह्मचर्य (शिक्षा) को आचरण गरेको थिएँ। भिक्षुहो ! स्मरण गर्नमा ढिलो भएता पनि त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! धर्महरू ध्यान दिएर सुन्दा, वचन परिचित हुँदा मनले सुपरिवेक्षण गर्दा अनि दृष्टिमा सुदृष्टि हुँदा यो दोस्रो प्रतिफलको आश गर्न सकिन्छ।

"भिक्षुहो ! अनि फेरि यहाँ कोही भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका धर्मपरिपूर्ण गर्छ। उसले ती धर्महरू ध्यान दिएर सुन्छ, वचन परिचित हुन्छ, मनले सुपरिवेक्षण गर्छ अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँरहँदा सुखमय धर्मपद प्रकट हुँदैन। न त त्यहाँ चित्त वशीभूत कोही भिक्षु देवपरिषदमा गएर धर्मदेशना गर्छ। तर त्यहाँ देवपुत्रले देवपरिषदमा धर्मदेशना गर्छ। त्यो बेला उसको मनमा यस्तो हुन्छ– 'यो अर्थात त्यो 'धर्म-विनय'लाई जब कि मैले पूर्व ब्रह्मचर्य (शिक्षा) को आचरण गरेको थिएँ। भिक्षुहो ! स्मरण गर्नमा ढिलो भए पनि त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! जस्तै कि कोही व्यक्ति शंख-आवाजमा निपुण हुन्छ। ऊ बाटोमा हिँडिरहँदा शंखको आवाज सुन्दा 'यो शंखको आवाज हो कि होइन' भन्ने उसको मनमा शंका वा दोमन हुँदैन। यो शंखको आवाजै हो भन्ने निश्चित हुन्छ। भिक्षुहो ! भिक्षुले यसरी नै सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका धर्म परिपूर्ण गर्छ। उसले त्यो धर्महरू ध्यान दिएर धर्म सुन्दा, वचन परिचित हुँदा, मनले सु-परिवेक्षण गर्दा र दृष्टिमा सुदृष्टि हुँदा ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँरहँदा सुखमय धर्मपद प्रकट हुँदैन अनि न त चित्त वशीभूत ऋद्धिवान भिक्षुले त्यहाँ देवपरिषदमा धर्मदेशना गर्छ। तर त्यहाँ देवपुत्रले देवपरिषदलाई धर्मदेना गर्छ। त्यो बेला उसको मनमा यस्तो



Downloaded from http://dhamma.digital

हुन्छ– 'यो अर्थात् त्यो 'धर्म-विनय' लाई जब कि मैले पूर्व ब्रह्मचर्यको आचरण गरेको थिएँ। भिक्षुहो ! स्मरण गर्नमा ढिलै भए पनि त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! धर्महरू ध्यान दिएर सुन्दा, वचन परिचित हुँदा मनले सुपरिवेक्षण गर्दा अनि दृष्टिमा सुदृष्टि हुँदा यो तेस्रो प्रतिफलको आश गर्न सकिन्छ।

"भिक्षुहो ! अनि फेरि यहाँ कोही भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका धर्मपरिपूर्ण गर्छ। उसले ती धर्महरू ध्यान दिएर सुन्छ, वचन परिचित हुन्छ, मनले सुपरिवेक्षण गर्छ अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँरहँदा सुखमय धर्मपद प्रकट हुँदैन। न त त्यहाँ चित्त वशीभूत कोही भिक्षु देवपरिषदमा गएर धर्मदेशना गर्छ। अतः ओपपातिकले ओपपातिकलाई (विना माता-पिता आफ्नै कर्मानुसार जन्म लिनले) स्मरण गराउँछ– 'मारिष ! के तिमीलाई सम्झना छ अथवा के तिमीलाई याद छ ? मारिष ! जहाँ कि मैले पूर्व जन्ममा ब्रह्मचर्यको आचरण गरी आएको ! उसले भन्छ– 'याद छ मारिष ! 'याद छ मारिष ! भिक्षुहो ! ढिलै भए पनि स्मरण हुन्छ। अतः त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! जस्तै कि– दुई जना साथी हुन्छन्। तिनीहरू कहिलेकाहीँ एक अर्काकहाँ जाने हुन्छ। कोही एक जना साथीले अर्को साथीलाई भन्छ– 'यो सम्झेर हेर, यो याद गर त !' उसले भन्छ– 'सम्झेको छु साथी, याद छ साथी !' भिक्षुहो ! भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्लका धर्मपरिपूर्ण गर्छ। उसले ती धर्महरू ध्यान दिएर सुन्छ, वचन परिचित हुन्छ, मनद्वारा सुपरिवेक्षण गर्छ अनि दृष्टिमा सुदृष्टि हुन्छ। ऊ मूढ-स्मृति भई मृत्यु हुँदा कुनै एक देवलोकमा उत्पन्न हुन्छ। ऊ त्यहाँरहँदा सुख-मय धर्मपद प्रकट हुँदैन। न त त्यहाँ चित्त वशीभूत कोही भिक्षु देवपरिषदमा गएर धर्मदेशना गर्छ। न त देवपुत्रले देवपरिषदमा धर्मदेशना गर्छ। अतः ओपपातिकले ओपपातिकलाई स्मरण गराउँछ– 'मारिष ! के तिमीलाई सम्झना छ अथवा के तिमीलाई याद छ ? जहाँ कि मैले पूर्व जन्ममा ब्रह्मचर्यको आचरण गरी आएको ! उसले भन्छ–'याद छ मारिष !' 'याद छ मारिष !' भिक्षुहो ! ढिलै भएपनि स्मरण हुन्छ। अतः त्यो सत्व शीघ्रै विशेषगामी हुन्छ। भिक्षुहो ! धर्महरू ध्यान दिएर सुन्दा, वचन परिचित हुँदा मनले सुपरिवेक्षण गर्दा अनि दृष्टिमा सुदृष्टि हुँदा यो चौथो प्रतिफलको आश गर्न सकिन्छ। भिक्षुहो ! धर्महरू ध्यान दिएर सुन्दा, वचन परिचित हुँदा मनले सुपरिवेक्षण गर्दा अनि दृष्टिमा सुदृष्टि हुँदा यी चार प्रकारका प्रतिफलको आश गर्न सकिन्छ।"



Downloaded from http://dhamma.digital

## २. ठानसुत्तं

१९२. "भिक्षुहो ! यी चार कुरालाई चार कुराद्वारा जान्न सक्छ । ती चार के के हुन् ? भिक्षुहो ! सँगैरहँदा शीलवानको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन । भिक्षुहो ! व्यवहारद्वारा नै पवित्रताको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन । भिक्षुहो !आपद आइलाग्दा सामर्थ्यवानको पहिचान हुन्छ । त्यो पन दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन । भिक्षुहो ! विचारविमर्शद्वारा प्रज्ञावानको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन ।

"भिक्षुहो ! व्यक्ति, व्यक्तिसँगरहँदा नै शीलवानको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी भनें किन यसो भनें ? भिक्षुहो ! यहाँ व्यक्ति व्यक्तिसँगरहँदा यसरी थाहा पाउँछ– दीर्घकालदेखि नै यहाँ आयुष्मान शील खण्डकारी, छिद्रकारी, दागकारी, बेमेलकारी, अनिरन्तरकारी, सतत नचल्ने, दुःशील छन् तथा शीलवान होइनन् ।

"भिक्षुहो ! व्यक्ति, व्यक्तिसँगरहँदा नै शीलवानको पहिचान हुन्छ । दीर्घकालदेखि नै यहाँ आयुष्मान शील अखण्डित, छिद्र-रहित, दागरहित, मिलनसार, निरन्तरचल्ने, सततचल्ने, शीलवान हुन् तथा दुःशील होइनन् । भिक्षुहो ! व्यक्ति, व्यक्तिसँगैरहँदा नै शीलवानको पहिचान हुन्छ, त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी जुन भनें यही कारणले भनेको हुँ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति व्यक्तिसँगरहँदा व्यवहारद्वारा नै पवित्रताको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी भनें किन यसो भनें ? भिक्षुहो ! यहाँ व्यक्तिले व्यक्तिसँग व्यवहार गर्दा यसरी थाहा पाउँछ– यो आयुष्मान अर्कै स्वभावको



Downloaded from http://dhamma.digital

रहेछ, एक जनासँग एक प्रकारको व्यवहार, दुई जनासँग अर्कै व्यवहार, तीन जनासँग अर्कै व्यवहार अनि धेरै जनासँग अर्कै व्यवहार गर्दारहेछन् । यसको पहिलो व्यवहारसँग पछिल्लो व्यवहारसँग एक समान छैन । यो आयुष्मानको व्यवहार अशुद्ध छ तथा परिशुद्ध छैन ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति व्यक्तिसँगरहँदा व्यवहारद्वारा नै पवित्रताको पहिचान हुन्छ । यो आयुष्मानले जसरी एक जनासँग व्यवहार गर्ने हो त्यसरी नै दुई जनासँग, तीन जनासँग अनि धेरै जनासँग व्यवहार गर्दारहेछन् । यो आयुष्मानको व्यवहारमा पहिलोसँगको व्यवहार र पछिल्लोसँगको व्यवहारमा समान छ । यो आय- ष्मानको व्यवहार शुद्ध छ तथा अपरिशुद्ध छैन । भिक्षुहो ! यहाँ कोही व्यक्ति व्यक्तिसँगरहँदा व्यवहारद्वारा नै पवित्रताको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनद्वारा विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी जुन भनें यही कारणले भनेको हुँ ।

"भिक्षुहो ! आपत आइपर्दा नै सामर्थ्यवानको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी भनें किन यसो भनें ? भिक्षुहो ! यो संसारमा रहँदा यस्तो आपत आइलाग्छ– आफन्तकोविनाश हुन्छ, भोग विनाश हुन्छ, रोगग्रस्त हुन्छ, लाभ-अलाभ, जश-अपजश, निन्दा-प्रशँसा, सुख-दु:ख यी आठ लोकधर्मद्वारा लोकलाई घेरिएकै हुन्छ, वास्तवमा जन्म लिएर संसारमा बस्नु पर्दा यस्तो आपत आइलाग्छ भनी विचार गर्दैन ।' ऊ आफन्तको विनाश, भोगको विनाश र रोगग्रस्तताले चिन्तित हुन्छ, दु:खित हुन्छ, छाति पिट्दै कहालिन्छ र मूर्छित हुन्छ ।

"भिक्षुहो ! यहाँ कसैको आफन्त विनाश हुँदा, भोग विनाश हुँदा. रोगग्रस्त हुँदा अनि लाभ-अलाभ, जश-अपजश, निन्दा-प्रशंसा,सुख-दु:ख यी आठ लोकधर्मद्वारा लोकलाई घेरिएकै हुन्छ । वास्तवमा जन्म लिएर संसारमा बस्नु पर्दा यस्तो आपत आइग्छ भनी थाहा पाएको हुन्छ । ऊ आफन्तको विनाश, भोगको विनाश र रोगग्रस्त हुँदा चिन्तित हुँदैन, दु:खित हुँदैन, छाति पिट्दै कहालिँदैन र मूर्छित हुँदैन । आपत आइपर्दा साभर्थ्यवानको पहिचान हुन्छ । त्यो पनि दीर्घकालसम्म सँगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँद अनि मूर्ख हुँदा होइन भनी जुन भनें यही कारणले भनेको हुँ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! विचार-विमर्श गर्दा प्रज्ञाको पहिचान हुन्छ । त्यो पनि दीर्धकालसम्म संगैरहँदा, छोटो अवधिमा होइन, मनले विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन भनी भनें किन यसो भनें ? भिक्षुहो ! व्यक्ति व्यक्तिसँ विचार-विमर्श गर्दा यसरी थाहा पाउँछ– यो आयुष्मानको जुन प्रकारको मार्ग हो, जुन प्रकारको व्यवहार हो, जुन प्रकारले प्रश्नको विसर्जन गरे यसबाट त यो आयुष्मान मूर्खरहेछ, प्रज्ञावान होइन । त्यो के कारणले ? त्यो यो कारणले कि यो आयुष्मानले त्यस्तो गम्भीर अर्थपदको कुरा गरेन । जुन शान्त, प्रणीत, तर्कद्वारा अगोचर, निपुण हो । त्यो पण्डितले थाहा पाउँछ । जुन विषय लिएर यो आयुष्मानले धर्मका कुरा गरे त्यसको संक्षेप र विस्तारपूर्वक अर्थ भन्न सक्ने, देशना गर्न सक्ने, प्रज्ञापन गर्न सक्ने, स्थापित गर्न सक्ने, खोलेर देखाउन सक्ने, विभाजन गर्न सक्ने अनि स्पष्ट गरी भन्न सक्ने सामर्थ्य छैन । यो आयुष्मान मूर्ख रहेछ, प्रज्ञावान होइन ।

"भिक्षुहो ! यदि कोही आँखा हुने व्यक्तिले पानी पोखरीको तीरमा बसेर हेर्दा देख्छ– सानो माछा तल-माथि हुँदै चलिरहेको । उसलाई यस्तो लाग्छ– 'जसरी यो माछा तल-माथि हुँदै चलिरहेको छ, जुन यो लहरको घाट छ, जुन यसको वेग छ, यो देख्दै थाहा पाउँछ कि यो माछा सानो छ, ठूलो छैन । भिक्षुहो ! यसरी नै एक व्यक्तिले अर्को व्यक्तिसँग विचार-विमर्श गर्दा थाहा हुन्छ– यो आयुष्मानको जुन मार्ग वा व्यवहार हो अनि जुन प्रकारले प्रश्नको विसर्जन गरे यसबाट त यो आयुष्मान मूर्ख हुन्, प्रज्ञावान होइन । त्यो के कारण ? यसको कारण– आयुष्मानले त्यस्तो गम्भीर अर्थ-पदको कुरा गरेन, जुन शान्त, प्रणीत, तर्कद्वारा अगोचर र निपुण छ भन्ने पण्डितलाई थाहा हुन्छ । जुन विषय लिएर यो आयुष्मानले धर्मका कुरा गरे त्यसको संक्षेप र विस्तारपूर्वक अर्थ भन्नसक्ने, देशना गर्नसक्ने, प्रज्ञापन गर्न सक्ने, स्थापित गर्न सक्ने, खोलेर देखाउन सक्ने, विभाजन गर्नसक्ने अनि स्पष्ट गरी भन्नसक्ने सामर्थ्य छैन । यो आयुष्मान मूर्ख रहेछ, प्रज्ञावान होइन ।

"भिक्षुहो ! यहाँ व्यक्ति व्यक्तिसँग विचार-विमर्श गर्दा थाहा पाउँछ । जुन यो आयुष्मानको मार्ग हो, जुन व्यवहार हो, जसरी प्रश्नको विसर्जन गरे यस प्रकारले त यो आयुष्मान प्रज्ञावान हुन्, मूर्ख होइन । त्यो के कारण ? यसको कारण– यो आयुष्मानले यस्तो गम्भीर अर्थपदको कुरा गरे जुन शान्त, प्रणीत, तर्करहित र निपुण छ भन्ने पण्डितलाई थाहा हुन्छ । जुन विषय लिएर यो आयुष्मानले धर्मका कुरा गरे त्यसको संक्षेप वा विस्तारपूर्वक अर्थ भन्नसक्ने देशना गर्नसक्ने, विभाजन गर्नसक्ने अनि स्पष्टगरी भन्नसक्ने सामर्थ्य छ । यो



Downloaded from http://dhamma.digital

आयुष्मान मूर्ख होइन, प्रज्ञावान हुन् ।

"भिक्षुहो ! यदि कोही आँखा हुने व्यक्तिले पानी पोखरीको तीरमा बसेर हेर्दा देख्छ– ठूलो माछा तल-माथि हुँदै चलिरहेको । उसलाई यस्तो लाग्छ– 'जसरी यो माछा तल-माथि हुँदै चलिरहेको छ, जुन यो लहरको घाट छ, जुन यसको वेग छ, यो देख्दै थाहा हुन्छ कि यो माछा ठूलो छ, सानो होइन । भिक्षुहो ! यसरी नै एक व्यक्तिले अर्को व्यक्तिसँग विचार-विमर्श गर्दा थाहा हुन्छ– यो आयु- ष्मानको जुन मार्ग र व्यवहार हो अनि जुन प्रकारले प्रश्नको विस- र्जन गरे यसबाट त यो आयुष्मान प्रज्ञावान हुन्, मूर्ख होइन । त्यो के कारण ? यसको कारण– आयुष्मानले त्यस्तो गम्भीर अर्थपदको कुरा गरे, जुन शान्त, प्रणीत, तर्कद्वारा अगोचर, निपुण छ भन्ने पण्डितलाई थाहा हुन्छ । जुन विषय लिएर यो आयुष्मानले धर्मका कुरा गरे त्यसको संक्षेप र विस्तारपूर्वक अर्थ भन्नसक्ने, देशना गर्नसक्ने, प्रज्ञापन गर्नसक्ने, स्थापित गर्नसक्ने, खोलेर देखाउनसक्ने, विभाजन गर्नसक्ने अनि स्पष्ट गरी भन्नसक्ने सामर्थ्य छ । यो आयुष्मान प्रज्ञावान हो, मूर्ख होइन ।

"भिक्षुहो ! विचार-विमर्शबाट नै प्रज्ञाको ज्ञात हुन्छ । त्यो पनि दीर्धकालसम्म सँगैरहँदा । छोटो अवधिमा होइन, मनद्वारा विचार पुऱ्याए मात्र, विचार नपुऱ्याएर होइन, प्रज्ञावान हुँदा अनि मूर्ख हुँदा होइन । यो जुन भनें यही कारणले भनें । भिक्षुहो ! यी नै चार कुरालाई चार कुराद्वारा ज्ञात हुन्छ ।"

### ३. भद्दियसुत्तं

१९३. एक समय भगवान वैसालीको महावनस्थित कुटागारशालामा बस्नुहुन्थ्यो । अनि एकदिन भद्दिय लिच्छवि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवाद गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि भद्दिय लिच्छविले भगवानलाई यसो भने– "भन्ते ! यस्तो मैले सुनें– श्रमण गोतम मायावी छन्, वशीकरण गर्ने माया जान्दछन् अनि त्यसैले अन्य तैर्थिकका श्रावकलाई आफ्नो वशीभूत पार्छन् । भन्ते ! तिनीहरूले जुन भनेका हुन् के तिनीहरूले यथार्थै भनेका हुन् कि, झूटो आरोप लगाएका हुन् कि, धर्मपूर्वक नै भनेका हुन् ? सहधार्मिक कसैबाट आरोप लगाई निन्दनीय ठाउँमा आएको त होइन ? भन्ते ! मैले भगवानमाथि केही पनि दोष लगा-उन चाहन्न ।"

"भद्दिय ! तिमी आऊ ! श्रवण, परम्परामा यसरी नै भनेको छ, धर्मग्रन्थमा प्रतिपादन गरेको छ, तर्क सम्मत छ, न्याय सम्मत छ, आकार-



Downloaded from http://dhamma.digital

प्रकारले सुन्दर छ, आफ्नो दृष्टि अनुकूल छ, व्यक्ति आक- र्षक र श्रमण हाम्रा पूज्य हुन् भनी नस्वीकार्नु । जब तिमी आफैले जान्दछौ कि– 'यी धर्म अकुशल (पाप) हो, यो धर्म सदोष छ, यो धर्म विज्ञजनबाट निन्दनीय छ, यो धर्ममा लाग्दा कुभलो र दुःख हुन्छ भने तब हे भीद्दय ! तिमीले नस्वीकार्नु ।

"भद्दिय ! के तिमी मानदछौ ? पुरुषको भित्री मनमा उत्पन्न हुने लोभ उत्पन्न हुँदा भलो हुन्छ कि कुभलो हुन्छ ? "भन्ते ! कुभलो हुन्छ । पुरुष वा सत्व लोभद्वारा लुब्ध हुँदा, वशीभूत हुँदा, चित्तमा दबिँदा प्राणी हिंसा पनि गर्छ, चोरी पनि गर्छ, व्यभिचार पनि गर्छ, भूटो पनि बोल्छ अनि अरूलाई पनि लगाउँदा दीर्घकालकालसम्म कुभलो वा दुःख हुन्छ । "यस्तै नै हुन्छ भन्ते !"

"भद्दिय ! के तिमी मानदछौ ? पुरुषको भित्री मनमा उत्पन्न हुने द्वेष... मोह... क्रोध उत्पन्न हुँदा भलो हुन्छ कि कुभलो ?" "कुभलो हुन्छ भन्ते !" भद्दिय ! पुरुष क्रोधद्वारा क्रोधित हुँदा, वशीभूत हुँदा, चित्तमा दबिँदा प्राणी हिंसा पनि गर्छ, चोरी पनि गर्छ, व्यभिचार पनि गर्छ, भूटो पनि बोल्छ, अरूलाई पनि लगाउँदा दीर्घकालसम्म कुभलो वा दुःख हुन्छ । "यस्तै नै हुन्छ भन्ते !"

"भद्दिय ! तिमीलाई कस्तो लाग्छ ? यी धर्महरू कुशल हुन् कि अकुशल ?" "अकुशल हो, भन्ते !" "सदोष छ कि निर्दोष छ ?" "सदोष छ, भन्ते !" "विज्ञजनद्वार निन्दनीय हुन् कि प्रशंसनीय ?" "विज्ञजनद्वारा निन्दनीय हुन् । भन्ते !" "यो आचरण गर्दा कुभलो वा दुःख हुन्छ कि के हुन्छ ?" "भन्ते ! यस्तो आचरणले कुभलो वा दुःखै हुन्छ । यसबाट त यही नै हुन्छ ।

"भद्दिय ! यसैले मैले तिमीलाई जुन भनें– कि भद्दिय ! श्रवण गरेको भरमा नलाग, परम्परामा नलाग, यसरी नै भनेको हो भनी नलाग, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नलाग, तर्क सम्मत छ भनी नलाग, न्यायोचित छ भनी नमान, आकार-प्रकार राम्रो छ भनी नमान, आफ्नो सिद्धान्त अनुरूप छ भनी नमान, व्यक्ति आकर्षक र हाम्रा श्रमण पूज्य छन् भनी नमान । भद्दिय ! जब तिमीले नै ान्दछौ कि– " यी धर्महरू अकुशल हुन्, यी धर्महरू दोषयुक्त छन्, यी धर्महरू विज्ञजनद्वारा निन्दनीय छन्, यी धर्ममा लाग्दा कुभलो वा दुःख हुन्छ भने त्यसलाई तिमीले छोड्नु भनी मैले जुन भने यही कारणल लिएर भनें ।

"भद्दिय ! तिमी कुनै कुरा श्रवण गरेको भरमा नलाग.. । भद्दिय ! जब तिमीले जान्दछौ कि– " यी धर्महरू कुशल हुन्, यी धर्महरू निर्दोष छन्, यी



Downloaded from http://dhamma.digital

धर्महरू विज्ञजनद्वारा प्रशंनीय हुन्, यी धर्ममा लाग्दा भलो वा सुख हुन्छ भने त्यसलाई तिमीले ग्रहण गरी विचरण गर ।

"भद्दिय ! के तिमी मानदछौ ? पुरुषको भित्री मनबाट उत्पन्न हुने अलोभले कुभलो हुन्छ कि भलो हुन्छ ? "भन्ते ! भलो हुन्छ ।" अलुब्धपनले, पुरुष वा सत्व लोभद्वारा ग्रसित नहुँदा, वशीभूत नहुँदा, चित्तमा नदबिँदा प्राणी हिंसा पनि गर्दैन, चोरी पनि गर्दैन, व्यभिचार पनि गर्दैन, भूटो पनि बोल्दैन, अरूलाई पनि लगाउँदा दीर्घकालसम्म भलो वा सुःख हुन्छ ।" "यस्तै नै हुन्छ भन्ते !"

"भद्दिय ! के तिमी मानदछौ ? पुरुषको भित्री मनमा उत्पन्न हुने अद्वेष... अमोह... अक्रोधले भलो गर्छ कि कुभलो ?" "भलो हुन्छ, भन्ते !" "भद्दिय ! अक्रोधपनले, पुरुष वा व्यक्ति क्रोधले ग्रसित नहुँदा, वशीभूत नहुँदा, चित्तमा दबिँदा प्राणी हिंसा पनि गर्दैन, चोरी पनि गर्दैन व्यभिचार पनि गर्दै, भूटो पनि बोल्दैन, अरूलाई पनि ल गाउँदा दीर्घकालसम्म भलो वा सुःख हुन्छ ।" "यस्तै नै हुन्छ भन्ते !"

"भद्दिय ! तिमीलाई कस्तो लाग्छ त ? यी धर्महरू कुशल हुन् कि अकुशल ?" "कुशल हो, भन्ते !" "सदोष कि निर्दोष ?" "निर्दोष, भन्ते !" "विज्ञजनद्वार निन्दनीय हुन् कि प्रशंसनीय ?" "विज्ञजनद्वारा प्रशँसनीय हुन् । भन्ते !" "यो आचरण गर्दा कुभलो वा दुःख हुन्छ कि के हुन्छ ?" "भन्ते ! यस्तो आचरणले त भलो वा सुःखै हुन्छ, यसबाट यही नै हुन्छ ।"

"भद्दिय ! यसैले मैले तिमीलाई जुन भनें– कि भद्दिय ! श्रवण गरेको भरमा नलाग, परम्परामा नलाग, यसरी नै भनेको हो भनी नलाग, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नलाग, तर्कसम्मत छ भनी नलाग, न्यायोचित छ भनी नमान, आकार-प्रकार राम्रो छ भनी नमान, आफ्नो सिद्धान्त अनुरूप छ भनी नमान, व्यक्ति आक- र्षक र हाम्रा श्रमण पूज्य छन् भनी नमान । भद्दिय ! जब तिमीले जान्दछौ कि– "यी धर्महरू कुशल हुन्, यी धर्महरू दोषमुक्त छन्, यी धर्महरू विज्ञजनद्वारा प्रशंनीय छन्, यी धर्ममा लाग्दा भलो वा सुःख हुन्छ भने त्यसलाई तिमीले ग्रहण गरी विचरण गर भनी मैले जुन तिमीलाई भने यही कारण लिएर भनें ।"

"भद्दिय ! संसारमा विद्यमान जतिपनि सत्पुरुष छन् तिनीहरूले आफ्ना शिष्यहरूलाई यही शिक्षा दिने गर्छ– हे पुरुष ! तिमी आऊ, लोभ शान्त पारेर विचरण गर । लोभ शान्त पारेर विचरण गर्दा लोभबाट उत्पन्न हुने शरीर, वचन र मनद्वारा कर्म गर्दैन । द्वेष शान्त पारेर विचरण गर । द्वेष



Downloaded from http://dhamma.digital

शान्त पारेर विचरण गर्दा द्वेषबाट उत्पन्न हुने शरीर, वचन र मनद्वारा कर्म गर्दैन । मोह शान्त पारेर विचरण गर । मोहशान्त पारेर विचरण गर्दा मोहबाट उत्पन्न हुने शरीर, वचन र मनद्वारा कर्म गर्दैन । क्रोध शान्त पारेर विचरण गर । क्रोध शान्त पारेर विचरण गर्दा क्रोधबाट उत्पन्न हुने शरीर, वचन र मनद्वारा कर्म गर्दैन ।"

भगवानले यसरी भन्नु भएपछि भद्दिय लिच्छविले यसो भन्यो– "अति राम्रो भन्ते !... भन्ते ! मलाई भगवानले आजदेखि प्राण रहुन्जेल शरणागत उपासक भनी धारण गर्नुहोस् ।"

"भद्दिय ! त्यसो त मैले तिमीलाई भनेको छु र ?" "भद्दिय ! तिमी मकहाँ आएर शिष्य होऊ र म तिम्रो शास्ता (गुरु) हुनेछु । "छैन भन्ते !" "भद्दिय ! म यस्तो मतको हुँ । मलाई कोही कोही श्रमण-ब्राह्मणले असत्य, झूटो र अयथार्थ नै निन्दा गर्छन्– 'श्रमण गोतम मायावी छन्, वशीकरण गर्ने माया जान्दछन् अनि त्यसैले अन्य तैर्थिकका श्रावकलाई आफ्नो वशीभूत पार्छन् । "राम्रो हो, भन्ते ! (तपाईंको) माया । कल्याणकारी हो । भन्ते ! वशीकरण मन्त्र । मेरा आफन्त यो वशीकरण मन्त्रमा बशीभूत भएमा म रमाउँछु । मेरा आफन्तको दीर्घकालसम्म भलो र सुख पाएको देख्दा मलाई मनपर्छ । भन्ते ! सबै क्षत्रीहरू यो वशीकरणमा वशीभूत हुन्छ भने सबै क्षेत्रीहरूको भलो र सुख हुन्छ । भन्ते ! सबै ब्राह्मण... वैश्य र शुद्रहरू यो वशीकरणमा वशीभूत हुन्छ भने दीर्घकाल सम्म सबै शुद्रहरूको भलो र सुख हुन्छ ।"

" भद्दिय ! यो यस्तै हो, यो यस्तै नै हो । भद्दिय ! सबैसबै नै क्षत्रीहरू यो वशीकरण मन्त्रमा वशीभूत भई अकुशल धर्म त्याग्छ अनि कुशल धर्मलाई सम्पादन गर्छ भने सबै क्षत्रीहरूको दीर्घकालसम्म भलो र सुख हुन्छ । भद्दिय ! सबै ब्राह्मण... वैश्य... र शुद्रहरू यो वशीकरण मन्त्रमा वशीभूत भई अकुशल धर्म त्याग्छ अनि कुशल धर्म सम्पादन गर्छ भने सबैको दीर्घकालसम्म भलो र सुख हुन्छ । यी सबै देवताहरू, सबै मारहरू, सबै ब्रह्माहरू, सबै श्रमण-ब्राह्मण-प्रजाजनका साथै सबै देव-मनुष्यहरूका निम्ति भलो र सुख हुन्छ । भद्दिय ! यी महत्वशालीहरू पनि यो वशीकरण मन्त्रमा वशीभूत भई अकुशल धर्म त्याग्छ अनि कुशल धर्म सम्पादन गर्छ भने यी महत्व- शालीहरूलाई पनि दीर्घकालसम्म भलो र सुख हुन्छ । मनुष्य-सत्व-हरूलाई त भन्नु नै के !"

### ४. सामुगियसुत्तं

१९४. एक समय आयुष्मान आनन्द कोलियहरूको निगम सामुगिय



Downloaded from http://dhamma.digital

सामुगियमा बस्नुहुन्थ्यो । त्यो बेला सामुगियका कोलिय-पुत्रहरू जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। गएर आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती सामुगिय कोलियपुत्रहरूलाई आयुष्मान आनन्दले भन्नुभयो– भो व्यग्घपज्जहो ! यहाँ भगवान जानकार, दर्शी, अर्हत, सम्यकसम्बुद्धले प्राणीहरूको विशुद्धको निम्ति, शोक-सन्ताप हटाउनको निम्ति, दुःख-पीडा अन्त गर्नको निम्ति, ज्ञान हासिल गर्नको निम्ति अनि निर्वाण साक्षात्कार गर्नको निम्ति यी चार परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्गलाई सम्यक प्रकारले दर्शाउनु भएको छ। ती चार के के हुन् ? शील परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग, चित्त परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग, दृष्टि परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग अनि विमुक्ति परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग ।

व्यग्घपज्जहो ! शील परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको के हो ? व्यग्घपज्जहो ! यहाँ भिक्षु शीलवान हुन्छ... शिक्षापदलाई राम्रोसंग अभ्यास गर्छ । व्यग्घपज्जहो ! शील परिशुद्ध भनेको यही नै हो । यसरी शील परिशुद्धतामा कमी भए परिपूर्ण गर्छु । परिपूर्ण भए त्यस त्यसमा प्रज्ञाद्वारा अनुग्रह गर्छु भनी जसले त्यस्तो चाहना गर्छ, प्रयत्न गर्छ, मन लगाउँछ, पछि हट्‌दैन, स्मृतिवान र चेतनशील हुन्छ । व्यग्घपज्जहो ! शील परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको यही नै हो ।

व्यग्घपज्जहो ! चित्त परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको के हो ? व्यग्घपज्जहो ! यहाँ भिक्षु कामभोगरहित ... चतुर्थ ध्यान लाभी हुन्छ । व्यग्घपज्जहो ! चित्र परिशुद्ध भनेको यही नै हो । यसरी चित्त परिशुद्धतामा कमी भए परिपूर्ण गर्छु। परिपूर्ण भए त्यस त्यसमा प्रज्ञाद्वारा अनुग्रह गर्छु भनी जसले त्यस्तो चाहना गर्छ, प्रयत्न गर्छ, मन लगाउँछ, पछि हट्‌दैन, स्मृतिवान र चेतनशील हुन्छ । व्यग्घपज्जहो ! चित्त परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको यही नै हो ।

"व्यग्घपज्जहो ! दृष्टि परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको के हो ? व्यग्घपज्जहो ! यहाँ भिक्षुले यो 'दुःख' हो ...'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ । दृष्टि परिशुद्ध भनेको यही नै हो । यदि दृष्टि परिशुद्धतामा कमी भए परिपूर्ण गर्छु, परिपूर्ण भए त्यस-त्यसमा प्रज्ञाद्वारा अनुग्रह गर्छु भनी जसले त्यस्तो चाहना गर्छ, प्रयत्न गर्छ, मन लगाउँछ, पछि हट्‌दैन, स्मृतिवान र चेतनशील हुन्छ । व्यग्घपज्जहो ! दृष्टि परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको यही नै हो ।

Downloaded from http://dhamma.digital

"व्यग्घपज्जहो ! विमुक्ति परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको के हो ? व्यग्घपज्जहो ! ती आर्यश्रावकले यो शील परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्गमा सम्पन्न हुन्छ । यो चित्त परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्गमा सम्पन्न हुन्छ । यो दृष्टि परिशुद्धको निम्ति प्रयत्न गर्नुपर्ने अङ्गमा सम्पन्न हुन्छ । आसक्ति हुने धर्म (विषय) बाट चित्त हटाउँछ । विमुक्त हुने धर्मबाट चित्त विमुक्त हुन्छ । उसले आसक्ति हुने धर्मबाट चित्त हटाई, विमुक्त हुने धर्मबाट चित्त विमुक्त गर्दा सम्यक विमुक्तिलाई संस्पर्श ( अनुभव) गर्छ । व्यग्घपज्जहो ! विमुक्ति परिशुद्ध भनेको यही नै हो । यदि विमुक्ति परिशुद्धतामा कमी भए परिपूर्ण गर्छु, परिपूर्ण भए त्यस-त्यसमा प्रज्ञाद्वारा अनुग्रह गर्छु भनी जसले त्यस्तो चाहना गर्छ, प्रयत्न गर्छ, मन लगाउँछ, पछि हट्‌दैन, स्मृतिवान र चेतनशील हुन्छ । व्यग्घपज्जहो ! विमुक्ति परिशुद्धतको निम्ति प्रयत्न गर्नुपर्ने अङ्ग भनेको यही नै हो ।

"व्यग्घपज्जहो ! वहाँ भगवान जानकार, दर्शी, अर्हत, सम्यकसम्बुद्धले प्राणीहरूको विशुद्धको निम्ति, शोक-सन्ताप हटाउनको निम्ति, दुःख-पीडा अन्त गर्नको निम्ति, ज्ञान हासिल गर्नको निम्ति अनि निर्वाण साक्षात्कार गर्नको निम्ति यी चार परिशुद्धताको निम्ति प्रयत्न गर्नुपर्ने अङ्गलाई सम्यक प्रकारले दर्शाउनु भएको छ ।

## ५. वप्पसुत्तं

१९५. एक समय भगवान कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराममा बस्नुहुन्थ्यो । त्यस बेला निगन्थका शिष्य वप्प शाक्य जहाँ आयुष्मान महामोग्गल्लान हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान महामोग्गल्लानलाई अभिवादन गरी एका ठाउँमा बसे । एक ठाउँमा बसेपछि निगण्ठ शिष्य वप्प शाक्यलाई महामोग्गल्लानले यसो भन्नुभयो– "वप्प ! यहाँ मान्छेले शरीर, वचन, मन संयमित गर्छ अनि अविद्यारहित भई विद्या लाभी हुन्छ । वप्प ! के तिमीले यस्को सम्भावना देख्छौ कि जुन कारणले गर्दा त्यो पुरुषको पूर्व जन्मका दुःखानुभूति हुने आश्रवहरू बाँकी रहन्छ ?" "भन्ते ! मैले यसको सम्भाना देख्दछु कि यहाँ मान्छेले पूर्व जन्ममा गरिएको पाप कर्मको फल नभोगेमात्यो पुरुषको दुःखानुभूति आश्रवहरू पुनर्जन्ममा बाँकीरहन्छ यसरी आयुष्मान महामोग्गल्लानसँग निगण्ठ शिष्यका बीच कुराकानी भयो ।

अनि भगवान सन्ध्या समयमा ध्यानबाट उठ्नुभई जहाँ उपस्थानशाला थियो त्यहाँ जानुभयो । त्यहाँ जानुभई बिच्छ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले महामोग्गल्लानलाईसोध्नु भयो– "मोग्गल्लान !



Downloaded from http://dhamma.digital

अहिले तिमीहरू बीच के कुराकानी भइरहेको थियो ? कुन विषय लिएर कुरा चलिरहेको थियो ?" "भन्ते ! मैले निगण्ठका शिष्य वप्प शाक्यलाई यसो भनें– "वप्प ! यहाँ मान्छेले शरीर, वचन, मन संयम गर्छ अनि अविद्यारहित भई विद्या लाभी हुन्छ । वप्प ! के तिमीले यस्को सम्भावना देख्छौ कि जुन कारणले गर्दा त्यो पुरुषको पूर्व जन्मका दुःखानुभूति हुने आश्रवहरू बाँकी रहन्छ ?" भन्ते ! मैले यसरी सोधेपछि निगण्ठका शिष्य वप्प शाक्यले मलाई यसो भन्यो– "भन्ते ! मैले यसको सम्भाना देख्दछु कि यहाँ मान्छेले पूर्व जन्ममा गरिएको पाप कर्मको फल नभोगेमा त्यो पुरुषको दुःखानुभूति आश्रवहरू पुनर्जन्ममा बाँकीरहन्छ । भन्ते ! निगण्ठका शिष्य वप्प शाक्यसँग यही कुराकानी भइरहेको थियो अनि भगवान आइपुग्नु भयो ।"

यसपछि भगवानले निगण्ठका श्रावक वप्प शाक्यलाई यसो भन्नुभयो– वप्प जुन कुरा तिमीलाई मान्य छ ती कुरा मान्नु, जुन कुरा स्वीकार गर्न योग्य छैन त्यो नस्वीकार्नु । यदि मेरो कुरा नबुझेमा मसँग नै त्यसको अर्थ सोध्नु कि भन्ते ! यसको मतलब के हो र कसरी ? यो विषयमा हामी बीच कुरा होस् ।" "भन्ते ! जुन कुरा मलाई मान्य छ ती कुरा मान्छु । जुन कुरा स्वीकार गर्न योग्य छैन त्यो स्वीकार्दिन । यदि कुनै कुरा मैले नबुझेमा भगवानसँग नै अर्थ सोध्नेछु । यसको अर्थ के हो र कसरी ?"

"वप्प ! त्यसोभए शारीरिक क्रियाको कारणले जुन दुःख-कष्ट हुने आश्रव उत्पन्न हुन्छ त्यो शारीरिक क्रियाबाट विरत हुँदा यसबाट दुःख-कष्ट हुने आश्रवरहित हुन्छ भनी के तिमीले मान्दछौ त ? उसले नयाँ कर्म गर्दैन र पुरानो कर्मलाई भोग्दै भोग्दै क्षीण गर्छ । (यो क्षीण गर्ने क्रिया) सांदृष्टिक, निर्जरा, अकालिक (समय प्रतिक्षा गरिरहनु नपर्ने), आएर हेर भन्न मिल्ने, निर्वाण पुऱ्याउने र प्रत्येक विज्ञजनले जान्न-बुझ्न सक्छ । वप्प ! के तिमीले त्यस्तो सम्भावना देख्न सक्छौ ? जुन कारणले गर्दा पुरुषलाई दुःखानुभूति हुने आश्रव भविष्यमा रहनेछ ।" "भन्ते ! सक्दैन ।"

"वप्प ! त्यसोभए वाचसिक क्रियाको कारणले जुन दुःख-कष्ट हुने आश्रव उत्पन्न हुन्छ त्यो वाचसिक क्रियाबाट विरत हुँदा यसबाट दुःख-कष्ट हुने आश्रवरहित हुन्छ भनी के तिमीले मान्दछौ त ? उसले नयाँ कर्म गर्दैन र पुरानो कर्मलाई भोग्दै भोग्दै क्षीण गर्छ । सांदृष्टिक, निर्जरा, अकालिक आएर हेर भन्न मिल्ने, निर्वाण पुऱ्याउने र प्रत्येक विज्ञजनले जान्न-बुझ्न सक्छ । वप्प ! के तिमीले त्यस्तो सम्भावना देख्न सक्छौ ? जुन कारणले गर्दा पुरुषलाई दुःखानुभूति हुने आश्रव भविष्यमा रहनेछ ।" "भन्ते ! सक्दैन ।"



Downloaded from http://dhamma.digital

"वप्प ! त्यसोभए मानसिक क्रियाको कारणले जुन दुःख-कष्ट हुने आश्रव उत्पन्न हुन्छ त्यो मानसिक क्रियाबाट विरत हुँदा यसबाट दुःख-कष्ट हुने आश्रवरहित हुन्छ भनी के तिमीले मान्दछौ त ? उसले नयाँ कर्म गर्दैन र पुरानो कर्मलाई भोग्दै भोग्दै क्षीण गर्छ । सांदृष्टिक, निर्जरा, अकालिक आएर हेर भन्न मिल्ने, निर्वाण पुऱ्याउने र प्रत्येक विज्ञजनले जान्न-बुझ्न सक्छ । वप्प ! के तिमीले त्यस्तो सम्भावना देख्न सक्छौ ? जुन कारणले गर्दा पुरुषलाई दुःखानुभूति हुने आश्रव भविष्यमा रहनेछ ।" "भन्ते ! सक्दैन ।"

"वप्प ! त्यसोभए अविद्याको कारणले जुन दुःख-कष्ट हुने आश्रव उत्पन्न हुन्छ त्यो अविद्याबाट विरत हुँदा यसबाट दुःख-कष्ट हुने आश्रवरहित हुन्छ भनी के तिमीले मान्दछौ त ? उसले नयाँ कर्म गर्दैन र पुरानो कर्मलाई भोग्दै भोग्दै क्षीण गर्छ । सांदृष्टिक, निर्जरा, अकालिक आएर हेर भन्न मिल्ने, निर्वाण पुऱ्याउने र प्रत्येक विज्ञजनले जान्न-बुझ्न सक्छ । वप्प ! के तिमीले त्यस्तो सम्भावना देख्न सक्छौ ? जुन कारणले गर्दा पुरुषलाई दुःखानुभूति हुने आश्रव भविष्यमा रहनेछ ।" "भन्ते ! सक्दैन ।"

"वप्प ! यसरी सम्यक् विमुक्तचित्त भिक्षु छ प्रकारका प्राप्त गरी नित्य विचरण गर्छ । आँखाले रूप देखेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । कानले शब्द सुनेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । नाकले गन्ध सुँघेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । जिब्रोले रसास्वाद लिएर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । शरीरले स्पर्श गरेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । उसले शरीरका पञ्चइन्द्रिय- द्वारा अनुभव गरिरहेको भनी जानेको हुन्छ । जीवन पर्यन्त सुख-दुःख अनुभव गरेकोलाई जीवन पर्यन्त सुख-दुःख अनुभव गरिरहेको छु भनी जानेको हुन्छ । उसले यो शरीर नरहँदा वा जीवन समाप्त हुँदा समस्त वेदनाहरू तथा समस्त राम्रो र नराम्रो लाग्ने अनुभूति- हरू अभिनन्दन नगरि यहीं शान्त भयो भनी जानेको हुन्छ ।" ।

"वप्प ! जस्तो कि वृक्ष हुनाले छायाँ देख्छ । अनि त एक जना मान्छेले कोदालो र टोकरी लिएर आउँछ । उसले त्यो वृक्षलाई जरैदेखि काटी दिन्छ । जरालाई काट्दै खन्ने गर्छ । खनेर जरालाई उखेलि दिन्छ । यहाँसम्म कि मसिना मसिना जराहरू पनि उखेलि दिन्छ । उसले त्यो वृक्षलाई टुक्रा टुक्रा पार्छ । टुक्रा टुक्रा गरेपछि चिरा चिरा पार्छ । चिरा चिरा पारेर



Downloaded from http://dhamma.digital

घाममा सुकाउँछ । घाममा सुकाएपछि आगो बाल्छ । आगो बालेर खरानी पार्छ । खरानी पारेर या त हावामा उडाउँछ, या त शीघ्रगामी नदीको स्रोतमा बगाई दिन्छ । यस प्रकारले वप्प ! वृक्षको कारणले जुन छायाँ थियो त्यो सहित नै उच्छिन्न हुन्छ । त्यो काटेको ताड वृक्ष जस्तै नै हुन्छ । त्यो लुप्त हुन्छ । त्यो फेरि भविष्यमा प्रकट हुँदैन ।

वप्प ! यसरी नै जो भिक्षु सम्यक् रीतिले चित्तविमुक्त हुन्छ । उसले छ प्रकारकालाई प्राप्त गरी नित्य विचरण गर्छ । आँखाले रूप देखेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । कानले शब्द सुनेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । नाकले गन्ध सुँघेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । जिब्रोले रसास्वाद लिएर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । शरीरले स्पर्श गरेर न त प्रसन्न हुन्छ, न त अप्रसन्न हुन्छ, स्मृतिवान र जान्ने-बुझ्ने भई उपेक्षावान हुन्छ । उसले शरीर-का पञ्चइन्द्रियद्वारा अनुभव गरिरहेको भनी जानेको हुन्छ । जीवन पर्यन्त सुख-दुःख अनुभव गरेकोलाई जीवन पर्यन्त सुख-दुःख अनुभव गरिरहेको छु भनी जानेको हुन्छ । उसले यो शरीर नरहँदा वा जीवन समाप्त हुँदा समस्त वेदनाहरू तथा समस्त राम्रो र नराम्रो लाग्ने अनुभूतिहरू अभिनन्दन नगरि यहीँ शान्त भयो भनी जानेको हुन्छ ।"

भगवानले यसरी भन्नु भएपछि निगण्ठका श्रावक वप्प शाक्यले यसरी भन्यो– "भन्ते ! जस्तै कि धनको वृद्धि गर्न चाहने ले बाछ्रालाई पालन-पोषन गर्छ । उसलाई धनको वृद्धि त हुने होइन । तर हैरानी र दुःख मात्र हुन्छ । भन्ते ! यसरी नै मैले अभिवृद्धिको कामना गरेर मूर्ख निगण्ठको संगत गर्नाले मेरो अभिवृद्धि भएन । हैरानी र दुःखको भागीदार भएँ । त्यसैले भन्ते ! आजदेखि निगण्ठप्रति जति पनि श्रद्धा थियो त्यसलाई या त हावामा उडाई दिन्छु या त तीव्र गतिमा बग्ने नदीमा बगाई दिन्छु । भन्ते ! धेरै राम्रो हो... भन्ते, भगवान ! आजदेखि प्राण रहुन्जेल शरणमा आएको उपासक भनी स्वीकार्नुहोस् ।"

### ६. साल्हसुत्तं

१९६. एक समय भगवान वैसालीस्थित कुटागार शालामा बस्नुहुन्थ्यो । त्यस बेला साल्ह लिच्छवी र अभय लिच्छवी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका साल्ह लिच्छवीले भगवानलाई यसो भन्यो–



Downloaded from http://dhamma.digital

"भन्ते ! केही श्रमण-ब्राह्मणहरूले संसाररूपी बाढबाट पार पाउन शील विशुद्धि र तप-जुगुप्सा (दुष्कर चर्या) यी दुई हुन् भनी भन्ने गर्छन् । भन्ते ! यस बारेमा भगवान के भन्नु हुन्छ ?

"साल्ह ! शील विशुद्धिलाई त मैले श्रमण-अङ्ग हो भनी भन्दछु । साल्ह ! जो ती श्रमण-ब्राह्मणहरू तप-जिगुप्सित मतका, दुष्कर तप गर्नमा सार सम्झने, दुष्कर तपस्यामा अनुरक्त भई बस्छ भने ऊ संसाररूपी बाढबाट पार पाउन अयोग्य हुन्छ । साल्ह ! श्रमण-ब्राह्मणका शारीरिक आचरण अपरिशुद्ध भए, वाचसिक आचरण अपरिशुद्ध भए, मानसिक आचरण अपरिशुद्ध भए अनि आजीविका अपरिशुद्ध भए ज्ञानदर्शन गर्न र अनुत्तर सम्बोधि प्राप्त गर्न ऊ अयोग्य हुन्छ ।"

"साल्ह ! जस्तो कि कोही मान्छे नदी तर्न चाहनेले धारिलो बञ्चरो लिएर वन भित्र पस्छ । त्यहाँ उसले साल-वृक्ष नयाँ सीधा राम्रो खालको देखेर त्यसको फेद काटेर ढाल्छ । फेद काटेर ढालेपछि टुप्पो काट्छ, टुप्पो काटेपछि हाँगा-बिँगालाई राम्रोसँग छाँट्छ, हाँगा-बिँगालाई राम्रोसँग छाँटेपछि बसिलाले ताछ्ने गर्छ, बसिलाले ताछेपछि लेख्नेले कोर्ने छ, लेख्नेले कोरेपछि ढुङ्गाको डल्लोले घोट्ने गर्छ अनि ढुङ्गाको डल्लोले घोटेपछि नदीमा राख्छ ।

"साल्ह ! के त्यो मान्छेले नदी तर्न सक्छ भनी तिमी मान्छौ ? "भन्ते ! मान्दिन !" त्यो के कारण ? "भन्ते ! यद्यपि साल-वृक्षलाई बाहिरबाट राम्रोसँग सफा गरे पनि भित्रबाट भने सफा गरेको छैन । त्यसैले यो आश गर्न सक्छ कि त्यो शाल-वृक्ष डुबेर जान्छ अनि त्यो मान्छ विपत्तिमा पर्नेछ ।

"साल्ह ! यसरी नै जो कोही श्रमण-ब्राह्मण 'तप' को नाउँ- मा दुष्कर चर्याको सिद्धान्तमा पर्छ, दुष्कर तप-चर्यालाई नै सार मान्ने, दुष्कर तप-चर्यामा नै अनुरक्त हुनेले संसारको बाढबाट पार पाउन अयोग्य हुन्छ । साल्ह ! जो ती श्रमण-ब्राह्मणका शारीरिक आचरण अपरिशुद्ध, वाचसिक आचरण अपरिशुद्ध, मानसिक आचरण अपरिशुद्ध अनि आजीविका अपरिशुद्ध भए ज्ञानदर्शन गर्न र अनुत्तरसम्बोधि प्राप्त गर्न ऊ अयोग्य हुन्छ ।

"साल्ह ! जो ती श्रमण-ब्राह्मण दुष्कर तपका सैद्धान्तिक मत नभएका दुष्कर तप-चर्यालाई नै सार नमान्ने, दुष्कर तप-चर्यामा नै अनुरक्त नहुनेले संसारको बाढबाट पार पाउन योग्य हुन्छ । साल्ह ! जो ती श्रमण-ब्राह्मणका शारीरिक आचरण परिशुद्ध, वाचसिक आचरण परिशुद्ध, मानसिक आचरण परिशुद्ध अनि आजी- विका परिशुद्ध छ भने ज्ञानदर्शन गर्न र



Downloaded from http://dhamma.digital

अनुत्तर सम्बोधि प्राप्त गर्न ऊ योग्य हुन्छ।

"साल्ह ! जस्तो कि कोही मान्छे नदी तर्न चाहनेले धारिलो बञ्चरो लिएर वन भित्र पस्छ। त्यहाँ उसले साल-वृक्ष नयाँ सीधा राम्रो खालको देखेर त्यसको फेद काटेर ढाल्छ। फेद काटेर ढालेपछि टुप्पो काट्छ, टुप्पो काटेपछि हाँगा-बिँगालाई राम्रोसँग छाँट्छ, हाँगा-बिँगालाई राम्रोसँग छाँटेपछि बसिलाले ताछ्ने गर्छ, बसिलाले ताछेपछि लेख्नेले कोर्नेछ, लेख्नेले कोरेपछि ढुङ्गाको डल्लोले घोट्ने गर्छ अनि ढुङ्गाको डल्लोले घोटेपछि डुङ्गा बनाउँछ, डुङ्गा बनाएपछि डण्डा र पालले बाँध्ने छ। डण्डा र पाल बाँधेपछि नदीमा उतारिन्छ।

"साल्ह ! के त्यो मान्छेले नदी तर्न सक्छ भनी तिमी मान्छौ ? "भन्ते ! मान्छु।" त्यो के कारण ? "भन्ते ! साल-वृक्षलाई बाहिरबाट राम्रोसँग सफा गऱ्यो अनि भित्रबाट पनि सफा गऱ्यो, डण्डा र पाललाई पनि राम्रोसँग बाँधिएको छ। त्यसैले यो आश गर्न सक्छ कि त्यो डुङ्गा डुब्दैन अनि सकुशल पारी पुग्नसक्छ।

"साल्ह ! यसरी नै जो ती श्रमण-ब्राह्मण दुष्कर तपका सैद्धा- न्तिक दुष्कार तपचर्यालाई नै सार नमान्ने, दुष्कर तपचर्यामै अनुरक्त नहुनेले संसारको बाढबाट पार पाउन योग्य हुन्छ। साल्ह ! जो ती श्रमण-ब्राह्मणका शारीरिक आचरण परिशुद्ध, वाचसिक आचरण परिशुद्ध, मानसिक आचरण परिशुद्ध अनि आजीविका परिशुद्ध छ भने ज्ञानदर्शन गर्न र अनुत्तर सम्बोधि प्राप्त गर्न ऊ योग्य हुन्छ।

"साल्ह ! जस्तो कि योद्धा जीविले विचित्र-विचित्र प्रकारका धेरै सीप जानेको हुन्छ अनि ऊसँग तीन कुरा भएमा राजाको निम्ति योग्य हुन्छ, राजाको निम्ति भोग्य हुन्छ अनि राजाको निम्ति अङ्गसमान हुन्छ। ती तीन के के हुन् ? टाढासम्म तीर हान्न सक्छ, तुरन्त निशानबाजी र विशाल कायलाई पनि मर्दन गर्ने हुन्छ।

"साल्ह ! जस्तै कि योद्धा जीविले टाढासम्म तीर हान्न सक्छ। साल्ह ! त्यसरी नै आर्य श्रावक सम्यक समाधियुक्त हुन्छ। उसले अतीत, अनागत र वर्तमान भित्र वा बाहिर, स्थूल वा सुक्ष्म, हीन वा उत्तम, टाढाको वा नजिकको जे जति रूप छन् ती समस्त रूप 'मेरो' होइन, न त्यो 'म' हुँ, – त्यो मेरो 'आत्मा' नै हो भनी यथार्थसहित सम्यकप्रज्ञाले हेर्छ। जे जति वेदना ... संज्ञा ... संस्कार ... र विज्ञान त्यो 'मेरो' होइन, न त्यो 'म' हुँ, न त्यो मेरो



Downloaded from http://dhamma.digital

'आत्मा' नै हो भनी यथार्थसहित सम्यकप्रज्ञाले हेर्छ

"साल्ह ! जस्तै कि तुरन्त निशानबाजी हुन्छ । साल्ह ! त्यसरी नै आर्य श्रावक सम्यकदृष्टियुक्त हुन्छ । जो आर्यश्रावक सम्यकदृष्टि हुन्छ उसले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःख- निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःखनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ ।

"साल्ह ! जस्तै कि विशाल कायलाई पनि मर्दन गर्न सक्छ । त्यसरी नै यहाँ आर्य श्रावक सम्यकविमुक्तियुक्त हुन्छ । साल्ह ! आर्य श्रावकले सम्यक विमुक्तिद्वारा नै विशाल अविद्यास्कन्धलाई मर्दन गर्न सक्छ ।"

## ७. मल्लिकादेवीसुत्तं

१९७. एक समय भगवान सावत्थिस्थित जेतवनमा अनाथ-पिण्डिकको आराममा बस्नुहुन्थ्यो । त्यस बेला मल्लिकादेवी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेपछि मल्लिकादेवीले भग-वानलाई सोधिन्–

"भन्ते ! के कारण र किन यहाँ कोही कोही स्त्री दुर्वर्णी, कुरुपिनी, हेर्दा घिनलाग्दा र दरिद्रीनी तथा भोग्य वस्तु, आफन्त र साथी-सङ्गी कम हुन्छे ?

"भन्ते ! के कारण र किन यहाँ कोही कोही स्त्री दुर्वर्णी, कुरुपिनी, हेर्दा घिनलाग्दी हुन्छे तर धनी, महाधनी, महाभोगी, आफन्त र साथी-सङ्गी धेरै हुन्छे ?

"भन्ते ! के कारण र किन यहाँ कोही कोही स्त्री सुन्दरी, दर्शनीय, परम आकर्षक वर्णले सुसम्पन्ना हुन्छे तर दरिद्रीनी तथा भोग्य वस्तु कम, आफन्त र साथी-सङ्गी कम हुन्छे ?

"भन्ते ! के कारण र किन यहाँ कोही कोही स्त्री सुन्दरी, दर्शनीय, परम आकर्षक वर्णले सुसम्पन्ना हुन्छे धनी, महाधनी, महाभोगी, आफन्त र साथी-सङ्गी धेरै हुन्छे ?

"मल्लिका ! यहाँ कोही कोही स्त्री क्रोधिनी तथा रिसालु हुन्छे । सानै कुरामा पनि रिस गर्ने, कुपित हुने, द्वेषी हुने र कडा स्वभावकी हुन्छे । रिस, द्वेष र असन्तोष प्रकट गर्छे । उसले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धित लेपन, शय- आसन, आवास र प्रदीपादि दान नदिने स्वभावकी



Downloaded from http://dhamma.digital

हुन्छे । ऊ इर्ष्यालु हुन्छे । अरूको लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजादिमा इर्ष्या गर्ने, डाह गर्ने तथा इर्ष्याले बाँधिएकी हुँदा ऊ त्यहाँबाट च्यूत भई स्त्री-रूप लिई जहाँ जहाँ जन्मिन्छे त्यहाँ त्यहाँ दुर्वर्णी, कुरुपिनी, हेर्दा घिनलाग्दी र दरिद्रीनी तथा भोग्य वस्तु, आफन्त र साथी-सङ्गी कम हुन्छे ?

"मल्लिका ! यहाँ कोही कोही स्त्री क्रोधिनी तथा रिसालु हुन्छे । सानै कुरामा पनि रिस गर्ने, कुपित हुने, द्वेषी हुने र कडा स्वभावकी हुन्छे । रिस, द्वेष र असन्तोष प्रकट गर्छे । उसले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धित लेपन, शयनासन, आवास र प्रदीपादि दान दिने स्वभावकी हुन्छे । अरूको लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजादिमा इर्ष्या नगर्ने, डाह नगर्ने तथा इर्ष्याले नबाँधिएकी हुँदा ऊ त्यहाँबाट च्यूत भई स्त्रीरूपलिई जहाँ जहाँ जन्मिन्छे त्यहाँ त्यहाँ दुर्वर्णी, कुरुपिनी, हेर्दा घिन लाग्दी अनुहारकी हुन्छे तर धनी, महाधनी, महाभोगिनी साथै आफन्त र धेरै साथी-सङ्गी हुन्छे ।

"मल्लिका ! यहाँ कोही कोही स्त्री अक्रोधिनी तथा रिसालु हुन्न । ठूलै कुरामा पनि रिस नगर्ने, कुपित नहुने, द्वेषी र कडा स्वभावकी हुन्न । न त रिस, द्वेष र असन्तोष नै प्रकट गर्छे । उसले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धित लेपन, श-यनासन, आवास र प्रदीपादि दान दिने स्वभावकी हुन्न । अरूको लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजादिमा इर्ष्या गर्ने, डाह गर्ने तथा इर्ष्याले बाँधिएकी हुँदा ऊ त्यहाँबाट च्यूत भई स्त्रीरूप लिई जहाँ जहाँ जन्मिन्छे त्यहाँ त्यहाँ रूपवती, सुदर्शनीय, हेर्दा राम्री, परम सुन्दरी हुन्छे तर दरिद्र, भोग्यवस्तु, साथी-सङ्गी कम हुन्छे ।

"मल्लिका ! यहाँ कोही कोही स्त्री अक्रोधिनी तथा रिसालु हुन्न । ठूलै कुरामा पनि रिस नगर्ने, कुपित नहुने, द्वेषी र कडा स्वभावकी हुन्न । न त रिस, द्वेष र असन्तोष नै प्रकट गर्छे । उसले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धितलेपन, शयनासन, आवास र प्रदीपादि दान दिने स्व-भावकी हुन्छे । अरूले पाउने लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजादिमा इर्ष्या नगर्ने, डाह नगर्ने तथा इर्ष्याले नबाँधिएकी हुँदा ऊ त्यहाँबाट च्यूत भई स्त्रीरूप लिई जहाँ जहाँ जन्मिन्छे त्यहाँ त्यहाँ रूपवती, सुदर्शनीय, हेर्दा राम्री, परम सुन्दरी हुन्छे अनि धनी, महाधनी, महाभोगिनी साथै आफन्त र धेरै साथी-सङ्गी हुन्छे ।

"मल्लिका ! यही कारणले स्त्री दुर्वर्णी, कुरुपिनी,हेर्दा घिनलालाग्दी र दरिद्रीनी तथा भोग्यवस्तु, आफन्त र साथी-सङ्गी कम हुन्छ । "मल्लिका ! यही कारणले दुर्वर्णी, कुरुपिनी, हेर्दा घिनलाग्दी हुन्छे तर धनी, महाधनी, महाभोगी,



Downloaded from http://dhamma.digital

आफन्त र साथी-सङ्गी धेरै हुन्छे । मल्लिका ! यही कारणले स्त्री सुन्दरी, दर्शनीय, परमआकर्षक वर्णले सुसम्पन्ना हुन्छे तर दरिद्रीनी तथा भोग्यवस्तु कम, आफन्त र साथीसङ्गी कम हुन्छे । "मल्लिका ! यही कारणले स्त्री सुन्दरी, दर्शनीय, परमआकर्षक वर्णले सुसम्पन्ना, धनी, महाधनी, महाभोगी, आफन्त र साथी-सङ्गी धेरै हुन्छे ।

भगवानबाट यसरी भन्नु भएपछि मल्लिकादेवीले भनिन्– "भन्ते ! म पहिलेको जन्ममा क्रोधिनी तथा रिसालु थिएँ । सानै कुरामा झगडा गर्ने, कुपित हुने, द्वेषी र कडा स्वभावको थिएँ होला । रिस, द्वेष र अप्रसन्नता प्रकट गर्थें होला । भन्ते ! यही कारणले गर्दा म अहिले दुर्वर्णी, कुरुपिणी र हेर्दा घिनलाग्दी रूपकी भएँ ।

"भन्ते ! पहिलेको जन्ममा मैले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धित-लेपन-शयनासन-आवास र प्रदीपका दाता थिएँ । त्यसैले होला भन्ते ! अहिले म धनी-महाधनी र महाभोगवती भएँ ।

"भन्ते ! पहिलेको जन्ममा जब कि अरूको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजनमा इर्ष्या नगर्ने, डाह नगर्ने र इर्ष्याले नबाँधिने थिएँ । त्यसैले होला भन्ते ! अहिले मसँग धेरै आफन्त र साथी-सङ्गी छन् । भन्ते ! यो राजकुलमा क्षत्रीय कन्याहरू छन्, ब्राह्मण कन्याहरू छन्, गृहपति कन्याहरू छन् तिनीहरू माथि मैले ऐश्वर्य-आधिपत्य गर्दछु । भन्ते ! अब म आज देखि अक्रोधि हुन्छु तथा रिसालु हुने छैन, ठूलै कुरामा पनि रिस नगर्ने हुन्छु, कुपित हुँदिन, द्वेषी हुँदिन र कडा स्वभावकी हुँदिन । मैले कुपित भई, द्वेषी भई, अप्रसन्नता प्रकट गर्दिन । मैले श्रमण-ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-सुगन्धित-लेपन-शयनासन-आवास र प्रदीपका दाता हुन्छु । अरूको लाभ-सत्कार-गौरव-मान-वन्दना-पूजादिमा इर्ष्या नगर्ने, डाह नगर्ने तथा इर्ष्याले बाँधिएकी हुँदिन । धेरै राम्रो, भन्ते !... आज देखि प्राण रहुञ्जेल शरणमा परेकी उपासिका हो भनी भगवानले स्वीकार्नुहोस् ।"

### ८. अत्तन्तपसुत्तं

१९८. "भिक्षुहो ! चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् । कस्ता चार प्रकारका ? १भिक्षुहो ! यहाँ एक प्रकारका व्यक्तिले आफूलाई सन्तप्त पार्छ तथा आफूलाई संकष्ट दिनमा लागिरहन्छ । २भिक्षुहो ! यहाँ एक प्रकारका व्यक्तिले अरूलाई सन्तप्त पार्छ तथा अरूलाई संकष्ट दिनमा लागिरहन्छ । ३भिक्षुहो ! यहाँ एक प्रकारका व्यक्तिले आफूलाई सन्तप्त



Downloaded from http://dhamma.digital

पार्छ तथा आफूलाई संकष्ट दिनमा लागिरहन्छ अनि अरूलाई पनि सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ।४भिक्षुहो ! यहाँ एक प्रकारका व्यक्तिले आफूलाई सन्तप्त पार्दैन तथा आफूलाई संकष्ट दिनमा लागिरहँदैन अनि अरूलाई पनि सन्तप्त पार्दैन तथा संकष्ट दिनमा लागिरहँदैन । ऊ यसै जीवनमा तृष्णारहित भई, निवृत्त भई शान्तिको अनुभूति तथा सुखानुभूतिद्वारा श्रेष्ठमय जीवन व्यतित गर्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले आफूलाई सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ? एक प्रकारका नग्न, शिष्टाचार नभएको, हात चाट्ने, भद्दन्त आउनुहोस् भन्दा नआउने, भद्दन्त पर्खनुस् भन्दा नपर्खिने, ल्याई दिएको नखाने, उद्देश्य गरी बनाएको नखाने अनि निमन्त्रण नस्वीकार्ने हुन्छ । उसले घडाबाट लिई दिएको लिँदैन, ओखलबाट लिई दिएको लिँदैन, दैलोमा बसेर दिएको लिँदैन, मूसल बीचबाट दिएको लिँदैन, दुई जनाले खाइरहँदाको लिँदैन, गर्भिनीबाट लिँदैन, दूध पिलाउँदै गर्दा लिँदैन, पुरुषकहाँ गएको भए लिँदैन, संग्रह गरिएकोबाट लिँदैन, कुकुर भएको ठाउँबाट लिँदैन, झिँगा उडिरहेको ठाउँबाट लिँदैन, उसले न माछा खान्छ, न मासु खान्छ, न रक्सि पिउँछ, न जाँड पिउँछ अनि न चौलानी पिउँछ । उसले एउटै घरबाट पाएको खान्छ वा एक गाँस मात्रै खान्छ । दुई घरबाट पाएको दुई गाँस मात्र खान्छ । सात घरबाट पाएको सात गाँस मात्रै खान्छ । यसरी दिनमा एक पल्ट, दुई दिनमा एक पल्ट... सातदिनमा एकपल्ट वा अर्धमासमा एक पल्ट खाएर जीविका चलाउँछ ।

"उसले साग पनि खान्छ, सामाक पनि खान्छ, धान पनि खान्छ, दद्दुल (एक प्रकारको धान) पनि खान्छ, हट (सागसब्जी) पनि खान्छ, कणिका पनि खान्छ, आचाम पनि खान्छ, पिना पनि खान्छ, घाँस पनि खान्छ, जङ्गलमा पाइने कण्डमूल, फल र रूखबाट खसेको फल पनि खान्छ ।

"उसले सन कपडा पनि धारण गर्छ, सन मिश्रित कपडा पनि धारण गर्छ, धूलोमा फ्याँकिएको कपडा पनि धारण गर्छ, एक प्रकारको रूखको बोक्राबाट बनेको कपडा पनि धारण गर्छ, अजिन (मृग)को छालाकोबाट बनेको कपडा पनि धारण गर्छ, अजिन चर्मको पट्टिबाट बनेको वस्त्र धारण गर्छ, कुशबाट बनेको वस्त्र धारण गर्छ, एक प्रकारको बोक्रा (याक) बाट बनेको वस्त्र धारण गर्छ फलेकबाट बनेको वस्त्र धारण गर्छ, केशबाट बनेको कम्बल धारण गर्छ, पुच्छरको केशबाट बनेको कम्बल धारण गर्छ । लाटोकोसेरोको प्वाँख लिएर पनि धारण गर्छ, केश-दाढी लुछ्ने गर्छ, केश-दाढी लुछ्नमा लागिरहन्छ, नबसिकन उभीरहन्छ, टुकुक्क बस्छ, टुकुक्क बसिरहन्छ,



Downloaded from http://dhamma.digital

काँडामा सुत्छ, काँडामा सुतिरहन्छ, दिनको तीनपटक नुहाउँछ । यस्तै यस्तै अनेकौ प्रकारले शरीरलाई सन्तप्त पार्छ । भिक्षुहो ! यसरी नै आफू सन्तप्त हुन्छ तथा आफूलाई संकष्ट हुनेमा लागिरहन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले अरूलाई सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति भेडा, सुँगुर, मृग, रपंक्षी मारेर कुकर्म गर्छ, माछा मार्छ, चोर्छ, चोरघातक, गौ घातक, जल्लाद अनि अरू पनि जजस्ले क्रुर कर्म गर्छन् । भिक्षुहो ! यस्ता व्यक्ति नै अरूलाई सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले आफूलाई सन्तप्त पार्छ तथा आफूलाई संकष्ट दिनमा लागिरहन्छ अनि अरूलाई पनि सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ? भिक्षुहो ! कोही कोही क्षत्रीय मुकुटधारी राजा हुन्छ वा महाधनाढच ब्राह्मण हुन्छ । उसले नगरको पूर्वतिर संस्थागार बनाउन दिन्छ । उसले केश-दाढी खौरेर मृग छाला लगाएर, शरीरमा मक्खन-तेल मलेर,मृग सिङ्गद्वारा पिठचूँमा कन्याउँदै नयाँ संस्थागारमा महेषी, ब्राह्मण र पुरोहितसँग प्रवेश गर्छ । त्यहाँ दूबो छडेर, गोबरले लिपेर राखेको भुईमा सुत्छ । आफ्नो रँग जस्तै बाछाको माउबाट एक थूनको दूध राजाले पिउँछ, दोस्रो थूनको दूध महेषीलाई पिलाउँछ, तेस्रो थूनको दूध ब्राह्मण पुरोहितले पिउँछ अनि चौथो दूधको थून यज्ञ होममा लगाउँछ । शेष दूध बाछालाई पिलाउँछ । उसले यसो भन्छ– यज्ञको निम्ति यति वृषभ मार्नु, यज्ञको निम्ति यति बाछा मार्नु, यज्ञको निम्ति यति बाछी मार्नु,, यज्ञको निम्ति यति बाखा मार्नु, यज्ञको निम्ति यति भेडा मार्नु, यज्ञको निम्ति यति घोडा मार्नु, यज्ञको निम्ति यति बाछा मार्नु, खम्बाको निम्ति यति रूख काट्नु अनि घाँसको निम्ति यति दूबो ल्याउनु । जति पनि दास, सन्देशवाहक वा कामदार छन् तिनीहरू पनि दण्डबाट भयभीत हुन्छन्, डरले थरथर काम्छन, अश्रुमुख हुँदै ती ती काम गर्छन् । भिक्षुहो ! यसरी नै आफूलाई सन्तप्त पार्छ तथा आफूलाई संकष्ट दिनमा लागिरहन्छ अनि अरूलाई सन्तप्त पार्छ तथा संकष्ट दिनमा लागिरहन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले आफूलाई सन्तप्त पार्दैन तथा संकष्टमा लगाउँदैन अनि अरूलाई पनि सन्तप्त पार्दैन तथा संकष्टमा लगाउँदैन ? उसले आफूलाई सन्तप्त नहुने गरी यही शरीरमा तृष्णारहित, तृष्णाबाट पूर्णरूपले अलगिगएर शान्त हुन्छ । सुखानुभूति, ब्रह्मभूति (उत्तम जीवन व्यतित गर्ने) हुन्छ । भिक्षुहो ! यो लोकमा तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका गुरु, बुद्ध, भगवान उत्पन्न हुन्छ । वहाँले यो लोकसहित समस्त



Downloaded from http://dhamma.digital

देव, समस्त मार, समस्त ब्रह्मा, समस्त श्रमण-ब्राह्मण-प्रजा, समस्त देव-मनुष्यलाई स्वयम्ले जानेर, साक्षात्कार गरी प्रवर्तन (धर्म देशना) गर्छ। वहाँले आदि कल्याण, मध्यकल्याण अन्तकल्याण, सार्थक, अर्थसहित परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको प्रकाश पार्छ। त्यो धर्मलाई गृहपति वा गृहपति पुत्र वा अन्य कुलमा जन्मेकाले सुन्छ। उसले त्यो धर्मलाई सुनेर तथा- गतप्रति श्रद्धावान हुन्छ। ऊ श्रद्धावान हुन्छ, श्रद्धासम्पन्न हुँदा उसले सोच्छ– गृहस्थमा बस्नु बाधायुक्त हो, धूल-मार्ग हो अनि प्रव्रज्या भनेको खुला आकाश हो। घरमारहँदा सम्पूर्णरूपले शंखसमान परिशुद्ध श्रेष्ठ जीवन व्यतित गर्न पाउँदैन। किन मैले केश-दाह्री खौरेर गृहस्थाश्रम त्यागेर काषाय वस्त्र धारण गरी तथा अना- गारिक भई प्रव्रजित नहोऊँ! उसले धेरै वा थोरै सम्पत्ति त्याग्छ। धेरै वा थोरै आफन्त त्याग्छ। केश-दाह्री खौरेर काषाय वस्त्र धारण गरी घरवार त्यागी अनागारिक भई प्रव्रजित हुन्छ।

"ऊ प्रव्रजित भई भिक्षु नियम-शिक्षा र आजीविकामा युक्त भई प्राणी हिंसाबाट विरत हुन्छ। दण्ड त्यागी, शस्त्र त्यागी, लज्जाशील, दयावान, समस्त प्राणीको भलो गर्ने हुन्छ। चोरी कार्य छाडेर चोरी कार्यबाट विरत हुन्छ। दिएको लिने, दिइनेको नै आश गर्ने चोरी कार्यबाट अलगिएर आफ्नो जीवन पवित्र पार्छ। अब्रह्मचर्य छाडेर ब्रह्मचारी हुन्छ। दुश्चरित्र बाट, असत्धर्मबाट, ग्रामधर्म (मैथुन कर्म) बाट विरत हुन्छ। सत्यवादी, विश्वासी, यथार्थवादी, पत्यारिलो र लोकमा झूटो बोली नबोल्ने हुन्छ। चुक्ली गर्न छाडेर चुक्ली वचनबाट विरत रहन्छ। यहाँ कुरा सुनेर एक आपसका बीच भेद गराउँदैन, नमिलेकालाई मिलाउँछ, मिलेकालाई मेल बढाउँछ, एकता मन पराउँछ, एकतामा रमाउँछ, एकतामा आनन्द मान्ने र एकता वृद्धि हुने कुरा गर्छ। कठोर बोली छाडेर कठोर बोली बोल्नबाट विरत हुन्छ, बोली वचन मधुर हुन्छ, कर्ण प्रिय हुन्छ, प्रेममय हुन्छ, हृदयस्पर्शी हुन्छ, विनयी हुन्छ, धेरै जनाले मन पराउँछ तथा धेरै जनाको निम्ति प्रिय हुने बोली बोल्छ। बेकारको कुरा गर्न छाडेर बेकारको कुरा गर्नबाट विरत हुन्छ। समयोचित कुरा गर्छ, सत्य कुरा बोल्छ, राम्रो कुरा गर्छ, धर्मको कुरा गर्छ, विनयका कुरा गर्छ, निधिसमान बोली बोल्छ, समयमा बोल्छ, तर्कानुकूल बोल्छ, सीमित बोल्छ तथा हितानुकूल हुने बोल्छ।

"उसले बीऊ-वीजन उद्‌भीद पदार्थलाई विनष्ट गर्दैन। एक छाक खान्छ, रात्रीको भोजन गर्दैन, विकाल भोजन (मध्यान्न पश्चात) विरत हुन्छ। नाच-गान-वाद्य-अश्लील हेर्नबाट विरत हुन्छ। माला-सुगन्धलेपन-धारण-मण्डन-सजावत र विभूषणादिबाट विरत हुन्छ। उच्चासन-महासनबाट विरत हुन्छ। सुन-चाँदी-रूपिया-पैसा लिनबाट विरत हुन्छ। काँचो अन्न लिन बाट



Downloaded from http://dhamma.digital

विरत हुन्छ । काँचो मासु लिनबाट विरत हुन्छ । स्त्री वा कुमारी लिनबाट विरत हुन्छ । दास-दासी लिनबाट विरत हुन्छ । हात्ती-घोडा-घोडी-गोरु लिनबाट विरत हुन्छ । खेत-जमीन-ताल-पोखरी लिनबाट विरत हुन्छ । सन्देश वाहक दूतको काम गर्नबाट विरत हुन्छ । क्रय-विक्रय गर्नबाट विरत हुन्छ । तराजूमा ठगी गर्नबाट विरत हुन्छ । पाठी-मानामा ठगी गर्नबाट विरत हुन्छ । स्वर्ण ठगी गर्नबाट विरत हुन्छ । घुसखोर हुँदैन, छकाउने गर्दैन । काट्ने, मार्ने, बाँध्ने, लुट्ने, डकैट गर्ने आदि दुस्साहसिक कार्यबाट विरत हुन्छ ।

"ऊ शरीरको आधार चीवर-पात्र अनि पेटको आधारपिण्डपातद्वारा सुन्तुष्ट हुन्छ । ऊ जहाँ जहाँ जान्छ चीवर-पात्र लिएर जान्छ । जस्तै कि पंक्षी जहाँ जहाँ उडेर जान्छ आफ्नो प्वाँखको बलमा नै उडेर जान्छ । यस्तै गरी शरीरको आधार चीवर अनि पेटको आधार पिण्डपातद्वारा सुन्तुष्ट हुन्छ । ऊ जहाँ जहाँ जान्छ चीवर-पात्र लिएर जान्छ । ऊ यो आर्य शीलस्कन्धले युक्त भई आफ्नो भित्र निर्दोष सुखको अनुभव गर्छ ।

उसले चक्षुद्वारा 'रूप' हेरेर निमित्त ग्रहण गर्दैन । न त त्यसमा विभिन्न प्रकारको विषय ग्रहण गर्छ । चक्षु इन्द्रिय असंयमित हुँदा लोभ र द्वेष पापमय अकुशल धर्मको घर नबनोस् भन्ने कामना गर्छ । त्यसमा संयमित हुन कटिबद्ध हुन्छ । चक्षु इन्द्रिय चञ्चल हुनबाट रक्षा गर्छ । चक्षु इन्द्रिय संयमित हुन्छ । त्यस्तै गरी श्रोतद्वारा 'शब्द' सुनेर ... घ्राणद्वारा 'गन्ध' सुँघेर ... जिव्हा- द्वारा 'रसास्वाद' लिएर, शरीरद्वारा 'स्पर्श' गरेर अनि मनद्वारा 'धर्म' (मन विषयमा) निमित्त ग्रहण गर्दैन, विभिन्न प्रकारको अनुव्यञ्जन ग्रहण गर्दैन । मन इन्द्रिय असंयमित हुँदा लोभ र द्वेष पापमय अकुशल धर्मको घर नबनोस् भन्ने कामना गर्छ । त्यसमा संयमित हुन कटिबद्ध हुन्छ । मन इन्द्रिय चञ्चल हुनबाट रक्षा गर्छ । मन इन्द्रिय संयमित हुन्छ । ऊ यो आर्य इन्द्रियमा संयमित भई आफू भित्रको निर्मल सुखको अनुभव गर्छ ।

"ऊ अघि लाग्दा वा पछि लाग्दा जान्ने वा बुझ्ने (होशियार) हुन्छ । हेर्दा-देख्दा जान्ने वा बुझ्ने हुन्छ, खुम्च्याउँदा-फैलाउँदा जान्ने वा बुझ्ने हुन्छ । संघाटी-पात्र-चीवर धारण गर्दा जान्ने वा बुझ्ने हुन्छ । खाँदा-पिउँदा-स्वाद लिँदा जान्ने वा बुझ्ने हुन्छ । दिसा-पिसाब गर्दा जान्ने वा बुझ्ने हुन्छ । हिँड्दा-उभिँदा-बस्दा-सुत्दा-जागृत हुँदा, कुरा गर्दा र चूप लाग्दा जान्ने वा बुझ्ने हुन्छ ।

"ऊ यो आर्य शीलस्कन्धंद्वारा सम्पन्न हुन्छ । यो आर्य सन्तुष्टतामा सम्पन्न हुन्छ । यो आर्य इन्द्रिय संयमिततामा सम्पन्न हुन्छ । यो आर्य स्मृति



Downloaded from http://dhamma.digital

सम्प्रजन्य (होश पुऱ्याएर जान्ने वा बुझ्ने) हुन्छ । एकान्त स्थानको शयनासन जङ्गल, वृक्षमूल, पर्वत, कन्दरा, गुफा, श्मसान, वन, खुल्ला आकाश र परालपुञ्जमा ठाउँ बनाएर बस्छ । ऊ पिंडपातबाट फर्केर भोजन पश्चात शरीर सीधा राखेर पलेटी कसेर स्मृतिलाई आफू सम्मुख राखेर बस्छ । उसले संसारिक लोभ त्यागेर निर्लोभी हुन्छ । चित्तबाट लोभ हटाउँछ । व्यापाद वा द्वेष त्यागेर द्वेषरहित भई समस्त प्राणीप्रति हितानुकम्पी हुन्छ । चित्तबाट व्यापाद हटाउँछ । शारीरिक र मानसिक आलस्य त्यागेर शारीरिक र मानसिक आलस्यरहित भई, आलोकसंज्ञी (उज्यालो संज्ञी) भई स्मृतिसहित सम्प्रजन्ययुक्त चित्तबाट आलस्य हटाउँछ । औद्धत्यकौकृत्य (शारीरिक र मानसिक बेचैन अस्थिरपन) त्यागेर औद्धत्य-कौकृत्यरहित भई भित्री शान्त चित्त भई, चित्तबाट औद्धत्यकौकृत्य हटाउँछ । शंका त्यागेर शंकाबाट उत्तीर्ण भई, कुशल धर्ममा संदेहरहित हुनुकासाथै चित्तबाट शंका हटाउँछ । उसले यो पञ्च नीवरण हटाई चित्तको क्लेश दुर्बल गरी कामभोगरहित ... चतुर्थध्यान प्राप्तगरी बस्छ ।

"ऊ समाहित, परिशुद्ध, निर्मल, निर्दोष, क्लेशरहित, मृदु, नरम र स्थिर हुँदा उसले पूर्वजन्मको स्मरण ज्ञानमा चित्त लगाउँछ... सत्वको च्यूति र उत्पन्न हुने सम्बन्धित ज्ञानमा चित्त लगाउँछ... आश्रव क्षय हुने सम्बन्धित ज्ञानमा चित्त लगाउँछ । उसले यो 'दु:ख हो' भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:ख- निरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थ सहित जानेको हुन्छ । उसले यो 'आश्रव*' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रवसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रवनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रवनिरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ ।

"उसले यसरी जानेपछि, देखेपछि कामाश्रव*बाट चित्त हटाउँछ, भवाश्रव*बाट चित्त हटाउँछ अनि अविद्याश्रव*बाट चित्त हटाउँछ (ऊ विमुक्त हुन्छ) । विमुक्त भएपछि विमुक्त भएँ भन्ने ज्ञान हुन्छ । जन्म र मृत्यु क्षीण

---

* बाढमा बगेर जानु वा प्रवाहित हुनु । * पञ्चकामादि विषयहरूमा रागद्वारा बाढमा प्रवाहित ।
* रूप र अरूप भवमा रागादिद्वारा बाढमा प्रवाहित । * दु:खादिका कारणहरू नजान्नाले संसारको बाढमा प्रवाहित ।

Downloaded from http://dhamma.digital

भयो, ब्रह्मचर्य पूरा भयो, गर्नु पर्ने कार्य गरिसकें र अब पुनः जन्मिनु नपर्ने भएँ भनी जानेको हुन्छ । भिक्षुहो ! यसरी आफूलाई सन्तप्त पार्दैन तथा संकष्टमा लगाउँदैन अनि अरूलाई पनि सन्तप्त पार्दैन तथा संकष्टमा लगाउँदैन । ऊ न आफू सन्तप्त हुन्छ, न त अरूलाई सन्तप्त पार्छ, उसले यसै शरीरमा नै तृष्णाविहिन गरी, निर्वृत्त गरी शान्तस्वरूपको स्वरूपको भई, सुखानुभव गर्दै श्रेष्ठमय जीवनमा आफू लाग्छ । भिक्षुहो ! यी नै चार प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

## ९. तण्हासुत्तं

१९९. भगवानले भन्नुभयो– "भिक्षुहो ! तृष्णाको बारेमा भन्छु– जुन जालसमान छ, स्रोत (नदी-स्रोत) समान छ, फैलिएर जानेसमान छ, आसक्तिसमान छ अनि चारैतिरबाट जकडिएको छ यसैले गर्दा लोक ध्वस्त हुन्छ । गुजुल्टो परेको टाँट, गुजुल्टो परेको धागोको डल्लो, गुजुल्टो परेको मुञ्जबब्बर (खर वा खर जस्तो लामो घाँस) जस्तो हो । जसले गर्दा नर्क, दुर्गति पतन र संसारको चक्र (जन्म र मृत्युको चक्र) बाट मुक्त हुन पाउँदैन । त्यसलाई राम्रोसँग सुन र मनमा धारण गर भन्नेछु ।

"भिक्षुहो ! जालसमान, स्रोतसमान, फैलिएर जानेसमान, आसक्ति नै तृष्णा हो । चारैतिरबाट जकडिएकोले नै लोक ध्वस्त पार्छ । गुजुल्टो परेको टाँट, गुजुल्टो परेको धागोको डल्लो, गुजुल्टो परेको मुञ्जबब्बर जस्तै जकडिनाले नर्क, दुर्गति, पतन र संसारको चक्रबाट मुक्त हुन पाउँदैन । भिक्षुहो ! भित्रैबाट उत्पन्न हुने तृष्णा अठार प्रकारले विचरण गर्छ । बाहिरैबाट उत्पन्न हुने तृष्णा अठार प्रकारले विचरण गर्छ ।

"भित्रैबाट उत्पन्न भई तृष्णा अठार प्रकारले विचरण गर्ने के के हुन् ? १.म हुँ, २. म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने भावना हुन्छ । भित्रैबाट उत्पन्न भई अठार प्रकारले विचरण गर्ने तृष्णा भनेको यही नै हो ।

"बाहिरैबाट उत्पन्न हुने तृष्णा अठार प्रकारले विचरण गर्ने के के हुन् ?



Downloaded from http://dhamma.digital

१.म हुँ, २. म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने भावना हुन्छ। बाहिरैबाट उत्पन्न भई अठार प्रकारले विचरण गर्ने तृष्णा भनेको यही नै हो।

"यी अठार प्रकारमा विचरण गर्न भित्रैबाट तृष्णा उत्पन्न हुन्छ। अठार प्रकारमा विचरण गर्न बाहिरैबाट तृष्णा उत्पन्न हुन्छ। भिक्षुहो! तृष्णाले विचरण गर्ने छत्तीस प्रकारका विषयहरू यी नै हुन्। यसरी नै अतीतमा छत्तीस प्रकारका तृष्णाले विचरण गर्छ, अनागतमा छत्तीस प्रकारका तृष्णाले विचरण गर्छ अनि वर्तमानमा छत्तीस प्रकारका तृष्णाले विचरण गर्छ। यसलाई जम्मा गर्दा एक सय आठ प्रकारका तृष्णाले विचरण गर्छ।

"भिक्षुहो! यही नै त्यो तृष्णा हो जुन जालसमान, स्रोतसमान, फैलिएर जानेसमान, आसक्तिसमान अनि चारैतिरबाट जकडिनाले नै लोक ध्वस्त पार्छ। गुजुल्टो परेको टाँट, गुजुल्टो परेको धागोको डल्लो, गुजुल्टो परेको मुञ्जबब्बर जस्तै जकडिनाले नर्क, दुर्गति पतन र संसारको चक्रबाट मुक्त हुन नसकेको।"

## १०. पेमसुत्तं

२००. भिक्षुहो! प्रेमका लक्षण चार प्रकारका छन्। ती चार के के हुन्? प्रेमबाट प्रेम हुन्छ, प्रेमबाट द्वेष हुन्छ, द्वेषबाट प्रेम हुन्छ अनि द्वेषबाट द्वेष हुन्छ।

"भिक्षुहो! प्रेमबाट कसरी प्रेम (लाग्ने) हुन्छ? यहाँ व्यक्ति (एक अर्को) व्यक्तिसँग इष्ट, प्रिय र मनोनुकुल हुन्छ। अर्कोले पनि उसलाई इष्ट, प्रिय र मन मनोनुकुल हुनेगरी राम्रो व्यवहार गर्छ। उसलाई यस्तो लाग्न थाल्छ– जो मान्छेलाई मैले इष्ट, प्रिय र मन पराउँदछु उसले पनि इष्ट, प्रिय र मनोनुकुल हुनेगरी रामो व्यवहार गर्छ। यसो हुँदा व्यक्तिले व्यक्तिसँग प्रेम गर्न थाल्छ। भिक्षुहो! यसरी नै प्रेमबाट प्रेम हुन्छ।

"भिक्षुहो! प्रेमबाट कसरी द्वेष (उत्पन्न) हुन्छ? यहाँ व्यक्ति व्यक्तिसँग इष्ट, प्रिय र मनोनुकुल हुन्छ। अर्कोले भने ऊसँग अप्रिय, अनिष्टकारी र म-



Downloaded from http://dhamma.digital

नोनुकुल नहुने व्यवहार गर्छ । उसलाई यस्तो लाग्न थाल्छ– जो मान्छेलाई मैले मन पराएँ ऊ मेरो इष्ट र प्रिय हुन् । त्यो व्यक्तिले मसँग इष्ट, प्रिय र मनोनुकुल हुनेगरी राम्रोसँग व्यवहार गर्दैन । यस्तो हुँदा ऊसँग द्वेष गर्न थाल्छ । भिक्षुहो ! यसरी नै प्रेमबाट द्वेष हुन्छ ।

"भिक्षुहो ! द्वेषबाट कसरी प्रेम (उत्पन्न) हुन्छ ? यहाँ व्यक्ति व्यक्तिको अनिष्टकारी, अप्रिय र मनोनुकुल हुँदैन । अर्कोले पनि ऊसँग अनिष्ट, अप्रिय र मनोनुकुल हुने व्यवहार गर्दैन । उसलाई यस्तो लाग्न थाल्छ– जो मान्छेलाई मैले अनिष्ट गरें, अप्रिय बनाएँ र मनोनुकुल हुने व्यवहार नगर्नाले उसले पनि मलाई अनिष्ट, अप्रिय र मनोनुकुल हुने व्यवहार गरेन । उसले त्यो व्यक्तिसँग प्रेम गर्न थाल्छ । भिक्षुहो ! यसरी नै द्वेषबाट प्रेम हुन्छ ।

"भिक्षुहो ! द्वेषबाट कसरी द्वेष (उत्पन्न) हुन्छ ? यहाँ एकजना व्यक्तिले अर्को व्यक्तिको अनिष्टकारी, अप्रिय र मन नमिल्ने हुन्छ । तर (दुई मध्ये एकलाई) अर्कोले भने भलो गर्ने, प्रिय हुने र मनोनुकुल हुनेगरी राम्रो व्यवहार गर्छ । यस्तो व्यवहार देख्दा अर्कोको मनमा यस्तो लाग्न थाल्छ– जो मान्छे मेरो निम्ति अनिष्टकर, अप्रिय र मनोनुकुल छैन । उसैलाई भलो हुने, प्रिय हुने गरी तथा मनोनुकुल हुनेगरी राम्रो व्यवहार गरिरहेको छ । त्यसैले त्योप्रति द्वेष गर्न थाल्छ । "भिक्षुहो ! यसरी नै द्वेषबाट द्वेष हुन्छ । भिक्षुहो ! यी नै चार प्रेमका लक्षण हुन् ।

"भिक्षुहो ! जुन समय भिक्षुले कामभोगरहित ... प्रथम ध्यान ... दुतिय ध्यान ... तृतीय ध्यान ... चतुर्थ ध्यान लाभी हुन्छ । जुन कारणले प्रेमबाट प्रेम हुने हो त्यो हुँदैन । प्रेमबाट द्वेष हुने त्यो पनि हुँदैन । द्वेषबाट प्रेम हुने त्यो पनि हुँदैन अनि द्वेषबाट द्वेष हुने त्यो पनि हुँदैन ।

"भिक्षुहो ! जुन समय भिक्षुले आश्रव क्षय गर्छ, अनाश्रवी हुन्छ, चित्त विमुक्ति, प्रज्ञा विमुक्ति विषयलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्छ । जुन कारणले प्रेमबाट प्रेम हुने हो त्यो प्रहीण हुन्छ, जरैरहँदैन, काटिएको ताड वृक्ष झैं हुन्छ, शुन्य तथा पुनः उत्पन्न हुँदैन । जुन कारणले प्रेमबाट द्वेष हुने त्यो प्रहीण हुन्छ, जरैरहँदैन, काटिएको ताड वृक्ष झैं हुन्छ, शुन्य तथा पुनः उत्पन्न हुँदैन । जुन कारणले द्वेषबाट प्रेम हुने त्यो प्रहीण हुन्छ, जरैरहँदैन काटिएको ताड वृक्ष झैं हुन्छ, शुन्य तथा पुनः उत्पन्न हुँदैन । जुन कारणले द्वेषबाट द्वेष हुने त्यो प्रहीण हुन्छ, जरै रहँदैन, काटिएको ताड वृक्ष झैं हुन्छ, शुन्य तथा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! यसैलाई भन्छ– कहिलें पनि प्रेममा नपर्ने, घृणा नगर्ने, धूवाँदार (तृष्णाको धूँवादार), प्रज्वलित



Downloaded from http://dhamma.digital

(तृष्णाको अग्नि प्रज्वलित) नहुने, चिन्तित (तृष्णा, मान, दृष्टि जालमा फसेर चिन्तित) नहुने भिक्षु।

"भिक्षुहो ! भिक्षु कसरी प्रेममा फस्छ ? भिक्षुहो ! यहाँ भिक्षुले रूपलाई आफू वा रूपलाई आफ्नो वा मेरै हो भन्ने ठान्छ। वेदना (अनुभव) लाई आफू वा वेदनालाई आफ्नो वा मेरै हो भन्ने ठान्छ। संज्ञा (जान्नसक्ने) लाई अफू वा संज्ञालाई आफ्नो वा मेरै हो भन्ने ठान्छ। संस्कार (शरीर, वचन र मनद्वारा बारम्बार गरिरहँदा बनिने संस्कार) लाई आफू वा संस्कारलाई आफ्नो वा मेरै हो भन्ने ठान्छ। विज्ञान (चिन्न सक्ने) लाई आफू वा विज्ञानलाई आफ्नो वा मेरै हो भन्ने ठान्छ। भिक्षुहो ! भिक्षु यसरी प्रेममा फस्छ।

"भिक्षुहो ! भिक्षु कसरी प्रेममा फस्दैन ? भिक्षुहो ! यहाँ भिक्षुले रूपलाई आफू वा आफ्नो वा मेरै हो भनी ठान्दैन। वेदनालाई आफू वा आफ्नो वा मेरै हो भनी ठान्दैन। संज्ञालाई आफू वा आफ्नो वा मेरै हो भनी ठान्दैन। संस्कार-लाई आफू वा आफ्नो वा मेरै हो भनी ठान्दैन। विज्ञानलाई आफू वा आफ्नो वा मेरै हो भनी ठान्दैन। भिक्षुहो ! भिक्षु यसरी प्रेममा फस्दैन।

"भिक्षुहो ! भिक्षुले कसरी घृणा गर्दैन ? भिक्षुहो ! यहाँ भिक्षुले गाली गर्ने-लाई गाली गर्दैन, रिसाउनेसँग रिसाउँदैन अनि झगडा गर्नेसँग झगडा गर्दैन। भिक्षुहो ! भिक्षुले यसरी घृणा गर्दैन।

"भिक्षुहो ! भिक्षुले कसरी घृणा गर्छ ? भिक्षुहो ! यहाँ भिक्षुले गाली गर्ने-लाई गाली गर्छ, रिसाउनेसँग रिसाउँछ अनि झगडा गर्नेसँग झगडा गर्छ। भिक्षुहो ! भिक्षुले यसरी घृणा गर्छ।

"भिक्षुहो ! भिक्षु कसरी धूवाँ छोड्छ ? भिक्षुहो ! यहाँ भिक्षुले १. म हुँ, २. म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने मनमा लिन्छ। भिक्षुहो ! भिक्षुले यसरी धूवाँ छोड्छ।

"भिक्षुहो ! भिक्षु कसरी धूवाँ छोर्दैन ? भिक्षुहो ! यहाँ भिक्षुले १. म हुँ, २.



Downloaded from http://dhamma.digital

म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने मनमा लिंदैन । भिक्षुहो ! भिक्षुले यसरी धूवाँ छोर्दैन ।

"भिक्षुहो ! भिक्षु कसरी प्रज्वलित हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले १.म हुँ, २. म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने विचार गर्छ । भिक्षुहो ! भिक्षु यसरी प्रज्वलित हुन्छ । २२४

"भिक्षुहो ! भिक्षु कसरी प्रज्वलित हुँदैन ? भिक्षुहो ! यहाँ भिक्षुले १.म हुँ, २. म यस्तो हुँ ३. म त्यस्तो हुँ, ४. म अर्कै प्रकारको हुँ, ५. म बनिरहने खालको हुँ, ६. म अन्त हुने खालको हुँ, ७. के म हुँ, ८. के म त्यस्तो हुँ, ९. यसबाट के म त्यस्तो हुँ, १०. यसबाट के म अर्कै प्रकारको हुँ, ११. यसबाट कतै म भएमा, १२. यसबाट कतै म यस्तो भएमा १३. यसबाट म कतै त्यस्तो भएमा १४. यसबाट कतै म अर्कै किसिमको भएमा, १५. यसबाट म हुनेछु, १६. यसबाट म यस्तो हुनेछु, १७. यसबाट म त्यस्तो हुनेछु अनि १८. यसबाट म अर्कै किसिमको हुनेछु भन्ने विचार गर्दैन । भिक्षुहो ! भिक्षु यसरी प्रज्वलित हुँदैन ।

"भिक्षुहो ! भिक्षु किन चिन्तित हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले अभिमान-लाई जरै नष्ट गर्दैन, ताड वृक्ष छेदन गर्दैन, अवशेष राख्छ अनि पुनः उत्पन्न नहुने गरी विनष्ट गर्दैन । भिक्षुहो ! भिक्षु यस्तो हुँदा चिन्तित हुन्छ ।

"भिक्षुहो ! भिक्षु किन चिन्तित हुँदैन ? भिक्षुहो ! यहाँ भिक्षुले अभिमान-लाई जरै नष्ट गर्छ, ताड वृक्ष छेदन गर्छ, अवशेष राख्दैन अनि पुनः उत्पन्न नहुने गरी विनष्ट गर्छ । भिक्षुहो ! भिक्षु यस्तो हुँदा चिन्तित हुँदैन ।"



Downloaded from http://dhamma.digital

# ५. पञ्चमपण्णासकं

## (२१) १. सप्पुरिसवग्गो

### १. सिक्खापदंसुत्तं

२०१. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा भनै असत्पुरुषको बारेमा अनि सत्पुरुष, सत्पुरुष भन्दा भनै सत्पुरुषको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर भन्नेछु ।" "हवस् भन्ते !" भनी भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! असत्पुरुष कस्तो हुन्छ ? यहाँ कोही कोहीले हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, भूटो बोल्छ र जाँड-रक्सी तथा मादक पदार्थ सेवन गर्छ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ ।

"भिक्षुहो ! असत्पुरुष भन्दा भनै असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफूले पनि हिंसा गर्छ अनि अरूलाई पनि हिंसा गर्न लगाउँछ । आफूले पनि चोर्छ अनि अरूलाई पनि चोर्न लगाउँछ । आफू पनि व्यभिचारी हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्न लगाउँछ । आफू पनि भूटो बोल्छ अनि अरूलाई पनि भूटो बोल्न लगाउँछ । आफूले पनि जाँड-रक्सी तथा मादक पदार्थ सेवन गर्छ अनि अरूलाई पनि जाँड-रक्सी तथा मादक पदार्थ सेवनगर्न लगाउँछ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा भनै असत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही हिंसाबाट विरत हुन्छ, चोर्नबाट विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ, भूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सी तथा मादक पदार्थ सेवन गर्नबाट विरत हुन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष भन्दा भनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि हिंसा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि चोर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चोर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि व्यभिचारी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि भूटो बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि भूटो बोल्नबाट विरतरहन प्रेरणा दिन्छ । आफूले पनि जाँड-रक्सी तथा मादक पदार्थ सेवन गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि जाँड-रक्सी तथा मादक पदार्थ सेवन गर्नबाट



Downloaded from http://dhamma.digital

विरतरहन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"

## २. असप्पुरिससुत्तं

२०२. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा झनै असत्पुरुष बारेमा अनि सत्पुरुष, सत्पुरुष भन्दा झनै सत्पुरुषको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग ।

"भिक्षुहो ! असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही अश्रद्धावान, निर्लज्ज, निडर, अल्पश्रुत, अल्छे, मूढ-स्मृति र मूर्ख हुन्छ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ ।

"भिक्षुहो ! असत्पुरुष भन्दा झनै असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि अश्रद्धावान हुन्छ अनि अरूलाई पनि अश्रद्धावान हुनमा लगाउँछ । आफू पनि (पाप कर्म गर्नमा) निर्लज्ज हुन्छ अनि अरूलाईपनि निर्लज्ज हुनमा लगाउँछ, आफू पनि (पाप कर्म गर्नमा) निडर हुन्छ अनि अरूलाई पनि निडर हुनमा लगाउँछ । आफू पनि अल्पश्रुत हुन्छ अनि अरूलाई पनि अल्पश्रुत हुनमा लगाउँछ । आफू पनि अल्छे हुन्छ अनि अरूलाई अल्छे हुनमा लगाउँछ । आफू पनि मूढ-स्मृति हुन्छ अनि अरूलाई पनि मूढ-स्मृति हुनमा लगाउँछ । आफू पनि मूर्ख हुन्छ अनि अरूलाई मूर्ख हुनमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा झनै असत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही श्रद्धावान हुन्छ, (पाप कर्म गर्नमा) लज्जावान हुन्छ, (पाप कर्म गर्नमा) डरमान्ने हुन्छ, बहुश्रुत हुन्छ, उद्योगी हुन्छ, स्मृतिवान र प्रज्ञावान हुन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष भन्दा झनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि श्रद्धावान हुन्छ अनि अरूलाई श्रद्धावान हुन लगाउँछ । आफू पनि लज्जावान हुन्छ अनि अरूलाई पनि लज्जावान हुन लगाउँछ । आफू पनि डरमान्ने हुन्छ अनि अरूलाई पनि डर-मान्न लगाउँछ । आफू पनि बहुश्रुत हुन्छ अनि अरूलाई पनि बहुश्रुत हुन लगाउँछ । आफू पनि उद्योगी हुन्छ अनि अरूलाई पनि उद्योगी हुन लगाउँछ । आफू पनि स्मृतिवान हुन्छ अनि अरूलाई पनि स्मृतिवान हुन लगाउँछ । आफू पनि प्रज्ञावान हुन्छ अनि अरूलाई पनि प्रज्ञावान हुन लगाउँछ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"



Downloaded from http://dhamma.digital

## ३. सत्तकम्मसुत्तं

२०३. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा झनै असत्पुरुष बारेमा अनि सत्पुरुष, सत्पुरुष भन्दा झनै सत्पुरुषको बारेमा भन्नेछु। त्यसलाई सुन र राम्रोसँग धारण ...।

"भिक्षुहो ! असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोहीले हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ, चुक्ली गर्छ, कठोर बोली बोल्छ अनि बेकारको कुरा गर्छ। भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ।

"भिक्षुहो ! असत्पुरुष भन्दा झनै असत्पुरुष कस्लाई भन्छ ? : यहाँ कोही कोही आफूले पनि हिंसा गर्छ अनि अरूलाई पनि हिंसा गर्न लगाउँछ। आफूले पनि चोर्छ अनि अरूलाई पनि चोर्न लगाउँछ। आफूले पनि व्यभिचार गर्छ अनि अरूलाई पनि व्यभिचार गर्न लगाउँछ। आफूले पनि झूटो बोल्छ अनि अरूलाई पनि झूटो बोल्न लगाउँछ। आफूले पनि चुक्ली गर्छ अनि अरूलाई पनि चुक्ली गर्न लगाउँछ। आफूले पनि कठोर बोली बोल्छ अनि अरूलाई पनि कठोर बोली बोल्न लगाउँछ। आफूले पनि बेकारको कुरा गर्छ अनि अरूलाई पनि बेकारको कुरा गर्न लगाउँछ। भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा झनै असत्पुरुष भन्छ।

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही हिंसा गर्नबाट विरत हुन्छ, चोर्नबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ, चुक्ली गर्नबाट विरत हुन्छ, कठोर बोली बोल्नबाट विरत हुन्छ, बेकारको कुरा गर्नबाट विरत हुन्छ। भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्छ।

"भिक्षुहो ! सत्पुरुष भन्दा झनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि हिंसा गर्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि चोर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चोर्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि व्यभिचारी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि झूटो बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि झूटो बोल्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि चुक्ली गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चुक्ली गर्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि कठोर बोली बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि कठोर बोली बोल्नबाट विरतरहन प्रेरणा दिन्छ। आफू पनि बेकारको कुरा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि



Downloaded from http://dhamma.digital

बेकारको कुरा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"

## ४. दसकम्मसुत्तं

२०४. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा झनै असत्पुरुष बारेमा अनि सत्पुरुष, सत्पुरुष भन्दा झनै सत्पुरुषको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर ... ।

"भिक्षुहो ! असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोहीले हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ, चुक्ली गर्छ, कठोर बोली बोल्छ, बेकारको कुरा गर्छ, लोभी हुन्छ, द्वेषी हुन्छ अनि मिथ्यादृष्टि हुन्छ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ ।

"भिक्षुहो ! असत्पुरुष भन्दा झनै असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफूले पनि हिंसा गर्छ अनि अरूलाई पनि हिंसा गर्न लगाउँछ । आफूले पनि चोर्छ अनि अरूलाई पनि चोर्न लगाउँछ । आफूले पनि व्यभिचार गर्छ अनि अरूलाई पनि व्यभिचार गर्न लगाउँछ । आफूले पनि झूटो बोल्छ अनि अरूलाई पनि झूटो बोल्न लगाउँछ । आफूले पनि चुक्ली गर्छ अनि अरूलाई पनि चुक्ली गर्न लगाउँछ । आफूले पनि कठोर बोली बोल्छ अनि अरूलाई पनि कठोर बोली बोल्न लगाउँछ । आफूले पनि बेकारको कुरा गर्छ अनि अरूलाई पनि बेकारको कुरा गर्न लगाउँछ । आफू पनि लोभी हुन्छ अनि अरूलाई पनि लोभी हुन लगाउँछ । आफू पनि द्वेषी हुन्छ अनि अरूलाई पनि द्वेषी हुन लगाउँछ । आफू पनि मिथ्यादृष्टि हुन्छ अनि अरूलाई पनि मिथ्यादृष्टि हुन लगाउँछ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा झनै असत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही हिंसा गर्नबाट विरत हुन्छ, चोर्नबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ, चुक्ली गर्नबाट विरत हुन्छ, कठोर बोली बोल्नबाट विरत हुन्छ, बेकारको कुरा गर्नबाट विरत हुन्छ, लोभी हुनबाट विरत हुन्छ, द्वेषी हुनबाट विरत हुन्छ अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष भन्दा झनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि हिंसा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि चोर्नबाट विरत हुन्छ अनि अरूलाई पनि



Downloaded from http://dhamma.digital

चोर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि व्यभिचारी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि झूटो बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि झूटो बोल्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि चुक्ली गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चुक्ली गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि कठोर बोली बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि कठोर बोली बोल्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि बेकारको कुरा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि बेकारको कुरा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि लोभी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि लोभी हुनबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि द्वेषी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि द्वेषी हुनबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि सम्यकदृष्टि हुन्छ अनि अरूलाई पनि सम्यकदृष्टि हुन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"

## ५. अट्ठङ्गिकसुत्तं

२०५. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा झनै असत्पुरुष बारेमा अनि सत्पुरुष, सत्पुरुष भन्दा झनै सत्पुरुषको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर ... ।

"भिक्षुहो ! असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही मिथ्यादृष्टि हुन्छ, मिथ्यासंकल्प हुन्छ, मिथ्यावाचा हुन्छ, मिथ्याकर्मान्त हुन्छ, मिथ्याआजीव हुन्छ, मिथ्याव्यायाम हुन्छ, मिथ्यास्मृति हुन्छ अनि मिथ्यासमाधि हुन्छ । भिक्षुहो ! यस्तैलाइ असत्पुरुष भन्छ ।

"भिक्षुहो ! असत्पुरुष भन्दा झनै असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि मिथ्यादृष्टि हुन्छ, अनि अरूलाई पनि मिथ्यादृष्टिमा लगाउँछ । आफू पनि मिथ्यासंकल्प हुन्छ अनि अरूलाई पनि मिथ्यासंकल्पमा लगाउँछ । आफू पनि मिथ्यावाचा हुन्छ अनि अरूलाई पनि मिथ्यावाचामा लगाउँछ । आफू पनि मिथ्याकर्मान्त हुन्छ अनि अरूलाई पनि मिथ्याकर्मान्तमा लगाउँछ । आफू पनि मिथ्याआजीव हुन्छ अनि अरूलाई पनि मिथ्याआजीवमा लगाउँछ । आफू पनि मिथ्याव्यायाम हुन्छ अनि अरूलाई पनि मिथ्याव्यायाममा लगाउँछ । आफू पनि मिथ्यास्मृति हुन्छ अनि अरूलाई मिथ्यास्मृतिमा लगाउँछ । आफू पनि मिथ्यासमाधिका हुन्छन् अनि अरूलाई पनि मिथ्यासमाधिमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा झनै असत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही सम्यकदृष्टि, सम्यक-



Downloaded from http://dhamma.digital

संकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्यायाम, सम्यक-स्मृति र सम्यकसमाधिमा लाग्छन् । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष भन्दा झनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि सम्यकदृष्टिको हुन्छ, अनि अरूलाई पनि सम्यकदृष्टिमा लगाउँछ । आफू पनि सम्यकसंकल्पको हुन्छ अनि अरूलाई पनि सम्यकसंकल्पमा लगाउँछ । आफू पनि सम्यकवाचा हुन्छ अनि अरूलाई पनि सम्यकवाचामा लगाउँछ । आफू पनि सम्यककर्मान्त हुन्छ अनि अरूलाई पनि सम्यककर्मान्त-मा लगाउँछ । आफू पनि सम्यकआजीव हुन्छ अनि अरूलाई पनि सम्यकआ-जीवमा लगाउँछ । आफू पनि सम्यकव्यायाम हुन्छ अनि अरूलाई पनि सम्यक व्यायाममा लगाउँछ । आफू पनि सम्यकस्मृतिको हुन्छ अनि अरूलाई पनि सम्यकस्मृतिमा लगाउँछ । आफू पनि सम्यकसमाधिमा लाग्छ अनि अरूलाई पनि सम्यकसमाधिमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"

### ६. दसमग्गसुत्तं

२०६. "भिक्षुहो ! असत्पुरुष, असत्पुरुष भन्दा झनै असत्पुरुष अनि सत्पुरुष, सत्पुरुष भन्दा झनै सत्पुरुषको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर ... ।

"भिक्षुहो ! असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही मिथ्यादृष्टि हुन्छ ... मिथ्याज्ञान र मिथ्याविमुक्तिको हुन्छ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्छ ।

"भिक्षुहो ! असत्पुरुष भन्दा झनै असत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि मिथ्यादृष्टिको हुन्छ, ... मिथ्याज्ञानमा लाग्छ अनि अरूलाईपनि मिथ्याज्ञानमा लगाउँछ । आफू पनि मिथ्याविमुक्तिमा लाग्छ अनि अरूलाई पनि मिथ्याविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई असत्पुरुष भन्दा झनै असत्पुरुष भन्छ ?

"भिक्षुहो ! सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही सम्यकदृष्टि हुन्छ, सम्यकज्ञान र सम्यकविमुक्ति हुन्छ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्छ ।

"भिक्षुहो ! सत्पुरुष भन्दा झनै सत्पुरुष कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि सम्यकदृष्टि हुन्छ, अनि अरूलाई पनि सम्यकदृष्टिमा लगाउँछ, ... आफूमा पनि सम्यकज्ञान हुन्छ अनि अरूलाई पनि सम्यकज्ञानमा लगाउँछ ।



Downloaded from http://dhamma.digital

आफू पनि सम्यकविमुक्ति हुन्छ अनि अरूलाई पनि सम्यकविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई सत्पुरुष भन्दा झनै सत्पुरुष भन्छ ।"

## ७. पठमपापधम्मसुत्तं

२०७. "भिक्षुहो ! पापी, पापी भन्दा झनै पापी अनि कल्याणकारी, कल्याणकारी भन्दा झनै कल्याणकारीको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर ... ।

"भिक्षुहो ! पापी कस्लाई भन्छ ? यहाँ कोही कोही आफूले पनि हिंसा गर्छ ... मिथ्यादृष्टि हुन्छ । भिक्षुहो ! यस्तैलाई पापी भन्छ ।

"भिक्षुहो ! पापी भन्दा झनै पापी कस्लाई भन्छ ? यहाँ कोही कोही आफूले पनि हिंसा गर्छ अनि अरूलाई पनि हिंसा गर्न लगाउँछ । ... आफू पनि मिथ्यादृष्टि हुन्छ अनि अरूलाई पनि मिथ्यादृष्टि हुन लगाउँछ । भिक्षुहो ! यस्तैलाइ पापी भन्दा झनै पापी भन्छ ।

"भिक्षुहो ! कल्याणकारी कस्लाई भन्छ ? यहाँ कोही कोही हिंसा गर्नबाट विरत हुन्छ, ... भिक्षुहो ! यस्तैलाई कल्याणकारी भन्छ ।

"भिक्षुहो ! कल्याणकारी भन्दा झनै कल्याणकारी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि हिंसा गर्नबाट विरत रहन प्रेरणा दिन्छ । ... आफू पनि सम्यकदृष्टि हुन्छ अनि अरूलाई पनि सम्यकदृष्टि हुन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्तैलाई कल्याणकारी भन्दा झनै कल्याणकारी भन्छ ।"

## ८. दुतियपापधम्मं

२०७. "भिक्षुहो ! पापी, पापी भन्दा झनै पापी अनि कल्याणकारी, कल्याणकारी भन्दा झनै कल्याणकारीको बारेमा भन्नेछु । त्यसलाई सुन र राम्रोसँग धारण गर भन्नेछु ।" "हवस् भन्ते !" यसो भन्नुभयो–

"भिक्षुहो ! पापी कस्लाई भन्छ ? यहाँ कोही कोही मिथ्यादृष्टि हुन्छ, मिथ्यासंकल्प, मिथ्यावाचा, मिथ्याकर्मान्त, मिथ्याआजीव, मिथ्याव्यायाम, मिथ्यास्मृति, मिथ्यासमाधि, मिथ्याज्ञान र मिथ्याविमुक्ति हुन्छ । भिक्षुहो ! यस्तैलाई पापी भन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! पापी भन्दा झनै पापी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि मिथ्यादृष्टिमा लाग्छ, अनि अरूलाई पनि मिथ्यादृष्टिमा लगाउँछ । आफू पनि मिथ्यासंकल्पमा लाग्छ अनि अरूलाई मिथ्यासंकल्पमा लगाउँछ । आफू पनि मिथ्यावाचामा लाग्छ अनि अरूलाई पनि मिथ्यावाचामा लगाउँछ आफू पनि मिथ्याकर्मान्तमा लाग्छ अनि अरूलाई पनि मिथ्याकर्मान्तमा लगाउँछ । आफू पनि मिथ्याआजीवमा लाग्छ अनि अरूलाई पनि मिथ्याआजीवमा लगाउँछ । आफू पनि मिथ्याव्यायाममा लाग्छ अनि अरूलाई पनि मिथ्याव्यायाममा लगाउँछ । आफू पनि मिथ्यास्मृतिमा लाग्छ अनि अरूलाई पनि मिथ्यास्मृतिमा लगाउँछ । आफू पनि मिथ्यासमाधिमा लाग्छ अनि अरूलाई पनिमिथ्यासमाधिमा लगाउँछ । आफू पनि मिथ्याज्ञानमा लाग्छ अनि अरूलाई पनि मिथ्याज्ञानमा लगाउँछ । आफू पनि मिथ्याविमुक्तिमा लाग्छ अनि अरूलाई पनि मिथ्याविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई पापी भन्दा झनै पापी भन्छ ।

"भिक्षुहो ! कल्याणकारी कस्लाई भन्छ ? यहाँ कोही कोही सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्यायाम, सम्यकस्मृति, सम्यकसमाधि, सम्यकज्ञान र सम्यकविमुक्तिमा लाग्छन् । भिक्षुहो ! यस्तैलाई कल्याणकारी भन्छ ।

"भिक्षुहो ! कल्याणकारी भन्दा झनै कल्याणकारी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि सम्यकदृष्टिमा लाग्छ, अनि अरूलाई पनि सम्यकदृष्टिमा लगाउँछ । आफू पनि सम्यकसंकल्पमा लाग्छ अनि अरूलाई पनि सम्यकसंकल्पमा लगाउँछ । आफू पनि सम्यकवाचामा लाग्छ अनि अरूलाई पनि सम्यकवाचामा लगाउँछ । आफू पनि सम्यककर्मान्तमा लाग्छ अनि अरूलाई पनि सम्यककर्मान्तमा लगाउँछ । आफू पनि सम्यकआजीवमा लाग्छ अनि अरूलाई पनि सम्यकआजीवमा लगाउँछ । आफू पनि सम्यकव्यायाममा लाग्छ अनि अरूलाई पनि सम्यकव्यायाममा लगाउँछ । आफू पनि सम्यकस्मृतिमा लाग्छ अनि अरूलाई पनि सम्यकस्मृतिमा लगाउँछ । आफू पनि सम्यकसमाधिमा लाग्छ अनि अरूलाई पनि सम्यकसमाधिमा लगाउँछ । आफू पनि सम्यकज्ञानमा लाग्छ अनि अरूलाई पनि सम्यकज्ञानमा लगाउँछ । आफू पनि सम्यकविमुक्तिमा लाग्छ अनि अरूलाई पनि सम्यकविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई कल्याणकारी भन्दा झनै कल्याणकारी भन्छ ।"

## ९. ततियपापधम्मसुत्तं

"भिक्षुहो ! पापकर्मी, पापकर्मी भन्दा झनै पापकर्मी अनि कल्याणकर्मी,



Downloaded from http://dhamma.digital

कल्याणकर्मी भन्दा झनै कल्याणकर्मीको बारेमा भन्नेछु । त्यसलाई भन्नुभयो–

"भिक्षुहो ! पापकर्मी कस्लाई भनिन्छ ? यहाँ कोही कोहीले हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ, चुक्ली गर्छ, कठोर बोली बोल्छ, बेकारको कुरा गर्छ, लोभी हुन्छ, द्वेषी हुन्छ अनि मिथ्यादृष्टि हुन्छ । भिक्षुहो ! यस्तैलाई पापकर्मी भन्छ ।

"भिक्षुहो ! पापकर्मी भन्दा झनै पापकर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्छ अनि अरूलाई पनि हिंसा गर्न लगाउँछ । आफूले पनि चोर्छ अनि अरूलाई पनि चोर्न लगाउँछ । आफू पनि व्यभिचारी हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्न लगाउँछ । आफूले पनि झूटो बोल्छ अनि अरूलाई पनि झूटो बोल्न लगाउँछ । आफूले पनि चुक्ली गर्छ अनि अरूलाई पनि चुक्ली गर्न लगाउँछ । आफूले पनि कठोर बोली बोल्छ अनि अरूलाई पनि कठोर बोली बोल्न लगाउँछ । आफूले पनि बेकारको कुरा गर्छ अनि अरूलाई पनि बेकारको कुरा गर्न लगाउँछ । आफू पनि लोभी हुन्छ अनि अरूलाई पनि लोभी हुन लगाउँछ । आफू पनि द्वेषी हुन्छ अनि अरूलाई पनि द्वेषी हुन लगाउँछ । आफू पनि मिथ्यादृष्टि हुन्छ अनि अरूलाई पनि मिथ्यादृष्टि हुन लगाउँछ । भिक्षुहो ! यस्तैलाई पापकर्मी भन्दा झनै पापकर्मी भन्छ ।

"भिक्षुहो ! कल्याणकर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही हिंसा गर्नबाट विरत हुन्छ, चोर्नबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ, चुक्ली गर्नबाट विरत हुन्छ, कठोर बोली बोल्नबाट विरत हुन्छ, बेकारको कुरा गर्नबाट विरत हुन्छ, लोभी हुनबाट विरत हुन्छ, द्वेषी हुनबाट विरत हुन्छ अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यस्तैलाई कल्याणकर्मी भनिन्छ ।

"भिक्षुहो ! कल्याणकर्मी भन्दा झनै कल्याणकर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि हिंसा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि हिंसा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि चोर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चोर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि व्यभिचारी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि व्यभिचार गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि झूटो बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि झूटो बोल्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि चुक्ली गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि चुक्ली गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि कठोर



Downloaded from http://dhamma.digital

बोली बोल्नबाट विरत हुन्छ अनि अरूलाई पनि कठोर बोली बोल्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि बेकारको कुरा गर्नबाट विरत हुन्छ अनि अरूलाई पनि बेकारको कुरा गर्नबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि लोभी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि लोभी हुनबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि द्वेषी हुनबाट विरत हुन्छ अनि अरूलाई पनि द्वेषी हुनबाट विरतरहन प्रेरणा दिन्छ । आफू पनि सम्यकदृष्टि हुन्छ अनि अरूलाई पनि सम्यकदृष्टि हुन प्रेरणा दिन्छ । भिक्षुहो ! यस्तैलाई कल्याणकर्मी भन्दा भनै कल्याणकर्मी भन्छ ।"

## १०. चतुत्थपापधम्मसुत्तं

"भिक्षुहो ! अधर्मी, अधर्मी भन्दा भनै अधर्मी, कल्याणधर्मी, कल्याणधर्मी भन्दा भनै कल्याणकर्मीको बारेमा भन्नेछु । त्यसलाई सुन ...

"भिक्षुहो ! अधर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही मिथ्या- दृष्टि हुन्छ, ... मिथ्याज्ञान र मिथ्याविमुक्तिको हुन्छ । भिक्षुहो ! यस्तैलाई अधर्मी भन्छ ।

"भिक्षुहो ! अधर्मी भन्दा भनै अधर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि मिथ्यादृष्टिमा लाग्छ, अनि अरूलाई पनि मिथ्यादृष्टिमा लगाउँछ । ... आफू पनि मिथ्याज्ञानमा लाग्छ अनि अरूलाई पनि मिथ्याज्ञानमा लगाउँछ । आफू पनि मिथ्याविमुक्तिमा लाग्छ अनि अरूलाई पनि मिथ्याविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई अधर्मी भन्दा भनै अधर्मी भन्छ ।

"भिक्षुहो ! कस्तालाई कल्याणधर्मी भनिन्छ ? यहाँ कोही कोही सम्यक-दृष्टि हुन्छ, ... सम्यकज्ञानमा लाग्छ अनि सम्यकविमुक्ति सम्यकविमुक्तिमा लाग्छन् । भिक्षुहो ! यस्तैलाई कल्याणधर्मी भन्छ ।

"भिक्षुहो ! कल्याणधर्मी भन्दा भनै कल्याणधर्मी कस्लाई भन्छ ? यहाँ कोही कोही आफू पनि सम्यकदृष्टिमा लाग्छ, अनि अरूलाई पनि सम्यकदृष्टि-मा लगाउँछ । ... आफू पनि सम्यकज्ञानमा लाग्छ अनि अरूलाई पनि सम्य-ज्ञानमा लगाउँछ । आफू पनि सम्यकविमुक्तिमा लाग्छ अनि अरूलाई पनि सम्यकविमुक्तमा लगाउँछ । भिक्षुहो ! यस्तैलाई कल्याणधर्मी भन्दा भनै कल्याणधर्मी भन्छ ।"



Downloaded from http://dhamma.digital

# (२२) २. परिसावग्गो

## १. परिसासुत्तं

२११. "भिक्षुहो ! चार प्रकारका परिषद अशोभनीय हुन्छन् । ती चार को के हुन् ? भिक्षुहो ! भिक्षु दुःशील र अधर्मी हुँदा परिषद अशोभनीय हुन्छ । भिक्षुहो ! भिक्षुणी दुःशील र अधर्मी हुँदा परिषद अशोभनीय हुन्छ । भिक्षुहो ! उपासक दुःशील र अधर्मी हुँदा परिषद अशोभनीय हुन्छ । भिक्षुहो ! उपासिका दुःशील र अधर्मी हुँदा परिषद अशोभनीय हुन्छ ।

२११. "भिक्षुहो ! चार प्रकारका परिषद शोभायमान हुन्छन् । ती चार को को हुन् ? भिक्षुहो ! भिक्षु शीलवान र कल्याणधर्मी हुँदा परिषद शोभायमान हुन्छ । भिक्षुहो ! भिक्षुणी शीलवान र कल्याणधर्मी हुँदा परिषद शोभायमान हुन्छ । भिक्षुहो ! उपासक शीलवान र कल्याणधर्मी हुँदा परिषद शोभायमान हुन्छ । भिक्षुहो ! उपासिका शीलवान र कल्याणधर्मी हुँदा परिषद शोभायमान हुन्छ ।"

## २. दिट्ठिसुत्तं

२१२."भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? शरीरद्वारा दुराचरण गर्ने, वचनद्वारा दुराचरण गर्ने, मनद्वारा दुराचरण गर्ने अनि मिथ्यादृष्टि । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? शरीरद्वारा सुआचरण गर्ने, वचनद्वारा सुआचरण गर्ने, मनद्वारा सुआचरण गर्ने अनि सम्यकदृष्टि । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् ।

## ३. अकतञ्ञुतासुत्तं

२१३. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? शरीरद्वारा दुराचरण गर्ने, वचनद्वारा दुराचरण गर्ने, मनद्वारा दुराचरण गर्ने अनि अकृतज्ञ अर्थात कृत गुणोपकार नजान्ने । भिक्षुहो ! यी नै चार धर्ममा युक्तलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।



Downloaded from http://dhamma.digital

ती चार के के हुन् ? शरीरद्वारा सुआचरण गर्ने, वचनद्वारा सुआचरण गर्ने, मनद्वारा सुआचरण गर्ने अनि कृतज्ञ अर्थात कृत गुणोपकार जान्ने । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## ४. पाणातिपातसुत्तं

२१४. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ... प्राणी हिंसा गर्ने, चोर्ने, व्यभिचार गर्ने अनि झूटो बोल्नेलाई... ।

भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । प्राणी हिंसा नगर्ने, नचोर्ने, व्यभिचार नगर्ने अनि झूटो नबोल्नेलाई... ।

## ५. पठममग्गसुत्तं

२१५. "भिक्षुहो ! चार धर्ममा युक्तलाई समातेर नरकमा राखे समान हुन् । ... मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्यावाचा र मिथ्याकर्मकालाई... ।

"भिक्षुहो ! चार धर्ममा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ...सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा र सम्यकर्मान्तकालाई... ।"

## ६. दुतियमग्गसुत्तं

२१६. "भिक्षुहो ! चार धर्ममा युक्त लाई समातेर नरकमा राखे समान हुन् । ... मिथ्याआजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्यासमाधिकालाई... ।

"भिक्षुहो ! चार धर्ममा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ...सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधिकालाई... ।"

## ७. पठमवोहारपथसुत्तं

२१७. "भिक्षुहो ! चार धर्ममा युक्तलाई समातेर नरकमा राखे समान हुन्छ । ... नदेखेकोलाई देखें भन्नेलाई, नसुनेकोलाई सुनें भन्नेलाई, अनुभव नगरेकोलाई अनुभव गरें भन्नेलाई अनि नजानेको- लाई जानेकोछु भन्नेलाई... ।

"भिक्षुहो ! चार धर्ममा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् । ... नदेखेकोलाई देखेको छैन भन्नेलाई, नसुनेकोलाई सुनेको छैन भन्नेलाई, अनुभव नगरेकोलाई अनुभव गरेको छैन भन्नेलाई अनि नजानेकोलाई जानेको



Downloaded from http://dhamma.digital

छैन भन्नेलाई ... ।"

## ८. पठमवोहारपथसुत्तं

२१७. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ... देखेकोलाई देखिन भन्ने, सुनेकोलाई सुनेको छैन भन्ने, अनुभव गरेकोलाई अनुभव गरेको छैन भन्ने अनि जानेकोलाई जानेको छैन भन्नेलाई ... ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । ... देखेकोलाई देखेको छु भन्ने, सुनेकोलाई सुनेको छु भन्ने, अनुभव गरेकोलाई अनुभव गरेको छु भन्ने अनि जानेकोलाई जानेको छु भन्नेलाई... ।"

## ९. अहिरिकसुत्तं

२१७. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ... अश्रद्धावान, दुश्शील, निर्लज्ज र निर्भयीलाई... ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । .. श्रद्धावान, शुशील, लज्जावान र भयदर्शीलाई... ।"

## १०. दुस्सीलसुत्तं

२२०. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? अश्रद्धावान, दुश्शील, अल्छे र मूर्ख हुन्छ । भिक्षुहो ! यी नै चार धर्ममा युक्तलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार धर्मद्वारा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? श्रद्धावान, शीलवान, उद्योगी र प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै चार धर्ममा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् ।"



Downloaded from http://dhamma.digital

## (२३) ३. दुच्चरितवग्गो

### १. दुच्चरितसुत्तं

१२१. "भिक्षुहो ! वचनबाट हुने दुराचरण चार प्रकारका छन् । ती चार के के हुन् ? झूटो वचन, चुकली वचन, कठोर वचन र बकम्पूस वचन । भिक्षुहो ! यी नै वचनबाट हुने चार प्रकारका दुराचरण हुन् । भिक्षुहो ! वचनबाट हुने सुआचरण चार प्रकारका छन् । ती चार के के हुन्? सत्यवचन, चुकली वचन नलाउने (एक आपसमा मेलजोल हुने कुरा गर्ने), कठोर वचन नबोल्ने (मृदुभाषी हुने) र मन्त्र (उपयुक्त) वचन बोल्ने । भिक्षुहो ! यी नै वचनबाट हुने चार प्रकारका सुआचरण हुन् ।"

### २. दिट्ठिसुत्तं

२२२. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, अपण्डित,असत्पुरुषले आफैलाई चोट तथा आघात पुऱ्याउँछ । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्नेछन् अनि धरै नै 'अपुण्य' श्रुजना गर्नेछन् । ती चार के के हुन् ? शरीरद्वारा दुराचरण, वचनद्वारा दुराचरण, मनद्वारा दुराचरण र मिथ्यादृष्टि । भिक्षुहो ! यी नै चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट तथा आघात पुऱ्याउँछ । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्छ अनि धरै नै 'अपुण्य' श्रुजना गर्नेछन् ।

"भिक्षुहो ! चार धर्मयुक्त पण्डित, बुद्धिमान्, सत्पुरुषले आफूलाई चोट तथा आघात पुऱ्याउँदैन । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्दैनन् अनि धेरै नै 'पुण्य' श्रुजना गर्नेछन् । ती चार के के हुन् ? शरीरद्वारा सुआचरण, वचनद्वारा सुआचरण, मनद्वारा सुआचरण र सम्यकदृष्टि । भिक्षुहो ! यी नै चार धर्मयुक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफैलाई चोट तथा आघात पुऱ्याउँदैन । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्दैनन् अनि धेरै नै 'पुण्य' श्रृजना गर्नेछन् ।"

### ३. अकतञ्ञुतासुत्तं

२२३. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँछ । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्नेछन् अनि धेरै नै 'अपुण्य' श्रृजना गर्नेछन् । ती चार के के हुन् ? शरीरद्वारा दुराचरण, वचनद्वारा दुराचरण, मनद्वारा दुराचरण र अकृतज्ञं । भिक्षुहो ! यी नै चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँछ । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्नेछन् अनि धेरै नै 'अपुण्य



Downloaded from http://dhamma.digital

श्रुजना गर्नेछन् ।

"भिक्षुहो ! चार धर्मयुक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफूलाई चोट वा आघात पुऱ्याउँदैन । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्दैनन् अनि धरै नै 'पुण्य' श्रुजना गर्नेछन् । ती चार के के हुन् ?शरीरद्वारा सुआचरण, वचनद्वारा सुआचरण, मनद्वारा सुआचरण र कृतज्ञ । भिक्षुहो ! यी नै चार धर्मयुक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँदैन । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्दैनन् अनि धेरै नै 'पुण्य' श्रृजना गर्नेछन् ।"

### ४. पाणातिपातिसुत्तं

२२४. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँछ । ... प्राणीहिंसा, चोरी, व्यभिचार र भूटो बोल्दा... आघात पुऱ्याउँछ ।

"भिक्षुहो ! चार धर्मयुक्त पण्डित, बुद्धिमा, सत्पुरुषले आफूलाई चोट वा आघात पुऱ्याउँदैन । ... प्राणीहिंसाबाट विरत, चोरीकार्यबाट विरत, व्यभिचारी हुनबाट विरत र भूटो बोल्नबाट विरतरहँदा ... आघात पुऱ्याउँदैन ।

### ५. पठममग्गसुत्तं

२२५. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँछ । ... मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्यावाचा र मिथ्या कर्मान्त ... आघात पुऱ्याउँछ ।

"भिक्षुहो ! चार धर्मयुक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफूलाई चोट वा आघात पुऱ्याउँदैन । ... सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा र सम्यक-कर्मान्त ... आघात पुऱ्याउँदैन ।"

### ६. दुतियमग्गसुत्तं

२२६. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, अपण्डित, असत्पुरुषले आफैलाई चोट वा आघात पुऱ्याउँछ । ... मिथ्याआजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति र मिथ्या समाधि ... आघात पुऱ्याउँछ ।

"भिक्षुहो ! चार धर्ममा युक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफूलाई चोट वा आघात पुऱ्याउँदैन । ... सम्यकआजीविका, सम्यकव्यायाम, सम्यक-स्मृति र सम्यकसमाधि ... आघात पुऱ्याउँदैन ।"



Downloaded from http://dhamma.digital

## ७. पठमवोहारपथसुत्तं

२२७ "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख ... नदेखेकोलाई देखें, नसुनेकोलाई सुनें, भोग नगरेकोलाई भोग गरें अनि नजानेकोलाई जानेको छु ... ।

"भिक्षुहो ! चार धर्ममा युक्त पण्डित... देखेकोलाई देखें, सुनेकोलाई सुनें, भोगगरेकोलाई भोग गरें अनि जानेकोलाई जानेको छु ... ।"

## ८. दुतियवोहारपथसुत्तं

२२८. "भिक्षुहो ! चार धर्ममा युक्त मूर्ख ... देखेकोलाई देखेकोछैन, सुनेको-लाई सुनेको छैन, भोग गरेकोलाई भोग गरेको छैन अनि जानेकोलाई जानेको छैन भन्ने ... ।

"भिक्षुहो ! चार धर्ममा युक्त पण्डित ... देखेकोलाई देखें, सुनेकोलाई सुनें, भोगगरेकोलाई भोग गरें अनि जानेकोलाई जानेको छु ... ।"

## ९. अहिरिकसुत्तं

२२९. "भिक्षुहो ! चार धर्मयुक्त मूर्ख, ... अश्रद्धावान, दुःशील, निर्लज्ज र निर्भयी... ।

"भिक्षुहो ! चार धर्ममा युक्त पण्डित... श्रद्धावान, शुशील, लज्जावान र भयदर्शीले ... ।"

## १०. दुप्पञ्ञसुत्तं

२३०. "भिक्षुहो ! चार धर्ममा युक्त मूर्ख... अश्रद्धावान, दुःशील, अल्छे र मूर्ख हुन्छ ... ।

"भिक्षुहो ! चार धर्मयुक्त पण्डित ... श्रद्धावान, शीलवान, उद्योगी र प्रज्ञावान हुन्छ । भिक्षुहो ! भिक्षुहो ! यी नै चार धर्ममा युक्त पण्डित, बुद्धिमान, सत्पुरुषले आफूलाई चोट वा आघात पुऱ्या- उँदैन । विज्ञजनको नजरमा सानो-ठूलो दोषका कार्य गर्दैनन् अनि धरै नै 'पुण्य' श्रृजना गर्नेछन् ।"

## ११. कविसुत्तं

२३१. "भिक्षुहो ! चार प्रकारका कवि छन् । कस्ता चार प्रकारका ? चिन्तन कवि, श्रुत कवि, अर्थ कवि अनि प्रतिभावान्न कवि । भिक्षुहो ! यी नै चार प्रकारका कवि हुन्छन् ।"



Downloaded from http://dhamma.digital

## (२४) कम्मवग्गो

### १. संखित्तसुत्तं

२३२. "भिक्षुहो ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाई भन्ने गर्दछु । ती चार के के हुन् ? भिक्षुहो ! अकुशल विपाक दिने अकुशल कर्म छ । भिक्षुहो ! कुशल विपाक दिने कुशल विपाक छ । भिक्षुहो ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल विपाक छ । अनि भिक्षुहो ! नअकुशल-नकुशल कर्म छ अनि नअकुशल-नकुशल विपाक नै जुन कर्म क्षय (जन्म र मृत्युको भवचक्रबाट मुक्त अर्हत) को निम्ति हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु ।"

### २. वित्थारसुत्तं

२३३ "भिक्षुहो ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाई भन्ने गर्दछु । ती चार के के हुन् ? भिक्षुहो ! अकुशल विपाक दिने अकुशल कर्म छ । भिक्षुहो ! कुशल विपाक दिने कुशल विपाक छ । भिक्षुहो ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल विपाक छ । अनि भिक्षुहो ! नअकुशल-नकुशल कर्म छ । नअकुशल-नकुशल विपाक दिने छ जुन कर्म क्षयको निम्ति हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु ।"

"भिक्षुहो ! कुन अकुशल कर्मले अकुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधित भई शारीरिक कर्मको संरचना गर्छ, क्रोधित भई वाचसिक कर्मको संरचना गर्छ अनि क्रोधित भई मानसिक कर्मको संरचना गर्छ । ऊ क्रोधित भई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित भई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित भई मानसिक कर्मको संरचना गर्दा क्रोधित लोकमा उत्पन्न हुन्छ । ऊ क्रोधित लोकमा उत्पन्न हुँदा क्रोधकै स्पर्शमा स्पर्शित हुन्छ । क्रोधकै स्पर्शमा स्पर्शित हुँदा मानौं नरकका सत्वले जस्तै अत्यन्तै दुःख भोग्नु पर्नेछ । भिक्षुहो ! अकुशल कर्मले यस्तै अकुशल विपाक दिन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक ।

"भिक्षुहो ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधित नभई शारीरिक कर्मको संरचन गर्छ, क्रोधित नभई वाचसिक कर्मको संरचना गर्छ अनि क्रोधित नभई मानसिक कर्मको संरचना गर्छ । ऊ क्रोधित नभई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित नभई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित नभई मानसिक कर्मको संरचना गर्दा क्रोध-



Downloaded from http://dhamma.digital

रहित लोकमा उत्पन्न हुन्छ । ऊ क्रोधरहित लोकमा उत्पन्न हुँदा क्रोध रहित-कै स्पर्शमा स्पर्शित हुन्छ । क्रोधरहितकै स्पर्शमा स्पर्शित हुँदा मानौं शुभकिण्ह* देवहरूले जस्तै अत्यन्तै सुखमय जीवन हुन्छ । ब्राह्मण ! कुशल कर्मले यस्तै कुशल विपाक दिन्छ । भिक्षुहो ! यसैलाई भन्छ– कुशल कर्मको कुशल विपाक ।

"भिक्षुहो ! कुन अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधित पनि अनि अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्छ । क्रोधित पनि अनि अक्रोधित पनि भई वाचसिक कर्म-को संरचना गर्छ । क्रोधित पनि अनि अक्रोधित पनि भई मानसिक कर्मको संरचना गर्छ । ऊ क्रोधित पनि, अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित पनि अक्रोधित पनि भई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित पनि अक्रोधित पनि भई मानसिक कर्मको संरचना गर्दा, क्रोधित र अक्रोधित लोकमा उत्पन्न हुन्छ । ऊ क्रोधको, अक्रोधको लोकमा उत्पन्न हुँदा क्रोधकै र अक्रोधकै स्पर्शमा स्पर्शित हुन्छ । क्रोधकै र अक्रोधकै स्पर्शमा स्पर्शित हुँदा क्रोधकै र अक्रोधकै भोग गर्नेछ । जस्तो कि कोही कोही मनुष्य, देवता र नरकभोगीले सुख-दुखकै भोग गर्छन् । भिक्षुहो ! अकुशल-कुशल कर्मले यस्तै अकुशल-कुशल विपाक दिन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाक ।

"भिक्षुहो ! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ ? ब्राह्मण ! अकुशल कर्मको अकुशल विपाकमा जुन कि यो– कर्म क्षय चेतना हुन्छ, कुशल कर्मको कुशल विपाकमा जुन कि यो– कर्म क्षय गर्ने चेतना हुन्छ अनि अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाकमा जुन कि यो– कर्म क्षय चेतना हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु !"

### ३. सोणकायनसुत्तं

२३४. एकदिन सिखामोग्गलान ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्ता र सराहनीय कुरा गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि सिखामोग्गलान ब्राह्मणले भगवानलाई भन्यो–

---

* मनुष्यलोक भन्दा माथि पर्न्यौं देवलोकका देवता ।



Downloaded from http://dhamma.digital

भो गोतम ! केहि दिन अघि सोणकायन माणवक जहाँ म थिएँ त्यहाँ आएर मलाई भन्यो– 'श्रमण गोतमले समस्त कर्मबाट अक्रिय हुने घोषणा गर्दछन् अनि लोकलाई उच्छेद-मूलोच्छेद गर्नु भन्दछन् । भो गोतम ! यो लोक त कर्मसत्यता र कर्मप्रयासमा स्थिर छ ।

"ब्राह्मण ! मैले सोणकायन माणवकलाई देखेकै छैन । कहाँ यस्तो कुराकानी हुने । ब्राह्मण ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाई भन्ने गर्दछु । ती चार के के हुन् ? ब्राह्मण ! अकुशल विपाक दिने अकुशल कर्म छ । ब्राह्मण ! कुशल विपाक दिने कुशल विपाक छ । ब्राह्मण ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल विपाक छ । अनि ब्राह्मण ! नकुशल-नकुशल कर्म छ । नअकुशल-नकुशल विपाक दिने छ जुन कर्म क्षयको निम्ति हुन्छ । ब्राह्मण ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु ।"

"ब्राह्मण ! कुन अकुशल कर्मले अकुशल विपाक हुन्छ ? ब्राह्मण ! यहाँ कोही कोही क्रोधित भई शारीरिक कर्मको संरचना गर्छ, क्रोधित भई वाचसिक कर्मको संरचना गर्छ अनि क्रोधित भई मानसिक कर्मको संरचना गर्छ । ऊ क्रोधित भई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित भई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित भई मानसिक कर्मको संरचना गर्दा क्रोधित लोकमा उत्पन्न हुन्छ । ऊ क्रोधित लोकमा उत्पन्न हुँदा क्रोधकै स्पर्शमा स्पर्शित हुन्छ । क्रोधकै स्पर्शमा स्पर्शित हुँदा मानौं नरकका सत्वले जस्तै अत्यन्तै दुःख भोग्नु पर्नेछ । भिक्षुहो ! अकुशल कर्मले यस्तै अकुशल विपाक दिन्छ । ब्राह्मण ! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक ।

"ब्राह्मण ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? ब्राह्मण ! यहाँ कोही कोही क्रोधित नभई शारीरिक कर्मको संरचन गर्छ, क्रोधित नभई वाचसिक कर्मको संरचना गर्छ अनि क्रोधित नभई मानसिक कर्मको संरचना गर्छ । ऊ क्रोधित नभई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित नभई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित नभई मानसिक कर्मको संरचना गर्दा क्रोधरहित लोकमा उत्पन्न हुन्छ । ऊ क्रोधरहित लोकमा उत्पन्न हुँदा क्रोधरहितकै स्पर्शमा स्पर्शित हुन्छ । क्रोधरहितकै स्पर्शमा स्पर्शित हुँदा मानौं शुभकिण्ह देवहरूले जस्तै अत्यन्तै सुखमय भोग गर्न पाउँछ । ब्राह्मण ! कुशल कर्मले यस्तै कुशल विपाक दिन्छ । ब्राह्मण ! यसैलाई भन्छ– कुशल कर्मको कुशल विपाक ।

"ब्राह्मण ! कुन अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ?



Downloaded from http://dhamma.digital

यहाँ कोही कोही क्रोधित पनि अनि अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्छ। क्रोधित पनि अनि अक्रोधित पनि भई वाचसिक कर्मको संरचना गर्छ। क्रोधित पनि अनि अक्रोधित पनि भई मानसिक कर्मको संरचना गर्छ। ऊ क्रोधित पनि, अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्दा, क्रोधित पनि अक्रोधित पनि भई वाचसिक कर्मको संरचना गर्दा अनि क्रोधित पनि अक्रोधित पनि भई मानसिक कर्मको संरचना गर्दा, क्रोधको र अक्रोधको लोकमा उत्पन्न हुन्छ। ऊ क्रोधको, अक्रोधको लोकमा जन्मिंदा क्रोधकै र अक्रोधकै स्पर्शमा स्पर्शित हुन्छ। क्रोधको र अक्रोधर स्पर्शमै स्पर्शित हुँदा क्रोधकै र अक्रोधकै भोग गर्नेछ। जस्तो कि कोही कोही मनुष्य, देवता र नरकभोगीले सुख-दुखसमान रूपले भोग गर्छन्। ब्राह्मण! अकुशल-कुशल कर्मले यस्तै अकुशल-कुशल विपाक दिन्छ। ब्राह्मण! यसैलाई भन्छ– अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाक।

"ब्राह्मण! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ? ब्राह्मण! अकुशल कर्मको अकुशल विपाकमा जुन कि यो– कर्म क्षय चेतना हुन्छ, कुशल कर्मको कुशल विपाकमा जुन कि यो– कर्म क्षय गर्ने चेतना हुन्छ अनि अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाकमा जुन कि यो– कर्म क्षय चेतना हुन्छ। भिक्षुहो! यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको। यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु।"

## ४. पठमसिक्खापदसुत्तं

२३५. "भिक्षुहो! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाइ भन्ने गर्दछु। ती चार के के हुन्? भिक्षुहो! अकुशल विपाक दिने अकुशल कर्म छ। भिक्षुहो! कुशल विपाक दिने कुशल विपाक छ। भिक्षुहो! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल कर्म छ। अनि भिक्षुहो! नअकुशल-नकुशल कर्म छ। नअकुशल-नकुशल विपाक दिने छ जुन कर्म क्षयको निम्ति हुन्छ। भिक्षुहो! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात गरी, साक्षात्कार गरी भन्ने गर्दछु।"

"भिक्षुहो! कुन अकुशल कर्मले अकुशल विपाक हुन्छ? भिक्षुहो! यहाँ कोही कोही प्राणीहिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ अनि जाँड-रक्सीआदि मादक पदार्थ सेवन गर्छ। भिक्षुहो! यही अकुशल कर्मले गर्दा अकुशल विपाक हुन्छ। भिक्षुहो! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक।

।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही प्राणीहिंसा गर्दैन, चोर्दैन, व्यभिचारी हुँदैन, झूटो बोल्दैन अनि जाँड-रक्सीआदि मादक पदार्थ सेवन गर्दैन । भिक्षुहो ! यही शुक्ल कर्मले गर्दा शुक्ल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– कुशल कर्मको कुशल विपाक ।

"भिक्षुहो ! कुन अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ? यहाँ कोही कोही क्रोधित पनि अनि अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्छ । ... भिक्षुहो ! अकुशल-कुशल कर्मले यस्तै अकुशल-कुशल विपाक दिन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाक ।

"भिक्षुहो ! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ ? भिक्षुहो ! अकुशल कर्मको अकुशल विपाकमा ... यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको । यी नै चार प्रकारका कर्मलाई म स्वयमले अवज्ञात गरी, साक्षात्कार गरी भन्ने गर्दछु ।"

## ५. दुतियसिक्खापदसुत्तं

२३६. "भिक्षुहो ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मको विषयमा भन्ने गर्दछु । ती चार के के हुन् ? भिक्षुहो ! अकुशल विपाक दिने अकुशल कर्म छ । भिक्षुहो ! कुशल विपाक दिने कुशल विपाक छ । भिक्षुहो ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल कर्म छ । अनि भिक्षुहो ! नअकुशल-नकुशल कर्म छ । नअकुशल-नकुशल विपाक दिने छ जुन कर्म क्षय (जन्म र मृत्युको भवचक्रबाट मुक्त अर्हत) को निम्ति हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात गरी साक्षात्कार गरी भन्ने गर्दछु ।"

"भिक्षुहो ! कुन अकुशल कर्मले अकुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही आमाको हत्या गर्ने, बुबाको हत्या गर्ने, अर्हतका हत्या गर्ने संघमा फाटो हाल्ने काम अनि द्वेष चित्तले तथागतको शरीरबाट रगत बगाउँछ । भिक्षुहो ! यही अकुशल कर्मले गर्दा अकुशल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक ।

"भिक्षुहो ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही प्राणीहिंसा गर्दैन, चोर्दैन, व्यभिचारी हुँदैन, झूटो बोल्दैन, चुक्ली



Downloaded from http://dhamma.digital

लाउँदैन, कठोर बोली बोल्दैन, बकम्फूस हुँदैन, निर्लोभी हुन्छ, द्वेषरहित हुन्छ अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यही कुशल कर्मले गर्दा कुशल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– कुशल कर्मको कुशल विपाक ।

"भिक्षुहो ! कुन अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधी भई अनि क्रोधरहित भई शारीरिक कर्मको रचना गर्छ ... भिक्षुहो ! अकुशल-कुशल कर्मले यस्तै अकुशल-कुशल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाक ।

"भिक्षुहो ! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ ? भिक्षुहो ! अकुशल कर्मको अकुशल विपाकमा ... यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको । यी नै चार प्रकारका कर्मलाई मस्वयम्ले अवज्ञात र साक्षात्कार गरी भन्ने गर्दछु ।"

## ६. अरियमग्गसुत्तं

२३७. "भिक्षुहो ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाई भन्ने गर्दछु । ती चार के के हुन् ? भिक्षुहो ! अकुशल विपाक दिने अकुशल कर्म छ । भिक्षुहो ! कुशल विपाक दिने कुशल विपाक छ । भिक्षुहो ! अकुशल-कुशल विपाक दिने अकुशल-कुशल विपाक छ । अनि भिक्षुहो ! नअकुशल-नकुशल कर्म छ । नअकुशल-नकुशल विपाक दिने छ जुन कर्म क्षय (जन्म र मृत्युको भवचक्रबाट मुक्त अर्हत) को निम्ति हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात गरी साक्षात्कार गरी भन्ने गर्दछु ।"

"भिक्षुहो ! कुन अकुशल कर्मले अकुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधी भई शारीरिक कर्मको रचना गर्छ... । भिक्षुहो ! अकुशल कर्मको यस्तै अकुशल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक ।

"भिक्षुहो ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधी नभई शारीरिक कर्मको रचना गर्छ... भिक्षुहो ! कुशल कर्मको कुशल विपाक हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– कुशल कर्मको यस्तै कुशल विपाक ।

"भिक्षुहो ! कुन अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ?



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यहाँ कोही कोही क्रोधी भई अनि क्रोधरहित भई शारीरिक कर्मको रचना गर्छ ... भिक्षुहो ! अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ। भिंक्षुहो ! यसैलाई भन्छ– अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक।

"भिक्षुहो ! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ ? सम्यकदृष्टि, ... सम्यकसमाधि। भिक्षुहो ! अकुशल कर्मको अकुशल विपाकमा ... यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको। यी नै चार प्रकारका कर्मलाई म स्वयम्ले अवज्ञात गरी, साक्षात्कार गरी भन्ने गर्दछु।"

## ७. बोज्झङ्गसुत्तं

२३८. "भिक्षुहो ! म स्वयम्ले अवज्ञात र साक्षात्कार गरी चार प्रकारका कर्मलाई ... अकुशल विपाक दिने अकुशल कर्म छ। भिक्षुहो ! यहाँ कोही कोही क्रोधी भई शारीरिक कर्मको रचना गर्छ... भिक्षुहो ! यसैलाई भन्छ– अकुशल कर्मको अकुशल विपाक।

"भिक्षुहो ! कुन कुशल कर्मले कुशल विपाक हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही क्रोधी नभई शारीरिक कर्मको रचना गर्छ... भिक्षुहो ! यसैलाई भन्छ– कुशल कर्मको कुशल विपाक।

"भिक्षुहो ! अकुशल-कुशल कर्मले अकुशल-कुशल विपाक हुन्छ ? यहाँ कोही कोही क्रोधित पनि अनि अक्रोधित पनि भई शारीरिक कर्मको संरचना गर्छ ... भिक्षुहो ! यसैलाई भन्छ– अकुशल-कुशल कर्मको अकुशल-कुशल विपाक हुन्छ।

"भिक्षुहो ! नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय कसरी हुन्छ ? स्मृतिसम्बोध्यङ्ग, धर्मविचयसम्बोध्यङ्ग, वीर्य-सम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग र उपेक्षासम्बो-ध्यङ्ग। भिक्षुहो ! यसैलाई भन्छ– नअकुशल-नकुशल कर्मको विपाकमा नअकुशल-नकुशल कर्ममा कर्म क्षय भएको। म स्वयमले अवज्ञात र साक्षा-त्कार गरी यी नै चार प्रकारका कर्मको विषयमा भन्ने गर्दछु।"

## ८. सावज्जसुत्तं

२३९. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन्। ती चार के के हुन् ? शारीरिक कर्ममा दोषी, वाचसिक



Downloaded from http://dhamma.digital

कर्ममा दोषी, मानसिक कर्ममा दोषी अनि दृष्टिमा दोषी । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? शारीरिक कर्ममा निर्दोषी, वाचसिक कर्ममा निर्दोषी, मानसिक कर्ममा निर्दोषी अनि दृष्टिमा निर्दोषी । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## ९. अब्याबज्झसुत्तं

२३९. "भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् । ती चार के के हुन् ? क्रोधी भई शारीरिक कर्म गर्ने, क्रोधी भई वाचसिक कर्म गर्ने, क्रोधी भई मानसिक कर्म गर्ने अनि क्रोधसहितको दृष्टि हुँदा । भिक्षुहो ! यी नै चार धर्ममा युक्त हुनेलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! चार धर्ममा युक्त हुनेलाई समातेर स्वर्गमा राखे समान हुन् । ती चार के के हुन् ? क्रोधी नभई शारीरिक कर्म गर्ने, क्रोधी नभई वाचसिक कर्म गर्ने, क्रोधी नभई मानसिक कर्म गर्ने अनि क्रोधरहितको दृष्टि हुँदा । भिक्षुहो ! यी नै चार धर्ममा युक्तलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## १०. समणसुत्तं

२४१. "भिक्षुहो ! प्रथम श्रमण यही बुद्ध शासनमा छ, दुतिय श्रमण पनि यही बुद्ध शासनमा छ, तृतिय पनि यही बुद्ध शासनमा छ अनि चौथो पनि यही बुद्ध शासनमा छ । अन्य मत परम्परामा यस प्रकारका श्रमणत्वबाट शुन्य छ । भिक्षुहो ! यसरी सम्यकरूपले सिंहनाद गर्ने गर । भिक्षुहो ! पहिलो श्रमण भनेको के हो ? भिक्षुहो ! भिक्षुले तीन संयोजन♥ क्षय गरी स्रोतापन्न हुन्छ, पतन नहुने अनि सम्बोधि लाभको निम्ति निश्चित हुन्छ । भिक्षुहो ! यही नै प्रथम श्रमण हो ।

---

♥ १. सत्कायदृष्टि, २. शंका, ३. शीलब्रत परामर्श ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! दोस्रो श्रमण भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले तीन संयोजन क्षय गर्नुकासाथै राग, द्वेष र मोह कम भएका सकृदागामी हुन्छ । यो लोकमा केवल एकपल्ट मात्र जन्मेर दुःख अन्त गर्छ । भिक्षुहो ! यही नै दुतिय श्रमण हो ।

"भिक्षुहो ! तृतिय श्रमण भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले पाँच प्रकारका निम्नमुखी संयोजन° क्षय गरी औपपातिक (अनागामी ब्रह्मलोकगामी) हुन्छ । त्यो लोकबाट पुनः यो लोकमा जन्म नलिई त्यहीँबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! यही नै तृतिय श्रमण हो ।

"भिक्षुहो ! चौथो श्रमण भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव क्षय गरी, अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्-ले अभिज्ञात, साक्षात्कार तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यही नै चौथो श्रमण हो । भिक्षुहो ! पहिलो श्रमण यही बुद्ध शासनमा छ, दुतिय श्रमण यही बुद्ध शासनमा छ, तृतिय श्रमण यही बुद्ध शासनमा छ अनि चौथो श्रमण पनि यही बुद्ध शासनमा छ । अन्य मत परम्परामा यस प्रकारका श्रमणत्वबाट शुन्य छ । भिक्षुहो ! यसरी सम्यकरूपले सिंहनाद गर्ने गर ।"

## ११. सप्पुरिसानिसंससुत्तं

२४२. "भिक्षुहो ! सत्पुरुषको आश्रयमा रहँदा चार प्रकारका प्रतिफलको आश गर्न सक्छ । कुन चार ? आर्यशीलको अभिवृद्धि हुन्छ, आर्यसमाधिको अभिवृद्धि हुन्छ, आर्यप्रज्ञाको अभिवृद्धि हुन्छ अनि आर्यविमुक्तिको अभिवृद्धि हुन्छ । भिक्षुहो ! सत्पुरुषको आश्रयमा रहँदा यी नै चार प्रकारका प्रतिफलको आश गर्न सक्छ ।"

Dhamma.Digital

---

° १. सत्कायदृष्टि, २. शंका, ३. शीलब्रत-परामर्श, ४.कामतृष्णा । ५. द्वेष



Downloaded from http://dhamma.digital

## २५. आपत्तिभयवग्गो

### १.सङ्घभेदकसुत्तं

२४३. एक समय भगवान कोसम्बीस्थित घोषिताराममा बस्नुहुन्थ्यो। त्यस समय आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि आयुष्मान आनन्दलाई भगवानले यसो भन्नुभयो– "आनन्द ! 'के त्यो झगडा अहिले शान्त भयो त ?' 'भन्ते ! त्यो झगडा कहाँ शान्त हुने हो र ?' "भन्ते ! आयुष्मान अनुरुद्धको बाहिय नाउँका साथीले साराकासारा संघमा मतभेद गर्न लागेका छन्। उसलाई आयुष्मान अनुरुद्धले एक शब्द पनि भन्न चाहेको छैन।"

"आनन्द ! आयुष्मान अनुरुद्ध कहिलेदेखि संघका बीच झगडामा लाग्न थाले ? आनन्द ! जे जति झगडाको थालनि हुन्छ ती सबै सारिपुत्त, मोग्गल्लान र तिमीले शान्त पार्नु पर्ने होइन र ?"

"आनन्द ! संघभेद हुँदा चार कारणले पापी भिक्षु प्रसन्न हुन्छन्। ती चार के के हुन् ? आनन्द ! यहाँ पापी भिक्षु दुशील हुन्छ, दुराचारी हुन्छ, खराब बानी हुन्छ, शंकास्पद आचरणको हुन्छ, लुकि-छिपि पाप कर्म गर्छ, अश्रमण भई श्रमण भन्छ, अब्रह्मचारी भई ब्रह्मचारी भन्छ, भित्रभित्रै कुहेको हुन्छ, धेरै नै छिद्र परेको अनि दुर्गन्धपूर्ण हुन्छ। उसलाई यस्तो हुन्छ– 'दुशील, दुराचारी, खराब बानी, शंकास्पद आचरण, लुकिछिपि पाप कर्म गरेको, अश्रमण भई श्रमण भनेको, अब्रह्मचारी भई ब्रह्मचारी भनेको, भित्रभित्रै कुहेको, धेरै छिद्र भएको अनि दुर्गन्धित भएको यदि भिक्षुहरूले थाहा पाएमा तिनीहरू एकजुट भई मलाई संघबाट निष्कासन गर्नेछ। दलबन्दी भएमा मलाई संघबाट निष्कासन गर्न सक्दैन। आनन्द ! यो पहिलो कारणले गर्दा संघका बीच मतभेद हुँदा पापी भिक्षु प्रसन्न हुन्छ।

"आनन्द ! अनि फेरि अर्को पापी भिक्षु मिथ्यादृष्टि हुन्छ तथा मिथ्यादृष्टिले जकडिएको हुन्छ। उसलाई यस्तो हुन्छ– म मिथ्यादृष्टिको हुँ तथा मिथ्यादृष्टिमा जकडिएको छ भनी यदि भिक्षुहरूले थाहा पाएमा तिनीहरू एकजुट भई मलाई संघबाट निष्कासन गर्नेछ। दलबन्दी भएमा मलाई संघबाट निष्कासन गर्न सक्दैन। आनन्द ! यो दोस्रो कारणले गर्दा संघका बीच मतभेद हुँदा पापी भिक्षु प्रसन्न हुन्छ।

"आनन्द ! अनि फेरि अर्को पापी भिक्षु मिथ्याआजीविका हुन्छ तथा



Downloaded from http://dhamma.digital

मिथ्याआजीविकाले जकडिएको हुन्छ । उसलाई यस्तो हुन्छ– म मिथ्याआजीकाको हुँ तथा मिथ्याआजीविकामा जकडिएको छ भनी यदि भिक्षुहरूले थाहा पाएमा तिनीहरू एकजुट भई मलाई संघबाट निष्कासन गर्नेछ । दलबन्दी भएमा मलाई संघबाट निष्कासन गर्न सक्दैन । आनन्द ! यो तेस्रो कारणले गर्दा संघका बीच मतभेद हुँदा पापी भिक्षु प्रसन्न हुन्छ ।

"आनन्द ! अनि फेरि अर्को पापी भिक्षु लाभ, सत्कार र प्रसिद्ध हुने आश गर्ने हुन्छ । उसलाई यस्तो हुन्छ– 'म लाभ, सत्कार र प्रसिद्ध हुने आशमा छु । यदि भिक्षुहरूले थाहा पाएमा तिनीहरू एकजुट भई मलाई सत्कार, गौरव, मानसम्मान गर्दैन अनि पूज्य हुन पाउँदिन । दलबन्दी भएमा सत्कार, गौरव, मानसम्मान गर्नेछ अनि पूज्य हुनेछु । आनन्द ! संघभेद हुँदा यी नै चार कारणले पापी भिक्षु प्रसन्न हुन्छ ।"

## २. आपत्तिभयसुत्तं

२४४. "भिक्षुहो ! चार प्रकारका विपत्ति भय छन् । कुन कुन चार प्रकारका ? भिक्षुहो ! जस्तै कि– चोर तथा अपराधीलाई समाती उसलाई राजाकहाँ लगेर भन्छ– देव ! 'यो चोर तथा अपराधी हो, यसलाई देवले दण्ड दिने आज्ञा दिनुस् ।' यो पुरुषको दुवै हातलाई पछाडिबाट बलियो डोरीले कस्सेर बाँधी छुराले केश मुण्डन गरी, तीखो आवाज निस्किने भेरी वादन गरी, एउटा बाटोबाट अर्को बाटोमा, एउटा दोबाटोबाट अर्को दोबाटोमा लगी दक्षिणद्वारबाट दक्षिणतिर लगी शीर छेदन गरिदिनु । उसलाई राजपुरुषले बलियो डोरीले दुवै हात पछाडि लगी कस्सेर बाँधी, छुराले केश मुण्डन गरी, तीखो आवाज निस्किने भेरी-वादन गरी, एउटा बाटोबाट अर्को बाटोमा, एउटा दोबाटोबाट अर्को दोबाटोमा लगी दक्षिणद्वारबाट दक्षिणतिर लगी शीर छेदन गरिदिन्छ । त्यहाँ एक ठाउँमा बसेर हेर्ने कोही एकजना व्यक्तिको मनमा यस्तो हुन्छ– ओहो, यो व्यक्तिले पाप कर्म गरेको हुनाले निन्दित भई शीर छेदन गराउनु पर्‍यो । जुन कारणले गर्दा राज पुरुषले बलियो डोरीले कस्सेर बाँधी, छुराले केश मुण्डन गरी, तीखो आवाज निस्किने भेरी वादन गरी, एउटा बाटोबाट अर्को बाटोमा, एउटा दोबाटोबाट अर्को दोबाटोमा लगी दक्षिणद्वारबाट दक्षिणतिर लगी शीर छेदन गराउनु पर्‍यो । मैले यस्तो निन्दनीय र शीर छेदन गर्नुपर्ने पाप-कर्म नगरौं । भिक्षुहो ! यसरी नै जो कोही भिक्षु वा भिक्षुणीलाई पाराजिका* को बारेमा यस्तो तीव्र भय-संज्ञा उत्पन्न हुन्छ भने उसबाट

* भिक्षु विनय (प्रातिमोक्ष हेरौं)।



Downloaded from http://dhamma.digital

यो आश गर्न सक्छ कि यदि ऊ पाराजिकाको दोषी भएको छैन भने हुन दिँदैन । पाराजिका दोषको दोषी भएमा धर्मानुसार प्रतिकार गर्छ ।

"भिक्षुहो ! जस्तो कि कोही मान्छेले कालो वस्त्र लगाई, केश फुकाई, काँधमा मूसल राखी महाजनसमुदायको बीचमा गएर भन्छ– 'भन्ते ! मैले निन्दनीय र मूसलले हान्न योग्य पाप कर्म गरेँ । मैले जे गर्दा तपाई. सन्तोष हुनुहुन्छ त्यो काम गर्छु ।' त्यहाँ कोही एकजना व्यक्तिले त्यो हेरिरहँदा उसको मनमा यस्तो हुन्छ– यसले निन्दनीय र मूसलले हान्न योग्य पाप कर्म गर्‍यो । जुन कारणले गर्दा कालो वस्त्र लगाई, केश फुकाई, काँधमा मूसल राखी महाजनसमुदायको बीचमा गएर भन्छ– 'भन्ते ! मैले निन्दनीय र मूसलले हान्न योग्य पाप कर्म गरेँ । मैले जे गर्दा तपाई. सन्तोष हुनुहुन्छ त्यो काम गर्छु ।' उसले सोच्छ कि मैले यस्तो निन्दनीय र मूसलले हान्न पर्ने पाप कर्म नगरुँ । भिक्षुहो ! यसरी नै जो कोही भिक्षु वा भिक्षुणीलाई सङ्घादिसेसको बारेमा यस्तरी नै तीब्र भय-संज्ञा उत्पन्न हुन्छ भने उसबाट यो आश गर्न सक्छ कि यदि ऊ सङ्घादिसेस*को दोषी भएको छैन भने हुन दिँदैन । सङ्घादिसेसको दोषी भएमा धर्मानुसार प्रतिकार गर्छ ।

"भिक्षुहो ! जस्तो कि कोही मान्छेले कालो वस्त्र लगाई, केश फुकालि, काँधमा खरानीको बोरा राखी महाजनसमुदायको बीचमा गएर भन्छ– 'भन्ते ! मैले निन्दनीय र खरानीको बोराले हान्न योग्य पाप कर्म गरेँ । मैले जे गर्दा तपाई. सन्तोष हुनुहुन्छ त्यो काम गर्छु ।' त्यहाँ कोही एकजना व्यक्तिले त्यो हेरिरहँदा उसको मनमा यस्तो हुन्छ– यसले निन्दनीय र खरानीको बोराले हान्न योग्य पाप कर्म गर्‍यो । जुन कारणले गर्दा कालो वस्त्र लगाई, केश फुकाई, काँधमा खरानीको बोरा राखी महाजनसमुदायको बीचमा गएर भन्छ– 'भन्ते ! मैले निन्दनीय र खरानीको बोराले हान्न योग्य पाप कर्म गरेँ । मैले जे गर्दा तपाई. सन्तोष हुनुहुन्छ त्यो काम गर्छु ।' उसले सोच्छ कि मैले यस्तो निन्दनीय र खरानीको बोराले हान्न पर्ने पाप कर्म नगरुँ । भिक्षुहो ! यसरी नै जो कोही भिक्षु वा भिक्षुणीलाई पाचित्तियको बारेमा यस्तरी नै तीब्र भय-संज्ञा उत्पन्न हुन्छ भने उसबाट यो आश गर्न सक्छ कि यदि ऊ पाचित्तियको दोषी भएको छैन भने हुन दिँदैन । पाचित्तिय*को दोषी भएमा धर्मानुसार प्रतिकार गर्छ ।

---

* भिक्षु विनय (प्रातिमौक्ष हेरौं) ।
* भिक्षु विनय (प्रातिमौक्ष हेरौं) ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जस्तो कि कोही मान्छेले कालो वस्त्र लगाई, केश फुकालि महाजनसमुदायको बीचमा गएर भन्छ– 'भन्ते ! मैले निन्दनीय र दोष लाउन योग्य पाप कर्म गरें। मैले जे गर्दा तपाई सन्तोष हुनुहुन्छ त्यो काम गर्छु।' त्यहाँ कोही एकजना व्यक्तिले त्यो हेरिरहँदा उसको मनमा यस्तो हुन्छ– मैले यस्तो निन्दनीय र दोष लाउन पर्ने पाप कर्म नगरुँ। भिक्षुहो ! यसरी नै जो कोही भिक्षु वा भिक्षुणीलाई पाटिदेशनीय* को बारेमा यस्तरी नै तीव्र भय-संज्ञा उत्पन्न हुन्छ भने उसबाट यो आश गर्न सक्छ कि यदि ऊ पाटिदेसनीयको दोषी भएको छैन भने हुन दिंदैन। पाटिदेससनीयको दोषी भएमा धर्मानुसार प्रतिकार गर्छ।"

## ३. सिक्खानिसंससुत्तं

२४५. "भिक्षुहो ! ब्रह्मचर्य (उत्तमरूपको जीवन), उत्तम प्रज्ञा, विमुक्तिसार र स्मृतिमा आधिपत्य हुनु नै यो शिक्षाको प्रतिफल हो। भिक्षुहो ! शिक्षाको प्रतिफल कसरी हुन्छ ? भिक्षुहो ! यहाँ मेरा श्रावकलाई उत्तम आचरण सम्बन्धी शिक्षा दिएको छु। जुन अप्रसन्नलाई प्रसन्न पार्न र प्रसन्नलाई झन प्रसन्न पार्न। भिक्षुहो ! यहाँ मेरा श्रावकलाई जुन जुन आचरण सम्बन्धी शिक्षा दिएँ ती ती अप्रसन्नलाई प्रसन्न पार्न र प्रसन्नलाई झन प्रसन्न पार्नको निम्ति त्यही त्यही अनुरूप उसले ती शिक्षाको पालन गर्छ। अखण्डकारी, छिद्ररहित, शुद्धकारी तथा शुद्धकर्मकारी भई शिक्षापदका शिक्षा पालन गर्छ। भिक्षुहो ! यसरी नै शिक्षाको प्रतिफल हुन्छ।

"भिक्षुहो ! अनि फेरि मेरा श्रावकलाई सम्यकरूपले समस्त दुःख क्षय गर्न आरम्भिक ब्रह्मचर्यको शिक्षा दिएको छु। मेरा श्रावकहरूलाई जुन जुन सम्यकरूपले समस्त दुःख क्षय गर्न आरम्भिक ब्रह्मचर्यको शिक्षा दिएँ उसले त्यही त्यही अनुरूप शिक्षाको पालन गर्छ। अखण्डकारी, छिद्ररहित, शुद्धकारी तथा शुद्धकर्मकारी भई शिक्षापदका शिक्षा पालन गर्छ। भिक्षुहो ! यसरी नै शिक्षाको प्रतिफल हुन्छ।

"भिक्षुहो ! उत्तम प्रज्ञा कसरी हुन्छ ? भिक्षुहो ! मेरा श्रावकलाई सम्यकरूपले समस्त दुःख क्षय गर्न धर्मदेशना गरेको छु। भिक्षुहो ! मेरा श्रावकलाई सम्यकरूपले जसरी जसरी समस्त दुःख क्षय गर्न धर्मदेशना गरें त्यसरी त्यसरी नै उसले ती धर्मलाई हृदयङ्गम गर्छ। भिक्षुहो ! यसरी नै उत्तम प्रज्ञा हुन्छ।

---

* भिक्षु विनय (प्रातिमौक्ष हेरौं)।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! उत्तम विमुक्तिसार कसरी हुन्छ ? भिक्षुहो ! मेरा श्रावकलाई सम्यकरूपले समस्त दु:ख क्षय गर्न धर्मदेशना गरेको छु । भिक्षुहो ! मेरा श्रावकलाई सम्यकरूपले जसरी जसरी समस्त दु:ख क्षय गर्न धर्मदेशना गरें त्यसरी त्यसरी नै उसले ती धर्मको विमुक्तिलाई स्पर्श गर्छ । भिक्षुहो ! यसरी नै विमुक्तिसार हुन्छ ।

"भिक्षुहो ! उत्तम स्मृतिको आधिपत्य कसरी हुन्छ ? यी अपरिपूर्ण उत्तम आचार सम्बन्धी शिक्षालाई परिपूर्ण गर्छु । परिपूर्ण आचारसम्बन्धी ती ती शिक्षालाई प्रज्ञाद्वारा अनुग्रहित गर्छु ।' भनी आफू भित्र नै स्मृति सुप्रतिष्ठित हुन्छ । यी अपरिपूर्ण उत्तम आरम्भिक ब्रह्मचर्यसम्बन्धी शिक्षा परिपूर्ण गर्छु । परिपूर्ण आचारसम्बन्धी ती ती शिक्षालाई प्रज्ञाद्वारा अनुग्रहित गर्छु ।' भनी आफू भित्र नै स्मृति सुप्रतिष्ठित हुन्छ । विचार पुऱ्याउन नसकेको यो धर्मलाई प्रज्ञाद्वारा विचार पुऱ्याउँछु । विचार पुऱ्याएका ती ती धर्मलाई प्रज्ञाद्वारा अनुग्रहित गर्छु ।' भनी आफू भित्र नै स्मृति सुप्रतिष्ठित हुन्छ । अस्पर्शित धर्मको विमुक्तिलाई स्पर्श गर्छु । स्पर्शित ती ती धर्मलाई प्रज्ञाद्वारा अनुग्रहित गर्छु ।' भनी आफू भित्र नै स्मृति सुप्रतिष्ठित हुन्छ । भिक्षुहो ! यसरी नै स्मृतिको आधिपत्य हुन्छ । भिक्षुहो ! यी शिक्षाको प्रतिफल ब्रह्मचर्यको जीवन यापन, उत्तम प्रज्ञा, विमुक्तिसार र स्मृतिमा आधिपत्य हुन्छ । यसरी जुन त्यो भनें यही कारण लिएर भनेको हुँ ।"

## ४. सेय्यासुत्तं

२४६. भिक्षुहो ! शयन चार प्रकारका छन् । कस्तो चार प्रकारका ? प्रेत शयन, कामभोगी शयन, सिंह शयन र तथागत शयन । भिक्षुहो ! प्रेत शयन कस्तो हुन्छ ? भिक्षुहो ! अधिकांश प्रेतहरू उत्तानो परेर सुत्छ । भिक्षुहो ! प्रेत शयन भनेको यस्तै हुन्छ ।

"भिक्षुहो ! कामभोगी शयन कस्तो हुन्छ ? अधिकांश कामभोगीहरू बायाँपट्टिबाट कोल्टे परेर सुत्छ । भिक्षुहो ! कामभोगी शयन भनेको यस्तै हुन्छ ।

"भिक्षुहो ! सिंह शयन कस्तो हुन्छ ? सिंह दायाँपट्टिबाट कोल्टे परेर खुट्टा माथि खुट्टा राखी जाँघको बीचमा नङ्ग्रा नराखी सुत्छ । ऊ जागा भई शरीरको अघिल्लो हिस्सा सिधा राखी, पछिल्लो हिस्सालाई हेर्छ । उसको शरीरको हिस्सा छरपस्ट भए वा खुकुलो भए असन्तुष्ट हुन्छ । भिक्षुहो ! यदि



Downloaded from http://dhamma.digital

मृगराज सिंहले आफ्नो शरीरकिो कुनै हिस्सा छरपस्ट नभएको वा खुकुलो नभएको देखे सन्तुष्ट हुन्छ । भिक्षुहो ! सिंह शयन भनेको यस्तै नै हुन्छ ।

"भिक्षुहो ! तथागत शयन कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु कामभोगबाट रहित, ... चतुर्थध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! तथागत शयन भनेको यस्तै नै हुन्छ । भिक्षुहो ! यी नै चार प्रकारका शयन हुन् ।"

## ५. थूपारहसुत्तं

२४७. "भिक्षुहो ! चार (व्यक्तिका) स्तुप (चैत्य) बनाउन योग्य छ । ती चार को को हुन् ? तथागत अर्हत सम्यकसमबुद्धको स्तूप बनाउन योग्य छ । प्रत्येकबुद्धको स्तूप बनाउन योग्य छ । तथागतका श्रावकको स्तूप बनाउन योग्या छ अनि राजा चक्कवर्तीको स्तूप बनाउन योग्य छ ।"

## ६. पञ्ञावुद्धिसुत्तं

२४८. "भिक्षुहो ! चार कारणले प्रज्ञा वृद्धि हुन्छ । ती चार के के हुन् ? सत्पुरषको सत्संगत, सत्यधर्मको श्रवण, सम्यक विचार अनि धर्मानुसार आचरण । भिक्षुहो ! यी नै चार कारणले प्रज्ञा वृद्धि हुन्छ ।"

## ७. बहुकारसुत्तं

२४९. "भिक्षुहो ! चार कारणले मानिसको बहुपकार हुन्छ । ती चार के के हुन् ? सत्पुरषको सत्संगत, सत्यधर्मको श्रवण, सम्यक विचार अनि धर्मानुसार आचरण । भिक्षुहो ! यी नै चार कारणले मानिसको बहुपकार हुन्छ ।"

## ८. पठमवोहारसुत्तं

२५०. "भिक्षुहो ! चार अनार्य व्यवहार छन् । ती चार के के हुन् ? अदृष्टलाई दृष्टवादी झैं हुने, अश्रुतमा श्रुतवादी झैं हुने, अस्पर्शितमा स्पर्शितवादी झैं हुने अनि अविज्ञातलाई ज्ञातवादी झैं हुने । भिक्षुहो ! यी नै चार अनार्य व्यवहार हुन् ।"

## ९. दुतियवोहारसुत्तं

२५१. "भिक्षुहो ! चार आर्य व्यवहार छन् । ती चार के के हुन् ? अदृष्टलाई अदृष्टवादी हुने, अश्रुतमा अश्रुतवादी हुने, अस्पर्शितलाई अस्पर्शितवादी हुने अनि अविज्ञातमा अविज्ञातवादी हुने । भिक्षुहो ! यी नै चार आर्य



Downloaded from http://dhamma.digital

व्यवहार हुन् ।"

## १०. ततियवोहारसुत्तं

२५२ "भिक्षुहो ! चार अनार्य व्यवहार छन् । ती चार के के हुन् ? दृष्टलाई अदृष्टवादी भैं हुने, श्रुतलाई अश्रुतवादी भैं हुने, स्पर्शितमा अस्पर्शितवादी भैं हुने अनि ज्ञातलाई अविज्ञातवादी भैं हुने ।भिक्षुहो ! यी नै चार अनार्य व्यवहार हुन् ।"

## ११. चतुत्थवोहारसुत्तं

२५३ "भिक्षुहो ! चार आर्य व्यवहार छन् । ती चार के के हुन् ? दृष्टलाई दृष्टवादी हुने, श्रुतलाई श्रुतवादी हुने, स्पर्शितमा स्पर्शितवादी हुने अनि ज्ञातलाई ज्ञातवादी हुने । भिक्षुहो ! यी नै चार आर्य व्यवहार हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (२६) ६. अभिञ्ञावग्गो

### १. अभिञ्ञासुत्तं

२५४. "भिक्षुहो ! धर्म चार प्रकारका छन् । ती चार के के हुन् ? भिक्षुहो ! अभिज्ञा (विशिष्ट ज्ञान) लाई ठीकसँग जान्नु पर्छ । भिक्षुहो ! धर्म अभिज्ञात हुँदा त्याग्नु पर्छ । भिक्षुहो ! धर्म अभिज्ञात भए अभ्यास गर्नु पर्छ । भिक्षुहो ! धर्म अभिज्ञात भए साक्षात्कार गर्नुपर्छ ।

"भिक्षुहो ! कुन धर्मको अभिज्ञालाई ठीकसँग जान्नुपर्छ ? पञ्चस्कन्ध*-लाई । भिक्षुहो ! यी नै धर्मको अभिज्ञालाई ठीकसँग जान्नु पर्छ ।

"भिक्षुहो ! कुन धर्मको अभिज्ञालाई त्याग्नु पर्छ ? अविद्या र भवतृष्णा । भिक्षुहो ! यी नै धर्मको अभिज्ञालाई त्याग्नु पर्छ ।

"भिक्षुहो ! कुन धर्मको अभिज्ञालाई अभ्यास गर्नुपर्छ ? समथ र विपस्सनाको । भिक्षुहो ! यी नै धर्मको अभिज्ञालाई अभ्यास गर्नुपर्छ ।

"भिक्षुहो ! कुन धर्मको अभिज्ञालाई साक्षात्कार गर्नुपर्छ ? विद्या* र विमुक्ति*को । भिक्षुहो ! यी नै धर्मको अभिज्ञालाई सात्क्षा-त्कार गर्नुपर्छ ।

### २. परियेसनासुत्तं

२५५. "भिक्षुहो ! यी चार प्रकारका अनार्य खोज हुन् । कुन चार ? भिक्षुहो ! यहाँ कोही कोही स्वयम् जरा-धर्मी (स्व-भावको) हुँदा पनि जरा धर्मको नै खोजी गर्छ । स्वयम् व्याधी धर्मी हुँदा पनि व्याधि धर्मको नै खोजी गर्छ । स्वयम् मरणधर्मी हुँदा पनि मरण धर्मको नै खोजी गर्छ अनि स्वयम् क्लेश धर्मी हुँदा पनि क्लेश धर्मको नै खोजी गर्छ । भिक्षुहो ! यी नै चार प्रकारका अनार्य खोज हुन् ।

"भिक्षुहो ! यी चार प्रकारका आर्य खोज हुन् । कुन चार ? यहाँ कोही कोही स्वयम् जराधर्मी हुनाले जरा धर्मको दुष्परिणाम जानेर अजर र अनुपम योगक्षमको निर्वाणको खोजी गर्छ । स्वयम् व्याधीधर्मी हुनाले व्याधीधर्मको दुष्परिणाम जानेर व्याधिधर्मबाट मुक्त हुने अनुपम योगक्षम निर्वाणको

---

* रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान ।

* मार्ग ज्ञानको विद्या र * यसैमा समन्वय हुँदाको मुक्ति ।



Downloaded from http://dhamma.digital

खोजीगर्छ । स्वयम मरणधर्मी हुनाले मरण धर्मको दुष्परिणाम जानेर अमृत र अनुत्तर योगक्षम निर्वाणको खोजी गर्छ अनि स्वयम् क्लेशधर्मी हुनाले क्लेश धर्मको दुष्परिणाम जानेर क्लेशरहित भई अनुत्तर योगक्षमको निर्वाणको खोजी गर्छ । भिक्षुहो ! यी नै चार प्रकारका खोज हुन् ।

## ३. सङ्गहवत्थु

२५६. "भिक्षुहो ! चार प्रकारका संग्रह छन् । ती चार के के हुन् ? दान, प्रियवचन, हितार्थचर्या र समानचर्या । भिक्षुहो ! यी नै चार प्रकारका संग्रह हुन् ।"

## ४. मालुक्यपुत्तसुत्तं

२५७. एक दिन आयुष्मान मालुक्यपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान मालुक्यपुत्तले भगवानलाई यसो भने–

"भगवानले मलाई संक्षिप्तमा धर्मदेशना गर्नु भएमा राम्रो हुन्थ्यो । भगवानबाट धर्म सुनिकन जहाँ कि म एकान्तसेवी, अप्रमादि भई, लगनशील भई अनि प्रयत्नशील भई बस्नसकूँ । मालुक्यपुत्त ! अहिले (यो अवस्थामा) तरुण भिक्षुहरूलाई के नै भनूँ । जबकि तिमी वर्ष पुगेको अनि वृद्ध भएर पनि तथागतबाट संक्षिप्त धर्मदेशना गर्न प्रार्थना गरिरहेका छौ । "भगवान ! मलाई संक्षिप्तमा नै धर्मदेशना गर्नुस् । सुगत ! संक्षिप्तमा नै धर्मदेशना गर्नुस् । भगवानले दिनुभएको थोरै उपदेशको अर्थ मैले जान्न सकेमा राम्रो हुनेछ । भगवानको श्रीमुखबाट थोरै मात्र दिनु भएको उपदेशमा मैले उत्तराधिकारी पाउन सकूँ ।"

"मालुक्यपुत्त ! चार विषयवस्तुको चाहनाले गर्दा भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । ती चार के के हुन् ? चीवरको चाहनाले गर्दा भिक्षुमा तृष्णाको उत्पत्ति हुन्छ । मालुक्यपुत्त ! पिण्डपातको चाहनाले गर्दा भिक्षुमा तृष्णाको उत्पत्ति हुन्छ । मालुक्यपुत्त ! शयनासनको चाहनाले गर्दा भिक्षुमा तृष्णाको उत्पत्ति हुन्छ । मालुक्यपुत्त ! जहींकहीं (भवाभवमा) जन्म लिने चाहनाले गर्दा भिक्षुमा तृष्णाको उत्पत्ति हुन्छ । मालुक्यपुत्त ! यी नै चार विषयवस्तुको चाहनाले गर्दा भिक्षुमा तृष्णा उत्पन्न हुन्छ । मालु-क्यपुत्त ! जब भिक्षुबाट तृष्णा विलय हुन्छ, मूल जडो नै उखेलिएको हुन्छ, ताडवृक्षलाई काटि दिए झैं हुन्छ, फेरि नपलाउने हुन्छ तथा पुनः उत्पन्न हुँदैन । मालुक्यपुत्त ! यसैलाई भनिन्छ– 'भिक्षुले तृष्णा छिन्नभिन्न गरिदियो । संयोजनको बन्धनबाट



Downloaded from http://dhamma.digital

विमुक्त भयो , मान-अभिमानलाई सम्यकरूपले शान्त गऱ्यो अनि दु:खबाट अन्त भयो ।"

अनि भगवानबाट आयुष्मान मालुक्यपुत्तलाई यो उपदेशद्वारा अनुशासन गरेपछि आसनबाट उठी भगवानलाई अभिवादन गरी त्यहाँबाट गए । अनि आयुष्मान मालुक्यपुत्त एकान्तमा बसी अप्रमादि भई, प्रयत्नशील भई, मेहनती भई अनि तल्लीन भई, चिरकाल नबित्दै जुन अर्थलाई लिएर कुपुत्रहरूले घरवार त्याग गरी अनागारिक भई प्रव्रजित हुन्छन् त्यस श्रेष्ठमय ब्रह्मचर्यावसानलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षत्कार अनि प्राप्त गरी बस्न थाले । "जन्मिनुबाट मुक्त भएँ, ब्रह्मचर्य पूर्ण भयो, गर्नुपर्ने गरी सकें, अब उप्रान्त यसको अगाडि गर्नुपर्ने केही पनि बाँकीरहेन भन्ने ज्ञानपाए । आयुष्मान मालुक्यपुत्त पनि एक अर्हत हुनुभयो ।

## ५.कुलसुत्तं

२५८. "भिक्षुहो ! घरमा जे जति महाभोगसम्पत्ति छन् ती सबै चार कारणले वा यसभध्ये कुनै एक कारणले चिरकालसम्म रहँदैन । ती चार के के हुन् ? नष्ट हुँदा खोज्दैन, जीर्ण हुँदा मर्मत गर्दैन, अपरिमित खानपान गर्छ अनि दु:शील स्त्री वा पुरुषको आधिकारमा दिन्छ । भिक्षुहो ! घरमा जे जति महाभोगसम्पत्ति छन् ती सबै यी चार कारणले वा यसभध्ये कुनै एक कारणले चिरकालसम्म रहँदैन ।

"भिक्षुहो ! घरमा जे जति महाभोगसम्पत्ति छन् ती सबै चार कारणले वा यसभध्ये कुनै एक कारणले चिरकालसम्म रहन्छ । ती चार के के हुन् ? नष्ट हुँदा खोज्छ, जीर्ण हुँदा मर्मत गर्छ, परिमित खानपान गर्छ अनि दु:शील स्त्री वा पुरुषको आधिकारमा दिँदैन । भिक्षुहो ! घरमा जे जति महाभोगसम्पत्ति छन् ती सबै यी चार कारणले वा यसभध्ये कुनै एक कारणले पनि चिरकालसम्म रहन्छ ।"

## ६. पठमआजानीयसुत्तं

२५९. "भिक्षुहो ! चार अङ्गसम्पन्न असलखालको घोडामा राजाले आरोहण गर्छ । राजभोग्य र राजाको अङ्गमा नै गनिन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ राजाको असलखालको घोडा वर्णसम्पन्न हुन्छ, बलसम्पन्न हुन्छ, गतिसम्पन्न र आरोहणका लागि लामो-चौडाको शरीर हुन्छ । भिक्षुहो ! यी नै चार अङ्गसम्पन्न असलखालको घोडामा राजाले आरोहण गर्छ । राजभोग्य र



Downloaded from http://dhamma.digital

राजाको अङ्गमा नै गनिन्छ।

"भिक्षुहो ! यसरी नै चार विषयसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्छ, ... लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वर्णसम्पन्न हुन्छ, बलसम्पन्न हुन्छ, गतिसम्पन्न हुन्छ अनि आरोहणका लागि लामो-चौडा शरीर हुन्छ।

"भिक्षुहो ! भिक्षु वर्णसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षु शीलवान हुन्छ ... शिक्षापदहरूलाई सम्पन्न गर्न शिक्षा लिएको हुन्छ। भिक्षुहो ! भिक्षु यसरी नै वर्णसम्पन्न हुन्छ।

"भिक्षुहो ! भिक्षु बलसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षुले अकुशल धर्म हटाउन, कुशल धर्म प्राप्त गर्न पराक्रमी, वीर्यवान, स्तम्भवान, दृढपराक्रमी र कुशल धर्ममा हार नखाने हुन्छ। भिक्षुहो ! भिक्षु यसरी नै बलसम्पन्न हुन्छ।

"भिक्षुहो ! भिक्षु गतिसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षुले यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ, ... यो 'दुःखनिरोध हुने' मार्ग हो' भनी यथार्थसहित जानेको हुन्छ। भिक्षुहो ! भिक्षु यसरी नै गतिसम्पन्न हुन्छ।

"भिक्षुहो ! आरोहणका लागि लामो-चौडाको शरीरसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु चीवर, पिण्डपात, शयनासन, औषधी र परिष्कारादिका लाभी हुन्छ। भिक्षुहो ! भिक्षु यसरी नै आरोहणका लागि लामो-चौडा शरीरसम्पन्न हुन्छ।

"भिक्षुहो ! यी नै चार विषयसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्छ, ... लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन्छ।"

## ७. दुतियआजानीयसुत्तं

२६०. "भिक्षुहो ! चार अङ्गसम्पन्न असलखालको घोडामा राजाले चढ्ने गर्छ। राजभोग्य र राजाको अङ्गमा नै गनिन्छ। ती चार के के हुन् ? भिक्षुहो ! यहाँ राजाको असलखालको घोडा वर्णसम्पन्न हुन्छ, बलसम्पन्न हुन्छ, गतिसम्पन्न र आरोहणका लागि लामो-चौडाको शरीर हुन्छ। भिक्षुहो ! यी नै चार अङ्गसम्पन्न असलखालको घोडामा राजाले चढ्ने गर्छ। राजभोग्य र राजाको अङ्गमा नै गनिन्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यसरी नै चार विषयमा सम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्छ, ... लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन्छ । ती चार के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वर्णसम्पन्न हुन्छ, बलसम्पन्न हुन्छ, गतिसम्पन्न हुन्छ अनि आरोहणका लागि लामो-चौडा शरीर हुन्छ ।

"भिक्षुहो ! भिक्षु वर्णसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षु शीलवान हुन्छ ... शिक्षापदहरूलाई सम्पन्न गर्न शिक्षा लिएको हुन्छ । भिक्षुहो ! भिक्षु यसरी नै वर्णसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु बलसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षुले अकुशल धर्म हटाउन, कुशल धम प्राप्त गर्न पराक्रमी, वीर्यवान, स्तम्भवान, दृढपराक्रमी र कुशल धर्ममा हार नखाने हुन्छ । भिक्षुहो ! भिक्षु यसरी नै बलसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु गतिसम्पन्न कसरी हुन्छ ? यहाँ भिक्षुले आश्रव क्षय ...साक्षात्कार तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! भिक्षु यसरी नै गतिसम्पन्न हुन्छ ।

"भिक्षुहो ! आरोहणका लागि लामो-चौडाको शरीरसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु चीवर, पिण्डपात, शयनासन, औषधी र परिष्कारादिका लाभी हुन्छ । भिक्षुहो ! भिक्षु यसरी नै आरोहणका लागि लामो-चौडा शरीर सम्पन्न हुन्छ ।

"भिक्षुहो ! यी नै चार विषयसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्छ, लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन्छ ।"

### ८. बलसुत्तं

२६१. "भिक्षुहो ! चार प्रकारका बल छन् । ती चार के के हुन् ? वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै चार प्रकारका बल हुन् ।"

### ९. अरञ्ञसुत्तं

२६२. "भिक्षुहो ! चार कुरामा संलग्नरहने भिक्षु वन तथा जङ्गलको एकान्त मार्गादिस्थानमा शयनासनको उपयोग गर्नु हुँदैन । ती चार के के हुन् ? काम-वितर्क, क्रोध-वितर्क, विहिंसा-वितर्क र दुर्बुद्धि-जड-मूर्ख । भिक्षुहो ! यी नै चार कुरामा संलग्नरहने भिक्षु वन तथा जङ्गलको एकान्त मार्गादिस्थान-मा शयनासनको उपयोग गर्नु हुँदैन ।



Downloaded from http://dhamma.digital

२६२. "भिक्षुहो ! चार कुरामा संलग्नरहने भिक्षु वन तथा जङ्गलको एकान्त मार्गादिस्थानमा शयनासनको उपयोग गर्नु हुन्छ । ती चार के के हुन् ? नैष्कम्य-वितर्क,अक्रोध-वितर्क, अविहिसावितर्क र प्रज्ञावान-अजड-मूर्ख नहुने । भिक्षुहो ! यी नै चार कुरामा संलग्नरहने भिक्षु वन तथा जङ्गलको एकान्त मार्गादिस्थानमा शयनासनको उपयोग गर्नु हुन्छ ।"

## १०. कम्मसुत्तं

२६२. "भिक्षुहो ! चार कुरामा युक्त हुँदा मूर्ख, अपण्डित, असत्पुरुषले आफ्नै अहित तथा हानी गरेको हुन्छ । विज्ञजनको नजरमा साना-ठूला दोषका दोषी हुन्छ अनि धेरै पापको श्रृजना गर्छ, ती चार के के हुन् ? शरीरबाट हुने कर्ममा दोषी हुन्छ, वचनबाट हुने कर्ममा दोषी हुन्छ, मनबाट हुने कर्ममा दोषी हुन्छ अनि दृष्टिमा दोषी हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा युक्त हुँदा मूर्ख, अपण्डित, असत्पुरुषले आफ्नै अहित तथा हानी गरेको हुन्छ । विज्ञजनको नजरमा साना-ठूला दोषका दोषी हुन्छ अनि धेरै पापको श्रृजना गर्छ ।

"भिक्षुहो ! चार कुरामा युक्त हुँदा पण्डित, बुद्धिमान तथा सत्पुरुषले आफ्नै अहित तथा हानी गर्दैन । विज्ञजनको नजरमा साना-ठूला दोषका दोषी हुँदैन अनि धेरै पुण्यको श्रृजन गर्छ । ती चार के के हुन् ? शरीरबाट हुने कर्ममा निर्दोषी हुन्छ, वचनबाट हुने कर्ममा निर्दोषी हुन्छ, मनबाट हुने कर्ममा निर्दोषी हुन्छ अनि दृष्टिमा निर्दोषी हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा युक्त हुँदा पण्डित, बुद्धिमान तथा सत्पुरुषले आफ्नो अहित तथा हानी गर्दैन । विज्ञजनको नजरमा साना-ठूला दोषका दोषी हुँदैन अनि धेरै पुण्यको श्रृजना गर्छ ।"

Downloaded from http://dhamma.digital

## (२७) ७. कम्मपथवग्गो

### १. पाणातिपातिसुत्तं

२६४. "भिक्षुहो ! चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् । ती चार के के हुन् ? आफूले प्राणीहिंसा गर्छ, अरूलाई पनि प्राणीहिंसा गर्न लगाउँछ, प्राणीहिंसाको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती चार के के हुन् ? आफू प्राणीहिंसा गर्नबाट विरत हुन्छ, अरूलाई पनि प्राणीहिंसा गराउनबाट विरत हुन्छ, प्राणीहिंसाको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

### २. अदिन्नदायीसुत्तं

२६४. "भिक्षुहो ! चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् । ती चार के के हुन् ? आफूले चोर्छ, अरूलाई पनि चोर्न लगाउँछ, चोरी कार्य-को समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती चार के के हुन् ? आफू चोरीकार्यबाट विरत हुन्छ, अरूलाई पनि चोरीकार्य गराउनबाट विरत हुन्छ, चोरीकार्यको समर्थक र प्रशंसा गर्नबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

Dhamma Digital

### ३. मिच्छाचारीसुत्तं

२६६."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू व्यभिचारी हुन्छ, अरूलाई पनि व्यभिचार गर्न लगाउँछ, व्यभिचारीको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! ... आफू व्यभिचारी हुनबाट विरत हुन्छ, अरूलाई पनि व्यभिचार गराउनबाट विरत हुन्छ, व्यभिचारीको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"



Downloaded from http://dhamma.digital

## ४. मुसावादीसुत्तं

२६७. "भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू भूटो बोल्ने हुन्छ, अरूलाई पनि भूटो बोल्न लगाउँछ, भूटो बोल्नेको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! ... आफू भूटो बोल्नबाट विरत हुन्छ, अरूलाई पनि भूटो बोलाउनबाट विरत हुन्छ,, भूटो बोल्नेको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

## ५. पिसुनवाचासुत्तं

२६८."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू चुक्लीखोर हुन्छ, अरूलाई पनि चुक्ली गर्नमा लगाउँछ, चुक्ली गर्नेको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! ... आफू चुक्ली गर्नबाट विरत हुन्छ, अरूलाई पनि चुक्ली गराउनबाट विरत हुन्छ,, चुक्ली गर्नेको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

## ६. फरुसवाचासुत्तं

२६९."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू कडा बोली बोल्ने हुन्छ, अरूलाई पनि कडा बोली बोल्नमा लगाउँछ, कडा बोल्नेको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखे-समान हुन् ।

"भिक्षुहो ! ... आफू कडा बोली बोल्नबाट विरत हुन्छ, अरूलाई पनि कडाबोली बोलाउनबाट विरत हुन्छ,, कडा बोली बोल्नेको समर्थक प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

## ७. सम्फप्पलापसुत्तं

२७० ."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू बकम्फुस हुन्छ, अरूलाई पनि बकम्फुस हुनमा लगाउँछ, बकम्फुस हुनेको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान



Downloaded from http://dhamma.digital

हुन् ।

"भिक्षुहो ! ... आफू बकम्फुस हुनबाट विरत हुन्छ, अरूलाई पनि बकम्फुस गराउनबाट विरत हुन्छ,, बकम्फुसको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाईसमातेर स्वर्गमा राखेसमान हुन् ।"

### ८. अभिज्झालुसुत्तं

२६९."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू लोभी हुन्छ, अरूलाई पनि लोभी हुनमा लगाउँछ, लोभीको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! ... आफू लोभी हुनबाट विरत हुन्छ, अरूलाई पनि लोभी हुनबाट विरत हुन्छ, लोभीको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखे समान हुन्।"

### ९. व्यापन्नचित्तसुत्तं

२६९."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू द्वेष चित्तको हुन्छ, अरूलाई पनि द्वेष चित्तको हुनमा लगाउँछ, द्वेष चित्त हुनेको समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखे-समान हुन् ।

"भिक्षुहो ! ... आफू द्वेष चित्तबाट विरत हुन्छ,अरूलाई पनि द्वेषचित्तबाट विरत हुन लगाउँछ,, द्वेषचित्त हुनेको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखे समातेर स्वर्गमा राखे समान हुन् ।"

### १०. मिच्छादिट्ठिसुत्तं

२६९."भिक्षुहो ! चार कुरामा ... नरकमा ... आफू मिथ्यादृष्टि हुन्छ, अरूलाई पनि मिथ्यादृष्टिमा लगाउँछ, मिथ्यादृष्टि हुनेलाई समर्थक र प्रशंसक हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! ... आफू मिथ्यादृष्टिबाट विरत हुन्छ, अरूलाई पनि मिथ्यादृष्टिबाट विरत हुन लगाउँछ,, मिथ्यादृष्टिको समर्थक र प्रशंसक हुनबाट विरत हुन्छ । भिक्षुहो ! यी नै चार कुरामा लाग्नेलाई समातेर स्वर्गमा राखे-



Downloaded from http://dhamma.digital

समान हुन् ।"

## (२८) रागपेय्यालं

### १. सतिपट्ठानसुत्तं

२७४. "भिक्षुहो ! रागलाई अभिज्ञात (विशिष्टरूपले थाहापाउन) चार प्रकारका ध्यान (भावना) गर्नुपर्छ । कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले शरीरप्रति कायानुदर्शी भई, प्रयत्नशील भई, जान्नेबुझ्ने भई, स्मृतिवान भई लोभ र द्वेष हटाएर बस्छ । वेदनाप्रति वेदनानुदर्शी भई प्रयत्नशील भई, जान्नेबुझ्ने भई, स्मृतिवान भई लोभ र द्वेष हटाएर बस्छ । चित्तप्रति चित्तानुदर्शी भई, प्रयत्नशील भई, जान्नेबुझ्ने भई, स्मृतिवान भई लोभ र द्वेष हटाएर बस्छ । धर्मप्रति धर्मानुदर्शी भई प्रयत्नशील भई, जान्नेबुझ्ने भई, स्मृतिवान भई लोभ र द्वेष हटाएर बस्छ । भिक्षुहो ! रागलाई अभिज्ञात यी नै चार प्रकारका ध्यान (भावना) गर्नुपर्छ ।"

### २. सम्मप्पधानसुत्तं

२७५. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न चार प्रकारका ध्यान गर्नुपर्छ । कुन चार ? भिक्षुहो ! यहाँ भिक्षुले अनुत्पन्न पापमय अकुशल धर्म अनुत्पन्नको निम्ति इच्छा उत्पन्न गर्नुपर्छ, मेहनत गर्नुपर्छ, प्रयास गर्नुपर्छ, चित्तलाई दृढ गरी राख्नुपर्छ अनि हार नमान्ने हुनुपर्छ । उत्पन्न पापमय अकुशल धर्म अनुत्पन्नको निम्ति इच्छा उत्पन्न गर्नुपर्छ, मेहनत गर्नुपर्छ, प्रयास गर्नुपर्छ, चित्तलाई दृढ गरी राख्नुपर्छ अनि हार नमान्ने हुनुपर्छ । अनुत्पन्न कुशल धर्म उत्पन्न गर्नको निम्ति इच्छा उत्पन्न गर्नुपर्छ, मेहनत गर्नुपर्छ, प्रयास गर्नुपर्छ, चित्तलाई दृढ गरी राख्नुपर्छ अनि हार नमान्ने हुनुपर्छ । उत्पन्न कुशल धर्म स्थिरताको निम्ति, लुप्त हुन नदिनको निम्ति, अभिवृद्धिको निम्ति, विपूलताको निम्ति अनि भावना परिपूर्ण गर्नको निम्ति इच्छा उत्पन्न गर्नुपर्छ, मेहनत गर्नुपर्छ, प्रयास गर्नुपर्छ, चित्तलाई दृढ गरी राख्नुपर्छ अनि हार नमान्ने हुनुपर्छ । "भिक्षुहो ! रागलाई अभिज्ञात चार प्रकारका ध्यान गर्नुपर्छ ।"

### ३. इद्धिपादसुत्तं,

२७६. "भिक्षुहो ! रागलाई अभिज्ञात गर्न चार प्रकारका ध्यान गर्नुपर्छ । भिक्षुहो ! यहाँ भिक्षुले छन्दसमाधिमा प्रयत्नयुक्त भई ऋद्धिपादको भावना गर्नुपर्छ । वीर्यसमाधिमा ..., चित्तसमाधिमा..., विमर्षसमाधिमा प्रयत्नयुक्त भई ऋद्धिपादको भावना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ४.–३०. परिञ्ञादिसुत्तं

२७७-३०३. "भिक्षुहो ! रागलाई थाहा पाउन, परिक्षीण गर्न ..., त्याग गर्न ..., क्षय गर्न ..., विनाश गर्न ..., विराग हुन ..., निरोध गर्न ..., त्याग गर्न... अनि परित्याग गर्न यी नै चार प्रकारका धर्मको भावना गर्नुपर्छ।"

## ३१-५१०. दोसअभिञ्ञादिसुत्तानि

३०४-७८३. "द्वेषलाई ..., मोहलाई ..., क्रोधलाई ..., उपनाह (वैरभावलाई) ..., म्रक्षलाई (गुणवानको गुणलाई ढाकछोप गर्ने) ..., प्रदासलाई (कडा स्वभाव) ..., इर्ष्यालाई ..., कन्जूसलाई ..., मायालाई (छल) ..., शठलाई ..., जडलाई ..., कलहलाई ..., मानलाई ..., अभिमालाई ..., मदलाई ..., प्रमादलाई अभिज्ञात गर्न, थाहा पाउन, परिक्षीण गर्न, छोड्न, क्षय गर्न, विनाश गर्न, विराग हुन, निरोध गर्न, त्याग गर्न अनि परित्याग गर्न ... यी नै चार धर्मको भावना गर्नुर्छ।"

Dhamma.Digital

चतुक्कनिपात निट्ठिता।
चतुर्थ निपात समाप्त।

Downloaded from http://dhamma.digital

# ५. पञ्चकनिपात

## १. पठमपण्णासकं

### १. सेखबलवग्गो

#### १. संखित्तसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यहाँ भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भद्दन्त !" भनी ती भिक्षुहरूले प्रतिवचन दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! यी पाँच शैक्षबल हुन् । ती पाँच के के हुन् ? श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच शैक्षबल हुन् ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ कि 'शैक्षबलद्वारा श्रद्धाबलमा युक्त हुन्छु, शैक्षबलद्वारा लज्जाबलमा युक्त हुन्छु, शैक्षबलद्वारा भयबलमा युक्त हुन्छु, शैक्षबलद्वारा वीर्यबलमा युक्त हुन्छु अनि शैक्षबलद्वारा प्रज्ञाबलमा युक्त हुन्छु । भिक्षुहो ! यही शिक्षा लिनुपर्छ ।" भगवानले यसरी भन्नु भएपछि ती भिक्षुहरू सन्तुष्ट भई भगवानले भन्नु भएकोलाई अभिनन्दन गरे ।

#### २. वित्थतसुत्तं

२. "भिक्षुहो ! ! यी पाँच शैक्षबल हुन् । ती पाँच के के हुन् ? श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच शैक्षबल हुन् । भिक्षुहो ! श्रद्धाबल केमा हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावक तथागतको बोधिप्रति श्रद्धावान हुन्छ । 'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, दुर्दमनीय पुरुषलाई दमन गर्नु हुने अनुपम सारथि, देवमनुष्यका शास्ता, बुद्ध अनि भगवान हुनुहुन्छ । भिक्षुहो ! यो बोधिप्रति नै श्रद्धाबल हुन्छ ।

"भिक्षुहो ! कुनमा लज्जाबल हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावकमा लज्जाबल हुन्छ । शरीरद्वारा हुने दुश्चरित्रमा, वचनद्वारा हुने दुश्चरित्रमा अनि मनद्वारा हुने दुश्चरित्रमा लज्जालु हुन्छ । अकुशलमय पापरूपी धर्ममा (कार्यमा) लज्जावान हुन्छ । भिक्षुहो ! यसैमा लज्जाबल हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! कुनमा भयबल हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावक भयबल हुन्छ । शरीरद्वारा हुने दुश्चरित्रमा, वचनद्वारा हुने दुश्चरित्रमा अनि मनद्वारा हुने दुश्चरित्रमा भयभीत हुन्छ । अकुशलमय पापरूपी धर्ममा भयवान हुन्छ । भिक्षुहो ! यसैमा भयबल हुन्छ ।

"भिक्षुहो ! कुनमा वीर्यबल हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावक वीर्यवान हुन्छ । अकुशल धर्म हटाउन र कुशल धर्म उत्पन्न गर्न सामर्थ्यवान, स्तम्भ, दृढपराक्रमी अनि कुशल धर्ममा हार नमान्ने हुन्छ । भिक्षुहो ! यसैमा वीर्यबल हुन्छ ।

"भिक्षुहो ! प्रज्ञाबल कुनमा हुन्छ ? भिक्षुहो ! यहाँ आर्यश्रावक प्रज्ञावान हुन्छ । प्रज्ञाद्वारा सम्यकरूपले दुःख क्षय गर्नलाई आर्यद्वारा छिचोल्न सक्ने हुन्छ । भिक्षुहो ! यसैमा प्रज्ञाबल हुन्छ ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– श्रद्धाबलद्वारा युक्त हुन्छु, शैक्षबलद्वारा युक्त हुन्छु, लज्जाबलद्वारा युक्त हुन्छु, वीर्यबलद्वारा युक्त हुन्छु अनि प्रज्ञाबलद्वारा युक्त हुन्छु । शैक्षबलद्वारा श्रद्धाबलमा युक्त हुन्छु, शैक्षबलद्वारा लज्जाबलमा युक्त हुन्छु, शैक्षबलद्वारा भयबलमा युक्त हुन्छु, शैक्षलद्वारा वीर्यबलमा युक्त हुन्छु अनि शैक्षबलद्वारा प्रज्ञाबलमा युक्त हुन्छु । भिक्षुहो ! यही शिक्षा लिनुपर्छ ।"

## ३. दुक्खसुत्तं

३. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुले यही जीवनमा दुःख पाउँछ, कष्ट भोग्नु पर्छ, पछुताउनु पर्छ, परिदाह गर्नुपर्छ अनि शरीर भेद भई मरणपछि दुर्गतिमा पर्ने आश गर्नुपर्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु अश्रद्धावान, निर्ल्लज्ज, निडर, अल्छे र निर्बुद्धि हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न हुँदा यही जीवनमा दुःख पाउँछ, कष्ट भोग्नुपर्छ, पछुताउनु पर्छ, र परिदाह गर्नुपर्छ अनि शरीर भेद भई मरणपछि दुर्गतिमा पर्ने आश गर्नुपर्छ ।

"भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुले यही जीवनमा सुख पाउँछ, कष्ट भोग्नु पर्दैन, पछुताउनु पर्दैन, परिदाह हुँदैन अनि शरीर भेद भई मरणपछि सुगतिको आश गर्न सक्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु श्रद्धावान, लज्जावान, भयवान, वीर्यवान र प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न हुँदा यही जीवनमा सुःख पाउँछ, कष्ट भोग्नु पर्दैन, पछुताउनु पर्दैन र परिदाह गर्नुपर्दैन अनि शरीर भेद भई मृत्युपछि सुगतिको आश गर्नसक्छ ।"



Downloaded from http://dhamma.digital

## ४.यथाभतसुत्तं

४. "भिक्षुहो ! पाँच कुराले सम्पन्न भिक्षुलाई समातेर नरकमा राखे समान हुन् । भिक्षुहो ! यहाँ भिक्षु अश्रद्धावान, निर्ल्लज्ज, निडर, अल्छे र दुर्बुद्धि हुन्छ । भिक्षुहो ! यी नै पाँच कुराले सम्पन्न भिक्षुलाई समातेर नरकमा राखे समान हुन् ।

"भिक्षुहो ! पाँच कुराले सम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समान हुन् । भिक्षुहो ! यहाँ भिक्षु श्रद्धावान, लज्जावान, भयवान, वीर्यवान र प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै पाँच कुराले सम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखे समान हुन् ।"

## ५. सिक्खासुत्तं

५ "भिक्षुहो ! जो भिक्षु वा भिक्षुणीले शिक्षा परित्याग गरी हीन मार्गका अनुगामी हुँदा उसलाई यसै जीवनमा सहधर्मीद्वारा पाँच प्रकारले दोषारोपन र निन्दा गर्ने ठाउँ पाउँछ । कुन् पाँच ? ऊसँग कुशल धर्ममा श्रद्धा छैन, ऊसँग कुशल धर्ममा लज्जा छैन, ऊसँग कुशल धर्ममा डर छैन, ऊसँग कुशल धर्ममा वीर्य छैन अनि ऊसँग कुशल धर्ममा प्रज्ञा छैन । भिक्षुहो ! जो भिक्षु वा भिक्षुणीले शिक्षा परित्याग गरी हीन मार्गका अनुगामी हुँदा उसलाई यसै जीवनमा सहधर्मीद्वारा पाँच प्रकारले दोषारोपन र निन्दा गर्ने ठाउँ पाउँछ ।

"भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले दुःख हुँदा वा मानसिक पीडा हुँदा वा अश्रुमुख भई रुनु पर्दा पनि परिपूर्णरूपले परिशुद्ध भई ब्रह्मचर्य पालन गरेमा उसलाई यसै जीवनमा सहधर्मीद्वारा पाँच प्रकारले प्रशंसा गर्ने ठाउँ पाउँछ । ऊसँग कुशल धर्ममा श्रद्धा छ, ऊसँग कुशल धर्ममा लज्जा छ, ऊसँग कुशल धर्ममा डर छ, ऊसँग कुशल धर्ममा वीर्य छ अनि ऊसँग कुशल धर्ममा प्रज्ञा छ । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले दुःख पाउँदा वा मानसिक पीडा भए पनि अश्रुमुख भई रुनु परेता पनि परिपूर्ण परिशुद्ध भई ब्रह्मचर्य पालन गरेमा उसलाई यसै जीवनमा सहधर्मीद्वारा पाँच प्रकारले प्रशंसा गर्ने ठाउँ पाउँछ ।"

## ६. समापत्तिसुखं

६. "भिक्षुहो ! जबसम्म श्रद्धा हुन्छ तबसम्म अकुशलको आगमन हुँदैन र कुशल धर्म रहिरहन्छ । जब श्रद्धा अन्तर्धान हुन्छ तब अश्रद्धा उत्पन्न हुनु बित्तिकै अकुशलको आगमन हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जबसम्म लज्जा हुन्छ तबसम्म अकुशलको आगमन हुँदैन र कुशल धर्म रहिरहन्छ । जब लज्जा अन्तर्धान हुन्छ तब निर्लज्ज उत्पन्न हुनु बित्तिकै अकुशलको आगमन हुन्छ ।

"भिक्षुहो ! जबसम्म डर हुन्छ तबसम्म अकुशलको आगमन हुँदैन र कुशल धर्म रहिरहन्छ । जब डर अन्तर्धान हुन्छ तब निडर उत्पन्न हुनु बित्तिकै अकुशलको आगमन हुन्छ ।

"भिक्षुहो ! जबसम्म वीर्य हुन्छ तबसम्म अकुशलको आगमन हुन पाउँदैन र कुशल धर्म रहिरहन्छ । जब वीर्य अन्तर्धान हुन्छ तब अल्छीपन उत्पन्न हुनु बित्तिकै अकुशलको आगमन हुन्छ ।

"भिक्षुहो ! जबसम्म प्रज्ञा हुन्छ तबसम्म अकुशलको आगमन हुन पाउँदैन र कुशल धर्म रहिरहन्छ । जब प्रज्ञा अन्तर्धान हुन्छ तब निर्बुद्धि उत्पन्न हुनु बित्तिकै अकुशलको आगमन हुन्छ ।"

## ७. कामसुत्तं

७. "भिक्षुहो ! धेरै जसो प्राणीहरू काम-भोगमै लालायित छन् । भिक्षुहो ! जब कुलपुत्रले खर्पन वा भारी काँधमा झुण्ड्याएर बोक्नु पर्ने वा काँधमा बोक्ने नोल छाडेर घर-गृहस्थ त्याग गरी अनागारिक भई प्रव्रजित हुन्छ । 'श्रद्धाले प्रव्रजित हुने कुलपुत्रलाई भन्नु पर्ने केही पनि हुँदैन । त्यो के कारणले ? भिक्षुहो ! यौवनावस्थामा यस प्रकारको वा त्यस प्रकारको काम-भोग उसले भोग गरेको हुन्छ । भिक्षुहो ! जुन हीन काम-भोग हो, जुन मध्यम काम-भोग हो, जुन प्रणीत काम-भोग हो ती सबै काम-भोगमै गनिन्छ । भिक्षुहो ! जस्तै कि– सानो बच्चा उत्तानो परिरहेको हुन्छ त्यसबेला धाईको असावधानीले गर्दा काठ वा ढुङ्गाको टुक्रा बच्चाले मुखमा राख्दा धाईले चाँडै ध्यान दिन्छ । चाँडै ध्यान दिएर चाँडै त्यो निकाल्न खोज्छ । यदि त्यो मुखबाट चाँडै निकल्न नसके देब्रे हातले टाउको समातेर दाहिने हातको औंला बङ्ग्याएर रगतसहित बाहिर निकाल्छ । त्यसो किन ? त्यसो गर्दा कुमारलाई पीडा हुन्छ, पीडा हुँदैन भनी मैले भन्दिन ।' भिक्षुहो ! धाईले बालकप्रति शुभेच्छुक भई, हित चिन्तक भई, अनुकम्पक भई वा दयावान भई कर्तव्य पालन गरेको हुन्छ । तर जब त्यो बालक ठूलो हुन्छ वा समझदार हुन्छ भिक्षुहो ! तब धाईले कुमारप्रति उपेक्षावान हुन्छ । अब कुमारले आफ्नो सुरक्षा आफैले गर्न सक्छ ।

"भिक्षुहो ! यसरी नै जबसम्म भिक्षु कुशल कर्ममा श्रद्धावान हुँदैन, कुशल



Downloaded from http://dhamma.digital

कर्ममा संलग्न हुँदैन तबसम्म कुशल कर्ममा लाज मान्ने हुन्छ । कुशल कर्म गर्न डर मान्ने हुन्छ । कुशल कर्ममा वीर्य हुँदैन अनि कुशल कर्ममा प्रज्ञावान हुँदैन । भिक्षुहो ! त्यो भिक्षुलाई मैले सुरक्षित गर्नुपर्छ । भिक्षुहो ! जब त्यो भिक्षुले कुशल कर्म श्रद्धापूर्वक गर्छ, कुशल कर्म गर्न लाज मान्दैन, कुशल कर्म गर्न डराउँदैन, कुशल कर्म गर्न वीर्यवान हुन्छ अनि कुशल कर्मप्रति प्रज्ञावान भई कुशल कर्म गर्छ । भिक्षुहो ! तब म त्यो भिक्षुप्रति उपेक्षित हुन्छु । अब यो भिक्षुले आफ्नो सुरक्षा आफैले गर्नसक्छ । अब बेहोशीपन हुनेछैन ।"

## ८. चवनसुत्तं

८. "भिक्षुहो ! पाँच धर्ममा असंलग्न भिक्षु सद्धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन । ती पाँच के के हुन् ? भिक्षुहो ! अश्रद्धावान हुने प्रज्ञाको धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन । भिक्षुहो ! निर्लज्ज प्रज्ञाको धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन । भिक्षुहो ! निर्भयी प्रज्ञाको धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन । भिक्षुहो ! अल्छे प्रज्ञाको धर्मबाट पतन हुन्छ तथा सद्धर्म मा प्रतिष्ठित हुनसक्दैन । भिक्षुहो ! निर्बुद्धि प्रज्ञाको धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन । भिक्षुहो ! यी नै पाँच धर्ममा असंलग्न भिक्षु सद्धर्मबाट पतन हुन्छ तथा सद्धर्ममा प्रतिष्ठित हुन सक्दैन ।

"भिक्षुहो ! पाँच धर्ममा संलग्न भिक्षु सद्धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! श्रद्धावान प्रज्ञाको धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । भिक्षुहो ! लज्जावान प्रज्ञाको धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । भिक्षुहो ! भयवान प्रज्ञाको धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । भिक्षुहो ! वीर्यवान प्रज्ञाको धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । भिक्षुहो ! प्रज्ञावान सद्धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ । भिक्षुहो ! यी नै पाँच धर्ममा संलग्न भिक्षु सद्धर्मबाट पतन हुँदैन तथा सद्धर्ममा प्रतिष्ठित हुनसक्छ ।"

## ९. पठमअगारवसुत्तं

९. "भिक्षुहो ! पाँच कुराले युक्त भिक्षु अगौरवी, अमान्य अनि सद्धर्ममा प्रतिष्ठित नभई पतित हुन्छ । कुन पाँच ? भिक्षुहो ! सद्धर्मप्रति अश्रद्धावान पतित हुन्छ, प्रतिष्ठित हुन पाउँदैन, अगौरवी र अमान्य हुन्छ । भिक्षुहो ! सद्धर्म-प्रति निर्लज्ज पतित हुन्छ, प्रतिष्ठित हुन पाउँदैन, अगौरवी र अमान्य हुन्छ ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! सद्धर्मप्रति निर्भयी पतित हुन्छ, प्रतिष्ठित हुन पाउँदैन, अगौरवी र अमान्य हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति वीर्यहीन पतित हुन्छ, प्रतिष्ठित हुन पाउँदैन, अगौरवी र अमान्य हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति निबुर्द्धि पतित हुन्छ, प्रतिष्ठित हुन पाउँदैन, अगौरवी र अमान्य हुन्छ ।

"भिक्षुहो ! पाँच कुराले युक्त भिक्षु गौरवी, मान्यवर अनि सद्धर्ममा प्रतिष्ठित भई पतित हुँदैन । कुन पाँच ? भिक्षुहो ! सद्धर्मप्रति श्रद्धावान पतित हुँदैन, प्रतिष्ठित हुन पाउँछ, गौरवी र मान्यवर हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति लज्जावान पतित हुँदैन, प्रतिष्ठित हुन पाउँछ, गौरवी र मान्यवर हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति भयवान पतित हुँदैन, प्रतिष्ठित हुन पाउँछ, गौरवी र मान्यवर हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति वीर्यवान पतित हुँदैन, प्रतिष्ठित हुन पाउँछ, गौरवी र मान्यवर हुन्छ । भिक्षुहो ! सद्धर्मप्रति प्रज्ञावान पतित हुँदैन, प्रतिष्ठित हुन पाउँछ, गौरवी र मान्यवर हुन्छ ।"

## १०. दुतियअगारवसुत्तं

१०. "भिक्षुहो ! पाँच कुराले युक्त भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । कुन पाँच ? भिक्षुहो ! अश्रद्धावान भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । भिक्षुहो ! निर्लज्ज भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । भिक्षुहो ! निर्भयी भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । भिक्षुहो ! वीर्यहीन भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । भिक्षुहो ! बुद्धिहीन भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन । भिक्षुहो ! यी नै पाँच कुराले युक्त भिक्षु अगौरवी र अमान्य हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न सक्दैन ।

"भिक्षुहो ! पाँच कुराले युक्त भिक्षु गौरवी र मान्यवर हुन्छ । उसले यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्नसक्छ । कुन पाँच ? भिक्षुहो ! श्रद्धावान भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् । भिक्षुहो ! लज्जावान भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् । भिक्षुहो ! भयवान



Downloaded from http://dhamma.digital

भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् । भिक्षुहो ! वीर्यवान भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् । भिक्षुहो ! प्रज्ञावान भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् । भिक्षुहो ! यी नै पाँच कुराले युक्त भिक्षु गौरव गर्न योग्य र सम्मान गर्न योग्य हुन्छ । ऊ यो धर्म-विनयमा वृद्धि, उन्नति तथा विपुलता प्राप्त गर्न योग्य हुन् ।"

Downloaded from http://dhamma.digital

## २. बलवग्गो

### १. अननुस्सुतसुत्तं

११. "भिक्षुहो ! मैले पहिले नसुनेको धर्मलाई जानेर प्रज्ञाको पराकाष्ठमा पुगें । भिक्षुहो ! तथागतसँग यी पाँच तथागत-बल छन् । जुन बलसम्पन्न भई तथागतले वृषभ स्थानलाई थाहा पाएको हुन्छ । परिषदमा सिंहनाद गर्दछु अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछु । ती पाँच के के हुन् ? श्रद्धाबल, लज्जाबल, भयबाल, वीर्यबल र प्रज्ञाबल । भिक्षुहो ! यी पाँचै तथागतको तथागत बल हुन् । यही बलसम्पन्न भई तथागतले वृषभ स्थानलाई थाहा पाएको हुन्छ, परिषदमा सिंहनाद गर्दछ अनि ब्रह्मचक्रको प्रवर्तन गर्दछ ।"

### २. कूटसुत्तं

१२. "भिक्षुहो ! पाँच प्रकारका शैक्षबल छन् । ती पाँच के के हुन् ? श्रद्धाबल, लज्जाबल, भयबल, वीर्यबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच प्रकारका शैक्षबल हुन् । भिक्षुहो ! जुन पाँच शैक्ष बल हुन् यी मध्येमा प्रज्ञाबलै अग्र हो । यसबाट नै संग्रहित तथा एकत्रित हुन्छ ।

"भिक्षुहो ! जस्तै कि जुन घरमा शिखर हुन्छ त्यही घरको शिखरै अग्र हुन्छ, संग्रहित हुन्छ तथा एकत्रित हुन्छ । भिक्षुहो ! यसरी नै जुन यी पाँच शैक्ष बल हुन् यी मध्येमा प्रज्ञाबल नै अग्र हो । यसबाटै संग्रहित तथा एकत्रित हुन्छ ।

"भिक्षुहो ! त्यसैले तिमीहरूले यो शिक्षा लिनु पर्छ– श्रद्धाबलद्वारा सम्पन्न भई शिक्षामा बलवान हुनेछु । लज्जाबलद्वार ... भयबलद्वारा ... वीर्यबलद्वारा ... प्रज्ञाबलद्वारा सम्पन्न भई शिक्षा-बलवान हुनेछु । भिक्षुहो ! तिमीहरूले यही शिक्षा लिनु पर्छ ।"

### ३. संखित्तसुत्तं

१३. "भिक्षुहो ! पाँच प्रकारका बल छन् । ती पाँच के के हुन् ? श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल, र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच प्रकारका बल हुन् ।"

### ४. वित्थतसुत्तं

१४. "भिक्षुहो ! पाँच प्रकारका बल छन् । ती पाँच के के हुन् ? श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच प्रकारका



Downloaded from http://dhamma.digital

बल हुन् ।

"भिक्षुहो ! श्रद्धाबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, दुर्दमनीय पुरुषलाई दमन गर्नु हुने अनुपम सारथि, देवमनुष्यका शास्ता, बुद्ध अनि भगवान हुनुहुन्छ । भिक्षुहो ! श्रद्धाबल भनेको यही नै हो ।

"भिक्षुहो ! वीर्यबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक वीर्यवान हुन्छ । अकुशल धर्म हटाउन र कुशल धर्म उत्पन्न गर्न सामर्थ्यवान, स्तम्भ, दृढपराक्रमी अनि कुशल धर्ममा हार नमान्ने हुन्छ । भिक्षुहो ! वीर्यबल भनेको यही नै हो ।

"भिक्षुहो ! स्मृतिबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक अतिउत्तम स्मृतिसहित प्रज्ञायुक्त भई स्मृतिवान हुन्छ । चिरकाल कृत र भाषितलाई स्मरण गर्न तथा अनुस्मरण गर्नसक्ने हुन्छ । भिक्षुहो ! स्मृतिबल भनेको यही नै हो ।

"भिक्षुहो ! समाधि बल भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु कामभोग-रहित, अकुशलरहित, वितर्क, विचारयुक्त, एकान्तवास= ध्यानबाट (विवेकज) उत्पन्न प्रीति र सुखमय प्रथमध्यान प्राप्तगरी बस्छ । वितर्क-विचार शान्त पारी भित्री हृदयमा प्रसन्नता र एकाग्र गरी वितर्क-विचाररहित ध्यानबाट (स-माधिज) उत्पन्न प्रीति र सुखमय द्वितीयध्यान प्राप्तगरी बस्छ । प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीरद्वारा सुख अनुभव गरी बस्छ । आर्य श्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! समाधि बल भनेको यही नै हो ।

"भिक्षुहो ! प्रज्ञाबल भनेको के हो ? भिक्षुहो ! यहाँ आर्य श्रावक प्रज्ञावान हुन्छ । उत्पत्ति र विनाशलाई आर्यद्वारा छिचोल्न सक्ने हुन्छ अनि सम्यकरूपले दुःख क्षय गर्न प्रज्ञायुक्त हुन्छ । भिक्षुहो ! प्रज्ञाबल भनेको यही नै हो । भिक्षुहो ! यी नै पाँच प्रकारका बल हुन् ।"

### ५. दट्ठब्बसुत्तं

"भिक्षुहो ! पाँच प्रकारका बल छन् । ती पाँच के के हुन् ? श्रद्धाबल,



Downloaded from http://dhamma.digital

वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल। भिक्षुहो ! श्रद्धाबलले केमा हेर्नुपर्छ ? चार श्रोतापत्ति अङ्ग•मा । यही अङ्गमा श्रद्धाबलले हेर्नुपर्छ । भिक्षुहो ! वीर्यबलले केमा हेर्नुपर्छ ? चार सम्यकप्रधान♣मा । यसैलाई वीर्यबलले हेर्नुपर्छ । भिक्षुहो ! स्मृतिबलले केमा हेर्नुपर्छ ? चारप्रकारका स्मृतिप्रस्थान♦मा । यसैलाई स्मृतिबलद्वारा हेर्नुपर्छ । भिक्षुहो ! समाधिबलले केमा हेर्नुपर्छ ? चार प्रकारका समाधि♥मा । यसैलाई समाधिबलले हेर्नुपर्छ । भिक्षुहो ! प्रज्ञाबलले केमा हेर्नुपर्छ ? चार प्रकारका आर्यसत्य♠मा । यसैलाई प्रज्ञाबलले हेर्नुपर्छ । भिक्षुहो ! पञ्चबल भनेको यही नै हुन् ।"

## ६. पुनकूटसुत्तं

१६. "भिक्षुहो ! पाँच प्रकारका बल छन् । ती पाँच के के हुन् ? **श्रद्धाबल**, **लज्जाबल**, भयबल, वीर्यबल र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच प्रकारका बल हुन् । भिक्षुहो ! यी पाँच बल मध्येमा प्रज्ञाबल नै अग्र हो । यसबाटै संग्रहित तथा एकत्रित हुन्छ । भिक्षुहो ! जस्तै कि जुन घरमा शिखर हुन्छ त्यही घरको

---

• (क) १. बुद्धको नौ प्रकारका गुणाँगप्रति, २. धर्मको छ प्रकारको गुणांगप्रति ३. संघको नौ प्रकारका गुणाँगप्रति अटल श्रद्धायुक्त हुने अनि ४. आर्यशीलमा सम्पन्न हुने । (ख) १. सत्पुरुषको संगत, २. सद्धर्म श्रवण, ३. मनमा ठीक विचार वा भावना हुने अनि ४. धर्मानुपूर्वक धर्माचरण गर्ने ।

♣ १. अनुत्पन्न पापमय अकुशल धर्म अनुत्पत्तिको निम्ति मेहनत, उत्साह, दृढ र प्रयत्नवान हुने । २. उत्पन्न हुने पापमय अकुशल धर्म हटाउन मेहनत, उत्साह, दृढ र प्रयत्नवान हुने । ३. अनुत्पन्न कुशलमय धर्म उत्पन्न गर्न मेहनत, उत्साह दृढ र प्रयत्नवान हुने । - ४. उत्पन्न हुने कुशलमय धर्म स्थित, अभिवृद्धि, विपुलता, लुप्त हुन नदिन मेहनत, उत्साह दृढ र प्रयत्नवान हुने ।

♦ १. कायानुपस्सना (शरीरप्रतिको भावना), २. वेदनानपस्सना (अनुभूतिको भावना), ३. चित्तानुपस्सना (चित्त विषय भावना) ४. धम्मानुपस्सना (धर्म विषय भावना) ।

♥ १. काम-विषयभोगबाट अलग्गिएर, अकुशलबाट पनि अलग्गिएर, सवितर्क सविचार विवेकज (एकाग्र चित्तसहितको) प्रीति र सुखमय प्रथम ध्यान, २. वितर्क विचार शान्त पारी अभ्यन्तर सम्प्रसाददलाई चित्तको एकाग्र गरी वितर्क विचाररहित समाधिज (आनन्दित) प्रीतिसुखले युक्त द्वितीय ध्यान, ३. प्रीति त्याग गरी उपेक्षा विहारी भई, स्मृतिसम्प्रजन्यताकासाथ शरीरद्वारा सुखानुभूति गर्छ । जसलाई आर्यहरूले 'उपेक्षावान, स्मृतिवान र सुखपूर्वक बस्ने' भनी भन्दछन् यो तृतीय ध्यान अनि ४. सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य र दौर्मनस्य अन्त गरी, दुःख-सुखरहित उपेक्षाद्वारा परिशुद्ध स्मृति चतुर्थ ध्यान ।

♠ १. दुःख सत्य, २. दुःखसमुदय सत्य, ३ दुःखनिरोध सत्य अनि ४. दुःखनिरोध हुने मार्ग सत्य ।



Downloaded from http://dhamma.digital

शिखर नै अग्र हुन्छ, संग्रहित हुन्छ तथा एकत्रित हुन्छ । भिक्षुहो ! यसरी नै यी पाँच बल मध्येमा प्रज्ञाबल नै अग्र हो । यसबाट नै संग्रहित तथा एकत्रित हुन्छ ।"

### ७. पठमहितसुत्तं

१७. "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो हितमा लाग्छ तर अरूको हितमा लाग्दैन । भिक्षुहो ! यहाँ भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ तर अरूलाई शील-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् समाधिसम्पन्न हुन्छ तर अरूलाई समाधि-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् प्रज्ञासम्पन्न हुन्छ तर अरूलाई प्रज्ञा-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् विमुक्ति-सम्पन्न हुन्छ तर अरूलाई विमुक्ति-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् विमुक्ति-ज्ञानदर्शनमा लाग्छ तर अरूलाई विमुक्ति ज्ञानदर्शन-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो हितमा लाग्छ तर अरूको हितमा भने लाग्दैन ।"

### ८. दुतियहितसुत्तं

१८. "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो हितमा लाग्दैन तर अरूको हितमा लाग्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु स्वयम् शीलसम्पन्न हुँदैन तर अरूलाई शील-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् समाधिसम्पन्न हुँदैन तर अरूलाई समाधि-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् प्रज्ञासम्पन्न हुँदैन तर अरूलाई प्रज्ञा-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् विमुक्तिसम्पन्न हुँदैन तर अरूलाई विमुक्ति-सम्पत्ति-सम्पन्न गराउनमा लाग्छ । स्वयम् विमुक्ति-ज्ञानदर्शनमा लाग्दैन तर अरूलाई विमुक्ति ज्ञानदर्शनको सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो हितमा लाग्दैन तर अरूको हितमा लाग्छ ।"

### ९. ततियहितसुत्तं

१९. "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आफ्नो पनि हितमा लाग्दैन अनि अरूको हितमा पनि लाग्दैन । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु स्वयम् शीलसम्पन्न हुँदैन अनि अरूलाई शील-सम्पत्ति-गराउनमा लाग्दैन । स्वयम् समाधिसम्पन्न हुँदैन अनि अरूलाई समाधि-सम्पत्ति सम्पन्न गराउनमा लाग्दैन । स्वयम् प्रज्ञासम्पन्न हुँदैन अनि अरूलाई प्रज्ञा-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् विमुक्तिसम्पन्न हुँदैन अनि अरूलाई विमुक्ति-सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । स्वयम् विमुक्ति-



Downloaded from http://dhamma.digital

ज्ञानदर्शनमा लाग्दैन अनि अरूलाई विमुक्ति-ज्ञानदर्शनको सम्पत्तिसम्पन्न गराउनमा लाग्दैन । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो पनि हितमा लाग्दैन अनि अरूको हितमा पनि लाग्दैन ।"

## १०. चतुत्थहितसुत्तं

२०. "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो पनि हितमा लाग्छ अनि अरूको हितमा पनि लाग्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ अनि अरूलाई शील-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् समाधिसम्पन्न हुन्छ अनि अरूलाई समाधि-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् प्रज्ञासम्पन्न हुन्छ अनि अरूलाई प्रज्ञासम्पत्तिद्वारा सम्पन्न गराउनमा लाग्छ । स्वयम् विमुक्तिसम्पन्न हुन्छ अनि अरूलाई विमुक्ति -सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । स्वयम् विमुक्तिज्ञान दर्शनमा लाग्छ अनि अरूलाई विमुक्ति ज्ञानदर्शन-सम्पत्तिसम्पन्न गराउनमा लाग्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षु आफ्नो पनि हितमा लाग्छ अनि अरूको हितमा पनि लाग्छ ।"

Downloaded from http://dhamma.digital

## ३. पञ्चङ्गिकवग्गो

### १. पठमअगारवसुत्तं

२१. "भिक्षुहो ! जो भिक्षुले (अरूलाई) गौरव गर्दैन, अनुमोदन गर्दैन अनि सरल स्वभावको नहुँदा 'सब्रह्मचारीप्रति राम्रो व्यवहा गरी धर्ममा परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'राम्रो आचरणद्वारा धर्म परिपूर्ण नगरी शैक्षधर्म परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'शैक्षधर्म परिपूर्ण नगरी शील परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। शील परिपूर्ण नगरी सम्यकदृष्टि परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'सम्यकदृष्टि परिपूर्ण नगरी सम्यक-समाधि परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन।

"भिक्षुहो ! जो भिक्षुले गौरव गर्छ, अनुमोदन गर्छ अनि सरल स्वभावको हुँदा 'सब्रह्मचारीप्रति राम्रो व्यवहार गरी धर्म परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। 'राम्रो आचरणद्वारा धर्म परिपूर्ण गरे शैक्षधर्म परिपूर्ण गर्नेछन्' भन्ने सम्भा-वना छ। 'शैक्षधर्मपरिपूर्ण गरे शीलपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। शील परिपूर्ण गरे सम्यकदृष्टि परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। 'सम्यकदृष्टि-परिपूर्ण गरे सम्यकसमाधिपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ।"

### २. दुतियअगारवसुत्तं

२१. "भिक्षुहो ! जो भिक्षुले गौरव गर्दैन, अनुमोदन गर्दैन, अनि सरल स्वभावको नहुँदा 'सब्रह्मचारीप्रति राम्रो व्यवहा गरी धर्ममा परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'राम्रो आचरणद्वारा धर्म परिपूर्ण नगरी शैक्षधर्म परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'शैक्षधर्म परिपूर्ण नगरी शील परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। शीलस्कन्ध परिपूर्ण नगरी समाधिस्कन्ध परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन। 'समाधिस्कन्ध परिपूर्ण नगरी प्रज्ञास्कन्धपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छैन।

"भिक्षुहो ! जो भिक्षुले गौरव गर्छ, अनुमोदन गर्छ अनि सरल स्वभाव हुँदा 'सब्रह्मचारीप्रति राम्रो व्यवहार गर्दा धर्मपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। 'राम्रो आचरणद्वारा धर्मपरिपूर्ण गरे शैक्षधर्मपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। 'शैक्षधर्मपरिपूर्ण गरे शीलस्कन्धपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। शीलस्कन्ध परिपूर्ण गरे समाधिस्कन्ध परिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ। 'समाधिपरिपूर्ण गरे प्रज्ञास्कन्धपरिपूर्ण गर्नेछन्' भन्ने सम्भावना छ।"



Downloaded from http://dhamma.digital

## ३. उपक्किलेससुत्तं

२३. "भिक्षुहो ! सुनसँग मिल्ने पाँच प्रकारका धातु छन् । जुन मिलाउँदा सुनसँग मिल्छ । तर त्यो मिलाउँदा सुन नरम हुँदैन, कमाउन सक्दैन, चम्किलो हुँदैन, टुक्रिने हुन्छ अनि ठीकसँग काममा लिन सक्दैन । ती पाँच के के हुन् ? तामा, फलाम, जस्ता, सिसा र चाँदि । भिक्षुहो ! यी पाँच प्रकारका धातु नै सुनको मैल हो । जुन मैलले गर्दा सुन मैलो हुन्छ, नरम हुँदैन, कमाउन सक्दैन, चम्किलो हुँदैन, टुक्रिने हुन्छ अनि ठीकसँग काम लिनसक्दैन । भिक्षुहो ! जब यी पाँच मैलबाट सुन मूक्त हुन्छ त्यो सुन नरम हुन्छ, कमाउन सक्छ, चम्किलो हुन्छ, टुक्रीदैन अनि ठीकसँग काममा लिनसक्छ । जुन जुन किसिमको आभुषण बनाउन चाहन्छ त्यही त्यही किसिमको चाहे त्यो औंठी होस्, चाहे कुण्डल होस् चाहे हारमाला वा जुनै पनि गहना बनाएर लगाउन सक्छ ।

"भिक्षुहो ! यसरी नै चित्तका पाँच प्रकारका मैल छन् । जुन मैलले गर्दा चित्त न त नरम हुन्छ, न त कमाउन सक्छ, न त चम्किलो हुन्छ न त नटुक्रीने हुन्छ अनि न त आश्रव क्षय गर्ने सम्यकसमाधिमा लाग्छ । ती पाँच के के हुन् ? काम-वासना, व्यापाद, शारीरिक तथा मानसिक आलस्य, शारीरिक तथा मानसिकरूपमा हुने अस्थिरपन (उद्धतपन कौकृत्य) अनि शंका । भिक्षुहो ! यी चित्तका मैल हुन् । जुन मैलले गर्दा चित्त न त नरम हुन्छ, न त कमाउन सक्छ, न त चम्किलो हुन्छ, न त नटुक्रिने हुन्छ अनि न त त्यो आश्रव क्षय गर्ने सम्यकसमाधिमा लाग्छ । भिक्षुहो ! जब यी पाँच मैलबाट मुक्त हुन्छ तब चित्त कोमल हुन्छ, कमाउन सक्छ, चम्किलो हुन्छ, नटुक्रिने हुन्छ अनि आश्रव क्षय गर्ने सम्यकसमाधिमा लाग्छ । जब जब अभिज्ञा-द्वारा साक्षात्कार गर्नसक्ने जुन जुन धर्म हो त्यो साक्षात्कार गर्नमा चित्त लगाउँदा ती ती विषयमै ऊ सफल हुन्छ ।

"यदि उसको यस्तो चाहना हुन्छ– अनेक प्रकारका ऋद्धि प्राप्त गर्नसक्ने होऊँ, एक भएर पनि धेरै हुन सकूँ, सबैको सामुन्ने उत्पन्न होऊँ, अदृश्य हुनसक्ने होऊँ, पर्खाल वा पर्वतमा वारपार गरी जान सक्ने होऊँ, जस्तै कि पानीमा हिँड्दा पनि पानीले नभिज्ने गरी जान सक्ने होऊँ, जस्तै कि आकाशमा पृथ्वीमा जस्तै गरी पलेटी कसेर बस्नसक्ने होऊँ, जस्तै कि पंक्षी झैं उडेर यी महाशक्तिसम्पन्न, महानुभाव चन्द्र र सूर्यलाई हातले छुन सक्ने होऊँ, परिमार्जन गर्न सक्ने होऊँ अनि समस्त ब्रह्मलोकलाई पनि शरीरद्वार वशमा पार्नसक्ने होऊँ । ती ती विषयमै ऊ सफल हुन्छ ।



Downloaded from http://dhamma.digital

"यदि उसको यस्तो चाहना हुन्छ– 'मनुष्यले सुन्न नसकिने दिव्यमय श्रोत-धातुबाट परिशुद्ध गरी दुवै पक्षका शब्दलाई सुन्नसक्ने होऊँ' मनुष्यहरू-बाट टाढा वा नजिककालाई दिव्य श्रोतबाट सुन्नसक्ने हुन्छ। ती ती विषयमै ऊ सफल हुन्छ।

"यदि उसको यस्तो चाहना हुन्छ– 'परसत्व वा परमनुष्यका चित्तमा रागसहितको चित्त भए रागसहितको चित्त भनी जान्नसक्ने होऊँ, रागरहितको चित्त भए रागरहितको चित्त भनी जान्नसक्ने होऊँ, द्वेषसहितको चित्त भए द्वेषसहितको चित्त भनी जान्नसक्ने होऊँ, द्वेषरहितको चित्त भए द्वेषरहितको चित्त भनी जान्नसक्ने होऊँ, मोहासहितको चित्त भए मोहसहितको चित्त भनी जान्नसक्ने होऊँ, मोहरहितको चित्त भए मोहरहितको चित्त भनी जान्नसक्ने होऊँ, सङ्कुचित चित्त भए सङ्कुचित चित्तको भनी जान्नसक्ने होऊँ, विक्षिप्त चित्त भए विक्षिप्त चित्तको चित्त भनी जान्नसक्ने होऊँ, महत चित्त भए महत चित्तको भनी जान्नसक्ने होऊँ, विस्तृत चित्त भए विस्तृत चित्तको भनी जान्न सक्नेहोऊँ, सर्वोत्तम चित्त भए सर्वोत्तम चित्तको चित्त भनी जान्नसक्ने होऊँ, समाहित चित्त भए समाहितत चित्तको चित्त भनी जान्नसक्ने होऊँ, असमाहित चित्त भए असमाहित चित्तको चित्त भनी जान्नसक्ने होऊँ, विमुक्त चित्त भए विमुत्त चित्तको भनी जान्नसक्ने होऊँ। अविमुक्त चित्त भए अविमुक्त चित्तको भनी जान्नसक्ने होऊँ। ती ती विषयमै ऊ सफल हुन्छ।

"यदि उसको यस्तो चाहना हुन्छ– 'अनेकौं प्रकारले पूर्व जन्मका कुराहरू स्मरण गर्नसक्ने होऊँ। जस्तै कि– एक जन्म, दुई जन्म, तीन जन्म, पाँच जन्म, दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, पचास जन्म, सय जन्म, हजार जन्म, लाखौं जन्म अनेकौं संवर्त कल्प, अनेकौं विवर्त कल्प अनि अनेकौं संवर्त-विवर्त कल्पमा फलानो जन्ममा फलानो ठाउँमा, यो नाउँको, यो गोत्रको, यो वर्णको, यस प्रकारको आहार, यस प्रकारले सुख-दुःख अनुभव गरें। मेरो आयु यतिसम्मको थियो। त्यहाँबाट म च्युट भई फलानो ठाउँमा जन्में। यसरी आकारसहित र उद्देश्यसहित अनेकौं प्रकारले पूर्व जन्मका कुराहरू स्मरण गर्नसक्ने होऊँ। ती ती विषयमा ऊ सफल हुन्छ।

"यदि उसको यस्तो चाहना हुन्छ– मानिसले देख्न नसक्ने 'दिव्य चक्षुद्वारा परिशुद्धरूपले देख्नसक्ने (देवताले झैं देख्न सक्ने) सत्व च्यूत हुँदा र उत्पन्न हुँदा हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति, दुर्गति र कर्मानुसार सत्व उत्पन्न भएको देख्न वा जान्नसक्ने होऊँ। ओहो ! यो व्यक्ति शारीरिक दुष्कर्मयुक्त हुँदा, वाचसिक दुष्कर्मयुक्त हुँदा, मानसिक दुष्कर्मयुक्त हुँदा, आर्य-निन्दक हुँदा, मिथ्यादृष्टि हुँदा अनि मिथ्यादृष्टि भई कर्म गरेको हुँदा यो व्यक्ति-



Downloaded from http://dhamma.digital

को शरीर भेद भई मरणपछि अपाय, दुर्गतिमा पतन हुनुपर्‍यो वा नरकमा उत्पन्न भयो । ओहो ! यो व्यक्ति शारीरिक सुकर्मयुक्त हुँदा, वाचसिक सुकर्म-युक्त हुँदा, मानसिक सुकर्मयुक्त हुँदा, आर्यप्रशंसक हुँदा, सम्यकदृष्टि हुँदा अनि सम्यकदृष्टि भई कर्म गरेको हुँदा यो व्यक्तिको शरीर भेद भई मरणपछि सुगति वा स्वर्गलोकमा उत्पन्न भयो । यसरी मानिसको आँखाले देख्न नसक्ने परिशुद्ध दिव्य-चक्षुद्वारा च्यूत, उत्पन्न, हीन, प्रणीत, सुवर्ण, दुर्वर्ण, सुगति, दुर्गति अनि कर्मानुसार सत्व उत्पन्न भएकोलाई जान्नसक्ने तथा देख्नसक्ने होऊँ । ती ती विषयमा ऊ सफल हुन्छ ।

"यदि उसको यस्तो चाहना हुन्छ– 'आश्रव क्षय गरी, अनाश्रवी भई चित्तविमुक्ति अनि प्रज्ञाविमुक्तिलाई यसै जन्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्नसक्ने होऊँ । ती ती विषयमा ऊ सफल हुन्छ ।"

## ४. दुस्सीलसुत्तं

२४. "भिक्षुहो ! कोही दुःशील हुँदा वा शीलवान नहुँदा सम्यकसमाधिको आधारबाट वञ्चित हुन्छ । सम्यकसमाधि नहुँदा तथा सम्यकसमाधिरहित हुँदा यथार्थ ज्ञानदर्शनको आधारबाट वञ्चित हुन्छ । यथार्थ ज्ञानदर्शन नहुँदा तथा यथार्थ ज्ञानदर्शनरहित हुँदा निर्वेद-वैराग्यको आधारबाट वञ्चित हुन्छ । निर्वेद-वैराग्य नहुँदा तथा निर्वेद वैराग्यरहित हुँदा विमुक्ति ज्ञानदर्शनको आधारबाट वञ्चित हुन्छ । भिक्षुहो ! जस्तै कि– यदि वृक्षको शाखा तथा पातहरू नहुँदा त्यसमा पाप्रा परिपूर्ण हुन पाउँदैन, त्यसमा बोक्रा (पाप्राको भित्री भाग) पनि परिपूर्ण हुन पाउँदैन, बोक्राको भित्री भाग (फेग्गु) पनि परिपूर्ण हुन पाउँदैन अनि चुरो (मूल-काठ) पनि परिपूर्ण हुन पाउँदैन । भिक्षुहो ! तदनुरूप दुःशील हुँदा वा शीलवान नहुँदा सम्यकसमाधिको आधारबाट वञ्चित हुन्छ । सम्यक-समाधि नहुँदा तथा सम्यकसमाधिरहित हुँदा यथार्थ ज्ञानदर्शनको आधारबाट वञ्चित हुन्छ । यथार्थ ज्ञानदर्शन नहुँदा तथा यथार्थ ज्ञानदर्शनरहित हुँदा निर्वेद-वैराग्यको आधारबाट वञ्चित हुन्छ । निर्वेद-वैराग्य नहुँदा तथा निर्वेद-वैराग्यरहित हुँदा विमुक्ति ज्ञानदर्शनको आधारबाट वञ्चित हुन्छ ।

"भिक्षुहो ! शीलवान हुँदा वा शीलसम्पन्न हुँदा सम्यकसमाधिको आधार बनेको हुन्छ । सम्यकसमाधि हुँदा तथा सम्यकसमाधि सम्पन्न हुँदा यथार्थ ज्ञान दर्शमको बनेको हुन्छ । यथार्थ ज्ञानदर्शन हुँदा तथा यथार्थ ज्ञानदर्शन सम्पन्न हुँदा निर्वेद-वैराग्यको आधार बनेको हुन्छ । निर्वेद-वैराग्य हुँदा तथा निर्वेद-वैराग्यसम्पन्न हुँदा विमुक्ति ज्ञानदर्शनको आधार बनेको हुन्छ । भिक्षुहो ! जस्तै कि– यदि वृक्षमा शाखा तथा पातहरू हुँदा त्यसमा पाप्रा परिपूर्ण हुन्छ,



Downloaded from http://dhamma.digital

त्यसमा बोक्रा पनि परिपूर्ण हुन्छ, बोक्राको भित्री पनि परिपूर्ण हुन्छ अनि चुरो पनि परिपूर्ण हुन्छ। भिक्षुहो ! तदनुरूप शीलवान हुँदा वा शीलसम्पन्न हुँदा सम्यकसमाधिको आधार बनेको हुन्छ। सम्यकसमाधि हुँदा तथा सम्यकसमाधि सम्पन्न हुँदा यथार्थ ज्ञानदर्शनको आधार बनेको हुन्छ। यथार्थ ज्ञानदर्शन हुँदा तथा यथार्थ ज्ञानदर्शन सम्पन्न हुँदा निर्वेद-वैराग्यको आधार बनेको हुन्छ। निर्वेद-वैराग्य हुँदा तथा निर्वेद-वैराग्य सम्पन्न हुँदा विमुक्ति ज्ञानदर्शनको आधार बनेको हुन्छ।"

## ५. अनुग्गहितसुत्तं

२५. "भिक्षुहो ! सम्यकदृष्टि हुँदा पाँच अङ्गद्वारा अनुग्रहित हुन्छ। चित्त-विमुक्ति फल पाउँछ। चित्त-विमुक्त हुने शुभपरिणाम हुन्छ। प्रज्ञा-विमुक्ति फल पाउँछ। प्रज्ञा-विमुक्त हुने शुभपरिणाम हुन्छ। ती पाँच के के हुन् ? भिक्षुहो ! सम्यकदृष्टि हुँदा शीलबाट अनुगृहित हुन्छ। श्रुतबाट (सुन्नबा-ट) अनुगृहित हुन्छ। धर्म चर्चा-परिचर्चाबाट अनुगृहित हुन्छ, समथ (ध्यान) बाट अनुगृहित हुन्छ अनि विपस्सना (प्रज्ञामय) ध्यानबाट अनुगृहित हुन्छ। भिक्षुहो ! सम्यकदृष्टि हुँदा यी नै पाँच अङ्गद्वारा अनुगृहित हुन्छ। चित्त-विमुक्ति फल वा चित्त-विमुक्त हुने शुभपरिणाम हुन्छ। प्रज्ञा-विमुक्ति फल वा प्रज्ञा-विमुक्त हुने शुभपरिणाम हुन्छ।"

## ६. विमुत्तायतनसुत्तं

२६. "भिक्षुहो ! यी पाँच विमुक्त क्षत्र हुन् जसमा भिक्षुहरू अप्रमादी र उत्साहित भइरहँदा चित्त विमुक्त नहुँदा पनि चित्त-विमुक्त हुन्छ। आश्रवहरू समूल नष्ट नहुँदा पनि समूल नष्ट हुन्छ। प्राप्त नभएको अतिउत्तम योगक्षम (निर्वाण) प्राप्त हुन्छ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुहरूलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिन्छ। जुन जुन प्रकारले त्यो भिक्षुलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिन्छ। त्यही त्यही नै अनुरूप उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्छ तथा त्यसमा अन्तर्निहित धर्मको ज्ञान प्राप्त गर्छ। उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्दा अनि अन्तर्निहित धर्मको ज्ञान प्राप्त हुँदा प्रमुदित हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति हुँदा शारीरिक शान्त हुन्छ, शारीरिक शान्त हुँदा सुखको अनुभव हुन्छ। सुखी चित्त हुँदा समाधि समाहित हुन्छ। भिक्षुहो ! यो पहिलो विमुक्त क्षत्र हो जब भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ तब यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ। यदि आश्रव क्षय नभएमा आश्रव



Downloaded from http://dhamma.digital

क्षय हुन्छ। यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुहरूलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिँदैन तै पनि जुन सुनेको र जुन परियत्ति हो त्यो धर्मको विषय लिएर अरूलाई उपदेश दिन्छ। भिक्षुहो ! जब जब भिक्षुले जुन सुनेको र जुन परियत्ति हो त्यो धर्मको विषयबाट अरूलाई पनि धर्मदेशना गर्दछ भने तब तब उसले त्यो धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्छ तथा त्यसमा अन्तर्निहित धर्मको ज्ञान प्राप्त गर्छ। उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्दा अनि अन्तर्निहित धर्मको ज्ञान प्राप्त हुँदा प्रमुदित हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति हुँदा शारीरिक शान्त हुन्छ, शारीरिक शान्त हुँदा सुखको अनुभव हुन्छ। सुखी चित्त हुँदा समाधि समाहित हुन्छ। भिक्षुहो ! यो दोस्रो विमुक्त क्षेत्र हो जब भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ तब यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ। यदि आश्रव क्षय नभएमा आश्रव क्षय हुन्छ। यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुहरूलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिँदैन अथवा जुन सुनेको हो, जुन परियत्ति हो त्यो धर्म विषय लिएर न त अरूलाई धर्मदेशना गर्छ। तै पनि उसले जुन सुनेको हो अनि जुन परियत्ति धारण गरेको हो त्यो धर्म विषय लिएर पाठ गर्छ। भिक्षुहो ! जब जब भिक्षुले जुन सुनेको अनि जुन परियत्ति हो त्यो धर्मको पाठ गर्दछ भने तब तब उसले त्यो धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्छ तथा त्यसमा अन्तर्निहित धर्मको ज्ञान प्राप्त गर्छ। उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्दा अनि अन्तर्निहित धर्मको ज्ञान प्राप्त हुँदा प्रमुदित हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति हुँदा शारीरिक शान्त हुन्छ, शारीरिक शान्त हुँदा सुखको अनुभव हुन्छ। सुखीचित्त हुँदा समाधिमा समाहित हुन्छ। भिक्षुहो ! यो तेस्रो विमुक्त क्षत्र हो जब भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ तब यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ। यदि आश्रव क्षय नभएमा आश्रव क्षय हुन्छ। यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुहरूलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिँदैन अथवा जुन सुनेको हो, जुन परियत्ति हो त्यो धर्म विषय लिएर न त अरूलाई धर्मदेशना गर्छ, न त उसले जुन सुनेको हो अनि जुन परियत्ति धारण गरेको हो त्यो धर्म विषय लिएर पाठ गर्छ। तै पनि उसले जुन सुनेको र जुन परियत्ति धारण गर्छ, धर्मको विषयमा



Downloaded from http://dhamma.digital

चिन्तन गर्छ, विचार गर्छ अनि मनन गर्छ । भिक्षुहो ! जब जब भिक्षुले जुन सुनेको र परियत्ति धारण गर्छ । ती धर्म विषयमा चिन्तन, मनन र विचार गर्छ भने तब तब उसले त्यो धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्छ तथा त्यसमा अन्तर्निहित धर्मको ज्ञान प्राप्त गर्छ । उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्दा अनि अन्तर्निहित धर्मको ज्ञान प्राप्त हुँदा प्रमुदित हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति हुँदा शारीरिक शान्त हुन्छ, शारीरिक शान्त हुँदा सुखको अनुभव हुन्छ । सुखीचित्त हुँदा समाधि समाहित हुन्छ । भिक्षुहो ! यो चौथो विमुक्त क्षत्र हो जब भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ तब यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ । यदि आश्रव क्षय नभएमा आश्रव क्षय हुन्छ । यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुहरूलाई शास्ता वा अन्य कोही गौरवनीय सब्रह्मचारीले उपदेश दिँदैन न त सुनेको हुन्छ, न त परियत्ति धारण गरी अरूलाई सविस्तर धर्मदेशना गर्छ, न त उसले जुन सुनेको हो अनि जुन परियत्ति धारण गरेको हो त्यो धर्म विषय लिएर पाठ गर्छ, न त उसले जुन सुनेको अनि जुन परियत्ति हो त्यो सविस्तार पाठ गर्छ, न त धर्मको विषयमा चिन्तन गर्छ, न त विचार गर्छ अनि न त मनन गर्छ । तै पनि उसले कुनै न कुनै समाधि निमित्तलाई ग्रहण गरेको हुन्छ । मनमा राम्रोसँग लिएको हुन्छ, धारण गरेको हुन्छ अनि प्रज्ञाद्वारा राम्रोसँग छिचोल्न सक्ने हुन्छ । जब जब भिक्षुले कुनै न कुनै समाधि निमित्तलाई ग्रहण गरेको हुन्छ । मनमा राम्रोसँग लिएको हुन्छ, धारण गरेको हुन्छ अनि प्रज्ञाद्वारा राम्रोसँग छिचोल्न सक्ने हुन्छ । तब तब उसले त्यसमा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्छ तथा त्यसमा अन्तर्निहित धर्मको ज्ञान प्राप्त गर्छ । उसले धर्ममा अन्तर्निहित अर्थको ज्ञान प्राप्त गर्दा अनि अन्तर्निहित धर्मको ज्ञान प्राप्त हुँदा प्रमुदित हुन्छ, प्रमुदित हुँदा प्रीति हुन्छ, प्रीति हुँदा शारीरिक शान्त हुन्छ, शारीरिक शान्त हुँदा सुखको अनुभव हुन्छ । सुखीचित्त हुँदा समाधि समाहित हुन्छ । भिक्षुहो ! यो पाँचौं विमुक्त क्षेत्र हो । जब भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ । यदि आश्रव क्षय नभएमा आश्रव क्षय हुन्छ । यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ ।

"भिक्षुहो ! यी नै पाँच विमुक्त क्षत्र हुन् । जब कि भिक्षु अप्रमादी, प्रयत्नशील र मेहनती हुन्छ तब यदि उसको चित्त विमुक्त नभएमा विमुक्त हुन्छ । यदि आश्रव क्षय नभएमा आश्रव क्षय हुन्छ । यदि अतिउत्तम योगक्षम प्राप्त नभएमा योगक्षम प्राप्त हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ७. समाधिसुत्तं

२७. "भिक्षुहो ! असीम बुद्धिमानी भई स्मृतिसम्पन्न समाधिको अभ्यास गर । भिक्षुहो ! असीम बुद्धिमानी भई स्मृतिसम्पन्न समाधि अभ्यास गर्दा आफू-मै पाँच प्रकारका ज्ञान उत्पन्न हुन्छ । ती पाँच के के हुन् ? 'यो समाधिबाट वर्तमानमा पनि सुख अनि भविष्यमा पनि सुख दिने हो', भनी आफूमै ज्ञान उत्पन्न हुन्छ । 'यो भौतिक पदार्थरहित आर्यसमाधि हो', भनी आफूमै ज्ञान उत्पन्न हुन्छ । 'यो (बुद्धादि) श्रेष्ठ पुरुषद्वारा सेवित समाधि हो', भनी आफूमै ज्ञान उत्पन्न हुन्छ । 'यो शान्त, प्रणीत, क्लेशरहित (अर्हत प्राप्त हुने) एकाग्र-ताको उपलब्धी हो', भनी आफूमै ज्ञान उत्पन्न हुन्छ । आश्रवसहितको समाधि-लाई जस्तै संस्कारलाई दोष लाउन पर्छ', भनी आफूमै ज्ञान उत्पन्न हुन्छ । 'स्मृतिमान भई मैले यसलाई समापन गर्छु वा स्मृतिवान भई उठ्छु' भनी आफूमै ज्ञान उत्पन्न हुन्छ ।

"भिक्षुहो ! असीम बुद्धिमानी भई स्मृतिसम्पन्न समाधिको अभ्यास गर । भिक्षुहो ! असीम बुद्धिमानी भई स्मृतिसम्पन्न समाधि अभ्यास गर्दा आफूमै यी पाँच प्रकारका ज्ञान उत्पन्न हुन्छ ।"

## ८. पञ्चङ्गिकसुत्तं

२८. "भिक्षुहो ! पञ्चाङ्गिक आर्य सम्यकसमाधिको भावनाको देशना गर्छु । त्यसलाई सुन अनि राम्रोसँग मनमा धारण गर भन्नेछु ।" "हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! पञ्चाङ्गिक आर्यसमाधि भावना भनेको के हो ? भिक्षुहो ! भिक्षुहो ! यहाँ भिक्षुले कामभोगरहित, ... प्रथमध्यान प्राप्तगरी बस्छ । उसले यसै शरीरमा एकान्त सेवनबाट उत्पन्न हुने प्रीति-सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! जस्तै कि नुहाई दिनमा दक्ष व्यक्ति वा उसको शिष्य हुन्छ । उसले काँसको थालमा स्नान-चूर्णमा पानी राख्दै मिलाउँदै मुछ्छ । पानी राखेर मुछ्दा त्यो स्नानचूर्ण पिण्ड हुन्छ । पानी मिलाउनाले भित्री र बाहिरीमा राम्रोसँग पानी मिलिँदा त्यो चुहेर जाँदैन । भिक्षुहो ! यसरी नै भिक्षुले यसै शरीरमा एकान्त सेवनबाट उत्पन्न हुने प्रीति सुखले सिंचित गर्छ, परिपूर्ण हुनेगरी सिंचित गर्छ, समस्त नै परिपूर्णरूपले सिंचित गर्छ अनि सम्पूर्ण शरीरको कुनै पनि हिस्सा एकान्त सेवन गर्दा उत्पन्न हुने प्रीति र सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! पञ्चाङ्गिक आर्य सम्यक्समाधिको यही नै पहिलो भावना हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि भिक्षुले वितर्क-विचार शान्त पारी... द्वितीयध्यान प्राप्तगरी बस्छ । भिक्षुहो ! यसरी नै भिक्षुले यसै शरीरमा एकान्त सेवनबाट उत्पन्न हुने प्रीति सुखले सिंचित गर्छ, परिपूर्ण हुनेगरी सिंचित गर्छ, समस्त नै परिपूर्णरूपले सिंचित गर्छ अनि सम्पूर्ण शरीरको कुनै पनि हिस्सा एकान्त सेवन गर्दा उतपन्न हुने प्रीति सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! जस्तै कि भित्री भागबाट पानी आउने मुहान हुन्छ अनि पानीले भरिएको गहिरो तलाउ हुन्छ । त्यसमा न पूर्व दिशाबाट पानी आउने मुहान हुन्छ, न पश्चिम दिशाबाट पानी आउने मुहान हुन्छ न उत्तर दिशाबाट पानी आउने मुहान हुन्छ, न दक्षिण दिशाबाट पानी आउने मुहान हुन्छ अनि न समय समयमा राम्रोसँग पानी पर्छ । तै पनि त्यो तलाउको मुहानबाट शीतल जलधारा आउनाले त्यही तलाउको शीतल पानीले सिंचित गर्छ । परिपूर्ण गरी सिंचित गर्छ, समस्त नै परिपूर्ण गरी सिंचित गर्छ । त्यो तलाउको कुनै पनि हिस्सा शीतल पानीले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! यसरी नै भिक्षुले यसै शरीरलाई समाधिबाट उत्पन्न हुने प्रीति र सुखले सिंचित गर्छ, परिपूर्ण गरी सिंचित गर्छ, समस्त नै परिपूर्ण गरी सिंचित गर्छ अनि सम्पूर्ण शरीरको कुनै पनि हिस्सा समाधिबाट उत्पन्न हुने प्रीति र सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! पञ्चाङ्गिक आर्य सम्यकसमाधिको यही नै दोस्रो भावना हो ।

"भिक्षुहो ! अनि फेरि भिक्षुले प्रीति हटाएर ... तृतीयध्यान प्राप्तगरी बस्छ । उसले यसै शरीरमा प्रीतिबाट रहित भएको सुखले सिंचित गर्छ, परिपूर्ण गरी सिंचित गर्छ, समस्त नै परिपूर्ण गरी सिंचित गर्छ, शरीरको कुनै पनि हिस्सा सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! जस्तै कि– उत्पल (नीलकमल) पद्म (कमल), पुण्डरिक (सेतो कमल) वा अन्य उत्पलहरू, पद्महरू, पुण्डरिकहरू पानीमा उम्रिने, पानीमा बढ्ने पानीबाट बाहिर ननिस्किने भई भित्र भित्रै पोषित हुन्छ । त्यसको जुन अग्र भाग र जुन मूल भाग हो शीतल पानीले सिंचित हुन्छ, राम्रोसँग सिंचित हुन्छ परिपूर्ण गरी सिंचित हुन्छ, समस्त नै परिपूर्ण गरी सिंचित हुन्छ अनि उत्पल वा पद्मको वा पुपण्डरिकको कुनै पनि हिस्सा पानीले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! यसरी नै भिक्षुले यसै शरीरलाई प्रीतिरहित सुखले सिंचित गर्छ । परिपूर्ण गरी सिंचित गर्छ, समस्त नै परिपूर्ण हुनेगरी सिंचित गर्छ, सम्पूर्ण शरीरको कुनै पनि हिस्सा समाधिबाट उत्पन्न हुने प्रीति सुखले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! पञ्चाङ्गिक आर्य सम्यकसमाधिको यही नै तेस्रो भावना हो ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि भिक्षुले सुख पनि हटाएर .. चतुर्थध्यान प्राप्तगरी बस्छ। उसले यसै शरीरमा परिशुद्ध वा निर्मल चित्तयुक्त भई बस्छ। उसको सम्पूर्ण शरीरको कुनै पनि हिस्सा परिशुद्ध वा निर्मल चित्तले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! जस्तै कि– कोही व्यक्ति स्वच्छ वस्त्रले शिरदेखि पाउसम्म छोपेर बसेको हुन्छ तथा उसको शरीरको कुनै पनि हिस्सा स्वच्छ वस्त्रले नछोपिएको हुँदैन । भिक्षुहो ! यसरी नै भिक्षुले यसै शरीरमा परिशुद्ध वा निर्मल चित्तयुक्त भई बस्छ। उसको शरीरको कुनै पनि हिस्सा परिशुद्ध वा निर्मल चित्तले सिंचित हुनबाट छुटेको हुँदैन । भिक्षुहो ! पञ्चाङ्गिक आर्य सम्यकसमाधिको यही नै चौथो भावना हो।

"भिक्षुहो ! अनि फेरि भिक्षुले प्रत्यवेक्षण-निमित्तलाई राम्रोसँग ग्रहण गर्छ, राम्रोसित मनमा लिन्छ, राम्रोसित धारण गर्छ अनि प्रज्ञाद्वारा राम्रोसित छिचोल्न सक्छ। भिक्षुहो ! जस्तै कि– एकबाट अर्को प्रत्यवेक्षण गर्छ– बसेको-उठेकोलाई प्रत्यवेक्षण गर्छ वा बसेको-सुतेकोलाई प्रत्यवेक्षण गर्छ। भिक्षुहो ! यसरी नै भिक्षुले प्रत्यवेक्षण-निमित्तलाई राम्रोसँग ग्रहण गर्छ। राम्रोसित मनमा लिन्छ। राम्रोसित धारण गर्छ। प्रज्ञाद्वारा राम्रोसित छिचोल्न सक्छ।

"भिक्षुहो ! जस्तै कि पानीको भाँडोलाई कुनै एक आधारमा राखेको हुन्छ, त्यसमा पानीले भरिएको, किनारासम्म भरिएको अनि लबालब भरिएको हुन्छ । त्यो पानीको भाँडालाई बलवान मान्छेले जहाँ जहाँबाट खन्याउन खोज्छ त्यहीँ त्यहीँबाट पानी आउँछ के ?" "आउँछ भन्ते !" भिक्षुहो ! यसरी नै भिक्षुले पञ्चाङ्गिक आर्य सम्यकसमाधिमा धेरै लाग्दा अभिज्ञाद्वारा साक्षात्कार गर्न जे जेमा चित्त लगाउँछ त्यस त्यसमा नै सफल हुन्छ।

"भिक्षुहो ! जस्तै कि समतल चतुष्कोण तलाउ हुन्छ । त्यसको चारैतिरबाट बाँध लगाएको हुन्छ, पानी भरिएको हुन्छ, छेउसम्मै भरिएको हुन्छ वा लबालब भरिएको हुन्छ। त्यहाँ कोही बलवान मान्छेले कहीं एक ठाउँबाट बाँध भत्काउँछ भने त्यहीँबाट पानी निस्किन्छ के ?" "निस्किन्छ भन्ते !" भिक्षुहो ! यसरी नै भिक्षुले पञ्चाङ्गिक आर्य सम्यकसमाधिको भावना गर्दा जुन जुन धर्मलाई साक्षात्कार गर्न चित्त झुकाउँछ त्यस त्यसमा नै सफल हुन्छ।

"भिक्षुहो ! जस्तै कि राम्रो भूमिको चारदोबाटोमा घोडासहित उत्तम रथमा कोर्रा राखेको हुन्छ। त्यो रथमा घोडालाई दमन गर्ने दक्ष रथवान वा सारथि सवार हुन्छ। उसले देब्रे हातले लगाम अनि दायाँ हातमा कोर्रा लिएर घोडा-



Downloaded from http://dhamma.digital

लाई जहाँकहीं लान चाहेमा जस्तोसुकै गतिमा लान चाहेमा वा रोक्न खोजेमा रोक्नसक्छ । भिक्षुहो ! यसरी नै भिक्षुले पञ्चाङ्गिक आर्य सम्यकसमाधिको भावना गर्दा जुन जुन धर्मलाई साक्षात्कार गर्न चित्त झुकाउँछ त्यस त्यसमा नै सफल हुन्छ ।

"यदि उसले इच्छा गर्छ– 'अनेकौं प्रकारका ऋद्धिलाई अनुभव गरुँ– एकबाट धेरै हुन सकूँ... जति पनि ब्रह्मलोक छन् ती समस्तलाई शरीरद्वारा वशमा पार्न सक्ने होऊँ ।' ती ती विषयमा ऊ सफल हुन्छ ।

"यदि उसले इच्छा गर्छ– 'दिव्य श्रोत धातुले मानिसहरूका सामर्थ्य भन्दा परको देव तथा मनुष्यका टाढा वा नजिकका कुरालाई सुन्न सक्ने होऊँ ।' ती ती विषयमा ऊ सफल हुन्छ ।

"यदि उसले इच्छा गर्छ– 'परसत्व वा परमनुष्यको चित्तमा हुने रागसहित-को चित्तलाई रागसहितको चित्त भनी जान्नसक्ने होऊँ । रागरहितको चित्तलाई रागरहितको चित्त भनी जान्नसक्ने होऊँ । द्वेषसहित चित्त द्वेषरहित चित्त ... मोहसहित चित्त ... मोहरहित चित्त ... सङ्कुचित चित्त ... विक्षिप्त चित्त ... महत चित ... विस्तृत चित्त ... सर्वोत्तम चित्त .... समाहित चित्त ... असमाहित चित्त ... विमुक्त चित्त ... अविमुक्त चित्तलाई अविमुक्त चित्तको भनी जान्न सक्ने होऊँ । ती ती विषयमा ऊ सफल हुन्छ ।

"यदि उसले इच्छा गर्छ– 'अनेकौं प्रकारले पूर्व जन्मका कुरालाई स्मरण गर्न सक्ने होऊँ । जस्तै कि– एक जन्म, दुई जन्म ... यस प्रकारको अनेकौं प्रकारले पूर्व जन्मका कुराहरू स्मरण गरी जान्न सक्ने होऊँ । ती ती विषयमा ऊ सफल हुन्छ ।

"यदि उसल इच्छा गर्छ– मानिसको पहुँच भन्दा परको विशुद्ध दिव्य चक्षुद्वारा ... कर्मानुसार सत्व उत्पन्न भएकोलाई जान्नसक्ने तथा देख्नसक्ने होऊँ । ती ती विषयमा ऊसफल हुन्छ ।

"यदि उसले इच्छा गर्छ– 'आश्रव क्षय गरी, अनाश्रवी भई चित्तविमुक्ति अनि प्रज्ञाविमुक्तिलाई यसै जन्ममा स्वयमले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्नसक्ने होऊँ । ती ती विषयमा सफल हुन्छ ।"

### ९. चङ्कमसुत्तं

२९. "भिक्षुहो ! चंक्रमण (हिँड्दुल) गर्दा पाँच प्रकारका प्रतिफल छन् ।



Downloaded from http://dhamma.digital

ती पाँच के के हुन् ? बाटोमा हिँड्दा समर्थवान हुन्छ, प्रयत्न गर्नमा समर्थवान हुन्छ, स्वस्थ हुन्छ; चाखेको-पिएको-खाएको र स्वाद लिएको राम्रोसँग पच्छ। चंक्रमणपछि समाधिमा बस्दा चित्त एकाग्र र धेरै समयसम्म समाधि हुन्छ। भिक्षुहो ! चंक्रमण गर्दा यी नै पाँच प्रकारका प्रतिफल हुन्।"

## १०. नागितसुत्तं

३०. यस्तो मेले सुनें– एक समय भगवान महाभिक्षुसंघका साथ कोसल देशमा चारिका गर्नु हुँदै इच्छानङ्गल भन्ने कोसलस्थित ब्राह्मण गाउँमा पुग्नुभयो। त्यहाँ भगवान इच्छानङ्गलको वन खण्डमा बस्नुहुन्थ्यो। इच्छानङ्गल-का ब्राह्मणहरूले सुने– शाक्य कुलबाट प्रव्रजित शाक्य पुत्र श्रमण गोतमको गुणगान बारे सुन्न पाउँछ– वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण-सम्पन्न, सुगत, लोकविज्ञ, अतिउत्तम पुरुष दमन सारथि,देव-मनुष्यका शास्ता, बुद्ध, भगवान हुनुहुन्छ। वहाँले लोकका सदेव, समार, सब्राह्मण, सश्रमण-ब्राह्मण-प्रजा तथा सदेवमनुष्यलाई स्वयम्ले अभिज्ञात र साक्षात्कार गर्नुभई धर्मोपदेश गर्नुहुन्छ। वहाँबाट आदि कल्याण, मध्य कल्याण र अन्त कल्याण हुने अर्थसहित, व्यञ्जनसहित सम्पूर्णरूपले परिशुद्ध ब्रह्मचर्यको विषय लिएर उपदेश दिनुहुन्छ। बहाँ अर्हतको दर्शन गर्नु धेरै राम्रो हुन्छ। तब इच्छानङ्गलका ब्राह्मण गृहपतिहरूले रातको समय बिताएर खानपानका धेरै नै सामाग्री लिएर जहाँ इच्छानङ्गलको वन खण्ड थियो त्यहाँ गए। गएर बाहिरी द्वारकोष्ठ (प्रतिक्षालय) मा ठूलो ठूलो स्वरले हल्ला गर्दै बसे।

त्यो बेला आयुष्मान नागित भगवानको उपस्थापक थिए। भगवानले आयुष्मान नागितलाई सम्बोधन गर्नुभयो– "नागित ! यिनीहरू को हुन् ? जो कि यति साह्रो हल्ला गरिरहेका छन्। जस्तो कि मछुवाहरूले माछा बेचिरहे झैं।" भन्ते ! यिनीहरूले भिक्षुसंघ अनि तपाईंको निम्ति धेरै नै खाद्य-भोज्य सामाग्री लिएर द्वारकोष्ठमा बसिरहेका छन्।" "नागित ! मलाई यशको चाहना छैन, "नागित ! मलाई यश चाहिँदैन। नागित ! जसले नैष्क्रम्यसुख, एकान्तमयसुख, उपशमनसुख तथा सम्बोधिसुखलाई अनायासै लाभ गरेको हुँदैन, विना प्रयासै लाभ र विना मेहनतै लाभ गरेको हुँदैन उसैले यो अशुद्धिपूर्ण सुख, आलस्यसुख, लाभ-सत्कार र प्रशंसा मन पराउने होस्। जुन नैष्क्रम्यसुख, एकान्तमयसुख, उपशमनसुख तथा सम्बोधिसुख हो त्यो मैले अनायासै लाभ गरेको छु, प्रयास विनै लाभ गरेको छु अनि विना मेहनतै लाभ गरेको छु।

"भन्ते, भगवान ! यस्लाई स्वीकार्नुस्। सुगत ! यो स्वीकार्नुस्। यो



Downloaded from http://dhamma.digital

स्वीकार्ने समय हो ! अब भगवान जहाँ जहाँ जानुहुन्छ त्यहाँ त्यहाँ नै शहर तथा नगरका मान्छे र ब्राह्मण गृहपतिहरू ओइरिने छन् । त्यो के कारणले ? भन्ते ! भगवानमा भएको शील तथा प्रज्ञाको प्रख्याततताले नै हो ।

"नागित ! मलाई यशको चाहना छैन, नागित ! मलाई यश चाहिँदैन । नागित ! जसले नैष्कम्र्यसुख, एकान्तमयसुख, उपशमनसुख र सम्बोधि सुखको अनायासै लाभ गरेको हुँदैन, विना प्रयासै लाभ र विना मेहनतै लाभ गरेको हुँदैन उसैले नै यो अशुद्धिपूर्ण सुख, आलस्यसुख, लाभ-सत्कार र प्रशंसा मन पराउने हास् । जुन नैष्कम्र्यसुख, एकान्तमयसुख, उपशमनसुख र सम्बोधिसुख हो त्यो मैले अनायासै लाभ गरेको छु, विना प्रयासै लाभ गरेको छु अनि विना मेहनतै लाभ गरेको छु । नागित ! जुन चाखेको, पिएको, खाएको हुन्छ त्यो मल-मूत्र भएर जान्छ । त्यसको यही नै अन्त हो । नागित ! प्रियबाटै शोक-परिदेव-दुःख-दौर्मनस्यको उत्पत्ति हुन्छ । (प्रियवस्तु) परिवर्तनशील तथा अन्यथाभाव हुने स्वभाव हो । यसको अन्त यही नै हो । नागित ! जो अशुभ-निमित्तको भावनामा लागेको हुन्छ उसलाई राग उत्पत्ति हुने शुभ निमित्तप्रति अरुचि हुन्छ । यसको अन्त यही नै हो । नागित ! छ स्पर्श आयतनमा अनित्यदर्शी हुन्छ भने उसलाई छ स्पर्श आयतनप्रति अरुचि हुन्छ । यसको अन्त यही नै हो । नागित ! पाँच प्रकारका उपादानस्कन्धमा उत्पत्ति र विनाशदर्शी हुँदा उपादानप्रति अरुचि हुन्छ । यसको अन्त यही नै हो । "

Downloaded from http://dhamma.digital

## ४. सुमनावग्गो

### १. सुमनसुत्तं

३१. एक समय ... अनाथपिण्डिकको आराम बस्नुहुन्थ्यो । त्यस बेला सुमना राजकुमारी पाँचसय रथमा पाँचसय राजकुमारीसहित जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकी राजकुमारीले भगवानलाई यसो भनिन्-

"भन्ते ! यहाँ भगवानका दुई श्रावकहरू श्रद्धामा समान, शीलमा समान र प्रज्ञामा समान हुन्छन् । यी मध्ये एकजना दायक हुन्छन् भने एकजन दायक हुँदैनन् । यिनीहरू शरीर त्याग गरी मृत्युपछि स्वर्ग लोकमा उत्पन्न हुन्छन् । भन्ते ! तिनीहरू देवता हुँदा केही विशेषता वा फरक हुन्छ कि हुँदैन ?

भगवानले भन्नुभयो- "सुमना ! हुन्छ ।" 'सुमना जो दायक हुन्छ ऊ देवता हुँदा दायक नहुनेको भन्दा पनि दिव्य आयु, दिव्य वर्ण, दिव्य सुख, दिव्य यश अनि दिव्य आधिपत्य यी पाँच विषयमा विशेषता हुन्छ । सुमना ! जो दायक हुन्छ अनि जो दायक हुँदैन ऊ दायक नहुनेको भन्दा यी पाँच विषयमा विशेषता हुन्छ ।

"भन्ते ! यदि ऊ त्यहाँबाट च्युत भई यो लोकमा आएर मनुष्य भई जन्म लियो भने मनुष्य हुँदा पनि ती दुवैमा एक अर्कोव[illegible]तामा केही विशेषता वा फरक हुन्छ कि हुँदैन ?

भगवानले भन्नुभयो- "सुमना ! जो दायक हुन्छ ऊ मनुष्य भई जन्मिँदा ती दुवै समान भएता पनि दान नदिनेले भन्दा पनि दान दिनेले मनुष्य आयु, वर्ण, सुख, यश अनि आधिपत्य यी पाँच विषयमा विशेषता हुन्छ । सुमना ! जो दायक हुन्छ ऊ मनुष्य भई जन्मिँदा दायक नहुनेको भन्दा यी पाँच विषयमा विशेषता हुन्छ ।

"भन्ते ! यदि दुवैले गृहस्थाश्रम त्यागेर प्रव्रजित हुँदा पनि ती दुवै मध्येमा अर्को चाहिँको केही विशेषता वा केही फरक हुन्छ कि हुँदैन ?

भगवानले भन्नुभयो- सुमना ! जो दायक हुन्छ ऊ प्रव्रजित हुँदा समान भएता पनि दायक नहुनेको भन्दा पाँच विषयमा विशेषता हुन्छ । धेरै प्रार्थना गर्दा मात्र चीवर परिभोग गर्छ, विना प्रार्थना त कमै हुन्छ । धेरै प्रार्थना गर्दा मात्र भोजन परिभोग गर्छ, विना प्रार्थना त कमै हुन्छ । धेरै



Downloaded from http://dhamma.digital

प्रार्थना गर्दा मात्र शयनासन परिभोग गर्छ, विना प्रार्थना त कमै हुन्छ। धेरै प्रार्थना गर्दा मात्र रोगीको औषधी तथा परिष्कार परिभोग गर्छ, विना प्रार्थना त कमै हुन्छ। जो सब्रह्मचारीहरू सँग बस्छ तिनीहरूले धेरै जसो उसको अनुकुल हुने शारीरिक व्यवहार गर्छ, प्रतिकूल हुने गरी त कमै हुन्छ। धेरै जसो उसको अनुकूल हुने वाणीद्वारा व्यवहार गर्छ, प्रतिकूल हुने गरी त कमै हुन्छ। धेरै जसो राम्रो उपहार दिन्छ, नराम्रो त कमै हुन्छ। जो दायक हुन्छ ऊ प्रव्रजित हुँदा दायक नहुनेको भन्दा यी पाँच विषयमा विशेषता हुन्छ।

"भन्ते ! यदि दुवैले अर्हत्व लाभ गरेमा वा अर्हत हुँदा पनि ती दुवैमा एक अर्कोको अपेक्षामा केही विशेषता वा फरक हुन्छ कि हुँदैन ?"

"सुमना ! यस स्थितिमा दुवैमा केही भेद हुन्छ भनी मैले भन्दिन। एकजना विमुक्ति हुन्छ अर्को विमुक्तिको स्थितिमा हुन्छ।

"आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते ! दान दिनु योग्य नै रहेछ। पुण्य गर्नु योग्य नै रहेछ। जब कि देव योनि प्राप्त हुँदा पनि पुण्य उपकारक हुन्छ। मनुष्य योनि प्राप्त हुँदा पनि पुण्य उपकारक हुन्छ अनि प्रव्रजित हुँदा पनि पुण्य उपकारक हुन्छ। "यस्तै हो सुमना ! यस्तै हो सुमना ! दान दिनु योग्य नै हो। पुण्य गर्नु योग्य नै हो। देव योनि प्राप्त हुँदा पनि पुण्य उपकारक हुन्छ। मनुष्य योनि प्राप्त हुँदा पनि पुण्य उपकारक हुन्छ अनि प्रव्रजित हुँदा पनि पुण्य उपकारक हुन्छ।" भगवानले यसो भन्नु भएपछि, सुगतले यसो भन्नु भएपछि पुनः शास्ताले यसरी भन्नु भयो–

यथापि चन्दो विमलो, गच्छं आकासधातुया।
सब्बे तारागणे लोके, आभाय अतिरोचति॥
"तथेव सील सम्पन्नो, सद्धो पुरिस पुग्गलो।
सब्बे मच्छरिनो लोके, चागेन अति रोचति॥
"यथापि मेघो थनयं, विज्जुमाली सतक्ककु।
थलं निन्नञ्च पूरेति, अभिवस्सं वसुन्धर॥
"एवं दस्सन सम्पन्नो, सम्मासम्बुद्ध सावको।
मच्छरिं अधिगण्हाति, पञ्चठानेहि पण्डितो॥
"आयुना यससा चेव, वण्णेन च सुखेन च।
स वे भोगपरिब्यूल्हो, पेच्च सग्गे पमोचती"ति॥

"समस्त तारागणको लोकमा जुन प्रकारले तेजद्वारा अति प्रभास्वर भई आकाश धातुमा चम्कँदै चन्द्रमा जाने गर्छ।



Downloaded from http://dhamma.digital

"त्यसरी नै समस्त कन्जुसी लोकमा शीलसम्पन्न, श्रद्धावान पुरुष वा व्यक्ति त्यागद्वारा अति प्रभास्वर हुन्छ ।

"चारै दिशामा फैलिएर जुन प्रकारले बिजुलीसहित गर्जन गर्दै पृथ्वीमा पानी वर्षीदै समस्त निम्नस्थल परिपूर्ण गर्छ ।

"त्यसरी नै दर्शनसम्पन्न सम्यकसम्बुद्धका श्रावकले कन्जुसले भन्दा पनि पाँच विषयमा पण्डितले बढी पाउँछ ।

"ऊ आयु, यश, वर्ण, सुख र भोग्य-वस्तुका आधिपत्य हुनुकासाथै मरणपछि स्वर्गमा प्रमुदित हुन्छ ।"

## २. चुन्दीसुत्तं

३२. एक समय भगवान राजगहस्थित वेलुवन कलन्दक निवापमा बस्नुहुन्थ्यो । त्यस बेला चुन्दी राजकुमारी पाँचसय रथमा पाँचसय राजकुमारी-हरू सँग जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेर भगवानलाई अभि-वादन गरी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेकी चन्दी राजकुमारीले भगवानलाई यसो भनिन्–

"भन्ते ! मेरो भाइ चुन्दले यसो भन्छ– 'जो कोही स्त्री वा पुरुष बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ, संघको शरणमा जान्छ, प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सी मादक पदार्थबाट विरत हुन्छ भने उसको शरीर त्यागपछि मृत्यु हुँदा सुगतिमै उत्पन्न हुन्छ, दुर्गति हुँदैन । भगवान ! तपाईंसँग मैले प्रश्न गर्छु– कस्ता शास्ताप्रति प्रसन्न (श्रद्धा) हुँदा शरीर त्यागपछि मरण हुँदा सुगति नै प्राप्त हुन्छ, दुर्गति हुँदैन । कस्तो धर्मप्रति प्रसन्न हुँदा शरीर त्यागपछि मरण हुँदा सुगति नै प्राप्त हुन्छ, दुर्गति हुँदैन । कस्तो संघप्रति प्रसन्न हुँदा शरीर त्यागपछि मरण हुँदा सुगति नै प्राप्त हुन्छ, दुर्गति हुँदैन । कस्तो शीलमा परिपूर्ण हुँदा शरीर त्यागपछि मरण हुँदा सुगति नै प्राप्त हुन्छ, दुर्गति हुँदैन ?' "

"चुन्दी ! विना पाउका, दुई पाउका, चार पाउका, धेरै पाउका, रूपी वा अरूपी, संज्ञी वा असंज्ञी, नसंज्ञी वा नअसंज्ञी जति पनि सत्वहरू छन् तिनीहरू मध्ये तथागत अर्हत, सम्यकसम्बुद्ध अग्र भनिन्छ । चुन्दी ! जो व्यक्ति बुद्धप्रति प्रसन्न हुन्छ ऊ अग्रप्रति नै प्रसन्न भएको हो । अग्रप्रति प्रसन्न हुनेलाई प्रतिफल पनि अग्र नै हुन्छ ।

"चुन्दी ! जति पनि संस्कृत वा असंस्कृत धर्म छन् । ती सबै भन्दा



Downloaded from http://dhamma.digital

वैराग्य अग्र भनिन्छ । जुन कि यो मदलाई मर्दन गर्छ । प्यासलाई विनय पार्छ । आसक्तिलाई मूलोच्छेद गर्छ । वस्तुप्रतिको कामनालाई मूलोच्छेद गर्छ अनि तृष्णा क्षय, वैराग्य, निरोध र निर्वाण हो । चुन्दी ! जो व्यक्ति वैराग्य (निर्वाण) धर्ममा प्रसन्न हुन्छ ऊ अग्रप्रति नै प्रसन्न भएको हो । अग्रप्रति प्रसन्न हुनेलाई प्रतिफल पनि अग्र नै हुन्छ ।

"चुन्दी ! जति पनि संघ या गणहरू छन् तिनीहरू मध्ये तथागतको श्रावक संघ अग्र भनिन्छ । जुन कि यो– (क. श्रोतापत्ति मार्ग, ख.सकृदागामी मार्ग, ग.अनागामी मार्ग, घ. अर्हत मार्ग) यी चार पुद्गल अनि (क.श्रोतापत्ति फल, ख.सकृदागामी फल, ग.अनागामी फल, घ.अर्हत फल) यी अष्ट पुद्गल अर्थात चार पुद्गलका जोडा छन् । यी नै भगवानका श्रावक संघ हुन् । यहाँहरू आदर गर्न योग्य, आतिथ्य गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोडी नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन् । चुन्दी ! जो व्यक्ति संघप्रति प्रसन्न हुन्छ ऊ अग्रप्रति नै प्रसन्न भएको हो । अग्रप्रति प्रसन्न हुनेलाई प्रतिफल पनि अग्र नै हुन्छ ।

"चुन्दी ! जति पनि शील• छन् ती मध्ये आर्यकान्त शील नै अग्र हो । जुन कि यो– अखण्ड, अछिद्र, दागरहित, परिशुद्ध, स्वतन्त्र, विज्ञद्वारा प्रशंसित र समाधि प्राप्त गर्न सहायक हुन्छ तथा कलुषित हुँदैन । चुन्दी ! जो व्यक्ति आर्यद्वारा पालन गरिने शीललाई परिपूर्ण गर्छ ऊ अग्रप्रति नै परिपूर्ण गरेको हो । अग्रप्रति परिपूर्ण गर्नेलाई प्रतिफल पनि अग्र नै हुन्छ ।"

**"अग्गतो वे पसन्नानं, अग्गं धम्मं विजानतं ।**
**अग्गे बुद्धे पसन्नानं, दक्खिणेय्ये अनुत्तरे ॥**
**"अग्गे धम्मे पसन्नानं, विरागूपसमे सुखे ।**
**अग्गे सङ्घे पसन्नानं, पुञ्ञक्खेत्ते अनुत्तरे ॥**
**"अग्गस्मिं दानं ददन्तं, अग्गं पुञ्ञं पवड्ढति ।**
**अग्गं आयु च वण्णो च, यसो कित्ति सुखं बलं ॥**
**"अग्गस्स दाता मेधावी, अग्गधम्मसमाहितो ।**
**देवभूतो मनुस्सो वा, अग्गप्पत्तो पमोदती"ति ॥**

---

• हिंसा, चोरी, व्यभिचार, भूट र नशालु पदार्थ सेवन गर्नबाट विरतरहने (पञ्चशील) । हिंसा, चोरी, अब्रह्मचर्या, भूट नशालु पदार्थ सेवन गर्नबाट विरतरहने, मध्यान्न पश्चात भोजन, नाच-गान-वाद्यबाजन, अश्लील हेर्नबाट, माला-सुगन्धित लेपन-धारण-मण्डन-विभुषनादिबाट विरतरहने (अष्टशील), दशशीलादि अन्य शीलहरू तथा आर्यशील ।



Downloaded from http://dhamma.digital

"अग्र (बुद्ध) प्रति प्रसन्न हुने, अग्र धर्मलाई जान्ने, दान दिन योग्य अनि अतिउत्तम अग्र बुद्धप्रति प्रसन्न हुन्छ।

"वैराग्य, उपशान्त, सुखरूपी अग्र धर्मप्रति प्रसन्न हुने गर्छ अनि अतिउत्तम पुण्य क्षेत्रसमान संघप्रति प्रसन्न हुन्छ।

"अग्रप्रति दान दिंदा अग्र पुण्यको प्रवर्धन हुन्छ। अग्र आयु, वर्ण, यश, कीर्ति, सुख र बल प्राप्तं हुन्छ।

"अग्रप्रति दाता भएका मेधावी, अग्र धर्ममा समाहित हुने देव वा मनुष्य कुलमा जन्मिँदा अग्र लाभी भई प्रमुदित हुन्छ।"

## ३. उग्गहसुत्तं

३३. एक समय भगवान भद्दियस्थित जातिय वनमा बस्नहुन्थ्यो। त्यस बेला उग्गह मेण्डकका नाति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेका उग्गह मेण्डकका नातिले भगवानलाई यसो भन्यो–

"भन्ते ! तपाईंसहित अरू चार जनाले भोलिको निम्ति मकहाँ भोजन स्वीकार्नुस्। भगवानले मौन भई स्वीकार्नु भयो। अनि उग्गह मेण्डकका नातिले भगवानबाट स्वीकार भएको थाहा पाई उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहाँबाट फर्केर गए।

अनि त्यस रात बितेपछि भगवानले पूर्वाण्ह समयमा चीवर वस्त्र लगाउनु भई पात्र र चीवर लिनु भई जहाँ उग्गह मेण्डकका नाति वासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भई बिच्छ्याईएको आसनमा बस्नुभयो। अनि उग्गह मेण्डकका नातिले भगवानलाई स्वहस्तद्वारा प्रणीत खाद्यभोज्य सन्तर्पित गरी भोजन गराए। अनि उग्गह मेण्डकका नातिले भगवानलाई यसो भन्यो– "भन्ते ! यी मेरी कुमारीहरू पतिकुलमा जानेछन्। भन्ते ! भगवानले यी कुमारीहरूलाई उपदेश तथा अनुशासन गर्नुस्। भन्ते, भगवान ! जसले गर्दा यिनीहरूको निम्ति दीर्घकालसम्म हित तथा सुख होस्।"

"अनि भगवानले ती कुमारीहरूलाई यसो भन्नुभयो– त्यसो हो भने "कुमारीहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ–'तिमीहरूको कल्याण चाहना गर्ने, हित चाहना गर्ने, अनुकम्पा गर्ने वा अनुकम्पा राख्ने जो आमा-बुबाले पतिलाई सुम्पेर दिन्छ तिनीहरू भन्दा पहिलै उठ्नेछु, पछि सुत्नेछु, के काम गर्नु पर्ने होला भन्ने विचार (आज्ञाको पालन) मा रहने छु, मन पराउने हुन्छु तथा प्रियचारिनी हुन्छु।' कुमारीहो ! तिमीहरूले यही शिक्षा लिनुपर्छ।



Downloaded from http://dhamma.digital

"कुमारीहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– 'तिमीहरूका पतिको कुलमा जो ती गौरवका पात्र आमा-बुबा, श्रमण-ब्राह्मणहरू हुन् तिनीहरूको सत्कार, गौरव, मान, पूजा अनि अतिथि आउँदा आसन-जलद्वारा सत्कार तथा सम्मान गर्नेछु ।' कुमारीहो ! तिमीहरूले यही शिक्षा लिनुपर्छ ।

"कुमारीहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– 'आफ्ना पतिका जुन गृहकार्य गर्नुपर्ने हुन्छ जस्तै कि– उनको काम, कपासको काम वा अन्य कुनै पनि काममा दक्षता भएको हुन्छु, निरालस हुन्छु, यथोचित उपाय तथा विचार पुऱ्याउँछु अनि व्यवस्थापन कार्यमा समर्थवान हुन्छु ।' कुमारीहो ! तिमीहरूले यही शिक्षा लिनुपर्छ ।

"कुमारीहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– आफ्ना पतिका घरमा बस्ने जो ती घर परिवार हुन्– 'दास, दूत वा नोकर-चाकरले गरिने कामलाई गऱ्यो वा गरेन भन्ने जानकारी राख्नेछु । रोगीका बल वा दुर्बलतामा विचार पुऱ्याएर खाद्य वा भोजनबाट तिनीहरूको आवश्यकतानुसार दिनेछु ।' कुमारीहो ! तिमीहरूले यही शिक्षा लिनुपर्छ ।

"कुमारीहो ! तिमीहरूले यस्तो शिक्षा लिनुपर्छ– 'स्वामीले ल्याएका जुन धन-धान्य र सुन-चाँदी हो त्यसलाई सुरक्षा वा हिफाजत गरी राख्छु, धुर्तनी हुँदिन, चोर्दिन, नशालु पदार्थ सेवन नगरी विनाश नहुने गरी राख्छु ।' कुमारीहो ! तिमीहरूले यही शिक्षा लिनुपर्छ । कुमारीहो ! यी पञ्च धर्मसम्पन्न हुने स्त्री शरीर छाडी मृत्युपछि मनापकायिका भन्ने देवकुलमा उत्पन्न हुन्छ ।"

"यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको ।
सब्बकामहरं पोसं, भत्तारं नातिमञ्ञति ॥
"न चापि सोत्थि भत्तारं., इस्साचारेन रोसये ।
भत्तु च गरुनो सब्बे, पटिपूजेति पण्डिता ॥
"उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना ।
भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥
"या एवं वत्तती नारी, भत्तुछन्दवसानुगा ।
मनाप नाम ते देवा, यत्थ सा उपपज्जती"ति ॥

"जसले सर्वदा भरन-पोषण गर्छे, नित्य प्रयत्नरत र उत्साही हुन्छे, सर्वकामना पुऱ्याएर पोषण गर्ने पतिलाई अवहेलना गर्दैन ।

"ईर्ष्यालु भई पतिलाई रिस नउठाउने हुन्छे अनि पण्डितनीले पतिका गौरवान्वित सबैलाई पूज्ने हुन्छे ।



Downloaded from http://dhamma.digital

"जागरुकरहने, निरालस हुने, परजनलाई संग्रह गर्ने, पतिलाई मन पर्ने व्यवहार गर्ने अनि कमाएर ल्याएको सम्पत्ति संरक्षण गर्ने हुन्छे।

"पतिको इच्छानुसार जो नारीले व्यवहार गर्छे ती (नारी) मनापकायिका भन्ने जहाँ देवहरू छन्, त्यहाँ (देवलोकमा) उत्पन्न हुन्छे।"

## ४. सीहसेनापतिसुत्तं

३४. एक समय भगवान वैसालिस्थित महावनको कुटागारशालामा बस्नुहुन्थ्यो। अनि त्यस बेला सीह सेनापति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि सीहसेनापतिले भगवानलाई यसो भन्यो– "भन्ते! सांदृष्टिक (यहिँको यहिँ नै यसै जन्ममा देख्न पाउने) दानको फललाई भन्न सक्नुहुन्छ!"

"सक्छु, सीह!" भगवानले भन्नुभयो– सीह! दायक तथा दानपति धेरै जनाको प्रिय वा मनपर्ने हुन्छ। सीह! यो जुन दायक, दानपति धेरै जनाको प्रिय वा मनपर्ने हुनसक्नु नै सांदृष्टिक दानको फल हो।

"सीह! अनि फेरी दायक तथा दानपतिको सन्त सत्पुरुषले गुणगान गाउँछ। सीह! यो जुन दायक, दानपतिलाई सन्त सत्पुरुषले गुणगान गाउने हो यो पनि सांदृष्टिक दानको फल हो।

"सीह! अनि फेरी दायक तथा दानपतिको कल्याण कीर्ति शव्द फैलेको हुन्छ। सीह! यो जुन दायक, दानपतिको कल्याण कीर्ति फैलिन्छ यो पनि सांदृष्टिक दानको फल हो।

"सीह! अनि फेरी दायक तथा दानपति जुन कुनै परिषदका किन नहोस् यदि त्यो क्षत्री परिषद भएपनि, यदि त्यो ब्राह्मण परिषद भएपनि यदि त्यो गृहपति परिषद भएपनि अनि यदि त्यो श्रमण परिषद भएपनि त्यहाँ शिर नझुकाई निर्धक्क भई जानसक्छ। यो पनि सांदृष्टिक दानको फल हो।

"सीह! अनि फेरी दायक तथा दानपतिले शरीर त्याग गरी मरणपछि सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुन्छ। सीह! जुन कि यो दायक तथा दानपतिले शरीर त्याग गरी मरणपछि सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुनु यो अर्को जन्ममा पाउने दानको फल हो।

भगवानले यसरी भन्नु भएपछि सीह सेनापतिले भगवानलाई यसो



Downloaded from http://dhamma.digital

भन्नुभयो– “भन्ते ! जति पनि यी सांदृष्टिक फल भन्नुभयो ती सबै मैले भगवानप्रति श्रद्धा भएकोले स्वीकारेको होइन । मैले पनि यी सबै जानेको छु । भन्ते ! म दायक तथा दानपति धेरै जनका प्रिय वा मन पर्ने हुँ । भन्ते ! म दायक दानपति हुँ, सन्त सत्पुरुषले मेरो गुणगान गाउँछन् । भन्ते ! म दायक दानपति हुँ, ‘सीह सेनापति संघ सेवक, दायक, पुण्य कार्य गर्ने’ भनी मेरो कल्याण कीर्ति शब्द फैलिएको छ । भन्ते ! म दायक दानपति हुँ, जहिँकहिँ कुनै परिषद चाहे त्यो ब्राह्मण परिषद भएपनि, यदि त्यो गृहपति परिषद भएपनि अनि यदि त्यो श्रमण परिषद भएपनि त्यहाँ शिर नझुकाई निर्धक्क भई जान्छु । भन्ते ! भगवानले जुन यी चार सांदृष्टिक दानको फल भन्नुभयो ती सबै मैले भगवानप्रति श्रद्धा भएकोले स्वीकारेको होइन । मैले पनि यी सबै जानेको छु । भन्ते ! भगवानले जुन मलाई यसरी भन्नुभयो– ‘सीह ! दायक तथा दानपतिले शरीर त्याग गरी मरणपछि सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुन्छ ।’ यो मैले देखेको छैन । यसलाई भने मैले भगवानप्रति श्रद्धा हुनाले स्वीकार्छु । “सीह ! यस्तै हो । सीह ! यस्तै हो । दायक तथा दानपतिले शरीर त्याग गरी मरणपछि सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुन्छ ।”

**“ददं पियो होति भजन्ति नं बहू, कित्तिञ्च पप्पोति यसो च वड्ढति ।**
**अमङ्कुभूतो परिसं विगाहति, विसारदो होति नरो अमच्छरी ॥**
**“तस्मा हि दानानि ददन्ति पण्डिता, विनेय्य मच्छेरमलं सुखेसिनो ।**
**ते दीघरत्तं तिदिवे पतिट्ठिता, देवानं सहव्यगता रमन्ति ते ॥**
**“कतावकासा कतकुसला इतो चुता, सयंपभा अनुविचरन्ति नन्दनं ।**
**ते तत्थ नन्दन्ति रमन्ति मोदरे, समप्पिता कामगुणेहि पञ्चही ।**
**कत्वान वाक्यं असितस्स तादिनो, रमन्ति सग्गे सुगतस्स सावका”ति ॥**

“दान दिँदा प्रिय हुन्छ, धेरै जनाले संगत गर्छ, कीर्तिलाभी हुन्छ, यश वृद्धि हुन्छ । निडर भई परिषद्मा सम्मिलित हुन्छ अनि कन्जुस नहुने व्यक्ति विशारद हुन्छ ।

“त्यसैले सुखको खोजमा लाग्ने पण्डितले क्लेशरूपी कन्जुसीपन हटाई दानादि दिने हुन्छन् । ऊ दिर्घकालसम्म स्वर्गलोकमा प्रतिष्ठित हुन्छ र देवहरूसँग सम्मिलित भई रमण गर्नेछन् ।

“कुशलकार्यमा लागिरहने यहाँबाट च्युट हुँदा स्वयम् प्रभामय भई नन्दन वनमा रमाउँछ । ऊ त्यहाँ पञ्चकाम गुण भोग गर्दै आनन्दित हुँदै, रमाउँदै अनि प्रसन्न भई बस्छ । सुगत श्रावकले असित (तथागत) को वचनानुसार कार्य गर्ने स्वर्गमा रमाउँछ ।”



Downloaded from http://dhamma.digital

## ५. दानानिसंससुत्तं

३५. "भिक्षुहो ! दान दिँदा पाँच प्रकारका आनिशंस (परिणाम) छन् । ती पाँच के के हुन् ? बहुजनका प्रिय तथा मनोनुकूल हुन्छ, सन्त तथा सत्पुरषले संगत गर्छ, कल्याण कीर्ति शब्द फैलिन्छ, गृही धर्म (अखण्डित पञ्चशील) को हुन्छ अनि शरीर त्याग गरी मरणपछि सुगति वा स्वर्ग लोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! दान दिनाले यी पाँच शुभपरिणाम हुन्छन् ।

**"ददमानो पियो होति, सतं धम्मं अनुक्कमं ।**
**सन्तो नं सदा भजन्ति, सञ्ञतावब्रह्मचारयो ॥**
**"ते तस्स धम्मं दसेन्ति, सब्ब दुक्खापनूदनं ।**
**यं सो धम्मं इधञ्ञाय, परिनिब्बाति अनासवो"ति ॥**

"दान दिँदा प्रिय हुन्छ, सत्य धर्मको अनुगमन गर्नेछ, सन्त-सब्रह्मचारीले सदैव संगत गर्नेछन् । उनीहरूले उसलाई समस्त दुःख नाश हुने धर्मको उपदेश दिनेछन् । यहाँ उसले त्यो धर्म बुझेर अनाश्रवी (आश्रव-रहित) भई परिनिर्वाण (दुःखबाट मुक्त) हुन्छ ।"

## ६.कालदानसुत्तं

३६. "भिक्षुहो ! यी पाँच काल (समयोचित) दान छन् । ती पाँच के के हुन् ? आगन्तुकलाई दान दिन्छ, गमिकलाई दान दिन्छ, रोगीलाई दान दिन्छ, दुर्भिक्ष हुँदा दान दिन्छ अनि जुन कुनै नव उपज अन्न र फलादि पहिला शीलवानलाई दान दिन्छ । भिक्षुहो ! यी नै पाँच काल दान हुन् ।"

**"काले ददन्ति सप्पञ्ञा, वदञ्ञू वीतमच्छरा ।**
**कालेन दिन्नं अरियेसु, उजुभूतेसु तादिसु ॥**
**"विप्पसन्नमना तस्स, विपुला होति दक्खिणा ।**
**ये तत्थ अनुमोदन्ति, वेय्यावच्चं करोन्तिवा ।**
**न तेन दक्खिणा ऊना, तेपि पुञ्ञस्स भागिनो ॥**
**"तस्मा ददे अप्पटिवानचित्तो, यत्थ दिन्नं महप्फलं ।**
**पुञ्ञानि परलोकस्मिं, पतिट्ठा होन्ति पाणिन"न्ति ॥**

"बुद्धिमानले कन्जुसीपन हटाएर उदार भई ऋजु स्वभावका वा त्यस प्रकारका आर्यलाई समयोचित दान दिन्छ ।

"मन प्रसन्न गरी दिएको दान महान हुन्छ । जसले त्यो कार्यको अनुमोदन



Downloaded from http://dhamma.digital

गर्छ वा सघाउँछ भने त्यो दान पनि कम होइन अर्थात ऊ पनि पुण्यको भागीदार हुन्छ ।

"त्यसैले निःसंकोचित चित्तले दान दिनु, जहाँ दान दिँदा महत्फल हुन्छ पुण्य नै सत्वहरूका निम्ति परलोकमा प्रतिष्ठित हुन्छ ।"

### ७. भोजनसुत्तं

३७. "भिक्षुहो ! प्रतिग्राहकलाई दाताले भोजन दान दिँदा पाँच कुराहरू दिएको हुन्छ । ती पाँच के के हुन् ? आयु दिएको हुन्छ, वर्ण दिएको हुन्छ, सुख दिएको हुन्छ, बल दिएको हुन्छ अनि प्रतिभा दिएको हुन्छ । आयु दान दिनाले मनुष्यको वा दिव्य आयुको भागी हुन्छ । वर्ण दान दिनाले मनुष्यको वा दिव्य वर्णको भागी हुन्छ । सुख दान दिनाले मनुष्यको वा दिव्य सुखको भागी हुन्छ । बल दान दिनाले मनुष्यको वा दिव्य बलको भागी हुन्छ अनि प्रतिभा दान दिनाले मनुष्यको वा दिव्य प्रतिभाको भागी हुन्छ । भिक्षुहो ! प्रतिग्राहकलाई दाताले भोजन दान दिँदा यी नै पाँच कुराहरू दिएको हुन्छ ।"

"आयुदो बलदो धीरो, वण्णदो पटिभानदो ।
सुखस्स दाता मेधावी, सुखं सो अधिगच्छति ॥
"आयुं दत्वा बलं वण्णं, सुखञ्च पटिभानकं ।
दीघायु यसवा होति, यत्थ यत्थूपपज्जती"ति ॥

"आयु, बल, वर्ण, प्रतिभा र सुख दाता ती पण्डितले सुखका भागी हुन्छ ।

"आयु, बल, वर्ण, प्रतिभा र सुख दिंदा जहाँ जहाँ जन्मलिन्छ दीर्घायु र यशवान हुन्छ ।"

### ८. सद्धसुत्तं

३८. "भिक्षुहो ! श्रद्धावान कुलपुत्रलाई यी पाँच शुभपरिणाम हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! लोकमा सन्तपुरुषले अनुकम्पा राख्नु पर्दा श्रद्धावानलाई पहिला अनुकम्पा राख्छ । श्रद्धा नभएकालाई त्यसरी राख्दैन । जानु परेमा पहिला श्रद्धावान कहाँ जान्छ । श्रद्धा नहुने कहाँ त्यसरी जाँदैन । श्रद्धावानको नै पहिला दान लिन्छ । श्रद्धा नहुने कहाँ दान लिन जाँदैन । धर्मदेशन दिनु पर्दा पहिला श्रद्धावानलाई नै दिन्छ । श्रद्धा नहुनेलाई त्यसरी दिंदैन । शरीर भेद भई मरणपछि श्रद्धावान सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! श्रद्धावान कुलपुत्रले यी पाँच प्रकारका शुभपरिणाम पाएको हुन्छ ।"



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! चारदोबाटोको सुभूमिमा स्थित ठूलो वर-वृक्ष समस्त पंक्षीको निम्ति आश्रय स्थल हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु, भिक्षुणी, उपासक, उपासिका र धेरै नै जनाले आश्रय पाउने श्रद्धावान कुलपुत्र हुन्छ ।"

**"साखापत्तफलूपेतो, खन्धिमाव महादुमो ।**
**मूलवा फसम्पन्नो, पतिट्ठा होति पक्खिनं ॥**
**"मनोरमे आयतने, सेवन्ति नं विहङ्गमा ।**
**छायं छायत्थिका यन्ति, फलत्था फलभोजिनो ॥**
**"तथेव सीलसम्पन्नं, सद्धं पुरिसपुग्गलं ।**
**निवातवुत्तिं अत्थद्धं, सोरतं सखिलं मुदुं ॥**
**"वीतरागा वीतदोसा, वितमोहा अनासवा ।**
**पुञ्ञक्खेत्तानि लोकस्मिं, सेवन्ति तादिसं नरं ॥**
**"ते तस्स धम्मं देसेन्ति, सब्बदुक्खापनूदनं ।**
**यं सो धम्मं इधञ्ञाय, परिनिब्बाति अनासवो"ति ॥**

"शाखा, पात र फल लागेको महस्कन्ध वृक्ष मूलसम्पन्न हुँदा पंक्षीहरूको आश्रय स्थल हुन्छ ।

"छायाँको चाहना गर्नेले छायाँको निम्ति, फलका चाहना गर्नेले फलको निम्ति, मनोरम स्थलमास्थित वृक्षको आश्रय पंक्षीहरूले लिन्छ ।

"त्यसरी नै जो शीलसम्पन्न, श्रद्धावान, विनम्र स्वभाव, सुशील, कठोरपन नभएका, मधुरभाषी र कोमल स्वभावका पुरुष वा व्यक्ति हुन्छ ।

"रागरहित, द्वेषरहित, मोरहित र आश्रवरहित भएका लोकका निम्ति पुण्य क्षत्रसमान भएका व्यक्तिले ऊसँग संगत गर्छ ।

"उसले समस्त दुःखबाट मुक्त हुने उपदेश उसलाई दिन्छ । त्यस धर्मलाई उसले बुझ्दा आश्रव क्षय गरी परिनिर्वाण हुन्छ ।"

## ९. पुत्तसुत्तं

३९. "भिक्षुहो ! यी पाँच विषय लिएर आमा-बुबाले कुलमा छोराको चाहना गर्छन् । ती पाँच के के हुन् ? (छोराले) हामीलाई पालनपोषण गर्नेछ, हामीहरूको काम गरिदिनेछ, कुलवंश चिरस्थायी हुनेछ, उत्तराधिकारी हुनेछ अनि मृत्युपछि प्रेतलाई (मृतकको नाउँमा) दानदक्षिणा गरिदिनेछ । भिक्षुहो ! यी नै पाँच विषय लिएर आमा-बुबाले कुलमा छोराको चाहना गर्छन् ।"

**"पञ्च ठानानि सम्पस्सं, पुत्तं इच्छन्ति पण्डिता ।**
**भतो वा नो भरिस्सति, किच्चं वा नो करिस्सति ॥**



Downloaded from http://dhamma.digital

"कुलवंसो चिरं तिट्ठे, दायज्जं पटिपज्जति ।
अथ वा पन पेतानं, दक्खिणं अनुप्पदस्सति ॥
"ठानानेतानि सम्पस्सं, पुत्तं इच्छन्ति पण्डिता ।
तस्मा सन्तो सप्पुरिसा, कतञ्ञू कतवेदिनो ॥
"भरन्ति माता पितरो, पुब्बे कतमनुस्सरं ।
करोन्ति नेसं किच्चानि, यथा तं पुब्बकारिनं ॥
"ओवादकारी भतपोसि, कुलवंसं अहापयं ।
सद्धो सीलेन सम्पन्नो, पुत्तो होति पसंसियो"ति ॥

"पाँच विषयमा राम्रोसँग विचार गरी पण्डितले छोराको चाहना गर्छन् । हामीले पालनपोषण गर्दा हामीलाई पालनपोषण गर्नेछन् अनि हाम्रो कामकाज गरिदिनेछन् ।

"कुलवंशको चिरस्थायी हुनेछ, उत्तराधिकारी हुनेछ अनि मरणपछि हाम्रो नाउँमा दान-दक्षिणा दिनेछन् ।

"यस्तै नै विचार पुऱ्याएर पण्डितजनले छोराको चाहना गर्छन् । त्यसैले सज्जन सत्पुरुष कृतज्ञ र कृतवेदी हुन्छन् ।

"आमा-बुबाले गरिएको पूर्व कार्यलाई स्मरण गरी तिनीहरूको ती कामकाज गरी दिन्छ । जुन कि ती पहिला गरिएका कार्य हुन् ।

"आज्ञाकारी, पोषक, कुलवंश अक्षुण्ण राख्ने श्रद्धा र शीलसम्पन्न पुत्र प्रशंसित हुन्छन् ।"

## १०. महासालपुत्तसुत्तं

४०. "भिक्षुहो ! पर्वतराज हिमालको कारण महाशाल वृक्ष पाँच प्रकारले वृद्धि हुन्छ । ती पाँच के के हुन् ? शाखा-पात वृद्धि हुन्छ, बोक्रा वृद्धि हुन्छ, गोलाकारमा (फेग्गु) वृद्धि हुन्छ, अनि सारमा (मूलकाठ=चुरो) वृद्धि हुन्छ । भिक्षुहो ! पर्वतराज हिमालको कारण महाशाल वृक्ष यी नै पाँच प्रकारले वृद्धि हुन्छ । यसरी नै भिक्षुहो ! यदि कुलपुत्र श्रद्धावान हुन्छ भने उसको कारणले ऊसँग आश्रित मान्छेको पाँच प्रकारले वृद्धि हुन्छ । ती पाँच के के हुन् ? श्रद्धाको वृद्धि, शीलको वृद्धि, श्रुतको वृद्धि, त्यागको वृद्धि अनि प्रज्ञाको वृद्धि हुन्छ । भिक्षुहो ! कुलपुत्र श्रद्धावान हुँदा ऊसँग आश्रितजनमा पाँच विषय वृद्धि हुन्छ ।"

"यथा हि पब्बतो सेलो, अरञ्ञस्मिं ब्रहावने ।
तं रुक्खा उपनिस्साय, वड्ढन्ते ते वनप्पति ।
"तथेव सीलसम्पन्नं, सद्धं कुलपुत्तं इमं ।
उपनिस्साय वड्ढन्ति, पुत्तदारा च बन्धवा ।
अमच्चा ञातिसङ्घा च, ये चस्स अनुजीविनो ॥



Downloaded from http://dhamma.digital

"त्यस्स सीलवतो सीलं, चागं सुचरितानि च ।
पस्समानानुकुब्बन्ति, ये भवन्ति विचक्खणा ॥
"इमं धम्मं चरित्वान, मग्गं सुगतिगामिनं ।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो"ति ॥

"जसरी पर्वत राज शैलको आश्रय पाउँदा महावन, जङ्गलका ती वृक्ष तथा वनस्पतिको वृद्धि हुन्छ ।

"त्यसरी नै शीलसम्पन्न श्रद्धावान कुलपुत्तको आश्रयमा रहँदा पुत्र-स्त्री, बन्धुहरू जति पनि आफन्त र मित्र जो उसको निर्भरमा रहन्छ वृद्धि भएर आउँछ ।

"त्यो शीलवानको शील, त्याग र सुचरित्रतादि देख्दा पण्डितजनले उसको अनुशरण गर्छ ।

"यो सुगति मार्गको धर्माचरणले गर्दा देवलोकमा आनन्दित हुन्छ अनि इच्छानुसारको पूर्ति हुँदा हर्षले गद्गद् हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ५.मुण्डराजवग्गो

### १. आदियसुत्तं

४१. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुहुन्थ्यो । अनि त अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नुभयो– "गृहपति ! ऐश्वर्य प्राप्त हुँदाको यी पाँच उद्देश्य हुन्छन् । ती पाँच के के हुन् ? गृहपति ! यहाँ आर्य-श्रावकले उत्थानवीर्यले प्राप्त गरिएको, बाहुबलद्वारा प्राप्त गरिएको, पसिना बगाएर प्राप्त गरिएको, धर्मपूर्वकको र धर्मानुसार प्राप्त गरिएको ऐश्वर्य सम्पत्तिद्वारा आफूलाई सुखी पार्छ, स्थूल पार्छ अनि सम्यकरूपले सुखकासाथ बिताउँछ । ऐश्वर्य प्राप्तीको यो पहिलो उद्देश्य हो ।

"गृहपति ! अनि फेरि अर्को आर्यश्रावकले उत्थानवीर्यले प्राप्त गरिएको, बाहुबलद्वारा प्राप्त गरिएको, पसिना बगाएर प्राप्त गरिएको, धर्मपूर्वक तथा धर्मानुसार प्राप्त गरिएको ऐश्वर्य सम्पत्तिद्वारा मित्र-बन्धुहरूलाई सुखी पार्छ, स्थूल पार्छ अनि सम्यकरूपले सुखकासाथ बिताउँछ । ऐश्वर्य प्राप्तीको यो दोस्रो उद्देश्य हो ।

"गृहपति ! अनि फेरि अर्को आर्यश्रावकले उत्थानवीर्यले प्राप्त गरिएको, बाहुबलद्वारा प्राप्त गरिएको, पसिना बगाएर प्राप्त गरिएको, धर्मपूर्वक तथा धर्मानुसार प्राप्त गरिएको ऐश्वर्य सम्पत्तिद्वारा अग्निको कारणले, पानीको कारणले वा उत्तराधिकारीको कारणले जो आपतमा परेका हुन्छन् । आपतमा परेकालाई धन-सम्पत्तिद्वारा सहयोग गर्छ अनि आफूलाई पनि भलो गर्छ । ऐश्वर्य प्राप्तीको यो तेस्रो उद्देश्य हो ।

"गृहपति ! अनि फेरि अर्को आर्यश्रावकले उत्थानवीर्यले प्राप्त गरिएको, बाहुबलद्वारा प्राप्त गरिएको, पसिना बगाएर प्राप्त गरिएको, धर्मपूर्वक तथा धर्मानुसार प्राप्त गरिएको ऐश्वर्य सम्पत्तिद्वारा पञ्चबली दिन्छ– आफन्त बलि, अतिथि बलि, पूर्व प्रेत बलि, राज बलि र देवता बलि । ऐश्वर्य प्राप्तीको यो चौथो उद्देश्य हो ।

"गृहपति ! अनि फेरि अर्को आर्यश्रावकले उत्थानवीर्यले प्राप्त गरिएको, बाहुबलद्वारा प्राप्त गरिएको, पसिना बगाएर प्राप्त गरिएको, धर्मपूर्वक तथा धर्मानुसार प्राप्त गरिएको ऐश्वर्य सम्पत्तिद्वारा जो ती प्रमादरहित, मदरहित, क्षान्ति र विनम्र स्वभावका, स्थिर भएका एक्लो आफूले आफैलाई दमन गर्ने,



Downloaded from http://dhamma.digital

एक्लो आफूले आफैलाई शमन गर्ने अनि एक्लो आफूले आफैलाई परिनिर्वृत गर्ने श्रमण-ब्राह्मणलाई उर्धगामी दान दिन्छ। स्वर्गगामी, सुखविपाकी तथा स्वर्ग प्राप्त गर्ने हुन्छ। ऐश्वर्य प्राप्तीको यो पाँचौं उद्देश्य हो।

"गृहपति ! यदि आर्यश्रावकले यी पाँचै उद्देश्यपूर्तिको प्रयासबाट उसको ऐश्वर्य हानी हुन्छ भने त उसले सोच्छ कि जुन उद्देश्यको निम्ति ऐश्वर्य प्राप्त भएको हो त्यही नै गरें। यसरी गर्दै जाँदा ऐश्वर्यको क्षीण हुँदै जाँदा कुनै प्रकारको चिन्ता लिनु पर्दैन। त्यसैले गृहपति ! आर्यश्रावकले यी पाँच उद्देश्यपूर्तिको निम्ति प्रयासमा लागिरहँदा उसको ऐश्वर्य वृद्धि हुन्छ भने उसले सोच्छ कि जुन उद्देश्यको निम्ति ऐश्वर्य प्राप्त भएको हो त्यही अनुसार गरें। यसरी गरिरहँदा ऐश्वर्य वृद्धि वा क्षीण हुँदा चिन्ता लिनु पर्दैन।"

"भुत्ता भोगा भता भच्चा, वितिण्णा आपदासु मे।
उद्धग्गा दक्खिणा दिन्ना, अथो पञ्चबलीकता।
उपट्ठिता सीलवन्तो, सञ्ञता ब्रह्मचारियो॥
"यदत्थं भोगं इच्छेय्य, पण्डितो घरमावसं।
सो मे अत्थो अनुप्पत्तो, कतं अननुतापियं॥
"एतं अनुस्सर मच्चो, अरिय धम्मे ठितो नरो।
इधेव नं पसंसति, पेच्च सग्गे पमोदती"ति॥

"मैले ऐश्वर्य भोग गरें, आमा-बुबा-नोकरादिलाई भरन-पोषण गरें, आपत-विपतबाट पार लगाएँ, उँभो लाग्ने दान दिएँ, पञ्च बलि कार्य पनि गरें अनि शीलवान, संयमित, ब्रह्मचारीको पनि सेवा गरें।

"घरमा बस्ने पण्डितलाई जुन उद्देश्यको निन्ति ऐश्वर्यको चाह हो त्यो अर्थलाई मैले पूर्ण गरें अनि पछुताउनु नपर्ने काम गरें।

"आर्य धर्ममा स्थिर भई यसलाई अनुस्मरण गर्ने मानिस यहाँ पनि प्रशंसित हुन्छ अनि मरणपछि स्वर्गमा पनि आनन्दित हुन्छ।"

## २. सप्पुरिससुत्तं

४२. "भिक्षुहो ! कसैको घरमा सत्पुरुषको जन्म हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ। आमा-बुबाको निम्ति कल्याण, हित र सुख हुन्छ। पत्नी-छोराको निम्ति कल्याण, हित र सुख हुन्छ। मित्र-बन्धुको निम्ति कल्याण, हित र सुख हुन्छ अनि श्रमण-ब्राह्मणको निम्ति कल्याण, हित र सुखको निम्ति हुन्छ।

"भिक्षुहो ! जस्तै कि महामेघ सबै प्रकारको खेतीको उब्जाउमा सघाउ



Downloaded from http://dhamma.digital

पुऱ्याउँदै बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ। यस्तरी नै भिक्षुहो ! कसैको घरमा सत्पुरुषको जन्म हुँदा बहुजनको निम्ति कल्याण, हित र सुख हुन्छ। आमा-बुबाको निम्ति कल्याण, हित र सुख हुन्छ। पत्नी-छोराको निम्ति कल्याण, हित र सुख हुन्छ। मित्र-बन्धुको निम्ति कल्याण, हित र सुख हुन्छ अनि श्रमण-ब्राह्मण कल्याण, हित र सुख हुन्छ।

"हितो बहुन्नं पटिपज्ज भोगे, तं देवता रक्खति धम्मगुत्तं।
बहुस्सुतं सीलवतूपपन्नं, धम्मे ठितं न विजहति कित्ति॥
"धम्मट्ठं सीलसम्पन्नं, सच्चवादिं हिरिमनं।
नेक्खं जम्बोनदस्सेव, को तं निन्दितुमरहति।
देवापि नं पसंसन्ति, ब्रह्मुनापि पसंसितो"ति॥

"ऐश्वर्यद्वारा बहुजनको हितमा लाग्ने ती धर्मचारीलाई देवताले रक्षा गर्छ। बहुश्रुत, शील-व्रत पालन गर्ने अनि धर्ममा स्थितरहँदा कीर्तिले छोड्दैन।

"धर्ममा रहने, शीलद्वारा सम्पन्न, सत्यवादी, लज्जालु हुन्छ भने खारिएको सुन (नम्बरी सुन) समानका सत्पुरुषलाई कसले निन्दा गर्नसक्छ ! देवताबाट पनि प्रशंसित हुन्छ अनि ब्रह्माबाट पनि प्रशंसित हुन्छ।"

### ३. इट्ठसुत्तं

४३. एक समय अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नुभयो–

"गृहपति ! यी पाँच विषयहरू राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। ती पाँच के के हुन् ? गृहपति ! 'आयु' राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। 'वर्ण' राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। 'सुख' राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। 'यश 'राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। 'स्वर्ग' राम्रो, प्रिय र मनोनुकूल हुन्छ तर लोकमा दुर्लभ छन्। "गृहपति ! यी नै पाँच विषयहरू राम्रो, प्रिय र मनोनुकूल हुन् तर लोकमा दुर्लभ छन्।

"गृहपति ! राम्रो, प्रिय र मनोनुकूल पाँच विषयहरू याचना वा प्रार्थना गर्दा पाउन सक्छ भनी मैले भन्दिन। गृहपति ! यी पाँच राम्रो, प्रिय र मनोनुकूल पाँच विषयहरू राम्रो, प्रिय र मनोनुकूल हुन् तर लोकमा दुर्लभ छन्। याचना वा प्रार्थना गर्दा पाउने भए यहाँ कसले कस्लाई वञ्चित गरेको हुन्छ ?



Downloaded from http://dhamma.digital

"गृहपति ! आर्यश्रावकले आयु विषयमा कामना, याचना, र अभिनन्दन गर्न योग्य होइन । गृहपति ! आर्यश्रावकले आयुको कामना गर्ने हो भने आयु प्राप्त हुने मार्गमा लाग्नुपर्छ । आयु प्राप्त हुने मार्गमा लाग्दा नै उसले दिव्य वा मनुष्यको आयु लाभ गर्नसक्छ ।

"गृहपति ! आर्यश्रावकले वर्ण विषयमा कामना, याचना, र अभिनन्दन गर्न योग्य होइन । गृहपति ! आर्यश्रावकले वर्णको कामना गर्ने हो भने वर्ण प्राप्त हुने मार्गमा लाग्नुपर्छ । वर्ण प्राप्त हुने मार्गमा लाग्दा नै उसले दिव्य वा मनुष्यको वर्ण लाभ गर्नसक्छ ।

"गृहपति ! आर्यश्रावकले सुख विषयमा कामना, याचना, र अभिनन्दन गर्न योग्य होइन । गृहपति ! आर्यश्रावकले सुखको कामना गर्ने हो भने सुख प्राप्त हुने मार्गमा लाग्नुपर्छ । सुख प्राप्त हुने मार्गमा लाग्दा नै उसले दिव्य वा मनुष्यको सुख लाभ गर्नसक्छ ।

"गृहपति ! आर्यश्रावकले यश विषयमा कामना, याचना, र अभिनन्दन गर्न योग्य होइन । गृहपति ! आर्यश्रावकले यशको कामना गर्ने हो भने यश प्राप्त हुने मार्गमा लाग्नुपर्छ । यश प्राप्त हुने मार्गमा लाग्दा नै उसले दिव्य वा मनुष्यको यश लाभ गर्नसक्छ ।

"गृहपति ! आर्यश्रावकले स्वर्ग विषयमा कामना, याचना, र अभिनन्दन गर्न योग्य होइन । गृहपति ! आर्यश्रावकले स्वर्गको कामना गर्ने हो भने स्वर्ग प्राप्त हुने मार्गमा लाग्नुपर्छ । स्वर्ग प्राप्त हुने मार्गमा लाग्दा नै उसले स्वर्ग लाभ गर्नसक्छ ।"

"आयुं वण्णं यसं कित्तिं, सग्गं उच्चाकुलीनतं ।
रतियो पत्थयानेन, उलारा अपरापरा ॥
"अप्पमादं पसंसन्ति, पुञ्ञकिरियासु पण्डिता ।
अप्पमत्तो उभो अत्थे, अधिगण्हाति पण्डितो ॥
"दिट्ठे धम्मे च यो अत्थो, यो चत्थो सम्परायिको ।
अत्थाभिसमया धीरो, पण्डितोति वुच्चती"ति ॥

"आयु, वर्ण, यश, कीर्ति, स्वर्ग र उच्चकुलमा आकर्षित भई एकपछि अर्को उच्चतमको प्रार्थना गर्छ ।

"पुण्यकार्यमा अप्रमादि हुनेलाई पण्डितद्वारा प्रशंसित हुन्छ । पण्डितले यो लोक र परलोक दुवै लोकमा हित हुनेलाई ग्रहण गर्छ ।



Downloaded from http://dhamma.digital

"जुन यही जन्ममा हित हुने अनि जुन परलोकमा हित हुने हो ती दुवै अवस्थामा हित हुने काम गर्न सक्ने बुद्धिमानलाई पण्डित भन्छ।"

## ४. मनापदायीसुत्तं

४४. एक समय भगवान वेसालिस्थित महावनको कुटागारशालामा बस्नुहुन्थ्यो। त्यो बेला भगवानले पूर्वाण्ह समयमा चीवर वस्त्र पहिरिनु भई, पात्र चीवर लिनु भई जहाँ वेसालिका उग्ग गृहपतिको घर हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भएपछि बिच्छ्याई राखेको आसनमा बस्नुभयो। वेसालिका उग्ग गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि वेसालिका उग्ग गृहपतिले भगवानलाई यसो भने–

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ।' भन्ते ! मलाई शाल-पुष्प खाद्य मन पर्छ। मप्रति अनुकम्पा राख्नु भई त्यसलाई ग्रहण गर्नुस्। भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नुभयो।

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ।' भन्ते ! बयर राखेर पकाएको सुँगुरको मासु मलाई मनपर्छ। मप्रति अनुकम्पा राख्नुभई यो ग्रहण गर्नुस्। भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नुभयो।

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ।' भन्ते ! तेल राखेर पकाएको नालिसाग मलाई मनपर्छ। मप्रति अनुकम्पा राख्नुभई यो ग्रहण गर्नुस्। भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नुभयो।

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ।' भन्ते ! कालो धान-साल चामलको भातसँग अनेक प्रकारका व्यञ्जन मलाई मनपर्छ। मप्रति अनुकम्पा राख्नुभई यो ग्रहण गर्नुस्। भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नुभयो।

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ।' भन्ते ! कासिको वस्त्र मलाई मनपर्छ। मप्रति अनुकम्पा राख्नुभई यो ग्रहण गर्नुस्। भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नु भयो।



Downloaded from http://dhamma.digital

"भन्ते ! मैले भगवानको मुखबाट यस्तो सुनेको छु अनि यसरी ग्रहण गरेको छु– 'मन परेको दान दिँदा मन परेको नै लाभ हुन्छ ।' भन्ते ! पलंग, लामो लामो केशरदार ऊनीको बिछ्याउना, बुट्टेदार ऊनीको बिछ्याउना, कदली मृगको उत्तम चादर, तन्ना र दुवैतिर रातो रङ्गको सिरानी मलाई मनपर्छ । भन्ते ! मलाई यो पनि थाहा छ कि यो भगवानको निम्ति अयोग्य छ । भन्ते ! यो चन्दनको फल्याक हो । यसको मूल्य हजार भन्दा पनि अधिक छ । भगवान मप्रति अनुकम्पा राख्नु भई यी ग्रहण गर्नुस् । भगवानले अनुकम्पा राख्नुभई ग्रहण गर्नुभयो । यसपछि भगवानले वेसालिका उग्ग गृहपतिको दान लिनु भई यो गाथाद्वारा अनुमोदन गर्नु भयो–

"मनापदायी लभते मनापं, यो उज्जुभूतेसु ददाति छन्दसा ।
अच्छादनं सयनमन्नपानं, नानाप्पकारानि च पच्चयानि ॥
"चत्तञ्च मुत्तञ्च अनुग्गहितं, खेत्तूपमे अरहन्ते विदित्वा ।
सो दुच्चजं सप्पुरिसो चजित्वा, मनापदायी लभते मनाप"न्ति ॥

"मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ, श्रद्धापूर्वक ऋजु भएकालाई जसले ओढ्ने वस्त्र, शयनासन, अन्न-पान र नाना वस्तु दान दिन्छ ।

"त्यागछ, परित्याग गर्छ, अनुग्रहित हुन्छ, अर्हतलाई खेतसमान मानेर सत्पुरुषले त्याग्न कठिनलाई पनि त्याग गर्छ, मन परेको दान दिँदा मन परेकै लाभ हुन्छ ।"

अनि त त्यस बेला वेसालिका उग्ग गृहपतिलाई यो अनुमोदनद्वारा अनुमोदन गरी भगवान आसनबाट उठेर जानुभयो ।

अनि त केही दिनपछि वेसालिका उग्ग गृहपतिको मृत्युभयो । मृत्युपछि वेसालिका उग्ग गृहपति अन्यतम मनोमय शरीरका भई उत्पत्ति भयो । त्यस बेला भगवान सावत्थिस्थित अनाथपिण्डिकको आराम जेतवनमा बस्नुहुन्थ्यो । त्यस बेला उग्ग देवपुत्र रातमा उज्यालो पार्दै प्रज्वलित वर्णको भई सारा जेतवनमा प्रकाश फैलाउँदै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका उग्ग देवपुत्रलाई भगवानले यस्तो भन्नुभयो– " उग्ग ! तिमीले जे चाहन्थ्यो त्यही भयो त ? "भगवान ! मैले जे चाहन्थें त्यही भयो ।" अनि त भगवानले उग्ग देवपुत्रलाई गाथाद्वारा आज्ञा हुनुभयो–

"मनापदायी लभते मनापं, अग्गस्स दाता लभते पुनग्गं ।
वरस्स दाता वर लाभी होति, सेट्ठ ददो सेट्ठमुपेति ठानं ॥
"यो अग्गदायी, वरदायी, सेट्ठदायी च यो नरो ।



Downloaded from http://dhamma.digital

दीघायु यसवा होति, यत्थुपपज्जती"ति ॥

"मन परेको दान दिंदा मन परेकै पाउँछ । अग्र दान दिंदा अग्र नै पाउँछ । उत्तम दान दिंदा उत्तमै पाउँछ अनि श्रेष्ठ दान दिंदा श्रेष्ठ नै पाउँछ ।

"जो नर अग्रदायक, उत्तम दायक, श्रेष्ठ दायक हुन्छ, ऊ जहाँ जहाँ उत्पन्न (जन्मिने) हुन्छ दीर्घायु र यशस्वी हुन्छ ।"

## ५. पुञ्ञाभिसन्दसुत्तं

४५. "भिक्षुहो ! यी पाँचद्वारा पुण्योदय हुन्छ, कुशलोदय हुन्छ, सुखोदय हुन्छ, स्वर्गीय हुन्छ, सुखद हुन्छ, स्वर्ग तिर लाने हुन्छ, राम्रो लाग्ने, प्रियलाग्ने, मनोनुकूल, हितको निम्ति र सुखको निम्ति हुन्छ । ती पाँच के के हुन् ? "भिक्षुहो ! जो दाताले दिएको चीवर भिक्षुले परिभोग गर्दा अप्रमाण चित्त-समाधि प्राप्त गर्छ भने उसलाई अप्रमाण कुशलोदय हुन्छ, सुखोदय हुन्छ, स्वर्गीय हुन्छ, सुखद हुन्छ, स्वर्ग तिर लाने हुन्छ, राम्रो लाग्ने, प्रियलाग्ने, मनोनुकूल, हित र सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! जो दाताले दिएको भोजन भिक्षुले परिभोग गर्दा ... विहार परिभोग गर्दा ... मञ्चपीठ परिभोग गर्दा ... ।

"भिक्षुहो ! जो दाताले दिएको रोगीका निम्ति भैषज्य-परिष्कारादिको भिक्षुले परिभोग गर्दा अप्रमाण चित्त-समाधि प्राप्त गर्छ भने उसलाई अप्रमाण कुशलोदय हुन्छ, पुण्योदय हुन्छ, सुखोदय हुन्छ, स्वर्गीय हुन्छ, सुखद हुन्छ, स्वर्ग तिर लाने, राम्रो लाग्ने, प्रियलाग्ने, मनोनुकूल, हित र सुखको निम्ति हुन्छ ।

"भिक्षुहो ! यी नै पाँच विषय-वस्तुमा युक्त आर्यश्रावकको पुण्योदय वा कुशलोदय हुने पुण्यको प्रभावलाई अनदाज लगाउनु सजिलो छैन । यति कुशलोदय, पुण्योदय, सुखोदय, स्वर्गीय, सुखद, स्वर्ग तिर लाने हुन्छ, राम्रो लाग्ने, प्रियलाग्ने, मनोनुकूल, हितको र सुखको निम्ति हुन्छ ।

भन्न परेमा यही भन्न सक्छ– असंख्य, अप्रमेय तथा महापुण्यस्कन्धका लाभी हुन्छ ।

"महोदधिं अपरिमितं महासरं, बहुभेरवं रत्नगणानमालयं ।
नज्जो यथा नरगण सङ्घसेविता, पुथू सवन्ती उपयन्ति सागरं ॥
"एवं नरं अन्नदपानवत्थदं, सेय्यानिसज्जत्थरणस्स दायकं ।



Downloaded from http://dhamma.digital

पुब्बस्स धारा उपयन्ति पण्डितं, नज्जो यथा वारिवहाव सागर"न्ति ॥

"अपरिमित महासागरमा, महातालमा धेरै भयावह ठाउँमा रत्नको खानि हुन्छ । नरगण-संघद्वारा जसरी नदीको उपयोग गर्छ । ती विभिन्न नदीका पानी सागरमा पुग्छ ।

"यसरी नै अन्न-पान-वस्त्र-शैय्या र बिछौना जो दान दिने दायक हुन्छ । नदीको पानि बहेर सागरमा पुग्छ त्यसरी नै ती पण्डितकहाँ पुण्यको धारा बहेर आउँछ ।"

### ६. सम्पदासुत्तं

४६. "भिक्षुहो ! पाँच प्रकारका सम्पत्ति छन् । पाँच के के हुन् ? श्रद्धा-सम्पत्ति, शील-सम्पत्ति, श्रुत-सम्पत्ति, त्याग-सम्पत्ति र प्रज्ञा-सम्पत्ति । भिक्षुहो ! यी नै पाँच प्रकारका सम्पत्ति हुन् ।"

### ७. धनसुत्तं

४७. "भिक्षुहो ! पाँच प्रकारका धन छन् । पाँच के के हुन् ? श्रद्धा-धन, शील-धन, श्रुत-धन, त्याग-धन र प्रज्ञा-धन ।

"भिक्षुहो ! श्रद्धा-धन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक तथागतको बोधिप्रति श्रद्धावान हुन्छ– 'वहाँ भगवान अर्हत सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, दुर्दमनीय पुरुषलाई दमन गर्नु हुने अनुपम सारथि, देवमनुष्यका शास्ता, बुद्ध अनि भगवान हुनुहुन्छ । भिक्षुहो ! श्रद्धाधन भनेको यही नै हो ।

"भिक्षुहो ! शील-धन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक हिंसा गर्नबाट विरत ... जाँड-रक्सी आदि बेहोश पार्ने मादक पदार्थ सेवनबाट विरत हुन्छ । भिक्षुहो ! शील-धन भनेको यही नै हो ।

"भिक्षुहो ! श्रुत-धन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक बहुश्रुत ... दृष्टिद्वारा छिचोल्न सक्नेहुन्छ । भिक्षुहो ! श्रुत-धन भनेको यही नै हो ।

"भिक्षुहो ! त्याग-धन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक कन्जुसीपनको चित्त मैल हटाई घरमा बस्छ । त्यागशील, खुल्ला हात, दानी, परित्यागी र दानसंविभागी हुन्छ । भिक्षुहो ! त्याग-धन भनेको यही नै हो ।

Downloaded from http://dhamma.digital

"भिक्षुहो ! प्रज्ञा-धन भनेको के हो ? भिक्षुहो ! यहाँ आर्यश्रावक प्रज्ञावान हुन्छ । उत्पत्ति र विनाशलाई आर्यद्वारा छिचोल्न सक्ने हुन्छ अनि सम्यकरूपले 'दुःख' क्षय गर्न प्रज्ञायुक्त हुन्छ । भिक्षुहो ! प्रज्ञा-धन भनेको यही नै हो ।"

"यस्स सद्धा तथागते, अचला सुप्पतिट्ठिता ।
सीलञ्च यस्स कल्याणं, अरियकन्तं पसंसितं ॥
"सङ्घे पसादो यस्सत्थि, उजुभूतञ्च दस्सनं ।
अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं ॥
"तस्मा सद्धञ्च सीलञ्च, पसादं धम्मदस्सनं ।
अनुयुञ्जेथ मेधावी, सरं बुद्धान सासन"न्ति ॥

"जसको श्रद्धा तथागतप्रति अचल र सुप्रतिष्ठित हुन्छ । जसको आर्यकान्त शील कल्याण र प्रशंसित हुन्छ ।

"जसको संघप्रति प्रसन्नता हुन्छ । सोभ्फोपन भएकाको दर्शन गर्छ भने अदरिद्र भनिन्छ अनि उसको जीवन व्यर्थैको हुँदैन ।

"त्यसैले श्रद्धावान हुनु, शीलवान हुनु, धर्म-दर्शन गर्दा प्रसन्न हुनु अनि बुद्धका अनुशासनलाई स्मरण गर्दै पण्डित त्यसमा लाग्छन् ।"

## ८. अलब्भनीयठानसुत्तं

४८. "भिक्षुहो ! लोकमा यी पाँच कुराहरू श्रमण, ब्राह्मण, देव, मार, ब्रह्मा वा अन्य कसैले पनि प्राप्त गर्न सक्दैन । ती पाँच के के हुन् ? लोकमा 'जराधर्मी*ले जरा नहोस्' भनी इच्छा गर्दैमा श्रमण, ब्राह्मण, देव, मार ब्रह्मा वा अन्य कसैले पनि पाउँदैन । लोकमा 'व्याधी 'व्याधीधर्मीले व्याधी नहोस्' ... लोकमा 'मरणधर्मीले मरण नहोस्' ... लोकमा 'क्षयधर्मीले क्षय नहोस्'... लोकमा 'नाशधर्मीले नाश नहोस्' भनी इच्छा गर्दैमा श्रमण, ब्राह्मण, देव, मार, ब्रह्मा वा अन्य कसैले पनि पाउँदैन ।

"भिक्षुहो ! अश्रुतवान*पृथकजन**जराधर्मी हुनाले जीर्ण (बुढो) हुन्छ । जराधर्मी हुनाले जीर्ण हुँदा उसले यस्तो विचार गर्दैन– 'यो जराधर्मीले

---

* एकदिन अवश्य नै बृद्ध हुनुपर्छ, वृद्धबाट मुक्त हुन सक्दैन यो स्वभाव धर्म हो ।

* जान्नेसुन्ने नभएका, ज्ञानगुणका कुरा नसुनेका । ** श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत यी मध्येमा कुने पनि मार्ग वा फल प्राप्त नगरेका वा जनसाधारण ।



Downloaded from http://dhamma.digital

जीर्ण त मलाई मात्र होइन अर्थात जति पनि सत्वहरू आउँछन्, जान्छन्, च्युत हुन्छन् र उत्पन्न हुन्छन् ती सबै सत्व नै जराधर्मीले गर्दा बूढो हुनेछन् । यदि मैले जराधर्मीले गर्दा बूढो भएँ भनी चिन्ता गरेँ, दुःखी भएँ, छटपटिएँ, रोएँ र मूर्छित भएँ भने खान पनि रुच्दैन, शरीर पनि दुर्वर्ण हुन्छ, काममा पनि लाग्दैन, शत्रुहरू खुशी हुनेछन् अनि मित्रहरू दुःखि हुनेछन् । ऊ जराधर्मीले बूढो हुँदा चिन्ता गर्छ, दुःखी हुन्छ, छट्पटिन्छ रुन्छ अनि मूर्छित हुन्छ । भिक्षुहो ! यसैलाई भन्छ– अश्रुतवान-पृथकजन विषसहितको शोकरूपी शल्यद्वारा बिभ्दा आफै सन्तप्त भएको ।

"भिक्षुहो ! अनि फेरि अर्को अश्रुतवान-पृथकजन व्याधीधर्मी हुनाले रोग लागेको हुन्छ ... मरणधर्मी हुनाले मरेको हुन्छ ... क्षयधर्मी हुनाले क्षय हुन्छ ... नाशधर्मी हुनाले नाश हुन्छ । नाशधर्मी हुनाले नाश हुँदा उसले यस्तो विचार गर्दैन– 'यो नाशधर्मी त मलाई मात्र होइन अर्थात जति पनि सत्वहरू आउँछन्, जान्छन्, च्युत हुन्छन् र उत्पन्न हुन्छन् ती सबै नाशधर्मीका हुनाले नाश हुनेछन् । यदि मैले नाशधर्मीले गर्दा नाश भयो भनी चिन्ता गरेँ, दुःखी भएँ, छटपटिएँ, रोएँ र मूर्छित भएँ भने खान पनि रुच्दैन, शरीर पनि दुर्वर्ण हुन्छ, काममा पनि मन लाग्दैन, शत्रुहरू पनि खुशी हुनेछन् अनि मित्रहरू पनि दुःखि हुनेछन् । ऊ नाशधर्मीले नाश हुँदा चिन्ता गर्छ, दुःखी हुन्छ, छट्पटिन्छ रुन्छ अनि मूर्छित हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– अश्रुतवान पृथकजन विषसहितको शोकरूपी शल्यद्वारा बिभ्दा आफै सन्तप्त भएको ।

"भिक्षुहो ! श्रुतवान◆ आर्यश्रावक♣ जराधर्मीद्वारा जीर्ण हुन्छ । जराधर्मी हुनाले जीर्ण हुँदा उसले यस्तो विचार गर्छ– 'यो जराधर्मीले म मात्र बूढो भएको होइन अर्थात आउँछन्, जान्छन्, च्युत हुन्छन् र उत्पन्न हुन्छन जराधर्मीले गर्दा बूढो हुनेछन् । यदि मैले जराधर्मीले गर्दा बूढो भएँ भनी चिन्ता गरेँ, दुःखी भएँ, छटपटिएँ, रोएँ र मूर्छित भएँ भने खान पनि रुच्दैन, शरीर पनि दुर्वर्ण हुन्छ, काममा पनि लाग्दैन, शत्रुहरू पनि खुशी हुन्छ अनि मित्रहरू पनि दुःखि हुन्छ । ऊ जराधर्मीले बूढो हुँदा चिन्तित हुँदैन, दुःखी हुँदैन, छट्पटिँदैन, रुँदैन, अनि मूर्छित हुँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ 'श्रुतवान आर्यश्रावकले विषसहितको शोकरूपी शल्य निकालेर फाल्ने । बिषसहित-

---

◆ ज्ञानगुणका कुरा सुनेका ।

♣ श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत यी मध्येमा कुनै मार्ग वा फल प्राप्त गरेका ।



Downloaded from http://dhamma.digital

को शोकरूपी शल्यद्वारा बिभ्दा अश्रुतवान पृथकजन आफू स्वयम् नै सन्तप्त हुन्छ तर जो आर्यश्रावक हुन्छ ऊ शोक शल्यबाट परिनिर्वृत हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को श्रुतवान आर्यश्रावक व्याधीधर्मीद्वारा रोग लाग्छ ... मरणधर्मी हुनाले मरेको हुन्छ ... क्षयधर्मी हुनाले क्षय हुन्छ ... नाशधर्मी हुनाले नाश हुन्छ । नाशधर्मी हुनाले नाश हुँदा उसले यस्तो विचार गर्छ– 'यो नाशधर्मी त मलाई मात्र होइन अर्थात जति पनि सत्वहरू आउँछन्, जान्छन्, च्युत हुन्छन् र उत्पन्न हुन्छन् ती सबै नाशधर्मीका हुनाले नाश हुनेछन् । यदि मैले नाशधर्मीले गर्दा नाश भयो भनी चिन्ता गरें, दुःखी भएँ, छटपटिएँ, रोएँ र मूर्छित भएँ भने खान पनि रुच्दैन, शरीर पनि दुर्वर्ण हुन्छ, काममा पनि मन लाग्दैन, शत्रुहरू पनि खुशी हुनेछन् अनि मित्रहरू पनि दुःखि हुनेछन् । ऊ नाश हुने धर्ममा चिन्तित हुँदैन, दुःखी हुँदैन, छट्पटिदैन, रुँदैन अनि मूर्छित हुँदैन । भिक्षुहो ! यसैलाई भनिन्छ– 'श्रुतवान आर्यश्रावकले विष-सहितको शोकरूपी शल्य निकालेर बाहिर फाल्ने । विषसहितको शोकरूपी शल्यद्वारा बिभ्दा अश्रुतवान पृथकजन आफू स्वयम् नै सन्तप्त हुन्छ तर जो आर्यश्रावक हुन्छ ऊ शोक शल्यबाट परिनिर्वृत हुन्छ ।"

"भिक्षुहो ! लोकमा यी नै पाँच कुराहरू श्रमण, ब्राह्मण, देव, मार वा ब्रह्मा अन्य कसैले पनि प्राप्त गर्न सक्दैन ।"

"नसोचनाय परिदेवनाय, अत्थोध लब्भा अपि अप्पकोपि ।
सोचन्तमेनं दुखितं विदित्वा, पच्चत्थिका अत्तमना भवन्ति ॥
"यतो च खो पण्डितो आपदासु, न वेधति अत्थविनिच्छयञ्ञू ।
पच्चत्थिकास्स दुखिता भवन्ति, दिस्वा मुखं अविकारं पुराणं ॥
"जप्पेन मन्तेन सुभासितेन, अनुप्पदानेन पवणिया वा ।
यथा यथा यत्थ लभेत्थ अत्थं, तथा तथा तत्थ परक्कमेय्य ॥
"सचे पजानेय्य अलब्भनेय्यो, मयाव अञ्ञेन वा एस अत्थो ।
असोचमानो अधिवासेय्य, कम्मं दल्हं किन्ति करोमि दानी"ति ॥

"चिन्तित हुँदा, छटपटिँदा, अलिकति पनि अर्थ उपलब्ध हुँदैन । चिन्तित तथा दुःखित हुँदा शत्रुले थाहा पाउँदा खुशी हुन्छ ।

"अर्थ र अनर्थ विषयानुगत भई आपत आइलाग्दा नअत्तालिकन जब निर्भिक हुन्छ, मुखाकृतिमा पहिलेको जस्तै निश्चिन्त हुँदा शत्रु पनि दुःखित हुन्छ ।

"जपद्वारा, मन्त्रद्वारा, शुभाषितद्वारा, केही दानादिद्वारा, वंश परम्परानु-सारको कुराकानीद्वारा जहाँ जुन प्रकारले हुन्छ त्यहाँ त्यस त्यस प्रकारले नै



Downloaded from http://dhamma.digital

(भलोको निम्ति) पराक्रम गर्नुपर्छ।

"यदि थाहा पाएमा– मैले वा अरू कसैले यो अर्थ उपलब्ध हुँदैन, यो कर्म गर्न कठिन छ, अब मैले के गरुँ भनी चिन्ता नलिई सहनु पर्छ।"

## ९. कोसलसुत्तं

४९. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुहुन्थ्यो। त्यस बेला कोसलका राजा पसेनदि (प्रेसेन्जित) जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे।

त्यही बेला मल्लिकादेवीको मृत्युभयो। तब त्यहाँ कोही एक व्यक्ति कोसल राजा पसेनदिकहाँ गएर कानमा भने- "देव ! मल्लिकादेवीको मृत्यु-भयो।" यो सुनेर कोसल राजा पसेनदि दुःखी भए, चिन्तित भए, शरीर सुस्त भयो, अधोमुख गरे, शोकाकुल र निस्तेज भए।

त्यही बेला भगवानले कोसल राजा पसेनदि दुःखी, चिन्तित, शरीर सुस्त, अधोमुख, शोकाकुल र निस्तेज भएको बुझ्नुभई कोसल राजा पसेनदि-लाई यसो भन्नुभयो– "महाराज ! लोकमा यी पाँच कुराहरू श्रमण, ब्राह्मण, देव, मार र ब्रह्मा अन्य कसैले पनि प्राप्त गर्न सक्दैन। ती पाँच के के हुन् ? लोकमा 'जराधर्मीले जरा नहोस्' भनी प्राप्त गर्न सक्दैन ... चिन्ता गरें, दुःखी भएँ, छटपटिएँ ... यो कर्म गर्न कठिन छ, अब मैले के गरुँ भनी चिन्ता नलिई सहनुपर्छ।"

## १०. नारदसुत्तं

५०. एक समय आयुष्मान नारद पाटलिपुत्तस्थित कुक्कुटाराममा बस्नुहुन्थ्यो। त्यस बेला राजा मुण्डको मन पर्ने प्रिया भद्दादेवीको मृत्यु हुनाले न नुहाउँथ्यो, न सुगन्धित लेप लगाउँथ्यो, न भोजन गर्थ्यो, अनि न त काम-काजमा लाग्थ्यो। रातदिन भद्दादेवीको शरीरलाई लिएर नै मूर्छित भई रहन्थ्यो। त्यस अवस्थामा मुण्ड राजाले पियक कोषारक्षकलाई बोलायो– "सौम्य ! फ-लामको द्रोणीमा तेल भरेर भद्दादेवीको शरीर त्यसमा राखी अर्को फलामको द्रोणीद्वारा छोपी दिनु। त्यसो गर्दा मैले भद्दादेवीको शरीर धेरै दिनसम्म हेर्न पाउँछु।" "हवस् देव !" भनी पियक कोषारक्षकले मुण्ड राजाको कुरा मानेर भद्दादेवीको शरीरलाई तेल भरिएको द्रोणीमा राखेर फलामे द्रोणीले छोपी दियो।



Downloaded from http://dhamma.digital

त्यस बेला कोषारक्षकको मनमा यस्तो भयो– "यो मुण्ड राजाको मन पर्ने प्यारी भद्दादेवीको मृत्युभयो । ती भद्दादेवी 'मन पर्ने प्यारी हुनाले न त नुहाउँछ, न त विलेपन गर्छ, न त खान्छ अनि न त कामकाज नै गर्छ । रातदिन भद्दादेवीको शरीरप्रति नै मुर्छित भइरहन्छ । श्रमण वा ब्राम्हण कसैको संगतमा लागे हुन्थ्यो । जसको धर्मदेशना सुनेर शोकरूपी शल्यबाट छुट्कारा पाउनेछ ।

तब पियक कोषारक्षकको मनमा यस्तो विचार आयो– "वहाँ आयुष्मान नारद पाटलिपुत्तस्थित कुक्कुटाराममा बस्नुहुन्छ ।" त्यस समय आयुष्मान नारदको यस्तो कल्याण कीर्ति शब्द फैलिएको थियो– "वहाँ पण्डित, व्यक्त, मेधावी, बहुश्रुत, सुवक्ता, कल्याणकर, प्रतिभावान, वृद्ध र अर्हत हुनुहुन्छ । यदि राजा मुण्डले आयुष्मान नारदको संगत गरेमा वा आयुष्मान नारदको धर्मोपदेश सुनेर राजा मुण्डको शोकरूपी शल्यबाट मुक्त हुनेछ ।

तब पियक कोषारक्षक राजा मुण्डकहाँ गए । गएर उसले राजा मुण्डलाई भन्यो– "देव ! आयुष्मान नारद पाटलिपुत्तस्थित कुक्कुटाराममा बस्नुहुन्छ ।" आयुष्मान नारदको यस्तो कल्याण कीर्ति शब्द फैलिएको थियो– "वहाँ पण्डित, व्यक्त, मेधावी, बहुश्रुत, सुवक्ता, कल्याणकर, प्रतिभावान, वृद्ध र अर्हत हुनुहुन्छ । देव ! यदि सम्भव भएमा आयुष्मान नारदको संगत गर्नुस्, आयुष्मान नारदको धर्मोपदेश सुनेर तपाईको त्यो शोकरूपी शल्याबाट मुक्त हुनेछ ।" "त्यसो भए सौम्य पियक ! आयुष्मान नारदलाई पूर्व सूचना दिन पठाउनु । यो कसरी हुन सक्छ कि म जस्तोले आफ्नो राज्यमा बस्नु भएका श्रमण वा ब्राम्हणकहाँ विना पूर्व सूचना नदिई जाने ।" "हवस् देव !" भनी पियक कोषारक्षकले राजा मुण्डलाई वचन दिई जहाँ आयुष्मान नारद हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुभमान नारदलाई भन्यो–

"भन्ते ! यहाँ राजा मुण्डको मन परेकी प्यारी भद्दादेवीको मृत्युभयो । भद्दादेवीको मृत्युले गर्दा वहाँले न त नुहाउँछ, न त विलेपन गर्छ, न त खान्छ अनि न त कामकाजमा नै लाग्छ । रातदिन भद्दादेवीको शरीरप्रति नै मूर्छित भइरहन्छन् । साधु भन्ते ! तपाईं आयुष्मान नारदबाट मुण्ड राजालाई त्यस्तो धर्मोपदेश गर्नुहोस् जुन सुन्दा राजा मुण्डको शोकरूपी शल्याबाट छुटकारा पाउन सकोस् । "हुन्छ पियक ! यस बेला मुण्ड राजाले समयानुसार जे उचित मान्दछ ।"

तब पियक कोषारक्षकले आसनबाट उठेर आयुष्मान नारदलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ राजा मुण्ड थियो त्यहाँ गए । गएर राजा मुण्डलाई भ-



Downloaded from http://dhamma.digital

न्यो– "देव ! आयुष्मान नारदले आज्ञा दिनुभयो । यसबेला राजा मुण्डले समयानुसार जे उचित मान्दछ ।" त्यसो भए सौम्य पियक ! भद्र भद्र रथहरूलाई नियोजित गर । "हवस् देव !" भनी पियक कोषारक्षकले राजा मुण्डलाई प्रतिवचन दिएर भद्र भद्र रथहरू नियोजित गरी राजा मुण्डलाई भन्यो– "देव ! भद्र भद्र रथहरू नियोजित गरिसकें । देवले यसबेला समयानुसार जे उचित मान्नु हुन्छ ।"

तब राजा मुण्ड भद्र भद्र रथमा सवार भई भद्र भद्र यानबाट जहाँ कुक्कुटाराम थियो त्यहाँ गए । बडो राजसी ठाट-बाटकासाथ आयुष्मान नारदको दर्शनार्थ जहाँसम्म रथबाट जानु थियो त्यहाँसम्म रथबाट गई अगाडि रथबाट ओर्लिएर हिँडेरै कुक्कुटाराम भित्र पसे । तब राजा मुण्ड जहाँ आयुष्मान नारद थियो त्यहाँ पुगे । पुगेर आयुष्मान नारदलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका राजा मुण्डलाई आयुष्मान नारदले यसो भने–

"महाराज ! लोकमा यी पाँच कुराहरू श्रमण, ब्राह्मण, देव, मार वा ब्रह्मा अन्य कसैले पनि पाउँदैन । ती पाँच के के हुन् ? लोकमा 'जराधर्मीले जरा नहोस्' भनी श्रमण, ब्राह्मण, देव, मार वा ब्रह्मा अन्य कसैले पनि पाउँदैन । लोकमा 'व्याधीधर्मीले व्याधी नहोस्' ... लोकमा 'मरणधर्मीले मरण नहोस्' ... लोकमा 'क्षयधर्मीले क्षय नहोस्'... लोकमा 'नाशधर्मीले नाश नहोस्' भनी श्रमण, ब्राह्मण, देव, मार वा ब्रह्मा अन्य कसैले पनि पाउँदैन । (अन्य कुराहरू माथि उल्लेखित अलभ्भनीयठानसुत्त पढौं) ।

"महाराज ! ... शोकरूपी शल्यद्वारा बिभवा आफू स्वयम् नै सन्तप्त हुन्छ ।

"महाराज ! अनि फेरि अर्को ... शोकरूपी शल्यद्वारा बिभवा आफू स्वयम् नै सन्तप्त हुन्छ । ... यो कर्म गर्न कठिन छ, अब मैले के गरुँ भनी चिन्ता नलिई सहनु पर्छ ।"

यसरी भन्नु भएपछि राजा मुण्डले आयुष्मान नारदलाई यसो भने– "भन्ते ! यो कुन धर्म परियाय हो ?" "महाराज ! यो धर्म पर्यायको नाम शोकशल्य हरण हो ।" "भन्ते ! शोकशल्य हरण हुने यो धर्म पर्याय सुनेर म शोकशल्यबाट मुक्त भएँ ।"

तब राजा मुण्डले पियक कोषारक्षकलाई बोलायो– "सौम्य ! त्यसो पनि भए भद्दादेवीको शरीरलाई दाहसंस्कार गर । यसमा स्तूप बनाऊ । आजदेखि म नुहाउँछु, विलेपन गर्छु, भोजन गर्छु अनि कामकाजमा पनि लाग्छु ।"



Downloaded from http://dhamma.digital

# २. दुतियपण्णासकं

## (६) १. निवरणवग्गो

### १. आवरणसुत्तं

५१. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुहुन्थ्यो । त्यस बेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– “भिक्षुहो !” “भद्दन्त !” भनी ती भिक्षुहरूले भगावानलाई प्रतिवचन दिए । भगवानले यसो भन्नुभयो–

“भिक्षुहो ! यी पाँच प्रकारका आवरण वा नीवरण भिक्षुको चित्तमा रहँदा प्रज्ञा दुर्बल हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! काम-छन्द* को आवरण वा निवरणले चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल हुन्छ । भिक्षुहो ! व्यापाद (द्वेष) को आवरण वा निवरणले चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल हुन्छ । भिक्षुहो ! थिनमिद्ध* को आवरण वा निवरणले चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल हुन्छ । भिक्षुहो ! औद्धत्यकौकृत्य*को आवरण वा निवरणले चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल हुन्छ । भिक्षुहो ! शंकाको को आवरण वा निवरणले चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका आवरण वा नीवरण भिक्षुको चित्तमा रहँदा प्रज्ञा दुर्बल पार्छ ।

“त्यसैले भिक्षुहो ! यी पाँच प्रकारका आवरण तथा निवरण चित्तमा ठाउँ लिँदा प्रज्ञा दुर्बल पार्नेलाई छाड्न नसके, प्रज्ञा दुर्बल हुँदा तथा शक्ति दुर्बल हुँदा आफ्नो पनि भलो हुने, अरूको पनि भलो हुने, दुवैको भलो हुने अनि मनुष्य स्वभाव भन्दा पनि उत्तम विशेष प्रकारको आर्य ज्ञानदर्शन गर्नसक्ने तथा साक्षात्कार गर्नसक्ने सम्भावना रहँदैन । जस्तै कि भिक्षुहो ! पर्वतबाट बगेर आउने नदी टाढासम्म बगेर जाँदा शीघ्र श्रोतगामी हुनाले बगाएर लान सक्ने[illegible]ई बगाएर लान्छ । त्यहाँ कोही एक पुरुषले त्यो नदीलाई दुवैतिर जाने गरी र[illegible]ो दिन्छ । भिक्षुहो ! त्यो नदीको बीचमा रहेको श्रोत विक्षिप्त हुन्छ, गडबड हुन्छ, टाढासम्म जान सक्दैन, शीघ्र श्रोतगामी हुँदैन अनि बगाउन सक्दैन । भिक्षुहो ! यस्तरी नै यदि ती भिक्षुबाट यी पाँच प्रकारका आवरण वा निवरण चित्तमा राखे, प्रज्ञा दुर्बल पार्नेलाई नत्यागे, दुर्बल नपारे अनि प्रज्ञा दुर्बल हुँदा आफ्नो भलो हुने, अरूको भलो हुने, दुवैको भलो हुने

---

* स्त्री-पुरुषका कामवासना र कामकाज । * शारीरिक तथा मानसिक आलस्य । * शारीरिक वा मानसिक अस्थिरपन ।



Downloaded from http://dhamma.digital

अनि मनुष्यको स्वभाव भन्दा पनि उत्तम विशेष प्रकारको आर्य ज्ञानदर्शन गर्नसक्ने तथा साक्षात्कार गर्नसक्ने सम्भावना रहँदैन।

"भिक्षुहो ! यदि भिक्षुले यी पाँच प्रकारका आवरण वा निवरण चित्तबाट हटाउँछ, प्रज्ञा दुर्बल पार्नेलाई त्याग्छ अनि प्रज्ञामा बलसम्पन्न हुन्छ भने आफ्नो भलो हुने, अरूको भलो हुने, दुवैको भलो हुने अनि मनुष्य स्वभाव भन्दा पनि उत्तम विशेष प्रकारको आर्य ज्ञानदर्शन गर्नसक्ने तथा साक्षात्कार गर्नसक्ने सम्भावना हुन्छ। जस्तै कि भिक्षुहो ! पर्वतबाट बगेर आउने नदीलाई पुरषले दुवैतिर बाट बग्ने पानीलाई एकतिरको बन्द गरी दिन्छ। भिक्षुहो ! त्यो नदीको बीच श्रोत विक्षिप्त हुँदैन, शीघ्र श्रोतगामी हुन्छ अनि बगाउन सक्नेलाई बगाउँछ। यसरी नै भिक्षुहो ! यदि ती भिक्षुबाट यी पाँच प्रकारका आवरण वा निवरणलाई चित्तमा नराखे, प्रज्ञा दुर्बल पार्नेलाई त्यागे, दुर्बल पारे अनि प्रज्ञामा बलसम्पन्न हुन्छ भने आफ्नो भलो हुने, अरूको भलो हुने, दुवैको भलो हुने अनि मनुष्य स्वभाव भन्दा पनि उत्तम, विशेष प्रकारको आर्य ज्ञानदर्शन गर्नसक्ने तथा साक्षात्कार गर्नसक्ने सम्भावना हुन्छ।"

## २. अकुशलरासिसुत्तं

५२. "भिक्षुहो ! यदि कसैलाई सम्यकरूपमा अकुशल-राशिको विषयमा भन्नु पर्दा जुन कि यी पञ्चनीवरणलाई नै उसले भन्नुपर्छ। अकुशल-राशीको निम्ति यी पञ्चनीवरणको अतिरिक्त अर्को छैन। ती पाँच के के हुन् ? कामछन्दनीवरण, व्यापादनिवरण, स्त्यानमिद्धनिवरण, औद्धत्यकौकृत्यनीवरण अनि शंकानिवरण। भिक्षुहो ! यदि कसैलाई सम्यकरूपमा अकुशल-राशीको विषयमा भन्नु पर्दा जुन कि यी पञ्चनीवरणलाई नै उसले भन्नुपर्छ। भिक्षुहो ! यी पञ्चनीवरण अकुशल-राशीको अतिरिक्त अर्को छैन।"

Dhamma Digital

## ३. पधानियङ्गसुत्तं

५३. "भिक्षुहो ! योगाभ्यासको निम्ति प्रयत्न गर्नु पर्ने पाँच अङ्गहरू छन्। ती पाँच के के हुन् ? भिक्षुहो ! भिक्षु श्रद्धावान हुन्छ तथा ऊ तथागतका बुद्धत्वमा श्रद्धावान हुन्छ– वहाँ भगवान अर्हत हुनुहुन्छ, सम्यकसम्बुद्ध हुनुहुन्छ, विद्याचरणले सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविज्ञ हुनुहुन्छ, दमन गर्न कठिन पुरुषका निम्ति अनुपम सारथि हुनुहुन्छ, देव-मनुष्यका गुरु हुनुहुन्छ, बुद्ध हुनुहुन्छ अनि भगवान हुनुहुन्छ। निरोगी-निर्दुःखी हुन्छ, शीतोष्णतामा समानता, न अति शीतको न अति उष्णको तथा योगाभ्यासमा अनुकूल हुने मध्यम अवस्थाको हुन्छ। शठ र मायावी नभई शास्ता, विज्ञ वा सब्रह्मचारीका



Downloaded from http://dhamma.digital

अगाडि आफ्नो यथार्थस्थिति प्रकट गर्छ । अकुशल धर्म नाश गर्न, कुशल धर्म उत्पन्न गर्न शक्तिवान, दृढ पराक्रमी, कुशल धर्ममा हार नमान्ने हुन्छ । प्रज्ञावान हुन्छ, उत्पन्न र विनाशशीलमा प्रज्ञासम्पन्न भई आर्यज्ञानले छिचोल्छ अनि सम्यकरूपले दु:ख क्षय गर्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति प्रयत्न गर्नु पर्ने यी नै पाँच अङ्गहरू हुन् ।"

### ४. समयसुत्तं

५४. "भिक्षुहो ! योगाभ्यासको निम्ति यी पाँच अनुपयुक्त समय हुन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु जराले जर्जरित बूढो हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो पहिलो अनुपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! यहाँ भिक्षु रोगाहा हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो दोस्रो अनुपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! दुर्भिक्षकाल हुन्छ, दुष्काल हुन्छ, पिण्डपात दुर्लभ तथा भिक्षाटनबाट जीविका चलाउन सजिलो हुँदैन । भिक्षुहो ! योगाभ्यासको निम्ति यो तेस्रो अनुपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! जङ्गली-मनुष्य कुपित हुँदा, भयावस्था समयमा जनपदका मानिसहरू चक्कामा बसेर जब घुम्नु पर्ने हुन्छ तब भिक्षुहो ! योगाभ्यासको निम्ति यो चौथो अनपुयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो !संघ भेद हुन्छ । संघमा भिन्नता हुँदा एकले अर्कोलाई आक्रोश गर्छ, एकले अर्कोलाई गाली गर्छ, एकले अर्कोलाई अपमान गर्छ अनि एकले अर्कोलाई त्याग्छ । त्यस बेला अश्रद्धालु श्रद्धावान हुँदैन, श्रद्धावानको मन अन्यभाव हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो पाँचौ अनुपयुक्त समय हो ।

"भिक्षुहो ! योगाभ्यासको निम्ति यी पाँच उपयुत्त समय हुन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु तरुण, युवक, राम्रो कालो केश भएको, भद्र यौवनयुक्त तथा वैशालु हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो पहिलो उपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! निरोगी, निर्दु:खी, शीतोष्णतामा समान, न अति उष्ण र न अति शीतको हुन्छ । योगाभ्यासमा अनुकुल हुने मध्यमावस्थाको हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो दोस्रो उपयुक्त समय हो ।



Downloaded from http://dhamma.digital

अनि फेरि अर्को "भिक्षुहो ! सुभिक्षको समय, सुकाल, भोजन सजिलैसँग लाभ हुन्छ । भिक्षाटनबाट जीविका चलाउन सक्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो तेस्रो उपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! मानिसहरू मिलनसार हुन्छन्, प्रसन्न स्वभावका हुन्छन्, विवाद नगर्ने हुन्छन्, दूध पानी जस्तै मिल्ने हुन्छन् अनि एकआपसमा प्रिय दृष्टिले हेर्ने हुन्छन् । भिक्षुहो ! योगाभ्यासको निम्ति यो चौथो उपयुक्त समय हो ।

अनि फेरि अर्को "भिक्षुहो ! यदि संघमा मेल हुन्छ, प्रशन्न स्वभावको हुन्छ, विवाद नगर्ने अनि एउटै उद्देश्यको भई आरामका साथ बस्छ । भिक्षुहो ! यदि संघमा मेल हुन्छ, एक आपसमा झगडा गर्दैनन्, परस्पर कठोर वचन बोल्दैनन्, परस्पर अपमान गर्दैनन् अनि एकले अर्कोलाई त्याग्दैनन् । यस्तो समयमा अश्रद्धालु श्रद्धावान हुन्छ अनि श्रद्धावान झन श्रद्धावान हुन्छ । भिक्षुहो ! योगाभ्यासको निम्ति यो पाँचौ उपयुक्त समय हो । भिक्षुहो ! योगाभ्यासको निम्ति यी नै पाँच उपयुक्त समय हुन् ।"

## ५. मातापुत्तसुत्तं

५५. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुहुन्थ्यो । त्यस बेला आमा-छोरा दुवै भिक्षु र भिक्षुणी वर्षावास बसेका थिए । तिनीहरू एकले अर्कोलाई सधैं हेरविचार गर्थे । आमाले पनि छोरालाई सधैं हेर्न चाहन्थ्यो । छोराले पनि आमालाई सधैं नै हेर्न चाहन्थ्यो । तिनीहरूको सधैं नै भेट हुँदा मेलजोल बढ्दै गयो । मेलजोलमा विश्वास भयो । विश्वास हुँदाहुँदै चिप्लिन पुग्यो । तिनीहरूको चित्त पतित भएकोले शिक्षा त्याग नगरी (चीवर वस्त्र धारी नै भई) आफ्नो दुर्बलताले गर्दा मैथुन-धर्म सेवन गरे ।

तब धेरै भिक्षुहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती भिक्षुहरूले भगवानलाई यसो भने– "भन्ते ! सावत्थिमा आमा-छोरा दुवै भिक्षु र भिक्षुणी वर्षावास बसेका थिए । तिनीहरू सधैं हेरेर बस्न चाहन्थे । छोराले आमा अनि आमाले पनि छोरा हेर्न चाहन्थे । तिनीहरू सधैं हेर्ने गर्दा मेलजोल भयो । मेलजोलमा विश्वास भयो । विश्वास हुँदा चिप्लिए । तिनीहरूको चित्त पतित हुँदा शिक्षा त्याग नगरी दुर्बलताको प्रकट बिना नै मैथुन-धर्मको सेवन गरे ।"



Downloaded from http://dhamma.digital

"के त्यो मूर्खले यो मानिरहेको हो कि आमा-छोराप्रति अनुरक्त हुँदैनन् ? भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक रूप देख्दिन जुन कि स्त्रीको रूपसमान रञ्जन पार्ने, बन्धनमा पार्ने, कमनीय, मदमस्त गरी दिने, मूर्छित गरी दिने अनि अनुपम योगक्षम प्राप्तीमा बाधक हुनेछ जुन कि भिक्षुहो ! स्त्री रूप । भिक्षुहो ! जो स्त्रीरूपमा सत्वहरू अनुरक्त हुन्छन्, आसक्त हुन्छन्, गाँभिने हुन्छन्, मूर्छित हुन्छन् फँस्ने हुन्छन् अनि स्त्री रूपको वशमा पर्ने दीर्घकालसम्म चिन्तित हुन्छ ।

"भिक्षुहो ! मैले अन्य कुनै पनि एक शब्द ... एक गन्ध ... एक रस .. जुन कि मैले अन्य कुनै पनि यस्तो एक स्पर्श देख्दिन जुन कि स्त्री स्पर्श-समान रञ्जन पार्ने, बन्धनमा पार्ने, कमनीय, मदमस्त गरी दिने, मूर्छित गरी दिने अनि अनुपम योगक्षम प्राप्तीमा बाधक हुनेछ जुन कि भिक्षुहो ! स्त्री स्पर्श । भिक्षुहो ! जो स्त्रीस्पर्शमा सत्वहरू अनुरक्त हुन्छन्, आसक्त हुन्छन्, गाँभिने हुन्छन्, मूर्छित हुन्छन्, फँस्ने हुन्छन् अनि स्त्री स्पर्शको वशमा पर्ने दीर्घकाल-सम्म चिन्तित हुन्छ ।

"भिक्षुहो ! स्त्री हिँड्दा पनि पुरुषको चित्तमा डबिएर बसेको हुन्छ । उभिँदा पनि .... बस्दा पनि ... सुत्दा पनि ... हाँस्दा पनि ... कुरा गर्दा पनि ... गाउँदा पनि ... रुँदा पनि ... फुलिँदा पनि ... अनि मर्दा पनि पुरुषको चित्तमा डबिएर बसेको हुन्छ । भिक्षुहो ! यदि कसैले यसलाई मारको सर्वोतो-मुखी पासो हो भनी सम्यकरूपले भन्न चाहन्छ भने वा सम्यकरूपले भन्नु परेमा स्त्री नै सर्वोतोमुखी मारको पासो हो ।"

"सल्लपे असिहत्थेन, पिसाचेनापि सल्लपे ।
आसीविसम्पि आसीदे, येन दट्ठो न जीवति ॥
"नत्वेव एको एकाय, मातुगामेन सल्लपे ।
मुट्ठस्सतिं ता बन्धन्ति, पेक्खितेन सितेन च ॥
"अथोपि दुन्निवत्थेन, मञ्जुना भणितेन च ।
नेसो जनो स्वासीसदो, अपि उग्घातितो मतो ॥
"पञ्चकामगुणा एते, इत्थिरूपस्मिं दिस्सरे ।
रूपा सद्दा, रसा गन्धा, फोट्ठब्बा च मनोरमा ॥
"तेसं कामोघवूल्हानं, कामे अपरिजानतं ।
कालं गति भवाभवं, संसारस्मिं पुरक्खता ॥
"ये च कामे परिञ्ञाय, चरन्ति अकुतोभया ।
ते वे पारङ्गता लोके, ये पत्ता आसवक्खय"न्ति ॥



Downloaded from http://dhamma.digital

"हातमा तरवार हुनेसँग पनि कुरा गर, पिशाचसँग पनि कुरा गर अनि विषधारी सर्पसँग पनि बस जसले डसिंदा जीवित रहँदैन ।

"तर एक्लो, एक्लै स्त्रीसँग कुरा नगर्नु, स्मृतिविहीन हुँदा आँखाको हेराईले, मुस्कानले अतः निर्वस्त्र भई अनि मीठो बोलीबाट पनि ऊ बाँधिने हुन्छ । त्यसैले मृत फूलिएको शरीर सामुन्ने पनि पुरुष बस्नु योग्य होइन ।

"रूप, शब्द, रस, गन्ध, स्पर्श यी पञ्चकामगुणको मनोरम विषयहरू स्त्रीरूपमा देखिन्छ ।

"काम (विषयभोग) बाट हुने दुष्परिणाम नजान्नाले काम बाढमा ऊ बहेर जान्छ । कालको गतिमा परी पुनः पुनः संसारमा पहिलेकै जस्तै संसरित भईरहन्छ ।

"जसले कामविषयको दुष्परिणाम जान्दछ, ऊ भयरहित भई विचरण गर्छ, जो आश्रव क्षयी हुन्छ ऊ नै संसारबाट पार हुन्छ ।"

## ६. उपज्झायसुत्तं

५६. त्यस समय एक जना भिक्षु जहाँ आफ्नो गुरु थियो त्यहाँ गए । गएर आफ्नो गुरुलाई यसो भन्यो– "भन्ते ! अहिले मेरो शरीर भारी भइरहेको छ । मैले दिशाहरू पनि देख्न सकिरहेको छैन । स्त्यानमिद्ध मेरो चित्तमा डबिएर बसेको छ । मन नरमाइलो किसिमले ब्रह्मचर्यमा व्यतीत भइरहेको छ । धर्मप्रति मलाई शंका लागिरहेको छ ।

अनि त्यही बेला वहाँले आफूसँग बस्ने भिक्षुलाई सँगै लिएर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि त्यो भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! यो भिक्षुले मलाई यसो भन्यो– "भन्ते ! मेरो शरीर अहिले भारी भइरहेको छ । मैले दिशाहरू पनि देख्न सकिरहेको छैन । स्त्यानमिद्ध मेरो चित्तमा डबिएर बसेको छ । मन नरमाइलो किसिमले ब्रह्मचर्यमा व्यतीत भइरहेको छ । धर्मप्रति मलाई शंका लागिरहेको छ ।"

"भिक्षु ! इन्द्रिय असंयमित हुँदा यस्तै हुन्छ, भोजनमा अमात्रज्ञ हुँदा, जागरुक नहुँदा, कुशल धर्महरू राम्रोसँग देख्न नसक्दा, बोधिपक्षिय* धर्ममा अघिपछि सदैव नै लागेर भावना गर्दै व्यतीत नगर्दा शरीर भारी हुन्छ, दिशाहरू पनि देख्दैन, धर्म पनि सुझ्दैन, शारीरिक र मानसिक आलस्यता

---

* १.स्मृति सम्बोध्यङ्ग, २. धर्मविचय सम्बोध्यङ्ग, ३. वीर्य सम्बोध्यङ्ग, ४. प्रीति सम्बोध्यङ्ग, ५.प्रश्रब्धिसम्बोध्यङ्ग ६..समाधि सम्बोध्यङ्ग, ७. उपेक्षा सम्बोध्यङ्ग ।



Downloaded from http://dhamma.digital

चित्तमा डबिएको हुन्छ, मन नरमाउँदै यो ब्रह्मचर्यमा व्यतीत हुन्छ अनि धर्मप्रति शंका लागिरहेको हुन्छ। त्यसैले भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ 'इन्द्रियमा संयमित हुन्छु, भोजनमा मात्रज्ञ हुन्छु, जागरुक हुन्छु, कुशलधर्महरूलाई राम्ररी देख्नसक्ने हुन्छु, बोधिपक्षिय धर्ममा अघिपछि सदैव नै लागेर भावना गर्दै व्यतीत गर्छु।' भिक्षु ! तिमीले यही शिक्षा लिनुपर्छ।"

"अनि त्यो भिक्षुलाई भगवानबाट उपदेश भएपछि आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहाँबाट गए। अनि त्यो भिक्षु एक्लै संयमित, अप्रमादी, लगनशील तथा प्रयत्नशील भई अचिरकालमै जुन उद्देश्य प्राप्त गर्नको निम्ति कुल पुत्र घरबाट बेघर भई प्रव्रजित हुन्छन् त्यो अनुपम ब्रह्मचर्यको अन्तमा यही जीवनमै धर्मलाई स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बसे। जन्म क्षीण भयो, ब्रह्मचर्य पूरा भयो, गर्नुपर्ने गरिसकें अब यसपछि गर्नुपर्ने केही पनि बाँकी छैन भन्ने राम्रोसँग ज्ञात भयो। त्यो भिक्षु अर्हतहरू मध्ये एक अर्हत भए।

अनि त्यो भिक्षुले अर्हत्व प्राप्त गरेपछि जहाँ आफ्नो गुरु थियो त्यहाँ गए। गएर आफ्नो गुरुलाई यसो भन्यो– "भन्ते ! अब मेरो शरीर भारी भारी लागेको छैन, मैले दिशाहरू पनि देख्न सक्छु, मैले धर्म पनि सुल्झाउन सक्छु। शारीरिक र मानसिक आलस्यता मेरा चित्तमा डबिएको छैन। मन रमाइलो किसिमले व्यतीत भइरहेको छ अनि धर्ममा पनि शंका लागेको छैन।" अनि त त्यो भिक्षुले आफूसँग बस्ने भिक्षुलाई लिएर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि त्यो भिक्षुले भगवानलाई यसो भन्यो– "भन्ते ! यो भिक्षुले मलाई यसो भन्यो– "भन्ते ! अब मेरो शरीर भारी भारी लागेको छैन, मैले दिशाहरू पनि देख्न सक्छु, मैले धर्म पनि सुल्झाउन सक्छु। शारीरिक र मानसिक आलस्यता मेरा चित्तमा डबिएको छैन। मन रमाइलो किसिमले व्यतीत भइरहेको छ अनि धर्ममा पनि शंका लागेको छैन।"

"भिक्षु ! यस्तै नै हुन्छ। इन्द्रिय संयमित हुँदा, भोजनमा मात्रज्ञ हुँदा, जागरुक हुँदा, कुशल धर्महरू राम्रोसँग देख्न सक्दा, बोधिपक्षिय धर्महरूलाई अघिपछि सदैव नै भावनामा लागेर व्यतीत गर्दा जुन त्यो शरीर भारी भारी भएको हो त्यो पनि रहँदैन, दिशाहरू पनि देख्नसक्छ, धर्म पनि सुझ्नसक्छ, शारीरिक र मानसिक आलस्यता चित्तमा डबिएको हुँदैन, मन रमाउँदै यो ब्रह्मचर्यमा व्यतीत हुन्छ अनि धर्मप्रति शंकारहँदैन। त्यसैले भिक्षु ! यस्तो शिक्षा लिनुपर्छ– 'इन्द्रियमा संयमित हुन्छु, भोजनमा मात्रज्ञ हुन्छु, जागरुक हुन्छु, कुशल धर्महरूलाई राम्रोसँग देख्नसक्ने हुन्छु, अनि बोधिपक्षिय धर्ममा



Downloaded from http://dhamma.digital

अघिपछि सदैव नै लागेर भावना गर्दै व्यतीत गर्छु ।' भिक्षु ! तिमीले यही शिक्षा लिनुपर्छ ।"

### ७. अभिण्हपच्चवेक्खितब्बठानसुत्तं

५७. "भिक्षुहो ! यी पाँच प्रकारका कुराहरू स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ । ती पाँच के के हुन् ? 'म जराधर्मी हुँ, जराको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ । 'म व्याधीधर्मी हुँ, व्याधिकै वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ । 'म मरणधर्मी हुँ, मरणकै वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ । 'जति पनि मलाई प्रिय लाग्ने र मन पर्ने हो ती सबै नै नष्ट, विनष्ट हुनेछन् भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ । 'कर्म नै मेरो आफ्नो हो, कर्म नै मेरो उत्तराधिकार हो, कर्म ने मेरो योनि हो, कर्म नै मेरो बन्धु हो र कर्म नै मेरो शरण हो' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण मनन गरिरहनु पर्छ ।

"भिक्षुहो ! 'म जरा धर्मी हुँ, जराको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण किन मनन गरिरहनु पर्छ ? भिक्षुहो ! युवा हुँदा यौवन मद हुन्छ । जुन मदमा मस्त भएर शरीरद्वारा अनाचार गर्छ, वचनद्वार अनाचार बोल्छ अनि मनद्वारा अनाचार सोच्छ । उक्त कुरा प्रतिक्षण मनन गरिरहँदा यौवनावस्थाको जुन यौवन मद हो त्यो या त सबै नष्ट हुन्छ, या त कम हुन्छ । भिक्षुहो ! 'म जरा धर्मी हुँ, जराको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि यही कारण लिएर प्रतिक्षण मनन गरिरहनु पर्छ ।

"भिक्षुहो ! 'म व्याधिधर्मी हुँ, व्याधिको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण किन मनन गरिरहनु पर्छ ? भिक्षुहो ! युवामा यौवन मद हुन्छ । जुन मदमा मस्त भएर शरीरद्वारा अनाचार गर्छ, वचनद्वारा अनाचार बोल्छ अनि मनद्वारा अनाचार सोच्छ । उक्त कुरा प्रतिक्षण मनन गरिरहँदा आरोग्यावस्थाको जुन आरोग्य मद हो त्यो या त सबै नष्ट हुन्छ, या त कम हुन्छ । भिक्षुहो ! 'म व्याधिधर्मी हुँ, व्याधिको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि यही कारण लिएर प्रतिक्षण मनन गरिरहनु पर्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! 'म मरणधर्मी हुँ, मरणको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण किन मनन गरिरहनु पर्छ ? भिक्षुहो ! युवामा यौवन मद हुन्छ । जुन मदमा मस्त भएर शरीरद्वारा अनाचार गर्छ, वचनद्वारा अनाचार बोल्छ अनि मनद्वारा अनाचार सोच्छ । उक्त कुरा प्रतिक्षण मनन गरिरहँदा जीवितावस्थाको जुन जीवित मद हो त्यो या त सबै नष्ट हुन्छ, या त कम हुन्छ । भिक्षुहो ! 'म मरणधर्मी हुँ, मरणको वशीभूत छु' भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि यही कारण लिएर प्रतिक्षण मनन गरिरहनु पर्छ ।

"भिक्षुहो ! 'जति पनि मलाई प्रिय लाग्ने वा मन पर्ने हो' त्यो सबै नै नष्ट विनष्ट हुनेछन् भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि प्रतिक्षण किन मनन गरिरहनु पर्छ ? भिक्षुहो ! युवामा यौवन मद हुन्छ । जुन मदमा मस्त भएर शरीरद्वारा अनाचार गर्छ, वचनद्वारा अनाचार बोल्छ अनि मनद्वारा अनाचार सोच्छ । उक्त कुरा प्रतिक्षण मनन गरिरहँदा प्रियवस्तुप्रति जुन राग हो त्यो या त सबै नष्ट हुन्छ, या त कम हुन्छ । भिक्षुहो 'जति पनि मलाई प्रिय लाग्ने वा मन पर्ने हो' त्यो सबै नै नष्ट विनष्ट हुनेछन् भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि यही कारण लिएर प्रतिक्षण मनन गरिरहनु पर्छ ।

"भिक्षुहो ! कर्म नै मेरो आफ्नो हो, कर्म नै मेरो उत्तराधिकार हो, कर्म नै मेरो योनि हो, कर्म नै मेरो बन्धु हो र कर्म नै मेरो शरणस्थल हो । जुन प्रकारको कर्म मैले गर्छु, कल्याण हुने वा पाप लाग्ने यसको उत्तराधिकारी म स्वयम् नै हुनेछु', भनी किन गरिरहनु पर्छ ? भिक्षुहो ! सत्वले शारीरिक दुराचरण, वाचसिक दुराचरण र मानसिक दुराचरण गर्छ । त्यसैले उक्त कुरा प्रतिक्षण मनन गरिरहँदा त्यो दुराचरण या त सबै नष्ट हुन्छ या त कम हुँदै जान्छ । भिक्षुहो ! कर्म नै मेरो आफ्नो हो, कर्म नै मेरो उत्तराधिकार हो, कर्म नै मेरो योनि हो, कर्म नै मेरो बन्धु हो र कर्म नै मेरो शरणस्थल हो । जुन प्रकारको कर्म मैले गर्छु, कल्याण हुने वा पाप लाग्ने यसको उत्तराधिकारी म स्वयम् नै हुनेछु', भनी स्त्रीले पनि, पुरुषले पनि, गृहस्थीले पनि अनि प्रव्रजितले पनि यही कारण लिएर प्रतिक्षण मनन गरिरहनु पर्छ ।

"भिक्षुहो ! आर्यश्रावकले यसरी सोच्छ– केवल म मात्रै जराधर्मी र जराको वशीभूत होइन अर्थात जति पनि सत्वहरू जन्मिने र मर्ने छन ती समस्त सत्वहरू नै जराधर्मी र जराका वशीभूत हुन् । उसले त्यो कुरा प्रतिक्षण मनन गर्दा मार्ग प्राप्ति हुन्छ । ऊ त्यो मार्गमा हिँड्छ, अभ्यास गर्छ अनि अत्यधिक अभ्यास गर्छ । ऊ त्यो मार्गमा हिँड्दा, अभ्यास गर्दा अनि



Downloaded from http://dhamma.digital

अत्यधिक अभ्यास गर्दा सबै संयोजन[*]हरू प्रहिण हुन्छ र अनुशय[◆]हरू नष्ट हुन्छ।

"भिक्षुहो ! आर्यश्रावकले यसरी सोच्छ– केवल म मात्रै व्याधिधर्मी र व्याधिको वशीभूत होइन अर्थात जति पनि सत्वहरू जन्मिने र मर्ने छन् ती समस्त सत्वहरू नै व्याधिधर्मी र व्याधिका वशीभूत हुन्। उसले त्यो कुरा प्रतिक्षण मनन गर्दा मार्ग प्राप्ती हुन्छ। ऊ त्यो मार्गमा हिँड्छ, अभ्यास गर्छ अनि अत्यधिक अभ्यास गर्छ।

ऊ त्यस मार्गमा हिँड्दा, अभ्यास गर्दा अनि अत्यधिक अभ्यास गर्दा सबै संयोजनहरू प्रहिण हुन्छ र अनुशयहरू नष्ट हुन्छ।

"भिक्षुहो ! आर्यश्रावकले यसरी सोच्छ– केवल म मात्रै मरणधर्मी र मरणको वशीभूत होइन अर्थात जति पनि सत्वहरू जन्मिने र मर्ने छन् ती समस्त सत्वहरू नै मरणधर्मी र मरणका वशीभूत हुन्। उसले त्यो कुरा प्रतिक्षण मनन गर्दा मार्गको प्राप्ति हुन्छ। ऊ त्यो मार्गमा हिँड्छ, अभ्यास गर्छ अनि अत्यधिक अभ्यास गर्छ। ऊ त्यो मार्गमा हिँड्दा, अभ्यास गर्दा अनि अत्यधिक अभ्यास गर्दा सबै संयोजनहरू प्रहिण हुन्छ र अनुशयहरू नष्ट हुन्छ।

"भिक्षुहो ! आर्यश्रावकले यसरी सोच्छ– केवल म मात्रै प्रियबाट वा मन पर्नेबाट नानाभाव, अन्यथाभाव हुने होइन जति पनि सत्वहरू जन्मिने र मर्ने छन् ती समस्त सत्वहरू नै प्रियबाट वा मन पर्नेबाट नानाभाव, अन्यथाभाव हुने हुन्। उसले त्यो कुरा प्रतिक्षण मनन गर्दा मार्गको प्राप्ति हुन्छ। ऊ त्यो मार्गमा हिँड्छ, अभ्यास गर्छ अनि अत्यधिक अभ्यास गर्छ। ऊ त्यो मार्गमा हिँड्दा अभ्यास गर्दा अनि अत्यधिक अभ्यास गर्दा सबै संयोजन-हरू प्रहिण हुन्छ र अनुशयहरू नष्ट हुन्छ।

"भिक्षुहो ! आर्यश्रावकले यसरी सोच्छ– केवल म मात्रै कर्मको होइन, कर्मको उत्तराधिकार होइन, कर्मको योनि होइन, कर्मको बन्धु होइन र कर्मको शरणस्थल होइन, जुन प्रकारको कर्म मैले गर्छु, कल्याण हुने वा पाप लाग्ने यसको उत्तराधिकारी म मात्रै हुने होइन', जति पनि सत्वहरू जन्मिने र मर्ने छन् ती समस्त सत्वहरू नै कर्मका हुन्, कर्मकै उत्तराधिकारी हुन्, कर्मकै योनि हुन्, कर्मकै बन्धु हुन्, कर्मकै शरणस्थल हुन् अनि जुन कर्म गर्नेछन्

---

[*] संयोजनहरू – १कामराग, २.द्वेष, ३. मान, ४.दृष्टि ५.शंका, ६.शीलव्रतपरामर्श, ७.भवराग, ८.इर्ष्या, ९. कन्जुस र १०. कामराग।

[◆] अनुशयहरू– १.कामराग, २.प्रतिघ, ३.मान, ४दृष्टि, ५.शंका, ६.भवराग र ७.अविद्या।



Downloaded from http://dhamma.digital

कल्याण हुने वा पाप लाग्ने त्यसको भागिदार नै हुनेछन् । उसले त्यो कुरा प्रतिक्षण मनन गर्दा मार्गको प्राप्ति हुन्छ । ऊ त्यो मार्गमा हिँड्छ, अभ्यास गर्छ अनि अत्यधिक अभ्यास गर्छ । ऊ त्यो मार्गमा हिँड्दा, अभ्यास गर्दा अनि अत्यधिक अभ्यास गर्दा सबै संयोजनहरू प्रहिण हुन्छ र अनुशयहरू नष्ट हुन्छ ।"

"व्याधि धम्मा, जरा धम्मा, अथो मरणधम्मिनो ।
यथा धम्मा तथा सत्ता, जिगुच्छन्ति पुथुज्जना ॥
"अहञ्चे तं जिगुच्छेय्यं, एवं धम्मेसु पाणिसु ।
न मेतं पतिरुपस्स, मम एवं विहारिनो ॥
"सोहं एवं विहरन्तो, ञत्वा धम्मं निरूपधिं ।
आरोग्ये योब्बनस्मिञ्च, जीवितस्मिञ्च ये मदा ॥
"सब्बे मदे अभिभोस्मि, नेक्खम्मं दट्ठु खेमतो ।
तस्स मे अहु उस्साहो, निब्बानं अभिपस्सतो ॥
"नाहं भब्बो एतरहि, कामानि पटिसेवितुं ।
अनिवत्ति भविस्सामि, ब्रह्मचरियपरायणो"ति ॥

"आफू व्याधिधर्मी, जराधर्मी अनि मरणधर्मी भएर पनि त्यही धर्मीका अन्य सत्वप्रति पृथकजन (जनसाधारण) ले घृणा गर्छन् ।

"यो स्वभावका सत्वप्रति मैले घृणा गर्दै बस्नु यो मेरो निम्ति उचित होइन ।

"यसरी म विचरण गर्दै, उपाधिरहित धर्म ज्ञात गरी आरोग्यप्रति, यौवनप्रति र जीवनप्रतिको जुन मद हुन् ती सबै मद मर्दन गर्छु, नैष्क्रम्यमा शान्ति-दर्शी भई निर्वाण साक्षात्कार गर्छु र त्यसैमा उत्साहित हुन्छु ।

"अब मेरो निम्ति काम-भोगको सेवन गर्नु उचित होइन, ब्रह्मचर्य-परायण भई पुनः (त्यसैमा) फर्किंदिन ।"

## ८. लिच्छविकुमारसुत्तं

५८. एक समय भगवान वैसालिस्थित महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । त्यस बेला भगवान पूर्वाण्ह समयमा चीवर वस्त्र पहिरिनु भई, चीवर र पात्र लिनु भई वैसालिमा भिक्षाटनको निम्ति लाग्नुभयो । वैसालिमा भिक्षाटनबाट फर्किनु भई भोजन पश्चात महावन भित्र जानुभई एक वृक्ष मुनि दिवा विहारको निम्ति बस्नुभयो ।

त्यो बेला धेरै नै लिच्छवि कुमारहरूले तयारी धनुष लिएर कुकुरहरूको



Downloaded from http://dhamma.digital

बथान लिई महावनमा घुमघाम गर्दै जाँदा एक वृक्ष मुनि भगवान बसिरहनु भएको देखे । देखेपछि तयारी धनुष फालेर कुकुरहरू एक ठाउँमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी केही कुरा नगरीकन चुपचाप भई बिन्ति गर्दै सेवामा उपस्थित भए ।

त्यही बेला महानाम लिच्छवि महावनमा घुम्दै आइरहँदा ती लिच्छवि कुमारहरू कुरा नगरी चुपचाप बिन्ती गर्दै सेवामा रहेका देखे । देखेर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसेका महानाम लिच्छविले उद्‌गार व्यक्त गरे– 'वज्जी हुनेछ, वज्जी हुनेछ ।'

"महानाम ! 'वज्जी हुनेछ, वज्जी हुनेछ ।' भनी तिमीले किन भनेको ?" "भन्ते ! यी लिच्छवि कुमाररू चण्ड, कठोर अनि अहंकारी छन् । जुन चीजहरू एक कुलबाट अर्को कुलमा पठाउने त्यो चाहे ऊखु, बयर, पुवा, लड्डु वा संकुलिक (कुनै खाने कुरा) होस् ती चीजहरू लुटेर खान्छन् । कुलका स्त्री वा कुलका कुमारीहरूलाई पछाडिबाट ढकेल्छन् । यिनीरू अहिले कुरा नगरी चुपचापसँग बिन्ती गर्दै सेवामा उपस्थित छन् ।

"महानाम ! जो कोही कुलपुत्रसँग पाँच कुराहरू हुनेछन्– यदि त्यो अभिषिक्त क्षत्रिय राजा भए पनि, यदि त्यो राष्ट्रियको भए पनि, यदि त्यो पैतृक सम्पत्तिवाला भए पनि, यदि त्यो सेनाका सेनापति, गाउँका गाउँ प्रमुख, गाउँका मुखिया अनि कुलका अधिपतिकै विकास हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"ती पाँच के के हुन् ? महानाम ! यहाँ कुलपुत्रले परिश्रम गरी आर्जन गरेको सम्पत्ति, बाहूबलद्वारा कमाएको सम्पत्ति, पसिना बगाएर कमाएको सम्पत्ति, धर्मपूर्वक तथा धर्मद्वारा प्राप्त सम्पत्तिले आमा-बुबालाई सत्कार गर्छ, गौरव गर्छ, मान्ने गर्छ र पूज्ने गर्छ भने ऊबाट आमा-बुबा सत्कारित, गौरवान्वित, मानिएको र पूजिएको हुँदा तिनीरूले कुलपुत्रलाई कल्याणको मनसायले आशीर्वाद दिन्छ– 'चिरञ्जीवी तथा दिर्घायु होस् ! महानाम ! आमा-बुबाबाट आशीर्वाद पाउँदा कुलपुत्रको विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"महानाम ! अनि फेरि अर्को यहाँ कुलपुत्रले परिश्रम गरी आर्जन गरेको सम्पत्ति, बाहूबलद्वारा कमाएको सम्पत्ति, पसिना बगाएर कमाएको सम्पत्ति, धर्मपूर्वक तथा धर्मपूर्वक प्राप्त सम्पत्तिले छोरा-छोरी, स्त्री, दास तथा कामदारहरूलाई सत्कार गर्छ, गौरव गर्छ, मान्ने गर्छ र पूज्ने गर्छ भने ऊबाट छोरा-

Downloaded from http://dhamma.digital

छोरी, स्त्री, दास तथा कामदारहरू सत्कारित, गौरावान्वित, मानिएको र पूजिएको हुँदा तिनीरूले कुलपुत्रलाई कल्याणको मनसायले आशीर्वाद दिन्छ– 'चिरञ्जीवी तथा दिर्घायु होस् ! महानाम ! छोरा-छोरी, स्त्री, दास तथा कामदारहरूबाट आशीर्वाद पाउँदा कुलपुत्रको विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"महानाम ! अनि फेरि अर्को यहाँ कुलपुत्रले परिश्रम गरी आर्जन गरेको सम्पत्ति, वाहूबलद्वारा कमाएको सम्पत्ति, पसिना बगाएर कमाएको सम्पत्ति, धर्मपूर्वक तथा धर्मद्वारा प्राप्त सम्पत्तिले खेतमा काम गर्ने खेताला, नाप-जोख गर्ने कामदारहरूलाई सत्कार गर्छ, गौरव गर्छ, मान्ने गर्छ र पूज्ने गर्छ भने ऊबाट खेताला, नाप-जोख गर्ने कामदारहरू सत्कारित, गौरावान्वित, मानिएको, पूजिएको हुँदा तिनीरूले कुलपुत्रलाई कल्याणको मनसायले आशीर्वाद दिन्छ– 'चिरञ्जीवी तथा दिर्घायु होस् ! महानाम ! खेताला, नाप-जोख गर्ने कामदारहरूबाट आशीर्वाद पाउँदा कुलपुत्रको विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"महानाम ! अनि फेरि अर्को यहाँ कुलपुत्रले परिश्रम गरी आर्जन गरेको सम्पत्ति, बाहूबलद्वारा कमाएको सम्पत्ति, पसिना बगाएर कमाएको सम्पत्ति, धर्मपूर्वक तथा धर्मद्वारा प्राप्त सम्पत्तिले जति पनि पूजा ग्रहण गर्ने देवता हुन्छन् तिनीहरूलाई सत्कार गर्छ, गौरव गर्छ, मान्ने गर्छ र पूज्ने गर्छ भने यसबाट पूजा ग्राहक देवता सत्कारित, गौरावान्वित, मानिएको र पूजिएको हुँदा तिनीरूले कुलपुत्रलाई कल्याणको मनसायले आशीर्वाद दिन्छ– चिरञ्जीवी तथा दिर्घायु होस् ! महानाम ! देवताबाट आशीर्वाद पाउँदा कुलपुत्रको विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"महानाम ! अनि फेरि अर्को यहाँ कुलपुत्रले परिश्रम गरी आर्जन गरेको सम्पत्ति, बाहूबलद्वारा कमाएको सम्पत्ति, पसिना बगाएर कमाएको सम्पत्ति, धर्मपूर्वक तथा धर्मद्वारा प्राप्त सम्पत्तिले श्रमण-ब्रह्मणहरूलाई सत्कार गर्छ, गौरव गर्छ, मान्ने गर्छ र पूज्ने गर्छ भने श्रमण-ब्रह्मणहरू सत्कारित गौरावान्वित, मानिएको र पूजिएको हुँदा तिनीरूले कुलपुत्रलाई कल्याणको मनसायले आशीर्वाद दिन्छ– 'चिरञ्जीवी तथा दिर्घायु होस् ! महानाम ! श्रमण-ब्राह्मणहरूबाट आशीर्वाद पाउँदा कुलपुत्रको विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

"महानाम ! जो कोही कुलपुत्रसँग पाँच कुराहरू हुनेछन्– यदि त्यो अभिषिक्त क्षत्रिय राजा भए पनि, यदि त्यो राष्ट्रियको भए पनि, यदि त्यो पैतृक



Downloaded from http://dhamma.digital

सम्पत्तिवाला भए पनि, यदि त्यो सेनाको सेनापति भए पनि, यदि त्यो गाउँका गाउँ प्रमुख भए पनि, यदि त्यो गाउँका मुखिया भए पनि अनि कुलका अधिपतिवाला भए पनि विकास नै हुने आश गर्न सकिन्छ वा परिहानि हुनेछैन ।

**"मातापितुकिच्चकरो, पुत्तदारहितो सदा ।**
**अन्तोजनस्स अत्थाय, ये चस्स अनुजीविनो ॥**
**"उभिन्नञ्चेव अत्थाय, वदञ्ञू होति सीलवा ।**
**ञातीनं पुब्बपेतानं, दिट्ठे धम्मे च जीवतं ॥**
**"समणानं ब्राह्मणानं, देवतानञ्च पण्डितो ।**
**वित्तिसञ्जननो होति, धम्मेन घरमावसं ॥**
**"सो करित्वान कल्याणं, पुज्जो होति पसंसियो ।**
**इधेव नं पसंसति, पेच्च सग्गे पमोदती"ति ॥**

"सदैव आमा-बुबाको सेवा गर्ने, छोरा-छोरी-स्त्रीको भलो गर्ने, जो उसको आश्रयमा जीविका गर्ने र घरका अन्यजनलाई भलो गर्छ ।

"पण्डित शीलवानले उभयपक्षका आफन्त मरिसकेका र अहिले जीवित-रहेकालाई भलो गर्छ ।

"घरमा बस्ने पण्डितले धर्मपूर्वक आर्जन गरेको सम्पत्तिद्वारा श्रमण-ब्राह्मण र देवताहरूलाई सन्तुष्ट पार्छ ।

"ऊबाट कल्याण हुने कार्यद्वारा पूज्य र प्रशंसित हुन्छ । ऊ यहाँ पनि प्रशंसित हुन्छ अनि मृत्युपछि स्वर्गमा पनि आनन्दित हुन्छ ।"

## ९. पठमबुद्धपब्बजितसुत्तं

५९. "भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा पाँच कुरामा दुर्लभ हुन्छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा निपुण हुनु दुर्लभ हुन्छ, ठीकसँग चर्या गर्नु दुर्लभ हुन्छ, बहुश्रुत हुनु दुर्लभ हुन्छ, धर्मकथिक हुनु दुर्लभ हुन्छ अनि विनयधर हुनु पनि दुर्लभ हुन्छ । भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा यी नै पाँच कुरामा दुर्लभ हुन्छन् ।"

## १०. दुतियबुद्धपब्बजितसुत्तं

"भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा पाँच कुरामा दुर्लभ हुन्छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा सुवच दुर्लभ हुन्छ, सुग्रहित दक्षता दुर्लभ हुन्छ, धर्मकथिक हुनु दुर्लभ हुन्छ अनि विनयधर हुनु दुर्लभ हुन्छ । भिक्षुहो ! वृद्ध प्रव्रजित हुँदा यी नै पाँच कुरामा दुर्लभ हुन्छन् ।"

Downloaded from http://dhamma.digital

## (७) २. सञ्ञावग्गो

### १. पठमसञ्ञासुत्तं

६१. "भिक्षुहो ! यी पाँच प्रकारका संज्ञाको भावना गर्दा महत्फल, महानिशंस, अमृतमय तथा परिणाम अमृतमयको हुन्छ । ती पाँच के के हुन् ? अशुभ संज्ञा, मरणसंज्ञा, आदीनव संज्ञा, आहारमा प्रतिकूलसंज्ञा अनि समस्त लोकप्रति अनासक्त (आसक्तिरहित) को संज्ञा । भिक्षुहो ! यी नै पाँच प्रकारका संज्ञाको भावना गर्दा महत्फल, महानिशंस, अमृतमय तथा परिणाम अमृत-मयको हुन्छ ।"

### २. दुतियसञ्ञासुत्तं

६२. "भिक्षुहो ! यी पाँच प्रकारका संज्ञाको भावना गर्दा महत्फल, महानिशंस, अमृतमय तथा अमृतमयको परिणामी हुन्छ । ती पाँच के के हुन् ? अनित्यसंज्ञा, अनात्मसंज्ञा, मरणसंज्ञा, आहारमा प्रतिकूलसंज्ञा अनि समस्त लोकप्रति अनासक्तको संज्ञा । भिक्षुहो ! यी नै पाँच प्रकारका संज्ञाको भावना गर्दा महत्फल, महानिशंस, अमृतमय तथा परिणाम अमृतमयको हुन्छ ।"

### ३. पठमवड्ढिसुत्तं

६३. "भिक्षुहो ! आर्यश्रावकले यी पाँच कुरामा वृद्धि गर्दै जाँदा आर्यमा वृद्धि तथा प्रवर्धित हुन्छ । शरीर धारण गरेको सारत्व हुन्छ तथा उत्तमत्व प्राप्त हुन्छ । ती पाँच के के हुन् ? श्रद्धा, शील, बहुश्रुत, त्याग अनि प्रज्ञाको वृद्धि । भिक्षुहो ! आर्यश्रावकले यी नै पाँच कुरामा वृद्धि गर्दै जाँदा आर्यमा वृद्धि तथा प्रवर्धित हुन्छ । उसले शरीर धारण गरेको सारत्व तथा उत्तमत्व प्राप्त गर्छ ।"

**"सद्धाय सीलेन च यो पवड्ढति, पञ्ञायचागेन सुतेन चूभयं ।**
**सो तादिसो सप्पुरिसो विचक्खणो, आदियति सारमिधेव अत्तनो"ति ॥**

"श्रद्धा, शील, प्रज्ञा, त्याग, र श्रुत यी सबैलाई जसले प्रवर्द्धन गर्छ, त्यस्तो विलक्षणका सत्पुरुषले यहाँ आफ्नो सारत्व प्राप्त गर्छ ।"

### ४. दुतियवड्ढिसुत्तं

६४. "भिक्षुहो ! आर्यश्राविकाले यी पाँच कुरामा वृद्धि गर्दै जाँदा आर्यमा वृद्धि तथा प्रवर्धित हुन्छ । शरीर धारण गरेको सारत्व हुन्छ तथा उत्तमत्व प्राप्त



Downloaded from http://dhamma.digital

प्राप्त हुन्छ । ती पाँच के के हुन् ? श्रद्धा, शील, बहुश्रुत, त्याग अनि प्रज्ञाको वृद्धि । भिक्षुहो ! आर्यश्राविकाले यी नै पाँच कुरामा वृद्धि गर्दै जाँदा आर्यमा वृद्धि तथा प्रवर्धित हुन्छ । उसले शरीर धारण गरेको सारत्व हुन्छ तथा उत्तमत्व प्राप्त गर्छ ।"

**"सद्धाय सीलेन च यो पवड्ढति, पञ्ञायचागेन सुतेन चूभयं ।**
**सो तादिसी सीलवती उपासिका, आदियति सारमिधेव अत्तनो"ति ॥**

"श्रद्धा, शील, प्रज्ञा, त्याग, र श्रुत यी सबैलाई जसले प्रवर्द्धन गर्छ, त्यस्तो शीलवती उपासीकाले आफ्नो सारत्व प्राप्त गर्छ ।"

### ५ साकच्छसुत्तं

६५. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुसँग सब्रह्मचारीले (गुरु-भाइसँग) साकक्षा (छलफल) गर्न योग्य छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु आफू स्वयम् शीलसम्पन्न भई शीलसम्बन्धी व्याख्या गर्छ । आफू स्वयम् समाधिसम्पन्न भई समाधिसम्बन्धी व्याख्या गर्छ । आफू स्वयम् प्रज्ञासम्पन्न भई प्रज्ञासम्बन्धी व्याख्या गर्छ । आफू स्वयम् विमुक्तिसम्पन्न भई विमुक्तिसम्बन्धी कुराको व्याख्या गर्छ । आफू स्वयम् विमुक्ति ज्ञानदर्शन-सम्पन्नभई विमुत्तिज्ञानदर्शन सम्बन्धी व्याख्या गर्छ । भिक्षुहो !यी नै पाँच कुरामा सम्पन्न सब्रह्मचारी भिक्षुसँग साकक्षा गर्न योग्य छ ।"

### ६. साजीवसुत्तं

६६. "भिक्षुहो ! पाँच कुरामासम्पन्न सब्रह्मचारी भिक्षुसँगै बस्न योग्य छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु स्वयम् शीलसम्पन्न भई शील-सम्बन्धी उत्पन्न प्रश्नको उत्तर दिन्छ । भिक्षु स्वयम् समाधिसम्पन्न भई समा-धिसम्बन्धी उत्पन्न प्रश्नको उत्तर दिन्छ । भिक्षु स्वयम् प्रज्ञासम्पन्न भई प्रज्ञा-सम्बन्धी उत्पन्न प्रश्नको उत्तर दिन्छ । स्वयम् विमुक्तिसम्पन्न भई विमुक्ति-सम्बन्धी उत्पन्न प्रश्नको उत्तर दिन्छ । स्वयम् विमुक्ति ज्ञानदर्शनसम्पन्न भई विमुक्तिज्ञानदर्शनसम्बन्धी उत्पन्न प्रश्नको उत्तर दिन्छ । भिक्षुहो ! यी नै पाँच कुरामासम्पन्न सब्रह्मचारी भिक्षुसँगै बस्न योग्य छ ।"

### ७. पठमइद्धिपादसुत्तं

६७. "भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले पाँच प्रकारका भावना गर्छ, वा पाँच प्रकारमा धेरै पटक गर्छ भने दुई फल मध्ये एक फलको आश



Downloaded from http://dhamma.digital

गर्न सक्छ । या यसै जन्ममा अर्हत या उपाधि अवशेषरहेमा अनागामी । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु छन्द समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गर्छ । वीर्य समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गर्छ । चित्त समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गर्छ । विमंसा समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गर्छ अनि अर्को उत्साहित हुन्छ । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले पाँच प्रकारका भावना गर्छ, वा पाँच प्रकारकामा धेरै पटक गर्छ भने दुई फल मध्ये एक फलको आश गर्न सक्छ । या यसै जन्ममा अर्हत या उपाधि अवशेषरहेमा अनागामी ।"

## ८. दुतियइद्धिपादसुत्तं

६८. "भिक्षुहो ! सम्बोधि प्राप्त गर्नु भन्दा पहिला म बोधिसत्व हुँदा बुद्धत्व प्राप्त गर्न अघि पाँच प्रकारका भावना गरेको थिएँ । पाँच प्रकारका भावन धेरैपटक गरेको थिएँ । ती पाँच के के हुन् ? छन्द समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गरेको थिएँ । वीर्य समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गरेको थिएँ । चित्त समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गरेको थिएँ । विमंसा समाधि प्रधान संस्कारयुक्त ऋद्धिमय भावना गरेको थिएँ अनि अर्को उत्साहित थिएँ । त्यसमै मैले यो उत्साह पाँचौको भावना गर्दा, धेरैपटक गर्दा जुन जुन विषयमा अभिज्ञात गर्न र साक्षात्कार गर्न चित्त लगाएँ ती ती कुरामा अभिज्ञात र साक्षात्कार गर्न सकें । जे जे स्मरण गर्न चाहें ती ती विषयमा सफल भएँ ।

"यदि उसले आकांक्षा गर्छ– 'अनेकौं प्रकारका ऋद्धि अनुभव गर्न सक्ने होऊँ ... ब्रह्मलोकसम्म पनि आफ्नो वशमा पार्न सक्ने होऊँ त ती ती आकांक्षानुसार हुन्छ'। जे जे स्मरण गर्छ ती ती विषयमा सफल हुन्छ ।

"यदि उसले आकांक्षा गर्छ– 'आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमाा स्वयम्ले नै अभिज्ञात, साक्षात्कार तथा प्राप्त गरी जीवन बिताउन सकूँ त ती ती आकांक्षानुसार हुन्छ । जे जे स्मरण गर्छ ती ती विषयमा सफल हुन्छ ।"

## ९. निब्बिदासुत्तं

६९. "भिक्षुहो ! यी पाँच विषयको भावना गर्दा वा धेरैपटक गर्दा सम्पूर्ण निर्वेद, विराग, निरोध, उपशमन, अभिज्ञात, सम्बोधि र निर्वाण लाभी हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शरीरप्रति अशुभदर्शी, आहारमा प्रतिकुलसंज्ञा, समस्त लोकप्रति अनासक्त, समस्त संस्कारप्रति अनित्यदर्शी अनि



Downloaded from http://dhamma.digital

मरणसंज्ञा अन्तर हृदयमा सुप्रतिष्ठित हुन्छ । भिक्षुहो ! यी नै पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा सम्पूर्ण निर्वेद, विराग, निरोध, उपशमन, अभिज्ञात, सम्बोधि र निर्वाण लाभी हुन्छ ।"

## १०. आसवक्खयसुत्तं

७०. "भिक्षुहो ! यी पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा आश्रव क्षय हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शरीरप्रति अशुभदर्शी, आहारमा प्रतिकुलसंज्ञा, समस्त लोकप्रति अनासक्त, समस्त संस्कारप्रति अनित्यदर्शी अनि मरणसंज्ञालाई अन्तर हृदयमा सुप्रतिष्ठित हुन्छ । भिक्षुहो ! यी नै पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा आश्रव क्षय हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (८) ३. योधाजीववग्गो

### १. पठमचेतोबिमुत्तिफलसुत्तं

७१. "भिक्षुहो ! यी पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा चित्तविमुक्ति फल लाभी हुन्छ तथा चित्तविमुक्ति फलका भागी हुन्छ । प्रज्ञा विमुक्ति फल लाभी हुन्छ तथा प्रज्ञा विमुक्ति फलका भागी हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शरीरप्रति अशुभदर्शी, आहारमा प्रति-कूलसंज्ञा, समस्त लोकप्रति अनासक्त, समस्त संस्कारप्रति अनित्यदर्शी अनि मरणसंज्ञा अन्तर हृदयमा सुप्रति-तिष्ठित हुन्छ । भिक्षुहो ! यी नै पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा चित्तविमुक्ति फल लाभी हुन्छ तथा चित्तविमुक्ति फलका भागी हुन्छ । प्रज्ञा विमुक्ति फल लाभी हुन्छ तथा प्रज्ञाविमुक्ति फलका भागी हुन्छ । भिक्षुहो ! जब भिक्षुको चित्तविमुक्त अनि प्रज्ञा विमुक्त हुन्छ तब भिक्षुहो ! यस्तो भिक्षुलाई नै उत्क्षिप्त पलिघ, संकिर्ण प-रिख, अब्बुल्हसिक, निरर्गल, आर्य पतित ध्वज, पतित भार र विसंयुक्त भनिन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी उत्क्षिप्त पलिघ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अविद्यारहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्षसमान हुन्छ, खस्किएको वा फेरि नपलाउने हुन्छ । भिक्षुहो ! भिक्षु यसरी नै उत्क्षिप्त पलिघ हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी संकिर्ण परिख हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पत्ति हुने वा जन्मिनु पर्ने संसारबाट छुटेको हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी संकिर्ण परिख हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी अब्बुल्हसिक हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु तृष्णारहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी अब्बुल्हसिक हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी निरर्गल हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पतनतिर लाने पाँच प्रकारका संयोजनरहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी निरर्गल हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी आर्य पतित ध्वज, पतित भार र विसंयुक्त हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अहंकाररहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको

Downloaded from http://dhamma.digital

ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी आर्य पतित ध्वज, पतित भार र विसंयुक्त हुन्छ ।"

## २. दुतियचेतोविमुत्तिफलसुत्तं

७२. "भिक्षुहो ! यी पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा चित्तविमुक्ति फल लाभी हुन्छ तथा चित्त विमुक्ति फलका भागी हुन्छ । प्रज्ञा विमुक्ति फल लाभी हुन्छ तथा प्रज्ञा विमुक्ति फलका भागी हुन्छ । ती पाँच के के हुन् ? अनित्यसंज्ञा, अनित्यमा दुःखसंज्ञा, दुःखमा अनात्मसंज्ञा, प्रहाणसंज्ञा र विरागसंज्ञा । भिक्षुहो ! यी पाँच विषयको भावना गर्दा वा धेरै पटक गर्दा चित्तविमुक्ति फल पाउँछ तथा चित्तविमुक्ति फलका भागी हुन्छ । प्रज्ञाविमुक्ति फल लाभी हुन्छ तथा प्रज्ञाविमुक्ति फलका भागी हुन्छ । भिक्षुहो ! जब भिक्षुको चित्तविमुक्त अनि प्रज्ञाविमुक्त हुन्छ तब भिक्षुहो ! यस्तो भिक्षुलाई नै उत्क्षिप्त पलिघ, संकिर्ण-परिख, अब्बुल्हसिक, निरर्गल, आर्य पतित ध्वज, पतित भार र विसंयुक्त भनिन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी उत्क्षिप्त पलिघ हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अविद्यारहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, खस्किएको वा फेरि नपलाउने हुन्छ । भिक्षुहो ! भिक्षु यसरी नै उत्क्षिप्त पलिघ हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी संकिर्ण परिख हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पत्ति हुने वा जन्मिनु पर्ने संसारबाट छुटेको हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी संकिर्ण परिख हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी अब्बुल्हसिक हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु तृष्णारहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी अब्बुल्हसिक हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी निरर्गल हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पतनतिर लाग्ने पाँच प्रकारका संयोजनरहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं फेरि नपलाउने वा पुनः उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी निरर्गल हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी आर्य पतित ध्वज, पतित भार र विसंयुक्त हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अहंकाररहित हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको



Downloaded from http://dhamma.digital

ताड वृक्ष झैं फेरि नपलाउने वा पुन: उत्पन्न हुँदैन । भिक्षुहो ! भिक्षु यसरी आर्य पतित ध्वज, पतित भार र विसंयुक्त हुन्छ ।"

### ३. पठमधम्मविहारीसुत्त

७३. त्यस बेला कोही एक जना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका त्यो भिक्षुले भगवानसँग सोधे– "भन्ते ! 'धर्म-विहारी, धम्म विहारी' भनी भन्नुहुन्छ । कसरी 'धम्म विहारी' हुन्छ ?"

"हे भिक्षु ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ललाई कण्ठ गर्छ । उसले ती परियत्ति धर्म कण्ठस्थ गरी पाठ गर्दै दिन बिताउँछ । तर एकान्तको सेवन गर्दैन, आफ्नो चित्त शान्त पार्नतिर लाग्दैन । हे भिक्षु ! यस्तो भिक्षुलाई परियत्ति धेरै कण्ठस्थ गरी पाठ गर्ने तर धर्म विहारी होइन भन्छ ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन कण्ठस्थ गरी पाठ गरेको धर्म हो, त्यो विस्तारपूर्वक अरूलाई उपदेश दिन्छ । उसले उपदेश दिँदै दिन बिताउँछ तर एकान्तको सेवन गर्दैन, आफ्नो चित्त शान्त पार्नतिर लाग्दैन । हे भिक्षु ! यस्तो भिक्षुलाई धेरै उपदेश दिने तर धर्म विहारी होइन भन्छ ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन कण्ठस्थ गरी पाठ गरेको धर्म हो त्यो धर्म दोहऱ्याउँछ तर एकान्तको सेवन गर्दैन, आफ्नो चित्त शान्त पार्नतिर लाग्दैन । हे भिक्षु ! यस्तो भिक्षुलाई बहु सज्झायन गर्ने तर धर्म विहारी होइन भन्छ ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन कण्ठस्थ गरी पाठ गरेको धर्म हो, त्यस धर्मप्रति चित्तद्वारा तर्क-वितर्क गर्छ, विचार गर्छ अनि चित्तद्वारा परीक्षण गर्छ । उसले त्यही धर्ममा तर्क-वितर्क गर्दै दिन बिताउँछ तर एकान्तको सेवन गर्दैन, आफ्नो चित्त शान्त पार्नतिर लाग्दैन । हे भिक्षु ! यस्तो भिक्षुलाई बहु वितर्कित तर धर्म विहारी होइन भन्छ ।

"हे भिक्षु ! यहाँ भिक्षुले सुत्त, गेय्य, बेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ललाई कण्ठ गर्छ । उसले ती धर्मको पाठ गरी दिन बिताउँदैन, एकान्तको सेवन गर्छ, उसले चित्त शान्त पार्न लागिरहेको हुन्छ ।



Downloaded from http://dhamma.digital

हे भिक्षु ! यस्तो भिक्षुलाई नै धर्मविहारी भन्छ।

"हे भिक्षु ! मैले बहुपाठ गर्ने भिक्षुको बारेमा भनें, बहु वाचनक भिक्षुको बारेमा भनें, बहु सज्झायक भिक्षुको बारेमा भनें, बहु तर्क-वितर्की भिक्षुको बारेमा भनें अनि धर्म विहारी भिक्षुको बारेमा पनि भनें। हे भिक्षु ! श्रावकका निम्ति हितैषी, अनुकम्पक शास्ताबाट अनुकम्पा गरी जे जति भन्नु पर्ने हो मैले भनिसकें। हे भिक्षु ! यो वृक्षको छायाँ र यो शुन्यस्थान हो। हे भिक्षु ! ध्यानमा लाग, प्रमादी नहुनु अनि पछि पश्चात्ताप लिन नपरोस्। यही नै मेरो अनुशासन हो।"

## ४. दुतियधम्मविहारीसुत्तं

७४. त्यस बेला कोही एक जना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेका त्यो भिक्षुले भगवानसँग सोध्यो "भन्ते ! 'धर्म-विहारी, धम्म विहारी' भनी भन्दछन्। कसरी 'धम्म विहारी' हुन्छ ?"

"हे भिक्षु ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ललाई कण्ठ गर्छ तर उसले यो भन्दा अगाडि प्रज्ञाद्वारा यसको अर्थ जानेको हुँदैन। हे भिक्षु ! यस्तो भिक्षुलाई धेरै परियत्ति जान्ने तर धर्म विहारी होइन भन्छ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन परियत्ति धर्म हो त्यो सविस्तारपूर्वक अरूलाई उपदेश दिन्छ तर उसले यो भन्दा अगाडि प्रज्ञाद्वारा यसको अर्थ जानेको हुँदैन। हे भिक्षु ! यस्तो भिक्षुलाई धेरै उपदेश दिने तर धर्म विहारी होइन भन्छ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन परियत्ति धर्म हो त्यो सविस्तारपूर्वक वाचन (सज्झायन) गर्छ। तर उसले यो भन्दा अगाडि प्रज्ञाद्वारा यसको अर्थ जानेको हुँदैन। हे भिक्षु ! यस्तो भिक्षुलाई बहुवाचक भिक्षु भनिन्छ तर धर्म विहारी होइन भन्छ।

"हे भिक्षु ! अनि फेरि भिक्षुले जुन सुनेको हो, जुन परियत्ति धर्म हो त्यसलाई मनद्वारा तर्क-वितर्क गर्छ, विचार गर्छ, मनद्वारा परिक्षण गर्छ तर उसले यो भन्दा अगाडि प्रज्ञाद्वारा यसको अर्थ जानेको हुँदैन। हे भिक्षु ! यस्तो भिक्षुलाई नै बहु वितर्कित भिक्षु भनिन्छ तर धर्म विहारी होइन भन्छ।



Downloaded from http://dhamma.digital

"हे भिक्षु ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ललाई कण्ठ गर्छ अनि उसले यो भन्दा अगाडि प्रज्ञाद्वारा अर्थ जानेको हुन्छ। हे भिक्षु ! यस्तो भिक्षुलाई नै धर्मविहारी भन्छ।

"हे भिक्षु ! मैले धेरै परियत्ति जान्ने भिक्षुको बारेमा भनें, बहु प्रज्ञापनक भिक्षुको बारेमा भनें, बहु सज्झायक भिक्षुको बारेमा भनें, बहु तर्क-वितर्की भिक्षुको बारेमा भनें अनि धर्म विहारी भिक्षुको बारेमा पनि भनें। हे भिक्षु ! श्रावकका निम्ति हितैषी, अनुकम्पक शास्ताबाट अनुकम्पा गरी जे जति भन्नु पर्ने हो मैले भनिसकें। हे भिक्षु ! यो वृक्षको छायाँ र यो शुन्यस्थान हो। हे भिक्षु ! ध्यानमा लाग, प्रमादी नहुनु अनि पछि पश्चाताप लिन नपरोस्। यही नै मेरो अनुशासन हो।"

## ५. पठमयोधाजीविसुत्तं

७५. "भिक्षुहो ! लोकमा पाँच प्रकारका योद्धाहरू विद्यमान छन्। ती पाँच कस्ता कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ एक प्रकारका योद्धा धूलाग्र देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिरहन सक्दैन अनि संग्राममा उत्रन सक्दैन। भिक्षुहो ! यस प्रकारको यहाँ योद्धा हुन्छन्। भिक्षुहो ! यस्तो एक प्रकारको योद्धा लोकमा विद्यमान छ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन तर ध्वजाग्रभाग देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिरहन सक्दैन अनि संग्राममा उत्रन सक्दैन। भिक्षुहो ! यस्तो योद्धा पनि यहाँ हुन्छन्। भिक्षुहो ! यी दुई प्रकारका योद्धा लोकमा विद्यमान छ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर हिम्मत हार्दैन तर त्यहाँ ध्वनिको आवाज सुनेर हिम्मत हार्छ, पछि हट्छ, उभिन सक्दैन अनि संग्राममा उत्रन सक्दैन। भिक्षुहो ! यस्तो योद्धा पनि यहाँ हुन्छन्। भिक्षुहो ! यी तीन प्रकारका योद्धा लोकमा विद्यमान छ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर थर्कमान हुँदैन ध्वनिको आवाज सुनेर थर्कमान हुँदैन तर त्यहाँ उसमाथि प्रहार हुँदा घाइते हुन्छ। त्यस बेला ऊ आफ्नो स्वभावमा रहन सक्दैन अनि संग्राममा उत्रन सक्दैन। भिक्षुहो ! यस्तो योद्धा पनि यहाँ हुन्छन्। भिक्षुहो ! यी चार प्रकारका योद्धा लोकमा विद्यमान छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर थर्कमान हुँदैन ध्वनिको आवाज सुनेर थर्कमान हुँदैन, उसमाथि प्रहार हुँदा पनि थर्कमान हुँदैन । ऊ त्यहाँ संग्राममा उत्रेर संग्राम विजयी हुन्छ र त्यहीँ संग्राम भूमिको शिखरमा बस्छ । भिक्षुहो ! यस्तो योद्धा पनि यहाँ हुन्छन् । भिक्षुहो ! यी पाँच प्रकारका योद्धा लोकमा विद्यमान छ ।

"भिक्षुहो ! यस्तै नै पाँच प्रकारका योद्धासमान भिक्षुहरू पनि हुन्छन् । ती पाँच कस्ता कस्ता हुन् ? भिक्षुहो ! यहाँ एक प्रकारका भिक्षुले धूलाग्र देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिरहन सक्दैन अनि ब्रह्मचर्यमा बस्न सक्दैन । उसले आफ्नो शिक्षासम्बन्धी दुर्बलता प्रकट गरी शिक्षा त्यागेर पतन हुन्छ । यहाँ धूलाग्र भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले सुन्दछ कि– 'फलानो गाउँमा वा शहरमा स्त्री वा कुमारी सुन्दरी छे, प्रसन्न गरिदिन्छे वर्ण र शारीरिक गठनसम्पन्न छे । उसले त्यो कुरा सुनेर ब्रह्मचर्य पालन गर्न सक्दैन, हिम्मतहारा हुन्छ, पछि हट्छ अनि उभिन सक्दैन । उसले आफ्नो दुर्बलता प्रकट गरी, शिक्षा त्यागी पतन हुन्छ । यहाँ धूलाग्र भनेको यही नै हो ।

"भिक्षुहो ! जस्तै कि योद्धाले धूलाग्र देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिन सक्दैन अनि संग्राममा उत्रन सक्दैन । भिक्षुहो ! ठीक त्यही अनुरूप नै मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यस प्रकारको यहाँ कोही कोही व्यक्ति हुन्छन् ! भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो पहिलो योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन तर ध्वजाग्रभाग देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिन सक्दैन अनि ब्रह्मचर्यमा बस्न सक्दैन । उसले आफ्नो शिक्षासम्बन्धी दुर्बलता प्रकट गरी शिक्षा त्यागेर पतन हुन्छ । यहाँ ध्वजाग्र भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले सुनेको हुँदैन कि– 'फलानो गाउँमा वा शहरमा स्त्री वा कुमारी सुन्दरी छे, प्रसन्न गरिदिन्छे वर्ण र शारीरिक गठनमसम्पन्न छे ।' तर उसले नै स्त्री वा कुमारी सुन्दरी, दर्शनीय, प्रासादिक, वर्ण र शारीरिक गठनसुसम्पन्ना देख्छ । उसले त्यो देख्दा हिम्मत हार्छ, पछि हट्छ, उभिन सक्दैन । उसले आफ्नो दुर्बलता प्रकट गरी, शिक्षा त्यागी पतन हुन्छ । यहाँ ध्वजाग्र भनेको यही नै हो ।

"भिक्षुहो ! जस्तै कि योद्धाले धूलाग्र देखेर हिम्मत हार्दैन तर ध्वजाग्र देखेर हिम्मत हार्छ, पछि हट्छ, उभिरहन सक्दैन अनि संग्राममा उत्रन सक्दैन ।



Downloaded from http://dhamma.digital

ठीक त्यही अनुरूप नै भिक्षुहो ! मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यस प्रकारका पनि यहाँ कोही कोही व्यक्ति हुन्छन् । भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो दोस्रौं योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन अनि ध्वजाग्रभाग देखेर हिम्मत हार्दैन तर त्यहाँ ध्वनिको आवाज सुनेर हिम्मत हार्छ, पछि हट्छ, उभिरहन सक्दैन अनि ब्रह्मचर्य पालन गर्न सक्दैन । उसले आफ्नो शिक्षासम्बन्धी दुर्बलता प्रकट गरी शिक्षा त्यागेर पतन हुन्छ । यहाँ ध्वजाग्र भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी हुन्छ, वृक्षको छायाँमा बस्ने हुन्छ वा शून्यस्थानमा बस्ने हुन्छ । त्यहाँ ऊसँग कोही स्त्री वा कुमारी हाँस्ने गर्छ, कुरा गर्ने हुन्छ, ख्याल-ठट्टा गर्ने हुन्छ अनि नपुंसक भनी जिस्काउँछ । ऊ स्त्री वा कुमारीसँग हाँस्दा, कुरा गर्दा, ख्याल-ठट्टा र जिस्किने हुँदा हिम्मत हार्छ, पछि हट्छ अनि उभिन नसकि आफ्नो शिक्षासम्बन्धमा दुर्बलता प्रकट गरी, शिक्षा त्यागी पतन हुन्छ । यहाँ ध्वनि भनेको यही नै हो ।

"भिक्षुहो ! जस्तै कि योद्धाले धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन अनि ध्वजाग्रभाग देखेर हिम्मत हार्दैन तर त्यहाँ ध्वनिको आवाज सुनेर हिम्मत हार्छ, पछि हट्छ, उभिन सक्दैन अनि संग्राममा उत्रन सक्दैन । ठीक त्यही अनुरूप नै भिक्षुहो ! मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यस प्रकारको यहाँ कोही कोही व्यक्ति हुन्छन् । भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो तेस्रौं योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर थर्कमान हुँदैन, ध्वनिको आवाज सुनेर थर्कमान हुँदैन तर त्यहाँ उसमाथि प्रहार हुँदा हतासिन्छ अनि विपत्तिमा परेको ठान्छ । यहाँ प्रहार भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी हुन्छ, वृक्षको छायाँमा बस्ने हुन्छ वा शून्यस्थानमा बस्ने हुन्छ । त्यहाँ स्त्री वा कुमारी गएर बसेकी हुन्छे, सँगै सुत्ने वा माथिसँगै सुत्ने हुन्छे । ऊ स्त्री वा कुमारीसँग बस्दा, सुत्दा वा तल सँगै सुत्दा शिक्षा परित्याग नगरि, दुर्बलता प्रकट नगरि मैथुन धर्म सेवन गर्छ । यसैलाई यहाँ प्रहार भनेको हो ।

"भिक्षुहो ! जस्तै कि योद्धाले धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर थर्कमान हुँदैन ध्वनिको आवाज सुनेर थर्कमान हुँदैन तर त्यहाँ उसमाथि प्रहार हुँदा हतासिन्छ अनि विपत्तिमा परेको ठान्छ । ठीक त्यही अनुरूप नै भिक्षुहो ! मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यस प्रकारका



Downloaded from http://dhamma.digital

यहाँ कोही कोही व्यक्ति हुन्छन् । भिक्षुहो ! भिक्षुहरूमा पनि यो चारौ योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ एक प्रकारको योद्धा धूलोको अग्रभाग देखेर थर्कमान हुँदैन, ध्वजाग्रभाग देखेर थर्कमान हुँदैन ध्वनिको आवाज सुनेर थर्कमान हुँदैन, उसमाथि प्रहार हुँदा पनि थर्कमान हुँदैन । ऊ त्यहाँ संग्राममा उत्रेर संग्राम विजयी हुन्छ र त्यहीं संग्राम भूमिको शिखरमा उभिन्छ । यहाँ संग्रामविजयी कस्लाई भन्ने ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी हुन्छ, वृक्षको छायाँमा बस्ने हुन्छ वा शून्यस्थानमा बस्ने हुन्छ । त्यहाँ स्त्री वा कुमारी गएर बसेकी हुन्छे, सँगै सुत्ने वा माथिसँगै सुत्ने हुन्छे । ऊ स्त्रीसँग बसेता पनि, सँगै सुतेता पनि, तलसँगै सुतेता पनि त्यसबाट अलग्गिएर वा संलग्नबाट मुक्त भएर जहाँ आफूलाई मन पर्छ त्यहाँ जान्छ । उसले एकान्त स्थान, वृक्षमुनि, पर्वत, कन्दरा, गुफा, मसान, वन मार्ग, खुल्ला आकाश वा परालको थ्रेर भएको ठाउँमा गएर बस्छ ।

"ऊ जङ्गलमा, वृक्षमुनि वा शुन्यस्थानमा गई शरीर सीधा पारी स्मृति सामुन्ने राखी पलेँटी मारेर बस्छ । उसले संसारबाट लोभ हटाएर, लोभरहित चित्तको भई विचरण गर्छ । लोभरहित भई चित्त परिशुद्ध पार्छ । द्वेष हटाएर, द्वेषरहित चित्तको भई विचरण गर्छ । उसले समस्त प्राणी वा समस्त सत्व-प्रति हितानुकम्पक द्वेषरहित भई चित्त परिशुद्ध पार्छ । शारीरिक र मानसिक स्त्यानमिद्ध (आलस्य) हटाएर, स्त्यानमिद्धरहित, आलोकसंज्ञी र स्मृतिसम्प्रजन्य भई स्त्यानमिद्धबाट चित्त परिशुद्ध पार्छ । शारीरिक र मानसिकबाट हुने (अकु-शल) कार्यबाट अस्थिरपन (औद्धत्य-कौकृत्य) रहित शान्त चित्त भई विचरण गर्छ । आफ्नो चित्त शान्त पार्छ । औद्धत्यकौकृत्यबाट चित्त परिशुद्ध पार्छ । शंकारहित शंकाबाट उत्तीर्ण भई विचरण गर्छ । कुशल धर्ममा शंकारहित हुन्छ । शंकालु हुनबाट चित्त परिशुद्ध पार्छ । यी प्रज्ञा दुर्बल पार्ने पञ्च नीवरण चित्तमैल हटाउँछ । कामभोगरहित,... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्–'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्याम प्राप्तगरी बस्छ ।

'उसको चित्तसमाहित, परिशुद्ध हुँदा, स्वच्छ हुंदा, मैलरहित हुँदा, क्लेश-



Downloaded from http://dhamma.digital

रहित हुँदा, मृदु हुँदा, कमलो हुँदा, स्थिर हुँदा तथा चञ्चल नहुँदा आश्रव क्षयको निम्ति चित्त झुकाउँछ। उसले यो 'दु:ख' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'दु:खसमुदय' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'दु:खनिरोध' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'दु:ख दु:खनिरोध हुने मार्ग' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'आश्रव' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'आश्रवसमुदय' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'आश्रवनिरोध' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यो 'आश्रव निरोध हुने मार्ग' हो भनी यथार्थसहित थाहा पाउँछ। उसले यसरी थाहा पाएपछि वा देखेपछि कामाश्रवबाट पनि चित्त विमुक्त हुन्छ, भवाश्रवबाट पनि चित्त विमुक्त हुन्छ अनि अविद्याश्रवबाट पनि चित्त विमुक्त हुन्छ। विमुक्त हुँदा विमुक्त भएँ भन्ने ज्ञान हुन्छ। जन्म क्षीण भयो, ब्रह्मचर्य पूरा भयो, गर्नु पर्ने गरी सकें अब उप्रान्त गर्नु पर्ने केही पनि बाँकीरहेन भनी थाहा हुन्छ। यसैलाई संग्राम विजयी भन्छ।

"जस्तो कि भिक्षुहो ! योद्धाले धूलाग्र भाग देखेर थर्कमान नहुने, ध्वजाग्र भाग देखेर थर्कमान नहुने, ध्वनि सुनेर थर्कमान नहुने, प्रहार हुँदा थर्कमान नहुने र संग्राम विजयी हुन्छ। संग्राम विजयी हुँदा संग्राम स्थलको शिखरमा बस्छ। त्यस अनुरूप नै भिक्षुहो ! त्यो व्यक्तिलाई भन्दछु। भिक्षुहो ! यस्तो पनि यहाँ कोही कोही व्यक्ति छन्। भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो पाँचौ योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ।"

## ६. दुतिययोधाजीविसुत्तं

७६. "भिक्षुहो ! यी पाँच प्रकारका योद्धाहरू लोकमा विद्यमान छन्। ती पाँच कस्ता कस्ता हुन् ? भिक्षुहो ! यहाँ कोही योद्धा ढाल-तरवार लिई, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ। ऊ त्यहाँ संग्राममा उत्साहित भई मेहनत गर्छ, उत्साहित भई भाग लिंदा अनि मेहनत गर्दा पनि उसलाई अरूले मार्छ र पराजित गर्छ। भिक्षुहो ! यस खालको पनि यहाँ कोही कोही योद्धा छन्। भिक्षुहो ! यस्तो पहिलो खालको योद्धा लोकमा विद्यमान छन्।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही कोही योद्धा ढाल-तरवार लिएर, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ। उसले संग्राममा उत्साहित भई मेहनत गर्छ। उत्साहित भई मेहनत गर्दा पनि उसलाई अरूले घाइते पार्छ। उसलाई (त्यहाँबाट) आफन्त कहाँ पुऱ्याउन लिएर जाँदै गर्दा त्यहाँ नपुग्दै बाटोमै मर्छ। भिक्षुहो ! यस खालको पनि यहाँ



Downloaded from http://dhamma.digital

कोही कोही योद्धा छन् । भिक्षुहो ! यस्तो दोस्रो खालको योद्धा लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही कोही योद्धा ढाल-तरवार लिएर, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । उसले संग्राममा उत्साहित भई मेहनत गर्छ । उत्साहित भई मेहनत गर्दा पनि उसलाई अरूले घाइते पार्छ । उसलाई आफन्तकहाँ पुऱ्याउँछ । उसलाई आफन्तले हेरविचार गर्छ । आफन्तले हेरविचार गर्दा गर्दै नै उसको मृत्यु हुन्छ । भिक्षुहो ! यस खालको पनि यहाँ कोही कोही योद्धा छन् । भिक्षुहो ! यस्तो तेस्रो खालको योद्धा लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही कोही योद्धा ढाल-तरवार लिएर, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । उसले संग्राममा उत्साहितभई मेहनत गर्छ । उत्साहित भई मेहनत गर्दा पनि उसलाई अरूले घाइते पार्छ । उसलाई आफन्तकहाँ पुऱ्याउँछ । उसलाई आफन्तले हेरविचार गर्छ । आफन्तले हेरविचार गर्दा वा सेवा गर्दा त्यस कष्टबाट मुक्त हुन्छ । भिक्षुहो ! यस खालको पनि यहाँ कोही कोही योद्धा छन् । भिक्षुहो ! यस्तो चौथो खालको योद्धा लोकमा विद्यमान छन् ।

"भिक्षुहो ! अनि फेरि अर्को यहाँ कोही कोही योद्धा ढाल-तरवार लिएर, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । ऊ त्यस संग्राममा विजयी भई संग्राम भूमिको शिखर स्थानमा बस्छ । भिक्षुहो ! यस खालको पनि यहाँ कोही कोही योद्धा छन् । भिक्षुहो ! यस्तो पाँचौ खालको योद्धा लोकमा विद्यमान छन् । भिक्षुहो ! संसारमा यी नै पाँच खालको योद्धा विद्यमान छन् ।

"भिक्षुहो ! यी पाँच योद्धासमानका व्यक्तिहरू अर्थात भिक्षुहरूमा पनि छन् । ती पाँच कस्ता कस्ता हुन् ? भिक्षुहो ! यहाँ कोही भिक्षु कुनै एउटा गाउँ वा नगरको आश्रयमा विचरण गर्छ । उसले पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर लिएर शरीर असुरक्षित, वचन असुरक्षित, चित्त असुरक्षित, स्मृति अनुपस्थित अनि इन्द्रिय असंयमित भई भोजनको निम्ति गाउँ वा नगरमा प्रवेश गर्छ । उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्छ । उसले त्यहाँ बेढंग गरी वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्दा रागले भिक्षुको चित्त बिगारी दिन्छ । ऊ रागद्वारा विध्वंश चित्तको भई शिक्षाको ख्याल नगरि अनि दुर्बलता प्रकट नगरि मैथुन सेवन गर्छ ।

"भिक्षुहो ! जस्तै कि यहाँ कोही योद्धा ढाल-तरवार लिई, धनुष-वाणसहित



Downloaded from http://dhamma.digital

कवचधारी भई घोर संग्राममा उत्रिन्छ । ऊ त्यहाँ संग्राममा उत्साहित भई मेहनत गर्छ, उत्साहित भई भाग लिंदा अनि मेहनत गर्दा पनि उसलाई अरूले मार्छ र पराजित गर्छ । भिक्षुहो ! यो उपमा जस्तै नै मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यहाँ यस खालको व्यक्ति पनि छ । भिक्षुहरू मध्येमा पनि यो पहिलो योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहो ! यहाँ कोही भिक्षु कुनै एउटा गाउँ वा नगरको आश्रयमा विचरण गर्छ । उसले पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर लिएर शरीर असुरक्षित, वचन असुरक्षित, चित्त असुरक्षित, स्मृति अनुपस्थित अनि इन्द्रिय असंयमित भई भोजनको निम्ति गाउँ वा नगरमा प्रवेश गर्छ । उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्छ । उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्दा रागले भिक्षुको चित्त बिगारी दिन्छ । रागद्वारा उसको चित्त बिग्रिंदा शरीर र मनमा जलन हुन्छ । उसलाई यस्तो हुन्छ– म आराममा गई भिक्षुहरूलाई यो कुरा किन नभनौं ! 'आवुसो ! रागद्वारा म ग्रसित हुनाले रागबाट म मुक्त हुन सकिन । ब्रह्मचर्यमा रहन नसक्नाले शिक्षा त्यागेर आफ्नो दुर्बल प्रकट गरी हिन मार्गमा लाग्नेछु । ऊ विहारमा जाँदै गर्दा विहारमा नपुग्दै बाटोमै शिक्षासम्बन्धी दुर्बल प्रकट गरी शिक्षा त्यागेर हिनमार्गी हुन्छ ।

"भिक्षुहो ! जस्तै कि योद्धाले ढाल-तरवार लिएर, धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । उसले संग्राममा उत्साहित भई मेहनत गर्छ । उत्साहित भई मेहनत गर्दा पनि उसलाई अरूले घाइते गरी दिन्छ । उसलाई आफन्तकहाँ पुऱ्याउन लिएर जाँदै गर्दा त्यहाँ नपुग्दै बाटोमै मर्छ । भिक्षुहो ! यो उपमा जस्तै नै मैले त्यो व्यक्तिलाई भन्दछु । भिक्षुहो ! यहाँ यस किसिमको व्यक्ति पनि छ । भिक्षुहो ! भिक्षुहरूमा पनि यो दोस्रो योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहो ! यहाँ कोही भिक्षु कुनै एउटा गाउँ वा नगरको आश्रयमा विचरण गर्छ । उसले पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर लिएर शरीर असुरक्षित, वचन असुरक्षित, चित्त असुरक्षित, स्मृति अनुपस्थित अनि इन्द्रिय असंयमित गरी भोजनको निम्ति गाउँ वा नगरमा प्रवेश गर्छ । ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्छ । उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्दा रागले भिक्षुको चित्त बिगारी दिन्छ । रागद्वारा उसको चित्त बिग्रिंदा शरीर र मनमा जलन हुन्छ । उसलाई यस्तो हुन्छ– म



Downloaded from http://dhamma.digital

आराममा गई भिक्षुहरूलाई यो कुरा किन नभनौं ! 'आवुसो ! रागद्वारा म ग्रसित हुनाले रागबाट म मुक्त हुन सकिन । ब्रह्मचर्यमा रहन नसक्नाले शिक्षा त्यागेर आफ्नो दुर्बल प्रकट गरी हिन मार्गमा लाग्नेछु । ऊ विहारमा गई भिक्षुहरूलाई भन्छ– 'आवुसोहो ! म रागको वशीभूत भएँ, रागको अधिनमा भएँ तथा मैले ब्रह्मचर्य पालन गर्न सक्दिन । मैले शिक्षा त्यागेर आफ्नो दुर्बलता प्रकट गरिकन हिनमार्गी हुन्छु ।

"भिक्षुहो ! उसलाई सब्रह्मचारीले उपदेश तथा अनुशासन गर्छ– 'आवुसो ! भगवानले कामभोगमा अल्प स्वाद, धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई मांसपेशीसमान धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई तृणको मशालसमान धेरै दुःख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई अंगारको खाल्डोसमान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई भनेको मागिने भिखसमान धेरै दुःख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई वृक्षको फलसमान धेरै दुःख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई वधगृहसमान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई काँडेबार समान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नुभएको छ । भगवानले कामभोगलाई सर्पको शिरसमान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ । आयुष्मान ! यस ब्रह्मचर्य रमाउनु, आयुष्मान ! शिक्षामा दुर्बलता प्रकट नगर अनि शिक्षा त्याग गरी हिनमार्गी नहुनु ।"

सब्रह्मचारीद्वारा उसलाई उपदेश तथा अनुशासन गर्दा पनि उसले भन्छ– "आयुष्मानहो ! भगवानले कामभोगमा अल्पस्वाद, धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएता पनि मैले ब्रह्मचर्य धारण गरी बस्न सक्दिन । मैले आफ्नो दुर्बलता प्रकट गर्नुकासाथै शिक्षा त्यागी हिनमार्गी हुन्छु ।" उसले शिक्षा-दुर्बलता प्रकट गरी शिक्षा त्यागी हिनमार्गी हुन्छ ।

"भिक्षुहो ! जस्तै कि योद्धाले ढाल-तरवार लिएर, धनुष-वाण सहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । उसले संग्राममा उत्साहित भई मेहनत



Downloaded from http://dhamma.digital

गर्छ। उत्साहित भई मेहनत गर्दा पनि उसलाई अरूले घाइते गरी दिन्छ। उसलाई त्यहाँबाट आफन्तकहाँ लान्छ। आफन्तले उसलाई हेरविचार तथा सेवासुश्रुषा गर्छ। आफन्तले हेरविचार र सेवासुश्रुषा गर्दागर्दै नै त्यस आघातबाट उसको मृत्यु हुन्छ। भिक्षुहो ! यो उपमा जस्तै नै मैले त्यो व्यक्तिलाई भन्दछु। भिक्षुहो ! यहाँ यस खालको व्यक्ति पनि छ। भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो तेस्रौं योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ।"

अनि फेरि अर्को भिक्षुहो ! यहाँ कोही भिक्षु कुनै एउटा गाउँ वा नगरको आश्रयमा विचरण गर्छ। उसले पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर लिएर शरीर असुरक्षित, वचन असुरक्षित, चित्त असुरक्षित,
स्मृति अनुपस्थित अनि इन्द्रिय असंयमित भई भोजनको निम्ति गाउँ वा नगरमा प्रवेश गर्छ। उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्छ। उसले त्यहाँ ठीकसँग वस्त्र नलाएकी अथवा राम्रोसँग ढाकेर वस्त्र नलाएकी स्त्रीलाई देख्दा रागले भिक्षुको चित्त बिगारी दिन्छ। रागद्वारा उसको चित्त बिग्रिंदा शरीर र मनमा जलन हुन्छ। उसलाइ यस्तो हुन्छ– म आराममा गई भिक्षुहरूलाई यो कुरा किन नभनौं ! 'आवुसो ! रागद्वारा म ग्रसित हुनाले रागबाट म मुक्त हुन सकिन। ब्रह्मचर्यमा रहन नसक्नाले शिक्षा त्यागेर आफ्नो दुर्बल प्रकट गरी हिन मार्गमा लाग्नेछु। ऊ विहारमा गई भिक्षुहरूलाई भन्छ– 'आवुसोहो ! म रागको वशीभूत भएँ, रागको अधिनमा भएँ तथा मैले ब्रह्मचर्य पालन गर्न सक्दिन। मैले शिक्षा त्यागेर आफ्नो दुर्बलता प्रकट गरी हिनमार्गी हुन्छु।

"भिक्षुहो ! उसलाई सब्रह्मचारीले उपदेश तथा अनुशासन गर्छ– 'आवुसो ! भगवानले कामभोगमा अल्प स्वाद, धेरै दु:ख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई मांसपेशीसमान धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई तृणको मशालसमान धेरै दु:ख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई अंगारको खाल्डोसमान धेरै दु:ख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोग-लाई मांगिने भिखसमान धेरै दु:ख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई वृक्षको फलसमान धेरै दु:ख, धेरै हैरान पार्ने र धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई वधगृहसमान धेरै दु:ख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ। भगवानले कामभोगलाई काँडेबार



Downloaded from http://dhamma.digital

समान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ । भगवानले कामभोगलाई सर्पको शिरसमान धेरै दुःख, धेरै हैरान पार्ने र यसमा धेरै नै दुष्परिणामहरू छन् भनी भन्नु भएको छ । आयुष्मान ! यस ब्रह्मचर्य रमाउनु, आयुष्मान ! शिक्षामा दुर्बलता प्रकट गर तर शिक्षा त्यागी हिनमार्गी नहुनु ।"

सब्रह्मचारीद्वारा उसलाई उपदेश तथा अनुशासन गर्दा उसले भन्छ– "आयुष्मानहो ! त्यसोभए मैले हिम्मत गर्छु, मेहनत गर्छु अनि यसैमा रमाउँछु । आयुष्मानहो ! शिक्षामा दुर्बलता प्रकट गरी शिक्षाको परित्याग गर्दिन तथा हिनमार्गी हुँदिन ।"

"भिक्षुहो ! जस्तो कि योद्धा ढाल-तरवार लिएर, धनुष-वाण-सहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । उसले संग्राममा उत्साहित भई मेहनत गर्छ । उत्साहितभई मेहनत गर्दा पनि उसलाई अरूले घाइते पार्छ । उसलाई आफन्तकहाँ पुऱ्याउँछ । उसलाई आफन्तले हेरविचार गर्छ । आफन्तको हेरविचारले गर्दा वा सेवाले गर्दा त्यस कष्टबाट मुक्त हुन्छ । भिक्षुहो ! यस खालको पनि यहाँ कोही कोही योद्धा छन् ।" भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो चौथौं योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ ।"

"अनि फेरि अर्को भिक्षुहो ! यहाँ कोही भिक्षु कुनै एउटा गाउँ वा नगरको आश्रममा विचरण गर्छ । उसले पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर लिएर शरीर सुरक्षित, वचन सुरक्षित, चित्त सुरक्षित, स्मृतिवान र इन्द्रिय संयम गरी भोजनको निम्ति गाउँ वा नगरमा प्रवेश गर्छ । उसले चक्षुद्वारा द्वारा रूप देख्दा निमित्तग्राही र व्यञ्जनग्राही हुँदैन । जुन कारणले गर्दा चक्षु इन्द्रिय असंयमित हुँदा लोभ र द्वेषरूपी पापमय अकुशल धर्मले आश्रय पाउँछ । त्यसमा संवर हुन कटिबद्ध हुन्छ । चक्षु इन्द्रिय रक्षा गर्छ तथा चक्षु इन्द्रियमा संयमित हुन्छ । श्रोतद्वारा शब्द ... जिव्हाद्वारा रस ... शरीरद्वारा स्पर्श ... मनद्वारा धर्म (बिषय) मा निमित्तग्राही र व्यञ्जनग्राही हुँदैन । जुन कारणले गर्दा मन इन्द्रिय असंयमित हुँदा लोभ र द्वेषरूपी पापमय अकुशल धर्मले आश्रय पाउँछ । त्यसमा संवर हुन कटिबद्ध हुन्छ । मन इन्द्रिय रक्षा गर्छ तथा मन इन्द्रियमा संयमित हुन्छ । ऊ भोजनपछि पिण्डपात्र ठाउँमा राखी एकान्तमा ध्यान बस्न रुचाउँछ । जङ्गल, वृक्षमूल, पर्वत, कन्दरा, पर्वत, गुफा, मसान, वन मार्ग, खुला आकाश वा परालको थेरमा उसले शरीर सीधा राखिकन अनि स्मृति सामुन्ने राखी ध्यानमा बस्छ । ऊ लोभरहित ... पञ्च नीवरणबाट मुक्त भई, चित्त क्लेशलाई प्रज्ञाद्वारा दुर्बल पारेर कामभोगबाट रहित,... प्रीति हटाएर उपेक्षावान, स्मृतिबान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान)



Downloaded from http://dhamma.digital

भई शरीर-द्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्यश्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ ।

"ऊ यसरी समाहित चित्त हुँदा, परिशुद्ध हुँदा, स्वच्छ हुँदा, निर्दोष हुँदा, निर्मल हुँदा, मृदु हुँदा, कर्मनीय र स्थिर हुँदा आश्रव क्षय हुने ज्ञानतिर चित्त लगाउँछ । यो 'दुःख' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःखसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःखनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'दुःख निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रव' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रवसमुदय' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रवनिरोध' हो भनी यथार्थसहित जानेको हुन्छ । यो 'आश्रव निरोध हुने मार्ग' हो भनी यथार्थसहित जानेको हुन्छ । त्यसलाई जानेपछि, देखेपछि कामाश्रवबाट पनि चित्तविमुक्त हुन्छ, भवाश्रवबाट पनि चित्तविमुक्त हुन्छ अविद्याश्रवबाट पनि चित्तविमुक्त हुन्छ । विमुक्त हुँदा विमुक्त भएँ भन्ने ज्ञान हुन्छ । जन्म क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो अनि गर्नु पर्ने गरिसकेँ, अब उप्रान्त यो भन्दा गर्नु पर्ने अरू केही छैन भन्ने ज्ञान हुन्छ ।

"भिक्षुहो ! जस्तो कि योद्धा ढाल-तरवार लिएर धनुष-वाणसहित कवचधारी भई घोर संग्राममा उत्रिन्छ । ऊ त्यहाँ संग्राम विजयी भई संग्राम भूमिको शिखरमा बस्छ । भिक्षुहो ! यो उपमा जस्तै नै मैले त्यस व्यक्तिलाई भन्दछु । भिक्षुहो ! भिक्षुहरू मध्येमा पनि यो पाँचौं योद्धासमान उपमा दिन मिल्ने व्यक्ति विद्यमान छ । भिक्षुहो ! यी नै पाँच प्रकारका योद्धाको उपमासमान भिक्षुहरू मध्येमा पनि विद्यमान छन् ।"

## ७. पठमअनागतभयसुत्तं

७७. "भिक्षुहो ! यी पाँच अनागतमा हुने भय दर्शी भई आरण्यक भिक्षुले अप्रमादी, प्रयत्नरत र मेहनती भई प्राप्त नभएको प्राप्त गर्न, अनधिकार अधिकार पाउन र साक्षात्कार नभएको साक्षात्कार गर्नमा लाग्नु आवश्यक छ ।

"ती पाँच के के हुन् ? यहाँ आरण्यक भिक्षुले यसरी विचार गर्छ– 'अहिले म एक्लै जङ्गलमा विचरण गरिरहेको छु । म एक्लै जङ्गलमा विचरण गरिरहँदा सर्पले डंस्न सक्छ, विच्छीले टोक्न सक्छ, खजुरोले टोक्न सक्छ, त्यस



Downloaded from http://dhamma.digital

टोकाइले मेरो मृत्यु हुनसक्छ । यो मेरो निम्ति विपत्ति हो । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएका साक्षात्कार गर्न आरम्भ गर्न आवश्यक छ ।' भिक्षुहो ! आरण्यक भिक्षुले यो पहिलो अनागत भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले म एक्लै जङ्गलमा विचरण गरिरहेको छु । म एक्लै जङ्गलमा विचरण गरिरहँदा चिप्लेर लड्न सक्छ, खानपानमा प्रतिकूल हुनसक्छ, पित्तबाट प्रकुपित हुनसक्छ, कफबाट प्रकुपित हुनसक्छ, श्वास लिंदा वायु प्रकुपित हुनसक्छ र मेरो ज्यान जानसक्छ । यो मेरो निम्ति विपत्ति हो । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न आरम्भ गर्न आवश्यक छ ।' भिक्षुहो ! आरण्यक भिक्षुले यो दोस्रो अनागत भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले म एक्लै जङ्गलमा विचरण गरिरहेको छु । म एक्लै जङ्गलमा विचरण गरिरहँदा हिंस्रक जन्तुको सामना गर्नुपर्ने हुन्छ, सिंह, बाघ, चितुवा, भालू र बनेलले मेरो ज्यान लिनसक्छ । त्यसबाट मेरो मृत्यु हुनसक्छ । यो मेरो निम्ति विपत्ति हो । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न आरम्भ गर्न आवश्यक छ ।' भिक्षुहो ! आरण्यक भिक्षुले यो तेस्रो अनागत भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले म एक्लै जङ्गलमा विचरण गरिरहेको छु । म एक्लै जङ्गलमा विचरण गरिरहँदा चोरेर आउने चोर वा चोर्न जाने चोरसँग भेट हुनसक्छ । उसले मेरो ज्यान लिनसक्छ । त्यसबाट मेरो मृत्यु हुनसक्छ । यो मेरो निम्ति विपत्ति हो । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न आरम्भ गर्न आवश्यक छ ।' भिक्षुहो ! आरण्यक भिक्षुले यो चौथो अनागत भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षा-



Downloaded from http://dhamma.digital

त्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ–'अहिले म एक्लै जङ्गलमा विचरण गरिरहेको छु । म एक्लै जङ्गलमा विचरण गरिरहँदा हिंस्रक अमनुष्यसँग भेट हुनसक्छ । उसले मेरो ज्यान लिनसक्छ । त्यसबाट मेरो मृत्यु हुनसक्छ । यो मेरो निम्ति विपत्ति हो । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न आरम्भ गर्न आवश्यक छ ।' भिक्षुहो ! आरण्यक भिक्षुले यो पाँचौं अनागत भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।

"भिक्षुहो ! भिक्षुहरूले यी नै पाँच प्रकारका अनागतमा हुने भय-दर्शी भइकन अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधि-कारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्दै विचरण गर्नु आवश्यक छ ।"

## ८. दुतियअनागतभयसुत्तं

७७ "भिक्षुहो ! यी पाँच अनागतमा हुने भयदर्शी भई आरण्यक भिक्षुले अप्रमादी, प्रयत्नरत र मेहनती भई प्राप्त नभएको प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन र साक्षात्कार नभएको साक्षात्कारमा लाग्नु आवश्यक छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले म सुकुमार छु, युवक हुँ, केश कालै छ, भद्र यौवनसम्पन्नै छ अनि पहिलो वैंशको हुँ । एक दिन यस्तो समय आउँछ जुन कि यो शरीर बूढो हुन्छ, बूढो हुँदा, जीर्णताले ग्रसित हुँदा त बुद्धले दिनुभएको उपदेश मनमा धारण गर्न स-हज हुँदैन अनि जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न सहज हुँदैन । अनिष्टकर, असुन्दर र अप्रियकर त्यो दिन आउनेछ । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न छिट्टै वीर्यारम्भ गर्नुपर्छ । जुन जुन धर्ममा सम्पन्न हुनुपर्छ । त्यस त्यसमा सम्पन्न हुँदा त पछि बूढो हुँदा आनन्दसाथ बिताउन पाउनेछु । भिक्षुहो ! यो पहिलो अनागतमा हुने भयदर्शी हुँदै भिक्षुहरू अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले म अल्प रोगी, अल्प आतङ्कित, खाएको पचाउन सक्ने, न अति शीत,



Downloaded from http://dhamma.digital

न अति उष्ण, मध्यमावस्था र सामर्थ्यवान छु । एक दिन यस्तो समय आउन सक्छ कि शरीरमा रोग लाग्न सक्छ, रोगी हुँदा, रोग ग्रस्त हुँदा त बुद्धले दिनुभएको उपदेश मनमा धारण गर्न सहज हुँदैन अनि जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न सहज हुँदैन । अनिष्टकर, असुन्दर र अप्रियकर त्यो दिन आउनेछ । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न छिट्टै वीर्यारम्भ गर्नुपर्छ । जुन जुन धर्ममा सम्पन्न हुनुपर्छ त्यस त्यसमा सम्पन्न हुँदा त पछि रोगी हुँदा आनन्दसाथ बिताउन पाउनेछु । भिक्षुहो ! यो दोस्रो अनागतमा हुने भयदर्शी हुँदै भिक्षुहरू अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले सुभिक्ष छ, उब्जाउ राम्रो छ, भोजन सुलभ र आहार संकलित गरी जीउन सजिलो छ । एकदिन यस्तो समय आउन सक्छ जब कि दुर्भिक्ष हुन्छ, उब्जाउ राम्रोसित नहुँदा भोजन दुर्लभ हुन्छ अनि आहार संकलित गरी जीउन गाह्रो हुन्छ । दुर्भिक्ष हुँदा मानिसहरू जहाँ सुभिक्ष हुन्छ त्यहाँ जानेछन् । त्यहाँ भीडमै बस्नुपर्छ वा धेरै मानिससँग बस्नु पर्ने हुन्छ । भीडमा पर्दा वा धेरै मानिससँग बस्नु पर्दा बुद्धको उपदेश मनमा धारण गर्नु सहज हुँदैन । जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न सहज हुँदैन । अनिष्टकर, असुन्दर र अप्रियकर त्यो दिन आउनेछ । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न छिट्टै वीर्यारम्भ गर्नुपर्छ । जुन पछि दुर्भिक्ष हुँदा आनन्दसाथ बिताउन पाउँछु । भिक्षुहो ! यो तेस्रो अनागतमा हुने भयदर्शी हुँदै भिक्षुहरू अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ– 'अहिले मानिसको मेलजोल राम्रो छ, संगठित छ, विवादरहित छ, दूधपानी जस्तै छ, एकले अर्कोलाई प्रिय दृष्टिले हेर्ने गर्छ । एकदिन यस्तो समय आउन सक्छ जब कि भयभीत हुनुपर्नेछ, जब जङ्गली मनुष्य प्रकुपित हुन्छ, जब जनपदका मानिसहरू रथको चक्कामा चढेर यताउत भौंतारिनु पर्नेछन् । मानिसहरू भयभीत हुँदा जहाँ निर्भयस्थल हो त्यहाँ जानेछन् । त्यहाँ भीडमै बस्नु पर्छ वा धेरै मानिससँग बस्नु पर्नेछ । भीडमा पर्दा वा धेरै मानिससँग बस्नु पर्दा बुद्धको उपदेश मनमा धारण गर्नु सहज हुँदैन । जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न सहज हुँदैन । अनिष्टकर, असुन्दर र



Downloaded from http://dhamma.digital

अप्रियकर त्यो दिन आउनेछ । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न छिट्टै वीर्यारम्भ गर्नुपर्छ । जुन पछि भयावह हुँदा आनन्दसाथ बिताउन पाउनेछु । भिक्षुहो ! यो चौथो अनागतमा हुने भयदर्शी हुँदै भिक्षुहरू अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।

"भिक्षुहो.! अनि फेरी अर्को यहाँ भिक्षुले यसरी विचार गर्छ 'अहिले संघको मेलजोल राम्रो छ, संगठित छ, विवादरहित छ, उद्देश्य एउटै र सुखपूर्वक छ । एकदिन यस्तो समय आउनसक्छ जब कि संघ भेद हुन्छ, संघ भेद हुँदा बुद्धको उपदेश मनमा धारण गर्नु सहज हुँदैन । जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न सहज हुँदैन । अनिष्टकर, असुन्दर र अप्रियकर त्यो दिन आउनेछ । अतः यो मेरो निम्ति उचित हो कि अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न छिट्टै वीर्यारम्भ गर्नुपर्छ । जुन पछि संघभेद हुँदा आनन्दसाथ बिताउन पाउनेछु । भिक्षुहो ! यो पाँचौ अनागतमा हुने भयदर्शी हुँदै भिक्षुहरू अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।

"भिक्षुहो ! भिक्षुहरूले यी नै पाँच प्रकारका अनागतमा हुने भयदर्शी हुँदै अप्रमादी, प्रयत्नशील र मेहनती भई अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्नेतिर लाग्नुपर्छ ।"

### ९. ततियअनागतभयसुत्तं

८९. "भिक्षुहो ! पाँच प्रकारका अनागतमा हुने भयहरू अहिले आएको छैन तर भविष्यमा आउनेछन् । त्यसलाई बुझ्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! अनागतमा भिक्षुहरू शरीर संयम गर्ने भावनामा लाग्दैन । शील पालन गर्ने भावनामा लाग्दैन । चित्तसंयम गर्ने भावनामा लाग्दैन अनि प्रज्ञावान हुने भावनामा लाग्दैन । तिनीहरू शरीर संयमित नभई, शील पालन नगरी, चित्त संयमित नभई अनि प्रज्ञावान नभइकन अरूलाई उपसम्पदा (पूर्ण-भिक्षुत्व) गरिदिन्छ । उनीहरू पनि शरीर संयम गर्ने विषय, शील पालन गर्नुपर्ने विषय, चित्तसंयम विषय अनि प्रज्ञा विषयमा शि-



Downloaded from http://dhamma.digital

विषय, शील पालन गर्नुपर्ने विषय, चित्तसंयम विषय अनि प्रज्ञा विषयमा शिक्षित पार्न सक्दैनन् । त्यसैले उनीहरू पनि शरीर संयमित गर्ने विषय, शील विषय, चित्तको र प्रज्ञाको विषयमा शिक्षित पार्न सक्दैनन् । त्यसैले उनीहरू पनि अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको भई अरूलाई उपसम्पदा गर्छ । तिनीहरू पनि शरीरसंयम गर्ने विषय, शील पालन गर्नु पर्ने विषय, चित्त विषय अनि प्रज्ञा विषयमा शिक्षित पार्न सक्दैनन् । उनीहरू पनि अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । भिक्षुहो ! धर्मको निम्ति यो मलिनता हो । विनयको निम्ति यो मलिनता हो । विनय मलिन हुँदा धर्म पनि मलिन हुन्छ । जुन अहिले भएको छैन तर पछि हुनेछ । भिक्षुहो ! यो पहिलो अनागतमा हुने भय हो । त्यसलाई बुझी राख्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । तिनीहरू अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको भई अरूलाई आश्रय दिन्छ । तिनीहरूले पनि शरीर विषय, शील विषय, चित्त विषय र प्रज्ञा विषयमा शिक्षित पार्न सक्दैनन् । तिनीहरू पनि अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । तिनीहरू अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको भई अरूलाई आश्रय दिन्छ । तिनीहरू पनि शरीर विषय, शील विषय, चित्त विषय र प्रज्ञा विषयमा शिक्षित पार्न सक्दैनन् । तिनीहरू पनि अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । भिक्षुहो ! धर्मको निम्ति यो मलिनता हो । विनयको निम्ति मलिनता हो । विनय मलिन हुँदा धर्म पनि मलिन हुन्छ । जुन अहिले भएको छैन तर पछि हुनेछ । भिक्षुहो ! यो दोस्रो अनागतमा हुने भय हो । त्यसलाई बुझी राख्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । तिनीहरू अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुँदा अभिधर्म (विशिष्ट धर्मका कुरा) र वेदल्लको कथा वाचन गर्दा अधर्मी हुँदा बुझ्न सक्दैन । भिक्षुहो ! धर्मको निम्ति यो मलिनता हो । विनयको निम्ति मलिनता हो । विनय मलिन हुँदा धर्म पनि मलिन हुन्छ । जुन अहिले भएको छैन तर पछि हुनेछ । भिक्षुहो ! यो तेस्रो अनागतमा हुने भय हो । त्यसलाई बुझी राख्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाका हुनेछन् । तिनीहरू अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञा हुँदा जुन तथागतबाट उपदेशित गम्भीर, गम्भीर अर्थ भएको लोकुत्तर तथा शून्यताप्रति संयुक्तरहंको जुन सूत्र हो त्यो उपदेश दिंदा सुन्न चाहँदैन, ध्यान दिंदैन, तथा जान्नको निम्ति चित्त लगाउँदैनन् । न त त्यो धर्म सिक्न योग्य छ भनी मान्नेछन् । न त त्यो पाठ गर्न योग्य छ भनी मान्नेछन् । तर जुन यस्तो सूत्र हुन्छ– कविता, काव्य, सुन्दर अक्षर र सुन्दर व्यञ्जनको जुन बाह्य हुन्, श्रावक भाषित जुन सूत्र हो त्यो उपदेश दिंदा सुन्छ, ध्यान दिन्छ, जान्नको निम्ति मन लगाउँछ, त्यो धर्म सिक्न योग्य छ भनी मान्नेछन् अनि त्यो पाठ गर्न योग्य छ भनी मान्नेछन् । भिक्षुहो ! धर्मको निम्ति यो मलिनता हो । विनयको निम्ति मलिनता हो । विनय मलिन हुँदा धर्म पनि मलिन हुन्छ । जुन अहिले भएको छैन तर पछि हुनेछ । भिक्षुहो ! यो चौथो अनागतमा हुने भय हो । त्यसलाई बुझी राख्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुन्छ । तिनीहरू अभावित शरीर, अभावित शील, अभावित चित्त र अभावित प्रज्ञाको हुँदा धेरै नै जोड्न र बटुल्नमा लाग्छ । प्रयत्नमा शिथिल हुन्छ । पतनतिरं अग्रसर हुन्छ । एकान्त जीवनबाट उदासीन हुन्छ । तिनीहरूले अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न प्रयत्नशील हुँदैन । त्यस्ता मानिसको अनुकरण गर्ने मान्छे पनि त्यस्तै हुन्छ । उनीहरू पनि जोड्न र बटुल्नमा लाग्छ । प्रयत्नमा शिथिल हुन्छ । पतनतिर अग्रसर हुन्छ । एकान्त जीवनबाट उदासीन हुन्छ । तिनीहरूले अप्राप्ति प्राप्त गर्न, अनधिकारमा अधिकार पाउन अनि साक्षात्कार नभएको साक्षात्कार गर्न प्रयत्नशील हुँदैन । भिक्षुहो ! धर्मको निम्ति यो मलिनता हो । विनयको निम्ति मलिनता हो । विनय मलिन हुँदा धर्म पनि मलिन हुन्छ । जुन अहिले भएको छैन तर पछि हुनेछ । भिक्षुहो ! यो पाँचौ अनागतमा हुने भय हो । त्यसलाई बुझी राख्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।"

## १०. चतुत्थअनागतभयसुत्तं

८०. "भिक्षुहो ! "भिक्षुहो ! पाँच प्रकारका अनागतमा हुने भयहरू अहिले भएको छैन तर अनागतमा हुनेछ । त्यसलाई बुझ्नुपर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

"ती पाँच के के हुन् ? भिक्षुहो ! अनागतमा भिक्षुहरू राम्रो चीवरको चाहना गर्छ । उनीहरू राम्रो चीवरको चाहना हुँदा पंसुकूल चीवरको चाहना गर्दैनन् । उनीहरू जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न रुचाउँदैनन् । उनीहरू गाउँ, शहर र राजधानीतिर गएर बस्नेछन् । उनीहरूले चीवरको निम्ति नानाथरीका अकरणीय कार्यमा लाग्नेछन् । भिक्षुहो ! यो पहिलो अनागत भय हुन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यो विषय बुझ्नुपर्छ अनि बुझेर हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा राम्रो, स्वादिष्ट भोजनको चाहना गर्छ । उनीहरूले स्वादिलो भोजनको चाहनाले गर्दा भिक्षाटनबाट विमुख हुनेछन् । उनीहरू जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न रुचाउँदैनन् । उनीहरू गाउँ, शहर र राजधानीतिर गएर बस्नेछन् । उनीहरूले जिह्वाबाट मिठो मिठो रसास्वाद खोज्ने हुन्छन् । उनीहरू स्वादिष्ट भोजनको लागि नाना प्रकारका अकरणीय कार्यमा लाग्ने हुन्छन् । भिक्षुहो ! यो दोस्रो अनागत भय हुन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यो विषय बुझ्नुपर्छ अनि बुझेर हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा राम्रो शयनासन रुचाउँछन् । उनीहरूले राम्रो शयनासन रुचाउनाले जङ्गलमा, वृक्षमूलमा र जङ्गलको बाटोमा शयनासनको सेवन गर्न रुचाउँ दैनन् । उनीहरू गाउँ, शहर र राजधानीतिर गएर बस्नेछन् । उनीहरूले राम्रो शयनासनको लागि नाना प्रकारका अकरणीय कार्यमा लाग्ने हुन्छन् । भिक्षुहो ! यो तेस्रो अनागत भय हुन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यो विषय बुझ्नु पर्छ अनि बुझेर हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा भिक्षुणीहरूसँग, शिक्षार्थीहरूसँग र श्रामणेर हुन आउनेसँग मेलजोल गरी बस्नेछन् । भिक्षुहो ! भिक्षुणी, शिक्षार्थी र श्रामणेर हुन आउनेसँग मेलजोल गरी बस्दा यही आश गर्न सकिन्छ कि उनीहरू ब्रह्मचर्यमा अनिच्छुक हुनेछन् अथवा चित्त मैलसम्बन्धी कुनै न कुनै दोषका भागी हुनेछन्, कि त शिक्षा परित्याग गरी हीनमार्गी हुनेछन् । भिक्षुहो ! यो चौथो अनागत भय हुन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यो विषय बुझ्नुपर्छ अनि बुझेर हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू अनागतमा आरामिक र श्रमणुद्देश्यकसँग मेलजोल गरी बस्नेछन् । भिक्षुहो ! आरामिक र श्रमणुद्देश्यकसँग मेलजोल



Downloaded from http://dhamma.digital

गरी बस्दा यो आश गर्न सकिन्छ कि उनीहरू नाना प्रकारका परिभोग संग्रह गर्नेछन् । उनीहरू पृथ्वीमा अनि हरियाली स्थलमा पनि ठूल्ठूला काम-काज गर्नेछन् । । भिक्षुहो ! यो पाँचौ अनागत भय हुन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यो विषय बुझ्नुपर्छ अनि बुझेर हटाउन प्रयास गर्नुपर्छ ।

"भिक्षुहो ! यी नै पाँच प्रकारका भयहरू अनागतमा हुनेछन् । जुन अहिले छैन तर अनागतमा हुनेछ । यसलाई बुझ्नु पर्छ अनि बुझेर त्यसलाई हटाउन प्रयास गर्नु पर्छ ।"

Downloaded from http://dhamma.digital

## ९. थेरवग्गो

### १. रजनीसुत्तं

८१."भिक्षुहो ! पाँच प्रकारका धर्मयुक्त थेर (स्थविर) भिक्षु सब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र अनादरणीय हुनेछन् । ती पाँच के के हुन् ? अनुरागको विषयमा अनुरागी हुन्छ, द्वेषको विषयमा द्वेषी हुन्छ, मोहको विषयमा मोहित हुन्छ, कुपित विषयमा कुपित हुन्छ अनि अहंकारको विषमा अहंकारी हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् ।

"भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् । ती पाँच के के हुन् ? अनुरागको विषयमा अनुरागी हुँदैन, द्वेषको विषयमा द्वेषी हुँदैन, मोहको विषयमा मोहित हुँदैन, कुपित विषयमा कुपित हुँदैन अनि अहंकारको विषमा अहंकारी हुँदैन । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र सम्मानित हुनेछन् ।"

### २. वीतरागसुत्तं

"भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् । ती पाँच के के हुन् ? रागरहित, द्वेषरहित, मोहरहित हुँदैन, म्रक्ष र ईर्ष्यालु हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु ब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् ।

"भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् । ती पाँच के के हुन् ? रागरहित, द्वेषरहित, मोहरहित, म्रक्षरहित र ईर्ष्यारहित हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।"

### ३. कुहकसुत्तं

८३. "भिक्षुहो ! पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका अप्रिय, मनोनुकूल नहुने, हलुको र अनादरणीय हुन्छन् । ती पाँच के के हुन् ? ढोंगी, खुसामदी, बाह्यलक्षणमा अल्भिने (ज्योतिष), जादूगरी र लाभबाट भन लाभको खोजी गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् । ती पाँच के के हुन् ? ढोंगी हुँदैनन्, खुसामद गर्दैनन्, बाह्यलक्षणमा अल्भिँदैनन्, जादूगरी हुँदैनन् र लाभबाट झन लाभको खोजमा लाग्दैन । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मले युक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।"

### ४. अस्सद्धसुत्तं

८४. "भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर (स्थविर) भिक्षु सब्रह्मचारीका निम्ति अप्रिय, मनोनुकूल नहुने, हलुको र असम्मानित हुन्छन् । ती पाँच के के हुन् ? अश्रद्धालु, निर्लज्ज, निर्भयी, अल्छे र निर्बुद्धि । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर (स्थविर) भिक्षु सब्रह्मचारीका निम्ति अप्रिय, मनोनुकूल नहुने, हलुको र असम्मानित हुन्छन् ।

"भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, हलुको र सम्मानित हुनेछन् । ती पाँच के के हुन् ? श्रद्धालु, लज्जालु, भयदर्शी, वीर्यवान र प्रज्ञावान । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।"

### ५. अनखमसुत्तं

८५. "भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् । ती पाँच के के हुन् ? रूप, शब्द, गन्ध, रस र स्पर्श विषयमा नसहने । (यी पञ्चविषयको आरम्मणमा रागोत्पत्ति गर्छ) भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका अप्रिय, अमनोनुकूल, हलुको र असम्मानित हुनेछन् ।

"भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुन्छन् । ती पाँच के के हुन् ? रूप, शब्द, गन्ध, रस र स्पर्श विषयमा सहने हुन्छ । (यी पञ्चविषयको आरम्मणमा रागोत्पत्ति गर्दैन) भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।

### ६. पटिसम्भिदासुत्तं

८६. "भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् । ती पाँच के के हुन् ? अर्थप्रति-



Downloaded from http://dhamma.digital

सम्भिदा,♣ धर्मप्रतिसम्भिदा,♦ निरुक्तिप्रतिसम्भिदा,♥ प्रतिभानप्रतिसम्भिदा• अनि आफ्ना सब्रह्मचारीका साना-ठूला कामलाई निरालसी भई सम्पन्न गरिदिनमा दक्ष हुन्छ, प्रबन्ध गरिदिने र उपाय गरिदिनमा समर्थवान हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।"

## ७. सीलवन्तसुत्तं

८७. "भिक्षुहो ! यी पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुन्छन् । ती पाँच के के हुन् ? शीलवान तथा प्रातिमोक्ष संवरमा संवरित हुन्छ, आचार-गोचरसम्पन्न हुन्छ, अणुमात्रको दोषमा पनि भयदर्शी र शिक्षापद सम्पादन गर्न शिक्षालाई राम्रोसँग सिक्छ । बहुश्रुत हुन्छ, श्रुतधारी, श्रुतानुसार रहन्छ जुन ती धर्महरू आदिकल्याणकर, मध्यकल्याणकर र अन्त कल्याणकर सार्थक, व्यञ्जनसम्पन्न समस्त परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको प्रशंसक हुन्छ, त्यस प्रकारको धर्ममा बहुश्रुत हुन्छ, धारण गर्छ अनि दृष्टिलाई राम्रोसँग बुझेको हुन्छ । कल्याणकर वाणी, प्रियकर वाणी, विश्वस्त वाणी निर्दोष र अर्थ प्रकट हुने वाणी हुन्छ । चारै प्रकारका चैतसिक ध्यान जुन कि यही जीवनमा सुख दिने, अनायासलाभी, सहजलाभी र बिना मेहनतलाभी हुन्छ । आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यही जन्ममा स्वयम्ले जानेर, साक्षात्कार तथा प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु सब्रह्मचारीका प्रिय, मनोनुकूल, गौरवनीय र आदरणीय हुनेछन् ।"

## ८. थेरसुत्तं

८८. "भिक्षुहो ! पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु बहुजनको अहित, बहुजनको असुख, बहुजनको अनर्थ, देव-मनुष्यका अहित र दुःखको निम्ति हुन्छ ।

♣ विभिन्न विषयका अर्थसम्बन्धी अवबोध ज्ञान । ♦ धर्मसम्बन्धी अवबोध ज्ञान ।
♥ भाषासम्बन्धी तथा व्याकरणादि विषय अवबोध ज्ञान । • अरुले कुरा गरेकोलाई विविधाकारबाट अवबोध हुने ज्ञान । (यी विषयलाई विस्तृतरूपले बुझ्न पटिसम्भिदामग्ग हेरौं।)



Downloaded from http://dhamma.digital

"ती पाँच के के हुन् ? थेर भिक्षु चिरकाल देखि प्रव्रजित र दीर्घकाल देखि परिचित, धेरै प्रव्रजित-गृहस्थका जमात भएका, प्रसिद्ध तथा यशस्वी हुन्छन् । चीवर, भोजन, शयनासन, रोगीका औषधी-परिष्कारादि लाभी हुन्छन् । बहुश्रुत, श्रुतधर, श्रुतधारी, जुन ती धर्महरू आदि कल्याणकार, मध्य कल्याण-कर, अन्त कल्याणकार सार्थक, सव्यञ्जन, समस्त परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य-को प्रशंसक, त्यस रूपको धर्महरूमा बहुश्रुत, धारण गर्ने, वाणीमा परिचित, मनले राम्रोसित हेर्छ (अनु-प्रेक्षित) तर दृष्टि (प्रज्ञा) लाई राम्रोसँग बुझ्दैन । मिथ्यादृष्टि तथा उल्टोदर्शी हुन्छ । उसले बहुजनलाई सद्धर्मबाट विमुख गराई असद्धर्ममा लगाउँछ । थेर भिक्षु चिरकाल प्रव्रजित र दीर्घकाल देखिको परिचित भनी उसैका मतानुसार पछि लाग्छ तथा थेर भिक्षु चीवर, भोजन, शयनासन, रोगीका औषधी-परिष्कारादिका लाभी भनी उसैको मतानुसार पछि लाग्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु बहुजनको अहितमा, बहुजनको असुख, बहुजनको अनर्थ, देव-मनुष्यका अहित र दुःखको निम्ति हुन्छ ।

"भिक्षुहो ! पाँच प्रकारका धर्मले युक्त थेर-भिक्षु बहुजनको हित, बहु-जनको सुख, बहुजनको कल्याण र देव-मनुष्यको हित र सुखको निम्ति हुन्छ ।

"ती पाँच के के हुन् ? थेर-भिक्षु चिरकाल देखि प्रव्रजित र दीर्घकाल देखि परिचित, धेरै प्रव्रजित-गृहस्थका जमात भएका, प्रसिद्ध तथा यशस्वी, चीवर-भोजन-शयनासन र रोगीका औषधी परिष्कारादिका लाभी हुन्छन् । बहुश्रुत, श्रुतधर, श्रुतधारी, जुन ती धर्महरू आदिकल्याणकार, मध्यकल्याणकार, अन्तकल्याणकार सव्यञ्जन, समस्त परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको प्रशंसक, त्यसरूपको धर्महरूमा बहुश्रुत, धारण गर्ने, वाणीमा परिचित, मनले राम्रोसित हेरेको (अनु-प्रेक्षित) अनि दृष्टि (प्रज्ञा) लाई राम्रोसँग बुझेको हुन्छ । सम्यक-दृष्टि तथा उल्टोदर्शी हुँदैन । उसले बहुजनलाई असद्धर्मबाट हटाई सद्धर्ममा लगाउँछ । थेर-भिक्षु चिरकाल प्रव्रजित र दीर्घकाल देखिको परिचित भनी उसैको मतानुसार पछि लाग्छ, थेर भिक्षु चीवर, भोजन, शयनासन, रोगीका औषधी-परिष्कारादिका लाभी हुन् भनी उसैको मतानुसार पछि लाग्छ अनि थेर भिक्षु बहुश्रुत, श्रुतधर, श्रुतधारी हुन् भनी उसैको मतानुसार पछि लाग्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मयुक्त थेर भिक्षु बहुजन हित, बहुजन सुख, बहुजन कल्याण, देव-मनुष्यका हित र सुःखको निम्ति हुन्छ ।"

### ९. पठमसेखसुत्तं

८९. "भिक्षुहो ! पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुको परिहानी हुन्छ ।



Downloaded from http://dhamma.digital

कुन पाँच ? कामकाजमा व्यस्त रहने, व्यर्थको कुरामा व्यस्त रहने, निद्रालु हुने, समूहमा बस्न रुचाउने अनि चित्त विमुक्तिको प्रत्यवेक्षण नगर्ने । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुको परिहानी हुन्छ ।

"भिक्षुहो ! पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुलाई परिहानी हुँदैन । कुन पाँच ? कामकाजमा व्यस्त नरहने, व्यर्थको कुरामा व्यस्त नरहने, निद्रालु नहुने, समूहमा बस्न नरुचाउने अनि चित्त विमुक्तिको प्रत्यवेक्षण गर्ने। भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुको परिहानी हुँदैन ।"

## १०. दुतियसेखसुत्तं

१०. "भिक्षुहो ! पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुको परिहानी हुन्छ । कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु धेरै कामकाजमा लाग्छ, धेरै कार्यमा संलग्न हुन्छ, नाना प्रकारका कार्य शैलीमा दक्ष हुन्छ, एकान्तमा बस्न रुचाउँदैन अनि आफ्नो चित्त समथ (भावना) मा लगाउँदैन । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो पहिलो परिहानी हुन् ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु सानो काममा पनि सारा दिन लगाउँछ । एकान्तमा बस्न रुचाउँदैन अनि आफ्नो चित्त समथमा लगाउँदैन । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो दोस्रो परिहानी हो ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु गृहस्थ-प्रव्रजितसँग संसर्गित हुन्छ, गृहस्थसँग अनुचित संसर्ग राख्छ, एकान्त रुचाउँदैन अनि आफ्नो चित्त समथ-मा लगाउँदैन । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो तेस्रो परिहानी हो ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु असमय गाउँमा जाने गर्छ, दिन बितेपछि फर्किने हुन्छ,, एकान्त रुचाउँदैन अनि आफ्नो चित्त समथमा लगाउँदैन । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो चौथो परिहानी हो ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षुले जुन श्रेष्ठ जीवनको लागि अनुकुल तथा चित्तवृत्तिको लागि पथ्य सदृश्य, अल्पैच्छका कुरा, सन्तोषका कुरा, एकान्तवासका कुरा, असंसर्गको कुरा, वीर्यारम्भको कुरा, शीलको कुरा, समाधिको कुरा, प्रज्ञाको कुरा, विमुक्तिको कुरा, विमुक्ति ज्ञानदर्शनको कुरालाई कठिनतापूर्वक प्राप्त गर्ने हुँदैन, कष्टपूर्वक प्राप्त गर्ने हुँदैन, मेहनत गरी प्राप्त गर्ने हुँदैन, एकान्त रुचाउँदैन अनि आफ्नो चित्त समथमा लगाउँदैन । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो पाँचौ परिहानी हो । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति परिहानी हुने यी नै पाँच हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! पाँच प्रकारका धर्मद्वारा शैक्ष-भिक्षुलाई अपरिहानी हुन्छ । कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु धेरै कामकाजमा लाग्दैन, धेरै कार्यमा संलग्न हुँदैन, नाना प्रकारका कार्य शैलीमा दक्ष हुँदैन, एकान्तमा बस्न रुचाउँछ अनि आफ्नो चित्त समथ (भावना) मा लगाउँछ । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो पहिलो अपरिहानी हुन् ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु सानो काममा पनि सारादिन लगाउँदैन । एकान्तमा बस्न रुचाउँछ अनि आफ्नो चित्त समथमा लगाउँछ । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो दोस्रो अपरिहानी हुन् ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु गृहस्थ-प्रव्रजितसँग संसर्ग राख्दैन, गृहस्थसँग अनुचित संसर्ग राख्दैन, एकान्त रुचाउँछ अनि आफ्नो चित्त समथ-मा लगाउँछ । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो तेस्रो अपरिहानी हुन् ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षु असमय गाउँमा जाने गर्दैन, दिन बितेपछि फर्किने हुँदैन,, एकान्त रुचाउँछ अनि आफ्नो चित्त समथमा लगाउँछ । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो चौथो अपरिहानी हुन् ।

"भिक्षुहो ! अनि फेरि अर्को शैक्ष भिक्षुले जुन श्रेष्ठ जीवनको अनुकुल हुने तथा चित्तवृत्तिको पथ्य सदृश्य हुने, अल्पैच्छका कुरा, सन्तोषका कुरा, एकान्तवासका कुरा, असंसर्गको कुरा, वीर्यारम्भको कुरा, शीलको कुरा, समा-धिको कुरा, प्रज्ञाको कुरा, विमुक्तिको कुरा, विमुक्ति ज्ञानदर्शनको कुरालाई क-ठिन परिश्रम गर्नु नपर्ने गरी प्राप्त गर्छ, कष्ट गर्नु नपर्ने गरी प्राप्त गर्छ, मेहनत गर्नु नपर्ने गरी प्राप्त गर्छ, एकान्त रुचाउँछ अनि 'आफ्नो चित्त समथमा लगाउँछ । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति यो पाँचौ अपरिहानी हुन् । भिक्षुहो ! शैक्ष भिक्षुको निम्ति अपरिहानी हुने यी नै पाँच हुन् ।"



Downloaded from http://dhamma.digital

## (१०.) ५. ककुधवग्गो

### १.पठमसम्पदासुत्तं

९१. "भिक्षुहो ! यी पाँच प्रकारका सम्पत्ति हुन् । कुन पाँच ? श्रद्धासम्पत्ति, शीलसम्पत्ति, श्रुतसम्पत्ति, त्यागसम्पत्ति र प्रज्ञा सम्पत्ति । भिक्षुहो ! यी नै पाँच प्रकारका सम्पत्ति हुन् ।

### २. दुतियसम्पदासुत्तं

९२. "भिक्षुहो ! यी पाँच प्रकारका सम्पत्ति हुन् । कुनपाँच ? शीलसम्पत्ति, समाधिसम्पत्ति, प्रज्ञासम्पत्ति, विमुक्तिसम्पत्ति र विमुक्ति-ज्ञानदर्शनसम्पत्ति । भिक्षुहो ! यी नै पाँच प्रकारका सम्पत्ति हुन् ।"

### ३. ब्याकरणसुत्तं

९३. "भिक्षुहो ! यी पाँच प्रकारले अर्हत्वको घोषणा हुन्छ । ती पाँच के के हुन् ? बुद्धि मन्दता वा मूढताले गर्दा अर्हत्वको घोषणा गर्छ, पाप विचार वा इच्छाको वशीभूत हुँदा अर्हत्वको घोषणा गर्छ, उन्माद वा चित्त विक्षिप्त हुँदा अर्हत्वको घोषणा गर्छ, अभिमानि हुँदा अर्हत्वको घोषणा गर्छ, अनि यथार्थरूपले नै अर्हत्वको घोषणा गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारले अर्हत्वको घोषणा हुन्छ ।"

### ४. सुखविहारसुत्तं

९४. "भिक्षुहो ! यी पाँच प्रकारका सुख विहार छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले कामभोगरहित, ... प्रथमध्यान प्राप्तगरी बस्छ । वितर्क-विचार शान्त पारी... द्वितीयध्यान प्राप्तगरी बस्छ । प्रीति हटाएर ... तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर .. चतुर्थध्यान प्राप्तगरी बस्छ । आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयमले अभिज्ञात, साक्षात्कार अनि प्राप्त गरी बस्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका सुख विहार हुन् ।"

### ५. अकुप्पसुत्तं

९५. "भिक्षुहो ! पाँच प्रकारका धर्मद्वारा युक्त भिक्षुले चिरकाल नबित्दै अर्हत्व लाभी हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु अर्थ प्रतिसम्भिदा लाभी हुन्छ, धर्मप्रतिसम्भिदा लाभी हुन्छ, निरुक्तिप्रतिसम्भिदा लाभी हुन्छ, प्र-तिसम्भिदा लाभी हुन्छ अनि जब चित्त विमुक्त भइरहेको हुन्छ तब त्यसको



Downloaded from http://dhamma.digital

प्रत्यवेक्षण गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्मद्वारा युक्त भिक्षुले चिरकाल नबित्दै अर्हत्व लाभ गर्छ ।"

### ६. सुत्तधरसुत्तं

९६ "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनापानस्मृतिको भावना गरे चिरकाल नबित्दै अर्हत्व लाभी हुनेछन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले परिमित (आशय गर्ने) हुन्छ, परिमित कामकाजका हुन्छ, भरणपोषण गर्न सजिलो खालको हुन्छ अनि जीवनको निम्ति उपभोग्य सामान-मा सन्तोषी हुन्छ । परिमित आहार गर्ने, अनुपयुक्त आहार गर्दैन । परिमित मात्रामा तन्द्रा र जागरुक हुन्छ । बहुश्रुत, श्रुतधर, श्रुतानुसार रहन्छ जुन ती धर्महरू आदिकल्याणकर, मध्यकल्याणकर र अन्तकल्याणकर सार्थक, सव्यञ्जन समस्त परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको प्रशंसक हुन्छ, त्यसरूपको धर्महरूमा बहुश्रुत, धारण गर्ने, वाणीमा परिचित अनि मनद्वारा अनुपेक्षित भई दृष्टिलाई राम्रोसँग बुझ्छ । जब चित्त विमुक्त हुन्छ तब त्यसलाई प्रत्यवेक्षण गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनपान स्मृतिको भावना गर्दा चिरकाल नबित्दै अर्हत्व लाभ गर्छ ।"

### ७. कथासुत्तं

९७ "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनापानस्मृतिको भावना गरे चिरकाल नबित्दै अर्हत्व लाभ गर्नेछन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु परिमित (आशयको) हुन्छ, परिमित कामकाज हुन्छ, भरण-पोषण गर्न सहज अनि जीवनमा उपभोग्य सामानप्रति सन्तोषी हुन्छ । परिमित आहार गर्ने, अनुपयुक्त आहार गर्दैन । परिमित मात्रामा तन्द्रा र जागरुक हुन्छ । जुन श्रेष्ठ जीवनको लागि अनुकुल हुने तथा चित्तवृत्तिको लागि पथ्य सदृश्य अल्पेच्छका कुरा, सन्तोषका कुरा, एकान्तवासका कुरा, असंसर्गको कुरा, वीर्यारम्भको कुरा शीलको कुरा, समाधिको कुरा, प्रज्ञाको कुरा, विमुक्तिको कुरा, विमुक्तिज्ञानदर्शनको कुरालाई बिना कठिनाइबाट प्राप्त गर्छ, बिनाकष्टपूर्वक प्राप्त गर्छ, अनि बिनामेहनत प्राप्त गर्छ । जब चित्तविमुक्त हुन्छ तब त्यसलाई प्रत्यवेक्षण गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनपानस्मृतिको भावना गरे चिरकाल नबित्दै अर्हत्व लाभी हुनेछन् ।"

### ८. आरञ्ञसुत्तं

९८ "भिक्षुहो ! पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनापानस्मृतिको

Downloaded from http://dhamma.digital

भावना गर्दा चिरकाल नबित्दै अर्हत्व लाभी हुनेछन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु परिमित हुन्छ, परिमित कामकाजको हुन्छ, भरण-पोषण गर्न सहज अनि जीवनमा उपभोग्य सामानप्रति सन्तोषी हुन्छ । परिमित आहार गर्ने तथा अनुपयुक्त आहार गर्दैन । परिमित मात्रामा तन्द्रा र जागरुक हुन्छ । आरण्यक र एकान्तसेवी हुन्छ । जब चित्त विमुक्त हुन्छ तब त्यसलाई प्रत्यवेक्षण गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका धर्ममा युक्त भिक्षुले आनपानस्मृतिको भावना गरे चिरकाल नबित्दै अर्हत्व लाभी हुनेछन् ।"

## ९. सीहसुत्तं

९९. "भिक्षुहो ! मृगराज सिंह सन्ध्याकालमा ओढारबाट निस्किन्छ । ओढारबाट निस्किंदा शरीर तन्क्याएर फूर्तिलो पार्छ । फूर्तिलो पारेपछि चारै दिशा हेर्छ । चारैतिर हेरेपछि तीन पटक सिंहनाद गर्छ । त्यसले हात्ति माथि आक्रमण गरे ठीकसँग आक्रमण गर्छ, बेठिकसँग होइन । चितुवा माथि जाइलाग्दा पनि ठीकसँग जाइ लाग्छ, बेठिकसँग होइन । यहाँसम्म कि खरायो-विरालो माथि पनि आक्रमण गर्दा ठीकसँग आक्रमण गर्छ, बेठिकसँग होइन । त्यसो किन ? 'कहिँ मेरो निशाना नचुकोस् ।'

"भिक्षुहो ! यहाँ 'सिंह' तथागत सम्यकसम्बोधिको नै पर्यायवाची हो । भिक्षुहो ! जब तथागतले परिषदमा धर्म-देशना गर्छ तब सिंहनादै हुन्छ । भिक्षुहो ! तथागतले भिक्षुहरूलाई धर्मदेशना गर्दा ठीकसँग धर्म-देशना हुन्छ, बेठिकसँग हुँदैन । भिक्षुहो ! तथागतले भिक्षुणीहरूलाई धर्मदेशना गर्दा ठीकसँग धर्म-देशना हुन्छ, बेठिकसँग हुँदैन । भिक्षुहो ! तथागतले उपासकहरूलाई धर्म-देशना गर्दा ठीकसँग धर्मदेशना हुन्छ, बेठिकसँग हुँदैन । भिक्षुहो ! तथागतले उपासिकाहरूलाई धर्मदेशना गर्दा ठीकसँग धर्मदेशना हुन्छ, बेठिकसँग हुँदैन अनि भिक्षुहो ! तथागतले पृथकजनहरूलाई धर्मदेशना गर्दा ठीकसँग धर्म-देशना हुन्छ, बेठिकसँग हुँदैन । यहाँसम्म कि तथागतबाट अन्नभार (वाहक) तथा शिकारीलाई पनि ठीकसँग धर्मदेशना हुन्छ, बेठिकसँग हुँदैन । त्यसो किन ? भिक्षुहो ! तथागत धर्म गुरु हुन् अनि धर्मलाई गौरव गर्ने हुन् ।"

## १०. ककुधथेरसुत्तं

१००. यस्तो मैले सुनें– एक समय भगवान कोसम्बिस्थित घोषितारामा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान महामोग्गल्लानको उपस्थापक ककुध भन्ने कोलिय पुत्र मरेको केही दिन मात्र भएको थियो । ऊ एक मनोमय शरीरको भई (मनोमय देवलोकमा) जन्मेको थियो । उसको शरीर यस्तो थियो कि



Downloaded from http://dhamma.digital

मानौं– मगधको दुई वा तीन गाउँको खेतसमान थियो । उसको शरीर त्यस्तो हुँदा पनि न आफूलाई न त अरूलाई कष्टप्रद हुन्थ्यो ।

त्यस बेला ककुध देवपुत्र जहाँ आयुष्मान महामोग्गल्लान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर महामोग्गल्लानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ककुध देवपुत्रले आयुष्मान महामोग्गल्लानलाई यसो भने– "भन्ते ! देवदत्तले मनमा यस्तो कुरा सोच्यो– मेरो नेतृत्वमा भिक्षुसंघ लिन्छु ।' भन्ते ! देवदत्तको मनमा यो विचार आउनासाथ उसबाट ऋद्धिबल परिहीन भयो भनी ककुध देवपुत्रले भन्यो । यति भनेपछि आयुष्मान महामोग्गल्लानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।

अनि आयुष्मान महामोग्गल्लान जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान महामोग्गल्लानले भगवानलाई यसो भने–

"भन्ते ! ककुध नाउँको कोलिय पुत्र मेरो उपस्थापक मरेको केही दिन भयो । ऊ मनोमय शरीरको भई जन्मियो । उसको आफ्नो शरीर यस्तो थियो मानौं मगधको दुई वा तीन गाउँको खेतसमान थियो । उसको त्यस्तो शरीर हुँदा पनि न आफूलाई न त अरूलाई कष्टप्रद हुन्थ्यो । भन्ते ! ककुध देवपुत्रले मलाई यसो भन्यो– 'भन्ते ! देवदत्तले मनमा यस्तो कुरा सोच्यो– मेरो नेतृत्वमा भिक्षुसंघ लिन्छु ।' भन्ते ! देवदत्तको मनमा यो विचार आउनासाथ उसबाट ऋद्धिबल परिहीन भयो । भन्ते ! ककुध देवपुत्रले यती भनी मलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।

"मोग्गल्लान ! के त तिमीले आफ्नो चित्तद्वारा ककुध देवपुत्रको चित्तलाई जान्यौ कि जसरी उसले भनेको हो, त्यस्तै नै हो, अन्यथा होइन ?" भन्ते ! मैले आफ्नो चित्तद्वारा ककुध देवपुत्रको चित्तलाई जानेको थिएं । ककुध देवपुत्रले 'जे भनेको हो त्यही नै भएको हो अन्यथा होइन ।' "मोग्गल्लान ! यो कुरालाई सुरक्षित राख, यो कुरालाई सुरक्षित गर्नु । त्यो मूर्ख पुरुषबाटै प्रकट हुनेछन् ।

"मोग्गल्लान ! यो संसारमा पाँच प्रकारका शास्ता विद्यमान छन् । कस्तो पाँच ? यहाँ मोग्गल्लान ! यहाँ एक प्रकारका शास्ता यस्तो हुन्छ– शील शुद्ध गरी पालन गर्दैन तर 'म परिशुद्ध शीलको हुँ' भनी भन्ने गर्छ । उसैका श्रावकहरूले भने यसरी जानेका हुन्छन्– 'यो शास्ताले शील शुद्ध गरी पालन नगरे पनि मैले शील पालन गरेको छु, शील मेरो परिशुद्ध, स्वच्छ र



Downloaded from http://dhamma.digital

दागरहित छ ।' भनी भन्ने गर्छ । यदि मैले गृहस्थलाई भनी दिएमा उसलाई मन पराउने छैन । जुन कारणले गर्दा ऊ अप्रिय हुन्छ । ऊसँग मैले कस्तो व्यवहार गर्ने ? 'यसले भने चीवर-पिण्डपात-शयनासन-भैषज्य-परिष्कारादिद्वारा सम्मानित छन् । जुन ऊबाट गरिएको हो त्यो आफैबाट प्रकट हुन्छ । यस्तो शास्ताको 'शील' उसको श्रावकबाट रक्षा हुन्छ । मोग्गल्लान ! यस्तो शास्ताले आफ्नो शिष्यहरूबाटै यो प्रत्याशा गर्दछ कि शिष्यहरूबाटै शास्ताको शील रक्षा गर्नेछ ।

"मोग्गल्लान ! अनि फेरि अर्को यहाँ एक प्रकारको शास्ता यस्तो हुन्छ– जसको आजीविका अपरिशुद्ध हुन्छ तर 'म परिशुद्ध, स्वच्छ र दागरहित आजीविकाको हुँ', भनी भन्ने गर्छ । उसैका श्रावकहरूले भने यसरी जानेका हुन्छन्– 'यो शास्ताले आजीविका शुद्ध नभए पनि मेरो आजीविका परिशुद्ध, स्वच्छ र दागरहित छ ।' भनी भन्ने गर्छ । यदि मैले गृहस्थलाई भनी दिएमा उसलाई मन पराउने छैन । जुन कारणले गर्दा ऊ अप्रिय हुन्छ । ऊसँग मैले कस्तो व्यवहार गर्ने ? 'यो भने चीवर-पिण्पात-शयनासन-भैषज्य-परिष्कारादि-द्वारा सम्मानित छन् । जुन ऊबाट गरिएको हो त्यो आफैबाट प्रकट हुन्छ । मोग्गल्लान ! यस्तो शास्ताले आफ्नो शिष्यहरूबाटै यो प्रत्याशा गर्दछ कि शिष्यहरूबाटै शास्ताको आजीविकालाई रक्षा गर्नेछ ।

"मोग्गल्लान ! अनि फेरि अर्को यहाँ एक प्रकारको शास्ता यस्तो हुन्छ– जसको धर्म-देशना अपरिशुद्ध हुन्छ तर 'मैले गरेको धर्म-देशना परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्छ । उसैका श्रावकहरूले भने यसरी जानेका हुन्छन्– 'यो शास्ताले धर्म-देशना शुद्ध नभए पनि मैले गरेको धर्म-देशना परिशुद्ध, स्वच्छ र दागरहित छ ।' भनी भन्ने गर्छ । यदि मैले गृहस्थलाई भनी दिएमा उसलाई मन पराउने छैन । जुन कारणले गर्दा ऊ अप्रिय हुन्छ । ऊसँग मैले कस्तो व्यवहार गर्ने ?' यो भने चीवर-पिण्डपात-शयनासन-भैषज्य-परिष्कारादिद्वारा सम्मनित छन् । जुन ऊबाट गरिएको हो त्यो आफैबाट प्रकट हुनेछ । मोग्गल्लान ! यस्तो शास्ताले आफ्ना शिष्यबाटै यो प्रत्याशा गर्दछ कि शिष्यहरूबाटै शास्ताको धर्मदेशनालाई रक्षा गर्नेछ ।

"मोग्गल्लान ! अनि फेरि अर्को यहाँ एक प्रकारको शास्ता यस्तो हुन्छ– जसको व्याकरण (व्याख्या) अपरिशुद्ध छ तर 'मैले गरेको व्याख्या परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्छ । उसैका श्रावकहरूले भने यसरी जानेका हुन्छन्– 'यो शास्ताले गरेको व्याख्या शुद्ध नभए पनि मैले गरेको व्याख्या परिशुद्ध, स्वच्छ र दागरहित छ ।' भनी भन्ने गर्छ । यदि मैले गृहस्थलाई भनी दिएमा उसलाई मन पराउने छैन । जुन कारणले गर्दा ऊ



Downloaded from http://dhamma.digital

अप्रिय हुन्छ । ऊसँग मैले कस्तो व्यवहार गर्ने ? 'यो भने चीवर-पिण्डपात-शयनासन-भैषज्य-परिष्कारादिद्वारा सम्मानितछन् । जुन ऊबाट गरिएको हो त्यो आफैबाट प्रकट हुनेछ । मोग्गल्लान ! यस्तो शास्ताले आफ्नो शिष्यहरू-बाटै यो प्रत्याशा गर्दछ कि शिष्यहरूबाटै शास्ताको व्याख्यालाई रक्षा गर्नेछ ।

"मोग्गल्लान ! अनि फेरि अर्को यहाँ एक प्रकारको शास्ता यस्तो हुन्छ– जसको ज्ञानदर्शन अपरिशुद्ध हुन्छ तर 'मैले ज्ञानदर्शन गरेको परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्छ । उसैका श्रावकहरूले भने यसरी जानेका हुन्छन्– 'यो शास्ताले गरेको ज्ञान-दर्शन शुद्ध नभए पनि मैले ज्ञानदर्शन गरेको परिशुद्ध, स्वच्छ र दागरहित छ ।' भनी भन्ने गर्छ । यदि मैले गृहस्थलाई भनी दिएमा उसलाई मन पराउने छैन । जुन कारणले गर्दा ऊ अप्रिय हुन्छ । ऊसँग मैले कस्तो व्यवहार गर्ने ? 'यसले भने चीवर-पिण्डपात-शयनासन-भैषज्य-परिष्कारादिद्वारा सम्मानित छन् । जुन ऊबाट गरिएको हो त्यो आफैबाट प्रकट हुनेछ । मोग्गल्लान ! यस्तो शास्ताले आफ्नो शिष्यहरूबाटै यो प्रत्याशा गर्दछ कि शिष्यहरूबाटै शास्ताले ज्ञानदर्शन गरिएकोलाई रक्षा गर्नेछ । "मोग्गल्लान ! यो संसारमा यी नै पाँच प्रकारका शास्ता विद्यमान छन् ।

"मोग्गल्लान ! मचाहिं शीलमा परिशुद्ध भएकोले नै 'म शीलमा परि-शुद्ध हुँ, मेरो शील परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्छछु । मेरो श्रावकले मेरो शील विषयमा रक्षा गरिदिनु पर्दैन । मेरो शील विषयमा मेरो शिष्यले रक्षा गरिदिनेछ भनी प्रत्याशा राख्दिन । 'म परिशुद्ध आजीविकाको हुँ, मेरो आजीविका परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्दछु । मेरो श्रावकले आजीविका विषयमा रक्षा गरिदिनु पर्दैन । मेरो आजीविका विषयमा मेरो शिष्यले रक्षा गरिदिनेछ भनी प्रत्याशा राख्दिन । 'मैले धर्मदेशना गर्दा प-रिशुद्धरूपले गर्छु, मेरो धर्मदेशना परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्दछु । मेरो श्रावकले धर्मदेशना विषयमा रक्षा गरिदिनु पर्दैन । मैले गरिने धर्मदेशनामा मेरो शिष्यले रक्षा गरिदिनेछ भनी प्रत्याशा राख्दिन । 'मैले व्याख्या गर्दा परिशुद्धरूपले गर्छु, मैले गरिने व्याख्या परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्छछु । मेरो श्रावकले व्याख्या विषयमा रक्षा गरिदिनु पर्दैन । मैले गरिने व्याख्यामा मेरो शिष्यले रक्षा गरिदिनेछ भनी प्रत्याशा राख्दिन । 'म ज्ञानदर्शनमा परिशुद्ध हुँ, मेरो ज्ञानदर्शन परिशुद्ध, स्वच्छ र दागरहित छ', भनी भन्ने गर्दछु । मेरो श्रावकले मेरो ज्ञानदर्शन विषयमा रक्षा गरिदिनु पर्दैन । मैले गरिएको ज्ञानदर्शनमा मेरो शिष्यले रक्षा गरिदिनेछ,' भनी प्रत्याशा राख्दिन ।"



Downloaded from http://dhamma.digital

## (११) १. फासुविहारवग्गो

### १. सारज्जसुत्तं

१०१. "भिक्षुहो ! यी पाँच कुराले शैक्ष* भिक्षु विशारद हुन्छ । ती पाँच के के हुन् ? यहाँ भिक्षु श्रद्धावान, शीलवान, बहुश्रुत, प्रयत्नशील र प्रज्ञावान हुन्छ ।

"भिक्षुहो ! जुन द्वेष अश्रद्धावानसँग हुन्छ त्यो द्वेष श्रद्धावानसँग हुँदैन । त्यसैले शैक्ष भिक्षु विशारद हुन्छ ।

"भिक्षुहो ! जुन द्वेष दुराचारीसँग (दुःशील) हुन्छ त्यो द्वेष शीलवानसँग हुँदैन । त्यसैले शैक्ष भिक्षु विशारद हुन्छ ।

"भिक्षुहो ! जुन द्वेष अल्पश्रुतसँग हुन्छ त्यो द्वेष बहुश्रुतसँग हुँदैन । त्यसैले शैक्ष भिक्षु विशारद हुन्छ ।

"भिक्षुहो ! जुन द्वेष अल्छेसँग हुन्छ त्यो द्वेष प्रयत्नशीलसँग हुँदैन । त्यसैले गर्दा शैक्ष भिक्षु विशारद हुन्छ ।

"भिक्षुहो ! जुन द्वेष मूर्खसँग हुन्छ त्यो द्वेष प्रज्ञावानसँग हुँदैन । त्यसैले शैक्ष भिक्षु विशारद हुन्छ । भिक्षुहो ! यी पाँच कुराले नै शैक्ष भिक्षु विशारद हुन्छ ।

### २. उस्सङ्कितसुत्तं

१०२. "भिक्षुहो ! पाँच धर्ममा युक्त भिक्षु अर्हत भए पनि अरूले शंकाको दृष्टिले हेर्नेछन् । यो भिक्षु पापी पो हो कि !

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वेश्याकहाँ जाँदा, विधुवाकहाँ जाँदा, अधवैंशकहाँ जाँदा, नपुंशककहाँ जाँदा अनि भिक्षुणीकहाँ जाँदा । भिक्षुहो ! यी नै पाँच धर्ममा युक्त भिक्षु अर्हत भए पनि अरूले शंकाको दृष्टिले हेर्नेछन् । यो भिक्षु पापी पो हो कि !"

### ३. महाचोरसुत्तं

१०३. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न महाचोरले सुरुङ्ग खन्छ, लुट्छ, डकैत गर्छ अनि बाटो घेरेर बस्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ

---

* शील, समाधि प्रज्ञा विमुक्ति र विमुक्तिज्ञानदर्शनमा असम्पन्न अथवा अर्हत हुन नसकेका ।



Downloaded from http://dhamma.digital

महाचोर विषम स्थानमा बस्छ, गहन जङ्गलमा बस्छ, बलवानको आश्रयमा बस्छ, सम्पत्ति त्याग गर्छ अनि एकचारी हुन्छ।

"भिक्षुहो ! महाचोर कस्तो विषम स्थानमा बस्छ ? भिक्षुहो ! यहाँ महाचोर दुर्गम नदी-स्थलतिर अनि विषम पर्वततिर बस्छ। भिक्षुहो ! यस्तो विषम स्थानमा महाचोर बस्छ।

"भिक्षुहो ! महाचोर कस्तो गहन स्थानमा बस्छ ? भिक्षुहो ! यहाँ महाचोर घनीभूत घाँसस्थानमा बस्छ, घनीभूत वृक्षतिर बस्छ, गुफा वा महावनमा बस्छ। भिक्षुहो ! यस्तो गहन स्थानमा महाचोर बस्छ।

"भिक्षुहो ! महाचोर कस्तो बलवानको आश्रयमा बस्छ ? भिक्षुहो ! यहाँ महाचोर राजा वा राजमहामात्यको आश्रयमा बस्छ। उसले यसरी सोच्छ– 'यदि कसैले मलाई केही भने यो राजाले वा राजमहामात्यले मेरो पक्षमा बोलि दिनेछ।' यदि उसलाई कसैले केही भनेमा राजा वा राजमहामात्यले उसको पक्ष लिएर बोली दिन्छ। भिक्षुहो ! महाचोर यस्तो बलवानको आश्रयमा बस्छ।

"भिक्षुहो ! महाचोरले किन सम्पत्ति त्याग्छ ? भिक्षुहो ! यहाँ महाचोर धनी वा धेरै नै सम्पत्तिसम्पन्न तथा ऐश्वर्यवान हुन्छ। उसले यसरी सोच्छ– 'यदि कसैले मलाई केही भनेमा उसलाई सम्पत्ति दिएर स्वागत गर्नेछु। यदि उसलाई कसैले केंही भन्छ भने उसले सम्पत्ति दिएर स्वागत गर्छ। भिक्षुहो ! महाचोरले यसैको लागि सम्पत्ति त्याग्छ।

"भिक्षुहो ! महाचोर किन एक्लै हुन्छ ? भिक्षुहो ! यहाँ महचोर एक्लैले नै अरूको सम्पत्ति चोर्छ। त्यसो किन ? 'मेरो रहस्य बाहिर प्रकट नहोस्। भिक्षुहो ! यसैले महाचोर एक्लै हुन्छ। भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न महाचोरले सुरुङ्ग खन्छ, लुट्छ, डकैत गर्छ अनि बाटो घेरेर बस्छ।

"भिक्षुहो ! ठीक यस्तरी नै पाँच अङ्गसम्पन्न पापी भिक्षुले आफैलाई आघात पुऱ्याउँछ वा चोट पुऱ्याई विचरण गर्छ, तथा दोषी हुन्छ। विज्ञजनको नजरमा दोषी हुन्छ। धेरै नै पापको श्रृजन गर्नेछन्। ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ पापी भिक्षु विषम स्थानमा बस्छ, गहन जङ्गलमा बस्छ, बलवान को आश्रयमा बस्छ, सम्पत्ति त्याग गर्छ अनि एकचारी हुन्छ।

"भिक्षुहो ! पापी भिक्षु कस्तो विषम स्थानमा बस्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षुले विषम भई शारीरिक कर्म, वाचसिक कर्म र मानसिक कर्मयुक्त हुन्छ। भिक्षुहो ! पापी भिक्षु यस्तो विषम स्थानमा बस्छ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! पापी भिक्षु कस्तो गहन आश्रित हुन्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु मिथ्यादृष्टि हुन्छ । दुई शिरको (शाश्वत र उच्छेद) दृष्टियुक्त हुन्छ । भिक्षुहो ! पापी भिक्षु यस्तो गहन आश्रित हुन्छ ।

"भिक्षुहो ! पापी भिक्षु कस्तो बलवानको आश्रयमा बस्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु राजा वा राजमहामात्यको आश्रयमा बस्छ । उसले यसरी सोच्छ– 'यदि कसैले मलाई केही भने यो राजाले वा राजमहामात्यले मेरो पक्षमा बोलि दिनेछ ।' यदि उसलाई कसैले केही भनेमा राजा वा राजमहामात्यले उसको पक्ष लिएर बोली दिन्छ । भिक्षुहो ! पापी भिक्षु यस्तो बलवानको आश्रयमा बस्छ ।

"भिक्षुहो ! पापी भिक्षुले किन सम्पति त्याग्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु चीवर-पिण्डपात-शयनासन-भैषज्यपरिष्कारादिका लाभी हुन्छ । उसले यसरी सोचेको हुन्छ– 'यदि कसैले मलाई केही भनेमा उसलाई मैले यी लाभ गरेकोबाट केही दिएर स्वागत गर्नेछु ।' यदि उसलाई कसैले केही भन्छ भने लाभान्वित हुनेगरी स्वागत गर्छ । भिक्षुहो ! पापी भिक्षुले यसैको लागि सम्पत्ति त्याग्छ ।

"भिक्षुहो ! पापी भिक्षु किन एकचारी हुन्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु एक्लै प्रत्यन्त जनपदमा निवासस्थान लिएको हुन्छ । ऊ गृहस्थको कुलमा जाँदा लाभी हुन्छ । भिक्षुहो ! पापी भिक्षु यसैले एकचारी हुन्छ ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न पापी भिक्षुले आफैंलाई आघात पुऱ्याउँछ, चोट पुऱ्याई विचरण गर्छ, तथा दोषी हुन्छ । विज्ञजनका नजरमा दोषी हुन्छ । धेरै नै पापको श्रृजन गर्नेछन् ।"

## ४. समणसुखुमालसुत्तं

१०४. "भिक्षुहो ! भिक्षु वा श्रमणहरू पाँच विषययुक्त हुँदा श्रमण सुकुमारलाई नपर्ने गरी कमै हुन्छ । उसलाई मनैबाट मन पर्ने गरी धेरै नै व्यवहार गर्नेछन् । मन नपर्ने गरी कमै हुन्छ । मन पर्ने उपहार ल्याइदिन्छ, मन नपर्ने कमै हुन्छ । जे जति उसले भोग्नु पर्ने विषयहरू हुन्छन् जस्तै कि– पित्तद्वारा प्रकोप, कफद्वारा प्रकोप, वातद्वारा प्रकोप, ज्वरो आउने, ऋतु परिवर्तन अरूद्वार हुँदाको रोग, विषम परिस्थितिको रोग, उपक्रमद्वारा (विशेष उपायको कारण) हुने कष्ट र कर्मानुसार हुने प्रतिफल धेरै भोग्नु पर्दैन अर्थात रोग कम लाग्छ ।



Downloaded from http://dhamma.digital

चार प्रकारका चैतसिक ध्यान लाभी भई यही जन्ममा सुखपूर्वक बस्छ । जुन विनाकष्टै लाभ हुन्छ, सजिलैसित लाभ हुन्छ तथा परिश्रम गर्नु नपर्ने गरी लाभ हुन्छ । आश्रवहरू क्षय तथा अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा आफैले अभिज्ञात गर्छ, साक्षात्कार गर्छ अनि लाभ गरी [illegible] । भिक्षुहो ! भिक्षु वा श्रमणहरूमा यी नै पाँच विषययुक्त हुँदा श्रमण सुकुमार हुन्छन् ।

"भिक्षुहो ! यदि कसैलाई ठीकसँग श्रमणहरूमा श्रमण सुकुमार हो भनी कसैले भन्छ भने 'श्रमणहरूमा श्रमण सुकुमार हुन् भनी मलाई नै भने हुन्छ ।' भिक्षुहो ! श्रद्धालुले प्रार्थना गर्दा नै मैले धेरै चीवरको उपभोग गर्छु, विना प्रार्थना कमै उपभोग गर्छु । श्रद्धालुले प्रार्थना गर्दा नै मैले धेरै पिण्डपातको उपभोग गर्छु, विना प्रार्थना कमै उपभोग गर्छु । श्रद्धालुले प्रार्थना गर्दा नै मैले धेरै शयनासनको उपभोग गर्छु, विना प्रार्थना कमै उपभोग गर्छु । श्रद्धालुले प्रार्थना गर्दा नै मैले धेरै औषधी र परिष्कारादिको उपभोग गर्छु, विना प्रार्थना कमै उपभोग गर्छु । म जो कोही सब्रह्मचारीसँग बस्दा मलाई मन पर्ने गरी शरीरद्वारा धेरै नै व्यवहार गर्छन् । मन नपर्ने गरी कमै हुन्छ । मलाई मन पर्ने गरी वचनद्वारा धेरै नै व्यवहार गर्छन् । मन नपर्ने गरी कमै हुन्छ । मलाई मन पर्ने गरी मनद्वारा धेरै नै व्यवहार गर्छन् । मन नपर्ने गरी कमै हुन्छ । मन पर्ने उपहार ल्याइदिन्छ । मन नपर्ने कमै हुन्छ । जे जति मैले भोग्नु पर्ने विषयहरू हुन्छन् जस्तै कि– पित्तद्वारा प्रकोप, कफद्वारा प्रकोप, वातद्वारा प्रकोप, ज्वरो आउने, ऋतु परिवर्तन हुँदाको रोग, विषम परिस्थितिको रोग, उपक्रमद्वारा हुने कष्ट र कर्मानुसार हुने प्रतिफल धेरै भोग्नु पर्दैन अर्थात मलाई रोग कम लाग्छ । चार प्रकारका चैतसिक ध्यान लाभी भई यही जन्ममा सुखपूर्वक बस्छु ! जुन विनाकष्टै लाभी छु, सजिलैसित लाभी छु तथा परिश्रम गर्नु नपर्ने गरी लाभ हुन्छ । आश्रवहरू क्षय तथा अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि लाभी भई बस्छु ।

"भिक्षुहो ! जब कि कसैले ठीकसँग श्रमणहरूमा सुकुमार हुन् भनी भन्छ भने 'श्रमणहरू मध्येमा श्रमण सुकुमार हुन्' भनी मलाई नै ठीकसँग भन्न मिल्छ ।"

## ५. फासुविहारसुत्तं

१०५. "भिक्षुहो ! यी पाँच सुख विहार हुन् । कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षुहरूले सब्रह्मचारीको सम्मुखमा वा असम्मुखमा शारीरिक कर्मद्वारा मैत्री-



Downloaded from http://dhamma.digital

पूर्वक व्यवहार गर्छ । वाचसिक ... र मानसिक कर्मद्वारा मैत्रीपूर्वक व्यवहार गर्छ । कुनै पनि शील अखण्डित, छिद्ररहित, निर्दाग, स्वच्छ र परिशुद्ध हुन्छ । समाधि संवर्धन निम्ति विकाररहित हुन्छ, विज्ञजनबाट प्रशंसित हुन्छ । त्यस्तो शीलमा परिपूर्ण भई सब्रह्मचारीको सम्मुख वा असम्मुखमा बस्छ । भिक्षुहो ! यी पाँच नै सुख विहार हुन् ।"

## ६. आनन्दसुत्तं

१०६. एक समय भगवान कोसम्बिस्थित घोसितारामरमा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानसँग यसो सोधे–

"भन्ते ! के गर्दा भिक्षु संघकासाथ सुखपूर्वक बस्नसक्छ ?" "आनन्द ! जब भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ तब अरूलाई अधिशीलसम्पन्न न गराएता पनि भिक्षुसंघसित यतिले पनि सुखपूर्वक बस्नसक्छ ।

"भन्ते ! भिक्षुसंघसित बस्दा सुखपूर्वक बस्नसकिने के अर्को पनि विषय छ ?" "छ, आनन्द ! जब आनन्द ! भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ तब अरूलाई शील विषयमा निन्दा वा प्रशंसा गर्दैन । आफ्नो आकांक्षा (अरूले के गऱ्यो, के गरेन भन्नेतिर नलागी आफ्नो भलो हुने इच्छा) गर्नेछ । अरूको आकांक्षा गर्दैन । आनन्द ! यतिले पनि भिक्षुसंघसित सुखपूर्वक बस्नसक्छ ।"

"भन्ते ! भिक्षुसंघसित बस्दा सुखपूर्वक बस्नसकिने के अर्को पनि विषय छ ?" "छ, आनन्द ! जब आनन्द ! भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ तब अरूलाई शील विषयमा निन्दा वा प्रशंसा गर्दैन । आफ्नो आकांक्षा (अरूले के गऱ्यो, के गरेन भन्नेतिर नलागी आफ्नो भलो हुने इच्छा) गर्नेछ । अरूको आकांक्षा गर्दैन । प्रसिद्ध हुँदैन । ऊ अप्रसिद्ध हुँदा पनि त्रसित हुँदैन । आनन्द ! यतिले पनि भिक्षुसंघसित सुखपूर्वक बस्नसक्छ ।"

"भन्ते ! भिक्षुसंघसित बस्दा सुखपूर्वक बस्नसकिने के अर्को पनि विषय छ ?" "छ, आनन्द ! जब आनन्द ! भिक्षु स्वयम् शीलसम्पन्न हुन्छ तब अरूलाई शील विषयमा निन्दा वा प्रशंसा गर्दैन । आफ्नो आकांक्षा गर्नेछ । अरूको आकांक्षा गर्दैन । प्रसिद्ध हुँदैन । ऊ अप्रसिद्ध हुँदा पनि त्रसित हुँदैन । ऊ यसै जन्ममा सुखपूर्वक बस्न पाउने चार प्रकारका चैतसिक ध्यान लाभी हुन्छ, अनायासै लाभी हुन्छ, विनाकष्ट लाभी हुन्छ, सजिलै लाभी हुन्छ तथा परिश्रम गर्नु नपर्ने गरी लाभी हुन्छ । आश्रवहरू क्षय तथा अनाश्रवी भई, चित्तविमुक्ति

Downloaded from http://dhamma.digital

र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि लाभी भई बस्छ । आनन्द ! यतिले पनि भिक्षुसंघसित सुखपूर्वक बस्नसक्छ ।"

## ७. सीलसुत्तं

१०७. "भिक्षुहो ! पाँच धर्मसम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडेर बिन्ति गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलसम्पन्न हुन्छ, सामाधि सम्पन्न हुन्छ, प्रज्ञासम्पन्न हुन्छ, विमुक्तिसम्पन्न हुन्छ अनि विमुक्तिज्ञानदर्शन सम्पन्न हुन्छ ।

"भिक्षुहो ! यी नै पाँच धर्मसम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडेर बिन्ति गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।"

## ८. असेखसुत्तं

१०८. "भिक्षुहो ! पाँच धर्मसम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडेर बिन्ति गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।" ती पाँच कै के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु अशैक्ष* शीलस्कन्धमा सम्पन्न हुन्छ, अशैक्ष सामाधिस्कन्धमा सम्पन्न हुन्छ, अशैक्ष प्रज्ञास्कन्धमासम्पन्न हुन्छ, अशैक्ष विमुक्तिस्कन्धमा सम्पन्न हुन्छ अनि अशैक्ष विमुक्ति ज्ञानदर्शनस्कन्धमा सम्पन्न हुन्छ ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलसम्पन्न हुन्छ, सामाधि-सम्पन्न हुन्छ, प्रज्ञासम्पन्न हुन्छ, विमुक्तिसम्पन्न हुन्छ अनि विमुक्ति ज्ञानदर्शन-सम्पन्न हुन्छ ।

"भिक्षुहो ! यी नै पाँच धर्ममा सम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, दुई हात जोडेर बिन्ति गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।"

## ९. चातुद्दिससुत्तं

१०९. "भिक्षुहो ! पाँच धर्मसम्पन्न भिक्षु चारै दिशामा प्रसिद्ध हुन्छ ।

---

* शिक्षमा पारंगत अर्थात अर्हत ।



Downloaded from http://dhamma.digital

ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष संवरले संवरित हुन्छ, आचार-गोचरसम्पन्न हुन्छ, अणुमात्रको दोषमा पनि भयदर्शी हुन्छ । शिक्षापदको शिक्षा राम्रोसँग लिने हुन्छ । बहुश्रुत हुन्छ, श्रुतधर हुन्छ तथा श्रुतवान हुन्छ, जुन त्यो आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण, सार्थक, सव्यञ्जन, सम्पूर्ण परिशुद्ध ब्रह्मचर्यको स्पष्ट पार्छ । त्यस्तो धर्ममा बशुश्रुत हुन्छ, धारण गर्छ, वाणीमा धारण गर्छ, मनद्वारा परिचित हुन्छ, दृष्टिमा पारंगत हुन्छ, जुन कुनै प्रकारको चीवर-पिण्डपात-शयनासन-भैषज्यपरिष्कारादिमा सन्तुष्ट हुन्छ । यसै जन्ममा सुखपूर्वक बस्न पाउने चार प्रकारका चैतसिक ध्यानलाभी हुन्छ, अनायासै लाभी हुन्छ, विनाकष्ट लाभी हुन्छ, सजिलैसित लाभ हुन्छ तथा विना परिश्रम लाभ हुन्छ । आश्रवहरू क्षय तथा अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि लाभ गरी बस्छ । आनन्द ! यतिले पनि भिक्षुसंघसित सुखसँग बस्नसक्छ ।"

## १०. अरञ्ञसुत्तं

११०. "भिक्षुहो ! पाँच धर्मसम्पन्न भिक्षु जङ्गलको एकान्त स्थानमा बस्नसक्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष संवरमा संवरित हुन्छ, आचार-गोचरसम्पन्न हुन्छ, अणुमात्रको दोषमा पनि भयदर्शीहुन्छ । शिक्षापदको शिक्षा राम्रोसँग लिने हुन्छ । बहुश्रुत हुन्छ, श्रुतधर हुन्छ तथा श्रुतवान हुन्छ, जुन त्यो आदिकल्याण, मध्य कल्याण र अन्तकल्याण, सार्थक, सव्यञ्जन, सम्पूर्णपरिशुद्ध ब्रह्मचर्यको स्पष्ट पार्छ । त्यस्तो धर्ममा बशुश्रुत हुन्छ, धारण गर्ने हुन्छ, वाणीमा धारण गर्ने हुन्छ, मनद्वारा परिचित हुन्छ, दृष्टिमा पारंगत हुन्छ । परिश्रमी, शक्तिवान, दृढपराक्रमी तथा कुशल धर्ममा काँध नझुकाउने हुन्छ । यसै जन्ममा सुखपूर्वक बस्न पाउने चार प्रकारका चैतसिक ध्यान लाभी हुन्छ, अनायासै लाभी हुन्छ, विनाकष्टै लाभी हुन्छ, सजिलैसित लाभ हुन्छ तथा विनापरिश्रमै लाभ हुन्छ । आश्रवहरू क्षय तथा अनाश्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार अनि लाभ गरी बस्छ । आनन्द ! यतिले पनि भिक्षुसंघसित सुखपूर्वक बस्नसक्छ ।"



Downloaded from http://dhamma.digital

## (१२) २. अन्धकविन्दवग्गो

### १.कुलूपकसुत्तं

१११. "भिक्षुहो ! पाँच कुराले युक्त कुलुपक (स्थानीय) भिक्षु गृहस्थका अप्रिय, मन अप्रसन्न गर्ने, अगौरवनीय र असम्मानित हुन्छ । ती पाँच के के हुन् ? उसको शत्रुप्रति विश्वास गर्छ, आफू मालिक नभएता पनि मालिक भएर यो लेऊ र त्यो लेऊ भनी भन्छ, आपसमा झगडा गर्ने परिवारसँग संसर्ग राख्छ, कानेखुसी गर्ने अनि अति याचक हुन्छ । भिक्षुहो ! यी नै पाँच कुराले युक्त कुलुपक (स्थानीय) भिक्षु गृहस्थको अप्रिय, मन अप्रसन्न गर्ने, अगौरवनीय र असम्मानित हुन्छ ।

"भिक्षुहो ! पाँच कुराले युक्त कुलुपक भिक्षु गृहस्थका प्रिय, मन प्रसन्न गर्ने, गौरवनीय र सम्मानित हुन्छ । ती पाँच के के हुन् ? उसको शत्रुप्रति विश्वास गर्दैन, आफू मालिक नभएकोले मालिक भएर यो लेऊ र त्यो लेऊ भनी भन्दैन, आपसमा झगडा गर्ने परिवारसँग संसर्ग राख्दैन, कानेखुसी गर्दैन अनि अति याचक हुँदैन । भिक्षुहो ! यी नै पाँच कुराले युक्त कुलुपक भिक्षु गृहस्थका प्रिय, मन प्रसन्न गर्ने, गौरवनीय र असम्मानित हुन्छ ।"

### २. पच्छासमणसुत्तं

११२. "भिक्षुहो ! पाँच कुरामा युक्तलाई आफ्नो अनुयायी श्रमण नबनाए हुन्छ । ती पाँच के के हुन् ? अति टाढाबाट जान्छ, अति नजिकबाट आउँछ, पात्रमा भरिपूर्ण हुँदा पनि लिएर सघाउँदैन, दोषका कुरा सुनाउँदा पनि नमान्ने हुन्छ, कुरा गरिरहँदा बीच बीचमा कुरा गर्छ अनि बुद्धि नभएको जडलठ्याङ्ग्रो हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्तलाई आफ्नो अनुयायी श्रमण नबनाए हुन्छ ।

"भिक्षुहो ! पाँच कुरामा युक्तलाई आफ्नो अनुयायी श्रमण बनाए हुन्छ । ती पाँच के के हुन् ? न अति टाढाबाट जान्छ न अति नजिकबाट आउँछ, पात्रमा भरिपूर्ण हुँदा लिएर सघाउँछ, दोषका कुरा सुनाउँदा मान्छ, कुरा गरिरहँदा बीच बीचमा कुरा गर्दैन अनि प्रज्ञावान हुन्छ तथा जडलठ्याङ्ग्रो हुँदैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्तलाई आफ्नो अनुयायी श्रमण बनाए हुन्छ ।"

### ३. सम्मासमाधिसुत्तं

११३. "भिक्षुहो ! पाँच कुरामा युक्त भिक्षुले सम्यकसमाधि प्राप्त गर्न



Downloaded from http://dhamma.digital

सक्दैन । ती पाँच के के हुन् ? उसले रूपलाई सहँदैन, शब्दलाई सहँदैन, गन्धलाई सहँदैन, रसलाई सहँदैन अनि स्पर्शलाई सहँदैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षुले सम्यकसमाधि प्राप्त गर्न सक्दैन ।

"भिक्षुहो ! पाँच कुरामा युक्त भिक्षुले सम्यकसमाधि प्राप्त गर्छ । ती पाँच के के हुन् ? उसले रूपलाई सहँछ, शब्दलाई सहँछ, गन्धलाई सहँछ, रसलाई सहँछ अनि स्पर्शलाई सहँछ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षुले सम्यकसमाधि प्राप्त गर्छ ।"

## ४. अन्धकविन्दसुत्तं

११४. एक समय भगवान मगधस्थित अन्धकविन्दमा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अयुष्मान आनन्दलाई भगवानले यसो भन्नुभयो–

"आनन्द ! जो ती भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै दिन भएको छैन तथा भर्खरै यो धर्म-विनयमा आएका छन् । आनन्द ! तिमीले ती भिक्षुहरू-लाई पाँच विषयको शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ । कुन पाँच विषयमा ? 'आवुसोहो ! आऊ, तिमीहरू शीलमा प्रतिष्ठित हुनु, प्रातिमोक्षको संवरमा संवरित हुनु, आचार-गोचरसम्पन्न हुनु, अणुमात्रको दोषमा पनि भयदर्शी हुनु, शिक्षापदहरूको राम्रोसँग पालन गर्नु ।' यसरी प्रातिमोक्षको संवरित हुन शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ ।

"आवुसोहो ! 'आऊ, तिमीहरू इन्द्रियमा संयमित हुनु, स्मृतिलाई आरक्षा गर, स्मृतिमा ज्ञानसम्पन्न हुनु मन सुरक्षित गर तथा सुरक्षित चित्तको भई विचरण गर ।' यसरी इन्द्रियमा संयमित हुने शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ ।

"आवुसोहो ! 'आऊ, तिमीहरू मितभाषी हुनु, कुरा गर्दा सिमाको उल्लंघन नगर्नु । यसरी कुरा गर्दा सिमा भन्दा बाहिर नजाने शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ ।

"आवुसोहो ! 'आऊ, तिमीहरू आरण्यक हुनु, जङ्गलको एकान्त स्थान-मा शयनासनको उपयोग गर्नु । यसरी एकान्तमा बस्ने शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ ।



Downloaded from http://dhamma.digital

"आवुसोहो ! 'आऊ, तिमीहरू सम्यकदृष्टिका हुनु, सम्यक दर्शनसम्पन्न हुनु । यसरी सम्यकदर्शनको शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ । आनन्द ! जो ती भिक्षुहरू नयाँ छन्, प्रव्रजित भएको धेरै दिन भएको छैन तथा भर्खरै यो धर्म-विनयमा आएका छन् । आनन्द ! तिमीले ती भिक्षुहरूलाई यी नै पाँच विषयको शिक्षा दिनुपर्छ, अभ्यासमा लगाउनु पर्छ र प्रतिष्ठापित गराउनु पर्छ ।"

### ५. मच्छरिनीसुत्तं

११५. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समातेर नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? आवासप्रति कन्जुसी हुन्छे, गृहस्थ कुलप्रति कन्जुसी हुन्छे, वस्तु-लाभप्रति कन्जुसी हुन्छे, गुणवानप्रति कन्जुसी हुन्छे अनि धर्म पाठ सिकाउनमा कन्जुसी हुन्छे । "भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षुणीलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? आवासप्रति कन्जुसी हुँदैन, गृहस्थ कुलप्रति कन्जुसी हुँदैन, वस्तु-लाभप्रति कन्जुसी हुँदैन, गुणवान प्रति कन्जुसी हुँदैन अनि धर्म पाठ सिकाउनमा कन्जुसी हुदैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

### ६. वण्णनासुत्तं

११६. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचारै नगरी अप्रशंसनीयलाई प्रशंसा गर्छे, सोचविचारै नगरी प्रशंसनीयलाई प्रशंसा गर्दैन, सोचविचारै नगरी अश्रद्धेय स्थानमा श्रद्धा गर्छे, सोचविचारै नगरी श्रद्धा गर्नु पर्ने स्थानमा श्रद्धा गर्दैन अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षुणीलाईसमातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचार गरी प्रशंसनीयलाई प्रशंसा गर्छे, सोचविचार गरी अप्रशंसनीयलाई प्रशंसा गर्दैन, सोचविचार गरी श्रद्धेय स्थानमा श्रद्धा गर्छे, सोचविचार गरी श्रद्धा गर्नु नपर्ने स्थानमा श्रद्धा गर्दैन अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्छे । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् ।"



Downloaded from http://dhamma.digital

## ७. इस्सुकिनीसुत्तं

११७. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचारै नगरी अप्रशंसनीयलाई प्रशंसा गर्छ, सोचविचारै नगरी प्रशंसनीयलाई प्रशंसा गर्दैन, इर्ष्यालु, कन्जुसी अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचार गरी प्रशंसनीयलाई प्रशंसा गर्छ, सोचविचार गरी अप्रशंसनीयलाई प्रशंसा गर्दैन, इर्ष्यालु हुँदैन, कन्जुसी हुँदैन अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाति स्वर्गमा राखेसमान हुन् ।"

## ८. मिच्छादिट्ठि

११८. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् । ती पाँच के केहुन् ? सोचविचारै नगरी अप्रशंसनीयलाई प्रशंसागर्छ, सोचविचारै नगरी प्रशंसनीयलाई प्रशंसा गर्दैन, मिथ्यादृष्टि हुन्छ, मिथ्यासंकल्प हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचार गरी प्रशंसनीयलाई प्रशंसा गर्छ, सोविचार गरी अप्रशंसनीयलाई प्रशंसा गर्दैन, सम्यकदृष्टि हुन्छ, सम्यकसंकल्प हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखे समान हुन् ।"

## ९. मिच्छावाचासुत्तं

११९. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् । ती पाँच के केहुन् ? सोचविचारै नगरी अप्रशंसनीयलाई प्रशंसागर्छ, सोचविचारै नगरी प्रशंसनीयलाई प्रसंसा गर्दैन, मिथ्यावाची हुन्छ, मिथ्याकर्मी हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचार गरी प्रशंनीयलाई प्रशंसा गर्छ, सोचविचार गरीअप्रशंसनीयलाई प्रशंसा गर्दैन, सम्यकवाची हुन्छ, सम्यक-सम्यककर्मी हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखे समान हुन् ।"

## १०. मिच्छावायामसुत्तं

१२०. "भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचारै नगरी अप्रशंसनीयलाई प्रशंसागर्छ, सोचविचारै नगरी प्रशंसनीयलाई प्रशंसा गर्दैन, मिथ्याव्यायामी हुन्छ, मिथ्यास्मृति हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! यी पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोचविचार गरी प्रशंसनीयलाई प्रशंसा गर्छ, सोचविचार गरी अप्रशंसनीयलाई प्रशंसा गर्दैन, सम्यकव्यायामी हुन्छ, सम्यकस्मृति हुन्छ अनि श्रद्धापूर्वक दिएको ग्रहण गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने भिक्षुणीलाई समाती स्वर्गमा राखेसमान हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## १३. ३. गिलानवग्गो

### १. गिलानसुत्तं

१२१. एक समय भगवान वैसालीस्थित महावनको कुटागारसालामा बस्नुहुन्थ्यो । त्यस बेला भगवान सन्ध्याको समय ध्यानबाट उठ्नु भई जहाँ गिलानसाला (रोगी बस्ने गृह) हो त्यहाँ जानुभयो । भगवानले त्यहाँ दुर्वल रोगी भिक्षुलाई देख्नुभई बिच्छ्याई राखेको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो –

"भिक्षुहो ! जो दुर्बल रोगी भिक्षुले पाँच विषय परित्याग नगरेमा ऊबाट यो आश गर्न सकिन्छ कि– 'चिरकाल नबित्दै आश्रव क्षय गरी अनाश्रवी भई चित्त विमुक्ति र प्रज्ञाविमुक्तिलाई यसैजीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्छ ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु अशुभदर्शी हुन्छ, आहारमा प्रतिकूलसंज्ञा हुन्छ, समस्त लोकप्रति वैराग्यसंज्ञा हुन्छ, समस्त संस्कारप्रति अनित्यदर्शी हुन्छ अनि मरण संज्ञालाई आफू भित्र सुप्रतिष्ठित गर्छ । भिक्षुहो ! जो दुर्बल रोगी भिक्षुले यी पाँच विषय परित्याग नगरेमा ऊबाट यो आश गर्न सकिन्छ कि– 'चिरकाल नबित्दै आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञा विमुक्तिलाई यसै जीवनम स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी बस्छ ।"

### २. सतिसुपट्ठित सुत्तं

"भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले पाँच विषयको अभ्यास गरे तथा पाँच विषयको अधिक अभ्यास गरेमा दुई फल मध्ये एक फलको आश गर्न सकिन्छ– यसै जीवनमा अर्हत वा उपाधिशेषरहेमा अनागामी हुने ।

"ती पाँच के के हुन् ? यहाँ भिक्षुले उत्पत्ति र विनाश हुने विषयप्रति प्रज्ञाद्वारा स्मृतिसुप्रतिष्ठित गर्छ, शरीरप्रति अशुभदर्शी हुन्छ, आहारमा प्रतिकूल-संज्ञा हुन्छ, समस्त लोकप्रति वैराग्यसंज्ञा हुन्छ अनि समस्त संस्कारप्रति अनित्यदर्शी हुन्छ । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीले पाँच विषयको अभ्यास गरे वा पाँच विषयको अधिक अभ्यास गरेमा दुई फल मध्ये कुनै एक फलको आश गर्न सकिन्छ– यसै जीवनमा अर्हत वा उपाधिशेषरहेमा अनागामी हुने ।"



Downloaded from http://dhamma.digital

### ३. पठमउपट्ठाकसुत्तं

१२३. "भिक्षुहो ! पाँच कुरामा युक्त हुने रोगीको सुश्रुषा गर्न कठिन छ । ती पाँच के के हुन् ? परहेजमा बस्दैन, औषधी सेवन गर्दैन, रोगीको सुश्रुषा गर्ने आफ्नो हितानुकम्पिलाई आफ्नो रोग निको भइरहेमा निको भइरहेको छ निको नभएमा निको नभएको वा यथावत रहिरहेमा यथावत छ भनी यथार्थसहित भन्दैन । उत्पन्न शारीरिक कष्ट, दुःख, तीब्रता, खर्रो, कटु, प्रतिकूल, अप्रिय र प्राण हरणसमानलाई सहँदैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने रोगीको सुश्रुषा गर्न कठिन छ ।

"भिक्षुहो ! पाँच कुरामा युक्त हुने रोगीको सुश्रुषा गर्न सहज छ । ती पाँच के के हुन् ? परहेजमा बस्छ, औषधी सेवन गर्छ, रोगीको सुश्रुषा गर्ने आफ्नो हितानुकम्पिलाई आफ्नो रोग निको भइरहेमा निको भइरहेको छ निको नभएमा निको नभएको र यथावत रहिरहेमा यथावत छ भनी यथार्थ-सहित भन्छ । उत्पन्न शारीरिक कष्ट, दुःख, तीब्रता, खर्रो, कटु, प्रतिकूल, अप्रिय र प्राण हरणसमानलाई सहँछ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने रोगीको सुश्रुषा गर्न सहज छ ।"

### ४. दुतियउपट्ठाकसुत्तं

१२४. "भिक्षुहो ! पाँच कुरामा युक्त हुने रोगीका सेवकले रोगीको सेवा गर्न जानेको हुँदैन । ती पाँच के के हुन् ? ऊसँग औषधी बनाउने क्षमता हुँदैन । पथ्य-अपथ्य जानेको हुँदैन तथा अपथ्य ल्याउँछ, पथ्य ल्याउँदैन । केही पाउने आशमा रोगीको सेवा गर्छ, मैत्री चित्त हुँदैन । मल-मूत्र-उल्टी-थूक फ्याँक्न घृणा गर्छ । समय समयमा धार्मिक कुराद्वारा रोगीलाई ढाढस दिनमा, प्रेरित गर्नमा, उत्साहित पार्नमा, खुशी पार्नमा सक्षम हुँदैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने रोगीका सेवकले सेवा गर्न जानेको हुँदैन ।

"भिक्षुहो ! पाँच कुरामा युक्त हुने रोगीका सेवकले रोगीलाई सेवा गर्न जानेको हुन्छ । ती पाँच के के हुन् ? ऊसँग औषधी बनाउने क्षमता हुन्छ । पथ्य-अपथ्य जानेको हुन्छ तथा पथ्य ल्याउँछ, अपथ्य ल्याउँदैन । केही पाउने आशमा रोगीको सेवा गर्दैन, मैत्री चित्तको हुन्छ । मल-मूत्र-उल्टी-थूक फ्याँक्न घृणा गर्दैन । समय समयमा धार्मिक कुराद्वारा रोगीलाई ढाढस दिनमा, प्रेरित गर्नमा, उत्साहित पार्नमा, खुशी पार्नमा सक्षम हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त हुने रोगीका सेवकले रोगीलाई सेवा गर्न जानेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ५. पठमअनायुस्सासुत्तं

१२५. "भिक्षुहो ! आयु घट्ने कारण पाँच छन् । ती के के हुन् ? पथ्यमा बस्दैन, पथ्य विषय जानेको हुँदैन, राम्रोसँग नपाकेको खान्छ, अकालचारी हुन्छ अनि ब्रह्मचारी हुँदैन । भिक्षुहो ! यी नै पाँच कारणले आयु घट्छ ।

"भिक्षुहो ! आयु बढ्ने कारण पाँच छन् । ती के के हुन् ? पथ्यमा बस्छ, पथ्य विषय जानेको हुन्छ, राम्रोसँग पाकेको खान्छ, अकालचारी हुँदैन अनि ब्रह्मचारी हुन्छ । भिक्षुहो ! यी नै पाँच कारणले आयु बढ्छ ।"

## ६. दुतियअनायुस्सासुत्तं

१२६. "भिक्षुहो ! आयु घट्ने कारण पाँच छन् । ती के के हुन् ? पथ्यमा बस्दैन, पथ्य विषय मात्रा जानेको हुँदैन, राम्रोसँग नपाकेको खान्छ, दुःशील हुन्छ अनि पापीको संगत गर्छ । भिक्षुहो ! यी नै पाँच कारणले आयु घट्छ ।

"भिक्षुहो ! आयु बढ्ने कारण पाँच छन् । ती के के हुन् ? पथ्यमा बस्छ, पथ्य विषय मात्रा जानेको हुन्छ, राम्रोसँग पाकेको खान्छ, शीलवान हुन्छ अनि कल्याण-मित्रको संगत गर्छ । भिक्षुहो ! यी नै पाँच कारणले आयु बढ्छ ।"

## ७. वपकासुत्तं

१२७. "भिक्षुहो ! पाँच कुराले युक्त हुने भिक्षुलाई संघबाट एक्लै बस्नदिनु हुँदैन । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु जुनकुनै चीवरमा असन्तुष्ट हुन्छ, जुनकुनै भोजनमा असन्तुष्ट हुन्छ, जुनकुनै शयनासनमा असन्तुष्ट हुन्छ, जुनकुनै रोगीका औषधी र परिष्कारादिमा असन्तुष्ट हुन्छ अनि बहु कामभोगी भई विचरण गर्छ । भिक्षुहो ! यी नै पाँच कुराले युक्त हुने भिक्षुलाई संघबाट एक्लै बस्नदिनु हुँदैन ।

"भिक्षुहो ! पाँच कुराले युक्त हुने भिक्षुलाई संघबाट एक्लै बस्न दिए हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु जुनकुनै चीवरमा सन्तुष्ट हुन्छ, जुनकुनै भोजनमा सन्तुष्ट हुन्छ, जुनकुनै शयनासनमा संन्तुष्ट हुन्छ, जुनकुनै रोगीका औषधी र परिष्कारादिमा सन्तुष्ट हुन्छ अनि बहुनैष्कम्य संकल्पको भई विचरण गर्छ । भिक्षुहो ! यी नै पाँच कुराले युक्त हुने भिक्षुलाई संघबाट एक्लै बस्नदिए हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ८. समणसुखसुत्तं

१२८. "भिक्षुहो ! यी पाँच श्रमण दुःख हुन् । कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु जुनकुनै चीवरमा असन्तुष्ट, जुनकुनै भोजनमा असन्तुष्ट, जुनकुनै शयनासनमा असन्तुष्ट, जुनकुनै रोगीका औषधी र परिष्कारादिमा असन्तुष्ट हुनु अनि ब्रह्मचर्यमा मन नरमाउनु । भिक्षुहो ! यी नै पाँच श्रमण दुःख हुन् ।

"भिक्षुहो ! यी पाँच श्रमण सुख हुन् । कुन पाँच ? भिक्षुहो ! यहाँ भिक्षु जुनकुनै चीवरमा सन्तुष्ट, जुनकुनै भोजनमा सन्तुष्ट, जुनकुनै शयनासनमा सन्तुष्ट, जुनकुनै रोगीका औषधी र परिष्कारादिमा सन्तुष्ट हुनु अनि ब्रह्मचर्यमा मन रमाउनु । भिक्षुहो ! यी नै पाँच श्रमण सुख हुन् ।"

## ९. परिकुप्पसुत्तं

१२९. "भिक्षुहो ! यी पाँच कारणले अपायगामी, नरकगामी, सडेको अनि उद्धार गर्न सकिँदैन । कुन पाँच ? आमाको हत्या, बुबाको हत्या, अर्हतको हत्या, दुष्ट चित्तले तथागतको शरीरबाट रगत बगाउने अनि संघ भेद । भिक्षुहो ! यी नै पाँच कारणले अपायगामी, नरकगामी, सडेकोहुन्छ अनि उद्धार गर्न सकिँदैन ।"

## १०. ब्यसनसुत्तं

१३०. "भिक्षुहो ! यी पाँच हानि हुन् । कुन पाँच ? आफन्तको हानि, सम्पत्तिको हानी, स्वास्थ्यको हानि, शीलको हानि अनि सम्यकदृष्टिको हानि । भिक्षुहो ! सत्वका आफन्त नरहँदा, सम्पत्तिको नाश हुँदा, स्वास्थ्यको हानि हुँदा शरीर भेद भई मृत्यु हुँदा अपाय, दुर्गति, पतन तथा नरकमा जन्मिनु पर्दैन । भिक्षुहो ! शीलको हानि हुँदा र सम्यकदृष्टि नहुँदा शरीर भेद भई मृत्यु हुँदा अपाय, दुर्गति, पतन तथा नरकमा जन्मिन्छ । भिक्षुहो ! यी पाँच हानि हुन् ।

"भिक्षुहो ! यी पाँच सम्पत्ति हुन् । कुन पाँच ? आफन्तसम्पत्ति, भोग-सम्पत्ति, आरोग्यसम्पत्ति, शीलसम्पत्ति अनि दृष्टिसम्पत्ति । भिक्षुहो ! सत्वका आफन्तसम्पत्ति, भोगसम्पत्ति, आरोग्यसम्पत्तिद्वारा शरीर भेद भई मृत्यु हुँदा सुगति स्वर्ग लोकमा सत्वले जन्म लिन पाउँदैन । शीलसम्पत्ति र सम्यकदृष्टि-सम्पत्तिले शरीर भेद भई मृत्युहुँदा स्वर्ग लोकमा वा सुगतिमा सत्वले जन्म लिन पाउँछ । भिक्षुहो ! यी पाँच सम्पत्ति हुन् ।"



Downloaded from http://dhamma.digital

# १४. (४) राजवग्गो

## १. पठमचक्कानुवत्तनसुत्तं

१३१. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न चक्रवर्ती राजाले धर्मपूर्वक (राजचक्र) चलाउँछ । त्यो धर्मानुसारको चक्र अन्य कोही प्राणी, मानिस वा शत्रुले चलाउन सक्दैन । ती पाँच के के हुन् ? यहाँ चक्रवर्ती राजा अर्थज्ञ हुन्छ, धर्मज्ञ हुन्छ, मात्राज्ञ हुन्छ, कालज्ञ हुन्छ अनि परिषदज्ञ हुन्छ । भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न चक्रवर्ती राजाले धर्मपूर्वक चक्र चलाउँछ । त्यो धर्मानुसारको चक्र अन्य कोही प्राणी, मानिस वा शत्रुले चलाउन सक्दैन ।

"भिक्षुहो ! यस्तरी नै (म) तथागत अर्हत सम्यकसम्बुद्ध हुँ, धर्मज्ञ हुँ, मात्राज्ञ हुँ, कालज्ञ हुँ अनि परिषदज्ञ हुँ । भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भई तथागत अर्हत सम्यकसम्बुद्धले (मैले) धर्मपूर्वक अतिउत्तम धर्मचक्रको प्रवर्तन गर्दछु । त्यो चक्रलाई अन्य कोही श्रमणद्वारा, ब्राह्मणद्वारा, देवद्वारा, मारद्वारा, ब्रह्माद्वारा वा कहिँका लोकवासिले प्रवर्तन गर्न सक्दैन ।"

## २. दुतियचक्कानुवत्तनसुत्तं

१३२. "भिक्षुहो ! पाँच अङ्गद्वसम्पन्न चक्रवर्ती राजाका ठूलो छोराले बुबाबाट प्रवर्तित गरिएको धर्मपूर्वकको (राज) चक्र अनुप्रवर्तित गर्छ । त्यो धर्मानुसारको चक्र अन्य कोही प्राणी, मानिस वा शत्रुले चलाउन सक्दैन ।

"ती पाँच के के हुन् ? यहाँ चक्रवर्ती राजाका ठूलो छोरा अर्थज्ञ हुन्छ, धर्मज्ञ हुन्छ, मात्राज्ञ हुन्छ, कालज्ञ हुन्छ अनि परिषदज्ञ हुन्छ । भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न चक्रवर्ती राजाको ठूलो छोराले बुबाबाट प्रवर्तित धर्मपूर्वक चक्रलाई अनुप्रवर्तित गर्छ । त्यो धर्मानुसारको चक्र अन्य कोही प्राणी, मानिस वा शत्रुले प्रवर्तन गर्न सक्दैन ।

"भिक्षुहो ! यस्तरी नै पाँच अङ्गसम्पन्न सारिपुत्तले तथागतद्वारा अतिउत्तम धर्मचक्र प्रवर्तन गरिएकोलाई सम्यकरूपले अनुप्रवर्तित गर्नसक्छ । त्यो चक्रलाई अन्य कोही श्रमणद्वारा, ब्राह्मणद्वारा, देवद्वारा, मारद्वारा, ब्रह्माद्वारा वा कहिँका लोकवासिले प्रवर्तन गर्नसक्दैन ।"

## ३. धम्मराजासुत्तं

१३३. "भिक्षुहो ! जो धार्मिक, धर्मराज तथा चक्रवर्ती राजा हुन्छ उसले



Downloaded from http://dhamma.digital

अराजकतापूर्वक चक्र प्रवर्तन गर्दैन । यसरी भन्नु भएपछि कोही एक भिक्षुले भगवानसँग सोधे– "भन्ते ! धार्मिक, धर्मराज तथा चक्रवर्ती राजाका राजा को हुन् ?" "भिक्षुहो ! धर्म नै हो," भनी भगवानले भन्नुभयो ।

"भिक्षुहो ! वहाँ धार्मिक, धर्मराज तथा चक्रवर्ती राजाले धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई अन्तपुरमा धर्मपूर्वक आवरण तथा संरक्षणको व्यवस्था गर्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को वहाँ धार्मिक, धर्मराज तथा चक्रवर्ती राजाले धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई नियुक्त भएका क्षत्रीय सेनालाई धार्मिक आवरण तथा संरक्षणको व्यवस्था गर्छ । ... ब्राह्मण गृहति, निगम-जनपदका श्रमण-ब्राह्मण र पशु-पंक्षीलाई पनि धार्मिक आवरण तथा संरक्षण गर्छ ।

"भिक्षुहो ! अनि फेरि वहाँ धार्मिक, धर्मराज तथा चक्रवर्ती राजाले धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई अन्तपुरमा धार्मिक आवरण तथा संरक्षणको काम गर्दै नियुक्त भएका क्षत्रीय सेनालाई, ब्राह्मण-गृहपतिलाई निगम-जनपदका श्रमण-ब्राह्मण र पशु-पंक्षीलाई पनि धर्मानुसारै चक्र प्रवर्तन गर्छ । त्यो धर्मानुसारको चक्र अन्य कोही प्राणी, मानिस वा शत्रुले प्रवर्तन गर्न सक्दैन ।

"भिक्षुहो ! यस्तरी नै (म) तथागत अर्हत; समयकसम्बुद्ध धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई धर्मपूर्वक भिक्षुहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु । शरीरद्वारा गरिने कर्म यस्तो हुनुपर्छ, शरीरद्वारा गरिने कर्म यस्तो हुनु हुँदैन; वचनद्वारा गरिने कर्म यस्तो हुनुपर्छ वचनद्वारा गरिने कर्म यस्तो हुनु हुँदैन; मनद्वारा गरिने कर्म यस्तो हुनुपर्छ, मनद्वारा गरिने कर्म यस्तो हुनुहुँदैन; आजीविका यस्तो हुनुपर्छ, आजीविका यस्तो हुनुहुँदैन; यस्तो गाउँ वा शहरमा बस्नुपर्छ अनि यस्तो गाउँ वा शहरमा बस्नुहुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को (म) तथागत अर्हत, सम्यकसम्बुद्ध धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई धर्मपूर्वक भिक्षुणीहरूप्रति ... उपासकहरूप्रति ... उपासिकाहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु । शरीरद्वारा गरिने कर्म यस्तो हुनुपर्छ, शरीरद्वारा गरिने कर्म यस्तो हुनुहुँदैन; वचनद्वारा गरिने



Downloaded from http://dhamma.digital

कर्म यस्तो हुनुपर्छ, वचनद्वारा गरिने कर्म यस्तो हुनुहुँदैन; मनद्वारा गरिने कर्म यस्तो हुनुपर्छ, मनद्वारा गरिने कर्म यस्तो हुनुँदैन; आजीविका यस्तो हुनुपर्छ, आजीविका यस्तो हुनुहुँदैन; यस्तो गाउँ वा शहरमा बस्नुपर्छ अनि यस्तो गाउँ वा शहरमा बस्नुहुँदैन ।

"भिक्षुहो ! यस्तरी नै (म) तथागत, अर्हत, समयकसम्बुद्ध धर्मकै आश्रयमा रहेर, धर्मकै सत्कार गर्दै, धर्मकै गौरव गर्दै, धर्मकै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपति भई धर्मपूर्वक भिक्षुहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु । भिक्षुणीहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु । उपासकहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु अनि उपासिकहरूप्रति आवरण तथा संरक्षणको व्यवस्था गर्दछु । धर्मानुसारै अतिउत्तम धर्म-चक्रको प्रवर्तन गर्दछु । त्यो चक्रलाई अन्य कोही श्रमणद्वारा, ब्राह्मणद्वारा, देवद्वारा, मारद्वारा, ब्रह्माद्वारा वा कहिँका लोकवासिले प्रवर्तन गर्न सक्दैन ।"

## ४. यस्संदिसुत्तं

१३४. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न मुकुटधारी क्षत्रिय राजा जुन जुन दिशामा जान्छ आफूले जितेकै राज्यमा बस्छ ।

"ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ मुकुटधारी क्षत्रिय राजा आमा-बाट, बुबाबाट तथा उभयपक्षबाटै सुजात, सातपुस्तासम्म शुद्ध वंश हुन्छ अनि जातिवादको दृष्टिमा निर्दोषी हुन्छ । ऐश्वर्यवान, महाधनवान, महाभोगवान अनि कोषागार भरिपूर्ण हुन्छ । चतुरङ्गि सेनाहरूबाट बलवान, भनेको मान्ने, उपदेश अनुसार चल्ने, अतित, अनागत र वर्तमान विषयमा विचार गर्न सामर्थ्यवान, पण्डित, बुद्धिमान तथा मेधावी हुन्छ । उसले यी चार गुणद्वारा यशस्वी बनाउँछ । ऊ यी यशसहितको पाँच अङ्गद्वारा सम्पन्न भई जुन जुन दिशामा जान्छ आफूले जितेकै राज्यमा बस्छ । त्यो के कारण ? भिक्षुहो ! विजयी हुँदा यस्तै नै हुन्छ ।

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षु जुन जुन दिशामा गएर बस्छ विमुक्तचित्त नै भएर बस्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष शील पालन गर्छ, अणुमात्रको दोषमा भयदर्शी हुन्छ, आचार-गोचरसम्पन्न हुन्छ तथा शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । मुकुटधारी क्षेत्रीय राजा झैं जातिद्वारा सम्पन्न हुन्छ । बहुश्रुत, श्रुतधर, श्रुतधारी, जुन ती धर्महरू आदिकल्याण, मध्य कल्याण, अन्त कल्याण, सार्थक र व्यञ्जनयुक्त केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको गुणानुवाद गर्छ ।



Downloaded from http://dhamma.digital

तदनुरूपको धर्ममा बहुश्रुत, धारण गर्ने, वचनमा परिचित र मनद्वारा परिक्षित सम्यक प्रकारले ग्रहण गर्छ । मुकुटधारी क्षेत्रीय राजा झैं धनी, महाधनी, भोगवान र कोषागार परिपूर्ण हुन्छ । उद्योगशील हुन्छ, अकुशल धर्म (पापकर्म) त्याग्छ, कुशल धर्म वृद्धि गर्न सामर्थ्यवान, दृढ पराक्रमी, कुशल धर्ममा काँध झुकाउँदैन । मुकुटधारी क्षत्रीय राजा झैं बलवान हुन्छ । उत्पत्ति र विनाशतांमा प्रज्ञावान हुन्छ, प्रज्ञासम्पन्न भई आर्यद्वारा विंध्नसक्ने, सम्यक-रूपले दुःख क्षय हुने मार्गमा लाग्छ । मुकुटधारी राजाको महामन्त्री चतुरङ्गी सेनासम्पन्न बलवान झैं) हुन्छ । उसको यी चारै गुणले विमुक्त फल दिन्छ । यी विमुक्त फलसहितको पाँचौ विमुक्त फलयुक्त भई ऊ जुन जुन दिशामा जान्छ 'विमुक्त' चित्तको भई जान्छ । त्यो के कारण ? भिक्षुहो ! 'विमुक्त चित्त हुँदा यस्तै नै हुन्छ ।"

## ५. पठमपत्थनासुत्तं

१३५. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न मुकुटधारी क्षत्रिय राजाको ज्येठा छोराले राज्यको चाहना गर्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ मुकुटधारी राजाको ज्येठा छोरा दुवैतिरबाट सुजात हुन्छ– आमाबाट र बुबाबाट कलंकित हुँदैन अथवा सात पुस्तासम्म शुद्धवंश र जातिवादको दृष्टिबाट निर्दोषी हुन्छ । सुन्दर र दर्शनीय, प्रिय र श्रेष्ठोत्तम वर्णसम्पन्न हुन्छ । आमा-बुबाको प्रिय र मनोनुकुल हुन्छ । गाउँ तथा शहरी मानिसका प्रिय र मनोनुकूल हुन्छ । जुन कुनै शिल्पहरूमा जस्तै– हस्तिशील्प, अश्वशील्प, रथशील्प, धनुशील्प अनि खड्गशील्पमा दक्षता हासिल गरेको हुन्छ ।

"उसको मनमा हुन्छ– 'म आमाबाट र बुबाबाट अकलंकित अथवा सात पुस्तासम्म शुद्धवंश र जातिवादको दृष्टिबाट निर्दोषी हुँ । म सुन्दर, दर्शनीय, प्रिय र श्रेष्ठोत्तम वर्णसम्पन्न छु । म आमा-बुबाको प्रिय र मनोनुकुल छु । गाउँ तथा शहरी मानिसका प्रिय र मनोनुकूल छु । मैले किन राज्यको इच्छा नगर्ने ! मुकुटधारी राजाको जुन कुनै शिल्पहरूमा जस्तै– हस्तिशील्प, अश्वशील्प, रथशील्प, धनुशील्प अनि खड्गशील्पमा दक्षता हासि-ल गरेको छु । 'मैले किन राज्यको इच्छा नगर्ने !' भिक्षुहो ! यी पञ्चअङ्गसम्पन्न मुकुटधारी क्षत्रिय राजाको ज्येठो छोराले राज्यको चाहना गर्छ ।

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षुले आश्रव क्षय गर्ने चाहना हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु श्रद्धावान हुन्छ । तथागतको बोधिप्रति श्रद्धावान हुन्छन्– वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण-सम्पन्न, सुगत, लोकविज्ञ, अतिउत्तम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता,



Downloaded from http://dhamma.digital

बुद्ध, भगवान हुनुहुन्छ । ऊ अल्परोगी, अल्पआतंकित, समप्रकृतियुक्त, न अति शीत, न अति उष्ण, मध्यम खालको अनि ध्यानाभ्यासमा लाग्छ । अशठ, अमायावी, शास्ता वा सब्रह्मचारीको सम्मुख यथार्थ कुरा भन्छ । अकुशल धर्म विनाश गर्न, कुशल धर्म उत्पन्न गर्न प्रयत्नशील, कुशलधर्ममा सामर्थ्यवान, दृढपराक्रमी भई काँध भुकाउँदैन । उत्पत्ति र विनाश विषयमा प्रज्ञावान हुन्छ । प्रज्ञासम्पन्न भई आर्यद्वारा विंध्नसक्ने भई सम्यकरूपले दुःख क्षय गर्ने मार्गमा लाग्छ ।

"उसको मनमा हुन्छ– 'म श्रद्धावान हुँ । तथागतको बोधिप्रति श्रद्धावान हुँ– 'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अतिउत्तम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता, बुद्ध, भगवान हुनुहुन्छ । मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' म अल्परोगी, अल्पआतंकित, समप्रकृतियुक्त, न अति शीत, न अति उष्ण, मध्यम खालको अनि ध्यानाभ्यासमा लागिरहेको छु भने मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' म अशठ, अमायावी, शास्ता वा सब्रह्मचारीको सम्मुख यथार्थ कुरा भन्ने गर्दछु । मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' म अकुशल धर्म विनाश गर्न, कुशल धर्म उत्पन्न गर्न प्रयत्नशील छु, कुशलधर्ममा सामर्थ्य-वान, दृढपराक्रमी र काँध भुकाउँदिन । 'मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' उत्पत्ति र विनाश विषयमा म प्रज्ञावान हुँ, प्रज्ञासम्पन्न भई आर्यद्वारा विंध्न सक्ने भई सम्यकरूपले दुःख क्षय गर्ने मार्गमा लागेको छु । मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षुले आश्रव क्षय गर्ने चाहना गर्छ ।"

## ६. दुतियपत्थनासुत्तं

१३५. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न मुकुटधारी क्षत्रिय राजाको ज्येठो छोराले उपराजा हुने चाहना गर्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ मुकुटधारी राजाको ज्येठो छोरो दुवैतिरबाट सुजात हुन्छ– आमाबाट र बुबाबाट अकलंकित अथवा सात पुस्तासम्म शुद्ध वंश र जातिवादको दृष्टिबाट निर्दोषी हुन्छ । सुन्दर र दर्शनीय, प्रिय र श्रेष्ठोत्तम वर्णसम्पन्न हुन्छ । आमा-बुबाको प्रिय र मनोनुकूल हुन्छ । सैन्यका प्रिय र मनोनुकूल हुन्छ । पण्डित, प्रज्ञावान, मेधावी, अतीत, वर्तमान र अनागतका निम्ति कल्याण कार्यमा बुद्धि पुऱ्याउँछ ।

"उसको मनमा हुन्छ– 'म आमाबाट र बुबाबाट अकलंकित अथवा सात पुस्तासम्म शुद्धवंश र जातिवादको दृष्टिबाट निर्दोषी हुँ भने 'मैले किन



Downloaded from http://dhamma.digital

उपराजको निम्ति इच्छा नगर्ने !' म सुन्दर, दर्शनीय, प्रिय र श्रेष्ठोत्तम वर्णसम्पन्न छु भने 'मैले किन उपराजको निम्ति चाहना नगर्ने !' म आमा-बुबाको प्रिय र मनोनुकूल छु भने 'मैले किन उपराजको निम्ति इच्छा नगर्ने !' म सैन्यका प्रिय र मनोनुकूल छु भने 'मैले किन उपराजको निम्ति इच्छा नगर्ने !' म पण्डित, प्रज्ञावान, मेधावी, अतीत, वर्तमान र अनागतका निम्ति कल्याण कार्यमा बुद्धि पुऱ्याउन सक्छु भने 'मैले किन उपराजको निम्ति इच्छा नगर्ने !' भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न मुकुटधारी क्षेत्रिय राजाको जेठो छोरोले उपराजा हुने चाहना गर्छ ।"

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षुले आश्रव क्षय गर्ने चाहना हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ ... शिक्षाहरूलाई राम्रोसँग ग्रहण गर्छ । बहुश्रुत हुन्छ ... दृष्टिलाई सम्यकरूपले ग्रहण गर्छ । चारस्मृति प्रस्थानमा चित्तसुप्रतिष्ठित हुन्छ । अकुशल कर्मबाट टाढारहने, कुशल धर्म उत्पन्न गर्नमा प्रयत्नरत हुन्छ, कुशल धर्मप्रति सामर्थ्य-वान हुन्छ, दृढपराक्रमी हुन्छ र काँध झुकाउँदैन । उत्पत्ति र विनाशप्रति प्रज्ञावान हुन्छ, आर्यद्वारा छिचोल्न सक्छ र सम्यकरूपले दुःख क्षय हुने मार्गमा प्रज्ञावान हुन्छ ।

"उसको मनमा हुन्छ– 'म शीलवान हुँ, प्रातिमोक्षमा संयमित छु, आचार-गोचरसम्पन्न छु, अणुमात्रको दोषमा भयदर्शी छु, शिक्षापदका शिक्षाहरूलाई राम्रोसँग ग्रहण गरेको छु भने मैले आश्रव क्षयको निम्ति किन चाहना नगर्ने !' म बहुश्रुत हुँ, श्रुतधर र श्रुतलाई संग्रह गर्दछु, जुन ती आदि कल्याण, मध्य कल्याण र अन्त कल्याण सार्थक सव्यञ्जनयुक्त केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको गुणानुवाद गर्दछु, ती धर्महरूलाई मैले धेरै सुन्ने गर्दछु, धारण गर्दछु, वाणीमा परिचित छु, दृष्टिलाई राम्रोसँग परिक्षित गरी सम्यक-प्रकारले ग्रहण गरी बसेको छु भने 'मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' चारस्मृति प्रस्थानमा मेरो चित्त सुप्रतिष्ठित छ भने 'मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' म अकुशल कर्मबाट टाढा छु, कुशल धर्म उत्पन्न गर्नमा प्रयत्नरत छु, कुशलधर्मप्रति सामर्थ्यवान छु, दृढपराक्रमी छु र काँध झुकाउँदिन भने 'मैले आश्रव क्षयको निम्ति किन इच्छा नगर्ने !' उत्पत्ति र विनाशप्रति प्रज्ञावान हुँ, आर्यद्वारा छिचोल्न सक्ने हुँ र सम्यकरूपले दुःख क्षय हुने मार्गमा प्रज्ञावान हुँ । 'मैले आश्रव क्षयको निम्ति किन चाहना नगर्ने !' भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षुले आश्रव क्षय गर्न इच्छुक हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ७. अप्पंसुपतिसुत्तं

१३७. "भिक्षुहो ! यी पाँच थरीका (मान्छे) रातमा कम सुत्ने अनि जागराम धेरै बस्छ । ती पाँच को को हुन् ? भिक्षुहो ! पुरुषको इच्छा गर्ने स्त्री रातमा कम सुत्ने अनि धेरै जागराम बस्छ । भिक्षुहो ! स्त्रीको इच्छा गर्ने पुरुष रातमा कम सुत्ने अनि धेरै जागराम बस्छ । भिक्षुहो ! चोर्ने इच्छा गर्ने चोर रातमा कम सुत्छ अनि धेरै जागराम बस्छ । भिक्षुहो ! राजकीय काममा लाग्ने राजा रातमा कम सुत्ने अनि धेरै जागराम बस्छ । भिक्षुहो ! विसंयोग (आश्रव क्षय) को इच्छा गर्ने भिक्षु रातमा कम सुत्छ अनि रातमा जागराम धेरै बस्छ । भिक्षुहो ! यी नै पाँच थरीका (मान्छे) रातमा कम सुत्ने अनि जागराम धेरै बस्छ ।"

## ८. भत्तादकसुत्तं

१३८. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न हात्तीले धेरै खाने, धेरै घुम्ने, धेरै मल त्याग्ने र शलाका (पालो) लिन्छ तै पनि त्यो राजकीय हात्ती हो भन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! राजाको हात्तीले रूप, शब्द, गन्ध, रस र स्पर्शलाई सहँदैन । यी नै पाँच अङ्गसम्पन्न हात्तीले धेरै खाने, धेरै घुम्ने, धेरै मल त्याग्ने र शलाका लिन्छ तै पनि त्यो राजकीय हात्तीको संख्यामा गनिन्छ ।

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षुले धेरै खान्छ, धेरै घुम्छ, मञ्च-आसनादि मर्दन गर्छ अनि शलाका ग्रहण गर्नेलाई भिक्षुकै संख्यामै गनिन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! भिक्षुले रूप, शब्द, गन्ध, रस र स्पर्शलाई सहँदैन । भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षुले धेरै खान्छ, धेरै घुम्छ, मञ्च-आसनादि मर्दन गर्छ अनि शलाका ग्रहण गर्नेलाई तै पनि भिक्षुको संख्यमा गनिन्छ ।"

## ९. अक्खमसुत्तं

१३८. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न हात्ती न त राजाको निम्ति योग्य हुन्छ, न त भोगचलन गर्न हुन्छ अनि न त राजाको अङ्ग नै मानिन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! राजाको हात्तीले रूप सहँदैन, शब्द सहँदैन, गन्ध सहँदैन, रस सहँदैन अनि स्पर्श सहँदैन ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो रूपलाई सहँदैन ? भिक्षुहो ! यहाँ राजाको हात्तीले संग्राम भूमिमा हात्तीको समूह देख्दा, घोडाको समूह देख्दा, रथहरू देख्दा अनि पैदल सैन्य देख्दा पछि हट्छ, मुख फर्काउँछ, उभिन सक्दैन तथा संग्राम भूमिमा उत्रन सक्दैन । भिक्षुहो ! राजाको हात्तीले यस्तो रूप



Downloaded from http://dhamma.digital

सहँदैन ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो शब्दलाई सहँदैन ? भिक्षुहो ! यहाँ राजाको हात्तीले संग्राम भूमिमा हात्ती-शब्द, घोडा-शब्द, रथ-शब्द अनि पैदलसैन्य-शब्द, भेरी, ढोल, शंखादिको शब्द सुन्दा पछि हट्छ, मुख फर्काउँछ, उभिन सक्दैन तथा संग्राम भूमिमा उत्रन सक्दैन । भिक्षुहो ! राजाको हात्तीले यस्तो शब्द सहँदैन ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो गन्धलाई सहँदैन ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा राजाको श्रेष्ठ लडाकुका हात्तीका मलमूत्र गन्ध सुँघेर पछि हट्छ, मुख फर्काउँछ, उभिन सक्दैन तथा संग्राम भूमिमा उत्रन सक्दैन । भिक्षुहो ! राजाको हात्तीले यस्तो गन्ध सहँदैन ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो रस सहँदैन ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा एक दिन, दुई दिन, तीन दिन चार दिन वा पाँच दिन घाँस पानी नपाउँदा पछि हट्छ, मुख फर्काउँछ, उभिन सक्दैन तथा संग्राम भूमिमा उत्रन सक्दैन । भिक्षुहो ! राजाको हात्तीले यस्तो रस सहँदैन ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो स्पर्श सहँदैन ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा एक, दुई, तीन, चार वा पाँच वाण लाग्दा पछि हट्छ, मुख फर्काउँछ, उभिन सक्दैन तथा संग्राम भूमिमा उत्रन सक्दैन । भिक्षुहो ! राजाको हात्तीले यस्तो स्पर्श सहँदैन । भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न हात्ती न त राजाको निम्ति योग्य हुन्छ, न त भोगचलन गर्न हुन्छ अनि न त राजाको अङ्गै मानिन्छ ।

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षु न त आव्हान गर्न योग्य हुन्छ, न त पाहुना गर्न योग्य हुन्छ, न त दक्षिणा दिन योग्य हुन्छ, न त नमस्कार गर्न योग्य हुन्छ अनि लोकका निम्ति न त अनुपम पुण्य क्षत्रै हुन्छ । यी पाँच के के हुन ? यहाँ भिक्षुले रूप सहँदैन, शब्द सहँदैन, गन्ध सहँदैन, रस सहँदैन अनि स्पर्श सहँदैन ।

"भिक्षुहो ! भिक्षुले कस्तो रूप सहँदैन ? भिक्षुहो ! यहाँ भिक्षु चक्षुद्वारा आकर्षक रूप देख्दा आकर्षित हुन्छ अनि चित्त सह्माल्दैन । भिक्षुहो ! यस्तो रूप सहँदैन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भिक्षुले कस्तो शब्द सहँदैन ? भिक्षुहो ! यहाँ भिक्षु श्रोतद्वारा आकर्षक शब्द सुन्दा आकर्षित हुन्छ अनि चित्त सह्माल्दैन। भिक्षुहो ! यस्तो शब्द सहँदैन ।

"भिक्षुहो ! भिक्षुले कस्तो गन्ध सहन सक्दैन ? भिक्षुहो ! यहाँ भिक्षु घ्राणद्वारा आकर्षक गन्ध सुँघ्दा आकर्षित हुन्छ अनि चित्त सह्माल्न सक्दैन । भिक्षुहो ! यस्तो गन्धमा सहन सक्दैन ।

"भिक्षुहो ! भिक्षुले कस्तो रस लिँदा सहन सक्दैन ? भिक्षुहो ! यहाँ भिक्षु जिह्वाद्वारा आकर्षक रसास्वादमा आकर्षित हुन्छ अनि चित्त सह्माल्न सक्दैन । भिक्षुहो ! यस्तो रसमा सहन सक्दैन ।

"भिक्षुहो ! भिक्षुले कस्तो स्पर्श सहन सक्दैन ? भिक्षुहो ! यहाँ भिक्षु शरीरद्वारा आकर्षक स्पर्शित हुँदा आकर्षित हुन्छ अनि चित्त सह्माल्न सक्दैन । भिक्षुहो ! यस्तो स्पर्शमा सहन सक्दैन ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षु न त आव्हान गर्न योग्य हुन्छ, न त पाहुना गर्न योग्य हुन्छ, न त दक्षिणा दिन योग्य हुन्छ, न त नमस्कार गर्न योग्य हुन्छ अनि लोकका निम्ति न त अनुपम पुण्य क्षेत्र नै हुन्छ ।

"भिक्षुहो ! पाँच अङ्गसम्पन्न हात्ती राजाको निम्ति योग्य हुन्छ, भोग-चलन गर्न हुन्छ अनि राजाको अङ्ग मानिन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! राजाको हात्तीले रूप सहन सक्छ, शब्द सहन सक्छ, गन्ध सहन सक्छ, रस सहन सक्छ अनि स्पर्श सहन सक्छ ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो रूपलाई सहन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीले संग्राम भूमिमा हात्तीको समूह देख्दा, घोडाको समूह देख्दा, रथहरू देख्दा अनि पैदल सैन्य देख्दा पछि हट्दैन, मुख फर्काउँदैन, उभिन सक्छ सक्छ तथा संग्राम भूमिमा उत्रन सक्छ । भिक्षुहो ! राजाको हात्तीले यस्तो रूपलाई सहन्छ ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो शब्दलाई सहन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीले संग्राम भूमिमा हात्ती-शब्द, घोडा-शब्द, रथ-शब्द अनि पैदल सैन्य-शब्द, भेरी, ढोल, शंखादिको शब्द सुन्दा पछि हट्दैन, मुख फर्काउँदैन, उभिन सक्छ तथा संग्राम भूमिमा उत्रन सक्छ । भिक्षुहो ! राजाको हात्तीले यस्तो शब्द सहन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! राजाको हात्तीले कस्तो गन्धलाई सहन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा राजाको श्रेष्ठ लडाकुका हात्तीका मलमूत्र गन्ध सुँघेर पछि हट्दैन, मुख फर्काउँदैन, उभिन सक्छ तथा संग्राम भूमिमा उत्रन सक्छ । भिक्षुहो ! राजाको हात्तीले यस्तो गन्धलाई सहन्छ ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो रसलाई सहँछ ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा एक दिन, दुई दिन, तीन दिन, चार दिन वा पाँच दिन घाँस-पानी नपाउँदा पछि हट्दैन, मुख फर्काउँदैन, उभिन सक्छ तथा संग्राम भूमिमा उत्रन सक्छ । भिक्षुहो ! राजाको हात्तीले यस्तो रसलाई सहन्छ ।

"भिक्षुहो ! राजाको हात्तीले कस्तो स्पर्शलाई सहन्छ ? भिक्षुहो ! यहाँ राजाको हात्तीलाई संग्राम भूमिमा लिएर जाँदा एक, दुई, तीन, चार वा पाँच वाण लाग्दा पछि हट्दैन, मुख फर्काउँदैन, उभिन सक्छ तथा संग्राम भूमिमा उत्रन सक्छ । भिक्षुहो ! राजाको हात्तीले यस्तो स्पर्शलाई सहन्छ ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न हात्ती राजाको निम्ति योग्य हुन्छ, भोगचलन गर्न हुन्छ अनि राजाको अङ्ग मानिन्छ ।

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्, पाहुना गर्न योग्य हुन्, दक्षिणा दिन योग्य हुन्, नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अनुपम पुण्य क्षत्र हुन् । ती पाँच के के हुन् ? यहाँ भिक्षुले रूपलाई सहन्छ, शब्दलाई सहन्छ, गन्धलाई सहन्छ, रसलाई सहन्छ अनि स्पर्श सहन्छ ।

"भिक्षुहो ! कस्तो रूपलाई भिक्षुले सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षु-द्वारा आकर्षक रूप देख्दा आकर्षित हुँदैन अनि चित्तलाई सम्हाल्छ । भिक्षुहो ! यस्तो रूपलाई सहन्छ ।

"भिक्षुहो ! भिक्षुले कस्तो शब्दलाई सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले श्रोत-द्वारा आकर्षक शब्द सुन्दा आकर्षित हुँदैन अनि चित्तलाई सम्हाल्छ । भिक्षुहो ! यस्तो शब्द सहन्छ ।

"भिक्षुहो ! भिक्षुले कस्तो गन्धलाई सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले घ्राणद्वारा आकर्षक गन्ध सुँघ्दा आकर्षित हुँदैन अनि चित्तलाई सम्हाल्छ । भिक्षुहो ! यस्तो गन्ध सहन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भिक्षुले कस्तो रसलाई सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले जिह्वाद्वारा आकर्षक रसास्वादमा आकर्षित हुँदैन अनि चित्तलाई सम्हाल्छ । भिक्षुहो ! यस्तो रसलाई सहन्छ ।

"भिक्षुहो ! भिक्षुले कस्तो स्पर्शलाई सहन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले शरीर-द्वारा आकर्षक स्पर्शित हुँदा आकर्षित हुँदैन अनि चित्त सम्हाल्छ । भिक्षुहो ! यस्तोा स्पर्शलाई सहन्छ ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्, पाहुना गर्न योग्य हुन्, दक्षिणा दिन योग्य हुन्, नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अनुपम पुण्य क्षत्र हुन् ।"

## १०. सोतसुत्तं

१४०. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न हात्ती राजाको सेवामा राख्न योग्य हुन्छ अनि राजाको अङ्ग मानिन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ राजाको हात्ती श्रोता हुन्छ, विनाशक हुन्छ, रक्षक हुन्छ, सहनशील हुन्छ अनि गमिक हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती कस्तो हुँदा श्रोता हुन्छ ? यहाँ माहुतेले राजाको हात्तीलाई जे गर्न भन्छ त्यो चाहे पहिले गराएको होस्, चाहे पहिले नगराएको होस् त्यसलाई ध्यान दिएर, मन लगाएर अनि सारा चित्तसमाहित गरी कान लाएर सुन्छ । भिक्षुहो ! यस्तो हुँदा राजाको हात्ती श्रोता हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती कस्तो हुँदा विनाशक हुन्छ ? यहाँ माहुतेले राजाको हात्तीलाई संग्रामभूमिमा लाँदा अरू हात्तीलाई मार्छ, हात्ती माथि बसेका माहुतेलाई मार्छ, घोडालाई मार्छ, घोडसवारलाई मार्छ, रथलाई तहस-नहस पार्छ, रथसवारलाई मार्छ अनि पैदल सैन्यलाई मार्छ । भिक्षुहो ! यस्तो हुँदा राजाको हात्ती विनाशक हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती कस्तो हुँदा रक्षक हुन्छ ? यहाँ राजाको हात्ती संग्राममा जाँदा आफ्नो अघिल्लो अङ्ग रक्षा गर्छ, पछिल्लो अङ्ग रक्षा गर्छ, अघिल्लो पाउ रक्षा गर्छ, पछिल्लो पाउ रक्षा गर्छ, शरीर रक्षा गर्छ, कान रक्षा गर्छ, दन्त रक्षा गर्छ, सूँड रक्षा गर्छ, पुच्छर रक्षा गर्छ अनि हात्तीसवारलाई रक्षा रक्षा गर्छ । भिक्षुहो ! यस्तो हुँदा राजाको हात्ती रक्षक हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती कस्तो हुँदा सहनशील हुन्छ ? यहाँ राजाको



Downloaded from http://dhamma.digital

हात्ती बर्छीको प्रहार सहन्छ, तरवारको प्रहार सहन्छ, वाणको प्रहार सहन्छ, बन्चरोको प्रहार सहन्छ, भेरी, ढोल, शंखादिको शब्द सहन्छ । भिक्षुहो ! यस्तो हुँदा पनि राजाको हात्ती सहनशील हुन्छ ।

"भिक्षुहो ! राजाको हात्ती गमिक किन भनिन्छ ? यहाँ माहुतेले राजाको हात्तीलाई जुन दिशामा पठाउँछ त्यो दिशामा चाहे पहिले गएको होस् वा चाहे पहिले नगएको होस् त्यहाँ यथाशीघ्र जान्छ । भिक्षुहो ! यस्तो हुँदा राजाको हात्तीलाई गमिक भनिन्छ ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न हात्ती राजाको सेवामा राख्न योग्य हुन्छ अनि राजाको अङ्ग मानिन्छ ।"

"भिक्षुहो ! तदनुरूप पाँच अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्, पाहुना गर्न योग्य हुन्, दक्षिणा दिन योग्य हुन्, नमस्कार गर्न योग्य हुन् अनि लोकका निम्ति अनुपम पुण्य क्षेत्र हुन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु श्रोता हुन्छ, विनाशक हुन्छ, रक्षक हुन्छ, सहनशील हुन्छ अनि गमिक हुन्छ ।

"भिक्षुहो ! कस्तो हुँदा भिक्षु श्रोता भनिन्छ ? यहाँ भिक्षुले तथागतद्वारा दिएको उपदेश, धर्म-विनयलाई ध्यान दिएर, मन लगाएर अनि सारा चित्तस-माहित गरी कान लाएर सुन्छ । भिक्षुहो ! यस्तो हुँदा भिक्षुलाई श्रोता भनिन्छ ।

"भिक्षुहो ! कस्तो हुँदा भिक्षु विनाशक भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले उत्पन्न हुने काम-भोगविषयको वितर्कना स्वीकार्दैन, छाडि दिन्छ, त्यागी दिन्छ, हटाउँछ, नाश गर्छ, दुर्बल तथा अभावमा पार्छ । उत्पन्न व्यापाद वितर्कलाई ... उत्पन्न विहिंसा वितर्कलाई ... उत्पन्न तथा अनुत्पन्न अकुशल पाप कर्मलाई स्वीकार्दैन, छाडि दिन्छ, त्यागी दिन्छ, हटाउँछ, नाश गर्छ, दुर्बल तथा अभावमा पार्छ । भिक्षुहो ! यस्तो हुँदा भिक्षुलाई विनाशक भनिन्छ ।

"भिक्षुहो ! कस्तो हुँदा भिक्षुलाई रक्षक भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षुद्वारा रूप देख्दा निमित्त (सुन्दर वा असुन्दर) ग्रहण गर्दैन वा लक्षण ग्रहण गर्दैन । जुन कारणले गर्दा अर्थात चक्षु इन्द्रिय असंयमित हुँदा लोभ-द्वेपरूपी अकुशल पाप कर्मले ठाउँ लिन्छ । त्यसैले त्यसमा संयम गर्न कटिबद्ध हुन्छ, चक्षु इन्द्रियलाई रक्षा गर्छ अनि चक्षु इन्द्रियमा संयमित हुन्छ । श्रोतद्वारा शब्द सुन्दा ... घ्राणद्वारा गन्ध सुँघ्दा ... जिव्हाद्वारा ससास्वाद लिंदा ... शरीरद्वारा स्पर्श गर्दा ... अनि मनद्वारा विषयानुगत भई निमित्त ग्रहण गर्दैन, वा लक्षण ग्रहण गर्दैन । जुन कारणले गर्दा अर्थात मन इन्द्रिय असंयमित हुँदा



Downloaded from http://dhamma.digital

लोभ-द्वेषरूपी अकुशल पाप कर्मले ठाउँ लिन्छ । त्यसैले त्यसमा संयम गर्न कटिबद्ध हुन्छ, मन इन्द्रियलाई रक्षा गर्छ तथा मन इन्द्रिय संयमित हुन्छ । भिक्षुहो ! यस्तो हुँदा भिक्षुलाई रक्षक भनिन्छ ।

"भिक्षुहो ! कस्तो हुँदा भिक्षुलाई सहनशील भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले जाडो, गर्मी, भोक, प्यास, डस्ने जीव, मच्छर, हावा, घाम, घिस्रेर हिँड्ने जीवले छुँदा, नराम्रो बोली वा दुष्ट वचनलाई शरीरमा दुःखानुभूति हुने, तीव्रता, कठोर, कटु, प्रतिकूल, अप्रिय अनि प्राण हर्नेसमानलाई सहन्छ । भिक्षुहो ! यस्तो हुँदा भिक्षुलाई सहनशील भएको भनिन्छ ।

"भिक्षुहो ! कस्तो हुँदा भिक्षुलाई गमिक भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षु पहिले नगएको जुन दिशा हो त्यो दिशामा अर्थात यो लामो मार्गबाट ती सबै संस्कार शान्त, सबै उपाधिहरूलाई त्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाणमा शीघ्र जाने हुन्छ । भिक्षुहो ! यस्तो हुँदा भिक्षुलाई गमिक भनिन्छ ।

"भिक्षुहो ! यी नै पाँच अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य लोकका निम्ति अनुपम पुण्य क्षत्र हुन् ।"

Downloaded from http://dhamma.digital

## (१५) ५. तिकण्डकीवग्गो

### १.अवजानातिसुत्तं

१४१. "भिक्षुहो ! लोकमा पाँच प्रकारका व्यक्ति विद्यमान छन् । ती पाँच को को हुन् ? दिएर अवज्ञा गर्ने, सँगै बस्दा अवज्ञा गर्ने, वचनमा टाँसिने, लोभी अनि मन्द मूढ-बुद्धि ।

"भिक्षुहो ! दिएर कसरी व्यक्तिले अवज्ञा गर्छ ? भिक्षुहो ! यहाँ एक व्यक्तिले अर्को व्यक्तिलाई चीवर, भोजन, रोगीका निम्ति औषधी र परिष्कार दिन्छ । उसको मनमा हुन्छ– 'म चाहिँ दिने ऊ चाहिँ लिने हो' भन्ने (अभिमान) अर्थात दिएपछि लिनेलाई अवज्ञा गर्छ । भिक्षुहो ! यसरी नै कोही व्यक्तिले दिएर अवज्ञा गर्छ ।

"भिक्षुहो ! एकसाथ बस्दा कसरी व्यक्तिले अवज्ञा गर्छ ? भिक्षुहो ! यहाँ एक व्यक्ति अर्को व्यक्तिसँगै दुई वा तीन वर्ष बसेको हुन्छ । उसलाई सँगै राख्दा अवज्ञा गर्छ । भिक्षुहो ! यसरी नै कोही व्यक्तिले सँगै राख्दा अवज्ञा गर्छ ।

"भिक्षुहो ! यहाँ एक व्यक्तिले अरूको गुण वा अवगुण सुनाएपछि तुरुन्तै त्यसमा टाँस्छ । भिक्षुहो ! यसरी नै व्यक्ति वचनमा टाँस्छ ।

"भिक्षुहो ! व्यक्ति कसरी लोभी हुन्छ ? भिक्षुहो ! यहाँ एक खालको मान्छे अतिरिक्त श्रद्धावान हुन्छ, भक्तिवान हुन्छ, अतिरिक्त प्रेम गर्छ र अतिरिक्त प्रसन्न स्वभावको हुन्छ । भिक्षुहो ! यसरी नै व्यक्ति लोभी हुन्छ ।

"भिक्षुहो ! मन्द मूढ-व्यक्ति कसरी हुन्छ ? यहाँ एक खालको मान्छे कुशल र अकुशल धर्म जानेको हुँदैन, दोष र निर्दोष धर्म जानेको हुँदैन, हीन र उत्तम धर्म जानेको हुँदैन अनि कृष्ण र शुक्ल धर्म जानेको हुँदैन । भिक्षुहो ! यसरी नै व्यक्ति मन्द-मूढ बुद्धिको हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका व्यक्ति लोकमा विद्यमान छन् ।"

### २. आरभतिसुत्तं

१४१. "भिक्षुहो ! लोकमा पाँच प्रकारका व्यक्ति विद्यमान छन् । ती पाँच को को हुन् ? भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्छ अनि पश्चाताप पनि गर्छ । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थ बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्छ तर पश्चाताप गर्दैन । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थ बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन ।

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्दैन तर पश्चाताप गर्छ । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थता बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन ।

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्दैन अनि पश्चाताप गर्दैन । उसले चित्त विमुक्ति र प्रज्ञा विमुक्तिको यथार्थता बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन् ।

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले न त दोषी हुने काम गर्छ अनि न त पश्चातापित हुन्छ । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थ बुझेको हुन्छ । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन ।

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्छ अनि पश्चाताप पनि गर्छ । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषै-रहँदैन । त्यो व्यक्तिलाई यसो भन्नु पर्छ– "आयुष्मानसँग दोषसहितको आश्रव विद्यमान छ अनि पश्चातापको आश्रव पनि वृद्धि भइरहेको छ । आयुष्मानको निम्ति यो राम्रो हुन्छ कि दोषसहितको आश्रव मर्दन गरी अनि पश्चातापको आश्रवलाई टाढा गरी चित्त र प्रज्ञाको ध्यान गर्नु । आयुष्मानले यसो गर्दा फलानो पाँचौ व्यक्तिसमान हुनेछौ ।"

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्छ तर पश्चाताप गर्दैन । उसले चित्त विमुक्ति र प्रज्ञा विमुक्तिको यथार्थ बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन । त्यो व्यक्तिलाई यसो भन्नु पर्छ– "आयुष्मानसँग दोषसहितको आश्रव छ तर पश्चातापको आश्रव वृद्धि भइरहेको छैन । आयुष्मानको निम्ति यो राम्रो हुन्छ कि दोषसहितको आश्रवलाई मर्दन गरी चित्त र प्रज्ञाको ध्यान गर्नु । आयुष्मान-ले यसो गर्दा फलानो पाँचौ व्यक्तिसमान हुनेछौ ।"

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्दैन तर पश्चाताप गर्छ । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थता बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन । त्यो व्यक्तिलाई यसो भन्नु पर्छ– "आयुष्मानसँग दोषसहितको आश्रव अहिले छैन तर पश्चातापको आश्रव वृद्धि भइरहेको छ । आयुष्मानको निम्ति यो राम्रो



Downloaded from http://dhamma.digital

हुन्छ कि पश्चातापको आश्रव मर्दन गरी चित्त र प्रज्ञाको ध्यान गर्नु । आयुष्मानले यसो गर्दा फलानो पाँचौ व्यक्तिसमान हुनेछौ ।"

"भिक्षुहो ! यहाँ एक खालको व्यक्तिले दोषी हुने काम गर्दैन अनि पश्चातापित पनि हुँदैन । उसले चित्तविमुक्ति र प्रज्ञाविमुक्तिको यथार्थ बुझेको हुँदैन । जुन प्राप्त हुँदा ती अकुशल पाप-धर्महरू अवशेषैरहँदैन । त्यो व्यक्तिलाई यसो भन्नु पर्छ– "आयुष्मानसँग दोषसहितको आश्रव अहिल छैन अनि पश्चात्तापको आश्रव पनि वृद्धि भइरहेको छैन । आयुष्मानको निम्ति यो राम्रो हुन्छ कि चित्त र प्रज्ञाको ध्यान गर्नु । आयुष्मानले यसो गर्दा फलानो पाँचौ व्यक्तिसमान हुनेछौ ।"

"भिक्षुहो ! यसरी यी चारै खालको व्यक्तिलाई पाँचौ खालको व्यक्तिले उपदेश दिंदा र अनुशासन गर्दा क्रमशः आश्रव क्षय हुन्छ ।"

### ३. सारन्ददसुत्तं

१४३. एक समय भगवान वैसालिस्थित महावनको कुटागारशालामा बस्नुहुन्थ्यो । त्यो बेला भगवानले पूर्वाण्ह समयमा चीवर लगाउनु भई पात्र-चीवर लिनु भई वैसालिमा भिक्षाटनको निम्ति पस्नुभयो । त्यस बेला सारन्दद चैत्यस्थानमा पाँचसय लिच्छवीहरू बीच यस्तो कुरा भइरहेका थिए 'संसारमा पञ्चरत्न उत्पत्ति दुर्लभ छन् ।' ती पञ्चरत्न के के हुन् ? संसारमा हस्ति-रत्न उत्पत्ति दुर्लभ छ । संसारमा अश्व-रत्न उत्पत्ति दुर्लभ छ । संसारमा मणि-रत्न उत्पत्ति दुर्लभ छ । संसारमा स्त्री-रत्न उत्पत्ति दुर्लभ छ अनि संसार-मा गृह-रत्न उत्पत्ति दुर्लभ छ । संसारमा यी नै पाँच प्रकारका रत्न उत्पत्ति दुर्लभ छन् ।

त्यस बेला लिच्छवीहरूले एक जना मान्छेलाई बाटोमा राखेर भन्यो– 'हे पुरुष ! तिमीले जब भगवान देख्छौ तब हामीलाई भन्न आउनु ।' त्यो व्यक्तिले भगवान टाढैबाट आइरहनु भएको देख्यो । देखेपछि जहाँ ती लिच्छवीहरू थिए त्यहाँ गए । गएर ती लिच्छवीहरूलाई यसो भन्यो– 'महाशयहो ! वहाँ भगवान अर्हत सम्यकसम्बुद्ध यतैतिर आइरहनु भएको छ । अहिले जे उचित हुने हो त्यो तिमीहरूले जान ।

अनि ती लिच्छवीहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती लिच्छवीहरूले भगवानलाई यसो भने– "भन्ते ! यदि तपाईं जहाँ सारन्दद चैत्य छ त्यहाँ आइदिनु भएमा धेरै राम्रो हुन्थ्यो । मौन भई भगवानले स्वीकार्नु



Downloaded from http://dhamma.digital

भयो। अनि त भगवान जहाँ सारन्दद चैत्य थियो त्यहाँ जानुभयो। त्यहाँ बिच्छ्याईएको आसनमा बस्नुभयो। बस्नु भएपछि लिच्छवीहरूसँग सोध्नु भयो– "लिच्छवीहो! यहाँ बसेर तिमीहरू के कुरा गरिरहेका थियौ? के कुरा चलिरहेको थियो? भन्ते! हामीहरू यहाँ जम्मा भई यस्तो कुरा गरिरहेका थियौं– 'संसारमा पाँच प्रकारका रत्नहरूको उत्पत्ति दुर्लभ छन्।' ती पाँच रत्न के के हुन्? संसारमा हस्ति-रत्न उत्पत्ति दुर्लभ छ। संसारमा अश्व-रत्न उत्पत्ति दुर्लभ छ। संसारमा मणि-रत्न उत्पत्ति दुर्लभ छ। संसारमा स्त्री-रत्न उत्पत्ति दुर्लभ छ अनि संसारमा गृह-रत्न उत्पत्ति दुर्लभ छ। संसारमा यी नै पञ्चरत्न उत्पति दुर्लभ छन्।

"लिच्छवीहो! तिमीहरू कामभोग विषयमा ग्रसित छौ। तिमीहरू बीचमा काम-विषय सम्बन्धी नै कुरा चल्यो। लिच्छवीहो! संसारमा पञ्चरत्न उत्पत्ति दुर्लभ छन्। ती पाँच के के हुन्? संसारमा तथागत, अर्हत, सम्यक-सम्बुद्धको प्रादुर्भाव दुर्लभ छ। संसारमा तथागतबाट दिइएको उपदेश सुनाउने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ। तथागतबाट दिइएको उपदेश बुझ्ने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ। तथागतबाट दिइएको उपदेश बुझेर धर्मानुसार लाग्ने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ। संसारमा कृतवेदी-कृतज्ञ व्यक्तिको प्रादुर्भाव दुर्लभ छ। लिच्छवीहो! यी नै पञ्चरत्न संसारमा प्रादुर्भाव दुर्लभ छन्।"

## ४. तिकण्डकीसुत्तं

१४४. एक समय भगवान साकेतस्थित तिकण्डकी वनमा बस्नुहुन्थ्यो। त्यस बेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो–

"भिक्षुहो! भिक्षुले समय-समयमा अप्रतिकूलतामा प्रतिकूलसंज्ञाको भई बसे राम्रो हुन्छ। भिक्षुहो! भिक्षुले समय-समयमा प्रतिकूलतामा अप्रतिकूलसंज्ञाको भई बसे राम्रो हुन्छ। भिक्षुहो! भिक्षुले समय-समयमा अप्रतिकूलतामा वा प्रतिकूलतामा प्रतिकूल-संज्ञाको भई बसे राम्रो हुन्छ। भिक्षुहो! भिक्षुले समय-समयमा प्रतिकूलतामा वा अप्रतिकूलतामा अप्रतिकूल-संज्ञाको भई बसे राम्रो हुन्छ। भिक्षुहो! भिक्षुले समय समयमा प्रतिकूलतामा वा अप्रतिकूलतामा यी दुवैबाट विमुख भई स्मृतिसम्प्रजन्यले सम्पन्न हुनु राम्रो हुन्छ।

"भिक्षुहो! भिक्षुले कुन उद्देश्य लिई अप्रतिकूलतामा प्रतिकूल-संज्ञाको भई बस्नुपर्छ? भिक्षुहो! भिक्षुले "रमणीय विषयप्रति ममा राग उत्पत्ति नहोस्" भन्ने उद्देश्य लिई अप्रतिकूलतामा प्रतिकूल-संज्ञाको भई बस्नुपर्छ।

"भिक्षुहो! भिक्षुले कुन उद्देश्य लिई प्रतिकूलतामा अप्रतिकूल-संज्ञाको



Downloaded from http://dhamma.digital

भई बस्नुपर्छ ? भिक्षुहो ! भिक्षुले "द्वेषी हुनु पर्ने विषयप्रति ममा द्वेष उत्पत्ति नहोस्" भन्ने उद्देश्य लिई प्रतिकूलतामा अप्रतिकूल-संज्ञाको भई बस्नुपर्छ।

"भिक्षुहो ! भिक्षुले कुन उद्देश्य लिई अप्रतिकूलतामा वा प्रतिकूलतामा प्रतिकूल-संज्ञाको भई बस्नुपर्छ ? भिक्षुहो ! भिक्षुले "रमणीय विषयप्रति ममा राग उत्पत्ति नहोस्" अनि "द्वेषी हुनु पर्ने विषयप्रति ममा द्वेष उत्पत्ति नहोस्" भन्ने उद्देश्य लिई अप्रतिकूलतामा वा प्रतिकूलतामा प्रतिकूल-संज्ञाको भई बस्नुपर्छ।

"भिक्षुहो ! भिक्षुले कुन उद्देश्य लिई प्रतिकूलतामा वा अप्रतिकूलतामा अप्रतिकूल-संज्ञाको भई बस्नुपर्छ ? भिक्षुहो ! भिक्षुले "द्वेषी हुनु पर्ने विषयप्रति ममा द्वेष उत्पत्ति नहोस्" अनि "रमणीय विषयप्रति ममा राग उत्पत्ति नहोस्" भन्ने उद्देश्य लिई प्रतिकूलतामा र अप्रतिकूलतामा अप्रतिकूल-संज्ञाको भई बस्नुपर्छ।

"भिक्षुहो ! भिक्षुले कुन उद्देश्य लिई प्रतिकूलतामा वा अप्रतिकूलतामा यी दुवैबाट विमुख भइकन उपेक्षावान स्मृतिसम्प्रजन्य भई बस्नुपर्छ ? भिक्षुहो ! भिक्षुले "रमणीय विषयप्रति ममा राग उत्पत्ति नहोस्" "द्वेषी हुनु पर्ने विषयप्रति ममा द्वेष उत्पत्ति नहोस्" अनि मूढता हुनु पर्ने विषयप्रति ममा मोह उत्पत्ति नहोस्" भन्ने उद्देश्य लिई प्रतिकूलतामा वा अप्रतिकूलतामा यी दुवैबाट विमुख भइकन उपेक्षावान स्मृतिसम्प्रजन्यले सम्पन्न भई बस्नुपर्छ।"

## ५. निरयसुत्तं

१४५. "भिक्षुहो ! पाँच कुरामा युक्तलाई समातेर नरकमा राखेसमान हुन्। ती पाँच के के हुन् ? प्राणी हिंसा गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ अनि जाँड-रक्सी र बेहोश पार्ने नशालु पदार्थको सेवन गर्छ। भिक्षुहो ! यी नै पाँच कुरामा युक्तलाई समातेर नरकमा राखेसमान हुन्।

"भिक्षुहो ! पाँच कुरामा युक्तलाई समातेर स्वर्गमा राखेसमान हुन्। ती पाँच के के हुन् ? प्राणी हिंसा गर्दैन, चोर्दैन, व्यभिचार गर्दैन, झूटो बोल्दैन अनि जाँड-रक्सी र बेहोश पार्ने नशालु पदार्थको सेवन गर्दैन। भिक्षुहो ! यी नै पाँच कुरामा युक्तलाई समातेर स्वर्गमा राखेसमान हुन्।"

## ६. मित्तसुत्तं

१४६. "भिक्षुहो ! पाँच कुरामा युक्त मित्रसँग संगत गर्नु हुँदैन। ती पाँच



Downloaded from http://dhamma.digital

के के हुन् ? काममा लगाउँछ । झगडामा लगाउँछ । प्रसिद्ध भिक्षुको विरुद्धमा लाग्छ । अव्यवस्थितरूपले लामो यात्रामा लाग्छ । समय समयमा धार्मिक कुराका शिक्षा नदिने, उत्साहित नगर्ने, बढावा नदिने तथा चित्त प्रसन्न पार्नमा सामर्थ्यवान नहुने । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त मित्रसँग संगत गर्नु हुँदैन ।

"भिक्षुहो ! पाँच कुरामा युक्त मित्रसँग संगत गर्नुपर्छ । ती पाँच के के हुन् ? काममा लगाउँदैन । झगडामा लगाउँदैन । प्रसिद्ध भिक्षुको विरुद्धमा लाग्दैन । अव्यवस्थितरूपले लामो यात्रामा लाग्दैन । समय समयमा धार्मिक कुराका शिक्षा दिने, उत्साहित गर्ने, बढावा दिने तथा चित्त प्रसन्न पार्नमा सामर्थ्यवान हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त मित्रसँग संगत गर्नुपर्छ ।"

## ७. असप्पुरिसदानसुत्तं

१४७. "भिक्षुहो ! यी पाँच प्रकारका असत्पुरुष दान हुन् । ती पाँच के के हुन् ? आदर-गौरव नगरि दान दिन्छ । मन नलगाई दान दिन्छ । आफ्नै हातले दान दिँदैन । फ्याँकि दिए जस्तै गरी दान दिन्छ अनि प्रतिफलप्रति अनविश्वास गरी दान दिन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका असत्पुरुष दान हुन् ।

"भिक्षुहो ! यी पाँच प्रकारका सत्पुरुष दान हुन् । ती पाँच के के हुन् ? आदर-गौरवपूर्वक दान दिन्छ । मन लगाई दान दिन्छ । आफ्नै हातले दान दिन्छ । फ्याँकि दिए जस्तै गरी दान दिँदैन अनि प्रतिफलप्रति विश्वास गरी दान दिन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका सत्पुरुष दान हुन् ।"

## ८. सप्पुरिसदानसुत्तं

१४८. "भिक्षुहो ! यी पाँच प्रकारका सत्पुरुष दान हुन् । ती पाँच के के हुन् ? श्रद्धासहित दान दिन्छ । सत्कारपूर्वक दान दिन्छ । समयोचित दान दिन्छ । अनुग्रहित चित्तको भई दान दिन्छ अनि आफूलाई र अरूलाई आघात नपुऱ्याई दान दिन्छ ।

"भिक्षुहो ! जसले श्रद्धासहित दान दिन्छ ऊ जहाँ जहाँ जन्मलिन्छ त्यहाँ त्यहाँ त्यो दानको फल पाउँछ- धनी हुन्छ, महाभोगवान हुन्छ, ऐश्वर्यवान हुन्छ, रूपवर्ण सुन्दर हुन्छ, दर्शनीय हुन्छ, मनोरम तथा श्रेष्ठोत्तम वर्णसम्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जसले सत्कारपूर्वक दान दिन्छ ऊ जहाँ जहाँ जन्मलिन्छ त्यहाँ त्यहाँ त्यो दानको फल पाउँछ– धनी हुन्छ, महाभोगवान हुन्छ, ऐश्वर्यवान हुन्छ । उसको छोरा वा छोरी, दास वा नोकर-चाकरले कान दिएर कुरा सुन्छ अनि आज्ञा दिएकोलाई मनमा राम्रोसँग राख्छ ।

"भिक्षुहो ! जसले समयोचित दान दिन्छ ऊ जहाँ जहाँ जन्मलिन्छ त्यहाँ त्यहाँ त्यो दानको फल पाउँछ– धनी हुन्छ, महाभोगवान हुन्छ, ऐश्वर्यवान हुन्छ । सम-यानुसारको आवश्यक वस्तुहरू धेरै ने पाउनेछन् ।

"भिक्षुहो ! जसले अनुग्रहित चित्तको भई दान दिन्छ ऊ जहाँ जहाँ जन्मलिन्छ त्यहाँ त्यहाँ त्यो दानको फल पाउँछ– धनी हुन्छ, महाभोगवान हुन्छ, ऐश्वर्यवान हुन्छ अनि उत्तम पञ्चकाम विषयमा भोग गर्न मन लाग्छ ।

"भिक्षुहो ! जसले आफूलाई पनि अरूलाई पनि आघात नपुऱ्याई दान दिन्छ । ऊ जहाँ जहाँ जन्मलिन्छ त्यहाँ त्यहाँ त्यो दानको फल पाउँछ– धनी हुन्छ, महाभोगवान हुन्छ, ऐश्वर्यवान हुन्छ । ऊ आगोबाट, पानीबाट, राजाबाट, चोरबाट, अप्रियबाट र अंशियारबाट धन नाश हुने खतरा वा आघातबाट बच्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका सत्पुरुष दान हुन् ।"

## ९. पठमसमयविमुत्तसुत्तं

१४९. "भिक्षुहो ! यी पाँच प्रकारका समयको महत्व नजान्ने भिक्षुको लागी हानी हुन्छ । ती पाँच के के हुन् ? काममा धेरै संलग्न रहने । धेरै कुरामा संलग्न रहने । धेरै निद्रालु हुने । धेरै जनासँग मेलजोलमा संलग्न रहने अनि जुन चित्तविमुक्ति हुने हो त्यो विषयको खोजी नगर्ने । भिक्षुहो ! यी नै पाँच प्रकारका समयको महत्व नजान्ने भिक्षुको लागी हानी हुन्छ ।

"भिक्षुहो ! यी पाँच प्रकारका समयको महत्व जान्ने भिक्षुको लागी हानी हुँदैन । ती पाँच के के हुन् ? काममा धेरै संलग्न नरहने । धेरै कुरामा संलग्न नरहने । धेरै निद्रालु नहुने । धेरै जनासँग मेलजोलमा संलग्न नरहने अनि जुन चित्तविमुक्ति हुने हो त्यो विषयको खोजी गर्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका समयको महत्व जान्ने भिक्षुको हानी हुँदैन ।"

## १०. दुतियसमयविमुत्तसुत्तं

१४९. "भिक्षुहो ! यी पाँच विषयमा क्षणिक भए पनि मुक्त हुँदा भिक्षुको



Downloaded from http://dhamma.digital

हानी हुन्छ । ती पाँच के के हुन् ? काममा व्यस्त रहने, कुराकानीमा व्यस्त रहने, धेरै निद्रालु हुने, असंयमित इन्द्रिय हुने अनि भोजनमा अमात्रज्ञ । भिक्षुहो ! यी नै पाँच विषयमा क्षणिक भए पनि मुक्त हुँदा भिक्षुको हानी हुन्छ ।

"भिक्षुहो ! यी पाँच विषयमा क्षणिकको निम्ति मुक्त नहुँदा भिक्षुको हानी हुँदैन । ती पाँच के के हुन् ? काममा व्यस्त नरहने । कुराकानीमा व्यस्त नरहने । धेरै निद्रालु नहुने । असंयमित इन्द्रिय नहुने अनि भोजनमा मात्रज्ञ । भिक्षुहो ! यी नै पाँच विषयमा क्षणिक भए पनि मुक्त नहुँदा भिक्षुको हानी हुँदैन ।"

Downloaded from http://dhamma.digital

# ४. चतुत्थपण्णासकं

## (१६) १. सद्धम्मवग्गो

### १. पठमसम्मत्तनियामसुत्तं

१५१. "भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् । ती पाँच के के हुन् ? धर्मउपदेशको उपहास गर्छ, धर्मकथिकको उपहास गर्छ, आफ्नो उपहास गर्छ, चित्त चञ्चल गरी धर्म कथा सुन्छ अनि चित्तएकाग्र नगरिकन बेठिक ढङ्गले सुन्छ । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् ।

"भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् । ती पाँच के के हुन् ? धर्मउपदेशको उपहास गर्दैन, धर्म कथिकको उपहास गर्दैन, आफ्नो उपहास गर्दैन, चित्त चञ्चल गरी धर्म कथा सुन्दैन अनि चित्त एकाग्र गरी ठीक ढङ्गले सुन्छ । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् ।"

### २. दुतियसम्मत्तनियामसुत्तं

१५२. "भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् । ती पाँच के के हुन् ? धर्मउपदेशको उपहास गर्छ, धर्मकथिकको उपहास गर्छ, आफ्नो उपहास गर्छ, जड-मूर्ख अथवा निर्बुद्धि हुन्छ अनि नबुझे पनि बुझेको जस्तो गर्छ । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् ।

"भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् । ती पाँच के के हुन् ? धर्मउपदेशको उपहास गर्दैन, धर्मकथिकको उपहास गर्दैन, आफ्नो उपहास गर्दैन, जड-मूर्ख नभई प्रज्ञावान हुन्छ अनि नबुझे पनि बुझेको जस्तो गर्दैन । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण



Downloaded from http://dhamma.digital

गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् ।"

### ३. ततियसम्मत्तनियामसुत्तं

१५३. "भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् । ती पाँच के के हुन् ? ढोंगी, ढोंगयुक्त भई धर्म श्रवण गर्छ, दोषको खोज गर्दै, निन्दक भई, तिरस्कार गर्ने चित्तको भई धर्म श्रवण गर्छ, धर्मोपदेशकप्रति चोट पुऱ्याउने मनसायको हुन्छ, जड-मूर्ख अथवा निर्बुद्धि हुन्छ अनि नबुझे पनि बुझेको जस्तो गर्छ । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गरे पनि कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति अयोग्य हुन् ।

"भिक्षुहो ! पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् । ती पाँच के के हुन् ? ढोंगी, ढोंगयुक्त भई धर्म श्रवण गर्दैन, दोषको खोज गर्दै, निन्दक भई, तिरस्कार गर्ने चित्तको भई धर्म श्रवण गर्दैन, धर्मोपदेशकप्रति चोट पुऱ्याउने मनसायको हुँदैन, जड-मूर्ख नभई प्रज्ञावान हुन्छ अनि नबुझेकोलाई बुझेको जस्तो गर्दैन । भिक्षुहो ! यी नै पाँच विषयसम्पन्न भई सद्धर्म श्रवण गर्दा कुशल धर्मको मार्गमा लागेर उद्देश्य अनुरूप लाभान्वित हुनु भनेको उसको निम्ति योग्य हुन् ।"

### ४. पठमसद्धम्मसम्मोससुत्तं

१५४. "भिक्षुहो ! यी पाँच कुराले सद्धर्मको ह्रास वा अन्तर्धान हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले ध्यान दिएर धर्म श्रवण गर्दैन, ध्यान दिएर धर्मको पाठ गर्दैन, ध्यान दिएर धर्म धारण गर्दैन, ध्यान दिएर धारण गरिएको धर्मको अर्थ परिक्षण गर्दैन अनि ध्यान दिएर धर्मको अर्थ परिक्षण गरेपछि धर्मानुकुलको धर्ममा जीवन व्यतीत गर्दैन । भिक्षुहो ! यी नै पाँच कुराले सद्धर्मको ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! यी पाँच कुराले सद्धर्मको ह्रास वा अन्तर्धान हुँदैन । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले ध्यान दिएर धर्म श्रवण गर्छ, ध्यान दिएर धर्मको पाठ गर्छ, ध्यान दिएर धर्म धारण गर्छ, ध्यान दिएर धारण गरिएको धर्मको अर्थ परिक्षण गर्छ अनि ध्यान दिएर धर्मको अर्थ परिक्षण



Downloaded from http://dhamma.digital

गरेपछि धर्मानुकुलको धर्ममा जीवन व्यतीत गर्छ । भिक्षुहो ! यी नै पाँच कुराले सद्धर्मको ह्रास वा अन्तर्धानको हुँदैन ।"

## ५. दुतियसद्धम्मसम्मोससुत्तं

१५५. "भिक्षुहो ! यी पाँच कुराले सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल धर्मको पाठ गर्दैन । भिक्षुहो ! यो पहिलो कारण हो जब कि सद्धर्मको ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको हो त्यो धर्म अरूलाई पनि विस्तृतरूपले देशना गर्दैन । भिक्षुहो ! यो दोस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको हो त्यो धर्म अरूलाई विस्तृतरूपले वाचन गराउँदैन । भिक्षुहो ! यो तेस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको धर्म हो त्यसमा सम्मिलित भई बारम्बार पाठ गर्दैन । भिक्षुहो ! यो चौथो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको धर्म हो त्यसमा मनले विचार गर्दैन, मनन गर्दैन र मनले परिक्षण गर्दैन । भिक्षुहो ! यो पाँचौ कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! यी पाँच कुराले सद्धर्मको ह्रास वा अन्तर्धान हुँदैन । ती पाँच के के हुन् ? यहाँ भिक्षुले सुत्त, गेय्य, वेय्याकरण, गाथा, उदान, इतिवुत्तक, जातक, अब्भुतधम्म र वेदल्ल धर्मको पाठ गर्छ । भिक्षुहो ! यो पहिलो कारण हो जब कि सद्धर्मको ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको हो त्यो धर्म अरूलाई पनि विस्तृतरूपले देशना गर्छ । भिक्षुहो ! यो दोस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको हो त्यो धर्म अरूलाई विस्तृतरूपले वाचन गराउँछ । भिक्षुहो ! यो तेस्रो कारण हो जब कि



Downloaded from http://dhamma.digital

सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको धर्म हो त्यसमा सम्मिलित भई बारम्बार पाठ गर्छ । भिक्षुहो ! यो चौथो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को जुन सुनेको र पाठ गरेको धर्म हो त्यसमा मनले विचार गर्छ, मनन गर्छ अनि मनले परिक्षण गर्छ । भिक्षुहो ! यो पाँचौ कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।"

## ६. ततियसद्धम्मसम्मोससुत्तं

१५५. "भिक्षुहो ! यी पाँच कुराले सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले दुर्गृहित र पदव्यञ्जनले अयोग्य सूत्र पाठ गर्छ । भिक्षुहो ! पदव्यञ्जनले अयोग्य हुँदा अर्थ पनि अयोग्य हुन्छ । भिक्षुहो ! यो पहिलो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू दुर्वच (भनेको नमान्ने), दुर्वचकारक धर्मयुक्त हुन्छ, सहनशील हुँदैन अनि अनुशासनलाई अंगिकार गर्नमा असक्षम हुन्छ । भिक्षुहो ! यो दोस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को ज़ो ती भिक्षुहरू बहुश्रुत हुन्, आगमधर, धर्मधर, विनयधर र मातिकाधर हुन्छन् यिनीहरूले अरूलाई राम्रोसित सूत्रको वाचन गर्न लगाउँदैन । उसको मृत्यु हुँदा सूत्रको जरो नै काटेको हुन्छ तथा शरणरहित हुन्छ । भिक्षुहो ! यो तेस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को थेर (स्थविर) भिक्षुहरू जोड्ने र बटुल्ने खालको हुन्छ, पतनमा पूर्वगामी हुन्छ, एकान्तरहनमा काँध झुकाउँछ, अप्राप्तलाई प्राप्त गर्न, अनधिकारलाई अधिकारमा लिन अनि असात्कारलाई साक्षात्कार गर्न प्रयत्न गर्दैन । उसको पछि लाग्ने जनताले पनि उनीहरूकै अनुकरण गर्छ । उनीहरू पनि जोड्ने र बटुल्ने खालका हुन्छन्, पतनमा पूर्वगामी हुन्छन्, एकान्तरहनमा काँध झुकाउँछन्, अप्राप्तलाई प्राप्त गर्न, अनधिकारलाई अधिकारमा लिन अनि असात्क्षाकारलाई साक्षात्कार गर्न प्रयत्न गर्दैन । भिक्षुहो ! यो चौथो कारण हो जब कि सद्धर्मको ह्रास वा अन्तर्धान हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! अनि फेरि अर्को संघमा मेलमिलाप हुँदैन । भिक्षुहो ! संघमा बेमेल हुँदा एकले अर्कोप्रति आक्रोश गर्छ, एकले अर्कोप्रति गाली गर्छ, एकले अर्कोप्रति राम्रा-नराम्रा कुरा भन्ने र एकले अर्कोलाई त्याग्छ । यस्तो हुँदा अप्रसन्नतामा प्रसन्नता हुनेछैन, प्रसन्नतामा अन्यथाभाव हुन्छ । भिक्षुहो ! यो पाँचौ कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।। भिक्षुहो ! यी नै पाँच कारणले सद्धर्म ह्रास वा अन्तर्धान हुन्छ ।

"भिक्षुहो ! यी पाँच कुराले सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुले सुगृहित र पदव्यन्जनले योग्य सूत्र पाठ गर्छ । भिक्षुहो ! पदव्यन्जनले योग्य हुँदा अर्थ पनि योग्य हुन्छ । भिक्षुहो ! यो पहिलो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को भिक्षुहरू सुवच (भनेको मान्ने), सुवचकारक धर्मयुक्त हुन्छ, सहनशील हुन्छ अनि अनुशासनलाई अंगिकार गर्नमा सक्षम हुन्छ ।। भिक्षुहो ! यो दोस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को जो ती भिक्षुहरू बहुश्रुत्, आगमधर, धर्मधर, विनयधर र मातिकाधर हुन्छन् यिनीहरूले अरूलाई राम्रोसित सूत्रको वाचन गर्न लगाउँछ । उसको मृत्यु हुँदा सूत्रको जरो काटेको हुँदैन तथा शरणसहित हुन्छ । भिक्षुहो ! यो तेस्रो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को थेर (स्थविर) भिक्षुहरू जोड्ने र बटुल्ने खालका हुँदैन, पतनमा पूर्वगामी हुँदैन, एकान्तरहनमा काँध झुकाउँदैन, अप्राप्तलाई प्राप्त गर्न, अनधिकारलाई अधिकारमा लिन अनि असाक्षात्कारलाई साक्षात्कार गर्न प्रयत्नशील हुन्छ । उसको पछि लाग्ने जनताले पनि उनीहरूकै अनुकरण गर्छ । उनीहरू पनि जोड्ने र बटुल्ने खालका हुँदैनन्, पतनमा पूर्वगामी हुँदैनन्, एकान्तरहनमा काँध झुकाउँदैन्, अप्राप्तलाई प्राप्त गर्न, अनधिकारलाई अधिकारमा लिन अनि असात्क्षाकारलाई साक्षात्कार गर्न प्रयत्नशील हुन्छ । भिक्षुहो ! यो चौथो कारण हो जब कि सद्धर्म ह्रास वा अन्तर्धान हुँदैन ।

"भिक्षुहो ! अनि फेरि अर्को संघमा मेलमिलाप हुन्छ । भिक्षुहो ! संघमा मेल हुँदा एकले अर्कोप्रति आक्रोश गर्दैन, एकले अर्कोप्रति गाली गर्दैन, एकले अर्कोप्रति राम्रा-नराम्रा कुरा नभन्ने र एकले अर्कोलाई त्याग्दैनन् । यस्तो हुँदा प्रसन्नतामा झन प्रसन्नता हुन्छ, प्रसन्नतामा अन्यथाभाव हुँदैन । भिक्षुहो ! यो पाँचौ कारण हो जब कि सद्धर्मको ह्रास वा अन्तर्धान हुँदैन । भिक्षुहो ! यी नै



Downloaded from http://dhamma.digital

पाँच कारणले सद्धर्म स्थिर हुन्छ, ह्रास वा अन्तर्धान हुँदैन ।"

## ७. दुक्कथासुत्तं

१५७. "भिक्षुहो ! मान्छेले मान्छेको कुरा गर्दा यी पाँच प्रकारका मान्छेप्रति गरिने कुराहरू अप्रिय हुन्छ । ती पाँच के के हुन् ? अश्रद्धावानलाई श्रद्धाको कुरा अप्रिय हुन्छ । दु:शीललाई शीलको कुरा अप्रिय हुन्छ । अल्पश्रुतलाई बहु-श्रुतको कुरा अप्रिय हुन्छ, कन्जुसलाई त्यागको कुरा अनि दुर्बुद्धिलाई प्रज्ञाको कुरा अप्रिय हुन्छ ।

"भिक्षुहो ! अश्रद्धालुलाई श्रद्धाको कुरा किन अप्रिय हुन्छ ? भिक्षुहो ! अश्रद्धालुलाई श्रद्धाको कुरा गर्दा क्षुब्ध हुन्छ, कुपित हुन्छ, क्रोधित हुन्छ, विरोधी हुन्छ, कोप, द्वेष तथा असन्तोष प्रकट गर्छ । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा श्रद्धासम्पत्ति भएको देख्दैन । आफूमा श्रद्धा नहुँदा प्रीति-प्रमोदता पाउन सक्दैन । त्यसैले अश्रद्धालुलाई श्रद्धाको कुरा अप्रिय हुन्छ ।

"भिक्षुहो ! दु:शीललाई शीलको कुरा किन अप्रिय हुन्छ ? भिक्षुहो ! दु:शीललाई शीलको कुरा गर्दा क्षुब्ध हुन्छ, कुपित हुन्छ, क्रोधित हुन्छ, विरोधी हुन्छ, कोप, द्वेष तथा असन्तोष प्रकट गर्छ । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा शीलसम्पत्ति भएको देख्दैन । आफूमा शीलसम्पत्ति नहुँदा प्रीति-प्रमोदता पाउन सक्दैन । त्यसैले दु:शीललाई शीलको कुरा अप्रिय हुन्छ ।

"भिक्षुहो ! अल्पश्रुतलाई बहुश्रुतको कुरा किन अप्रिय हुन्छ ? भिक्षुहो ! अल्पश्रुतलाई बहुश्रुतको कुरा गर्दा क्षुब्ध हुन्छ, कुपित हुन्छ, क्रोधित हुन्छ, विरोधी हुन्छ, कोप, द्वेष तथा असन्तोष प्रकट गर्छ । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा बहुश्रुतसम्पत्ति भएको देख्दैन । आफू बहुश्रुत नहुँदा प्रीति-प्रमोदता पाउन सक्दैन । त्यसैले अल्पश्रुतलाई बहुश्रुतको कुरा अप्रिय हुन्छ ।

"भिक्षुहो ! कन्जुसलाई त्यागको कुरा किन अप्रिय हुन्छ ? भिक्षुहो ! कन्जुसलाई त्यागको कुरा गर्दा क्षुब्ध हुन्छ, कुपित हुन्छ, क्रोधित हुन्छ, विरोधी हुन्छ, कोप, द्वेष तथा असन्तोष प्रकट गर्छ । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा त्यागसम्पत्ति भएको देख्दैन । आफूमा त्यागसम्पत्ति नहुँदा प्रीति-प्रमोदता पाउन सक्दैन । त्यसैले कन्जुसलाई त्यागको कुरा अप्रिय हुन्छ ।

"भिक्षुहो ! दुर्बुद्धिलाई प्रज्ञाको कुरा किन अप्रिय हुन्छ ? भिक्षुहो ! दुर्बुद्धिलाई प्रज्ञाको कुरा गर्दा क्षुब्ध हुन्छ, कुपित हुन्छ, क्रोधित हुन्छ, विरोधी हुन्छ, कोप, द्वेष तथा असन्तोष प्रकट गर्छ । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा



Downloaded from http://dhamma.digital

प्रज्ञासम्पत्ति भएको देख्दैन । आफूमा प्रज्ञासम्पत्ति नहुँदा प्रीति-प्रमोदता पाउन सक्दैन । त्यसैले दुर्बुद्धिलाई प्रज्ञाको कुरा अप्रिय हुन्छ । भिक्षुहो ! मान्छेले मान्छेको कुरा गर्दा यी पाँच प्रकारका मान्छेप्रति गरिने कुराहरू अप्रिय हुन्छ ।

"भिक्षुहो ! मान्छेले मान्छेको कुरा गर्दा यी पाँच प्रकारका मान्छेप्रति गरिने कुराहरू प्रिय हुन्छ । ती पाँच के के हुन् ? श्रद्धावानलाई श्रद्धाको कुरा प्रिय हुन्छ । शीलवानलाई शीलको कुरा प्रिय हुन्छ । बहुश्रुतलाई बहुश्रुतको कुरा प्रिय हुन्छ, त्यागीलाई त्यागको कुरा अनि प्रज्ञवानलाई प्रज्ञाको कुरा प्रिय हुन्छ ।

"भिक्षुहो ! श्रद्धावानलाई श्रद्धाको कुरा किन प्रिय हुन्छ ? भिक्षुहो ! श्रद्धावानलाई श्रद्धाको कुरा गर्दा क्षुब्ध हुँदैन, कुपित हुँदैन, क्रोधित हुँदैन, विरोधी हुँदैन, कोप, द्वेष तथा असन्तोष प्रकट गर्दैन,। त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा श्रद्धासम्पत्ति भएको राम्रोसँग देख्छ । आफूमा श्रद्धा हुँदा प्रीति-प्रमोदता हुन्छ । त्यसैले श्रद्धावानलाई श्रद्धाको कुरा प्रिय हुन्छ ।

"भिक्षुहो ! शीलवानलाई शीलको कुरा किन प्रिय हुन्छ ? भिक्षुहो ! शील-वानलाई शीलको कुरा गर्दा क्षुब्ध हुँदैन, कुपित हुँदैन, क्रोधित हुँदैन, विरोधी हुँदैन, कोप, द्वेष तथा असन्तोष प्रकट गर्दैन,। त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा शीलसम्पत्ति भएको राम्रोसँग देख्छ । आफूमा शीलसम्पत्ति हुँदा प्रीति-प्रमोदता हुन्छ । त्यसैले शीलवानलाई शीलको कुरा प्रिय हुन्छ ।

"भिक्षुहो ! बहश्रुतलाई बहुश्रुतको कुरा किन प्रिय हुन्छ ? भिक्षुहो ! बहु-श्रुतलाई बहुश्रुतको कुरा गर्दा क्षुब्ध हुँदैन, कुपित हुँदैन, क्रोधित हुँदैन, विरोधी हुँदैन, कोप, द्वेष तथा असन्तोष प्रकट गर्दैन,। त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा बहुश्रुतसम्पत्ति भएको राम्रोसँग देख्छ । आफूमा बहुश्रुतसम्पत्ति हुँदा प्रीति-प्रमोदता हुन्छ । त्यसैले बहुश्रतलाई बहुश्रुतको कुरा प्रिय हुन्छ ।

"भिक्षुहो ! त्यागवानलाई त्यागको कुरा किन प्रिय हुन्छ ? भिक्षुहो ! त्याग-वानलाई त्यागको कुरा गर्दा क्षुब्ध हुँदैन, कुपित हुँदैन, क्रोधित हुँदैन, विरोधी हुँदैन, कोप, द्वेष तथा असन्तोष प्रकट गर्दैन,। त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा त्यागसम्पत्ति भएको राम्रोसँग देख्छ । आफूमा त्यागसम्पत्ति हुँदा प्रीति-प्रमोदता हुन्छ । त्यसैले त्यागवानलाई त्यागको कुरा प्रिय हुन्छ ।

"भिक्षुहो ! प्रज्ञावानलाई प्रज्ञाको कुरा किन प्रिय हुन्छ ? भिक्षुहो ! प्रज्ञावानलाई प्रज्ञाको कुरा गर्दा क्षुब्ध हुँदैन, कुपित हुँदैन, क्रोधित हुँदैन,



Downloaded from http://dhamma.digital

विरोधी हुँदैन, कोप, द्वेष तथा असन्तोष प्रकट गर्दैन । त्यो के कारण ? भिक्षुहो ! उसले आफूमा प्रज्ञासम्पत्ति भएको राम्रोसँग देख्छ । आफूमा प्रज्ञासम्पत्ति हुँदा प्रीति-प्रमोदता हुन्छ । त्यसैले प्रज्ञावानलाई प्रज्ञाको कुरा प्रिय हुन्छ । भिक्षुहो ! मान्छेले मान्छेको कुरा गर्दा यी पाँच प्रकारका मान्छेप्रति गरिने कुराहरू प्रिय हुन्छ ।"

## ८. सारज्जसुत्तं

१५८. "भिक्षुहो ! पाँच कुरामा युक्त भिक्षु आसक्तिमा फँस्छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु अश्रद्धालु, दुःशील, अल्पश्रुत, अल्छे अनि दुर्बुद्धि हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षु आसक्तिमा फँस्छन् ।

"भिक्षुहो ! पाँच कुरामा युक्त भिक्षु विशारद हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु श्रद्धावान, शीलवान, बहुश्रुत, उद्यमी अनि प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त भिक्षु विशारद हुन्छ ।"

## ९. उदायीसुत्तं

१५९. मैले यस्तो सुनें– एक समय भगवान कोसम्बिस्थित घोसितारामामा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान उदायी धेरै गृहस्थहरूद्वारा घेरिएर तिनीहरूलाई धर्मदेशना गरिरहेका थिए । आयुष्मान उदायी गृहस्थ परिषदद्वारा घेरिएर तिनीहरूलाई धर्मदेशना गर्दैरहेको आयुष्मान आनन्दले देखे । देखेर आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले भगवानलाई यसो भने– "भन्ते ! आयुष्मान उदायीले धेरै गृहस्थ परिषदद्वारा घेरिएर धर्मदेशना गरिरहेको छ ।

"आनन्द ! अरूलाई धर्मदेशना गर्नु भनेको सजिलो होइन । आनन्द ! अरूलाई धर्मदेशना गर्दा पाँच कुरामा प्रतिष्ठित भइकन धर्मदेशना गर्नुपर्छ । ती पाँच के के हुन् ? 'क्रमानुसार धर्मदेशना गर्छु' भनी अरूलाई धर्मदेशना गर्नुपर्छ । 'कारणलाई उल्लेख गर्दै धर्मदेशना भन्नेछु' भनी अरूलाई धर्मदेशना गर्नुपर्छ । 'करुणावान भई धर्मदेशना गर्छु' भनी अरूलाई धर्मदेशना गर्नुपर्छ । 'परिष्कारको चाहन नगरि धर्मदेशना गर्छु, भनी अरूलाई धर्मदेशना गर्नुपर्छ अनि आफूलाई र अरूलाई आघात नहुने गरी धर्मदेशना गर्छु' भनी अरूलाई धर्मदेशना गर्नुपर्छ । आनन्द ! अरूलाई धर्मदेशना गर्नु भनेको सजिलो होइन । आनन्द ! अरूलाई धर्मदेशना गर्दा यी नै पाँच कुरामा प्रतिष्ठित भइकन धर्मदेशना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

## १०. दुप्पटिविनोदयसुत्तं

१६०. "भिक्षुहो ! यी पाँच उत्पन्न हुँदा रोक्न गाह्रो छ। ती पाँच के के हुन् ? राग उत्पन्न हुँदा रोक्न गाह्रो छ। द्वेष उत्पप्न्न हुँदा रोक्न गाह्रो छ। मोह उत्पन्न हुँदा रोक्न गाह्रो छ। प्रतिभा उत्पन्न हुँदा रोक्न गाह्रो छ अनि गमन चित्त उत्पन्न हुँदा रोक्न गाह्रो छ। भिक्षुहो ! यी पाँच नै उत्पन्न हुँदा रोक्न गाह्रो छ।

Downloaded from http://dhamma.digital

# (१७) २. आघातवग्गो

## १. पठमआघातपटिविनयसुत्तं

१६१. "भिक्षुहो ! यी पाँचद्वारा 'आघात' गर्ने (विचारलाई) बाहिर निकाल्न सक्छ । जब भिक्षुमा 'आघात' गर्ने उत्पन्न हुन्छ तब ती सबै निकाल्न सक्नुपर्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! जो व्यक्तिप्रति 'आघात' गर्ने विचार हुन्छ त्यो व्यक्तिप्रति मैत्री भावना गर्नुपर्छ । यसरी त्यो व्यक्तिप्रतिको 'आघात' गर्ने विचार निकाल्नु पर्छ । जो व्यक्तिप्रति 'आघात' गर्ने विचार हुन्छ त्यो व्यक्तिप्रति करुणा भावना गर्नुपर्छ । यसरी त्यो व्यक्ति-प्रतिको 'आघात' गर्ने विचार निकाल्नु पर्छ । जो व्यक्तिप्रति 'आघात' गर्ने विचार हुन्छ त्यो व्यक्तिप्रति उपेक्षा भावना गर्नुपर्छ । यसरी त्यो व्यक्ति-प्रतिको 'आघात' गर्ने विचार निकाल्नुपर्छ । जो व्यक्तिप्रति 'आघात' गर्ने विचार हुन्छ त्यो व्यक्तिको तर्फबाट मन हटाउनुपर्छ । यसरी त्यो व्यक्ति-प्रतिको 'आघात' गर्ने विचार निकाल्नुपर्छ । जो व्यक्तिप्रति 'आघात' गर्ने विचार हुन्छ त्यो व्यक्तिप्रति कर्मको विषय मनमा प्रतिष्ठित गर्नुपर्छ । यहाँ आयुष्मान कर्मकै अधिन हो, कर्मकै अंशियार हो, कर्मले नै विभिन्न योनिमा पुऱ्याउँछ, कर्म नै मित्र हो, कर्म नै शरणस्थल हो । जुन राम्रो वा नराम्रो कर्म गर्छ त्यसैको भागीदार हुन्छ । यसरी त्यो व्यक्तिप्रतिको 'आघात' गर्ने विचार निकाल्नु पर्छ । भिक्षुहो ! यी पाँचद्वारा नै आघात गर्ने बाहिर निकाल्न सक्छ । जब भिक्षुमा आघात गर्ने उत्पन्न हुन्छ तब ती सबै निकाल्न सक्नुपर्छ ।"

## २. दुतियआघातपटिविनयसुत्तं

१६२. त्यस बेला आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो !" "आवुसो ! भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो–

"आवुसोहो ! यी पाँचद्वारा 'आघात' गर्ने विचारलाई शान्त पार्नसक्छ । जब भिक्षुमा 'आघात' गर्ने विचार हुन्छ तब ती सबै शान्त पार्न सक्नुपर्छ । ती पाँच के के हुन् ? आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– शारीरिक आचरण अपरिशुद्ध हुन्छ तर वाचसिक कर्म भने शुद्ध हुन्छ । आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति 'आघात' गर्ने विचार शान्त पार्नुपर्छ । आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म अपरिशुद्ध हुन्छ तर शारीक आचरण भने परिशुद्ध हुन्छ । आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति 'आघात' गर्ने विचार शान्त पार्नुपर्छ । आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक



Downloaded from http://dhamma.digital

कर्म अपरिशुद्ध हुन्छ, शारीक आचरण पनि अपरिशुद्ध हुन्छ तर कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुन्छ । आवुसोहो ! यसप्रकारका व्यक्ति-प्रति 'आघात' गर्ने विचार शान्त पार्नुपर्छ । आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म अपरिशुद्ध 'हुन्छ, शारीक आचरण पनि अपरिशुद्ध हुन्छ, कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुँदैन । आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति 'आघात' गर्ने विचार शान्त पार्नुपर्छ । आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म परिशुद्ध हुन्छ, शारीक आचरण पनि परिशुद्ध हुन्छ अनि कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुन्छ । आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति 'आघात' गर्ने विचार शान्त पार्नुपर्छ ।

"आवुसोहो ! जो व्यक्तिको शारीरिक आचरण अपरिशुद्ध हुन्छ तर वाचसिक कर्म भने शुद्ध छ भने त्यो व्यक्तिप्रति रहेको आघात कसरी शान्त हुन्छ ? जस्तै कि– पांशुकुलिक भिक्षुले गल्लीमा रहेको कपडालाई देख्दा देब्रे खुट्टाले थिचेर दाहिने खुट्टालाई फिँजाएर जुन काम लाग्ने हो त्यसलाई फारेर लान्छ । आवुसोहो ! यसरी नै जो व्यक्तिको शारीरिक आचरण अपरिशुद्ध हुन्छ तर वाचसिक कर्म परिशुद्ध हुन्छ भने जुन शारीरिक आचरण अपरिशुद्ध हो त्यो मनमा नलिनु । जुन वाचसिक कर्म परिशुद्ध हो त्यो मनमा लिनु । यसो गर्दा त्यो व्यक्तिप्रति रहेको 'आघात' शान्त हुन्छ ।

"आवुसोहो ! जो व्यक्तिको वाचसिक कर्म अपरिशुद्ध हुन्छ तर शारीरिक कर्म भने शुद्ध छ भने त्यो व्यक्तिप्रति रहेको आघात कसरी शान्त हुन्छ ? आवुसोहो ! जस्तै कि– पोखरीमा लेउले ढाकेको हुन्छ । त्यहाँ कोही व्यक्ति घामले तातेको, गर्मीले पोलेको थाकेको, तिर्खाएको तथा प्यासी हुन्छ । ऊ पोखरी भएतिर जान्छ, पोखरीमा ओर्लिएर दुवै हातले लेउलाई यताउता हटाएर दुई हातमा पानी लिई पिएर जान्छ । आवुसोहो ! जो व्यक्तिको वाचसिक कर्म अपरिशुद्ध हो त्यसप्रति ध्यान नदिनु तर जुन शारीरिक आचरणमा रहेको शुद्धता हो त्यसप्रति ध्यान दिनु । यसो गर्दा त्यो व्यक्तिप्रति रहेको 'आघात' शान्त हुन्छ ।

"आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म अपरिशुद्ध, शारीक आचरण पनि अपरिशुद्ध तर कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुन्छ भने त्यो व्यक्तिप्रति रहेको आघात कसरी शान्त हुन्छ ? आवुसोहो ! जस्तै कि– गोपदमा सीमित पानीरहेको हुन्छ । त्यहाँ कोही व्यक्ति घामले तातेको, गर्मीले पोलेको थाकेको, तिर्खाएको तथा प्यासी हुन्छ । ऊ पानी भएतिर जान्छ । त्यहाँ पुगेर उसले विचार गर्छ– 'यो गोपदमा सीमित पानी छ । यदि मैले हातले वा भाडोले लिई पिउन खोजेमा त्यो पानी



Downloaded from http://dhamma.digital

चलाउँदा क्षुब्ध गरिदिएको हुन्छ अनि यो पानी पिउन अयोग्य हुन्छ। त्यसैले किन मैले दुवै घुँडा टेकेर अनि दुवै हातको बलले पनि टेकेर निहुँरिँदै गौ-बयलले जस्तै गरी पानी पिएर नजाऊँ ! उसले त्यसरी नै दुवै घुँडा टेकेर, दुवै हातको बलले पनि टेकेर निहुँरिँदै गौ-बयलले जस्तै गरी पानी पिएर जान्छ। आवुसोहो ! यसरी नै जो व्यक्तिको वाचसिक कर्म अपरिशुद्ध, शारीक आचरण पनि अपरिशुद्ध तर कुनै कुनै बेला खुल्ला मन वा प्रसन्न चित्तको हुन्छ। त्यस बेला उसको वाचसिक अपरिशुद्ध, शारीरिक अपरिशुद्धप्रति ध्यान नदिनु। जुन बेला खुल्ला मन वा प्रसन्न चित्त थियो त्यसैलाई नै त्यो बेला ध्यान दिनुपर्छ। यसो गर्दा त्यो व्यक्तिप्रतिरहेको 'आघात' शान्त हुन्छ।

"आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म अपरिशुद्ध हुन्छ, शारीक आचरण पनि अपरिशुद्ध हुन्छ, कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुँदैन भने आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति आघात गर्ने विचार कसरी शान्त हुन्छ ? आवुसोहो ! जस्तै कि– कोही व्यक्ति अस्वस्थ हुन्छ अनि दुःखित भई, त्यो रोगले ग्रस्त भई मार्गमा हिँड्छ। त्यहाँ उसको निम्ति अगाडिको गाउँ पनि टाढा हुन्छ, पछाडिको गाउँ पनि टाढा हुन्छ। उसले उपयुक्त भोजन पाउँदैन, उपयुक्त औषधी पाउँदैन अनि उपयुक्त सेवक पनि पाउँदैन, न त गाउँमा पुऱ्याइदिने कोही मान्छे नै पाउँछ। त्यहाँ उसलाई त्यो बाटो भई गइरहेको कोही मान्छेले देख्छ। उसले त्यो व्यक्तिप्रति करुणा राखी, दया गरी वा अनुकम्पा राखी विचार गर्छ– 'अहो ! यो व्यक्तिले उपयुक्त भोजन पाए हुन्थ्यो, उपयुक्त औषधी पाए हुन्थ्यो, उपयुक्त सेवा पाए हुन्थ्यो वा गाउँमा पुऱ्याइदिन मान्छे पाए हुन्थ्यो। त्यो के कारण ? किन कि यो मान्छे बाटोमा नै कष्ट भोगेर मर्न नपरोस्। आवुसोहो ! जो व्यक्तिको शारीरिक आचरण अपरिशुद्ध हुन्छ, वाचसिक आचरण अपरिशुद्ध हुन्छ अनि समय समयमा खुल्ला मन वा प्रसन्न चित्तको हुँदैन भने आवुसोहो ! यस प्रकारका व्यक्तिप्रति पनि करुणावान, दयावान वा अनुकम्पक भई यस्तो विचार गर्नुपर्छ– 'अहो ! यो आयुष्मानले शारीरिक दुश्चरित्र छाडेर शारीरिक सुचरित्रको अभ्यास गरे हुन्थ्यो। यो आयुष्मानले वाचसिक दुश्चरित्र छाडेर वाचसिक सुचरित्रको अभ्यास गरे हुन्थ्यो। यो आयुष्मानले मानसिक दुश्चरित्र छाडेर मानसिक सुचरित्रको अभ्यास गरे हुन्थ्यो। त्यसो किन ? किन कि यो आयुष्मानले शरीर त्यागदा, मृत्यु पश्चात दुर्गति, अपायमा पतन वा नरकमा जन्मिनु नपरोस्।' यसो गर्दा त्यो व्यक्तिप्रति रहेको 'आघात' शान्त हुन्छ।

"आवुसोहो ! यहाँ कोही व्यक्ति यस्तो हुन्छ– वाचसिक कर्म परिशुद्ध हुन्छ, शारीक आचरण पनि परिशुद्ध हुन्छ अनि कुनै कुनै बेला खुल्ला मन वा प्रसन्न चित्तको हुन्छ। आवुसोहो ! यसप्रकारका व्यक्तिप्रति 'आघात' कसरी शान्त



Downloaded from http://dhamma.digital

हुन्छ ? आवुसोहो ! जस्तै कि– निर्मल पानी, स्वच्छ पानी, शीतल पानी, सेतो पानी, सुतिर्थ, रमणीय र नानाप्रकारका वृक्षहरूद्वारा आछन्न ठाउँमा पोखरी हुन्छ । त्यहाँ कोही व्यक्ति घामले तातेको, गर्मीले पोलेको थाकेको, तिर्खाएको तथा प्यासी हुन्छ । ऊ पोखरी भएतिर जान्छ, पोखरीमा ओर्लिएर नुहाई, पानी पिएर माथि आइकन त्यहींको वृक्ष छायाँमा बस्छ वा सुत्छ । आवुसोहो ! यसरी नै जो व्यक्तिको वाचसिक कर्म परिशुद्ध हुन्छ, शारीक आचरण पनि परिशुद्ध हुन्छ अनि कुनै कुनै बेला खुल्ला मन तथा प्रसन्न चित्तको हुन्छ । जुन त्यो शारीरिक आचरणमा रहेको परिशुद्धता हो त्यसप्रति ध्यान दिनुपर्छ, जुन त्यो वाचसिक आचरणमा रहेको परिशुद्धता हो त्यसप्रति ध्यान दिनुपर्छ अनि जुनबेला खुल्ला मन वा प्रसन्न चित्तको हुन्छ त्यसप्रति ध्यान दिनुपर्छ । यसरी त्यो व्यक्तिप्रति भएको आघातलाई शान्त पार्नुपर्छ । आवुसोहो ! जो जहिले पनि प्रसन्न रहन्छ ऊ अरू व्यक्तिको निम्ति प्रसन्नताको कारण बन्छ ।

"आवुसोहो ! यी पाँचद्वारा नै 'आघात' शान्त पार्नसक्छ । जब भिक्षुमा अघात भावको उत्पन्न हुन्छ तब ती सबै शान्त पार्नुपर्छ ।"

## ३. साकच्छसुत्तं

१६३. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो– "आवुसोहो ! जो भिक्षु पाँच कुरामा युक्त हुन्छ ऊ सब्रह्मचारीहरूसँग धर्म चर्चा गर्न उपयुक्त हुन्छ । ती पाँच के के हुन् ? आवुसोहो ! यहाँ भिक्षु आफू स्वयम् शीलसम्पन्न हुन्छ अनि शीलसम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् समाधिसम्पन्न हुन्छ अनि समाधिसम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् प्रज्ञासम्पन्न हुन्छ अनि प्रज्ञासम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् विमुक्तिसम्पन्न हुन्छ अनि विमुक्ति-सम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् विमुक्ति ज्ञानदर्शन सम्पन्न हुन्छ अनि विमुक्ति ज्ञानदर्शनसम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आवुसोहो ! यी नै पाँच कुरामा जो भिक्षु युक्त हुन्छ ऊ सब्रह्मचारीहरूसँग धर्म चर्चा गर्न उपयुक्त हुन्छ ।"

## ४. साजीवसुत्तं

१६४. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो !" "आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर



Downloaded from http://dhamma.digital

दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो– "आवुसोहो ! जो भिक्षु पाँच कुरामा युक्त हुन्छ ऊ सब्रह्मचारीहरूसँग बस्नु उपयुक्त छ । ती पाँच के के हुन् ? आवुसोहो ! यहाँ भिक्षु आफू स्वयम् शीलसम्पन्न हुन्छ अनि शीलसम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् समाधिसम्पन्न हुन्छ अनि समाधिसम्पत्ति अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् प्रज्ञासम्पन्न हुन्छ अनि प्रज्ञासम्पत्ति कुरा अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् विमुक्तिसम्पन्न हुन्छ अनि विमुक्तिसम्पत्ति कुरा अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आफू स्वयम् विमुक्ति ज्ञानदर्शनसम्पन्न हुन्छ अनि विमुक्ति ज्ञानदर्शनसम्पत्ति कुरा अनुसारै सोधिएको प्रश्नलाई समाधान गर्छ । आवुसोहो ! यी नै पाँच कुरामा जो भिक्षु युक्त हुन्छ ऊ सब्रह्मचाहरूसँग बस्नु उपयुक्त छ ।"

### ५. पञ्हपुच्छासुत्तं

१६५. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! जो कोहीले अरूसँग प्रश्न गरेमा ती सबै पाँच कारणलाई लिएर वा ती पाँच मध्ये कुनै एक हुन्छ । मन्दता-मूढताको कारणले अरूसँग प्रश्न गर्छ । इच्छाको वशमा परेर वा पापेच्छाको कारणले अरूसँग प्रश्न गर्छ । परास्त गर्नको निम्ति अरूसँग प्रश्न गर्छ । जान्न-बुझ्नको निम्ति अरूसँग प्रश्न गर्छ अनि चित्त प्रकुपित हुँदा अरूसँग प्रश्न गर्छ । आवुसोहो ! जो कोहीले अरूसँग प्रश्न गरेमा ती सबै पाँच कारणलाई लिएर वा ती पाँच मध्ये कुनै एक हुन्छ । आवुसोहो ! यदि मैले प्रश्न गर्दा यथार्थसहित त्यसको समाधान भए राम्रोभयो । मैले गर्ने प्रश्न सम्यकरूपले समाधान नभएमा त मैले नै सम्यकरूपले समाधान गरिदिने विचार गरी अरूसँग प्रश्न गर्दछु ।"

### ६. निरोधसुत्तं

१६६. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यहाँ जो भिक्षु शीलसम्पन्न हुन्छ, समाधिसम्पन्न हुन्छ अनि प्रज्ञासम्पन्न हुन्छ भने संज्ञावेदयित निरोध समापत्तिको (ध्यानमा) पनि समापन्न गर्नसक्छ । निम्न भागी भई उठ्नसक्ने सम्भावना छ । यदि ऊ यसै जीवनमा अर्हत हुन नसके यसलाई अतिक्रमण गरी कामावचर देवताकहाँ जन्मेर अर्के मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्तिलाभी भएर निम्न भागी भई उठ्नसक्ने सम्भावना छ ।

आयुष्मान सारिपुत्तले यसरी भन्नु भएपछि आयुष्मान उदायीले यसो



Downloaded from http://dhamma.digital

भने– 'आवुसो सारिपुत्त ! यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन । जब कि त्यो भिक्षुले अतिक्रमण गरी कामावचर देवताकहाँ उत्पन्न भएर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्ति समापन्न हुन्छ वा उठ्न पनि सक्छ । यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन ।

"दोस्रो पटक पनि ... तेस्रो पटक पनि आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यहाँ जो भिक्षु शीलसम्पन्न हुन्छ, समाधिसम्पन्न हुन्छ अनि प्रज्ञासम्पन्न हुन्छ भने संज्ञावेदयित निरोध समापत्तिको (ध्यानमा) पनि समापन गर्न सक्छ । निम्न भागी भई उठ्नसक्ने सम्भावना छ । यदि ऊ यसै जीवनमा अर्हत हुन नसके यसलाई अतिक्रमण गरी कामावचर देवताकहाँ जन्मेर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्तिलाभी भएर निम्न भागी भई उठ्न सक्ने सम्भावना छ ।

तेस्रो पटक पनि आयुष्मान उदायीले यसो भने– 'आवुसो सारिपुत्त ! यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन । जब कि त्यो भिक्षुले अतिक्रमण गरी कामावचर देवताकहाँ उत्पन्न भएर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्ति समापन्न हुन्छ वा उठ्न पनि सक्छ । यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन ।

अनि त्यसबेला आयुष्मान सारिपुत्तको मनमा यस्तो भयो– "जब कि आयुष्मान उदायीले तीन पटकसम्म विरोध गर्दा पनि भिक्षुहरू मध्येमा कसैले पनि मैले भनेकोलाई अनुमोदन गरेन । अब किन म जहाँ भगवान हुनुहुन्छ त्यहाँ नजाऊँ !" अनि त आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यहाँ जो भिक्षु शीलसम्पन्न हुन्छ, समाधिसम्पन्न हुन्छ अनि प्रज्ञासम्पन्न हुन्छ भने संज्ञावेदयित निरोध समापत्तिको (ध्यानमा) पनि समापन गर्नसक्छ । निम्न भागी भई उठ्न सक्ने सम्भावना छ । यदि ऊ यसै जीवनमा अर्हत हुन नसके यसलाई अतिक्रमण गरी कामावचर देवताकहाँ जन्मेर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्तिलाभी भएर निम्न भागी भई उठ्न सक्ने सम्भावना छ ।

आयुष्मान सारिपुत्तले यसरी भन्नु भएपछि आयुष्मान उदायीले यसो भने– 'आवुसो सारिपुत्त ! यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भा-



Downloaded from http://dhamma.digital

वना छैन । जब कि त्यो भिक्षुले अतिक्रमण गरी कामावचर देवताकहाँ उत्पन्न भएर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्ति समापन्न हुन्छ वा उठ्न पनि सक्छ । यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन ।

"दोस्रो पटक पनि ... तेस्रो पटक पनि आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! यहाँ जो भिक्षु शीलसम्पन्न हुन्छ, समाधिसम्पन्न हुन्छ अनि प्रज्ञासम्पन्न हुन्छ भने संज्ञावेदयित निरोध समापत्तिको पनि समापन गर्नसक्छ । निम्न भागी भई उठ्न सक्ने सम्भावना छ । यदि ऊ यसै जीवनमा अर्हत हुन नसके यसलाई अतिक्रमण गरी कामावचर देवताकहाँ जन्मेर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्तिलाभी भएर निम्न भागी भई उठ्न सक्ने सम्भावना छ ।

तेस्रो पटक पनि आयुष्मान उदायीले यसो भने– 'आवुसो सारिपुत्त ! यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन । जब कि त्यो भिक्षुले अतिक्रमण गरी कामावचर देवताकहाँ उत्पन्न भएर अर्कै मनोमय शरीर धारण गरी संज्ञावेदयित निरोध समापत्ति समापन्न हुन्छ वा उठ्न पनि सक्छ । यस्तो हुनसक्नु असम्भव छ, यस्तो हुनसक्ने सम्भावना छैन ।"

अनि आयुष्मान सारिपुत्तको मनमा भयो– "भगवानको सम्मुखमा पनि आयुष्मान उदायीले मेरो विरोध गर्दा कसैले पनि मैले भनेकोलाई अनुमोदन गरेन । अब किन म चुप लागेर नबसूँ !" अनि त आयुष्मान सारिपुत्त चुप लागेर बसे ।

यसपछि आयुष्मान उदायीलाई भगवानले सम्बोधन गर्नुभयो– "उदायी ! मनोमय देहलाई तिमीले के, कस्तो छ भनी जान्दछौ ?" "भन्ते ! जो ती देवहरू हुन् ती अरूपी हुन् भनी जान्दछु ! उदायी ! तिमी जस्तो मूर्ख, अनभिज्ञले किन बोल्नु परेको ! तिमी जस्तोले पनि बोल्नु पर्ने ठान्छौ !" अनि त्योबेला आयुष्मान आनन्दलाई भगवानले सम्बोधन गर्नुभयो– "आनन्द ! स्थविर भिक्षुलाई हैरान गर्दा किन करुणावान नभएको ?

अनि त भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! यहाँ जो भिक्षु शीलसम्पन्न हुन्छ, समाधिसम्पन्न हुन्छ अनि प्रज्ञासम्पन्न हुन्छ भने संज्ञावेदयित निरोध समापत्तिको पनि समापन गर्नसक्छ । निम्न भागी भई उठ्न सक्ने सम्भावना छ । यदि ऊ यसै जीवनमा अर्हत हुन नसके यसलाई अतिक्रमण गरी कामावचर देवताकहाँ जन्मेर अर्कै मनोमय शरीर



Downloaded from http://dhamma.digital

धारण गरी संज्ञावेदयित निरोध समापत्तिलाभी भएर निम्न भागी भई उठ्न सक्ने सम्भावना छ।"

भगवानले यसरी भन्नुभयो। सुगतले त्यसो भन्नु भएपछि आसनबाट उठ्नु भई विहारमा पस्नुभयो।

अनि भगवान भित्र पस्नु भएको केही समयमै आयुष्मान आनन्द जहाँ आयुष्मान उपवाण थियो त्यहाँ गए। गएर आयुष्मान उपवाणलाई यसो भने– "आवुसो उपवाण! अरूले स्थविर भिक्षुहरूलाई हैरान गर्छ भने हामी त्यसबाट मुक्त भएनौं तर आवुसो उपवाण! यसमा आश्चर्य मान्नु पर्दैन। भगवान सन्ध्या कालमा ध्यानबाट उठ्नु भएपछि यही विषय लिएर भन्नु हुँदा तब आयुष्मान उपवाणले बुझ्नु हुनेछ। अहिले हामी भित्र सङ्कोच छ।"

अनि भगवान सन्ध्या कालमा ध्यानबाट उठ्नु भई जहाँ उपस्थान-शाला हो त्यहाँ जानुभयो। जानुभई बिच्छ्याई राखेको आसनमा बस्नुभयो। बस्नु भएपछि भगवानले आयुष्मान उपवाणलाई यसो भन्नुभयो–

"उपवाण! कति कुराले सम्पन्न हुँदा स्थविर भिक्षु सब्रह्मचारीका प्रिय हुन्छ, मनोनुकुल हुन्छ, गौरवशाली हुन्छ अनि आदरणीय हुन्छ?" "भन्ते! पाँच कुराले सम्पन्न हुँदा स्थविर भिक्षु सब्रह्मचारीको निम्ति प्रिय हुन्छ, मनोनुकुल हुन्छ, गैरवशाली हुन्छ अनि आदरणीय हुन्छ। ती पाँच के के हुन्? भन्ते! यहाँ स्थविर भिक्षु शीलवान ... शिक्षापदको शिक्षा राम्रोसँग लिन्छ। बहुश्रुत ... सम्यकदृष्टिद्वारा राम्रोसँग बुझेको हुन्छ। कल्याण वचनको हुन्छ, विश्वसनीय, निर्दोष र अर्थ प्रकट गर्ने हुन्छ। यसै जन्ममा सुख दिने चार चैतसिक ध्यानलाई सहजतापूर्वक लाभ गर्छ, विनापरिश्रमै लाभ गर्छ तथा अनायासै लाभ गर्छ। आश्रव क्षय गरी ... साक्षात्कार गरी तथा प्राप्त गरी बस्छ। भन्ते! यी नै पाँच कुराले गर्दा थविर भिक्षु सब्रह्मचारीको निम्ति प्रिय हुन्छ, मनोनुकुल हुन्छ, गौरवशाली हुन्छ अनि आदरणीय हुन्छ।"

"साधु, साधु उपवाण! यी नै पाँच कुराले सम्पन्न हुँदा स्थविर भिक्षु सब्रह्मचारीका प्रिय हुन्छ, मनोनुकुल हुन्छ, गौरवणीय हुन्छ अनि आदणीय हुन्छ। उपवाण! जो स्थविरसँग यी पाँच कुरा हुँदैन उसलाई सब्रह्मचारीले मन पराउँदैन, मनोनुकुल हुँदैन, गौरवशाली र आदरणीय हुँदैन। दाँत नभएता पनि, केश सेतो भएता पनि या छाला चाउरी परेता पनि पूजनीय हुँदैन। उपवाण! जो स्थविर भिक्षुसँग यी पाँच कुरा हुन्छ उसैलाई सब्रह्मचारीले उसलाई सत्कार गर्छ, गौरव गर्छ, सम्मान गर्छ अनि पूजा गर्छ।"



Downloaded from http://dhamma.digital

## ७. चोदनासुत्तं

१६७. एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! अरूलाई दोषारोपण गर्ने दोषारोपक भिक्षु पाँच कुरामा आफूलाई प्रतिष्ठापित गरी अरूलाई दोषारोपण गर्नुपर्छ ।

ती पाँच के के हुन् ? उपयुक्त समयमा भन्नेछु वा अनुपयुक्त समयमा भन्दिन । साँचो बोल्छु, झूटो बोल्दिन । नरम वचन बोल्छु वा कडा शब्द बोल्दिन । हितानुकम्पि भई बोल्छु अहितानुकम्पि भई बोल्दिन अनि मैत्री चित्त राखी बोल्छु वा द्वेष चित्तले बोल्दिन । आवुसोहो ! अरूलाई दोषारोपण गर्ने दोषारोपक भिक्षुले यी नै पाँच कुरामा आफूलाई प्रतिष्ठापित गरी अरूलाई दोषारोपण गर्नुपर्छ ।

"आवुसोहो ! यहाँ कसैकसैलाई देख्दछु कि अनुपयुक्त समयमा दोषारोपण गर्छ तर उपयुक्त समयमा रिसाउँदैन । अयथार्थ दोषा-रोपण गर्छ तर यथार्थमा रिसाउँदैन । कडा शब्दले दोषारोपण गर्छ तर नरम भई रिसाउँदैन । अनर्थ हुने गरी दोष लगाउँछ तर भलो हुने गरी रिसाउँदैन । द्वेषी भई दोष लगाउँछ तर मैत्री चित्तको भई रिसाउँदैन ।

"आवुसोहो ! अधर्मपूवृक जो भिक्षुलाई दोषारोपण लाग्छ भने उसलाई पाँच प्रकारले हतोत्साही हुनबाट रोक्नु । आयुष्मानलाई अनुपयुक्त समयमा दोषापण गऱ्यो वा उपयुक्त समयमा दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानप्रति झूटो दोषारोपण गऱ्यो वा सत्यरूपले दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानप्रति कडा शब्दले दोषारोपण गऱ्यो वा नरमशब्दले दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानप्रति कुभलो हुने दोषारोपण गऱ्यो वा भलो हुने गरी दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानप्रति द्वेषी भई दोषारोपण गऱ्यो वा मैत्री चित्तले दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आवुसोहो ! अधर्मपूर्वक जो भिक्षुलाई दोषारोपण लाग्छ भने उसलाई यी पाँच प्रकारले हतोत्साही हुनबाट रोक्नु ।

"आवुसोहो ! जो भिक्षुले अरूलाई अधर्मपूर्वक दोषारोपण गर्छ भने उसलाई पाँच प्रकारले हतोत्साही पार्नुपर्छ । आवुसो ! तिमीले अनुपयुक्त समयमा दोषारोपण गऱ्यौ वा उपयुक्त समयमा दोषारोपण गरेनौ भनी हतोत्साही गर्नुपर्छ । आवुसो ! तिमीले झूटो दोषारोपण गऱ्यौ वा सत्यरूपले दोषारोपण गरेनौ भनी हतोत्साही गर्नुपर्छ । आवुसो ! तिमीले कडा शब्दले दोषारोपण



Downloaded from http://dhamma.digital

गऱ्यौ वा नरम शब्दले दोषारोपण गरेनौ भनी हतोत्साही गर्नुपर्छ । आवुसो ! तिमीले भलो नहुने गरी दोषारोपण गऱ्यौ वा भलो हुने गरी दोषारोपण गरेनौ भनी हतोत्साही गर्नुपर्छ । 'आवुसो ! तिमीले द्वेषी भई दोषारोपण गऱ्यौ वा मैत्री चित्तले दोषारोपण गरेनौ भनी हतोत्साही गर्नुपर्छ । त्यसो किन ? किन कि अन्य भिक्षुलाई पनि अयथार्थ दोषारोपण गर्ने मनसाय नहोस् भनी ।

"आवुसोहो ! यहाँ कसैकसैलाई देख्दछु कि उपयुक्त समयमा दोषारोपण गर्छ वा अनुपउपयुक्त समयमा रिसाउँदैन । यथार्थ नै दोषारोपण गर्छ वा अयथार्थमा रिसाउँदैन । नरम शब्दले दोषारोपण गर्छ वा कडा शब्दमा रिसाउँदैन । भलो हुने गरी दोषारोपण लगाउँछ वा कुभलो हुने गरी रिसाउँदैन । मैत्री चित्तले दोष लगाउँछ वा द्वेषी भई रिसाउँदैन ।

"आवुसोहो ! धर्मपूर्वक जो भिक्षुले दोषारोपण गर्छ उसलाई पाँच प्रकारले उत्साहित गर्नुपर्छ । आयुष्मानले उपयुक्त समयमै दोषारोपण गऱ्यौ वा अनुपयुक्त समयमा दोषारोपण गरेनौ भनी उत्साहित गर्नुपर्छ । आयुष्मानले सत्य नै दोषारोपण गऱ्यौ वा असत्यरूपले दोषारोपण गरेनौ भनी उत्साहित गर्नुपर्छ । आयुष्मानले नरम शब्दले नै दोषारोपण गऱ्यौ वा कडाशब्दले दोषारोपण गरेनौ भनी उत्साहित गर्नुपर्छ । आयुष्मानले भलो हुने दोषारोपण गऱ्यौ वा भलो नहुने गरी दोषारोपण गरेनौ भनी उत्साहित गर्नुपर्छ । आयुष्मानले मैत्री चित्तले दोषारोपण गऱ्यौ वा द्वेषी भई दोषारोपण गरेनौ भनी उत्साहित गर्नुपर्छ । आवुसोहो ! धर्मपूर्वक जो भिक्षुले दोषारोपण गर्छ उसलाई यी पाँच प्रकारले उत्साहित गर्नुपर्छ । आवुसोहो ! धर्मपूर्वक जो भिक्षुले दोषारोपण गर्छ उसलाई यी नै पाँच प्रकारले उत्साहित गर्नुपर्छ ।

"आवुसोहो ! धर्मपूर्वक जो भिक्षुलाई दोषारोपण लाग्छ उसलाई पाँच प्रकारले उत्साहित गर्नुपर्छ । आयुष्मानलाई उपयुक्त समयमै दोषारोपण गऱ्यो वा अनुपयुक्त समयमा दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानले सत्य नै दोषारोपण गऱ्यो वा असत्यरूपले दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानलाई नरम शब्दले नै दोषारोपण गऱ्यो वा कडाशब्दले दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानलाई भलो हुने दोषारोपण गऱ्यो वा भलो नहुने गरी दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आयुष्मानलाई मैत्री चित्तले दोषारोपण गऱ्यो वा द्वेषी भई दोषारोपण गरेन । त्यसैले तिमी हतोत्साही नहुनु । आवुसोहो ! धर्मपूर्वक जो भिक्षुलाई दोषारोपण लाग्छ उसलाई यी पाँच प्रकार-ले उत्साहित गर्नुपर्छ । आवुसोहो ! धर्मपूर्वक जो भिक्षुले दोषारोपण गर्छ उस-



Downloaded from http://dhamma.digital

लाई यी नै पाँच प्रकारले उत्साहित गर्नुपर्छ । त्यो के कारण ? किनकि अरू भिक्षुलाई पनि यथार्थसहित दोषारोपण लाग्नेलाई हतोत्साही हनु नदिन ।

"आवुसोहो ! दोषारोपक व्यक्ति दुई कुरामा प्रतिष्ठित हुनुपर्छ सत्यमा र स्थिरतामा । आवुसोहो ! मलाई पनि अरूले दोषारोपण गरोस् समयमा वा असमयमा, सत्य वा असत्य, नरम शब्दले वा कडा शब्दले, भलो वा कुभलो अनि मैत्री चित्तले वा द्वेषी भई । म आफूलाई पनि यही दुई कुरामा प्रतिष्ठित गर्छु– सत्यमा र स्थिरतामा । " यदि ममा केही दोष या गुण छ भनी जान्दछु मैले भन्छु कि 'यो कुरा ममा छ', यो कुरा ममा विद्यमान छ ।' यदि ममा केही गुण वा दोष छैन भनी मैले जानेमा भन्छु कि 'यो दोष या गुण ममा छैन', 'यो कुरा अहिले ममा छैन ।'

"सारिपुत्त ! तपाईंले यसो भन्नु हुँदा पनि यहाँ कोही कोही मूर्खव्यक्तिले विषयानुगतलाई ग्रहण गर्दैनन् ।

"भन्ते ! जो व्यक्तिहरू श्रद्धापूर्वक प्रवजित नभई जीविका निर्वाह गर्नको निमित्त प्रव्रजित हुन्छन् । तिनीहरू विना श्रद्धा घर गृहस्थ त्यागेका, शठ, मायावी, छली, उद्धत, अहंकारी, चञ्चल, गफी, जहाँ पायो त्यहाँ प्याच्चै बोलिहाल्ने, इन्द्रिय असंयमित, भोजनमा मात्राज्ञ नहुने, जागरणमा अनुत्साही, श्रमणत्वमा लापर्वाही, शिक्षाप्रति गौरव नगर्ने, जोड्न र बटुल्नमा लाग्ने, शिथिल, पतनतिर अग्रसर हुने, एकान्तमा रहन नचाहने, अल्छे, अनुत्साहि, स्मृतिविहिन, विचारहिन, असमाहित, भ्रान्तचित्त, कुबुद्धि अनि जड हुनेले नै मैले भनेको बुझ्दैन ।

"भन्ते ! जो कुलपुत्रहरू श्रद्धासहित घर गृहस्थ त्यागेर प्रव्रजित हुन्छन् । तिनीहरू अशठ, अमायावी, नछल्ने, अनुद्धत, निरहंकारी, अचञ्चल, गफी हुँदैन, जहाँ पायो त्यहाँ प्याच्चै बोल्दैन, इन्द्रिय संयमित, भोजनमा मात्राज्ञ हुने, जागरणमा उत्साही, श्रमणत्वमा रहने, शिक्षाप्रति गौरव गर्ने, जोड्न र बटुल्नमा नलाग्ने, शिथिल हुँदैन, पतनतिर अग्रसर हुँदैन, एकान्तको चाहना हुने, उद्योगी, उत्साहहित, स्मृतिवान, विचारवान, समाहित, एकाग्रचित्त, प्रज्ञावान अनि जड नहुनेले नै मैले भनेको बुझ्नेछन् ।

"सारिपुत्त ! जो व्यक्तिहरू श्रद्धापूर्वक प्रवजित नभई जीविका निर्वाह गर्नको निमित्त प्रव्रजित हुन्छन् । तिनीहरू विना श्रद्धा घर गृहस्थ त्यागेका, शठ हुन्छन्, मायावी हुन्छन्, छली हुन्छन्, उद्धत हुन्छन्, अहंकारी हुन्छन्, चञ्चल हुन्छन्, गफी हुन्छन्, जहाँ पायो त्यहाँ प्याच्चै बोलिहाल्ने हुन्छन्, इन्द्रिय असं-



Downloaded from http://dhamma.digital

यमित हुन्छन्, भोजनमा मात्राज्ञ हुँदैन, जागरणमा अनुत्साही हुन्छन्,, श्रमणत्वमा लापर्वाही हुन्छन्, शिक्षाप्रति गौरव गर्दैनन्, जोड्न र बटुल्नमा लाग्ने हुन्छन्, शिथिल हुन्छन्, पतनतिर अग्रसर हुन्छन्,, एकान्तमा रहन चाहँदैन्, अल्छे हुन्छन्, उत्साहहिन हुन्छन्, स्मृतिविहिन हुन्छन्, विचारहिन हुन्छन्, समाहितहिन हुन्छन्, भ्रान्तचित्त हुन्छन्, कुबुद्धि अनि जड भएकालाई त्यतिकै राख ।

"सारिपुत्त ! जो कुलपुत्रहरू श्रद्धासहित घर गृहस्थ त्यागेर प्रव्रजित हुन्छन् । तिनीहरू अशठ, अमायावी, नछल्ने, अनुद्धत, निरहंकारी, अचञ्चल, गफी हुँदैन, जहाँ पायो त्यहाँ प्याच्चै बोल्दैन, इन्द्रिय संयमित, भोजनमा मात्राज्ञ हुने, जागरणमा उत्साही, श्रमणत्वमा रहने, शिक्षाप्रति गौरव गर्ने, जोड्न र बटुल्नमा नलाग्ने, शिथिल हुँदैन, पतनतिर अग्रसर हुँदैन, एकान्तको चाहना हुने, उद्योगी, उत्साहहित, स्मृतिवान, विचारवान, समाहित, एकाग्रचित्त, प्रज्ञावान अनि जड नहुनेलाई उपदेश दिनु । सारिपुत्त ! सब्रह्मचारीहरूलाई उपदेश दिनु । सारिपुत्त ! सब्रह्मचारीहरूलाई अनुशासित गर । 'सब्रह्मचारीहरूलाई असद्धर्मबाट हटाउँछु अनि सद्धर्ममा प्रतिष्ठापित गराउँछु भनी तिमीले शिक्षा लिनुपर्छ ।"

## ८. सीलसुत्तं

१६८. त्यसबेला आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "आवुसोहो ! दुःशील हुँदा वा शील विखण्डित हुँदा सम्यकसमाधिको निम्ति आधार हिन हुन्छ । सम्यकसमाधि नहुँदा वा सम्यकसमाधि विखण्डित हुँदा यथार्थ ज्ञानदर्शनबाट विमुख हुन्छ । यथार्थ ज्ञानदर्शन नहुँदा वा यथार्थ ज्ञानदर्शनबाट विखण्डित हुँदा निर्वेद वैराग्यबाट विमुख हुन्छ । निर्वेद विराग नहुँदा वा निर्वेद विरागबाट विमुख हुँदा विमुक्ति ज्ञानदर्शनबाट विमुख हुन्छ । आवुसोहो ! जस्तै कि– जुन रुखमा शाखा र पातहरू हुँदैन त्यसमा पाप्रा, त्वचा (बोक्रा), गोलाकार (फेग्गु) र सारकाठ (चूरो) मा पूर्णता प्राप्त गर्न सक्दैन । आवुसोहो ! तदनुरूप दुःशील हुँदा वा शील विखण्डित हुँदा सम्यकसमाधिको निम्ति आधार हिन हुन्छ । सम्यकसमाधि नहुँदा वा सम्यकसमाधि विखण्डित हुँदा यथार्थ ज्ञानदर्शनबाट विमुख हुन्छ । यथार्थ ज्ञानदर्शन नहुँदा वा यथार्थ ज्ञानदशर्शनबाट विखण्डित हुँदा निर्वेद वैराग्यबाट विमुख हुन्छ । निर्वेद विराग नहुँदा वा निर्वेद विरागबाट विमुख हुँदा विमुत्ति ज्ञानदर्शनबाट विमुख हुन्छ ।

"आवुसोहो ! शीलवान हुँदा वा शीलसम्पन्न हुँदा सम्यकसमाधिको निम्ति आधार हुन्छ । सम्यकसमाधि हुँदा वा सम्यकसमाधि सम्पन्न हुँदा यथार्थ ज्ञानदर्शनको निम्ति आधार हुन्छ । यथार्थ ज्ञानदर्शन हुँदा वा यथार्थ



Downloaded from http://dhamma.digital

ज्ञानदर्शनसम्पन्न हुँदा निर्वेद वैराग्यको निम्ति आधार हुन्छ । निर्वेद विराग हुँदा वा निर्वेद विरागसम्पन्न हुँदा विमुक्ति ज्ञानदर्शनको निम्ति आधार हुन्छ । आवुसोहो ! जस्तै कि– जुन रुखमा शाखा र पातहरू हुँदा त्यसमा पाप्रा, त्वचा (बोक्रा), गोलाकार (फेग्गु) र सारकाठ (चूरो) मा पूर्णता प्राप्त हुन्छ । आवुसोहो ! तदनुरूप शीलवान हुँदा वा शीलसम्पन्न हुँदा सम्यकसमाधिको निम्ति आधार हुन्छ । सम्यकसमाधि हुँदा वा सम्यकसमाधिसम्पन्न हुँदा यथार्थ ज्ञानदर्शनको निम्ति आधार हुन्छ । यथार्थ ज्ञानदर्शन हुँदा वा यथार्थ ज्ञानदर्शनसम्पन्न हुँदा निर्वेद वैराग्यको निम्ति आधार हुन्छ । निर्वेद विराग हुँदा वा निर्वेद विरागसम्पन्न हुँदा विमुक्ति ज्ञानदर्शनको निम्ति आधार हुन्छ ।"

## ९. खिप्पनिसन्तिसुत्तं

१६९. त्यसबेला आयुष्मान आनन्द जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान सारिपुत्तसँग कुशलवार्ता गरे । कुशलवार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान आनन्दले आयुष्मान सारिपुत्तलाई यसो भने–

"आवुसो सारिपुत्त ! कुन गुणमा रहँदा भिक्षुले (कुशल धर्मप्रति) शीघ्र ध्यान दिएको हुन्छ, कुशल धर्मलाई राम्रोसँग ग्रहण गरेको हुन्छ, बहुग्रहणकारी र ग्रहण गरिएकोलाई छोड्दैन ? "आयुष्मा आनन्द नै बहुश्रुत हो, आयुष्मान आनन्दले नै यसलाई भने हुन्छ ।" त्यसो भए आवुसो सारिपुत्त ! सुन, राम्ररी मनमा लिनु भन्नेछु । "हुन्छ, आयुष्मान !" भनी आयुष्मान सारिपुत्तले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले यसो भन्नुभयो–

"आवुसो सारिपुत्त ! यहाँ भिक्षु अर्थ दक्ष हुन्छ, व्यञ्जनमा दक्ष हुन्छ, निरुक्तिमा दक्ष हुन्छ अनि पूर्वापर (क्रममा) दक्ष हुन्छ । आवुसो सारिपुत्त ! भिक्षुसँग यति भएमा शीघ्र ध्यान दिन्छ, कुशल धर्मलाई राम्रोसँग ग्रहण गर्छ, बहुग्रहणकारी र ग्रहण गरिएकोलाई छोड्दैन ।" "आवुसो ! आश्चर्य हो ! आवुसो ! अद्‌भूत हो !! जुन कि यो आयुष्मान आनन्दको वचन सुभाषित छ ।" यी पाँच धर्महरू आयुष्मान आनन्दसँग छ भन्ने हाम्रो मान्यता छ । आयुष्मान आनन्द अर्थमा, धर्ममा, व्यञ्जनमा, निरुक्तिमा अनि पूर्वापरमा दक्षता छ ।"

## १०. भद्दजिसुत्तं

१६८. एक समय आयुष्मान आनन्द कोशाम्बिस्थित घोसितारामा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान भद्दजि जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । गएर आयुष्मान आनन्दलसँग कुशलवार्ता गरे । कुशलवार्तापछि



Downloaded from http://dhamma.digital

एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान भद्दजिसँग आयुष्मान आनन्दले प्रश्न गरे– "आयुष्मान भद्दजि ! दर्शनीयमा श्रेष्ठ के हो ? श्रवणीयमा श्रेष्ठ के हो ? सुखमा श्रेष्ठ के हो ? संज्ञामा श्रेष्ठ के हो अनि भवमा श्रेष्ठ के हो ?

"आवुसो ! ब्रह्मा सर्वश्रेष्ठ हो । अरूद्वारा पराजित नहुने जान्ने-बुझ्ने वशवर्ती हो । जसले ब्रह्मा देख्छ यो दर्शन मध्येमा श्रेष्ठ हो । आवुसो ! आभस्सरा नाउँको देवता सुखमा परिपूर्ण छ । तिनीहरूले कहिलेकहीं उल्लास-मय उद्‌गार अहो सुख, अहो सुख भनी व्यक्त गर्छन् । जसले त्यो शब्द सुन्छ यो नै श्रवण मध्येमा श्रेष्ठ हो । आवुसो ! सुभकिण्ह नाउँको देवता छ तिनीहरू शान्ति पूर्वक सन्तोष र सुखको अनुभव गर्छ । यो नै सुख मध्येमा श्रेष्ठ हो । आवुसो ! आकिञ्चञ्ञायतनमा पुगेका देवताहरू छन् । यो संज्ञा मध्येमा श्रेष्ठ हो । आवुसो ! नेवसञ्ञानासञ्ञायतनमा पुगेका देवताहरू छन् । यो भव मध्येमा श्रेष्ठ हो । "आयुष्मान भद्दजिको भनाइमा धेरैजनासँग मेल खान्छ त ?"

"आयुष्मान आनन्द बहुश्रुत हुनुहुन्छ, आयुष्मान आनन्दले नै भन्नुहोस् ।" "त्यसो भए आयुष्मान भद्दजि सुन त, राम्ररी मनमा धारण गर भन्नेछु ।" "हवस् आवुसो !' भनी आयुष्मान भद्दजिले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले यसो भन्नुभयो–

"आवुसो ! जुन हेर्दा वा हेरिएको अनन्तर आश्रव क्षय हुन्छ यो हेर्नु वा दर्शनमा श्रेष्ठ हो । जुन सुन्दा वा सुनिएको अनन्तर आश्रव क्षय हुन्छ यस्तो सुन्नु वा सुन्नु मध्येमा श्रेष्ठ हो । जुन सुखको अनुभव गरिँदाको अनन्तर आश्रव क्षय हुन्छ त्यो सुख मध्येमा श्रेष्ठ हो । जुन संज्ञाको अनुभव गरिँदाको अनन्तर आश्रव क्षय हुन्छ यो संज्ञा मध्येमा श्रेष्ठ हो । जुन आफ्नो भन्ने भावको अनन्तर आश्रव क्षय हुन्छ त्यो भव मध्येमा श्रेष्ठ हो ।"



Downloaded from http://dhamma.digital

## १८. उपासकवग्गो

### १. सारज्जसुत्तं

१७१. यस्तो मैले सुनें– एक समय भगवान सावत्थिस्थित जेतवनमा अनाथपिण्डिकको आराममा बस्नुहुन्थ्यो। त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नभयो– "भिक्षुहो !" "भद्दन्त" भनी भिक्षुहरूले प्रत्युत्तर दिए। भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! पाँच कुरामा युक्त उपासक निस्तेज हुन्छ। ती पाँच के के हुन् ? प्राणी हिंसा गर्छ, चोरी कार्य गर्छ, व्यभिचार गर्छ भूटो बोल्छ अनि जाँड-रक्सीआदि मादक पदार्थको सेवन गर्छ। भिक्षुहो यी नै पाँच कुरामा युक्त उपासक निस्तेज हुन्छ।

"भिक्षुहो ! पाँच कुरामा युक्त उपासक विशारद (पण्डित) हुन्छ। ती पाँच के के हुन् ? प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ भूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सीआदि मादक पदार्थको सेवनबाट विरत हुन्छ। भिक्षुहो यी नै पाँच कुरामा युक्त उपासक विशारद हुन्छ।"

### २. विसारदसुत्तं

१७२. "भिक्षुहो ! पाँच कुरामा युक्त उपासक अविशारद भई घरमा बस्छ। ती पाँच के के हुन् ? प्राणी हिंसा गर्छ, चोरी कार्य गर्छ, व्यभिचार गर्छ, भूटो बोल्छ अनि जाँड-रक्सीआदि मादक पदार्थको सेवन गर्छ। भिक्षुहो यी नै पाँच कुरामा युक्त उपासक अविशारद भई घरमा बस्छ।

"भिक्षुहो ! पाँच कुरामा युक्त उपासक विशारद भई घरमा बस्छ। ती पाँच के के हुन् ? प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ भूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सी आदि मादक पदार्थको सेवनबाट विरत हुन्छ। भिक्षुहो यी नै पाँच कुरामा युक्त उपासक विशारद भई घरमा बस्छ।"

### ३. निरयसुत्तं

१७३. "भिक्षुहो ! पाँच कुरामा युक्त हुने उपासकलाई समातेर नर्कमा राखेसमान हुन्। ती पाँच के के हुन् ? प्राणी हिंसा गर्छ, चोरी कार्य गर्छ, व्यभिचार गर्छ भूटो बोल्छ अनि जाँड-रक्सीआदि मादक पदार्थको सेवन



Downloaded from http://dhamma.digital

गर्छ । भिक्षुहो यी नै पाँच कुरामा युक्त हुने उपासकलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! पाँच कुरामा युक्त हुने उपासकलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचारबाट विरत हुन्छ भूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सीआदि मादक पदार्थको सेवनबाट विरत हुन्छ । भिक्षुहो यी नै पाँच कुरामा युक्त हुने उपासकलाई स्वर्गमा राखेसमान हुन् ।"

## ४. वेरसुत्तं

१७४. त्यसबेला अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नुभयो–

"गृहपति ! पाँच भय र शत्रु छन् जसलाई छोडेन भने 'दुःशील' भनिन्छ अनि नर्कमा जन्मिनेछन् । ती पाँच के के हुन् ? प्राणी हिंसा, चोरी, व्यभिचार, भूट र जाँड-रक्सी तथा बेहोश पार्ने पदार्थको सेवन गर्ने । गृहपति ! यी नै पाँच भय र शत्रु हुन् जसलाई छोडेन भने 'दुःशील' भनिन्छ अनि नरकमा जन्मिनेछन् ।

"गृहपति ! पाँच भय र शत्रु छन् जसलाई छोड्दा 'सुशील' भनिन्छ अनि स्वर्गमा जन्मिनेछन् । ती पाँच के के हुन् ? प्राणी हिंसा, चोरी, व्यभिचार, भूट र जाँड-रक्सी तथा बेहोश पार्ने पदार्थको सेवन नगर्ने । गृहपति ! यी नै पाँच भय र शत्रु हुन् जसलाई छोड्दा 'सुःशील' भनिन्छ अनि सुगतिमा जन्मिनेछन् ।

"गृहपति ! जसले प्राणी हिंसा गर्छ वा प्राणी हिंसा गर्दा यही जीवनमा भय र शत्रु उत्पन्न हुन्छ । मरेपछि पनि भय र शत्रु उत्पन्न हुन्छ । मनमा पनि दुःख तथा दौर्मनस्यता भइरहन्छ । प्राणी हिंसाबाट विरत हुँदा न त यही जीवनमा भय र शत्रु उत्पन्न हुन्छ । न त मरेपछि भय र शत्रु उत्पन्न हुन्छ । न त मनमा दुःख र दौर्मनस्य भइरहन्छ । प्राणी हिंसाबाट विरत हुँदा भय र शत्रु शान्त हुन्छ ।

"गृहपति ! जसले चोरी गर्छ ... ।
"गृहपति ! जसले व्यभिचार गर्छ ... ।
"गृहपति ! जसले भूटो बोल्छ ... ।



Downloaded from http://dhamma.digital

"गृहपति ! जसले जाँड-रक्सी तथा बेहोश पार्ने पदार्थको सेवन गर्छ वा जाँड-रक्सी तथा बेहोश पार्ने मादक पदार्थको सेवन गर्दा यही जीवनमा भय र शत्रु उत्पन्न हुन्छ। मरेपछि पनि भय र शत्रु उत्पन्न हुन्छ। मनमा पनि दुःख तथा दौर्मनस्यता भइरहन्छ। जाँड-रक्सी तथा बेहोश पार्ने मादक पदार्थको सेवनबाट विरत हुँदा न त यही जीवनमा भय र शत्रु उत्पन्न हुन्छ। न त मरेपछि भय र शत्रु उत्पन्न हुन्छ। न त मनमा दुःख र दौर्मनस्य भइरहन्छ। जाँड-रक्सी तथा बेहोश पार्ने पदार्थको सेवनबाट विरत हुँदा भय र शत्रु शान्त हुन्छ।"

**"यो पाणमतिपातेति, मुसावादञ्च भासति।**
**लोके अदिन्नं आदियति, परदारञ्च गच्छति।**
**सुरामेरयपानञ्च, यो नरो अनयुञ्जति॥**
**"अप्पहाय पञ्च वेरानि, दुस्सीलो इति वुच्चति।**
**कायस्स भेदा दुप्पञ्ञो, निरयं सोपपज्जति॥**
**"यो पाणं नातिपातेति, मुसावादं न भासति।**
**लोके अदिन्नं नादियति, परदारं न गच्छति।**
**सुरामेरयपानञ्च, यो नरो नानुयुञ्जति॥**
**पहाय पञ्च वेरानि, सीलवा इति वुच्चति।**
**कायस्स भेदा सप्पञ्ञो, सुगतिं सोपपज्जती"ति॥**

"जसले प्राणी हिंसा गर्छ, झूटो बोल्छ, लोकमा चोर्ने गर्छ, परस्त्री वा परपुरुष गमनकारी हुन्छ अनि जाँड-रक्सी मादक पदार्थ सेवन गर्नमा जो नर लाग्छ।

"पञ्च शत्रु त्याग नगर्नेलाई दुःशील भनिन्छ। कुबुद्धि हुँदा शरीर भेद-पछि ऊ नरकमा उत्पन्न हुन्छ।

"जसले प्राणी हिंसा गर्दैन, झूटो बोल्दैन, लोकमा चोर्ने गर्दैन, परस्त्री वा परपुरुष गमनकारी हुँदैन अनि जाँड-रक्सी मादक पदार्थ सेवन गर्नमा जो नर लाग्दैन।

"यी पञ्च शत्रु त्याग गर्नेलाई सुशील भनिन्छ। प्रज्ञावान हुँदा शरीर भेदपछि ऊ सुगतिमा उत्पन्न हुन्छ।"

### ५. चण्डालसुत्तं

१७५. "भिक्षुहो ! पाँच कुरामा युक्त उपासक नै चण्डाल उपासक, मलिन उपासक र निकृष्ट उपासक हो। ती पाँच के के हुन् ? श्रद्धावान हुँदैन, दुःशील हुन्छ, कौतुहल माङ्गलिक (यो यो देख्दा, सुन्दा र छुँदा मङ्गल हुन्छ)



Downloaded from http://dhamma.digital

भनी अन्धविश्वासमा पर्ने, कर्मले नै मङ्गल हुन्छ भन्ने नमान्ने अनि यस भन्दा बाहिर दक्षिणा पात्रको खोज गर्छ (अन्य मतमतान्तरमा दान दक्षिणा दिन्छ)। त्यहीँ नै पहिला कार्य गर्छ । भिक्षुहो ! यी पाँच कुरामा युक्त उपासक नै चण्डाल उपासक, मलिन उपासक र निकृष्ट उपासक हो ।

"भिक्षुहो ! पाँच कुरामा युक्त उपासक नै रत्न उपासक, पद्म उपासक र पुण्डरिक उपासक हो । ती पाँच के के हुन् ? श्रद्धावान हुन्छ, शीलवान हुन्छ, कौतुहल माङ्गलिक (यो यो देख्दा, सुन्दा र छुँदा मङ्गल हुन्छ) भनी अन्धविश्वासमा नपर्ने, कर्मले नै मङ्गल हुन्छ भन्ने मान्ने अनि यस भन्दा बाहिर दक्षिणा पात्रको खोज नगर्ने तथा यहीँ नै पहिला कार्य गर्छ । भिक्षुहो ! यी पाँच कुरामा युक्त उपासक नै रत्न उपासक, पद्म उपासक र पुण्डरिक उपासक हो ।"

## ६. पीतिसुत्तं

१७६. त्यसबेला अनाथपिण्डिक गृहपति पाँचसय उपासकहरू सँगै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अनाथपिण्ढिक गृहपतिलाई भगवानले यसो भन्नुभयो– "गृहपतिहो ! तिमीहरूले चीवर-पिण्डपात-शयनासन-रोगीको निम्ति औषधि तथा परिष्कारादीद्वारा भिक्षुसंघको सेवा गरिरहन्छौ । गृहपतिहो ! यतिकैमा सन्तुष्ट नहुनु । 'हामीले भिक्षुसंघलाई चीवर-पिण्डपात-शयनासन-रोगीको निम्ति औषधि तथा परिष्कारादीद्वारा भिक्षुसंघको सेवा गरिरहेकाछौं ।' 'हामीले समय समयमा एकान्तमय प्रीति प्राप्त गरी बस्नुपर्छ भन्ने पनि शिक्षा लिनुपर्छ ।'

यसरी भन्नु भएपछि आयुष्मान सारिपुत्तले भगवानलाई यसो भन्नुभयो– "आश्चर्य हो, भन्ते ! अद्‌भूत हो, भन्ते !!" भन्ते भगवानको जुन कि यो वचन सुभाषित छ । "गृहपतिहो ! तिमीहरूले चीवर-पिण्डपात-शयनासन-रोगीको निम्ति औषधि तथा परिष्कारादीद्वारा भिक्षुसंघको सेवा गरिरहन्छौ । गृहपतिहो ! यतिकैमा सन्तुष्ट नहुनु । 'हामीले भिक्षुसंघलाई चीवर-पिण्डपात-शयनासन रोगीको निम्ति औषधि तथा परिष्कारादीद्वारा भिक्षुसंघको सेवा गरिरहेकाछौं ।' 'हामीले समय समयमा एकान्तमय प्रीति प्राप्त गरी बस्नुपर्छ भन्ने पनि शिक्षा लिनुपर्छ ।' भन्ते जब आर्यश्रावकले एकान्तमय प्रीति-सुख लाभी हुन्छ तब पाँच विषय रहँदैन । जुन कामभोगबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन कामभोगबाट उत्पन्न हुने सुख सौमनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन अकुशलबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन अकुशलबाट उत्पन्न हुने सुख सौमनस्य



Downloaded from http://dhamma.digital

हो त्यो पनि त्यसबेला रहँदैन । जुन कुशलबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । भन्ते ! जब आर्यश्रावक एकान्तमय प्रीति सुख प्राप्त गर्छ तब यी पाँच विषयहरू रहँदैन ।

"साधु, साधु सारिपुत्त ! जब सारिपुत्त ! आर्यश्रावकले एकान्तमय प्रीति सुखका लाभी हुन्छ तब पाँच विषय रहँदैन । जुन कामभोगबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन कामभोगबाट उत्पन्न हुने सुख सौमनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन अकुशलबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन अकुशलबाट उत्पन्न हुने सुख सौमनस्य हो त्यो पनि त्यसबेला रहँदैन । जुन कुशलबाट उत्पन्न हुने दुःख दौर्मनस्य हो त्यो पनि त्यसबेला रहँदैन । सारिपुत्त ! जब आर्यश्रावक एकान्तमय प्रीति सुख लाभी हुन्छ तब यी पाँच विषयहरू रहँदैन ।"

## ७. वणिज्जासुत्तं

१७७. "भिक्षुहो ! यी पाँच प्रकारका व्यापार गर्नु उपासकको निम्ति अनुचित हुन् । ती पाँच के के हुन् ? शस्त्रको व्यापार, सत्व-जीवको व्यापार, मासुको व्यापार, मद्यको व्यापार अनि विषको व्यापार । भिक्षुहो ! यी पाँच प्रकारका व्यापार गर्नु उपासकको निम्ति अनुचित हुन् ।"

## ८. राजासुत्तं

१७८. "भिक्षुहो ! जो व्यक्तिले प्राणी हिंसा गर्दैन, प्राणी हिंसाबाट विरत रहन्छ भने प्राणी हिंसाबाट विरतरहेकोले उसालई राजाले समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएको तिमीहरूले देखेका वा सुनेका छौ ? "छैन भन्ते !" साधु भिक्षुहो ! जो व्यक्तिले प्राणी हिंसा गर्दैन, प्राणी हिंसाबाट विरतरहन्छ भने प्राणी हिंसाबाट विरतरहेकोले उसालाई राजाले समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएका मैले पनि देखेको वा सुनेको छैन । तर जसले जुन पाप कर्म गर्छ त्यही घोषणा गर्छ– यो व्यक्तिले स्त्री वा पुरुषको हत्या गऱ्यो । हिंसा गरेकोले उसलाई राजाले समात्न लगाई हिर्काउने वा बाँध्ने वा देश निकाला गरिने वा अन्य कुनै दण्ड दिनेछ । के तिमीहरूले यस्तो देखेको वा सुनेका छौ ? "भन्ते ! हामीले देखेका छौं, सुनेका छौं अनि सुनिने पनि छ ।"

"भिक्षुहो ! जो व्यक्तिले चोरी कार्य गर्दैन, चोरी कार्यबाट विरतरहन्छ भने चोरी कार्यबाट विरतरहँदा उसालाई राजाले समात्नलगाई हिर्काएको, बाँ-



Downloaded from http://dhamma.digital

धेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएको तिमीहरूले देखेका वा सुनेका छौ ? "छैन भन्ते !" साधु भिक्षुहो ! जो व्यक्तिले चोरी कार्यगर्दैन, चोरी कार्यबाट विरतरहन्छ भने चोरी कार्यबाट विरतरहँदा उसालाई राजाले समात्नलगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएका मैले पनि देखेको वा सुनेको छैन । तर जसले जुन पाप कर्म गर्छ त्यही घोषणा गर्छ– यो व्यक्तिले गाउँ वा जङ्गलबाट चोरेर लियो । चोरेकोले उसलाई राजाले समात्न लगाई हिर्काउने, वा बाँध्ने, वा देश निकाला गरिने वा अन्य कुनै दण्ड दिनेछ । के तिमीहरूले यस्तो देखेको वा सुनेका छौ ? "भन्ते ! हामीले देखेका छौं, सुनेका छौं अनि सुनिने पनि छ ।"

"भिक्षुहो ! जो व्यक्तिले व्यभिचार गर्दैन, व्यभिचारबाट विरतरहन्छ भने व्यभिचारबाट विरतरहँदा उसालाई राजाले समात्नलगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएको तिमीहरूले देखेका वा सुनेका छौ ? "छैन भन्ते !" साधु भिक्षुहो ! जो व्यक्तिले व्यभिचार गर्दैन, व्यभीचारबाट विरतरहन्छ भने व्यभिचारबाट विरतरहँदा उसालाई राजाले समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएका मैले पनि देखेको वा सुनेको छैन । तर जसले जुन पाप कर्म गर्छ त्यही घोषणा गर्छ– यो व्यक्तिले परस्त्रीसँग वा परपुरुषसँग व्यभिचार गऱ्यो । व्यभिचार गरेकोले उसलाई राजाद्वारा समात्नलगाई हिर्काउने वा बाँध्ने, वा देश निकाला गरिने वा अन्य कुनै दण्ड दिनेछ । के तिमीहरूले यस्तो देखेको वा सुनेका छौ ? "भन्ते ! हामीले देखेका छौं, सुनेका छौं अनि सुनिने पनि छ ।"

"भिक्षुहो ! जो व्यक्तिले झूटो बोल्दैन, झूटो बोल्नबाट विरत रहन्छ भने झूटो बोल्नबाट विरत रहँदा उसालाई राजाद्वारा समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएको तिमीहरूले देखेका वा सुनेका छौ ? "छैन भन्ते !" साधु भिक्षुहो ! जो व्यक्तिले व्यभिचार गर्दैन, झूटो बोल्नबाट विरतरहन्छ भने झूटो बोल्नबाट विरतरहँदा उसलाई राजाले समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएका मैले पनि देखेको वा सुनेको छैन । तर जसले जुन पाप कर्म गर्छ त्यही घोषणा गर्छ– यो व्यक्तिले गृहपति वा गृहपति पुत्रसँग झूटो बोलेर आफ्नो मतलब सिद्ध गऱ्यो । झूटो बालेकोले उसलाई राजाद्वारा समात्न लगाई हिर्काउने वा बाँध्ने, वा देश निकाला गरिने वा अन्य कुनै दण्ड दिनेछ । के तिमीहरूले यस्तो देखेको वा सुनेका छौ ? "भन्ते ! हामीले देखेका छौं, सुनेका छौं अनि सुनिने पनि छ ।"



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सी पिउँदैन, जाँड-रक्सी पिउनबाट विरतरहन्छ भने जाँड-रक्सी पिउनबाट विरतरहँदा उसालाई राजाले समात्नलगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएको तिमीहरूले देखेका वा सुनेका छौ ? "छैन भन्ते !" साधु भिक्षुहो ! जो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सी पिउँदैन, जाँड-रक्सी पिउनबाट विरतरहन्छ भने जाँड-रक्सी पिउनबाट विरतरहँदा उसलाई राजाले समात्न लगाई हिर्काएको, बाँधेको, देश निकाला गरेको वा अन्य कुनै दण्डद्वारा दण्डित भएका मैले पनि देखेको वा सुनेको छैन । तर जसले जुन पाप कर्म गर्छ त्यही घोषणा गर्छ– यो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सीको सेवन गरी नशामा स्त्री वा पुरषको हत्या गऱ्यो । यो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सीको सेवन गरी नशामा गाउँ वा जङ्गलबाट चोरी कार्य गऱ्यो । यो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सीको सेवन गरी नशामा परस्त्री वा परकुमारीसँग सहवास गऱ्यो । यो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सीको सेवन गरी नशामा गृहपति वा गृहपति पुत्रसँग झूटो बोलेर आफ्नो मतलब सिद्ध गऱ्यो । यो व्यक्तिले बेहोश पार्ने जाँड-रक्सीको सेवन गरेकोले उसलाई राजाद्वारा समात्न लगाई हिर्काउने वा बाँध्ने, वा देश निकाला गरिने वा अन्य कुनै दण्ड दिनेछ । के तिमीहरूले यस्तो देखेको वा सुनेका छौ ? "भन्ते ! हामीले देखेका छौं, सुनेका छौं अनि सुनिने पनि छ ।"

## ९. गिहिसुत्तं

१७९. त्यस समय अनाथपिण्डिक गृहपति पाँचसय उपासकहरूसँगै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । गएर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । त्यसबेला भगवानले आयुष्मान सारिपुत्तलाई सम्बोधन गर्नुभयो– "सारिपुत्त ! श्वेत वस्त्रधारी गृहस्था जो यस्तो हुन्छन्– पाँच शिक्षापदमा संयमित, चार प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यानलाई अनायासै लाभ गर्छ, विना प्रयासै लाभ गर्छ र विना कष्टै लाभ गर्छ भने उसले चाहेमा आफैले आफ्नो बारेमा यसो भन्नसक्छ– म नरकमा जन्मिनु पर्ने सम्भावना छैन, म पशु योनिमा जन्मिनु पर्ने सम्भावना छैन, म प्रेत योनिमा जन्मिनु पर्ने सम्भावना छैन, म दुर्गति वा अपायमा पतन हुनुपर्ने सम्भावना छैन, म श्रोतापन्न भएँ, म पतनोन्मुख हुनेछैन अनि मैले निश्चय नै सम्बोधि लाभ गर्नेछु ।

"कुन पाँच शिक्षापदमा संयमित हुन्छ ? सारिपुत्त ! यहाँ आर्यश्रावक प्राणी हिंसाबाट विरत हुन्छ, चोरी कार्यबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ अनि बेहोश पार्ने जाँड-रक्सीको सेवनबाट विरत हुन्छ । यी पाँच शिक्षापदमा संयमित हुन्छ ।



Downloaded from http://dhamma.digital

ती चार प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यानलाई अनायासै लाभ हुने, विना प्रयासै लाभ हुने र विना कष्टै लाभ हुने के के हुन् ? सारिपुत्त ! यहाँ आर्यश्रावक बुद्धप्रति अविचल श्रद्धायुक्त हुन्छ– 'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अतिउत्तमरूपले पुरुषलाई दमन गर्ने सारथि, देव र मनुष्यका गुरु, बुद्ध अनि भगवान हुनुहुन्छ । यो पहिलो प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यान लाभी हुन्छ । अशुद्ध चित्त शुद्ध हुन्छ वा मैलो चित्त स्वच्छ हुन्छ ।

"सारिपुत्त ! अनि फेरि आर्यश्रावक धर्मप्रति अविचल श्रद्धायुक्त हुन्छ– भगवानबाट उपदेशित धर्म राम्रो छ, प्रत्यक्षानुभूति हुने, समय बन्धन नरहेको, आएर हेर भन्न मिल्ने, निर्वाणाभिमुखी अनि प्रत्येक विज्ञजनले बुझ्न सक्ने धर्म हो । यो दोस्रो प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यान लाभी हुन्छ । अशुद्ध चित्त शुद्ध हुन्छ वा मैलो चित्त स्वच्छ हुन्छ ।

"सारिपुत्त ! अनि फेरि आर्यश्रावक संघप्रति अविचल श्रद्धायुक्त हुन्छ– भगवानको श्रावकसंघ सुमार्गगामि, भगवानको श्रावकसंघ ऋजुमार्गगामी, भगवानको श्रावकसंघ न्यायमार्गगामी, भगवानको श्रावकसंघ उन्नतमार्गगामी हुन् जुन चार युगल पुरुष वा आठ पुरुष व्यक्तिहरू भगवानका श्रावकसंघ हुन् । वहाँहरू आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दक्षिणा दिन योग्य, बिन्ति गर्न योग्य र लोकका निम्ति अतिउत्तम पुण्य क्षत्र हुन् । यो तेस्रो प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यान लाभी हुन्छ । अशुद्ध चित्त शुद्ध हुन्छ वा मैलो चित्त स्वच्छ हुन्छ ।

"सारिपुत्त ! अनि फेरि आर्यश्रावक श्रेष्ठ आर्यशीलयुक्त हुन्छ । अखण्डित, छिद्ररहित, मैलरहित, दागरहित, स्वतन्त्र, विज्ञजनद्वारा प्रशंसित, नछुटेको अनि समाधि लाभ गर्न सहायक हुन्छ । यो चौठो प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यान लाभी हुन्छ । अशुद्ध चित्त शुद्ध हुन्छ वा मैलो चित्त स्वच्छ हुन्छ ।

"सारिपुत्त ! जो कोही श्वेत वस्त्रधारी गृहस्थ यी चार प्रकारका शिक्षापदमा संयमित अनि चार प्रत्यक्ष सुखानुभूति हुने चैतसिक ध्यानलाई अनायासै लाभ गर्छ, विना प्रयासै लाभ गर्छ र विना कष्टै लाभ गर्छ भने उसले चाहेमा आफैले आफ्नो बारेमा यसो भन्नसक्छ– म नरकमा जन्मिनु पर्ने सम्भावना छैन, म पशु योनिमा जन्मिनु पर्ने सम्भावना छैन, म प्रेत योनिमा जन्मिनु पर्ने सम्भावना छैन, म दुर्गति वा अपायमा पतन हुनुपर्ने सम्भावना छैन, म श्रोतापन्न भएँ, म पतनोन्मुख हुने छैन अनि मैले निश्चय नै सम्बोधि लाभ गर्नेछु ।"



Downloaded from http://dhamma.digital

"निरयेसु भयं दिस्वा, पापानि परिवज्जये ।
अरियधम्मं समादाय, पण्डितो परिवज्जये ॥
"न हिंसे पाणभूतानि, विज्जमाने परक्कमे ।
मुसा च न भणे जानं, अदिन्नं न परामसे ॥
सेहि दारेहि सन्तुट्ठो, परदारञ्च आरमे ।
मेरयं वारुणिं जन्तु, न पिवे चित्तमोहनिं ॥
"अनुस्सरेय्य सम्बुद्धं, धम्मञ्चानुवितक्कये ।
अब्यापज्जं हितं चित्तं, देवलोकाय भावये ॥
"उपट्ठिते देय्ये धम्मे, पुञ्ञत्थस्स जिगीसतो ।
सन्तेसु पठमं दिन्ना, विपुला होति दक्खिणा ॥
"सन्तो हवे पवक्खामि, सारिपुत्त सुणोहिमे ।
इति कण्हासु सेतासु, रोहिणीसु हरीसु वा ॥
"कम्मासासु सरूपासु, गोसु पारेवातासुवा ।
यासु कासुचि एतासु, दन्तो जायति पुङ्गवो ॥
"धोरय्हो बलसम्पन्नो, कल्याणजवनिक्कमो ।
तमेव भारे युञ्जन्ति, नास्स वण्णं परिक्खरे ॥
"एवमेवं मनुस्सेसु, यस्मिं किस्मिञ्चि जातिये ।
खत्तिये, ब्राह्मणे, वेस्से, सुद्दे चण्डालपुक्कुसे ॥
"यासु कासुचि एतासु, दन्तो जायति सुब्बतो ।
धम्मट्ठो सीलसम्पन्नो, सच्चवादी हिरीमनो ॥
"पहिनजातिमरणो, ब्रह्मचरियस्स केवली ।
पन्नभारो विसंयुत्तो, कतकिच्चो अनासवो ॥
"पारगू सब्बधम्मानं, अनुपादाय निब्बुतो ।
तस्मिञ्च विरजे खेत्ते, विपुला होति दक्खिणा ॥
"बाला च अविजानन्ता, दुम्मेधा अस्सुताविनो ।
बहिद्धा ददन्ति दानानि, न हि सन्ते उपासरे ॥
"ये च सन्ते उपासन्ति, सप्पञ्ञे धीरसम्मते ।
सद्धा च नेसं सुगते, मूलजाता पतिट्ठिता ॥
"देवलोकञ्च ते यन्ति, कुले वा इध जायरे ।
अनुपुब्बेन निब्बाणं, अधिगच्छन्ति पण्डिता"ति ॥

"नरकको भयदर्शी भई पापहरू परित्याग गर्नु । आर्यधर्म पालन गरी पण्डितले (पाप) परित्याग गर्नु ।

"पराक्रमी हुनु, जीवहिंसा नगर्नु, जानिबुझि झूटो नबोल्नु, अरूको नचोर्नु ।



Downloaded from http://dhamma.digital

"आफ्नी स्त्रीमा सन्तुष्ट हुनु, अरूकी स्त्री वा कुमारीसँग नरम्नु अनि चित्त बेहोश पार्ने जाँड-रक्सी नपिउनु ।

"सम्बुद्धको गुणानुस्मरण गर्नु, धर्मको पनि चिन्तन गर्नु, चित्तबाट क्रोध हटाई देवलोकको निम्ति अभ्यास गर्नु ।

"दानीय वस्तु छँदा पुण्यको चाहना हुनेले सन्तलाई पहिला दान दिँदा दानको फल महान हुन्छ ।

"सारिपुत्त ! यसलाई सुन, सन्तको बारेमा भन्छु– चाहे, रातो, कालो, सेतो वा पहेंलो होस् ।

"छिरबिरे, समानरूपका वा खैरो रंगको वृषभ होस् यी मध्येमा जो शान्त-दान्त वृषभको जन्म हुन्छ ।

"भार वहन गर्नमा बलवान, उत्तम खालको काम लगाउन सक्छ भने उसलाई भारी तान्न लगाउँछ, उसको रंगमा परिक्षण गर्दैन ।

"तदनुरुप मनुष्यहरूमा पनि जुनसुकै जातिको किन नहोस् चाहे क्षेत्री, ब्राह्मण, वैश्य, शुद्र, चाण्डाल र प्रकुस जातिका ।"

"यी मध्येमा जुनसुकै जातिमा जो सुब्रत छन्, शान्त-दान्त छन्, धर्मी छन्, शीलवान छन् र लज्जालु छन् ।

"जन्म मरणबाट छुटकारा पाएका, पूर्णरूपले ब्रह्मचारी, व्यभिचारबाट मुक्त, कृतकृत्य र अनाश्रवी ।

"सम्पूर्ण धर्ममा पारङ्गत, उपादानरहित, निर्वाण लाभी, यस्ता रजरहित क्षेत्रमा दिएको दान महाफलदायी हुन्छ ।

"मूर्ख, अज्ञानी, दुर्बुद्धि, अश्रुतवान बाहिरकालाई दान दिने गर्छ । सन्त-को उपासना गर्दैन ।

"जसले सन्तजन, प्रज्ञावान, धीरजनको उपासना गर्छ, उसको श्रद्धा सुगतप्रति मूलजरो गढिएर प्रतिष्ठित हुन्छ ।

"यस्ता व्यक्ति देवलोकमा जन्मिनेछन् वा यो लोकमा जन्मिनेछन् अनि क्रमानुसार पण्डित निर्वाण लाभी हुन्छ ।"

## १०. गवेसीसुत्तं

१८०. एक समय भगवान महाभिक्षुसंघसहित कोशल राज्यमा चारिका गरिरहनु भएको थियो । त्यसबेला एक प्रदेशमा भगवानले ठूलो शालवन देख्नुभयो । देख्नु भएपछि आफू हिँडिरहनु भएको बाटो छोडेर जहाँ शालवन थियो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भएपछि त्यस ठाउँमा मुस्कुराउनु भयो ।

त्यसबेला आयुष्मान आनन्दलाई यस्तो लाग्यो– "किन र के कारण भगवान मुसुक्क हाँस्नु भएको होला ? विना कारण भगवान मुस्कुराउनु



Downloaded from http://dhamma.digital

हुन्न ।" अनि त आयुष्मान आनन्दले भगवानसँग सोध्नुभयो– "भन्ते ! किन र कुन कारणले गर्दा भगवान मुस्कुराउनु भएको ? विना कारण त तथागत मुस्कुराउनु हुन्न ।"

"आनन्द ! परापूर्व कालमा यो ठाउँमा स्मृद्धयुक्त, ऐश्वर्ययुक्त र जनाकिर्ण एउटा नगर थियो । त्यही नगरको आश्रयमा कस्सप भगवान अर्हत, सम्यक-सम्बुद्ध बस्नुहुन्थ्यो । आनन्द ! कस्सप सम्यकसम्बुद्धको गवेसी नाउँको अपरि-पूर्ण शीलका उपासक थियो । आनन्द ! गवेसी उपासकबाट शिक्षापद ग्रहण गराएका अरू पाँचसय उपासकहरू शीलमा अपरिपूर्णकारी थिए । अनि त आनन्द ! एकदिन गवेसी उपासकको मनमा यस्तो भयो– 'म यी पाँचसय उपासकहरूका धेरै उपकारक र पूर्वगामी हुँ । शील ग्रहण गर्न लगाउने हुँ । म भने शीलमा अपरिपूर्णकारी हुँ । यी पाँचसय उपासकहरू पनि शीलमा अपरिपूपूर्णकारी हुन् । म यिनीहरू समान हुँ वा ममा केही विशेषता नै छैन, किन मैले यिनीहरू भन्दा केही विशेषता हासिल नगरूँ !'

"आनन्द ! अनि त गवेसी उपासक जहाँ ती पाँचसय उपासकहरू थिए त्यहाँ गए । त्यहाँ पुगेर ती पाँचसय उपासकहरूलाई भने– 'आयुष्मानहो ! अबदेखि म शीलमा परिपूर्ण भएको भनी तिमीहरूले ठान्नु । आनन्द ! अनि त ती पाँचसय उपासकहरूलाई यस्तो लाग्यो– 'हाम्रा आर्य गवेसी हाम्रो निम्ति बहुपकारक, पूर्वगामी र शील ग्रगहण गराउने हुन् ।' 'आर्य गवेसीले नै शीलपरिपूर्ण गर्छ भने हामीले मात्र किन नगर्ने ?' आनन्द ! अनि त ती पाँचसय उपासकहरू जहाँ गवेसी उपासक थियो त्यहाँ गए । त्यहाँ पुगेर गवेसी उपासकलाई यसो भन्यो– 'आर्य गवेसी ! आजदेखि यी पाँचसय उपा-सकहरूले पनि शीलमा परिपूर्ण भएको ठान्नु ।' अनि त गवेसी उपासकको मनमा यस्तो भयो– 'म नै यी पाँचसय उपासकहरूका बहुपकारक पूर्वगामी र शील ग्रहण गराउने हुँ । यी पाँचसय उपासकहरू पनि शीलमा परिपूर्ण भए ।' म यिनीहरू समान भएँ वा ममा केही विशेषता नै रहेन, किन मैले यिनीहरू भन्दा केही अर्को विशेषता हासिल नगरूँ !'

"आनन्द ! अनि त गवेसी उपासक जहाँ ती पाँचसय उपासकहरू थिए त्यहाँ गयो । त्यहाँ पुगेर ती पाँचसय उपासकहरूलाई यसो भन्यो– 'आयुष्मा-नहो ! आजदेखि म ब्रह्मचारी भएको ठान्नु, ग्राम्य मैथुन धर्मबाट सदाकै लागि विरतरहँछु ।' आनन्द ! अनि त ती पाँचसय उपासकहरूलाई यस्तो लाग्यो– 'हाम्रा आर्य गवेसी हाम्रा लागि बहुपकारक, पूर्वगामी र शील ग्रहण गराउने हुन् ।' आर्या गवेसी नै ब्रह्मचारी हुन्छन्, ग्राम्य मैथुन धर्मबाट विरत हुन्छन् भने हामीले मात्र किन त्यसो नगर्ने !' आनन्द ! अनि त ती पाँचसय



Downloaded from http://dhamma.digital

उपासकहरू जहाँ गवेसी उपासक थियो त्यहाँ गए । त्यहाँ पुगेर गवेसी उपासकलाई यसो भन्यो– 'आर्य गवेसी ! आजदेखि यी पाँचसय उपासकहरूले पनि ब्रह्मचर्य पालन गर्नेछन् भनी ठान्नु, ग्राम्य मैथुन धर्मबाट सदैव नै विरत रहनेछन् ।" अनि त गवेसी उपासकको मनमा यस्तो भयो– म नै यी पाँचसय उपासकहरूका बहुपकारक पूर्वगामी र शील ग्रहण गराउने हुँ । म शीलमा परिपूर्णकारी भएँ । यिनीहरू पनि शीलमा परिपूर्णकारी भए । म ब्रह्मचारी हुँदा, ग्राम्य मैथुन धर्मबाट विरत हुँदा यिनीहरू पनि ब्रह्मचारी तथा ग्राम्य मैथुन धर्मबाट विरत भए । म यिनीहरू समान भएँ वा ममा केही विशेषता नै रहेन, किन मैले यिनीहरू भन्दा केही अर्को विशेषता हासिल नगरुँ !'

"आनन्द ! अनि त गवेसी उपासक जहाँ ती पाँचसय उपासकहरू थिए त्यहाँ गयो । त्यहाँ पुगेर ती पाँचसय उपासकहरूलाई यसो भन्यो– 'आयुष्मानहो ! आजदेखि म एक छाक खाने भनी ठान्नु, सदा नै रात्री भोजन वा विकाल भोजन गर्नबाट विरत हुन्छु । आनन्द ! अनि त ती पाँचसय उपासकहरूलाई यस्तो लाग्यो– 'हाम्रा आर्य गवेसी हाम्रो निम्ति बहुपकारक, पूर्वगामी र शील ग्रहण गराउने हुन् । आर्य गवेसी नै एक छाक खाने सदा नै रात्री भोजन वा विकाल भोजन गर्दैन भने हामीले मात्र किन त्यसो नगर्ने !' आनन्द ! अनि त ती पाँचसय उपासकहरू जहाँ गवेसी उपासक थियो त्यहाँ गए । त्यहाँ पुगेर गवेसी उपासकलाई यसो भन्यो– 'आर्य गवेसी ! आजदेखि यी उपासकहरूले पनि एक छाक खाने भए भनी ठान्नु, सदा नै रात्री भोजन वा विकाल भोजन गर्नबाट विरत हुनेछन् ।' अनि त गवेसी उपासकको मनमा यस्तो भयो– म नै यी पाँचसय उपासकहरूका बहुपकारक पूर्वगामी र शील ग्रहण गराउने हुँ । म शीलमा परिपूर्णकारी भएँ । यिनीहरू पनि शीलमा परिपूर्णकारी भए । म ब्रह्मचारी हुँदा, ग्राम्य मैथुन धर्मबाट विरत हुँदा यिनीहरू पनि ब्रह्मचारी तथा ग्राम्य मैथुन धर्मबाट विरत भए । म एक छाक खाने भएँ, सदा नै रात्री भोजन वा विकाल भोजन गर्नबाट विरत भएँ । यी उपासकहरू पनि एक छाके भए, सदा नै रात्री भोजन वा विकाल भोजन नगर्ने भए । म यिनीहरू समान भएँ वा ममा केही विशेषता नै रहेन, किन मैले यिनीहरू भन्दा केही अर्को विशेषता हासिल नगरुँ !'

"आनन्द ! अनि त गवेसी उपासक जहाँ कस्सप अर्हत, सम्यकसम्बुद्ध, भगवान हुनुहुन्थ्यो त्यहाँ गयो । त्यहाँ पुगेर कस्सप अर्हत, सम्यकसम्बुद्धलाई यसो भन्यो– "भन्ते ! तपाईं भगवानकहाँ म प्रव्रजित हुन पाउँ, उपसम्पदा हुन पाउँ ! आनन्द ! भगवान कस्सप सम्यकसम्बुद्धकहाँ गवेसी उपासकले प्रव्र-जित र उपसम्पदा हुन पाए । आनन्द ! चिरकाल नबित्दै गवेसी उपासक एक्लै एकान्तमा अप्रमादी र प्रयत्नशील भई साधनामा लाग्दा चाँडै नै जुन उद्देश्य



Downloaded from http://dhamma.digital

लिई कुलपुत्रले एकदमै घरवार त्यागेर प्रव्रजित हुने हो त्यो अनुपम ब्रह्मचर्य परायण भई यही जीवनमा स्वयम्ले साक्षात्कार वा प्राप्त गरी विचरण गर्न थाले। उसलाई यो निश्चित भयो कि जन्मको बन्धन क्षीण भयो, ब्रह्मचर्यको अर्थ पूर्ण भयो। जे गर्न पर्ने हो त्यो गरिसकें। अब यहाँ गर्नुपर्ने केही पनि बाँकी छैन भन्ने ज्ञान भयो। आनन्द ! गवेसी भिक्षु एक अर्हत भए।

"आनन्द ! अनि त ती पाँचसय उपासकहरूलाई यस्तो भयो– "हाम्रा आर्य गवेसी हाम्रा लागि बहुपकारक, पूर्वगामी र शील ग्रहण गराउनेहुन्। आर्य गवेसी नै केश-दाह्री खौरेर काषाय वस्त्र धारण गरी घरवार त्यागेर अनागारिक भई प्रव्रजित हुनुभयो। 'हामी मात्र किन नहुने !' आनन्द ! अनि त ती पाँचसय उपासकहरू जहाँ कस्सप अरहत, सम्यकसम्बुद्ध, भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगी कस्सप अरहत, सम्यकसम्बुद्धलाई भन्यो– "भन्ते ! तपाईं भगवानकहाँ हामी प्रव्रजित हुन पाऊँ, उपसम्पदा हुन पाऊँ ! आनन्द ! भगवान कस्सप सम्यकसम्बुद्धकहाँ ती उपासकहरूले प्रव्रजित र उपसम्पदा हुन पाए।

"आनन्द ! अनि त गवेसी भिक्षुलाई यस्तो भयो– म यो अनुपम विमुक्ति सुखको अनायासै लाभी हुँ। कति राम्रो हुन्थ्यो होला यदि यी पाँचसय भिक्षुहरूले पनि यो अनुपम विमुक्ति सुख अनायासै लाभ गर्न सके। आनन्द ! अनि त ती पाँचसय भिक्षुहरू पनि एक्लै-एक्लै एकान्तमारहेर अप्रमादीर र प्रयत्नशील भई साधना गर्दागर्दै चाँडै नै जुन उद्देश्यको निमित्त कुलपुत्रले एकदमै घरवार त्यागेर प्रव्रजित हुने हो त्यो अनुपम ब्रह्मचर्य परायण भई यही जन्ममा स्वयम्ले साक्षात्कार वा प्राप्त गरी विचरण गर्न थाले। उनीहरूलाई यो निश्चित भयो कि जन्मको बन्धन क्षीण भयो, ब्रह्मचर्यको अर्थ पूर्ण भयो। जे गर्नु पर्ने हो त्यो गरी सकें। अब यहाँ गर्नु पर्ने अरू केही पनि बाँकीरहेको छैन भन्ने ज्ञान भयो।

"आनन्द ! यसरी ती पाँचसय भिक्षुहरू सहितका प्रमुख गवेसी उत्तरोत्तर वा प्रणीततर उद्देश्य राखेर अघि बढ्दै अनुपम विमुक्ति सुख प्राप्त गरे। यसैले आनन्द ! यस्तो शिक्षा लिनुपर्छ कि उत्तरोत्तर वा प्रणीततर उद्देश्य राखेर अघि बढ्दै अनुपम विमुक्ति सुख प्राप्त गर्नेछु। आनन्द ! यही शिक्षा लिनुपर्छ।"



Downloaded from http://dhamma.digital

## (१९) ४. अरञ्ञवग्गो

### १. आरञ्ञकसुत्तं

१८१. "भिक्षुहो ! पाँच प्रकारका आरण्यक हुन्छन् । ती पाँच के के हुन् ? (बुद्धि) मन्दता अथवा मूढताका कारणले पनि कोही कोही आरण्यक हुन्छन् । पापेच्छाको कारणले पनि कोही कोही आरण्यक हुन्छन् । उन्मत्त अथवा चित्त विक्षिप्तको कारणले पनि कोही कोही आरण्यक हुन्छन् । बुद्ध अनि बुद्ध-श्रावकहरूबाट पनि आरण्यको प्रशंसा गर्नाले कोही कोही आरण्यक हुन्छन् । अल्पेच्छाको कारण, सन्तुष्टको कारण, श्रेष्ठ जीवन बिताउन इच्छाको कारण, एकान्त जीवन प्रिय हुनाको कारण र यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि कोही कोही आरण्यक हुन्छन् । यी पाँच प्रकारका आरण्यकहरू मध्येमा जो अल्पेच्छताको कारण, सन्तुष्टको कारण, श्रेष्ठ जीवन बिताउन इच्छाको कारण, एकान्त जीवन प्रिय हुनाको कारण, यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले आरण्यक हुन्छ उही नै पाँच प्रकारका आरण्यकहरू मध्येमा अग्र, श्रेष्ठ, प्रमुख, उत्तम तथा अतिउत्तम हुन् ।

"भिक्षुहो ! जस्तो कि गाईबाट दूध निकाल्छ, दुधबाट नै दही बनाउँछ, दहीबाट मक्खन निकाल्छ, मक्खनबाट घ्यू निकाल्छ अनि घ्यू निखारेर शुद्ध घ्यू निकाल्छ । शुद्ध घ्यूलाई नै त्यस मध्येमा श्रेष्ठ भनिन्छ । भिक्षुहो ! तदनुरूप पाँच प्रकारका आरण्यकहरू मध्येमा जो अल्पेच्छता, सन्तुष्टता, श्रेष्ठ जीवन बिताउन, एकान्त जीवन प्रिय हुनाले अनि यति भएमा पुग्छ भनी सन्तुष्ट रहेर आरण्यक हुन्छ उही नै पाँच प्रकारका आरण्यकहरू मध्येमा अग्र, श्रेष्ठ, प्रमुख, उत्तम तथा अति उत्तम हुन् ।"

### २. चीवरसुत्तं

Dhamma.Digital

१८२. "भिक्षुहो ! पाँच प्रकारका पंसुकुलिक (धूलो वा मसानमा फ्याँकेको कपडालाई लिएर चीवर बनाई धारण गर्ने) हुन्छन् । ती पाँच के के हुन् ? (बुद्धि) मन्दता अथवा मूढताका कारणले पनि कोही कोही आरण्यक हुन्छन् ... यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि पंसुकुलिक हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका पंसुकुलिक हुन्छन् ।"

### ३. रुक्खमूलिक

१८३. "भिक्षुहो ! पाँच प्रकारका रुक्खमूलिक (रुख मुनि बस्ने) हुन्छन् ।



Downloaded from http://dhamma.digital

ती पाँच के के हुन् ? (बुद्धि) मन्दता अथवा मूढताका कारणले पनि कोही कोही आरण्यक हुन्छन् ... यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि पंसुकुलिक हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका रुखमूलिक हुन्छन् ।"

## ४. सोसानिकसुत्तं

१८४. "भिक्षुहो ! पाँच प्रकारका सोसानिक (श्मसानमा बस्ने) हुन्छन् । ती पाँच के के हुन् ? (बुद्धि) मन्दता अथवा मूढताका कारणले पनि कोही कोही आरण्यक हुन्छन् ... यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि पंसुकुलिक हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका सोसानिक हुन्छन् ।"

## ५. अब्भोकासिकसुत्तं

१८५. "भिक्षुहो ! पाँच प्रकारका अब्भोकासिक (खुल्ला आकाश मुनि बस्ने) हुन्छन् ... ।"

## ६. नेसज्जिकसुत्तं

१८६. "भिक्षुहो ! पाँच प्रकारका नेसज्जिक (बसि नै रहने) हुन्छन् ... ।"

## ७. यथासन्तिकसुत्तं

१८७. "भिक्षुहो ! पाँच प्रकारका यथासन्तिक (आफूलाई जुन आसन प्राप्त हुन्छ त्यही ग्रहण गर्ने) हुन्छन् ... ।"

## ८. एकासनिकसुत्तं

१८८. "भिक्षुहो ! पाँच प्रकारका यथासन्तिक (एउटै मात्र आसन ग्रहण गर्ने) हुन्छन् ... ।"

## ९. खलुपच्छाभत्तिकसुत्तं

१८९. "भिक्षुहो ! पाँच प्रकारका यथासन्तिक (सामान्य सममय पछि पनि भिक्षा नस्वीकार्ने) हुन्छन् ... ।"

## १०. पत्तपिण्डिकसुत्तं

१९०. भिक्षुहो ! पाँच प्रकारका पत्तपिण्डिक (भिक्षा पात्रमै प्राप्त भोजन गर्ने) हुन्छन् । (बुद्धि) मन्दता अथवा मूढताका कारणले पनि कोही कोही पत्तपिण्डिक हुन्छन्, पापेच्छाको कारणले पनि कोही कोही पत्तपिण्डिक



Downloaded from http://dhamma.digital

हुन्छन्, उन्मत्त अथवा चित्त विक्षिप्तको कारणले पनि कोही कोही पत्तपिण्डिक हुन्छन्, बुद्ध अनि बुद्ध-श्रावकहरूबाट पनि पत्तपिण्डिकको प्रशंसा गर्नाले कोही कोही पत्तपिण्डिक हुन्छन् अनि अल्पेच्छाको कारण, सन्तुष्टको कारण, श्रेष्ठ जीवन बिताउन इच्छाको कारण, एकान्त जीवन प्रिय हुनाको कारण, यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि कोही कोही पत्तपिण्डिक हुन्छन् । यी पाँच प्रकारका आरण्यकहरू मध्येमा जो अल्पेच्छताको कारण, सन्तुष्टको कारण, श्रेष्ठ जीवन बिताउन इच्छाको कारण, एकान्त जीवन प्रियको कारण, यति भएमा पुग्छ भनी सन्तुष्टको कारणले पनि आरण्यक हुन्छ उही नै पाँच प्रकारका आरण्यकहरू मध्येमा अग्र, श्रेष्ठ, प्रमुख, उत्तम तथा अतिउत्तम हुन् ।

"भिक्षुहो ! जस्तो कि गाईबाट दूध निकाल्छ, दुधबाटै दही बनाउँछ, दहीबाट मक्खन निकाल्छ, मक्खनबाट घ्यू निकाल्छ अनि घ्यू निखारेर शुद्ध घ्यू निकाल्छ । शुद्ध घ्यू नै त्यस मध्येमा श्रेष्ठ भनिन्छ । भिक्षुहो ! तदनुरूप पाँच प्रकारका पत्तपिण्डिकहरू मध्येमा जो अल्पेच्छता, सन्तुष्टता, श्रेष्ठमय जीवन, यति भएमा पुग्छ भनी जो पत्तपिण्डिक हुन्छ उही नै पाँच प्रकारका पत्तपिण्डिकहरू मध्येमा अग्र, श्रेष्ठ, प्रमुख, उत्तम तथा अतिउत्तम हुन् ।"

Downloaded from http://dhamma.digital

## (१९) ५. ब्राह्मणवग्गो

### १. सोणसुत्तं

१९१. "भिक्षुहो ! यी पाँच कुराहरू पहिलेका ब्राह्मणहरूमा देखिन्थे । अहिले कुकुरमा देखिन्छ, ब्राह्मणहरूमा देखिंदैन । ती पाँच के के हुन् ? भिक्षुहो ! पहिलेका ब्राह्मणहरू ब्राह्मणीसँग मात्र सहवास गर्थे, अब्राह्मणीसँग सहवास गर्दैनथे । भिक्षुहो ! अहिलेका ब्राह्मणहरू ब्राह्मणीसँग पनि सहवास गर्छन् अनि अब्राह्मणीसँग पनि सहवास गर्छन् । भिक्षुहो ! अहिलेका कुकुरहरूले कुकुर्नीसँग मात्र सहवास गर्छ अरूसँग सहवास गर्दैन । भिक्षुहो ! यो पहिलो पहिलेका ब्राह्मणहरूको धर्म अहिले कुकुरमा देखिन्छ तर ब्राह्मणहरूमा देखिँदैन ।

"भिक्षुहो ! पहिलेका ब्राह्मणहरू ऋतुमति ब्राह्मणीसँग मात्र सहवास गर्थे रजस्वला नभएकीसँग सहवास गर्दैनथे । भिक्षुहो ! अहिलेका ब्राह्मणहरू ऋतुमति ब्राह्मणीसँग पनि ऋतुमति नभएकी ब्राह्मणीसँग पनि सहवास गर्छन् । भिक्षुहो ! अहिलेका कुकुरहरू ऋतुमतिसँग मात्र सहवास गर्छन् ऋतुमति नभएकासँग सहवास गर्दैनन् । भिक्षुहो ! यो दोस्रो पहिलेका ब्राह्मण-हरूको धर्म अहिले कुकुरमा देखिन्छ तर ब्राह्मणहरूमा देखिँदैन ।

"भिक्षुहो ! पहिलेका ब्राह्मणहरूले ब्राह्मणीको क्रय-विक्रय गर्दैनथे । मन परेकी प्रियासँग मात्र सहवास गर्थे, सम्बन्ध राख्थे अनि अंगिकार गर्थे । भिक्षुहो ! अहिलेका ब्राह्मणहरूले ब्राह्मणीको क्रय-विक्रय गर्छन्, प्रियेषीसँग पनि सहवास गर्छन्, सम्बन्ध राख्छन् अनि अंगिकार गर्छन् । भिक्षुहो ! अहिलेका कुकुरहरूमा कुकुर्नीलाई न त किन्छ अनि न त विक्रि नै गर्छ । प्रियेषीसँग सहवास, सम्बन्ध र अंगिकार गर्छ । भिक्षुहो ! यो तेस्रो पहिलेका ब्राह्मणहरूको धर्म अहिले कुकुरमा देखिन्छ तर ब्राह्मणहरूमा देखिँदैन ।

"भिक्षुहो ! पहिलेका ब्राह्मणहरूले धनलाई पनि, धान्यलाई पनि, चाँदीलाई पनि, सुनलाई पनि, रूपैयाँ-पैसालाई पनि संचय गर्दैनथे । भिक्षुहो ! अहिलेका ब्राह्मणहरूले धनलाई पनि, धान्यलाई पनि, चाँदीलाई पनि, सुनलाई पनि, रूपैयाँ-पैसालाई पनि संचय गर्छन् । भिक्षुहो ! अहिलेका कुकुरहरूले धनलाई पनि, धान्यलाई पनि, चाँदीलाई पनि, सुनलाई पनि, रूपैयाँ-पैसा संचय गर्दैनन् । भिक्षुहो ! यो चौथो पहिलेका ब्राह्मणहरूको धर्म अहिले कुकुरमा देखिन्छ तर ब्राह्मणहरूमा देखिँदैन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! पहिलेका ब्राह्मणहरू सन्ध्याकालको निम्ति सन्ध्याकालमा, प्रातकालको निम्ति प्रातकालमा भिक्षाटन गर्थे । भिक्षुहो ! अहिलेका ब्राह्मणहरू भरपेट खाएर बाँकीरहेको लिएर जान्छन् । भिक्षुहो ! अहिलेका कुकुरहरूले सन्ध्याकालको निम्ति सन्ध्याकालमा अनि प्रातकालको निम्ति प्रातकालमा खानाको खोजिमा लाग्छन् । भिक्षुहो ! यो पाँचौ पहिलेका ब्राह्मणहरूको धर्म अहिले कुकुरमा देखिन्छ तर ब्राह्मणहरूमा देखिँदैन ।"

## २. दोणब्राह्मण

१९२. त्यस समय दोण ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्ता पछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि दोण ब्राह्मणले भगवानलाई यसो भने–

"भो गोतम ! यस्तो मैले सुनेको छु– श्रमण गोतमले जीर्ण, वृद्ध, वैंश पुगेका, उमेर ढलेका वा धेरै वर्ष पुगेका ब्राह्मणलाई अभिवादन गर्दैनन्, प्रत्युपस्थान गर्दैनन् अनि आसनमा बस्नको निम्ति निमन्त्रणा गर्दैनन् । त के भो गोतम ! तपाईं त्यस्तै हुनुहुन्छ ? गोतम ! जीर्ण वृद्ध, वैंश पुगेका, उमेर ढलेका, धेरै वर्ष पुगेका ब्राह्मणलाई अभिवादन नगर्नु, प्रत्युपस्थापन नगर्नु र आसनमा बस्नको निम्ति निमन्त्रण नगर्नु त राम्रो होइन, अनि तपाईं गोतमले यसो गर्नु योग्य होइन ।" "दोण ! तिमी स्वयम्ले आफूलाई ब्राह्मण भनी भन्छौ ?" " भो गोतम ! यदि कोही कसैले ठीकसँग भन्नेले कसैको बारेमा भन्छ,– यो ब्राह्मण हो, यो आमाबुबा दुवैतिरबाट सुजात हो, यसको सात पुस्तासम्मको वंश परम्परामा शुद्धता छ, यो जातिवादको दृष्टिबाट निर्दोष छ । अध्यापक, मन्त्रधर, तीनवटै वेदमा पारंगत, नि[illegible] [illegible] प्रभेद, पाँचै इतिहाससम्पन्न, पद-पाठ गर्ने, [illegible]करण जानेका अनि लोकायत महापुरुष लक्षणलाई पूरा जानकारी भएको भनी भन्ने हो भने त्यो मेरै बारेमा ठीकसँग भनेको हुन्छ । गोतम ! म आमाबुबा दुवैतिरबाट सुजात हुँ, सात पुस्तसम्मको वंश परम्परामा शुद्ध छु, जातिवादको दृष्टिमा निर्दोष छु । म अध्यापक, मन्त्रधर, तीनवटै वेदमा पारंगत, निघण्डु, केटुभ, अक्षर प्रभेद, पाँचै इतिहाससम्पन्न, पद-पाठ गर्ने, व्याकरण जानेका अनि लोकायत महापुरुष लक्षणमा निपुण छु । म नै यो रूपको ब्राह्मण हुँ ।"

"दोण ! जो ती पूर्वज ऋषिगण थिए, जो कि मन्त्रको रचनाकार र प्रवर्तक थिए, जुन संग्रहित हो त्यसलाई अनुगायन गर्छन्, अनुभाषण गर्छन्, वाचन गरिराखेकोलाई वाचन गर्छन् जस्तो कि– अट्ठक, वामक, वामदेव, वेस्सारमित्र, यमदग्गि, अङ्गिरस, भारद्वाज, वासेट्ठ, कस्सप र भगु । तिनीहरूबाट



Downloaded from http://dhamma.digital

पाँच प्रकारका ब्राह्मणको वर्णन गरेका छन् । ब्रह्मसमान, देवसमान, मर्यादित, अमर्यादित र चण्डाल ब्राह्मण । दोण ! यी मध्येमा तिमी कुन प्रकारको ब्राह्मण हौ ?

"भो गोतम ! मैले यी पाँच प्रकारका ब्राह्मण विषय जानेको छैन । अतः मैले केवल ब्राह्मण भन्ने मात्र जानेको छु । राम्रो हुनेछ भो गोतम ! त्यस्तो धर्मदेशना गर्नुहोस् जसमा कि मैले यी पाँच प्रकारका ब्राह्मणहरू विषय थाहा पाउन सकूँ । "ब्राह्मण ! त्यसो भए राम्रोसँग सुन, राम्रोसँग मनमा धारण गर भन्नेछु ।"

भगवानले भन्नुभयो– "दोण ! ब्राह्मण कसरी 'ब्रह्मासमान' हुन्छ ? ब्राह्मण ! यहाँ ब्राह्मण आमाबुबा दुवैतिरबाट सुजात हुन्छ । शुद्धरूपले ग्रहण गरेको हुन्छ । सात पुस्तासम्म बाजे-बराजुहरू पनि जातिवादको दृष्टिमा अबहिष्कृत तथा अकलंकित हुन्छन् । ऊ अठ्चालीस वर्षसम्म कुमार भई ब्रह्मचर्य व्रत पालन गर्दै मन्त्र अध्ययनपछि आचार्यको निम्ति आचार्यधन (गुरु दक्षिणा) दिनलाई धर्मपूर्वक खोजि गर्छ । अधर्मपूर्वक होइन ।

"दोण ! त्यो धर्मपूर्वक भनेको के हो ? न कृषिकार्य गरी, न व्यापार गरी, न गौपालन गरी, न धनुर्विद्याद्वारा, न राज कर्मचारी भई अनि न त अन्य कुनै शिल्पद्वारा नै धनार्जन गर्छ । कपाललाई (भिक्षापात्र) घृणा नगरि केवल भिक्षाचार गर्छ । उसले आचार्यलाई गुरु दक्षिणा दिई केश-दाह्री खौरी काषायवस्त्र धारी भई घरवार त्यागी प्रव्रजित हुन्छ । ऊ प्रव्रजित भएपछि एक दिशा, दोस्रो दिशा, तेस्रोदिशा र चौथो दिशामा मैत्रीयुक्त चित्तद्वारा व्याप्त गरी विचरण गर्छ । उसले माथि, तल र तीर्यक समस्त दिशामा, समस्त लोकमा मैत्रीयुक्त चित्तद्वारा व्याप्त गरी, विपुल भई, महान भई, अप्रमाण भई, वैररहित तथा क्रोधरहित भई विचरण गर्छ । करुणा... । मुदित ... र उपेक्षायुक्त चित्तद्वारा एक दिशा, दोस्रो दिशा, तेस्रोदिशा र चौथो दिशामा मैत्रीयुक्त चित्तद्वारा व्याप्त गरी विचरण गर्छ । उसले माथि, तल र तीर्यक समस्त दिशामा, समस्त लोकमा उपेक्षायुक्त चित्तद्वारा व्याप्त गरी विपुल भई, महान भई, अप्रमाण भई, वैररहित तथा क्रोधरहित भई विचरण गर्छ । उसले यी चार ब्रह्मविहारलाई अभ्यास गर्दागर्दै शरीर भेद भई मृत्युपछि सुगति ब्रह्मलोकमा उत्पन्न हुन्छ । दोण ! यस्तो ब्राह्मण ब्रह्मसमान हुन्छ ।

"दोण ! ब्राह्मण कसरी 'देवसमान' हुन्छ ? ब्राह्मण ! यहाँ ब्राह्मण आमाबुबा दुवैतिरबाट सुजात हुन्छ । शुद्धरूपले ग्रहण गरेको हुन्छ । सात पुस्तासम्म बाजे-बराजुहरू पनि जातिवादको दृष्टिमा अबहिष्कृत तथा



Downloaded from http://dhamma.digital

अकलंकित हुन्छन् । ऊ अठ्चालीस वर्षसम्म कुमार भई ब्रह्मचर्य व्रत पालन गर्दै मन्त्र अध्ययनपछि आचार्यको निम्ति आचार्यधन (गुरु दक्षिणा) दिनलाई धर्मपूर्वक खोजि गर्छ । अधर्मपूर्वक होइन । दोण ! त्यो धर्मपूर्वक भनेको के हो ? न कृषिकार्य गरी, न व्यापार गरी, न गौपालन गरी, न धनुर्विद्याद्वारा, न राज कर्मचारी भई अनि न त अन्य कुनै शिल्पद्वारा नै धनार्जन गर्छ । कपाललाई (भिक्षापात्र) घृणा नगरि केवल भिक्षाचार गर्छ । उसले आचार्यलाई गुरु दक्षिणा दिई धर्मानुसार स्त्रीको खोजि गर्छ । अधर्मपूर्वक होइन ।

"दोण ! यहाँ धर्मपूर्वक भनेको के हो ? क्रय-विक्रय नगरी उसकी हुने ब्राह्मणीलाई दिंदा जल तर्पन गरी दिने (विवाह गरी दिने) छन् । ऊ ब्राह्मणीसँग मात्र सहवास गर्छ । क्षेत्रीसँग सहवास गर्दैन, वैश्यसँग सहवास गर्दैन, शुद्र स्त्रीसँग सहवास गर्दैन, चण्डाल स्त्रीसँग सहवास गर्दैन, निषाद स्त्री-सँग सहवास गर्दैन, बाँसकर्मी स्त्रीसँग सहवास गर्दैन, पुक्कुस स्त्रीसँग सहवास गर्दैन, गर्भिनीसँग सहवास गर्दैन । दूध पिलाउँदै गरेकी स्त्रीसँग सहवास गर्दैन अनि रजस्वला नभएकीसँग सहवास गर्दैन । दोण ! ब्राह्मण किन गर्भिनीसँग सहवास गर्दैन ? दोण ! यदि ब्राह्मणले गर्भिनीसँग सहवास गरेमा जन्मिने माणवक वा माणविका धेरै नै फोहरबाट जन्मेको भन्ने हुन्छ । त्यसैले द्रोण ! त्यो ब्राह्मण गर्भिनीकहाँ जाँदैन । दोण ! ब्राह्मण किन दूध पिलाउँदै गरेकी स्त्रीकहाँ जाँदैन ? दोण ! यदि ब्राह्मण दूध पिलाउँदै गरेकी स्त्रीकहाँ गयो भने माणवक वा माणविकाको अशुचि लागेर पीडित भएकोलाई सिहार्न गएको भन्ने हुन्छ । त्यसैले दोण ! ब्राह्मण दूध पिलाउँदै गरेकी स्त्रीकहाँ जाँदैन । दोण ! ब्राह्मण किन रजस्वला नभएकी स्त्रीकहाँ जाँदैन ? यदि दोण ! ब्राह्मण रजस्वला नभकी स्त्रीकहाँ जाँदा ब्राह्मणी न उसको निम्ति कामेच्छा तृप्तिको लागि हुन्छ, न क्रीयाको निम्ति हुन्छ अनि न रतिको निम्ति हुन्छ । त्यो ब्राह्मणका निम्ति केवल बच्चा जन्माउनको लागि हुन्छ । सहवासबाट बालक वा बालिकाको जन्मपछि केश दाह्री खौरी, काषायवस्त्र धारण गरिकन घरवार त्यागेर प्रव्रजित हुन्छ । ऊ यसरी प्रव्रजित भई कामभोगरहित, ... प्रीति हटाएर उपेक्षावान, स्मृतिवान, राम्रोसँग जान्ने-बुझ्ने (ज्ञानवान) भई शरीरद्वारा सुख अनुभव गरी बस्छ । जसलाई आर्य श्रावकहरूले भन्ने गर्छन्– 'उपेक्षावान, स्मृतिवान र सुख विहारी' हुन् भनी तृतीयध्यान प्राप्तगरी बस्छ । सुख पनि हटाएर, दुःख पनि हटाएर मानसिक हर्ष तथा विस्मात (सौमनस्य-दौर्मनस्य) पहिले नै विलुप्त हुनेगरी दुःखरहित, सुखरहित स्मृति परिशुद्ध गरी उपेक्षासहितको चतुर्थध्यान प्राप्तगरी बस्छ । ऊ चतुर्थ ध्यानमा



Downloaded from http://dhamma.digital

लागेर शरीर भेद भई मरणपछि सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छ । यसरी दोण ! ब्राह्मण देवसमान हुन्छ ।

"दोण ! ब्राह्मण कसरी मर्यादाको पालन गर्ने हुन्छ ? दोण ! यहाँ ब्राह्मण आमाबाट, बुबाबाट दुवैबाट सुजात हुन्छ । शुद्धतापूर्वक गर्भ धारण गरेको हुन्छ । सातपुस्तासम्मका बाजे बराजुहरूको पालादेखि जातिवादबाट अबहिष्कृत तथा अकलंकित हुन्छ । ऊ अठचालीस वर्षसम्म कुमार भई ब्रह्म-चर्य पालन गरी, मन्त्र अध्ययन गरी, आचार्यको निम्ति आचार्य धन (गुरु दक्षिणा) दिन धर्मपूर्वक खोजी गर्छ, अधर्मपूर्वक होइन । त्यसैले दोण ! यहाँ धर्मपूर्वक भनेको के हो ? कृषि कार्य नगरिकन, व्यापार नगरिकन, गौपालन नगरिकन, धनुर्विद्यादिद्वारा कार्य नगरिकन, राज कर्मचारी नभइकन, शिल्प कर्म नगरिकन अनि भिक्षापात्रलाई घृणा नगरिकन केवल भिक्षाटन गरी भिक्षाटनबाट प्राप्त आचार्य धन लिई आचार्यलाई (गुरु दक्षिणा) दिएर धर्मपूर्वकै स्त्री खोजी गर्छ ।

"दोण ! यहाँ धर्मपूर्वक भनेको के हो ? क्रय-विक्रय नगरिकन जल तर्पणद्वारा ब्राह्मणीलाई नै ग्रहण गर्छ । ऊ ब्राह्मणीकहाँ मात्र जान्छ । न क्षत्रिनीकहाँ, न वैश्यकहाँ, न शुद्रकहाँ, न चण्डालकहाँ, न कमाइनीकहाँ, न वेणिनीकहाँ, न रथकारनीकहाँ, न पुक्कुसिनीकहाँ (ओइलिएको फूल आदि फ्याँक्ने) कहाँ जान्छ । न गर्भिनीकहाँ, न दूध पिलाउँदै गरेकी कहाँ अनि न रजस्वला नभएकीकहाँ जान्छ । दोण ! ब्राह्मण गर्भिनीकहाँ किन जाँदैन ? यदि दोण ! ब्राह्मण गर्भिनीकहाँ जाँदा (तिनीहरूबाट) जन्मेका बालक वा बालिका अति घृणित भई जन्मेको भन्ने हुन्छ । त्यसैले दोण ! गर्भिनीकहाँ ब्राह्मण जाँदैन । दोण ! ब्राह्मण किन दूध पिलाउँदै गरेकीकहाँ जाँदैन ? यदि दोण ! दूध पिलाउँदै गरेकीकहाँ ब्राह्मण जाँदा तिनीहरूबाट जन्मेका बालक वा बालिका सिहार्न वा असुचि शुद्ध गर्न गएको भन्ने हुन्छ । त्यसैले दोण ! दूध पिलाउँदै गरेकीकहाँ ब्राह्मण जाँदैन । दोण ! ऋतुमती नभएकीकहाँ ब्राह्मण किन जाँदैन ? यदि दोण ! अऋतुमतीकहाँ जाँदा उसको निम्ति ती ब्राह्मणी न कामार्थ हुन्छ, न क्रिडाको निम्ति हुन्छ अनि न रतिको निम्ति हुन्छ । ब्राह्मणको निमित ब्राह्मणी त प्रजनन गर्न दिनका लागि हुन्छ । त्यसैले ऊ रजस्वला नभएकीकहाँ जाँदैन । उसबाट छोरा वा छोरीको जन्म हुँदा त्यस सन्तानप्रति स्नेह गर्दै परिवारसँग बस्छ । घरबार त्यागी अनागारिक भई प्रव्रजित हुँदैन । जुन पुराना ब्राह्मणहरूको मर्यादा हो त्यसैमा बस्छ । त्यसलाई अतिक्रमण गर्दैन । जहाँसम्म ब्राह्मण मर्यादा हो, त्यसैमा ब्राह्मणरहने हुन्छ । त्यसबाट अतिक्रमण हुन नदिने नै दोण ! त्यो ब्राह्मणलाई 'मर्यादित' ब्राह्मण भनेको हो । दोण ! यसरी नै ब्राह्मण मर्यादित हुन्छ ।



Downloaded from http://dhamma.digital

"दोण ! ब्राह्मण कसरी मर्यादा भंगी हुन्छ ? दोण ! यहाँ ब्राह्मण आमाबाट, बुबाबाट दुवैबाट सुजात हुन्छ । शुद्धतापूर्वक गर्भ धारण गरेको हुन्छ । सातपुस्तासम्मका बाजे बराजुहरूको पालादेखि जातिवादबाट अबहिष्कृत तथा अकलंकित हुन्छ । ऊ अठचालीस वर्षसम्म कुमार भई ब्रह्म-चर्य पालन गरी, मन्त्र अध्ययन गरी, आचार्यको निम्ति आचार्य धन (गुरु दक्षिणा) दिन धर्मपूर्वक खोजी गर्छ, अधर्मपूर्वक होइन ।यस विषयमा धर्मपूर्वक भनेको के हो ? कृषि कार्य नगरी, व्यापार नगरी, गौपालन नगरी, धनुर्विद्यादिद्वारा कार्य नगरी, राज कर्मचारी नभई, शिल्प कर्म नगरी अनि भिक्षापात्रलाई घृणा नगरी केवल भिक्षाटन गरी भिक्षाटनबाट प्राप्त आचार्य धन लिई आचार्यलाई धन (गुरु दक्षिणा) दिएर धर्मपूर्वक वा अधर्मपूर्वक, क्रय वा विक्रय गरी स्त्रीको खोजी गर्छ । उसकी हुने ब्राह्मणीलाई जल तर्पण गरी दिन्छ । ऊ ब्राह्मणीकहाँ पनि जान्छ, क्षत्रिनीकहाँ पनि जान्छ,, वैश्यकहाँ पनि जान्छ,, शुद्रकहाँ पनि जान्छ,, चण्डालकहाँ पनि जान्छ,, कसाइनीकहाँ पनि जान्छ,, वेणिनीकहाँ पनि जान्छ,, रथकारनीकहाँ पनि जान्छ,, पुक्कुसिनीकहाँ पनि जान्छ, गर्भिनीकहाँ पनि जान्छ,, दूध पिलाउँदै गरेकी कहाँ अनि रजस्वला नभएकीकहाँ पनि जान्छ, । उसको निम्ति ब्राह्मणी कामार्थ पनि हुन्छ, क्रिडार्थ पनि हुन्छ, रतिको निम्ति पनि हुन्छ अनि जन्म दिलाउनको निम्ति ब्राह्मणी हुन्छ । पुराना ब्राह्मणका मर्यादामा नरहेर मर्यादा भंग गरेकोले नै 'मर्यादा भंगी' भनेको हो ।

"दोण ! ब्राह्मण कसरी चण्डाल ब्राह्मण हुन्छ ? दोण ! यहाँ ब्राह्मण आमाबाट, बुबाबाट दुवैबाट सुजात हुन्छ । शुद्धतापूर्वक गर्भ धारण गरेको हुन्छ । सातपुस्तासम्मका बाजे बराजुहरूको पालादेखि जातिवादबाट अबहिष्कृत तथा अकलंकित हुन्छ । ऊ अठचालीस वर्षसम्म कुमार भई ब्रह्मचर्य पालन गरी, मन्त्र अध्ययन गरी, आचार्यको निम्ति आचार्य धन दिन धर्मपूर्वक वा अधर्मपूर्वक वा गौपालन गरी वा धनुर्विद्यादिद्वारा कार्य गरी वा राज कर्मचारी भई वा शिल्प कर्म गरी अनि भिक्षापात्रलाई घृणा नगरी केवल भिक्षाटन गरी भिक्षाटनबाट प्राप्त आचार्य धन लिई आचार्यलाई धन दिएर धर्मपूर्वक वा अधर्मपूर्वक, क्रय वा विक्रय गरी जल तर्पण गराई ब्राह्मणीसँग विवाह गर्छ । ऊ ब्राह्मणीकहाँ पनि जान्छ, क्षत्रिनीकहाँ पनि जान्छ,, वैश्यकहाँ पनि जान्छ,, शुद्रकहाँ पनि जान्छ,, चण्डालकहाँ पनि जान्छ,, कसाइनीकहाँ पनि जान्छ,, वेणिनीकहाँ पनि जान्छ, रथकारनीकहाँ पनि जान्छ, पुक्कुसिनीकहाँ पनि जान्छ, गर्भिनीकहाँ पनि जान्छ, दूध पिलाउँदै गरेकी कहाँ अनि रजस्वला नभएकीकहाँ पनि जान्छ, । उसको निम्ति ब्राह्मणी कामार्थ पनि हुन्छ, क्रिडार्थ पनि हुन्छ, रतिको निम्ति पनि हुन्छ अनि जन्म दिलाउनको निम्ति ब्राह्मणी हुन्छ ।



Downloaded from http://dhamma.digital

उसले सबै प्रकारका कामहरू गर्दै जीविका चलाउँछ । यसलाई अरू ब्राह्मणहरूले भन्छ– 'हे ब्राह्मण ! तिमीले किन म 'ब्राह्मण' हुँ भन्दै सबै प्रकारका काम गर्दै जीविका गरेको ? उसले यसो भन्छ–'भो ! आगोले शुचि-अशुचिलाई पनि जलाउँछ । त्यसबाट आगोलाई दाग लाग्दैन । यसरी नै भो ! सबै प्रकारका काम गरी जीविका चलाउँदा त्यस कार्यबाट ब्राह्मणलाई दाग लाग्दैन । दोण ! सबै प्रकारका काम गरी जीविका चलाउनाले ब्राह्मणलाई चण्डाल ब्राह्मण भनिन्छ । दोण ! यस प्रकारका ब्राह्मण नै चण्डाल ब्राह्मण हुन्छ ।

"दोण ! जो ती ब्राह्मणका पूर्वज मन्त्रकर्ता, मन्त्र प्रवर्तक, ऋषिहरू हुन् यिनीहरूकै पुराना मन्त्रपद र गीत प्रवर्तित र संग्रहितलाई अनुगायन गर्छ, अनुभाषण गर्छ, भाषितलाई अनुभाषित गर्छ, अध्ययन गरिएकोलाई अध्ययन गर्छ अनि वाचन गरिएकोलाई वाचन गर्छ । जस्तै कि– अट्ठक, वामन, वामदेव, वेस्सामित्त, यमदग्गि, अङ्गिरस, भारद्वाज, वासेट्ठ, कस्सप र भगु । यिनीहरूले पाँच प्रकारका ब्राह्मणको वर्णन गरेका छन्– ब्रह्मसमान, देवसमान, मर्यादित, मर्यादाभंगी र चण्डाल । यिनीहरू मध्येमा तिमी कुन प्रकारका ब्राह्मण हौ ?"

"भो गोतम ! यसरी त हामी चण्डाल ब्राह्मणको स्तरमा पनि रहेनछौं ।" अति राम्रो भो गोतम ! ... आजदेखि प्राण रहुन्जे म तपाईंको शरणमा परेका उपासक हो भनी स्वीकार्नुहोस् ।"

### ३. सङ्गारवसुत्तं

१९३. त्यस समय सङ्गारव ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानसँग कुशलवार्ता गरे । कुशलवार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि सङ्गारव ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! के कारण र कुन विषयले कुनै समय दीर्घकालसम्म अध्ययन गरेको मन्त्रहरू बिर्सिन्छ ? अध्ययन नगरेको त के नै भन्नु ! भो गोतम ! के कारण र कुन विषयले कुनै समयमा दीर्घकालसम्म अध्ययन गरेको मन्त्रहरू याद भइरहन्छ ? अध्ययन गरेको त के नै भन्नु !"

"ब्राह्मण ! जुन समयमा चित्त कामरागमा लिप्त हुन्छ वा कामराग हटाउँदैन, उत्पन्न कामरागको अशरण हुने यथार्थसहित जान्न सक्दैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू



Downloaded from http://dhamma.digital

बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीको भाँडामा लाहाको रंग, पहेंलो रंग, नीलो रंग र मजिठोको रंगले भरिएको हुन्छ । आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्दैन वा देख्न सक्दैन । तदनुरूप ब्राह्मण ! जुन समयमा चित्त कामरागमा लिप्त हुन्छ वा कामराग हटाउँदैन, उत्पन्न कामराग अशरण हुने यथार्थसहित जान्न सक्दैन । त्यसबेला आफ्नो पनि भलो हुने कुरा थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने कुरालाई थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त द्वेषले घेरिन्छ वा द्वेषबाट छुटेको हुँदैन, तब उत्पन्न द्वेषबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीले भरिएको भाँडालाई आगोमा राखेर तताउँदा पानी तातिन्छ, बाफ आउँछ र उम्लिन्छ । तब आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्दैन वा देख्न सक्दैन । तदनुरूप ब्राह्मण ! जुन समयमा चित्त द्वेषले घेरिन्छ वा द्वेषबाट छुटेको हुँदैन, तब उत्पन्न द्वेषबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु !

"ब्राह्मण ! अनि फेरि, जब चित्त थिनमिद्ध (शारीरिक र मानसिक आलस्य) ले चारैतिरबाट छाइन्छ वा थिनमिद्धबाट छुटेको हुँदैन, तब उत्पन्न थिनमिद्धबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीले भरिएको भाँडामा किचड, लेऊ र पातहरूले छाएको हुन्छ । तब आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा



Downloaded from http://dhamma.digital

पाउन सक्दैन वा देख्न सक्दैन । तदनुरूप ब्राह्मण ! जुन समय चित्त थिनमिद्धले चारैतिरबाट छाइन्छ वा थिनमिद्धबाट छुटेको हुँदैन, तब उत्पन्न थिनमिद्धबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त उद्धच्चकुक्कुच्चले चारैतिरबाट व्याप्त चित्त हुन्छ । ... त्यसबेला उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीले भरिएकोलाई हावाले चलाउँछ, छचल्किन्छ र लहर आउँछ । तब आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्दैन वा देख्न सक्दैन । तदनुरूप ब्राह्मण ! जुन समय चित्त उद्धच्चकुक्कुच्चले चारैतिरबाट व्याप्त हुन्छ । उद्धच्चकुक्कच्चबाट छुट्दैन, उत्पन्न उद्धच्चकुक्कुच्चबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु !

"ब्राह्मण ! अनि फेरि, जब चित्त शंकाले चारैतिरबाट छोपिन्छ र शंकाबाट छुटकारा पाउन सक्दैन । तब उत्पन्न शंकाबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीको भाँडा अस्थिर हुन्छ, पानी चलिरहन्छ, धमिलो र अँध्यारोमा राखेको हुन्छ । तब आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्दैन वा देख्न सक्दैन । तदनुरूप ब्राह्मण ! जुन समय चित्त शंकाले चारैतिरबाट व्याप्त हुन्छ । शंकाबाट छुट्न सक्दैन, उत्पन्न शंकाबाट मुक्त हुन यथार्थसहित जानेको हुँदैन । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन, अरूको पनि भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्दैन वा देख्न सक्दैन । यसो हुँदा



Downloaded from http://dhamma.digital

दीर्घकालसम्म अध्ययन गरेका मन्त्रहरू बिर्सिन्छ । अध्ययन नगरेको त के नै भन्नु !

"ब्राह्मण ! जब चित्त कामरागमा लिप्त हुँदैन वा कामराग हटेको हुन्छ, उत्पन्न कामरागबाट मुक्त हुन यथार्थसहित जानेको हुन्छ । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । यसो हुँदा दीर्घकालसम्म अध्ययन नगरे पनि मन्त्रहरू बिर्सिंदैन । अध्ययन गरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीको भाँडामा लाहाको रंग, पहेंलो रंग, नीलो रंग र मजिठोको रंग राखेको हुँदैन । आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्छ वा देख्न सक्छ । तदनुरूप ब्राह्मण ! जुन समय-मा चित्त कामरागमा लिप्त हुँदैन वा कामराग हटेको हुन्छ, उत्पन्न कामराग-बाट मुक्त हुने यथार्थसहित जान्न सक्छ । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । दीर्घकालसम्म अध्ययन नगरेता पनि मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त द्वेषले घेरिंदैन वा द्वेषबाट छुटेको हुन्छ अनि उत्पन्न द्वेषबाट मुक्त हुन यथार्थसहित जानेको हुन्छ । त्यसबेला आफ्नो पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । ... जस्तै कि ब्राह्मण ! पानीले भरिएको भाँडालाई आगोमा नबसाल्दा पानी तातिंदैन, बाफ आउँदैन अनि उम्लिंदैन । त्यहाँ आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्छ वा देख्न सक्छ । तदनुरूप ब्राह्मण ! जब चित्त द्वेषले घेरिंदैन वा द्वेषबाट छुटेको हुन्छ, तब उत्पन्न द्वेषबाट मुक्त हुन यथार्थसहित जानेको हुन्छ । त्यसबेला आफ्नो पनि भलो हुने थाहा हुन्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा हुन्छ वा देख्न सक्छ । दीर्घकालसम्म अध्ययन नगरेका मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त थिनमिद्धले चारैतिरबाट छाएको हुँदैन वा थिनमिद्धबाट छुटेको हुन्छ, ... जस्तै कि ब्राह्मण ! पानीले भरिएको



Downloaded from http://dhamma.digital

भाँडामा किचड, लेऊ र पातहरूले छाएको हुँदैन । तब आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्छ वा देख्न सक्छ । तदनुरूप ब्राह्मण ! जुन समय चित्त थिनमिद्धले चारैतिरबाट छाएको चित्त हुँदैन... उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । यसो हुँदा दीर्घकालसम्म अध्ययन नगरेका मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त उद्धच्चकुक्कुच्चले चारैतिरबाट व्याप्त हुँदैन, उद्धच्चकुक्कुच्चबाट छुटेको हुन्छ । ... जस्तै कि ब्राह्मण ! पानीले भरिएकोलाई हावाले चलाउँदैन, छचल्किँदैन अनि लहर आउँदैन । त्यहाँ आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्छ वा देख्न सक्छ । तदनुरूप ब्राह्मण ! जब चित्त उद्धच्चकुक्कुच्चले चारैतिरबाट व्याप्त हुँदैन, ... उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । यसो हुँदा दीर्घकालसम्म अध्ययन नगरेका मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु !"

"ब्राह्मण ! अनि फेरि, जब चित्त शंकाले चारैतिरबाट छोपिँदैन र शंकाबाट छुटकारा पाउँछ । तब उत्पन्न शंकाबाट मुक्त हुन यथार्थसहित जानेको हुन्छ । त्यसबेला आफ्नो पनि भलो हुने थाहा हुन्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा हुन्छ वा देख्न सक्छ । यसो हुँदा दीर्घकालसम्म अध्ययन नगरेका मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु ! जस्तै कि ब्राह्मण ! पानीको भाँडा स्थिर हुन्छ, पानी चलेको हुँदैन, सफा र उज्यालोमा राखेको हुन्छ । त्यहाँ आँखाले देख्न सक्ने कोही व्यक्तिले त्यसमा आफ्नो अनुहार हेर्न चाहेमा यथास्थिति थाहा पाउन सक्छ वा देख्न सक्छ । तदनुरूप ब्राह्मण ! जुन समय चित्त शंकाले चारैतिरबाट व्याप्त हुँदैन, शंकाबाट छुट्न सक्छ, उत्पन्न शंकाबाट मुक्त हुन यथार्थसहित जानेको हुन्छ । त्यसबेला आफ्नो पनि भलो हुने कुरा थाहा पाउन सक्छ वा देख्न सक्छ, अरूको पनि भलो हुने कुरा थाहा पाउन सक्छ वा देख्न सक्छ अनि उभयपक्षकै भलो हुने थाहा पाउन सक्छ वा देख्न सक्छ । यसो हुँदा दीर्घकालसम्म अध्ययन नगरेका मन्त्रहरू यादरहन्छ । अध्ययन गरेको त के नै भन्नु !

"ब्राह्मण ! यही कारण अनि यही विषयले नै कुनै समयमा दीर्घकालसम्म अध्ययन गरेको मन्त्रहरू यादरहँदैन । अध्ययन नगरेको त भन्नु नै के ! ब्राह्मण ! यही कारण अनि यही विषयले नै कुनै समयमा

Downloaded from http://dhamma.digital

दीर्घकालसम्म अध्ययन नगरेको मन्त्रहरू याद भई रहन्छ । अध्ययन गरेको त भन्नु नै के !"

"अति राम्रो, भो गोतम ! ... आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक हो भनी स्वीकार्नुस् ।"

### ४. कारणपालीसुत्तं

१९४. एक समय भगवान वेसालिस्थित महावन कुटागारशालामा बस्नुहुन्थ्यो । त्यसबेला कारणपाली ब्राह्मणले लिच्छविहरूको कामकाज गर्थ्यो । कारणपाली ब्राह्मणले पिङ्गियानि ब्राह्मण टाढैबाट आररहेको देख्यो । देखेर पिङ्गियाानि ब्राह्मणलाई यसो भन्यो– "अहो ! पिङ्गियानि दिउँसो दिउँसै कहाँबाट आएको ?" "भो ! अहिले म श्रमण गोतमकहाँबाट आएको हुँ ।" "पिङ्गियानि ! तिमीले श्रमण गोतमको प्रज्ञा बारेमा के जान्दछौ, पण्डित भनी मान्दछौ के ?" "भो ! म को हुँ र ! श्रमण गोतमको प्रज्ञा विषय जान्न सक्न-लाई ऊ पनि वहाँसमान हुनपर्छ अनि मात्र जान्न सक्छ ।" पिङ्गियानि ! तिमी अति उदार भई श्रमण गोतमको प्रशंसा गरिरहेका छौ । भो म कहाँ को ! कहाँ श्रमण गोतमको प्रशंसा गर्न सक्छु । वहाँ पहिले नै अत्यन्त प्रशंसित भइसक्नु भएको छ । देव-मनुष्यमा गोतम श्रेष्ठ हुनुहुन्छ । पिङ्गियानि ! के कारण देखेर श्रमण गोतमप्रति यसरी धेरै श्रद्धावान भएको ?"

"भो पुरुष ! उत्तम रसपान गरी परितृप्त भएकोले अर्को कमसल खालको रस मन पराउँदैन र चाहना गर्दैन । यसरी नै भो पुरुष ! वहाँ गोतमले चाहे सुत्तबाट होस्, चाहे गेय्यबाट होस्, चाहे वेय्याकरणबाट होस् अनि चाहे अब्भुतधम्मबाट होस् वहाँले जुन कुनैबाट लिएर गर्नु भएको धर्मदेशना सुन्न मन लाग्छ । अन्य श्रमण-ब्राह्मणका मत वा तिनीहरूको मत वा तिनीहरूको त्यस त्यस विषयको कुरा सुन्न मन लाग्दैन ।

"भो पुरुष ! जस्तै कि– भोकाएर दुर्बल भएकाले महपिण्ड पाउँछ । उसले त्यसलाई जहाँबाट चाट्छ मीठो ररकै स्वाद आउँछ । तदनुरूप भो पुरुष ! चाहे सुत्तबाट होस्, चाहे गेय्यबाट होस्, चाहे वेय्याकरणबाट होस् अनि चाहे अब्भुतधम्मबाट होस् वहाँले जुन कुनैबाट लिएर गर्नु भएको धर्मदेशना सुन्न पाउँछ । त्यहाँ त्यसबाट मन सुन्तुष्ट तथा प्रसन्न हुन्छ ।

"भो पुरुष ! जस्तै कि– चन्दनको काठ आफूसँग हुन्छ । चाहे त्यो हरियो चन्दन होस् वा रातो चन्दन होस् त्यसलाई फेदबाट रगडे पनि,



Downloaded from http://dhamma.digital

बीचबाट रगडे पनि, टुप्पोबाट रगडे पनि त्यसबाट मनपर्ने सुगन्ध वासना नै आउँछ । तदनुरूप वहाँले जहाँबाट चाहनु हुन्छ त्यहाँबाट चाहे सुत्तबाट, चाहे गेय्यबाट, चाहे वेय्याकरणबाट अनि चाहे अब्भुतधम्मबाट लिएर होस् श्रमण गोतमबाट धर्मदेशना सुन्नं पाउँदा सन्तोषको निम्ति तथा आनन्दको निम्ति हुन्छ ।

"भो पुरुष ! जस्तै कि– कोही मान्छे रोगी हुन्छ, दुःखित हुन्छ वा पीडित हुन्छ । उसलाई दक्ष चिकित्सकले रोगको जडो नै नष्ट गरिदिन्छ । तदनुरूप वहाँले जहाँबाट चाहनु हुन्छ त्यहाँबाट चाहे सुत्तबाट, चाहे गेय्यबाट, चाहे वेय्याकरणबाट अनि चाहे अब्भुतधम्मबाट लिएर होस् श्रमण गोतमबाट धर्मदेशना सुन्न पाउँदा शोक, क्रन्दन, दुःख, दौर्मनस्य र पश्चाताप हटेर जान्छ ।

"भो पुरुष ! जस्तै कि– पोखरीमा राम्रो, उपयुक्त शीतल, निर्मल, सुतीर्थ तथा रमणीय पानी हुन्छ । त्यहाँ गर्मीले छट्पटिएका, घामले पोलेका, क्लान्त, थाकेका र प्यासी त्यो पोखरीमा पसेर नुहाउँदा, पानी पिउँदा ती दुःखकष्ट, थकान र जलनबाट शान्त पाउँछ । तदनुरूप वहाँ गोतमले चाहे सुत्तबाट होस्, चाहे गेय्यबाट होस्, चाहे वेय्याकरणबाट होस् अनि चाहे अब्भुतधम्मबाट होस् वहाँले जुन कुनैबाट लिएर गर्नु भएको धर्मदेशना सुन्न पाउँदा त्यसबाट समस्त दुःखकष्ट, थकान र जलनबाट शान्त पाउन सक्छ ।

यसरी भनेपछि कारणपाली ब्राह्मण आफू बसेको ठाउँबाट उठेर दाहिनेतिरबाट च्यादर राखेर, दाहिने घुँडाले पृथ्वीमा टेकी जहाँ भगवान हुनुहुन्थ्यो त्यसतिर हेरी दुई हात जोडी प्रणाम गर्दै प्रीति वाक्य तीनपटक प्रकट गरे–

**"नमो तस्स भगवातो अरहतो सम्मासम्बुद्धस्स ।**
**नमो तस्स भगवातो अरहतो सम्मासम्बुद्धस्स ।**
**नमो तस्स भगवातो अरहतो सम्मासम्बुद्धस्सा"ति ॥**

"वहाँ भगवान अर्हत सम्यकसम्बुद्धलाई नमस्कार ।"

"अति सुन्दर भो पिङ्गियानी ! अति सुन्दर भो पिङ्गियानी ! भो पिङ्गियानी घोप्टोलाई उत्तानो पारे झैं, छोपेकोलाई उघारी दिए झैं, अँध्यारोमा बत्ती बाली दिए झैं, आँखा हुनेले रूप दखे झैं गरी तपाईं पिङ्गियानीबाट अनेक प्रकारले धर्म प्रकाशित पार्नुभयो । आजदेखि भो पिङ्गियानी वहाँ भगवान



Downloaded from http://dhamma.digital

गोतमको शरणमा जान्छु, धर्म र भिक्षुसंघको । पिङ्गियानी ! आजदेखि प्राण रहुञ्जेल शरणमा परेका उपासक भनी मलाई धारण गर्नुहोस् ।"

## ५. पिङ्गियानीसुत्तं

१९५. एक समय भगवान वेसालिस्थित महावन कुटागारशालामा बस्नुहुन्थ्यो । त्यसबेला पाँचसय लिच्छवीहरू भगवानको सेवामा लागेका थिए । ती मध्येमा कोही लिच्छवीहरू नीलो रंगनीलो वर्णका, नीलो वस्त्र धारी र नीलो अलङ्कारले सजेका थिए । कोही लिच्छवीहरू पीत रंग पीत वर्णका, पीत वस्त्र धारी र पीत अलङ्कारले सजेका थिए । कोही लिच्छवीहरू रातो रंग, रातो वर्णका, रातो वस्त्र धारी र रातो अलङ्कारले सजेका थिए । कोही लिच्छवीहरू सेतो रंग, सेतो वर्णका, सेतो वस्त्र धारी र सेतो अलङ्कारले सजेका थिए । तिनीहरू माझ भगवान यश र वर्णमा अति चम्किलो तथा प्रभासित हुनुहुन्थ्यो । अतः पिङ्गियानी ब्राह्मण आसनबाट उठी च्यादरलाई एकाँसक गरी जहाँतिर भगवान हुनुहुन्थ्यो त्यतातिर बिन्तिभाव गर्दै भगवानलाई यसो भने– "भगवान ! मलाई एउटा कुराको सम्झना आयो, सुगत मलाई एउटा कुराको सम्झना भयो ।" भगवानले भन्नुभयो– "पिङ्गियानी ! जुन कुरा सम्झेको हो त्यो भन ।" अनि पिङ्गियानी ब्राह्मणले भगवानको सामुन्ने नै उपयुक्त गाथाद्वारा वहाँको स्तुति गरे–

"पद्म यथा कोकनदं सुगन्धं, पातो सिया पुल्लमवीत गन्धं ।
अङ्गिरसं पस्स विरोचमानं, तपन्त मादिच्चमिवन्तलिक्खे"ति ॥

"जसरी सुगन्धयुक्त कोकानद (रातो कमल) वा पद्म फूल प्रातः कालमा फुल्छ । हेर अङ्गिरस" तथागतलाई आकाशमा चम्केको सूर्य जस्तै चम्किनु भएको छ ।"

अनि त पाँचसय लिच्छवीहरूले आफ्नो च्यादरले पिङ्गियानी ब्राह्मणलाई ओढाय । पिङ्गियानी ब्राह्मणले ती पाँचसय च्यादहरू भगवानलाई नै चढाए ।

अनि त्यसबेला भगवानबाट ती लिच्छवीहरूलाई यसो भन्नुभयो– "लिच्छवीहो ! पाँच प्रकारका रत्न लोकमा प्रादुर्भाव दुर्लभ छन् । ती पाँच के के हुन् ? लोकमा तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव दुर्लभ छ । लोकमा तथागतबाट उपदिष्ट धर्म-विनयको उपदेश दिने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ । लोकमा तथागतबाट उपदिष्ट धर्मविनय बुझ्नसक्ने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ । लोकमा तथागतबाट उपदिष्ट धर्मविनयको देशना गर्दा बुझेर धर्मानुपूर्वक आचरण गर्ने व्यक्तिको प्रादुर्भाव दुर्लभ छ । लोकमा कृतवेदी वा कृतज्ञ



Downloaded from http://dhamma.digital

व्यक्तिको प्रादुर्भाव दुर्लभ छ । लिच्छवीहो ! यी नै पाँच प्रकारका रत्न लोकमा प्रादुर्भाव दुर्लभ छन् ।"

## ६. महासुपिनसुत्तं

१९६. "भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा पाँच महास्वप्न देखेको थिएँ । ती पाँच के के हुन् ? तथागत अर्हत, सम्यकसम्बुद्धले जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्था यो महापृथ्वी महाशैय्या बनेको थियो । पर्वतराज हिमाल शिरानी बनेको थियो । पुर्वीय समुद्र बायाँ हातले ढाकेको थियो अनि पश्चिमीय समुद्र दायाँ हातले ढाकेको थियो । दक्षिणीय समुद्र दुवै खुट्टाले ढाकेको थियो । भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्नु अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो पहिलो महास्वप्न देखेको थिएँ ।

"भिक्षुहो ! अनि फेरि अर्को तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा वहाँको नाभीबाट दूबो (तिरिय तृण) उब्जिएर आएर आकाशसम्म पुगेको थियो । भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो दोस्रो महास्वप्न देखेको थिएँ ।

"भिक्षुहो ! अनि फेरि अर्को तथागत अर्हत सम्यकसम्बुद्धलेसम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा शीर कालो तर श्वेत शरीरका कीराहरू पाउबाट माथि बढ्दै आएर घुँडासम्म आई ढाकेका थिए । भिक्षुहो ! तथागत अर्हत, सम्यकसम्बुद्धले स-म्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो तेस्रो महास्वप्न देखेको थिएँ ।

"भिक्षुहो ! अनि फेरि अर्को तथागत अर्हत, सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा नाना वर्णका चार पंक्षीहरू चारै दिशाबाट आएका पादतलमा पुग्दा सबै श्वेत वर्णका भए । भिक्षुहो ! तथागत अर्हत, सम्यकसम्बुद्धले स-म्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो चौथो महास्वप्न देखेको थिएँ ।

"भिक्षुहो ! अनि फेरि अर्को तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि



Downloaded from http://dhamma.digital

प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा मल-मूत्रको ठूलो पर्वत माथि माथिबाटै हिँडेको थिएँ। हिँड्दा त्यस मल-मूत्र लागेको थिएन। भिक्षुहो! तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो पाँचौ महास्वप्न देखेको थिएँ।

"भिक्षुहो! जुन कि यो– तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यो महापृथ्वी महाशैय्या बनेको थियो। पर्वतराज हिमाल शिरानी बनेको थियो। पुर्वीय समुद्र बायाँ हातले ढाकेको थियो अनि पश्चिमीय समुद्र दायाँ हातले ढाकेको थियो। दक्षिणीय समुद्र दुवै खुट्टाले ढाकेको थियो। भिक्षुहो! तथागत, अर्हत, सम्यकसम्बुद्धबाट अनुपम सम्यकसम्बोधि प्राप्त गरेको हो। त्यही सम्बोधि प्राप्त हुनुलाई प्रकट गर्नको निम्ति यो पहिलो महास्वप्न देखेको हो।

"भिक्षुहो! जुन कि यो– तथागत अर्हत सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा वहाँको नाभीबाट दूबो उब्जिएर अकाशसम्म पुगेको थियो। भिक्षुहो! तथागत अर्हत सम्यकसम्बुद्धबाट आर्यअष्टाङ्गिक मार्गको ज्ञान प्राप्त गरी देव र मनुष्यहरूमा सुप्रकाशित गऱ्यो। त्यही सम्बोधि प्राप्त हुनुलाई प्रकट गर्नको निम्ति यो दोस्रो महास्वप्न देखेको हो।

"भिक्षुहो! जुन कि यो– तथागत, अर्हत, सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा शीर कालो तर श्वेत शरीरका कीराहरू पाउबाट माथि बढ्दै आएर घुँडासम्म आई ढाकेका थिए। भिक्षुहो! बहुश्वेतवस्त्र धारी गृहस्थी प्राणको अन्त हुनेसम्म तथागतको शरणागत भए। त्यही सम्बोधि प्रकट गर्नको निम्ति यो तेस्रो महास्वप्न देखेको हो।

"भिक्षुहो! जुन कि यो– तथागत, अर्हत, सम्यकसम्बुद्धले सम्बोधि प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा नाना वर्णका चार पंक्षीहरू चारै दिशाबाट आएका पादतलमा पुग्दा सबै श्वेत वर्णका भए। भिक्षुहो! यी चारै वर्णका– क्षेत्री, ब्राह्मण, वैश्य र शुद्रहरू तथागतबाट प्रवर्तित धर्म-विनयमा घरबार त्यागी अनागारिक भई प्रव्रजित भइकन अनुपम विमुक्तिलाई साक्षात्कार गरिरहेकाछन्। त्यही प्रकट गर्नको निम्ति यो चौथो महास्वप्न देखेको हो।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जुन कि यो– तथागत, अर्हत, सम्यकसम्बुद्धले सम्बोधिं प्राप्त गर्न अघि जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा मल-मूत्रको ठूलो पर्वत माथि माथिबाटै हिँडेको थिएँ। हिँड्दा त्यस मल-मूत्र लागेको थिएन। भिक्षुहो ! तथागतलाई चीवर, पिण्डपात, शयनासन र औषधीसहित परिष्कारहरू प्राप्त हुन्छ। त्यसमा तथागत अनाशक्त, अमूर्छित तथा निर्लोभी हुन्छ। यसबाट हुने दुष्परिणामको दर्शी हुन्छ अनि विमुक्त प्रज्ञावान भई परिभोग गर्छु। त्यही प्रकट गर्नको निम्ति यो चौथो महास्वप्न देखेको हो।

"भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्धले जब कि सम्बोधि प्राप्त गरेको थिएन तब बोधिसत्वकै अवस्थामा यी नै पाँच महास्वप्न देखेको थिएँ।"

## ७. वस्ससुत्तं

१९७. "भिक्षुहो ! वर्षा हुनमा यी पाँच प्रकारका बाधाहरू छन्। जुन कुरा ज्यातिषले जानेको हुँदैन, जहाँ कि ज्योतिषको आँखा पुगेको हुँदैन। ती पाँच के के हुन् ? भिक्षुहो ! माथि आकाशमा तेजधातु प्रकुपित हुन्छ। त्यो प्रकुपित हुँदा मेघ फर्केर जान्छ। भिक्षुहो ! वर्षा हुनमा यो पहिलो बाधा हो। जुन कुरा ज्योतिषले जानेको हुँदैन, जहाँ कि ज्योतिषको आँखा पुगेको हुँदैन।

"भिक्षुहो ! अनि फेरि अर्को माथि आकाशमा वायुधातु प्रकुपित हुन्छ। त्यो प्रकुपित हुँदा मेघ फर्केर जान्छ। भिक्षुहो ! वर्षा हुनमा यो दोस्रो बाधा हो। जुन कुरा ज्योतिषले जानेको हुँदैन, जहाँ कि ज्यातिषको आँखा पुगेको हुँदैन।

"भिक्षुहो ! अनि फेरि अर्को असुरिन्द राहुले हातमा पानी लिएर महासमुद्रमा फालि दिन्छ। भिक्षुहो ! वर्षा हुनमा यो तेस्रो बाधा हो। जुन कुरा ज्योतिषले जानेको हुँदैन, जहाँ कि ज्योतिषको आँखा पुगेको हुँदैन।

"भिक्षुहो ! अनि फेरि अर्को वर्षा वर्षाउने देव प्रमादी भइरहेको हुन्छ। भिक्षुहो ! वर्षा हुनमा यो चौथो बाधा हो। जुन कुरा ज्योतिषले जानेको हुँदैन, जहाँ कि ज्योतिषको आँखा पुगेको हुँदैन।

"भिक्षुहो ! अनि फेरि अर्को मानिसहरू अधार्मिक हुन्छन्। भिक्षुहो ! वर्षा हुनमा यो पाँचौ बाधा हो। जुन कुरा ज्योतिषले जानेको हुँदैन, जहाँ कि ज्योतिषको आँखा पुगेको हुँदैन।"



Downloaded from http://dhamma.digital

## ८. वाचासुत्तं

१९८. "भिक्षुहो ! पाँच अङ्गयुक्त बोली सुभाषित हुन्छ, दुर्भाषित हुँदैन, निर्दोष हुन्छ तथा विज्ञजनको निम्ति निर्दोष हुन्छ । ती पाँच के के हुन् ? उचित समयमा बोली बोल्छ, सत्य बोली बोल्छ, मृदु बोली बोल्छ, हितकर बोली बोल्छ अनि मैत्री चित्तको भई बोली बोल्छ । भिक्षुहो ! यी नै पाँच अङ्गयुक्त बोली सुभाषित हुन्छ, दुर्भाषित हुँदैन, निर्दोष हुन्छ तथा विज्ञजनको निम्ति निर्दोष हुन्छ ।"

## ९. कुलसुत्तं

१९९. "भिक्षुहो ! शीलवान प्रव्रजित जुन कुलमा जान्छ त्यहाँका मानिसहरू पाँच प्रकारबाट बहुपुण्यका भागी हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! जब शीलवान प्रव्रजित कोही गृहस्थका कुलमा जान्छ तब मानिसहरूले उसको दर्शन गरी चित्त प्रसन्न पार्छ । भिक्षुहो ! त्यस कुलका निम्ति त्यस समयमा स्वर्गगामी मार्गमा लागेको हुन्छ ।

"भिक्षुहो ! जब शीलवान प्रव्रजित कोही गृहस्थका कुलमा जान्छ तब मानिसहरूले उसको स्वागत गर्छ, अभिवादन गर्छ अनि आसन दिन्छ । त्यस कुलका निम्ति त्यस समय उच्च कुलमा जन्मिने मार्गमा लागेको हुन्छ ।

"भिक्षुहो ! जब शीलवान प्रव्रजित कोही गृहस्थका कुलमा जान्छ तब मानिसहरूले कन्जुसपन हटाउँछ । त्यस कुलका निम्ति त्यस समय महाप्रतापशालीभई जन्मिने मार्गमा लागेको हुन्छ ।

"भिक्षुहो ! जब शीलवान प्रव्रजित कोही गृहस्थका कुलमा जान्छ तब मानिसहरूले यथाशक्ति, यथाबल बाँडचुँड गरी दिन्छ । त्यस कुलका निम्ति त्यस समय महाभोगशालीभई जन्मिने मार्गमा लागेको हुन्छ ।

"भिक्षुहो ! जब शीलवान प्रव्रजित कोही गृहस्थका कुलमा जान्छ तब मानिसहरूले सोध्ने गर्छ, प्रश्न गर्छ अनि धर्मउपदेश सुन्छ । त्यस कुलका निम्ति त्यस समय महाप्रज्ञावानभई जन्मिने मार्गमा लागेको हुन्छ । भिक्षुहो ! शीलवान प्रव्रजित जुन कुलमा जान्छ त्यस कुलका मान्छेले यी नै पाँच प्रकारले बहुपुण्यका भागी हुन्छ ।"



Downloaded from http://dhamma.digital

## १०. विस्सारणीयसुत्तं

२००. "भिक्षुहो ! यी पाँच प्रकारका विमुक्त दिने धातुहरू छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षुमा कामभोग सम्बन्धितमा विचार आउँदा कामभोगसम्बन्धितमा चित्त अल्झाउँदैन, प्रसन्न हुँदैन, स्थिर हुँदैन तथा अनुरक्त हुँदैन । नैष्क्रम्यसम्बन्धित विचार आउँदा चित्त अल्झाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । उसको त्यो चित्त राम्रोमा लागेको भयो, सुभावित भयो, सुस्थिर भयो, सुविमुक्त भयो अनि कामभोगबाट राम्ररी नै छुटेको भयो । कामभोगबाट उत्पन्न हुने जुन विघाट-परिडाह आश्रवहरू हुन् ऊ त्यसबाट मुक्त हुन्छ । त्यसबाट उसले वेदनानुभूति गर्नु पर्दैन । यसैलाई कामभोगबाट विमुक्त भएको भन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को द्वेषसम्बन्धित विचार आउँदा द्वेषसम्बन्धितमा चित्त अल्झाउँदैन, प्रसन्न हुँदैन, स्थिर हुँदैन तथा अनुरक्त हुँदैन । द्वेषरहित विचार आउँदा चित्त अल्झाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । उसको त्यो चित्त राम्रोमा लागेको भयो, सुभावित भयो, सुस्थिर भयो, सुविमुक्त भयो अनि द्वेषबाट राम्ररी नै छुटेको भयो । द्वेषबाट उत्पन्न हुने जुन विघाट-परिडाह आश्रवहरू हुन् ऊ त्यसबाट मुक्त हुन्छ । त्यसबाट उसले वेदनानुभूति गर्नु पर्दैन । यसैलाई द्वेषबाट विमुक्त भएको भन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को विहिंसासम्बन्धित विचार आउँदा विहिंसा सम्बन्धितमा चित्त अल्झाउँदैन, प्रसन्न हुँदैन, स्थिर हुँदैन तथा अनुरक्त हुँदैन । विहिंसारहित विचार आउँदा चित्त अल्झाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । उसको त्यो चित्त राम्रोमा लागेको भयो, सुभावित भयो, सुस्थिर भयो, सुविमुक्त भयो अनि विहिंबाट राम्ररी नै छुटेको भयो । विहिंसाबाट उत्पन्न हुने जुन विघाट-परिडाह आश्रवहरू हुन् ऊ त्यसबाट मुक्त हुन्छ । त्यसबाट उसले वेदनानुभूति गर्नु पर्दैन । यसैलाई विहिंसाबाट विमुक्त भएको भन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को रूपसम्बन्धित विचार आउँदा रूप सम्बन्धितमा चित्त अल्झाउँदैन, प्रसन्न हुँदैन, स्थिर हुँदैन तथा अनुरक्त हुँदैन । अरूप विचार आउँदा चित्त अल्झाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । उसको त्यो चित्त राम्रोमा लागेको भयो, सुभावित भयो, सुस्थिर भयो, सुविमुक्त भयो अनि विहिंबाट राम्ररी नै छुटेको भयो । रूपबाट उत्पन्न हुने जुन विघाट-परिडाह आश्रवहरू हुन् ऊ त्यसबाट मुक्त



Downloaded from http://dhamma.digital

हुन्छ । त्यसबाट उसले वेदनानुभूति गर्नु पर्दैन । यसैलाई रूपबाट विमुक्त भएको भन्छ ।

"भिक्षुहो ! अनि फेरि अर्को सत्काय (दृष्टि) सम्बन्धित विचार आउँदा सत्कायमा चित्त अल्फाउँदैन, प्रसन्न हुँदैन, स्थिर हुँदैन तथा अनुरक्त हुँदैन । सत्काय निरोधको विचार आउँदा सत्काय निरोधमा चित्त अल्फाउँछ, प्रसन्न हुन्छ, स्थिर हुन्छ अनि अनुरक्त हुन्छ । उसको त्यो चित्त राम्रोमा लागेको भयो, सुभावित भयो, सुस्थिर भयो, सुविमुक्त भयो अनि सत्कायबाट राम्ररी नै छुटेको भयो । सत्कायबाट उत्पन्न हुने जुन विघाट-परिडाह आश्रवहरू हुन् ऊ त्यसबाट मुक्त हुन्छ । त्यसबाट उसले वेदनानुभूति गर्नु पर्दैन । यसैलाई सत्कायबाट विमुक्त भएको भन्छ ।

ऊसँग कामभोगसम्बन्धी मज्जा लाग्ने अनुशय रहँदैन, व्यापादसम्बन्धी मज्जा लाग्ने अनुशय रहँदैन, विहिंसासम्बन्धी मज्जा लाग्ने अनुशय रहँदैन, रूपसम्बन्धी मज्जा लाग्ने अनुशय रहँदैन अनि सत्कायसम्बन्धी मज्जा लाग्ने अनुशय रहँदैन । ऊ कामभोगसम्बन्धी मज्जा लाग्ने अनुशयबाट मुक्त हुन्छ, द्वेषसम्बन्धी मज्जा लाग्ने अनुशयबाट मुक्त हुन्छ, विहिंसासम्बन्धी मज्जा लाग्ने अनुशयबाट मुक्त हुन्छ, रूपसम्बन्धीमज्जा लाग्ने अनुशयबाट मुक्त हुन्छ अनि सत्कायसम्बन्धी मज्जा लाग्ने अनुशयबाट मुक्त हुन्छ ।

"भिक्षुहो ! यसैलाई भन्छ– भिक्षु अनुशयरहित भएको, तृष्णा छेदन गरेको, संयोजन छुटेको, अहंकारलाई सम्यकरूपले शान्त पारेको अनि दुःखलाई अन्त गरेको । भिक्षुहो ! यी पाँच नै विमुक्त धातु हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ५. पञ्चमपण्णासकं

## (२१) १. किमिलवग्गो

### १. किमिलसुत्तं

२०१. एक समय भगवान किमिलस्थित वेलुवनमा बस्नुहुन्थ्यो । त्यसबेला आयुष्मान किमिल जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान किमिलले भगवानसँग सोध्यो–"भन्ते ! के कारणले वा कुन विषयले गर्दा तथागत, अर्हत, सम्यकसम्बुद्ध परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुँदैन ?" "किमिल ! यहाँ तथागत परिनिर्वाणपछि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले शास्ताप्रति आदर-गौरव नगर्ने हुन्छन्, धर्मप्रति आदर-गौरव नगर्ने हुन्छन्, संघप्रति आदर-गौरव नगर्ने हुन्छन्, शिक्षाप्रति आदर-गौरव नगर्ने हुन्छन्, अनि एक आपसमा आदर-गौरव नगर्ने हुन्छन् । किमिल ! यही कारण वा विषयले गर्दा तथागत परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुँदैन ।

"भन्ते ! के कारणले वा कुन विषयले गर्दा तथागत अर्हत सम्यकसम्बुद्ध परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुन्छ ?" "किमिल ! यहाँ तथागत परिनिर्वाण-पछि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले शास्ताप्रति आदर-गौरव गर्नेछन, धर्मप्रति आदर-गौरव गर्नेछन,, संघप्रति आदर-गौरव गर्नेछन, शिक्षा-प्रतिआदर-गौरव गर्नेछन अनि एक आपसमा आदर-गौरव गर्ने छन् । किमिल ! यही कारण वा विषयले गर्दा तथागत परिनिर्वाणपछि सद्धर्म चिरस्थायी हुन्छ ।"

### २. धम्मस्सवनसुत्तं

२०२. "भिक्षुहो ! धर्म श्रवण गर्दा पाँच प्रकारका सुपरिणाम छन् । ती पाँच के के हुन् ? नसुनेको सुन्न पाउँछ, सुनेको स्पष्ट हुन्छ, शंका निवारण हुन्छ, दृष्टि सीधा हुन्छ अनि चित्त प्रसन्न हुन्छ । भिक्षुहो ! धर्म श्रवण गर्दा यी नै पाँच प्रकारका सुपरिणामी हुन् ।"

### ३. अस्साजानीसुत्तं

२०३. "भिक्षुहो ! पाँच अङ्गसम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमान हुन्छ । ती पाँच के के हुन् ? ऋजुवान, गतिवान, मृदु, क्षमाशील र विनम्र हुन्छ । भिक्षुहो ! यी नै



Downloaded from http://dhamma.digital

पाँच अङ्गसम्पन्न भद्र घोडामा राजाले आरोहण गर्न योग्य हुन्छ, राजभोग्य हुन्छ अनि राजाको अङ्गसमान हुन्छ ।

"भिक्षुहो ! यसरी नै पाँच धर्ममा सम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दान दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षत्रसमान हुन्छ । ती पाँच के के हुन् ? ऋजुवान, गतिवान, मृदु, क्षमाशील र विनम्र हुन्छ । भिक्षुहो ! यी नै पाँच धर्ममा सम्पन्न भिक्षु आव्हान गर्न योग्य, पाहुना गर्न योग्य, दान दिन योग्य, नमस्कार गर्न योग्य अनि लोकका निम्ति अतिउत्तम पुण्य क्षत्रसमान हुन्छ ।"

## ४. बलसुत्तं

२०४. "भिक्षुहो ! पाँच प्रकारका बल हुन्छन् । ती पाँच के के हुन् ? श्रद्धावल, लज्जाबल, भयबल, वीर्यबल, र प्रज्ञाबल । भिक्षुहो ! यी नै पाँच प्रकारका बल हुन् ।"

## ५. चेतोखिल

२०५. "भिक्षुहो ! पाँच प्रकारले चित्त कठोर हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शास्ताप्रति शंकालु हुन्छ अंनि दोधारमा पर्छ, शंकाबाट मुक्त हुँदैन, अप्रसन्न हुन्छ । भिक्षुहो ! यहाँ जो तथागतप्रति शंकालु हुन्छ, दोधारमा पर्छ, शंकाबाट मुक्त हुँदैन अनि अप्रसन्न हुन्छ भने उसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत साधनमा लाग्दैन । जसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत लाग्दैन भने यो पहिलो चित्तको कठोरपन हो ।

"भिक्षुहो ! अनि फेरि अर्को धर्म ... संघ ... शिक्षा ... अनि सब्रह्मचारीप्रति कोप गर्छ असन्तुष्ट हुन्छ, आघात चित्तको हुन्छ अनि कठोर चित्तको हुँदा उसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत साधनमा लाग्दैन । जसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत लाग्दैन भने यो चित्तको पाँचौ कठोरपन हो । भिक्षुहो ! यी पाँच प्रकारले नै चित्त कठोर हुन्छ ।"

## ६. विनिबन्धसुत्तं

२०६. "भिक्षुहो ! पाँच प्रकारका बन्धन छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ कामभोगी वितरागी हुँदैन, इच्छारहित हुँदैन, प्रेमरहित हुँदैन, प्यासरहित हुँदैन अनि तृष्णारहित हुँदैन । भिक्षुहो ! जो भिक्षु कामभोगप्रति



Downloaded from http://dhamma.digital

वितरागी हुँदैन, इच्छारहित हुँदैन, प्रेमरहित हुँदैन, प्यासरहित हुँदैन अनि तृष्णारहित हुँदैन भने उसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत साधनमा लाग्दैन । जसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत लाग्दैन यो चित्तको पहिलो बन्धन हो ।

"भिक्षुहो ! अनि फेरि अर्को शरीरप्रति वितरागी हुँदैन ... रूपप्रति वितरागी हुँदैन ... खाएपछि शैय्य सुख, स्पर्श सुख, तन्द्रा सुखमा लीन रहन्छ ... कुनै वा कहिँ देव योनिमा जन्म लिने इच्छाले ब्रह्मचर्य पालन गर्छ । 'यो मेरो शीलद्वारा वा व्रतद्वारा वा तपद्वारा वा ब्रह्मचर्यद्वारा देवता हुनेछु वा देवतानुचार हुनेछु ।' उसको चित्त प्रयत्नमा लाग्दैन, योगाभ्यासमा लाग्दैन अनि सतत साधनमा लाग्दैन भने यो पाँचौ चित्तको बन्धन हो । भिक्षुहो ! यी पाँच प्रकारका नै चित्त बन्धन हुन् ।"

## ७. यागुसुत्तं

२०७. "भिक्षुहो ! पाँच प्रकारका परिणाम यागुबाट हुन्छ । ती पाँच के के हुन् ? भोक हराउँछ, प्यास हराउँछ, वायु प्रवाह ठीक हुन्छ, पेट सफा हुन्छ अनि पच्न बाँकिरहेको पचेर जान्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका परिणाम यागुबाट हुन्छ ।"

## ८. दन्तकट्ठसुत्तं

२०८. "भिक्षुहो ! दाँत नमाझ्नाले पाँच प्रकारका परिणाम छन् । ती पाँच के के हुन् ? आँखालाई हानी पुऱ्याउँछ, मुखबाट दुर्गन्ध आउँछ, रसहरण गर्ने स्वच्छ हुँदैन, पित्त-कफ र खाएको भोजन ढाकी दिन्छ अनि भोजन रुच्दैन । भिक्षुहो ! दाँत नमाझ्नाले यी नै पाँच प्रकारका परिणाम छन् ।

"भिक्षुहो ! दाँत माझ्नाले पाँच प्रकारका परिणाम छन् । ती पाँच के के हुन् ? आँखालाई हानी पुऱ्याउँदैन, मुखबाट दुर्गन्ध आउँदैन, रसहरण गर्ने स्वच्छ हुन्छ, पित्त-कफ र खाएको भोजन ढाकी दिँदैन अनि भोजन रुच्छ । भिक्षुहो ! दाँत माझ्नाले यी नै पाँच प्रकारका परिणाम छन् ।"

## ९. गीतस्सरसुत्तं

२०९. "भिक्षुहो ! पाँच प्रकारका दुष्परिणाम गीतको लयमा लामो स्वर निकालेर धर्म पाठ गर्नेलाई हुन्छ । ती पाँच के के हुन् ? स्वयम आफ्नो स्वरमा अनुरक्त हुन्छ, अरू पनि त्यो स्वरमा अनुरक्त हुन्छ, गृहपतिहरू पनि असन्तुष्ट हुन्छ, 'शाक्यपुत्रहरू हामीले जसरी गाउँछौ त्यसरी नै गाउँछन्',



Downloaded from http://dhamma.digital

अनि गीतको स्वरमा पाठ गर्दा समाधिमा बाधा हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका दुष्परिणाम गीतको लयमा लामो स्वर निकालेर धर्म पाठ गर्नेलाई हुन्छ ।"

### १०. मुट्ठस्सतिसुत्तं

२०९. "भिक्षुहो ! पाँच प्रकारका दुष्परिणाम विस्मृति तथा अचेतनशील भई निदाउँदा हुन्छ । ती पाँच के के हुन् ? दुःखीभई सुत्छ, दुःखीभई उठ्छ, नराम्रो सपना देख्छ, देवताले रक्षा गर्दैन अनि स्वप्न दोष हुन्छ । भिक्षुहो ! यी नै पाँच प्रकारका दुष्परिणामा विस्मृति तथा अचेतनशील भई निदाउँदा हुन्छ ।

"भिक्षुहो ! पाँच प्रकारका सुपरिणाम स्मृतिसहित जागरुक तथा चेतनशील भई निदाउँदा हुन्छ । ती पाँच के के हुन् ? सुखपूर्वक सुत्छ, सुखपूर्वक उठ्छ, नराम्रो सपना देख्दैन, देवताले रक्षा गर्छ अनि स्वप्न दोष हुँदैन । भिक्षुहो ! यी नै पाँच प्रकारका सुपरिणाम स्मृतिसहित जागरुक तथा चेतनशील भई निदाउँदा हुन्छ ।"

Downloaded from http://dhamma.digital

## (२२) २. अक्कोसकवग्गो

### १. अक्कोसकसुत्तं

२११. "भिक्षुहो ! जो भिक्षुले आफ्ना सब्रह्मचारीप्रति आक्रोसित भई गाली गर्ने र डर देखाउँछ । उसलाई पाँच प्रकारले हुने दुष्परिणामको आशंका गरे हुन्छ । ती पाँच के के हुन् ? कि त पाराजिका वा लोकोत्तरको मार्गबाट विमुख हुन्छ, कि त कुनै आपत्तिका दोषी हुन्छ, डरलाग्दो रोग लाग्छ, बेहोशीभई मर्छ अनि शरीर त्याग हुँदा मरणपछि अपाय दुर्गति तथा नरकमा पतन हुन्छ । भिक्षुहो ! जो भिक्षुले आफ्ना सब्रह्मचारीप्रति आक्रोसित भई गाली गर्छ र डर देखाउँछ, उसलाई यी नै पाँच प्रकारले हुने दुष्परिणामको आशंका गरे हुन्छ ।"

### २. भण्डनकारकसुत्तं

२१२. "भिक्षुहो ! जो भिक्षु झगडालु, कलह गर्ने, विवाद गर्ने, बेकारको कुरा गर्ने अनि संघमा कचिङ्गल गर्छ भने उसलाई पाँच प्रकारले हुने दुष्परिणामको आशंका गरे हुन्छ । ती पाँच के के हुन् ? अनधिकृत अधिकृत हुँदैन, अधिकृतबाट हानी हुन्छ, नराम्रो कुरा फैलिन्छ, बेहोशीभई मर्छ अनि शरीर त्याग हुँदा मरणपछि अपाय दुर्गति तथा दुःख भोग गर्नु पर्ने नरकमा पतन हुन्छ । भिक्षुहो ! जो भिक्षु झगडालु, कलह गर्ने, विवाद गर्ने, बेकारको कुरा गर्ने अनि संघमा कचिङ्गल गर्छ भने उसलाई यी नै पाँच प्रकारले हुने दुष्परिणामको आशंका गरे हुन्छ ।"

### ३. सीलसुत्तं

२१३. "भिक्षुहो ! दुःशील वा दुराचारी हुँदा पाँच प्रकारको दुष्परिणामका भागी हुन्छ । ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु दुःशील वा दुराचारीभई प्रमादी हुँदा महाभोगबाट वञ्चित हुन्छ । भिक्षुहो ! दुःशील वा दुराचारी हुँदाको यो पहिलो दुष्परिणाम हो ।

"भिक्षुहो ! अनि फेरि अर्को दुःशील वा दुराचारी हुँदा नराम्रो कीर्ति शब्द फैलिन्छ । भिक्षुहो ! दुःशील वा दुराचारी हुँदाको यो दोस्रो दुष्परिणाम हो ।

"भिक्षुहो ! अनि फेरि अर्को दुःशील वा दुराचारी हुँदा जुन जुन परिषदमा चाहे त्यो क्षत्री परिषद होस्, चाहे त्यो ब्राह्मण परिषद होस्, चाहे त्यो गृहपति परिषद होस्, चाहे त्यो श्रमण परिषद होस् त्यहाँ जाँदा शीर झुकेको र प्रभाव हीन हुन्छ । भिक्षुहो ! दुःशील वा दुराचारी हुँदाको यो तेस्रो दुष्परिणाम हो ।



Downloaded from http://dhamma.digital

।

"भिक्षुहो ! अनि फेरि अर्को दुःशील वा दुराचारी हुँदा बेहोशी भई मर्छ। भिक्षुहो ! दुःशील वा दुराचारी हुँदाको यो चौथो दुष्परिणाम हो।

"भिक्षुहो ! अनि फेरि अर्को दुःशील वा दुराचारी हुँदा शरीर भेदभई मरण-पछि अपाय, दुर्गति पतनोन्मुख तथा नरकमा उत्पन्न हुन्छ। भिक्षुहो ! दुःशील वा दुराचारी हुँदाको यो पाँचौ दुष्परिणाम हो।

"भिक्षुहो ! शीलवान वा सदाचारी हुँदा पाँचप्रकारको सुपरिणामका भागी हुन्छ। ती पाँच के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान वा सदाचारी भई अप्रमादी हुँदा महाभोगबाट वञ्चित हुँदैन। भिक्षुहो ! शीलवान वा सदाचारी हुँदाको यो पहिलो सुपरिणाम हो।

"भिक्षुहो ! अनि फेरि अर्को शीलवान वा सदाचारी हुँदा राम्रो कीर्ति शब्द फैलिन्छ। भिक्षुहो ! शीलवान वा सदाचारी हुँदाको यो दास्रो सुपरिणाम हो।

"भिक्षुहो ! अनि फेरि अर्को शीलवान वा सदाचारी हुँदा जुन जुन परिष-दमा जान्छ चाहे त्यो क्षत्री परिषद होस्, चाहे त्यो ब्राह्मण परिषद होस्, चाहे त्यो गृहपति परिषद होस्, चाहे त्यो श्रमण परिषद होस् त्यहाँ जाँदा शीर ठाडो गरी तथा प्रभावशाली हुन्छ। भिक्षुहो ! शीलवान वा सदाचारी हुँदाको यो तेस्रो सुपरिणाम हो।

"भिक्षुहो ! अनि फेरि अर्को शीलवान वा सदाचारी हुँदा बेहोशीभई मरण हुँदैन। भिक्षुहो ! शीलवान वा सदाचारी हुँदाको यो चौथो सुपरिणाम हो।

"भिक्षुहो ! अनि फेरि अर्को शीलवान वा सदाचारी हुँदा शरीर भेदभई मृत्युपछि सुगति वा स्वर्गलोकमा उत्पन्न हुन्छ। भिक्षुहो !शीलवान वा सदाचारी हुँदाको यो पाँचौ सुपरिणाम हो। भिक्षुहो ! शीलवान वा सदाचारीलाई यी नै पाँच प्रकारका सुपरिणाम हुन्।"

## ४. बहुभाणीसुत्तं

२१४. "भिक्षुहो ! धेरै कुरा गर्ने व्यक्तिलाई पाँच प्रकारको दुष्परिणाम छन्। ती पाँच के के हुन् ? झूटो बोल्छ, चुकली गर्छ, कठोर बोल्छ, व्यर्थको कुरा गर्छ अनि शरीर भेदभई मृत्युपछि अपाय, दुर्गति तथा दुःख भोग्नु पर्ने नरकमा पतन हुन्छ। धेरै कुरा गर्ने व्यक्तिलाई यी नै पाँच प्रकारका दुष्परिणाम हुन्।

भिक्षुहो ! थोरै कुरा गर्ने व्यक्तिलाई पाँच प्रकारको सुपरिणाम छन्।



Downloaded from http://dhamma.digital

ती पाँच के के हुन् ? झूटो बोल्नु पर्दैन, चुकली गर्नु पर्दैन, कठोर बोली बोल्नु पर्दैन, व्यर्थको कुरा गर्न पर्दैन अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्ग लोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! थोरै कुरा गर्ने व्यक्तिलाई यी नै पाँच प्रकारका सुपरिणाम छन् ।"

## ५. पठमअक्खसुत्तं

२१५. "भिक्षुहो ! असहनशीलतामा पाँच प्रकारका दुष्परिणाम छन् । ती पाँच के के हुन् ? धेरैको अप्रिय वा अमनोनुकुल हुन्छ, शत्रु धेरै हुन्छ, धेरैदोष लाग्छ, बेहाशी भई मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! असहनशीलतामा यी नै पाँच प्रकारका दुष्परिणाम छन् ।

"भिक्षुहो ! सहनशीलतामा पाँच प्रकारका सुपरिणाम छन् । ती पाँच के के हुन् ? धेरैको प्रिय वा मनोनुकुल हुन्छ, शत्रु धेरै हुँदैन, धेरै दोष लाग्दैन, होशपूर्वक मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ । भिक्षुहो ! सहनशीलतामा यी नै पाँच प्रकारका सुपरिणाम छन् ।"

## ६. दुतियअक्खसुत्तं

२१५. "भिक्षुहो ! असहनशीलताको हुँदा पाँच दुष्परिणामका भागी हुन्छ । ती पाँच के के हुन् ? धेरैको अप्रिय वा मननपराउने हुन्छ, रौद्र हुन्छ, पश्चाताप गर्नु पर्ने हुन्छ, बेहाशीभई मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि अपाय, दुर्गतिं तथा दु:ख भोग्नु पर्ने नरकमा पतन हुन्छ । भिक्षुहो ! असहनशीलताको हुँदा यी नै पाँच प्रकारका दुष्परिणाम छन् ।

"भिक्षुहो ! सहनशीलतामा पाँच प्रकारका सुपरिणाम छन् । ती पाँच के के हुन् ? धेरैको प्रिय वा राम्रो लाग्ने हुन्छ, रौद्र हुँदैन, पश्चाताप गर्नु नपर्ने हुन्छ, होशपूर्वक मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ । भिक्षुहो ! सहनशीलताको हुँदा यी नै पाँच प्रकारका सुपरिणाम छन् ।"

## ७. पठमअपासादिकसुत्तं

२१७. "भिक्षुहो ! अप्रसन्नरहँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? आफैले आफूलाई निन्दा गर्छ, विवेकशील विज्ञजनबाट निन्दित हुन्छ, बदनाम हुन्छ, बेहोशीभई मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि अपाय, दुर्गति तथा दु:ख भोग्नु पर्ने नरकमा पतन हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! प्रसन्नरहँदा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? आफैले आफूलाई निन्दा गर्नु पर्दैन, विवेकशील विज्ञजनबाट निन्दित हुनु पर्दैन, बदनाम हुँदैन, बेहोशीभई मृत्यु हुँदैन अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ । प्रसन्नरहँदा यी नै पाँच सुपरिणाम छन् ।"

## ८. दुतियअपासादिकसुत्तं

२१८. "भिक्षुहो ! अप्रसन्नरहँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? अप्रसन्न भएका प्रसन्न हुँदैन, प्रसन्न भएका अन्यथा भावको हुन्छ, शास्ताको उपदेशानुसार चलेको हुँदैन, पछि आउने जनतालहरूले देखे अनुसार पछिलाग्ने हुन्छ अनि चित्तमा प्रसन्नता रहँदैन । भिक्षुहो ! अप्रसन्न-रहँदाका यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! प्रसन्नरहँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? अप्रसन्न भएका प्रसन्न हुन्छ, प्रसन्न भएका अत्यधिक प्रसन्न हुन्छ, शास्ताको उपदेशानुसार चलेको हुन्छ, पछि आउने जनतालहरूले देखे अनुसार पछिलाग्ने हुन्छ अनि चित्तमा प्रसन्नता हुन्छ । भिक्षुहो ! प्रसन्न रहँदाका यी नै पाँच सुपरिणाम हुन् ।

## ९. अग्गिसुत्तं

२१९. " भिक्षुहो ! अग्निमा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? आँखालाई हानी पुऱ्याउँछ, दुर्वर्ण गर्छ, दुर्बल पार्छ, जनसमुदायको वृद्धि हुन्छ अनि व्यर्थका विभिन्न कुराकानी हुन्छ । भिक्षुहो ! अग्निमा यी नै पाँच दुष्परिणाम छन् ।"

## १०. मधुरासुत्तं

२२०. "भिक्षुहो ! मधुरा (मथुरा) मा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? विषम छ, धूलो धेरै छ, चण्ड खालका कुकुर छन्, मूर्ख यक्षहरू छन् अनि पिण्डको निम्ति दुर्लभ छ । भिक्षुहो ! मधुरामा यी नै पाँच दुष्परिणाम छन् ।"



Downloaded from http://dhamma.digital

# (२३) ३. दीघचारिकवग्गो

## १. पठमदीघचारिकसुत्तं

२२१. "भिक्षुहो ! दीर्घ चारिकामा, अव्यवस्थित चारिकामा तथा अयोग्यरूपको विचरणमा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? नसुनेका (धर्म) सुन्न पाउँदैन, सुनेको (धर्म) स्पष्ट हुँदैन, आधिकल्चो ज्ञानले गर्दा विशारद हुँदैन, भयङ्कर रोगको शिकार बन्छ अनि (ऊसँग) मित्र हुनेछैन । भिक्षुहो ! दीर्घ चारिकाले गर्दा, अव्यवस्थित चारिकाले गर्दा अनि अयोग्य रूपको विचरणमा यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! व्यवस्थित चारिकामा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? नसुनेका (धर्म) सुन्न पाउँछ, सुनेको (धर्म) स्पष्ट हुन्छ, अलि अलि गर्दै सुनेको ज्ञानले पनि विशारद हुन्छ, भयङ्कर रोगको शिकार बन्नु पर्दैन अनि मित्र हुनेछ । भक्षुहो ! व्यवस्थित चारिकाले गर्दा तथा योग्यरूपको विचरणमा यी नै पाँच सुपरिणाम हुन् ।"

## २. दुतियदीघचारिकसुत्तं

२२१. "भिक्षुहो ! दीर्घ चारिकामा, अव्यवस्थित चारिकामा तथा अयोग्य-रूपको विचरणमा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? अनधिकृत अधिकारमा आउँदैन, अधिकृतमा हानि हुन्छ, थोरै ज्ञान हुनाले अविशारद हुन्छ, भयङ्कर रोगको शिकार हुन्छ अनि विना मित्रको हुन्छ । भिक्षुहो ! दीर्घ चारिकामा, अव्यवस्थित चारिकामा तथा अयोग्यरूपको विचरणमा यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! व्यवस्थित चारिकामा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? अनधिकृत अधिकारमा आउँछ, अधिकृतमा हानि हुँदैन, थोरै ज्ञान हुनाले पनि विशारद हुन्छ, भयङ्कर रोगको शिकार हुँदैन अनि मित्र हुन्छ । भिक्षुहो ! व्यवस्थित चारिकामा यी नै पाँच सुपरिणाम हुन् ।"

## ३..अतिनिवाससुत्तं

२२३. "भिक्षुहो ! (एकै स्थानमा) दीर्घकालसम्मरहँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? सामान धेरै हुन्छ अर्थात सामान धेरै जम्मा हुन्छ, औषधी धेरै हुन्छ अर्थात औषधी धेरै जम्मा हुन्छ, काम धेरै हुन्छ वा धेरै काममा व्यस्त हुनुपर्छ, गृहस्थ र प्रव्रजितहरूसँग अयोग्य संसर्ग बढ्छ अनि



Downloaded from http://dhamma.digital

आफू बसेको आवासबाट निस्किन पर्दा आसक्तबाट छुट्न सहज हुँदैन । भिक्षुहो ! दीर्घकालसम्मरहँदा यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! दीर्घकालसम्म नरहँदा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? सामान धेरै हुँदैन अर्थात सामान धेरै जम्मा हुँदैन, औषधी धेरै हुँदैन अर्थात औषधी धेरै जम्मा हुँदैन, काम धेरै हुँदैन वा धेरै काममा व्यस्त हुनुपर्दैन, गृहस्थ र प्रव्रजितहरूसँग अयोग्य संसर्ग बढ्दैन अनि आफू बसेको आवासबाट निस्किन पर्दा आसक्तबाट छुट्न सहज हुन्छ । भिक्षुहो ! दीर्घकाल-सम्म नरहँदा यी नै पाँच सुपरिणाम हुन् ।"

## ४. मच्छरियसुत्तं

२२४. "भिक्षुहो ! चिरकालसम्मरहँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? आवासप्रति कन्जुसपन हुन्छ, कुलप्रति कन्जुसपन हुन्छ, लाभप्रति कन्जुसपन हुन्छ, वर्णप्रति कन्जुसपन हुन्छ अनि धर्मप्रति कुन्जुसपन हुन्छ । भिक्षुहो ! चिरकालसम्मरहँदा यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! चिरकालसम्म नरहँदा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? आवासप्रति कन्जुसपनारहँदैन, कुलप्रति कन्जुसपनारहँदै, लाभप्रति कन्जुसपनारहँदैन, वर्णप्रति कन्जुसपनारहँदैन अनि धर्मप्रति कुन्जुसपनारहँदैन । भिक्षुहो ! चिरकालसम्मरहँदा यी नै पाँच सुपरिणाम हुन् ।"

## ५. पठमकुलूपकसुत्तं

२२५. "भिक्षुहो ! गृहस्थहरूसँग अति मिलजुलभई रहँदा पाँच दुष्परिणाम-का भागी हुन्छ । ती पाँच के के हुन् ? निमन्त्रण विना नै आउनेजाने गर्छ, एकान्तमा नबस्ने हुन्छ, गुप्तस्थानमा उठ्ने-बस्ने हुन्छ, स्त्रीहरूलाई पाँच वाक्य भन्दा बढी उपदेश दिने हुन्छ अनि कामभोगसम्बन्धी संकल्प धेरै हुन्छ । भिक्षुहो ! गृहस्थहरूसँ अति मिलजुल भईरहँदा यी नै पाँच दुष्परिणाम हुन् ।"

## ६. दुतियकुलूपकसुत्तं

२२६. "भिक्षुहो ! गृहस्थहरूसँग अति मिलनसारभई अनुचित संसर्गमा परे त्यो भिक्षु पाँच दुष्परिणामका भागी हुन्छ । ती पाँच के के हुन् ? निरन्तर स्त्री हेराई हुन्छ, हेर्दाहेर्दै संसर्ग हुन्छ, संसर्गबाट विश्वास हुन्छ, विश्वास हुँदा अवनति हुन्छ अनि अवनति हुँदा यस्तो अपेक्षा गर्न सकिन्छ– 'ब्रह्मचर्यमा मन लाग्दैन, कुनै न कुनै कामभोगसम्बन्धी दोषी हुन्छ अनि शिक्षा त्यागी



Downloaded from http://dhamma.digital

हीनमार्गी हुन्छ ।' भिक्षुहो ! गृहस्थहरूसँग अति मिलनसार भई अनुचित संसर्गमा पर्ने भिक्षुको निम्ति यी नै पाँच दुष्परिणाम हुन् ।"

## ७. भोगसुत्तं

२२७. "भिक्षुहो ! भोग्य पदार्थ (सम्पत्ति) मा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? सम्पत्तिमा अग्निभय छ, सम्पत्तिमा पानीभय छ, सम्पत्तिमा राज-भय छ, सम्पत्तिमा चोर-भय अनि अप्रिय उत्तराधिकारीबाट पनि भय छ । भिक्षुहो ! सम्पत्तिमा यी नै पाँच दुष्परिणाम छन् ।

"भिक्षुहो ! भोग्य पदार्थमा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? सम्पत्ति हुँदा आफूलाई सुखपूर्वक राख्छ तथा सुखपूर्वक राम्रोसँग जीवन बित्छ, आमा-बुबालाई सुखपूर्वक राख्नसक्छ तथा सुखपूर्वक राम्रोसँग जीवन बित्छ, छोरा-छोरी-दास-कामदारलाई सुखपूर्वक राख्नसक्छ तथा सुखपूर्वक राम्रोसँग जीवन बित्छ, मित्र तथा साथीहरूलाई सुखपूर्वक राख्नसक्छ तथा सुखपूर्वक राम्रोसँग जीवन बित्छ, अनि श्रमण-ब्राह्मणहरूलाई उर्ध्वगामी दक्षिणा दिन सक्छ जुन स्वर्गमा लैजाने सुखदायक तथा स्वर्गका निम्ति प्रेरक हुन्छ । भिक्षुहो ! भोग्य पदार्थमा यी नै पाँच सुपरिणाम हुन् ।"

## ८. उस्सुरभत्तसुत्तं

२२८. "भिक्षुहो ! घर परिवारमा समयमै खाना नखाँदा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? जो ती अतिथि वा पाहुना हुन्छन् तिनीहरूलाई समयमै सत्कार गर्न सक्दैन, जो ती पूजा ग्रहण गर्ने देवता हुन् तिनीहरूलाई समयमै पूजा-सत्कार गर्न सक्दैन, राती वा विकाल भोजन नगर्ने जो ती श्रमण-ब्राह्मण हुन् तिनीहरूलाई समयमै पूजा-सत्कार गर्न सक्दैन, दास तथा कामदारहरूले मन लगाएर काम गर्दैन अनि असमयमा खाएको खानाबाट ओज पाउँदैन । भिक्षुहो ! घर परिवारमा समयमै खाना नखाँदा यी नै पाँच दुष्परिणाम छन् ।

"भिक्षुहो ! घर परिवारमा समयमै खाना खाँदा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? जो ती अतिथि वा पाहुना हुन्छन् तिनीहरूलाई समयमै सत्कार गर्नसक्छ, जो ती पूजा ग्रहण गर्ने देवता हुन् तिनीहरूलाई समयमै पूजा-सत्कार गर्नसक्छ, राती वा विकाल भोजन नगर्ने जो ती श्रमण-ब्राह्मण हुन् तिनीहरूलाई समयमै पूजासत्कार गर्नसक्छ, दास तथा कामदारहरूले मन लगाएर काम गर्नेछन् अनि समयमै खाएको खानाबाट ओज प्रदान गर्छ । भिक्षुहो ! घर परिवारले समयमै खाना खाँदा यी नै पाँच सुपरिणाम छन् ।"



Downloaded from http://dhamma.digital

## ९. पठमकण्हसप्पसुत्तं

२२९. "भिक्षुहो ! कालो सर्पमा पाँच दुर्गुण छ । ती पाँच के के हुन् ? अशुचि, दुर्गन्धित, डरपोक, भयानक र मित्रद्रोही हुन्छ । भिक्षुहो ! कालो सर्पमा यी नै पाँच दुर्गुण छ । भिक्षुहो ! स्त्रीमा पनि यस्तै नै पाँच दुर्गुण छन् । ती पाँच के के हुन् ? अशुचि, दुर्गन्धित, डरपोक, भयानक र मित्रद्रोही हुन्छ ।"

## १०. पठमकण्हसप्पसुत्तं

२२९. "भिक्षुहो ! कालो सर्पमा पाँच दुर्गुण छ । ती पाँच के के हुन् ? क्रोधी, इर्ष्यालु, घोरविषालु, दुई जिब्रे र मित्रद्रोही हुन्छ । भिक्षुहो ! स्त्रीमा पनि यस्तै नै पाँच दुर्गुण छन् क्रोधी, इर्ष्यालु, घोरविषालु, दुई जिब्रे र मित्रद्रोही हुन्छ । भिक्षुहो ! जसमा स्त्री धेरैजसो कामुक हुन्छ त्यसैले घोरविषालु हुन् । भिक्षुहो ! स्त्री चुकलीखोर हुन्छ, त्यसैले दुईजिब्रे हुन् । भिक्षुहो ! स्त्री अतिचारिणी हुन्छ, त्यसैले मित्रद्रोही हुन् । भिक्षुहो ! स्त्रीमा यी नै पाँच दुर्गुण छन् ।"

Downloaded from http://dhamma.digital

## (२४) ४. आवासिकवग्गो

### १. आवासिकसुत्तं

२३१. "भिक्षुहो ! आवासीय भिक्षु पाँच कुरामा युक्त हुँदा आदरणीय हुँदैन । ती पाँच के के हुन् ? चाल-चलन नराम्रो तथा कर्तव्य पालन गर्दैन, बहुश्रुत तथा श्रुतसम्पन्न हुँदैन, एकान्तमा नबस्ने तथा एकान्तमा रमाउँदैन, कल्याण वाची तथा प्रियभाषी हुँदैन अनि प्रज्ञावान नभई जड तथा विवेकशील हुँदैन । भिक्षुहो ! यी नै पाँच कुराले युक्त हुँदा आवासीय भिक्षु आदरणीय हुँदैन ।

"भिक्षुहो ! आवासीय भिक्षु पाँच कुरामा युक्त हुँदा आदरणीय हुन्छ । ती पाँच के के हुन् ? चाल-चलन राम्रो तथा कर्तव्य पालन गर्छ, बहुश्रुत तथा श्रुतसम्पन्न हुन्छ, एकान्तमा बस्ने तथा एकान्तमा रमाउँछ, कल्याण वाची तथा प्रियभाषी हुन्छ अनि अजड, विवेकशील तथा प्रज्ञावान हुन्छ । भिक्षुहो ! यी नै पाँच कुराले युक्त हुँदा आवासीय भिक्षु आदरणीय हुन्छ ।"

### २. पियसुत्तं

२३२. "भिक्षुहो ! आवासीय भिक्षु पाँच कुरामा युक्त हुँदा सब्रह्मचारीका प्रिय, मनोनुकुल, गौरवशाली र आदरणीय हुन्छ । ती पाँच के के हुन् ? शीलवान, प्रातिमोक्ष नियम पालन गर्ने, आचार-गोचरसम्पन्न, अणुमात्रको दोषमा पनि भयदर्शी अनि शिक्षापदलाई सम्यक प्रकारले ग्रहण गर्छ । बहुश्रुत, श्रुतधर, जुन ती धर्महरू आदिकल्याण, मध्यकल्याण अन्तकल्याण हुने सार्थक र सव्यञ्जनयुक्त परिपूर्ण ब्रह्मचर्यको वर्णन गर्छ, त्यस प्रकारको धर्ममा बहुश्रुत हुन्छ, वचन धारण गर्छ, मनले परिचित हुन्छ, परिक्षण गर्छ र दृष्टिमा पारदर्शी हुन्छ । कल्याणवाची, प्रियभाषी, निर्दोष बोली, विंश्वसनीय र अर्थबोध हुने कुरा गर्छ । ऊ प्रत्यक्ष सुख दिने चैतसिक चतुर्थ ध्यानलाई अनायासै, विना प्रयत्नै, विना मेहनतै लाभी हुन्छ, उसले आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा लाभ गरी बस्छ । भिक्षुहो ! आवासीय भिक्षु यी नै पाँच कुरामा युक्त हुँदा सब्रह्मचारीका प्रिय, मनोनुकुल, गौरवशाली र आदरणीय हुन्छ ।"

### ३. सोभनसुत्तं

२३३. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुले आवासलाई शोभायमान पार्छ । ती पाँच के के हुन् ? शीलवान .... शिक्षापदलाई सम्यक



Downloaded from http://dhamma.digital

प्रकारले ग्रहण गर्छ । बहुश्रुत ... दृष्टिमा पारदर्शी हुन्छ । कल्याणवाची ... अर्थबोध हुने कुरा गर्छ । आफूकहाँ आएकालाई धार्मिक कुराले मार्ग दर्शाउन, मार्गमा लगाउन, समुत्तेजित पार्न र प्रसन्न पार्नमा सामर्थ्यवान हुन्छ । प्रत्यक्ष सुख दिने चैतसिक चतुर्थ ध्यानलाई अनायास, विना प्रयत्नै, विना मेहनतै लाभी हुन्छ, उसले आश्रव क्षय गरी अनाश्रवीभई चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा लाभ गरी बस्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुले विहारलाई शोभायमान पार्छ ।"

## ४. बहूपकारसुत्तं

२३४. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुले आवास प्रति धेरै उपकार गरेको हुन्छ । ती पाँच के के हुन् ? शीलवान .... शिक्षापदलाई सम्यक प्रकारले ग्रहण गर्छ । बहुश्रुत ... दृष्टिमा पारदर्शी हुन्छ । टुटे-फुटेको भएमा मर्मत गर्छ । विभिन्न देशबाट भिक्षुमहासंघ आउँदा वहाँहरूको आगमनमा खुशी हुँदै गृहस्थकहाँ गई भन्छ– "आवुसोहो ! विभिन्न देशबाट भिक्षुमहासंघको आगमन भएको छ, पुण्यकर्म गर, यो समय पुण्य कर्म गर्ने मौका हो । चैतसिक चतुर्थ ध्यानलाई अनायासै, विना प्रयत्नै, विना मेहनतै लाभी हुन्छ, उसले आश्रव क्षय गरी अनाश्रवीभई चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा लाभ गरी बस्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुले आवासप्रति धेरै उपकार गरेको हुन्छ ।"

## ५. अनुकम्पकसुत्तं

२३५. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुबाट गृहस्थलाई अनुकम्पा गरेको हुन्छ । ती पाँच के के हुन् ? अधिशीलमा प्रतिष्ठित गराउँछ, धर्मदेशना गरी स्थिर गराउँछ, रोगीकहाँ गई स्मृति दिलाउँछ– 'आयुष्मानले सत्कार गर्न योग्य भएकोलाई ध्यान दिनु ।' विभिन्न देशबाट भिक्षुमहासंघको आगमन भएको छ, पुण्यकर्म गर, यो पुण्यकर्म गर्ने मौका हो भनी भिक्षहरू गृहस्थकहाँ गई भन्छ । उसले आफूसंग भएका रुखा-सुखा वा उत्तम भोजन दिंदा खान्छ । श्रद्धासहित दिएकोलाई तिरस्कार गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुबाट गृहस्थलाई अनुकम्पा गरेको हुन्छ ।"

## ६. पठमअवण्णारहसुत्तं

२३६. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा



Downloaded from http://dhamma.digital

राखेसमान हुन् । ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण नगरिकन दुर्गुणीको गुण भन्ने गर्छ, सोच-विचार र परिक्षणं नगरिकन गुणीको दुर्गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण नगरिकन अप्रसन्नरहन पर्नेमा प्रसन्न हुन्छ, सोच-विचार र परिक्षण नगरिकन प्रसन्नरहन पर्नेमा अप्रसन्न हुन्छ अनि श्रद्धापूर्वक दिएको तिरस्कार गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण गरिकन दुर्गुणीको दुर्गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण गरिकन गुणीको गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण गरिकन अप्रसन्नरहन परेमा अप्रसन्न हुन्छ, सोच -विचार र परिक्षण गरिकन प्रसन्नरहन परेमा प्रसन्न हुन्छ अनि श्रद्धापूर्वक दिएको तिरस्कार गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन् ।

## ७. दुतियअवण्णारहसुत्तं

२३७. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण नगरिकन दुर्गुणीको गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण नगरिकन गुणीको दुर्गुण भन्ने गर्छ, आवासप्रति कन्जुस हुन्छ, आवासप्रति लोभ हुन्छ अनि श्रद्धापूर्वक दिएको तिरस्कार गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन् ।

"भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण गरिकन दुर्गुणीको दुर्गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण रकन गुणीको गुण भन्ने गर्छ, आवासप्रति कन्जुस गर्दैन, आवासप्रति लोभ हुँदैन अनि श्रद्धापूर्वक दिएको तिरस्कार गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्छ ।"

## ८. ततियअवण्णारहसुत्तं

२३८. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण नगरिकन दुर्गुणीको गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण नगरिकन गुणीको



Downloaded from http://dhamma.digital

दुर्गुण भन्ने गर्छ, आवासप्रति कन्जुस हुन्छ, कुलप्रति कन्जुस हुन्छ अनि लाभप्रति कन्जुस गर्छ। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन्।

"भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्। ती पाँच के के हुन् ? सोच-विचार र परिक्षण गरिकन दुर्गुणीको दुर्गुण भन्ने गर्छ, सोच-विचार र परिक्षण गरिकन गुणीको गुण भन्ने गर्छ, आवासप्रति कन्जुस हुँदैन, कुलप्रति कन्जुस हुँदैन अनि लाभप्रति कन्जुस गर्दैन। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्।"

### ९. पठममच्छरसुत्तं

२३९. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन्। ती पाँच के के हुन् ? आवासप्रति कन्जुस, कुलप्रति कन्जुस, लाभप्रति कन्जुस, वर्णप्रति कन्जुस अनि श्रद्धापूर्वक दिएकोलाई तिरस्कार गर्छ। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन्।

"भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्। ती पाँच के के हुन् ? आवासप्रति कन्जुस हुँदैन, कुलप्रति कन्जुस हुँदैन, लाभप्रति कन्जुस हुँदैन, वर्णप्रति कन्जुस हुँदैन अनि श्रद्धापूर्वक दिएकोलाई तिरस्कार गर्दैन। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्।"

### १०. दुतियमच्छरियसुत्तं

२४०. "भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन्। ती पाँच के के हुन् ? आवासप्रति कन्जुस, कुलप्रति कन्जुस, लाभप्रति कन्जुस, वर्णप्रति कन्जुस अनि धर्मप्रति कन्जुस गर्छ। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर नरकमा राखेसमान हुन्।

"भिक्षुहो ! पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्। ती पाँच के के हुन् ? आवासप्रति कन्जुस हुँदैन, कुलप्रति कन्जुस हुँदैन, लाभप्रति कन्जुस हुँदैन, वर्णप्रति कन्जुस हुँदैन अनि धर्मप्रति कन्जुस गर्दैन। भिक्षुहो ! यी नै पाँच कुरामा युक्त आवासीय भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन्।"



Downloaded from http://dhamma.digital

## (२५) ५. दुच्चरितवग्गो

### १. पठमदुच्चरितसुत्तं

२४१. "भिक्षुहो ! दुश्चरित्रमा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? आफूले आफैलाई दोष दिन्छ, विचारशील विज्ञजनबाट निन्दित हुन्छ, बदनाम हुन्छ, बेहोशीभई मृत्यु हुन्छ अनि शरीर भेदभई मृत्युपछि अपाय, दुर्गति, पतनोन्मुख तथा नरकमा जन्मिनेछन् । भिक्षुहो ! दुश्चरित्रका यी नै पाँच दुष्परिणाम हुन् ।

"भिक्षुहो ! सुचरित्रमा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? आफूले आफैलाई दोष दिन नपर्ने हुन्छ, विचारशील विज्ञजनबाट प्रशंसित हुन्छ, प्रख्यात हुन्छ, बेहोशीभई मृत्यु हुँदैन अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्ग लोकमा जन्मिनेछन् । भिक्षुहो ! सुचरित्रका यी नै पाँच सुपरिणाम हुन् ।"

### २. पठमदुच्चरितसुत्तं

२४२. "भिक्षुहो ! शरीरद्वारा हुने दुश्चरित्रमा .... शरीरद्वारा हुने सुचरित्रमा यी नै पाँच सुपरिणाम हुन् ।

### ३. दुतियदुच्चरितसुत्तं

२४३. "भिक्षुहो ! वचनद्वारा हुने दुश्चरित्रमा .... वचनद्वारा हुने सुचरित्रमा यी नै पाँच सुपरिणाम हुन् ।

### ४. पठममनोदुच्चरितसुत्तं

२४४. "भिक्षुहो ! मनमा दुष्भावना हुँदा पाँच दुष्परिणाम .... मनमा सद्भावना हुँदा पाँच सुपरिणाम छन् । ती पाँच के के हुन् ? आफूले आफैलाई दोष दिन नपर्ने हुन्छ, विचारशील विज्ञजनबाट प्रशंसित हुन्छ, प्रख्यात हुन्छ, बेहोशी भई मृत्यु हुँदैन अनि शरीर भेदभई मृत्युपछि सुगति तथा स्वर्ग लोकमा जन्मिनेछन् । भिक्षुहो ! मनमा सद्भावना हुँदा यी नै पाँच सुपरिणाम हुन् ।"

### ५. दुतियदुच्चरितसुत्तं

२४५. "भिक्षुहो ! दुश्चरित्रमा पाँच दुष्परिणाम छन् । ती पाँच के के



Downloaded from http://dhamma.digital

हुन् ? आफूले आफैलाई दोष दिन्छ, विचारशील विज्ञजनबाट निन्दित हुन्छ, बदनाम हुन्छ, सद्धर्मबाट पतन हुन्छ अनि असद्धर्ममा प्रतिष्ठित हुन्छ। भिक्षुहो ! दुश्चरित्रका यी नै पाँच दुष्परिणाम हुन्।

"भिक्षुहो ! सुचरित्रमा पाँच सुपरिणाम छन्। ती पाँच के के हुन् ? आफूले आफैलाई दोष दिन नपर्ने हुन्छ, विचारशील विज्ञजनबाट प्रशंसित हुन्छ, प्रख्यात हुन्छ, सद्धर्मबाट पतन हुँदैन अनि सद्धर्ममा प्रतिष्ठित हुन्छ। भिक्षुहो ! सुचरित्रका यी नै पाँच सुपरिणाम हुन्।"

## ६. दुतियकायदुच्चरितसुत्तं

२४६. "भिक्षुहो ! शरीरद्वारा हुने दुश्चरित्रमा ... शरीरद्वारा हुने ... सुचरित्रका यी नै पाँच सुपरिणाम हुन्।"

## ७. दुतियवचीदुच्चरितसुत्तं

२४७. "भिक्षुहो ! वचनद्वारा हुने दुश्चरित्रमा ... वचनद्वारा हुने ... सुचरित्रका यी नै पाँच सुपरिणाम हुन्।"

## ८. दुतियमनोदुच्चरितसुत्तं

२४८. "भिक्षुहो ! मनद्वारा हुने दुष्भावनामा मनद्वारा हुने ... मनद्वारा हुने सद्भावनाका यी नै पाँच सुपरिणाम हुन्।"

## ९. सिवथिकसुत्तं

२४९. "भिक्षुहो ! मसानघाटमा पाँच दुष्परिणाम छन्। ती पाँच के के हुन् ? अशुचि, दुर्गन्धित, भययुक्त, हिंस्रक अमनुष्यको निवास र धेरैको रुवावासस्थल हुन्छ।

"भिक्षुहो ! तदनुरूप मनुष्यमा पनि पाँच दुर्गुण छन्। यहाँ कोही कोही व्यक्ति शारीरिक कर्म अशुचियुक्त हुन्छ, वाचसिक कर्म अशुचियुक्त हुन्छ अनि मानसिककर्म अशुचियुक्त हुन्छ। यसैलाई अशुचि भन्छ। भिक्षुहो ! जस्तै कि मसानघाट अशुचि हुन्छ। भिक्षुहो ! त्यो व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु।

उसको शारीरिककर्म अशुचियुक्त हुँदा, वाचसिककर्म अशुचियुक्त हुँदा



Downloaded from http://dhamma.digital

अनि मानसिक कर्म अशुचियुक्त हुँदा बदनामी फैलिन्छ । यसैलाई दुर्गन्धित भन्छ । भिक्षुहो ! जस्तै कि मसानघाट दुर्गन्धित हुन्छ । भिक्षुहो ! त्यो व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु । उसको शारीरिक कर्म अशुचियुक्त हुँदा, वाचसिक कर्म अशुचियुक्त हुँदा अनि मानसिक कर्म अशुचियुक्त हुँदा सदगुणी ब्रह्मचारीले उसलाई टाढैबाट त्याग्छ । यसैलाई भययुक्त भन्छ । भिक्षुहो ! जस्तै कि मसानघाट भययुक्त हुन्छ । भिक्षुहो ! त्यो व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु ।

उसको शारीरिक कर्म अशुचियुक्त हुँदा, वाचसिक कर्म अशुचियुक्त हुँदा अनि मानसिक कर्म अशुचियुक्त हुँदा ऊ आफूरामान व्यक्तिसँग बस्छ । यसैलाई हिंस्रक निवास भन्छ । भिक्षुहो ! जस्तै कि मसानघाट हिंस्रकका निवास हुन्छ । भिक्षुहो ! त्यो व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु ।

उसको शारीरिक कर्म अशुचियुक्त हुँदा, वाचसिक कर्म अशुचियुक्त हुँदा अनि मानसिक कर्म अशुचियुक्त हुँदा गुणी सब्रह्मचारीले उसलाई देख्दा क्षुब्ध हुन्छ– 'अहो ! यो कस्तो दुःख कि म यो व्यक्तिसँग बस्नु पर्‍यो ।' यसैलाई रुवाबासी भन्छ । भिक्षुहो ! जस्तै कि मसानघाट धेरैको रुवाबासी हुन्छ । भिक्षुहो ! त्यो व्यक्ति पनि त्यस्तै नै हो भनी मैले भन्छु । भिक्षुहो ! मसानघाटसमान यी नै पाँच दुष्परिणाम भएका व्यक्ति हुन् ।"

## १०. पुग्गलप्पसादसुत्तं

२५०. "भिक्षुहो ! व्यक्तिसँग प्रेम गर्दा पाँच दुष्परिणाम छन् । ती पाँच के के हुन् ? भिक्षुहो ! जो व्यक्तिको व्यक्तिसँग प्रेम हुन्छ ऊ त्यस्तो दोषका दोषी हुन्छ जुन दोषले गर्दा संघबाट उत्क्षेप (हटाउने) गर्ने छ । उसको मनमा हुन्छ– 'जो व्यक्तिलाई मैले प्रेम गरें वा मेरो मनोनुकुल थियो उसलाई संघले उत्क्षेप गर्‍यो ।' त्यसैले ऊ भिक्षुहरूप्रति धेरै अप्रसन्न हुन्छ, भिक्षुहरूप्रति अप्रसन्न हुँदा अरू भिक्षुहरूसँग संगत गर्दैन, अरू भिक्षुहरूको संगत नगर्दा सद्धर्म श्रवण गर्दैन, सद्धर्म श्रवण नगर्दा सद्धर्मबाट पतन हुन्छ । भिक्षुहो ! व्यक्तिसँग प्रेम हुँदाको यो पहिलो दुष्परिणाम हो ।

"भिक्षुहो ! अनि फेरि अर्को जो व्यक्तिप्रति व्यक्तिको प्रेम हुन्छ । ऊ दोषी हुँदा वा दोषले गर्दा संघबाट उसलाई अन्तातिर राख्छ । उसको मनमा हुन्छ– 'जो व्यक्तिलाई मैले प्रेम गरें वा मेरो मनोनुकुल थियो उसलाई संघले अन्तातिर राख्यो ।' त्यसैले ऊ भिक्षुहरूप्रति धेरै अप्रसन्न हुन्छ, भिक्षुहरूप्रति अप्रसन्न हुँदा अरू भिक्षुहरूसँग संगत गर्दैन, अरू भिक्षुहरूको संगत नगर्दा



Downloaded from http://dhamma.digital

सद्धमर्म श्रवण गर्दैन, सद्धर्म श्रवण नगर्दा सद्धर्मबाट पतन हुन्छ । भिक्षुहो ! व्यक्तिसँग प्रेम हुँदाको यो दोस्रो दुष्परिणाम हो ।

"भिक्षुहो ! अनि फेरि अर्को जो व्यक्तिप्रति व्यक्तिको प्रेम हुन्छ । ऊ कहिँ कतै जान्छ ... ऊ बहुला हुन्छ ... ऊ मर्छ । उसको मनमा हुन्छ– 'जो व्यक्तिलाई मैले प्रेम गरेँ वा मेरो मनोनुकुल थियो । उसको मरण भयो । त्यसैले ऊ अरू भिक्षुहरूसँग संगत गर्दैन, अरू भिक्षुहरूको संगत नगर्दा सद्धर्म श्रवण गर्दैन, सद्धर्म श्रवण नगर्दा सद्धर्मबाट पतन हुन्छ । भिक्षुहो ! व्यक्तिसँग प्रेम हुँदाको यो पाँचौ दुष्परिणाम हो । भिक्षुहो ! व्यक्तिसँग प्रेम गर्दा यी नै पाँच दुष्परिणाम छन् ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (२६) ६. उपसम्पदावग्गो

### १.उपसम्पादेतब्बसुत्तं

२५१. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुले उपसम्पदा गर्नुपर्छ । ती पाँच के के हुन् ? यहाँ भिक्षु अशैक्ष शीलस्कन्धमा सम्पन्न हुनुपर्छ, अशैक्ष समाधिस्कन्धमा सम्पन्न हुनुपर्छ, अशैक्ष प्रज्ञास्कन्धमा सम्पन्न हुनुपर्छ, अशैक्ष विमुक्तिस्कन्धमा सम्पन्न हुनुपर्छ, अनि अशैक्ष विमुक्ति ज्ञानदर्शनमा सम्पन्न हुनुपर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न भिक्षुले उपसम्पदा गर्नुपर्छ ।"

### २. निस्सयसुत्तं

२५२. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुले आश्रय दिनुपर्छ । ती पाँच के के हुन् ? यहाँ भिक्षु अशैक्ष शीलस्कन्धमा सम्पन्न ... अनि अशैक्ष विमुक्ति ज्ञानदर्शनमा सम्पन्न हुनुपर्छ । भिक्षुहो ! यी नै ... आश्रय दिनुपर्छ ।"

### ३. सामणेरसुत्तं

२५३. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुले श्रामणेर बनाएर राख्नुपर्छ । ती पाँच के के हुन् ? यहाँ भिक्षु अशैक्ष शीलस्कन्धमा सम्पन्न ... अशैक्ष समाधिस्कन्धमा ...अशैक्ष प्रज्ञास्कन्धमा ... अशैक्ष विमुक्तिस्कन्धमा ... अनि अशैक्ष विमुक्ति ज्ञानदर्शनमा सम्पन्न हुनुपर्छ । भिक्षुहो ! यी नै ... श्रामणेर बनाएर राख्नुपर्छ ।"

### ४. पञ्चमच्छरियसुत्तं

२५४. "भिक्षुहो ! पाँच प्रकारकामा कन्जुसीपन छन् । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि धर्मप्रतिको कन्जुसीपन । भिक्षुहो ! यी नै पाँच प्रकारका कन्जुसीपन हुन् । यी मध्येमा जुन यो धर्मप्रतिको कन्जुसीपन हो– यो निकृष्ठ हो ।"

### ५. मच्छरियप्पहानंसुत्तं

२५५. "भिक्षुहो ! पाँच प्रकारकामा कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्न ब्रह्मचर्यवास गर्नु परेको हो । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्न ब्रह्मचर्यवास गर्नु परेको । कुलप्रतिको कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्न ब्रह्मचर्यवास गर्नु परेको । लाभप्रतिको



Downloaded from http://dhamma.digital

कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्ने ब्रह्मचर्यवास गर्नु परेको । वर्णप्रतिको कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्ने ब्रह्मचर्यवास गर्नु परेको । धर्मप्रतिको कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्ने ब्रह्मचर्यवास गर्नु परेको । भिक्षुहो ! यी नै पाँच प्रकारकामा कन्जुसीपन हटाउन वा मूलोच्छेद गर्ने ब्रह्मचर्यवास गर्नु परेको ।"

## ६. पठमझानसुत्तं

२५६. "भिक्षुहो ! पाँच कुरा नहटाई प्रथम ध्यान लाभी हुँदैन । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि धर्मप्रतिको कन्जुसीपन । भिक्षुहो ! यी नै पाँच कुरा नहटाई प्रथम ध्यान लाभी हुँदैन ।"

"भिक्षुहो ! पाँच कुरा हटाउँदा प्रथम ध्यान लाभी हुन्छ । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि धर्मप्रतिको कन्जुसीपन । भिक्षुहो ! यी नै पाँच कुरा हटाउँदा प्रथम ध्यान लाभी हुन्छ ।"

## ७–१३. पठमझानसुत्तं

२५७.–२६३. "भिक्षुहो ! पाँच कुरा नहटाई दुतिय ध्यान लाभी हुँदैन । ... तृतीय ध्यान लाभी हुँदैन । ... चतुर्थ ध्यान लाभी हुँदैन । ... श्रोतापत्ति फल लाभी हुँदैन । ... सकृदागामी फल लाभी हुँदैन । ... अनागामी फल लाभी हुँदैन । ... अर्हत साक्षात्कार गर्न सक्दैन । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि धर्मप्रतिको कन्जुसीपन । भिक्षुहो ! यी नै पाँच कुरा नहटाई 'अर्हत' साक्षात्कार गर्न सक्दैन ।

"भिक्षुहो ! पाँच कुरा हटाउँदा प्रथम ध्यान लाभी हुन्छ । दुतिय ध्यान लाभी हुन्छ । ... तृतीय ध्यान लाभी हुन्छ । ... चतुर्थ ध्यान लाभी हुन्छ । ... श्रोतापत्ति फल लाभी हुन्छ । ... सकृदागामी फल लाभी हुन्छ । ... अनागामी फल लाभी हुन्छ । ... अर्हतलाई साक्षात्कार गर्नसक्छ । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि धर्मप्रतिको कन्जुसीपन । भिक्षुहो ! यी नै पाँच कुरा हटाउँदा 'अर्हत' साक्षात्कार गर्नसक्छ ।"



Downloaded from http://dhamma.digital

## १४. अपरपठमझानसुत्तं

२६४. "भिक्षुहो ! पाँच कुरा नहटाई प्रथम ध्यान लाभी हुँदैन । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि अकृतज्ञ वा अकृतवेदि । भिक्षुहो ! यी नै पाँच कुरा नहटाई 'अर्हत' साक्षात्कार गर्न सक्दैन ।"

## १५.–२१. अपरदुतियझानसुत्तादिसुत्तं

२६५.–२७१ "भिक्षुहो ! पाँच कुरा नहटाई दुतिय ध्यान लाभ गर्न असम्भव छ । ... श्रोतापत्ति फल गर्न असम्भव छ । ... गर्न असम्भव छ। ... अनागामी फल गर्न असम्भव छ । ... अर्हत साक्षात्कार गर्न असम्भव छ । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि अकृतज्ञ वा अकृतवेदि । भिक्षुहो ! यी नै पाँच कुरा नहटाई 'अर्हत' साक्षात्कार गर्न असम्भव छ ।

"भिक्षुहो ! पाँच कुरा हटाउँदा दुतिय ध्यान लाभ गर्न सम्भव छ । ... तृतीय ध्यान लाभ गर्न सम्भव छ । ... चतुर्थ ध्यान लाभ गर्न सम्भव छ ।... श्रोतापत्ति फल लाभ गर्न सम्भव छ । ... सकृदागामी फल लाभ गर्न सम्भव छ ।... अनागामी फल लाभ गर्न सम्भव छ । ... अर्हतलाई साक्षात्कार गर्न सम्भव छ । ती पाँच के के हुन् ? आवासप्रतिको कन्जुसीपन, कुलप्रतिको कन्जुसीपन, लाभप्रतिको कन्जुसीपन, वर्णप्रतिको कन्जुसीपन अनि अकृतज्ञ वा अकृतवेदि । भिक्षुहो ! यी नै पाँच कुरा हटाउँदा 'अर्हत' साक्षात्कार गर्न सम्भव छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## १. सम्मुतिपेय्याल

### १. भत्तुदेसकसुत्तं

२७२. "भिक्षुहो ! पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिनु हुँदैन । ती पाँच के के हुन् ? इच्छाको वशमा पर्ने, द्वेषको वशमा पर्ने, मोहको वशमा पर्ने, भयको वशमा पर्ने अनि उद्देषित तथा अनुद्देषित नजान्ने हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिनु हुँदैन ।

"भिक्षुहो ! पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिनु पर्छ । ती पाँच के के हुन् ? इच्छाको वशमा नपर्ने, द्वेषको वशमा नपर्ने, मोहको वशमा नपर्ने, भयको वशमा नपर्ने अनि उद्देषित तथा अनुद्देषित जान्ने हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिनु पर्छ ।

"भिक्षुहो ! पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिए पनि पठाउनु हुँदैन । ... चुनिएमा पठाउनु पर्छ । ... मूर्ख भनी थाहा पाएमा ... पण्डित भनी थाहा पाएमा ... आफूलाई नै आघात पुऱ्याउने भएमा ... आफूलाई नै आघात नपुऱ्याउने भएमा ... समातेर नरकमा राखेसमान हुन् ... समातेर स्वर्गम राखेसमान हुन् । ती पाँच के के हुन् ? इच्छाको वशमा नपर्ने, द्वेषको वशमा नपर्ने, मोहको वशमा नपर्ने, भयको वशमा नपर्ने अनि उद्देषित तथा अनुद्देषित जान्ने हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्नलाई भोजनको निम्ति व्यवस्थापक चुनिनु पर्छ ।"

### २.–१४. सेनासनपञ्ञापकसुत्तादितेरसकं

२७३–२८५. "भिक्षुहो ! पाँच कुरामा सम्पन्नलाई शयनासनको निम्ति व्यवस्थापक चुनिनु हुँदैन । ... प्रज्ञापन र प्रज्ञापन गर्न नपर्नेलाई नजान्ने ... शयनासनको निम्ति चुनिनु पर्छ । ... प्रज्ञापन र प्रज्ञापन गर्न नपर्नेलाई जान्ने ... ।

"... शयनासन दिलाउने चुनिनु हुँदैन । ... ग्रहण गर्न हुने र ग्रहण गर्न नहुने नजान्ने ... शयनासन दिलाउने चुनिनु पर्छ । ... ग्रहण गर्न हुने र ग्रहण गर्न नुहनेलाई जान्ने ... ।



Downloaded from http://dhamma.digital

"... भण्डगारिक चुनिनु हुँदैन । ... गुप्त गर्नु पर्ने र गुप्त गर्नु नपर्नेलाई नजान्नेलाई .... गुप्त गर्नु पर्ने र गुप्त गर्नु नपर्नेलाई जान्नेलाई ... ।

"... चीवर भाग लगाउनेलाई चुनिनु हुँदैन । ... भाग लगाएको र भाग लगाएकोलाई नजान्ने ... चीवर भाग लगाउनेलाई चुनिनु पर्छ ... भाग लगाएको र भाग नलगाएको जान्नेलाई ... ।

"यागु बाँड्नेलाई चुनिनु हुँदैन ... बाँडेको र नबाँडेको नजान्नेलाई ... यागु बाँडनेलाई चुनिनु पर्छ ... ।

"... फल बाँड्नेलाई चुनिनु हुँदैन ... फल बाँड्नेलाई चुनिनु पर्छ ।

"... खाद्यपदार्थ बाँड्नेलाई चुनिनु हुँदैन ... बाँडेको नबाँडेको नजान्ने ... खाद्यपदार्थ बाँड्नेलाई चुनिनु पर्छ । भाग लगाएको र भाग नलगाएको जान्ने ... ।

"... अल्प विसर्जन गर्नेलाई चुनिनु हुँदैन ... विसर्जन र अविसर्जन नजान्ने ... अन्य विसर्जन गर्नेलाई चुनिनु पर्छ ... विसर्जन र अविसर्जन जान्ने ... ।

"... वर्षा वस्त्र दिनेलाई चुनिनु हुँदै ... दिएको नदिएको नजान्ने ... वर्षा वस्त्र दिनेलाई चुनिनु पर्छ ... जान्नेलाई ... ।

"पात्र दिनेलाई चुनिनु पर्छ ... दिएको नदिएको जान्नेलाई ... ।

"आरामको निम्ति प्रेषक चुनिनु हुँदैन ... आरामको निम्ति प्रेषका चुनिनु पर्छ ।

"... श्रामणेर प्रेषक चुनिनु हुँदैन ... श्रामणेर प्रेषक चुनिनु पर्छ ... । "... पठाउने श्रामणेर मूर्ख भनी थाहा पाएमा ... पठाउने श्रामणेर पण्डित भनी थाहा पाएमा ... आफूलाई आघात पुऱ्याउने ... आफूलाई आघात नपुऱ्याउने ... समातेर नरकमा राखेसमान हुन् । ती पाँच के के हुन् ? इच्छाको वशमा पर्दैन, द्वेषको वशमा पर्दैन, मोहको वशमा पर्दैन, भयको वशमा पर्दैन अनि प्रेषित-अप्रेषित जानेको हुन्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न श्रामणेर प्रेषकलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"



Downloaded from http://dhamma.digital

## २. सिक्खापदपेय्याल

### १. भिक्खुसुत्तं

२८६. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुलाई समातेर नर्कमा राखे समान हुन् । ती पाँच के के हुन् ? प्राणीहिंसा गर्छ, चोर्छ, अब्रह्मचारी हुन्छ, भूटो बोल्छ अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न भिक्षुलाई समातेर नर्कमा राखेसमान हुन् ।

"भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाच के के हुन् ? प्राणीहिंसा गर्दैन, चोर्दैन, ब्रह्मचारी हुन्छ, भूटो बोल्दैन अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न भिक्षुलाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

### २.-७. भिक्खुनीसुत्तादिछक्कं

२८७-२९२ "भिक्षुहो ! पाँच कुरामा सम्पन्न भिक्षुणीलाई शिक्षार्थीलाई श्रामणेरलाई ...श्रामणेरीलाई ... उपासकलाई ... उपासिकालाई समातेर नर्कमा राखेसमान हुन् । ती पाच के के हुन् ? प्राणीहिंसा गर्छ, चोर्छ, अब्रह्मचारी हुन्छ, भूटो बोल्छ अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न उपासिकालाई समातेर नर्कमा राखेसमान हुन् ।

"भिक्षुहो ! पाँच कुरामा सम्पन्न उपासिकालाई समातेर स्वर्गमा राखेसमान हुन् । ती पाच के के हुन् ? प्राणीहिंसा गर्दैन, चोर्दैन, ब्रह्मचारी हुन्छ, भूटो बोल्दैन अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्दैन । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न उपासिकालाई समातेर स्वर्गमा राखेसमान हुन् ।"

### ८. आजीवकसुत्तं

२९३. "भिक्षुहो ! पाँच कुरामा सम्पन्न आजीवकलाई समातेर नर्कमा राखेसमान हुन् । ती पाच के के हुन् ? प्राणीहिंसा गर्छ, चोर्छ, अब्रह्मचारी हुन्छ, भूटो बोल्छ अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न आजीवकलाई समातेर नर्कमा राखेसमान हुन् ।"



Downloaded from http://dhamma.digital

## ९.-१७. निगण्ठसुत्तादिनवकंसुत्तं

२९४.-३०२ "भिक्षुहो ! पाँच कुरामा सम्पन्न निगण्ठ ... मुण्डकश्रावक ... जटिल ... परिव्राजक ... मागण्डि ... तेदण्डिक ... आरुद्धक ... गोतम ... देवधर्मीलाई समातेर नर्कमा राखेसमान हुन्छ। ती पाँच के के हुन् ? प्राणीहिंसा गर्छ, चोर्छ, अब्रह्मचारी हुन्छ, झूटो बोल्छ अनि जाँड-रक्सीआदि बेहोश पार्ने मादक पदार्थको सेवन गर्छ । भिक्षुहो ! यी नै पाँच कुरामा सम्पन्न देवधर्मीलाई समातेर नर्कमा राखेसमान हुन्छ ।"

## ३. रागपेय्यालं

३०३. "भिक्षुहो ! रागलाई राम्रोसित थाहापाएर (हटाउन) पाँच कुराको अभ्यास गर्नुपर्छ । ती पाँच के के हुन् ? अशुभ संज्ञा, मरण संज्ञा, दुष्परिणाम संज्ञा, भोजनमा प्रतिकूल संज्ञा अनि समस्त लोकप्रति अनासक्ति संज्ञा । भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएर (हटाउन) यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।"

३०४. "भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएर (हटाउन) पाँच कुराको अभ्यास गर्नुपर्छ। ती पाँच के के हुन् ? अनित्य संज्ञा, अनात्म संज्ञा, मरण संज्ञा, भोजनमा प्रतिकूल संज्ञा अनि समस्त लोकप्रति अनासक्ति संज्ञा । भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएपछि यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।"

३०५. "भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएर (क्षयगर्न) पाँच कुराको अभ्यास गर्नुपर्छ । ती पाँच के के हुन् ? अनित्य संज्ञा, अनित्यमा दुःख संज्ञा, दुष्परिणाम संज्ञा, मरण संज्ञा भोजनमा प्रतिकूल संज्ञा अनि समस्त लोकप्रति अनासक्ति संज्ञा । भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएपछि यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।"

३०६. "भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएर (क्षयगर्न) पाँच कुराको अभ्यास गर्नुपर्छ । ती पाँच के के हुन् ? श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृति-न्द्रिय, समाधिन्द्रिय र प्रज्ञेन्द्रिय । भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएपछि यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।

३०७. "भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएर (क्षयगर्न) पाँच कुराको अभ्यास गर्नुपर्छ। ती पाँच के के हुन् ? श्रद्धाबल, वीर्यबल, स्मृतिबल,



Downloaded from http://dhamma.digital

समाधिबल र प्रज्ञाबल । भिक्षुहो ! रागलाई राम्रोसित थाहा पाएपछि यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।"

३०८-११५१. "भिक्षुहो ! रागलाई यथार्थसहित बुझ्न ... परिक्षीण ... प्रहाण ... क्षय ... व्यय ... विराग ... निरोध ... त्याग ... परित्याग गर्न यी नै पाँच कुराको अभ्यास गर्नपर्छ । द्वेष ... मोह ... क्रोध ... वैर ... म्रक्ष (अरूको गुणलाई ढाकछोप गर्ने) प्रदास (कठोर स्वभाव) ... ईर्ष्या ... कन्जुस ... माया ... जडता ... कलह ... मान ... अतिमान ... मद ... प्रमाद ... अभिज्ञात गर्न ... परिज्ञात गर्न ... परिक्षीण गर्न ... प्रहाण गर्न ,... क्षय गर्न ... व्यय गर्न ... विरागको निम्ति ... निरोधको निम्ति ... त्यागको निम्ति ... परित्यागको निम्ति यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ । ती पाँच के के हुन् ? श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल । भिक्षुहो ! प्रमादलाई राम्रोसित थाहा पाएपछि यी नै पाँच कुराको अभ्यास गर्नुपर्छ ।"

## पञ्चकनिपात निट्ठिता ।

### पञ्चमनिपात समाप्त ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय



नाम : भिक्षु बोधिसेन महास्थविर

जन्म मिति : वि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा)

जन्म स्थान : गाबहाल, पाटन

गृहस्थ नाम : बुद्धरत्न बज्राचार्य

पिताको नाम : महन्त बज्राचार्य

माताको नाम : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुवै माता (जेठी आमा र कान्छी आमाले) गृहस्थाश्रम त्याग गरी कुशिनगर भारतमा श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नुभयो । उहाँहरूकै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरको आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, (दार्जीलिङ्ग) भारतमा श्रामणेर हुनुभयो ।

उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७।७।२१ का दिन मालनदी उदक सीमा ।

उपाध्याय : भिक्षु धर्मधर महास्थविर ।

आचार्य : भिक्षु अतुलसेन महास्थिर ।

### निर्माण कार्य

१. विहार निर्माण सदस्य : बहुजन बौद्ध आनन्द विहार, सोनादा (दार्जीलिङ्ग)

२. विहार जिर्णोद्धार सदस्य : बौद्ध संघाश्रम, मालबजार, भारत

३. विहार जिर्णोद्धार प्रमुख : सुदर्शन, बनेपा, (काभ्रे) ।

४. विहार संस्थापक : बोधिचर्या, बनेपा (काभ्रे) ।

शिक्षा : माध्यमिक शिक्षा, दार्जीलिङ्ग ।

धार्मिक शिक्षा : सूत्र-विनय विशारद (बी. ए.) सिलिगुडी, (दार्जीलिङ्ग)

भ्रमण : भारत, भुटान, बर्मा, थाईल्याण्ड र श्रीलंका ।

संस्था : भू. पू. अ. ने. भि. महासंघ अध्यक्ष ।

धर्मानुशासक : बु. ज. स. स. बनेपा र बोधिचर्या ज्ञानमालासंघ ।

केन्द्राध्यक्ष : बोधिचर्या परियत्ति ।

म्यानमार सरकारबाट : महासद्धम्म जोतिकधज उपाधि

इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता ।

Downloaded from http://dhamma.digital